

नेपालको सङ्क्षिप्त वृत्तान्त

बाबुराम आचार्य

नेपालको सङ्क्षिप्त वृत्तान्त

(इतिहास)

बाबुराम आचार्य

साहित्यरस

साहित्यरस

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २०२२

ईपुस्तकको स्रोत

प्रकाशक : फाइनप्रिन्ट बुक्स

संस्करण : प्रथम २०७८

ISBN : 9789937746441.0

About this ebook edition

Originally created as epub

Created : 2025-12-31, 23:43:35 UTC

Latest minor Correction : 2026-01-01, 07:59:09 UTC

Sahityaras ebook id : 20251231234335

Cover art

Statue of king Yoga Narendra Malla and his wife (in Patan)

Kurt Boeck, 1898

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

विषयसूची

प्रस्तावना

खण्ड एक (पूर्ववृत्तान्त)
१.१ इतिहासकालभन्दा पहिलेको नेपाल
१.२ नेपालमा आर्यसभ्यताको प्रारम्भ
१.३ राजा मानदेव तथा यिनका उत्तराधिकारी
१.४ महासामन्त अंशुवर्मा
१.५ आभीर प्रशासकहरुको पुनरूत्थान
१.६ राजा नरेन्द्रदेव र यिनका उत्तराधिकारीहरु
१.७ अन्धकार युगको नेपाल
१.८ वैश्य ठकुरी राजवंशको उदय
१.९ अघिल्लो मल्ल राजवंशको स्थापना
१.१० नेपालमाथि आइपरेका विपत्ति
१.११ सिम्रौनगढको तिरहुत राज्य र यसको नेपालमाथि भएको सैनिक हस्तक्षेप
१.१२ सुदूरपश्चिमी नेपालको खस राज्य
१.१३ पछिल्लो मल्ल राजवंशको स्थापना
१.१४ पछिल्ला मल्ल राजाहरुको आपसी खिचातानी
खण्ड दुई
२.१ गोरखा राज्यको स्थापना
२.२ राजा द्रव्य शाहका उत्तराधिकारीहरु
२.३ युवराज पृथ्वीनारायण शाह : विवाह तथा कार्यक्षेत्रमा प्रवेश
२.४ नेपाल अधिराज्यको एकीकरणको आरम्भ
२.५ एकीकरण कार्यमा सङ्घर्ष

२.६ मकवानपुर राज्यमा अधिकार र उपत्यकाभित्रका मल्ल राज्यहरुमाथिको नाकाबन्दी
२.७ चौबीसे राज्यहरुको दोस्रो आक्रमण, कीर्तिपुरमा भएको दोस्रो पराजय, लमजुङमा आक्रमण र कीर्तिपुरमाथि अधिकार
२.८ नेपालमाथि भएको 'कप्तान' किन्लाकको असफल सैनिक अभियान
२.९ उपत्यकाभित्रका तीन ओटै मल्ल राज्यको उन्मूलन
२.१० चौबीसे राज्यहरुमाथि अधिकार स्थापित गर्न असफल प्रयास र इस्ट इन्डिया कम्पनीसँगको मेल
२.११ किराँत प्रदेशका सेन राज्यहरुको उन्मूलन
२.१२ राजा पृथ्वीनारायण शाहका अन्तिम दिन तथा यिनको व्यक्तित्व
खण्ड तीन
३.१ राजा प्रतापसिंह शाहको राज्यकाल
३.२ महारानी राजेन्द्रलक्ष्मी तथा राजकुमार बहादुर शाहबीच मेल तथा सङ्घर्ष
३.३ अब्दुल्ला बेगको कुचोद्य र कम्पनी सरकारसँग मैत्रीसम्बन्ध
३.४ नेपालमाथि सिक्किम तथा चौबीसे राज्यहरुको आक्रमण र उनीहरुमाथि गरिएको प्रत्याक्रमण
३.५ कालीगण्डकी नदीपूर्वका चौबीसे राज्यहरुमा अधिकार र महारानी राजेन्द्रलक्ष्मीको देहान्त
३.६ राजकुमार बहादुर शाहको मुख्तियारी
३.७ राजा रणबहादुर शाह : प्रमुख प्रशासक तथा वानप्रस्थी स्वामीका रुपमा
३.८ स्वामीमहाराज रणबहादुर शाहको काशीवास तथा प्रत्यागमन
३.९ स्वामीमहाराज रणबहादुर शाह : प्रशासनकालको उत्तरार्द्धमा
खण्ड चार
४.१ तीन शाह राजाहरुको राज्यकालमा नेपाली समाजमा भएका परिवर्तन तथा राज्य प्रबन्धनको सामान्य लेखाजोखा

४.२ तीन शाह राजाहकरुको राज्यकालमा नेपाली समाजमा भएका परिवर्तन तथा प्रबन्धको थप लेखाजोखा
४.३ तात्कालिक प्रमुख प्रशासकहरुको तुलनात्मक विश्लेषण
४.४ तात्कालिक प्रमुख प्रशासकहरुबारे थप विश्लेषण
४.५ सैनिक प्रबन्धका सम्बन्धमा
४.६ राजा पृथ्वीनारायण शाहका सम्बन्धमा फैलिएको भ्रान्त धारणा सम्बन्धमा

प्रस्तावना

नेपालमा जुन समयमा महारानी राजेन्द्रलक्ष्मीको प्रशासनकाल चलिरहेको थियो, त्यसै समयमा इस्ट इन्डिया कम्पनीका निजामती कर्मचारीले आपसमा मिलेर १८४१ सालमा कोलकातामा 'एसियाट्रिक सोसाइटी अफ बङ्गाल' नामक एउटा सामाजिक संस्था स्थापना गरी भारतवर्षको पुरातत्व तथा इतिहासको अन्वेषण गर्ने कामको प्रारम्भ गरेका थिए। यसैले यसको आठ वर्षजति पछि काठमाडौंमा आइपुगेका कर्क प्याट्रिक र १८ वर्षपछि यहाँ आइपुगेका हेमिल्टनले पनि आआफ्नो 'नेपालको विवरण' लेख्न लाग्दा नेपालका पुरातत्व तथा इतिहाससम्बन्धी विषयवस्तुलाई केही कोट्याएका थिए। उक्त संस्थाको स्थापना भएको ५० वर्षसम्म प्रायः कुनै नेपाली नागरिकले पनि अङ्ग्रेजी भाषा नजानेका हुनाले भारतमा पुरातत्व तथा इतिहासको अन्वेषण गर्ने अनेकौं सामाजिक संस्था स्थापना भइसक्दा पनि यस समयसम्म कुनै नेपाली नागरिकले पनि ती दुई पुस्तकको अध्ययन तथा उपयोग पनि गर्न सकिरहेका थिएनन्।

यस समयसम्ममा भारतीय नागरिकले भने आफ्नो देशमा अङ्ग्रेजी भाषाको पठनपाठन सुरू गराइसकेका थिए। यसैले "जुनसुकै राष्ट्रको पनि महत्वपूर्ण अङ्गका रुपमा इतिहास अर्थात् History रहेको हुन्छ र आफ्नो इतिहास नभएको राष्ट्र अङ्गहीन हुन्छ" भन्ने जानेर उनीहरु पनि आआफ्ना देशका इतिहासको खोजीमा लागिसकेका थिए। हुन त प्राचीन समयमा भारतमा प्रचलनमा रहेको संस्कृत भाषामा पनि 'इतिहास' शब्दको उल्लेख पाइन्छ तर त्यति बेलाको 'इतिहास' शब्द अहिलेको History को अर्थमा प्रयोग नभएर 'पुरावृत्त' अर्थात् Annals को अर्थमा प्रयोग हुने गरेको पाइन्छ। प्राइम मिनिस्टर जङ्गबहादुर कुँवर राणाको समयमा तिब्बतसँग नेपाल अधिराज्यको तेस्रो

पटक लडाइँ हुँदा मात्र नेपाली नागरिकले कर्क प्याट्रिकले लेखेको 'नेपालको विवरण'लाई सर्वप्रथम पढेका थिए।

तेस्रो पटक नेपाल–तिब्बत युद्ध सुरू हुनुभन्दा केही पहिले राजधानी काठमाडौंमा दरबार स्कुल स्थापना भई यस स्कुलमा अङ्ग्रेजी भाषामा लेखिएका भारतवर्षका इतिहासको पठनपाठन सुरू भइसकेको थियो। तर नेपालको इतिहासलाई प्रकाशमा ल्याउन नदिने प्रयासलाई राणा शासनकालभर उनीहरुले चालू राखिरहेका थिए। यसैले राणा शासनकालभर यहाँ पुरातत्व विभागको स्थापना हुन सकेको थिएन। राष्ट्रिय लेख संरक्षणालय स्थापना हुनु त परै रहोस्, पुराना कागजपत्रका रुपमा रहेका राष्ट्रिय महत्वका लेख पनि यहाँ संरक्षित रहन सकेका थिएनन्। यस्ता कागजपत्रहरु घाँस तथा परालहरु थन्क्याएर राखिए जस्तै थन्क्याएर राख्ने परम्परा बसालिएकाले इतिहासका अन्वेषकका निमित्त मौलिक लेख दुर्लभ्य थिए।

राजा राजेन्द्रविक्रम शाहलाई आफ्नो देश तथा आफ्ना पुर्खाहरुको पालाको इतिहासबारे पनि जानकारी गर्ने चाहना भएछ र यिनले यस्तो इतिहास लेखाउन भनी आफ्ना मन्त्री जनरल भीमसेन थापालाई अह्राउँदा यिनले कवि स्वाभाव भएका 'सुन्दरानन्द' नामक एक जना लेखकद्वारा त्रिरत्न सौदर्यगाथा नामक काव्यकृति लेखाइदिएका थिए। तर यस कृतिमा प्रायः जनरल भीमसेन थापाकै गुणगान गाइएकाले यो पुस्तक काम नलाग्ने ठहर गरी पछि जनरल भीमसेन थापाको पतन भएपछि फारसी भाषाको समेत ज्ञान भएका र अकबर नामा र जहाँगिर नामा आदि पुस्तक पनि पढेका 'खरिदार' शेरमानलाई लेख्न लगाउँदा उनले राजा द्रव्य शाहदेखि राजा नरभूपाल शाहसम्मका राजाको जीवनचरित्र मनगढन्ते कथाको भरमार प्रयोग गरी नेपाली भाषामा सङ्क्षिप्त रुपमा लेखिदिएका थिए।

यिनका अन्य दुई भाइ खरिदार जितमान तथा बुद्धिमानको पहुँच भने त्यति बेलाको 'जैसीकोठा' नामका पुराना कागजपत्र राखिने कार्यालयसम्म भएकाले ललितपुरमा रहेका राजोपाध्यायबाट सहयोग प्राप्त गरी पुराना नेवारी भाषामा लेखिएका

वंशावलीहरुको समेत उपयोग गरेर यिनीहरुले प्राइम मिनिस्टर जङ्गबहादुर कुँवर राणाको अन्तिम समयसम्ममा नेपाली भाषामा एउटा 'वंशावली' तयार पारिदिएका थिए। यसै वंशावलीलाई मूल आधार मानेर भारतीय सज्जन पं. भगवानलाल इन्द्राजी, युरोपियन सज्जन सेसिल बेन्डाल तथा सिलभ्याँ लेभीहरुका नगन्य खोज र भ्रष्ट कल्पनाले भरिएका पुस्तकलाई आधार मानेर वर्तमान समयसम्म नेपालका अङ्ग्रेजी हाईस्कुल, कलेज तथा विश्वविद्यालयमा पढाइने पाठ्यपुस्तक लेखिँदै र प्रकाशन पनि हुँदै आएका छन्।

नेपालमा राणाहरुको राज्य प्रशासन हटेपछि सरकारी पुरातत्व विभागको स्थापना भएकाले नेपालको इतिहास अब अन्धकारबाट प्रकाशतिर आउन लागेको अनुभव हुन आएको छ। तर कागजपत्रका रुपमा रहेका लेख सङ्ग्रह गरेर 'लेख संरक्षणालय' वा Archive मा सुरक्षित रुपमा नराखिएसम्म नेपाल अधिराज्यको अर्वाचीनकालको इतिहास पूर्णतया प्रकाशमा आउन सम्भव छैन। तर यस कामका निमित्त पक्कै सुरसार हुन थालेको छ। यो काम पूरा भएपछि आठदस वर्षमै नेपालको पूर्वी सिमानादेखि पश्चिमी सिमानासम्म छरिएर रहेका कागजपत्रहरुको सङ्ग्रह भएर प्रस्तावित 'लेख संरक्षणालय' सर्वाङ्गपूर्ण हुनेछ भन्ने आशा अहिले पलाइरहेको छ।

नेपाल अधिराज्यको मध्यकालको इतिहासमा सिक्किमदेखि डोटीसम्मको इतिहासको पनि महत्वपूर्ण स्थान छ। अङ्ग्रेजसँग भएको विसं १८७१–७२ को युद्धपछि सिक्किम राज्य करिबकरिब भारतमै सम्मिलित भई परचक्री हुँदा त्यहाँ रहेका मध्यकालका कागजपत्रहरुको खोजी हुनु अब असम्भवप्रायः छ। शिक्षाको राम्रो प्रचार नभएकाले त्यहाँ रहेका पुराना कागजपत्र सम्भवतः नष्ट भ्रष्ट भइसकेका छन्। तैपनि हाम्रो ओल्लो किराँत तथा पल्लो किराँतमा रहेका कागजपत्रको खोजी भएपछि सिक्किम राज्यको इतिहास पनि प्रकाशमा आउने आशा छ। पूर्वको किराँत प्रदेशदेखि पश्चिमका डोटीसम्मका पुराना लेखमध्ये काठमाडौं उपत्यकाको सम्बन्धमा प्रशस्त लेख प्रकाशित भइसकेकाले यस उपत्यकाबारे विशेष सोधखोजको उत्तिको आवश्यकता छैन।

अन्यत्रका लिखितहरुमा केही ताम्रपत्र र कागजपत्र पनि प्रकाशित छन्। तर तिनबाट मध्यकाल तथा अर्वाचीनकालको नेपालको इतिहासमा खास प्रकाश पर्न सकेको छैन।

राजा पृथ्वीनारायण शाहका समकालिक राजवंशहरुमध्ये थोरैजसो राजवंशहरुको नामावली डा. हेमिल्टनले प्रकाशन नगराएका राजवंशका नामावलीहरुमध्ये एट्किन्सनले प्रकाशित गराएको डोटी राजवंशको नामावली पनि भ्रष्ट पाइन्छ। अरु राजवंशका भने नामावलीसम्म पनि पाउन सकिएका छैनन्। यसैले काठमाडौं उपत्यकादेखि बाहिर रहेका नेपाली नागरिकले आफू रहेका जिल्ला वा अञ्चलका ऐतिहासिक विवरण नपाएर काठमाडौं उपत्यकाको इतिहासलाई मात्र प्रधानता दिई लेखिएका नेपालको इतिहासका पुस्तकलाई पढ्नुपर्दा यस्तो इतिहासलाई उनीहरु आफ्नो देशका इतिहासका रुपमा स्विकार्न तयार छैनन्। स्कुल, कलेज तथा विश्वविद्यालयमा यस्तो इतिहासलाई बलपूर्वक पढाउने प्रयास गरिए उनीहरु भरसक यस्ता त्रुटिपूर्ण पुस्तक पढ्नबाट पछि हट्छन् र यस कमीलाई भारत वा अन्य देशका इतिहासका पुस्तक पढेर पूरा गरिदिने गर्छन्। नेपाली नागरिकमा राष्ट्रिय भावनाको कमी हुनुमा यो पनि एउटा प्रमुख कारणका रुपमा देखापर्न आएको छ। तैपनि राष्ट्रभाषा नेपालीले हाम्रो राष्ट्रिय एकतालाई भने येनकेन बचाई नै रहेको छ। यस कमजोरीलाई पूर्ति गर्न प्रस्तावित लेख संरक्षणालय कतिसम्म सफल हुन्छ, त्यो भने भविष्यले नै बताउनेछ।

गुजरात काठियावाडका पं. भगवानलाल इन्द्राजीले काठमाडौंबाट लगेर भारतीय भाषाको एउटा त्रैमासिक पत्रिकामा प्रकाशित शिलालेखमध्येबाट उद्धृत गरिएको १५ नम्बरको काठमाडौं पशुपतिनाथको मन्दिरमा रहेको लिच्छवि राजा जयदेव (द्वितीय)को शिलालेख पनि छापिएको एउटा पुस्तक पश्चिमी बिहारको 'आरा' नामक सहरमा विसं १९७७ को मध्यमा मैले आकस्मिक रुपमा देखेको थिएँ र त्यस शिलालेखलाई पढेपछि ममा नेपालको पुरातत्वका विषयमा अध्ययन तथा अनुसन्धान गर्ने चाख एकाएक जागृत हुन थाल्यो। यसको चार वर्षजति पछि बुद्धिमानले लेखेको वंशावली पनि भेटियो र यसबाट नेपालको इतिहासतिर पनि मेरो ध्यान मोडियो।

यसबीचमा विदेशी विद्वान्हरुद्वारा लेखिएका नेपालका पुरातत्व तथा इतिहाससम्बन्धी अन्य पुस्तक पनि यथासम्भव पढ्दै रहें। यस्ता पुस्तकमा एउटा पुस्तक पनि सन्तोषजनक नदेखिएकाले आफूले गुरूवत् मानिआएका 'सुब्बा' वीरेन्द्रकेशरी अर्यालज्यूसँग यस सम्बन्धमा विचारविमर्श गर्दा उहाँले "काठमाडौंमा राजकीय पुस्तकालयमा रहेका पुस्तक तथा शिलालेखको राम्रो अध्ययन नगरी नेपालको इतिहासको सम्बन्धमा पूरापूर बोध हुनु सम्भव छैन। मेरो पुस्तकालय तिम्रा निमित्त सधैं खुला नै रहनेछ, राजकीय पुस्तकालयमा रहेका पुस्तक तथा शिलालेख पनि पढ्ने प्रयत्न गर्दै रहू। राणा प्रशासनकालको इतिहासका विषयमा भने अहिलेलाई पूर्णतया आँखा चिम्ल र यस विषयमा आँसम्म पनि गर्ने प्रयास नगर" भन्ने सल्लाह दिनुभएको थियो।

यस समयमा राजकीय पुस्तकालयको अध्यक्षमा राजगुरू हेमराज पण्डितज्यू हुनुहुन्थ्यो। उहाँसँग यस पुस्तकालयमा सङ्ग्रह गरिएका पुस्तक तथा शिलालेख पढ्न अनुमतिका लागि माग गर्दा उहाँले 'हाँ' वा 'ना' केही पनि उत्तर दिनुभएन। तर उहाँलाई यति नै बेला आफ्ना निमित्त एक जना विश्वस्त सहायकको आवश्यकता परेको रहेछ र यसका निमित्त उहाँले मलाई आग्रह गर्दा राजकीय पुस्तकालयमा रहेका पुस्तक पढ्न पाइने आशाले उहाँको आग्रहलाई सहर्ष स्वीकार गरी शिक्षा विभागमा प्रवेश पाएर राजकर्मचारीको हैसियतले उक्त राजकीय पुस्तकालयमा रहेका पुस्तक निरन्तर पढ्दै रहें। यसै क्रममा गोपाल राजवंशावली नामक एउटा प्राचीन पुस्तक भेटिएको थियो। तर यस वंशावलीलाई १२ वर्ष लगाएर निरन्तर पढ्दै रहँदा पनि थोरबहुत मात्र बुझ्न सकियो, राम्ररी बुझ्न सकिएन। जति बुझियो, त्यसबाट पनि यस वंशावलीका अविष्कारका रुपमा स्थापित डा. सेसिल बेन्डालले लगाएका अर्थ अनर्थ देखिए।

राजकीय पुस्तकालयमा सङ्ग्रह गरेर राखिएका सबै पुस्तक तथा शिलालेख पनि पढ्न सकिएनन्। तर त्यहाँ सङ्ग्रह गरिएका र आफूले देखेका अन्य बहुमूल्य शिलालेखको प्रतिलिपि उतारेर ल्याई पं. भगवानलाल आदिले अशुद्ध पढेका पाठकलाई भरसक शुद्ध गर्ने प्रयास भने निरन्तर गरिँदै रहियो। तर तिनताक 'गोरखाभाषा प्रकाशिनी समिति'को

अनुमतिबिना लेखरचना प्रकाशन हुनु सम्भव थिएन। नेपालको इतिहाससम्बन्धी लेखरचनालाई प्रकाशन गर्न यस समितिबाट किन पो अनुमति मिल्थ्यो? तैपनि प्राइम मिनिस्टर जुद्धशमशेर जङ्गबहादुर कुँवर राणाको उदारताबाट शारदा नामक साहित्यिक पत्रिका प्रकाशन हुन थालेपछि नेपालमा बङ्गाली सुल्तान 'समसुद्दीन इलियस शाह'को आक्रमण भएको तथ्य गोपाल राजवंशावली तथा स्वयम्भूमा रहेको राजहर्षको शिलालेखबाट समेत देखिँदा एउटा नयाँ महत्वपूर्ण तथ्यलाई आविष्कार गरें भन्ने उमङ्गमा उक्त पत्रिकामा यससम्बन्धी एउटा लेख प्रकाशनका निमित्त पठाउँदा तात्कालिक प्रभावशाली प्रशासकहरुबाट उल्टो खप्की पो खानुपरेको थियो। "हिन्दूहरुको पवित्र देश नेपालमा अपवित्र मुसलमानहरुको आक्रमण भएको अप्रिय कुरा प्रचार गर्ने प्रयास गरेको" भन्ने आरोप ममाथि लगाइयो।

ममाथि लागेको यसै खप्कीबाट यस घटनाको चर्चा नेपालका प्रबुद्धवर्गमा यत्रतत्र फैलियो। यस घटनाको लगत्तै पटनाबाट शोध अध्ययनका निमित्त काठमाडौंमा आएका डा. काशीप्रसाद जयसवालले गोपाल राजवंशावलीको उक्त विषयको लेख र स्वयम्भूको राजहर्षको शिलालेखको समेत छापा लगी प्रकाशित गराएर यस घटनाको अविष्कारक भई पहिले यस तथ्यको घोषणा र पछिबाट यससम्बन्धी लेखरचनासमेत प्रकाशन गराएर संसारका अगाडि उनी यस घटनाका आविष्कारकका रुपमा दरिएका छन्। आफू भने हेरेको हेर्‍यै भएको थिएँ।

भारत देहरादुनको 'सर्भे अफ इन्डिया अफिस'बाट प्रकाशित नेपाल अधिराज्यको मानचित्रमा हिमालय पर्वतमालाको सर्वोच्च शिखरको नाम 'माउन्ट एभरेस्ट' लेखिएको देखेर हीनताबोधले गर्दा मन कुँडिएको थियो। त्यस मानचित्रको दोस्रो संस्करणमा यस पर्वतशिखरका निमित्त 'माउन्ट एभरेस्ट'का साथै तिब्बती नाम 'चोमोलोङ्मा' पनि लेखिएको पाइयो। तर यसको नेपाली नामको भने त्यहाँ अत्तोपत्तो थिएन। यसबाट उक्त मानचित्र पनि त्रुटिपूर्ण देखियो। यस त्रुटिलाई संशोधन गर्न भनी शारदा पत्रिकामै 'सगरमाथा या भ्यामोलोङ्मा' शीर्षकमा एउटा अनुसन्धानात्मक लेख प्रकाशन गर्दा

“आफ्ना मित्र अङ्ग्रेजको नाममा नामकरण भइसकेको हिमशिखरलाई नेपाली नाम दिएर उनीहरुको अपमान गर्न खोजेको” आरोप लगाइयो। यस लेखलाई प्रकाशन गराएबापत झन्डैझन्डै देश निकाला हुनुपरेको थियो।

यस्तै विषम परिस्थितिमा मैले आफ्ना अध्ययन तथा अनुसन्धानलाई चालू राखिरहेको थिएँ। यसैले राणाहरुको प्रशासनकालभर नेपालमा इतिहास तथा पुरातत्वसम्बन्धी लेखरचना प्रकाशन गर्नु सम्भव भएन। राणाहरुको प्रशासनकालको अन्त्यतिर आफ्ना दुवै आँखाका ज्योति गुम्दा खाइपाई आएको सानो जागिरबाट पनि पदच्युत भइयो। यसपछि त हातमुख जोर्न पनि धौधौ पर्न थाल्यो। राणा प्रशासनकालको अन्तिम समयतिर फेरि पनि एक पटक ‘नेपालको इतिहास’ लेख्ने परियोजनाका निमित्त ‘नेपाली भाषा प्रकाशिनी समिति’मा नियुक्त भइयो। तर नाम भने नेपालको इतिहास लेख्ने, वास्तवमा ‘इतिहास’को नाममा देशमाथि कलङ्क लाग्ने हिसाबले राणाहरुको पारिवारिक शासन स्थापना भएको शतवार्षिकीको अवसर पारेर राणा प्राइम मिनिस्टर जङ्गबहादुर कुँवर राणाका गुणगानले भरिभराउ भएको उनको जीवनचरित्र लेख्न आग्रह गरिँदा मनले मानेन र व्यर्थमा दिन बित्दै गए। विसं २००७ मा नेपालबाट राणाहरुको प्रशासन हटेपछि नेपालको इतिहास, पुरातत्व तथा संस्कृति विषयक फाटफुट लेख लेखिँदै रहे। यथासम्भव प्रकाशन पनि गरिए। तर आफ्ना दुवै आँखा बेकम्मा हुँदा यस काममा पनि खास अगाडि बढ्न सकिएको थिएन।

हालसालैमा श्री ५ युवराजाधिराज सरकारबाट नेपालको सत्यतथ्य इतिहासको चाहना गरिबक्सिई आवश्यक सामग्रीको सङ्कलन गराउने यथासम्भव प्रबन्ध पनि गराइबक्सिएकाले प्राचीनकालदेखि मध्यकालको अन्त्यसम्मको नेपाल अधिराज्यको इतिहासलाई पाँच सय पृष्ठजतिमा एक भाग र अर्वाचीनकालको आरम्भदेखि राणा प्रशासनकालको अन्त्य नभएसम्मको इतिहासलाई पाँच सय पृष्ठजतिमा दोस्रो भाग लेख्ने योजना बनाएको छु। तर मध्यकाल तथा अर्वाचीनकालको इतिहासका निमित्त पनि आवश्यक कागजपत्रको कमी भएको र हाल ‘राष्ट्रिय लेख संरक्षणालय’को स्थापना हुने

तयारी सुरू भइरहेको सबैभन्दा पहिले अर्वाचीनकालको सङ्क्षिप्त वृत्तान्त लेखेर पछिबाट मात्र उल्लेख गरिएअनुसारका अन्य दुई पुस्तक लेख्ने विचार गरेको छु।

यसै योजनाको पृष्ठभूमिका रुपमा सर्वप्रथम नेपालको सङ्क्षिप्त वृत्तान्त नामक प्रस्तुत रचनालाई लेख्न लाग्दा पनि सामग्रीहरुको कमीले बीचबीचमा केही अपूर्णता भएको छ। केही अपूर्ण रहे पनि प्रमाण नभएका कुरा भरसक नलेख्ने प्रयत्न गरिएको छ। तैपनि प्रमाणहरुको निर्देशन भने यस पुस्तकमा गर्न सकिएको छैन।

एउटै ऐतिहासिक घटनाको पनि गुणदोषको विवेचन गर्दा "कुण्डकुण्ड पानी, मुण्डमुण्ड बुद्धि" भन्ने भनाइअनुसार मानिसका विचार फरकफरक हुन सक्छन्। तर यस पुस्तकमा पनि परिणाम हेरेर मात्र कामको गुणदोषको विवेचना गर्ने नीति अवलम्बन गरिएको छ।

यस रचनाले नेपाली पाठकलाई आफ्नो देशको इतिहासको सङ्क्षिप्त दिग्दर्शन गराउन सहयोग गर्ला र देशमा राष्ट्रिय एकताको एउटा प्रमुख अङ्गका रुपमा रहेको इतिहासलाई अन्धकारबाट प्रकाशतर्फ ल्याउन प्रेरित गर्दै रहला भन्ने अपेक्षा गरेको छु। अस्तु!

बाबुराम आचार्य
फागुपूर्णिमा, विसं २०२२

खण्ड एक (पूर्ववृत्तान्त)
१.१ इतिहासकालभन्दा पहिलेको नेपाल

अतिपुरातन कल्पमा वर्तमान नेपाल अधिराज्यको समेत सम्पूर्ण हिमालय शृङ्खला समुद्रको गर्भमा अन्तर्निहित थियो भन्ने आजका प्रबुद्ध वैज्ञानिकहरुको मान्यता रहिआएको छ। समुद्रतलबाट माथि उठिसकेपछि पनि पुरातनकल्पमा यस क्षेत्रमा ठूलाठूला ताल वा तलाउ कायमै रहेका सङ्केत पाइन्छन्। हजारौं हजार वर्षसम्मको अविरल जलप्रवाहले गर्दा पछि यस्ता ताल वा तलाउ क्रमशः खोलिँदै आएर यस क्षेत्रको वर्तमान भौगोलिक बनावट कायम हुन आएको हो भन्ने पनि आजका सचेत भूगर्भविद्हरुको भनाइ छ।

वर्तमान काठमाडौं उपत्यका पनि अतिप्राचीनकालमा यस्तै एउटा विशाल ताल वा तलाउका रुपमा रहेको सङ्केत पाइन्छ। भौगोलिक बनावटका दृष्टिले मात्र होइन, यस क्षेत्रमा पाइने पुराना जलचर जीवहरुका जीवावशेषले गर्दा पनि यो उपत्यका अतिप्राचीनकालमा ताल वा तलाउका रुपमा थियो भन्ने प्रमाणित हुन आएको छ। नेपालमा पाइने बौद्ध तथा सनातनी दुवै थरी अनुश्रुतिले यो उपत्यका अतिप्राचीनकालमा तालका रुपमा रहेकोतर्फ नै सङ्केत गर्दै आएका छन्।

हुन त वर्तमान काठमाडौं उपत्यकाका रुपमा रहेको मुख्य ताल वा तलाउ हजारौं वर्षपहिले नै फुटिसकेको थियो, तैपनि चोभार भन्ज्याङमा रहेको वाग्मती नदीको चट्टानी गल्छी नफुटेसम्म अहिलेको सम्पूर्ण काठमाडौं उपत्यका विशाल ताल वा तलाउका रुपमै थियो भन्ने यस क्षेत्रको भौगोलिक बनावटबाट पनि सहजै अनुमान गर्न सकिन्छ।

चोभारमा रहेको वाग्मती नदीको प्रमुख गल्छी फुटिसकेपछि पनि पशुपति तथा गोकर्णमा रहेका यसै नदीका यस्तै अन्य दुई चट्टानी गल्छी नफुटेसम्म यस क्षेत्रमा ताल वा तलाउका ससाना अवशेष कायमै रहिरहेका सङ्केत प्राप्त भएका छन्। उपत्यकाभित्रका समतल मैदानहरुमा सयौं फुटको गहिराइसम्म पोखरीका पिँधमा पाइने अत्यन्त मलिला कालिमाटी पाइन्छन्। यसबाट पनि यो उपत्यका अतिप्राचीनकालमा ताल वा तलाउका रुपमा रहेकोतर्फ नै सङ्केत गरिरहेको पाइन्छ।

आजभन्दा आठदस हजार वर्षजति पहिले पनि वर्तमान हिमालय पर्वतमालाको भौगोलिक बनावट लगभग अहिलेको जस्तै हुँदो हो। तर तिनताक यहाँको हावापानी अहिलेको भन्दा पक्कै पनि चिसो थियो होला। तिनताक यस क्षेत्रमा रहेका प्रायः सबै भूभाग घना जङ्गलै जङ्गलले ढाकिएका थिए। यसैले आजभोलिको भन्दा बढी बर्सात हुने भई तिनताक यहाँका नदीनाला पक्कै पनि निकै ठूला तथा फराकिला थिए होलान्। तर जमिनको सतहभित्र अहिलेको जस्तो गहिरिएर धसिएका थिएनन्।

तिनताक हिमालय पर्वतमालाका दक्षिणी पाखामा रहेका पहाडी भूभागमा मानव जातिको एउटा विशिष्ट जनसमुदायका पातला आबादीहरु यत्रतत्र फैलिएर रहेको झलक पाइन्छ। यस क्षेत्रको आदिम मूल जातिका रुपमा रहेको यसै जातिलाई पछि इतिहासकालमा आएका नवआगन्तुक आर्यवर्तीय आर्यहरुले 'किराँत' भन्ने नाम दिएको पाइन्छ। अहिलेको काठमाडौं उपत्यका तथा यसभन्दा बाहिर अन्यत्र पनि तिनताक यस्ता जनसमुदायका पातला आबादीहरु यत्रतत्र फैलिएर रहेका हुँदा हुन्। अहिलेका भाषा वैज्ञानिकहरुले यस जातिलाई 'अस्ट्रो एसियन' वा 'अग्नेयदेशी' भन्ने नाम दिने गरेको पाइन्छ। यही जाति नै यस क्षेत्रको आदिम मूल निवासी देखिएको छ।

तिनताकसम्ममा यस क्षेत्रमा आबाद रहेका यस्ता जनजातिहरुले आफ्ना बोलीहरुको अविष्कार गरी आफ्ना मनमा लागेका भाव अभिव्यक्त गर्न जानिसकेका थिए। आगोको परिचय यिनीहरुले भर्खरै मात्र प्राप्त गरेका थिए। यिनका कृषि औजार तथा हातहतियारको पनि खास विकास हुन सकेको थिएन। ढुङ्गा तथा घोचा नै तिनताक

जङ्गली जनावरहरुको सिकार गर्ने यिनका प्रमुख साधन हुँदा हुन्। तिनताकसम्ममा यिनीहरुले आफ्ना खाद्य पदार्थहरु पोलेर खान थालिसकेका थिए। काठका खम्बा, घोचा तथा स्याउलाको प्रयोग गरी कामचलाउ किसिमले बनाइएका अस्थायी, झुप्राहरुमा बसी यिनीहरु आफ्ना जीवन निर्वाह गर्ने गर्थे। यिनका प्रमुख खाद्य पदार्थमा सिकार गरिएका जङ्गली जनावर तथा कन्दमूलहरुको नै प्राधान्य हुँदो हो। खेतीपातीका काम यिनीहरुले अझैसम्म पनि राम्रोसँग जान्न सकेका थिएनन्।

आगोको परिचय भएपछि मानव जातिले सभ्यताको सोपानमा पाइला हालेको र धनुषकाण चलाउने शिल्पको ज्ञान भएपछि दोस्रो खुट्किलोमा उक्लिएको मानिन्छ। यसैअनुसार आजभन्दा सातआठ हजार पहिलेसम्ममा यहाँका मूल निवासीहरुले पनि आफ्नो घुमन्ते जङ्गली जीवन परित्याग गरी पशुपालक ग्रामीण जीवनमा पदार्पण गरिसकेको अनुमान हुन्छ। यसको एकडेढ हजार वर्षसम्ममा यिनीहरु खेतीपातीका कामतर्फ अग्रसर हुन थालिसकेका हुँदा हुन्। खेतीपाती तथा पशुपालनका निमित्त पनि प्राकृतिक सुविधाको आवश्यकता पर्ने भएकाले पशुपालक जीवनमा प्रवेश गरेपछि यिनीहरुले आआफ्ना अनुकूल परेका ठाउँमा स्थायी वासस्थल बसाई स्थायी रुपमा रहन थालेको पनि अनुमान हुन्छ।

यसको पाँचसात सय वर्षपछि यिनीहरु आफ्ना ससाना बस्ती वा गाउँहरु बसाई सङ्गठित रुपमा रहन थालिसकेका हुँदा हुन्। तर यस्ता बस्ती वा गाउँ प्रायः अस्थायी नै थिए होलान्। यतिन्जेल यिनीहरुले भेडाबाख्रा आदि आफ्ना बस्तुभाउ पाल्न सुरू गरिसकेका हुनुपर्छ। यसपछि खेतीपातीका निमित्त गोरूहरुको पनि प्रयोग हुन थालेको हुँदो हो।

अहिलेभन्दा लगभग चारपाँच हजार वर्षजति पहिलेदेखि यस क्षेत्रमा ठूला सामाजिक उथलपुथल हुन थालेको पाइन्छ। अस्ट्रो एसियन वा आग्नेयदेशी परिवारकै अर्को एक थरी शाखाका जनता आफ्नो मूल अवस्थल परित्याग गरी सुखसुविधाको खोजी गर्दै वर्तमान 'बर्मा' (म्यानमार)बाट इरावती नदीको किनारैकिनार भारतको आसाम हुँदै

वर्तमान पूर्वी नेपालमा आइपुगेर यहाँका स्थानीय मूलवासीसँग हेलमेल गर्न थालेको अनुमान हुन्छ। त्यहाँबाट अझै अघि बढ्दै आएर यिनीहरु पछि पश्चिममा 'सतलज' नदीसम्म नै फैलिन पुगेको पाइन्छ। यिनीहरुले यहाँका स्थानीय मूल निवासीहरुका भाषा तथा रीतिरिवाजलाई पनि प्रभावित पारिदिएका थिए। यिनीहरुकै प्रभावबाट यहाँका स्थानीय मूल निवासीहरु अनेकौं वर्ग वा समूहमा विभक्त भएका पाइन्छन्। वर्तमान समयका 'मगर', 'गुरूङ', 'तामाङ', 'शेर्पा' तथा 'नेवार' आदि आग्नेयदेशी वर्गका जातिहरु यसरी नयाँ विकास भएका जातिहरुमा विशेष प्रसिद्ध छन्। भाषागत बनावटका दृष्टिबाट विचार गर्दा वर्तमान समयका 'राई' तथा 'लिम्बू'हरुले भने आफूहरुलाई नवआगन्तुक आग्नेयदेशी जातिका सामाजिक प्रभावहरुबाट प्रायः अछुतो नै राख्न सकेको पाइन्छ।

आजभन्दा ३५ सय वर्षजति पहिलेको कुरा हो, यतिन्जेल आर्यवर्तीय आर्यहरुले सिन्धु नदीका उपत्यकाहरुमा विकसित सैन्धव सभ्यता तथा संस्कृति नष्ट गरी त्यसैको जगमा भर्खरै मात्र आफ्ना सभ्यता तथा संस्कृतिको उत्थान तथा विकास पनि गराउन आरम्भ गराइसकेका थिए। लगभग यसै समयमा, उता चीनमा पनि 'हु आङ हो' तथा 'याङ चे क्याङ' नामक त्यहाँका दुई सुप्रसिद्ध नदीका मैदानमा मङ्गोल जातिका विभिन्न शाखा एवम् प्रशासकले आआफ्ना सभ्यता तथा संस्कृतिको उत्थान तथा विकास पनि गराउँदै ल्याइरहेका थिए। यिनताकसम्ममा नेपालमा पनि वर्तमान काठमाडौं उपत्यका तथा आसपासका भूभागहरुमा किराँतवर्गका 'नेपार' वा 'नेवार'हरुका पातला आबादी यत्रतत्र फैलिइरहेका थिए।

आजभन्दा लगभग २७ सय वर्षजति पहिलेको कुरो हो, यिनताकसम्ममा चीन तथा भारत दुवै महान् देशका सभ्यता तथा संस्कृति फुली तथा फलिरहेको दुई हजार वर्षभन्दा बढी भइसकेको थियो। यस्तै यिनताकसम्ममा हिमालय पर्वतमालाको दक्षिणी पाखामा रहेको पहाडी भूभागको पश्चिमी भेगमा (वर्तमान काश्मीर तथा दरद देशमा) खसवर्गका आर्यहरुका र पूर्वी भेगमा वर्तमान नेपाल अधिराज्यका प्रायः सम्पूर्ण भूभागमा पशुपालक

अवस्थामा रहेका किराँतवर्गका विभिन्न शाखा एवम् उपशाखाका पातला आबादीहरु यत्रतत्र फैलिइसकेका थिए। भारतमा यिनताकसम्ममा 'महाजनपद' नामक १६ ओटा ठूलाठूला सार्वभौमसत्तासम्पन्न स्वतन्त्र राज्यको र अन्य अनेकौं ससाना लोकतन्त्रात्मक राज्यहरुको पनि उत्थान तथा विकास पनि भइसकेको थियो। यी १६ ओटा महाजनपद राज्यमध्ये केही लोकतन्त्रात्मक थिए भने केही राजतन्त्रात्मक र केही अन्य किसिमका थिए।

हिमालय पर्वतमालाको तराई क्षेत्रमा यिनताक प्रायः किराँतवर्गको नै पातलो आबादी यत्रतत्र फैलिएको थियो। यसै क्षेत्रसँग जोडिएर गङ्गा नदीको बायाँ किनारमा, वर्तमान उत्तरी बिहारमा, यिनताकसम्ममा 'वृज्जि' तथा 'मल्ल' नामक दुई लोकतन्त्रात्मक राज्य आआफ्ना सभ्यता एवम् संस्कृतिको समृद्धिको शिखरमा पुगिरहेका थिए। उपर्युक्त दुई राज्य पनि १६ 'महाजनपद' राज्यहरुभित्र नै थिए।

वर्तमान नेपाल अधिराज्यमा मानव सभ्यताको उत्थान तथा विकास पनि प्राचीनकालमै भएका प्रमाण पर्याप्त मात्रामा उपलब्ध छन्। हिमालय पर्वतमालाको दक्षिणी काखमा सतलज नदीदेखि पूर्वतर्फ रहेको पहाडी क्षेत्रहरुका कोसी तथा गण्डकी आदि अन्य ठूलाठूला नदीका उपत्यकाहरुमा मानव सभ्याताको उत्थान तथा विकास हुनुभन्दा पहिले वाग्मती नामक एउटा सामान्य नदीको सिरानमा रहेको वर्तमान काठमाडौं उपत्यकामा मानव सभ्यताको उत्थान तथा विकास पनि किन र कसरी सम्भव हुन आयो? यो भने निकै कुतूहलको विषय छ। तर यसो हुनु सहज तथा स्वाभाविक पनि मानिन्छ।

वर्तमान काठमाडौं उपत्यकालाई प्रकृतिले नै समृद्ध तथा मनोहर पनि तुल्याइदिएको छ। यहाँको भौगोलिक वातावरणले गर्दा आजभोलि 'वाग्मती', 'विष्णुमती' तथा 'मनोहरा'का नामले प्रसिद्ध सदानीरा तीन ओटा ससाना नदी यस उपत्यकामा अनादिकालदेखि नै अनवरत बग्दै आएका छन्। यति मात्र होइन, यस उपत्यकाका वरिपरि रहेका डाँडाकाडाँबाट यस उपत्यकाभित्र झर्ने छाँगा तथा छहरा पनि यहाँ परापूर्वकालदेखि नै उपर्युक्त तीन ओटा नदीमा मिसिन आएका पाइन्छन्। यसले गर्दा यस

क्षेत्रका नदीकिनारमा रहेका जमिनका निमित्त सिँचाइका लागि पर्याप्त सुविधा उपलब्ध थिए। यहाँको जमिन प्रायः समतल तथा उर्वरा पनि थियो। यसैले नै यो उपत्यका अनादिकालदेखि नै रसिलो तथा उब्जाउ पनि रहँदै आएको पाइन्छ। यस उपत्यकाको दक्षिणी भेगका महाभारत पर्वतमालाका पहाडहरुमा तामा एवम् फलामका खानी प्रशस्त पाइन्छन्।

यस प्रकार सभ्यताको उत्थान विकासका निमित्त अत्यावश्यक सम्पूर्ण पूर्वाधार यस उपत्यकामा अन्यत्रभन्दा सहज तथा सुलभ पनि भएर रहेकाले हिमालय पर्वतमालाकै दक्षिणी काखमा रहेका अन्य पहाडी भूभागहरुमा भन्दा पहिले यस उपत्यकामा मानव सभ्यताको उत्थान तथा विकास पनि प्रारम्भ हुनु सहज तथा स्वाभाविक पनि हुन आएको थियो।

तर सिन्धु तथा गङ्गा जस्ता ठूलाठूला समतल मैदानहरुमा मानव सभ्यताहरुको उत्थान तथा विकास पनि जति चाँडो हुनु सम्भव थियो, त्यति चाँडो दुर्गम तथा अनकन्टारमा रहेको यस सानो पहाडी उपत्यकामा सम्भव थिएन। यसैले सभ्यताको उत्थान तथा विकासका निमित्त यस क्षेत्रका आदिम मूल निवासी 'नेपार' वा नेवारहरुको छिमेकमा रहेका अन्य कुनै एउटा सभ्य जातिसँग सम्पर्क स्थापित हुनु र त्यस जातिको समृद्ध सभ्यताबाट आलोक प्राप्त गर्नु अत्यावश्यक थियो। अनि भयो पनि यही नै। आर्यवर्तीय आर्यहरुबाट आर्य सभ्याताको प्रकाश प्राप्त नगरेसम्म यहाँका अदिम मूल निवासी 'नेपार' वा नेवारहरु असभ्य अवस्थामै रहिरहेको झलक प्राप्त हुन आएको छ।

वर्तमान काठमाडौं उपत्यकामा प्राचीनकालमा किराँतवर्गको 'नेपार' वा नेवार नामक एउटा शाखाको पातलो आबादी फैलिएर रहेको थियो। यिनीहरु नै यस क्षेत्रका आदिम मूल निवासीका रुपमा रहेका पाइन्छन्। 'नेपार' वा नेवारहरुले 'वृज्जि' गणराज्यतिरबाट नै आर्यसभ्यताको प्रकाश प्राप्त गर्न थालेका थिए। हाल नेपालका तराई क्षेत्रहरुमा पाइने 'थारु'हरुमा मूल रुपमा किराँतवर्गका नै मानिन्छन्। रुप तथा रङले किराँतवर्गका भए

पनि चालचलन, रीतिरिवाज तथा यिनीहरुद्वारा बोलिने बोलीलाई आधार मानेर हेर्ने हो भने यिनीहरुमा आर्य जातिको लक्षण बढी मात्रामा पाइन्छ।

सुरूसुरूमा आर्यवर्तीय आर्यहरुले त्यहाँ रहेका स्थानीय किराँतलाई 'दास' गराएर अछूतहरुका रुपमा मात्र आफ्ना समाजमा सम्मिलित गराउने गरेका थिए। तर पछिपछि समाजमा धार्मिक कट्टरता शिथिल हुँदै आएपछि उनीहरुले दास वा अछूत नबनाए पनि यिनीहरुलाई आफ्ना समाजमा सम्मिलित गराउन सुरू गरिदिएका थिए। हाल नेपालमा तराई क्षेत्रका थारुहरु आर्य सभ्यता एवम् आर्य संस्कृतिलाई आत्मसात् गरेका यस्तै किराँतहरु भएकोमा कुनै पनि सन्देह छैन।

यसरी सभ्यताको सोपानमा एक खुट्किला माथि उक्लिएपछि यिनीहरुमा उत्साह तथा उमङ्ग पनि पैदा भएको र यसै उमङ्गमा त्यस क्षेत्रमा रहेका घना जङ्गलहरुको फँडानी गर्दै र खेतीपातीको विकास तथा विस्तार पनि गर्दै यिनीहरु तराई क्षेत्रका जङ्गलहरुमा भित्रभित्रसम्म पनि आबाद हुन आइपुगेको झलक पाइन्छ। यिनै थारुहरुमध्ये नदीकिनारामा वासस्थान बनाएर डुङ्गा चलाउने र माछा मारी यसैबाट जीवन निर्वाह गर्ने पेसा भएका 'दनुवार' वा 'दरै' र भाँडावर्तन बनाई वस्तु विनिमय गरेर आफ्नो जीवनचर्या चलाउने पेसा भएका 'कुम्हाल' वा 'कुमाले'हरु महाभारत पर्वतमालालाई पार गरी नदीहरुका किनारैकिनार उत्तरतर्फ लागेर वर्तमान नेपालका पहाडी क्षेत्रहरुभित्र आबाद हुन आइपुगेका पाइन्छन्।

यसै क्रममा यिनीहरु वर्तमान काठमाडौं उपत्यकासम्म पनि आइपुगेका थिए। नेपालका पहाडी क्षेत्रहरुमा दनुवारका बस्तीहरुमा कुम्हाल वा कुमालेका बस्ती आजसम्म पनि साथै पाइने हुनाले नेपालका आदिम मूल निवासी 'नेपार' वा नेवारहरुमा आर्यसभ्यता एवम् संस्कृतिको प्रकाश ल्याइपुऱ्याइदिने श्रेय यिनीहरुलाई प्राप्त छ।

नेपालमा आर्यसभ्यताको प्रवेश विक्रमपूर्व ७०० को आसपासतिर भएको सङ्केत पाइन्छ। दनुवार वा दरैहरु र कुम्हाल वा कुमालेको सहयोग एवम् सम्पर्कबाट सभ्यताको

सोपानमा अग्रसर भएपछि यहाँका मूल निवासी 'नेपार' वा नेवारहरुमा पनि उत्साह एवम् उमङ्ग पैदा भएको र भारतीय व्यापारीहरुको देखासिकी गरी यिनीहरु पनि व्यापारको सन्दर्भमा भारतमा तिरहुत, मगध, कोसल तथा काशीसम्म पनि आवतजावत गर्न थालेका पाइन्छन्। वर्तमान उत्तरी भारतमा रहेका भारतीय आर्यहरुले यस समयसम्ममा फलामको प्रयोग गर्न जानिसकेका थिए। 'नेपार' वा नेवारहरुले पनि यिनीहरुबाटै फलामका धाउहरुको परिचय प्राप्त गरी यसै समयदेखि यहाँ फलामको प्रयोग गर्न आरम्भ गरेका र यसबाट यिनका कृषि औजार तथा हातहतियारमा पनि पर्याप्त सुधार भई खेतीपातीमा पनि अपूर्व विकास हुन थालेको सङ्केत पाइन्छ।

यसले गर्दा यहाँका मूल निवासी 'नेपार' वा नेवारहरु एकडेढ शताब्दीको बीचमै फलामको प्रयोग गर्न नजान्ने यस क्षेत्रमा आबाद रहेका किराँतवर्गकै अन्य शाखाप्रशाखाभन्दा निकै सभ्य, सचेत र उन्नतसमेत बन्न आइपुगेका पाइन्छन्। आर्यसभ्यता एवम् संस्कृतिसँगको सम्पर्कले गर्दा यहाँ रहेका 'नेपार' वा नेवारहरुमा पनि राष्ट्रिय भावनाको विकास भई यस क्षेत्रमा एउटा विशिष्ट किसिमको सभ्यता एवम् संस्कृतिको उत्थान हुने वातावरण बनेको थियो। यसै सभ्यता तथा संस्कृतिको संयोगबाट नै 'नेपाल' नामक एउटा स्वतन्त्र राष्ट्रको निर्माण हुन आएको र यहाँ किराँतकालीन राज्यव्यस्थाको आरम्भ पनि यिनैताक भएको सङ्केत पाइन्छ। यहाँको प्रारम्भिक किराँत राज्य लोकतन्त्रात्मक राज्यका रुपमा थियो भन्नेमा कुनै पनि सन्देह छैन। छिमेकको भारतमा यिनताक लोकतन्त्रात्मक गणराज्यहरु विकसित भएर रहेकाले लोकतन्त्रात्मक राज्यहरुको छिमेकमा राजतन्त्रात्मक राज्य स्थापना हुनु सम्भव छैन।

भारतीय सभ्यता एवम् संस्कृतिको सम्पर्कमा आएपछि वर्तमान काठमाडौं उपत्यकामा आबाद 'नेपार' वा नेवारहरुले पनि एउटा स्वतन्त्र राज्यसंस्थाको गठन गरेको सङ्केत पाइन्छ। यो किराँत राज्य सुरूसुरूमा वर्तमान काठमाडौं उपत्यका तथा यसको आसपासको क्षेत्रमा मात्र सीमित हुँदो हो। तर किराँतवर्गका 'नेपार' वा नेवारहरु आबाद

भएर रहेका यस उपत्यकाभन्दा बाहिरका अन्य भूभाग पनि चाँडै यस राज्यमा सम्मिलित हुन आएका थिए होलान्।

किराँतहरु को थिए? यो पनि जिज्ञासाको नै विषय छ। आग्नेयदेशी भाषा परिवारको भाषा बोल्ने एक थरी जाति जुगानुजुगदेखि वर्तमान काठमाडौं उपत्यकालगायत यस क्षेत्रका पहाडी भूभागका साथै तराईका समतल मैदानमा पनि आबाद भएर रहँदै आएको पाइन्छ। दक्षिणपूर्वमा अस्ट्रेलियादेखि एसियासम्म नै आबाद रहेको पाइने हुनाले यस जातिसमूहलाई अहिलेको भाषा वैज्ञानिकहरुले 'अस्ट्रो एसियन' भन्ने नाम दिएका छन्। 'अस्ट्रो एसियन'लाई नै अचेल भारतीय भाषाहरुमा 'आग्नेयदेशी' भन्ने चलन प्रचलित छ। पछि आएका आर्यवर्तीय आर्यहरुले यिनीहरुलाई 'किरात' वा 'किराँत' भन्ने नाम दिएका थिए। यिनीहरुले बोल्ने गरेका आग्नेयदेशी भाषापरिवारको भाषा आर्यवर्तीय आर्यहरुका निमित्त 'अव्यक्त' वा दुर्बोध्य भएकाले नै उनीहरुले यस जातिलाई 'किराँत' नाम दिइएको पाइन्छ।

वर्तमान काठमाडौं उपत्यका तथा यसको आसपासका क्षेत्रहरुमा आबाद भएर रहेको किराँतवर्गको विशिष्ट जनसमुदायको खास नाम भने 'नेपार' भएको झलक पाइन्छ। जातिवाचक 'नेपार' शब्दबाट नै यस क्षेत्रको नाम 'नेपाल' भएको र यही 'नेपार' शब्द नै पछि ध्वनि परिवर्तन भएर 'नेवार' बन्न आएको देखिन्छ।

आग्नेयदेशी भाषा परिवारको भाषा बोल्ने यस जातिमा अहिले आर्य परिवारका अनेकौं जात तथा जाति घुलमिल हुन आएका छन्। अहिले यस जातिमा आर्य रक्तको मत्र होइन, आर्यसंस्कृतिको पनि प्राधान्य पाइन्छ। यसैले अचेल 'नेवार' एउटा जातिविशेषको नाम नभएर एउटा विशिष्ट सभ्यता वा संस्कृतिको द्योतक भएर रहेको हुन्छ। जुन जनसमुदायले नेवारी भाषालाई आफ्नो मातृभाषाका रुपमा प्रयोग गर्छ, त्यस जनसमुदायलाई नै अचेल 'नेवार' भनिन्छ। यिनीहरुले बोल्ने गरेको वर्तमान नेवारी भाषा भने यस क्षेत्रका अदिम मूल निवासी नेपार वा नेवारहरुले बोल्ने गरेको आदिम भाषाकै परिष्कृत रुपमा भएकोमा कुनै सन्देह छैन।

लोकतन्त्रात्मक राज्यका रुपमा रहे पनि भारतमा रहेका लोकतन्त्रात्मक राज्यहरु र नेपालमा स्थापित नेपार वा नेवारहरुको लोकतन्त्रात्मक राज्यका बीचमा आकाश तथा जमिनको अन्तर रहेको झलक पाइन्छ। उचनीच तथा छुतअछूत आदि वर्गभेदहरुले भारतमा विकसित त्यति बेलाका लोकतन्त्रात्मक राज्यहरुमा आर्यका रुपमा रहेका ब्राह्मण, क्षत्रीय तथा वैश्यवर्गका नागरिकलाई मात्र नागरिक अधिकारहरु प्राप्त थिए; आर्यभन्दा बाहेकका अन्य जनजाति भने नागरिक अधिकारबाट सर्वथा वञ्चित थिए। यसैले त्यहाँ सच्चा अर्थमा लोकतन्त्रात्मक राज्यव्यवस्था विकसित हुन सकेको थिएन।

जातिभेद, वर्गभेद तथा वर्णभेद पनि नभएकाले नेपालमा स्थापित लोकतन्त्रात्मक किराँत राज्यमा भने यस किसिमको भेदभावको गन्धसम्म पनि थिएन। राज्यका सम्पूर्ण नागरिकलाई समान नागरिक अधिकार प्राप्त थिए। यसैले नेपालमा स्थापित किराँत राज्य सच्चा अर्थमा लोकतन्त्रात्मक राज्यका रुपमा विकसित रहेकाले छिमेकका अन्य सबै लोकतन्त्रात्मक राज्यहरुभन्दा सङ्गठित तथा शक्तिशाली रहेको सङ्केत प्राप्त हुन आएको छ। पछिपछि भने यहाँ किराँतहरुको राजतन्त्रात्मक राज्य पनि सञ्चालित रहेको झलक पाइन्छ। दुवै थरी राज्यव्यवस्था गरी नेपालमा किराँत राज्य लगभग आठ सय वर्षसम्म लगातार चल्दै रहेको सङ्केत पाइन्छ (इपु. ५०० विसं ३००)।

'मूल सर्वास्तिवाद विनयसङ्ग्रह' नामक प्राचीन बौद्धग्रन्थमा महात्मा गौतम बुद्धको जीवनकालसम्म भारतीय व्यापारीहरु व्यापारको सन्दर्भमा नेपालमा आउने तथा जाने गरेका, यस्तै व्यापारीहरुको एउटा समूहमा शरणार्थीका रुपमा आएका आफ्ना परिजनहरुको खोजीमा महात्मा गौतम बुद्धका प्रधान शिष्य 'भदन्त आनन्द' पनि यहाँ आएका, उनले यहाँ ऊन तथा जडीबुटीहरुको व्यापार हुने गरेका मन्डीहरुलाई देखेका, यहाँको हिउँ तथा ढुङ्गैढुङ्गा भएका उबडखाबड जमिनहरुले गर्दा उनका हातखुट्टा छियाछिया भएर फुटेका र यिनको यस्तो दुर्दशालाई देखेर महात्मा गौतम बुद्धले आफ्ना शिष्यलाई शरीर रक्षाका निमित्त जुत्ताहरुको प्रयोग गर्न पाउने अधिकार प्रदान गरेको उपाख्यानलाई विस्तारपूर्वक चर्चा गरिएको पाइन्छ।

यस उपाख्यानबाट महात्मा गौतम बुद्धको जीवनकालमा वर्तमान काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रहरुमा स्थापित किराँत राज्य भेडाको ऊन, जडीबुटी, वन्यजन्तुका छाला तथा बिल्लोर आदि कच्चा पदार्थहरुको खरिद तथा बिक्री पनि हुने व्यापार केन्द्रका रुपमा विकसित थियो भन्ने स्पष्टै देखिएको छ।

यस घटनाको चार सय वर्षजतिपछि लेखिएको आचार्य कौटिल्यको अर्थशास्त्रमा पनि तिनताक नेपालबाट उत्तरी भारतका सहरहरुमा बिक्री हुन जाने नरम, मिहिन, सुन्दर, रङ्गीन तथा बुट्टेदार अनेकौं किसिमका ऊनी कपडाको उल्लेख पाइन्छ। यसबाट महात्मा गौतम बुद्धको जीवनकालमा पशुपालक अवस्थामा रही कच्चा ऊन तथा जडीबुटीहरुको मात्र व्यापार गर्ने यहाँका किराँतवर्गका नेपार वा नेवारहरु आचार्य कौटिल्यको समयसम्ममा मिहिन तथा कलात्मक अनेकौं किसिमका ऊनी कपडा तयार पार्न सक्ने कुशल वस्त्रकारका रुपमा परिणत भइसकेका पाइन्छन्।

किराँतकालिक नेपाल राज्यबारे विशेष विवरण उपलब्ध छैनन्। 'गोपाल राजवंशावली' तथा अन्य नेपाली वंशावलीहरुमा पनि किराँतकालका 'यलम्ब', 'पवि' तथा 'विलम्ब' आदि अनेकौं किराँत राजाको नाम तथा तिनका राज्यकाल पनि दिइएका पाइन्छन्। तर वंशावलीहरुमा उल्लेख भएका राजाका यी नाम तथा यिनका राज्यकाल पनि अत्युक्तिपूर्ण तथा अतिरञ्जित पनि देखिएका हुँदा त्यति भरपर्दो छैनन्।

किराँतकालको अन्त्य भएलगत्तै सुरू भएको लिच्छविकालका अभिलेखमा पनि किराँतकालिक नेपालबारे खास विवरण उपलब्ध हुन सकेका छैनन्। यसले गर्दा नेपालको इतिहासमा किराँतकाल अन्धकारपूर्ण पाइन्छ। तैपनि लिच्छविकालका शिलालेखहरुमा किराँतकालबारे केही धमिला प्रकाश भने अवश्य पनि प्राप्त गर्न सकिन्छ। लिच्छविकालका शिलालेखहरुमा पाइने, तिनताक यस क्षेत्रमा विकसित भएर रहेका प्रायः सबै गाउँठाउँका नाम र कार्यालय तथा शुल्क र तिराका नाम पनि आर्येतर भाषाका मात्र पाइने भएकाले यी सबै गाउँठाउँ यहाँ किराँतकालमै आबाद भएका र

उल्लेख भएका कार्यालय तथा शुल्क पनि यहाँ त्यसै समयदेखि यहाँ प्रचलित थिए भन्ने प्रमाणित हुन आएको छ।

उदाहरणका रुपमा 'कुर्पासी' (वर्तमान खोपासी), 'खोपृङ' (वर्तमान खोप, अर्थात् भक्तपुर सहर), 'थम्बू' (वर्तमान ठैब), 'बुगायामी' (वर्तमान बुङ्गती), 'लेम्बटी' (वर्तमान लेले) र 'शङ्खा' (वर्तमान साँगा) आदि लिच्छविकालका अभिलेखमा पाइने अनेकौं नामलाई अगाडि सार्न सकिन्छ। 'जोजोडिङ', 'दुप्रङ', 'वेम्पा', 'माखोपृङ' तथा 'हुस्प्रिङ' आदि गाउँ पनि यहाँ किराँतकालमै आबाद भइसकेका पाइन्छन्।

यस्तै 'कुथेर', 'शोल्ल', 'लिङ्ग्वल' तथा 'माप्चोक' आदि अधिकरण अर्थात् कार्यालय र 'झट्ट', 'पिटाल्ज' तथा 'विस्टि' आदि शुल्क वा तिरा पनि किराँतकालदेखि नै यहाँ प्रचलित छन्। यी सबै आर्येतर भाषाका नाम भएकामा कुनै पनि सन्देह छैन। यसबाट किराँतकालको अन्त्यसम्ममा यहाँ सामाजिक, राजनीतिक, आर्थिक तथा प्रशासनिक व्यवस्था पनि निकै सुदृढ भइसकेका थिए भन्ने स्पष्ट छ।

वर्तमान काठमाडौं सहरको विकास किराँतकालको आरम्भदेखि नै हुन थालिसकेको सङ्केत पाइन्छ। यस सहरको पुरानो नाउँ 'कोलि' थियो। 'कोलि' शब्द अज्ञात अर्थ भएको किराँत भाषाकै शब्द भएकोमा कुनै पनि सन्देह छैन। एउटा सामान्य गाउँका रुपमा विकसित हुन थालेको यस गाउँलाई पछि लिच्छविहरुले 'कोलिग्राम' भन्ने नाम दिएका थिए। अझै पछि यसै गाउँको बगलमा अर्को गाउँको पनि विकास भएको र कोलिग्रामभन्दा दक्षिणतर्फ रहेकाले होला? यो गाउँ पछि 'दक्षिण कोलिग्राम'का नामले प्रसिद्ध पाइन्छ। लिच्छविहरुको पुरानो राजधानी दक्षिण कोलिग्राममै थियो। वर्तमान काठमाडौं सहरको दक्षिणी भाग तिनताक 'दक्षिण कोलिग्राम'का नामले प्रसिद्ध थियो। यस गाउँका प्राचीन मूल निवासीहरु अचेल आफूलाई 'डँग्वल' वा 'डङ्गोल' भनाउमा गर्व गर्छन्।

१.२ नेपालमा आर्यसभ्यताको प्रारम्भ

जुन समयमा नेपालमा 'नेपार' वा नेवारहरुको किराँतकालीन राज्यव्यवस्था सुरू भइरहेको थियो, त्यसै समयमा आजभन्दा २५ सय वर्षभन्दा केही पहिले वर्तमान मध्यपश्चिमी नेपालका तराई क्षेत्रहरुमा 'शाक्य'हरुको गणतन्त्रात्मक राज्य पनि आफ्नो प्रसिद्धिको शिखरमा थियो। त्यस राज्यको राजधानी कपिलवस्तुको नामले प्रसिद्ध थियो। 'शुद्धोदन' त्यस गणराज्यका निर्वाचित राजा थिए। शुद्धोदनका छोराका रुपमा 'मायादेवी'को गर्भबाट सिद्धार्थ गौतमको जन्म भएको मानिन्छ। यिनै सिद्धार्थ पछि आएर 'महात्मा गौतम बुद्ध'का नामले प्रसिद्ध हुन आए।

महात्मा गौतम बुद्धले जुन समयमा उत्तरी भारतमा आफ्ना अमरवाणीद्वारा आफ्ना अनुयायीलाई कृतकृत्य तुल्याइदिएका थिए, लगभग त्यसै समयमा उत्तरी चीनमा महात्मा कन्फ्युसियसले र दक्षिणी चीनमा महात्मा लाचो चेले पनि लगभग एकै समयमा आआफ्ना अमरवाणीद्वारा चिनियाँ नागरिकका जीवनलाई शान्तमय तुल्याइरहेका थिए। उता भारतमा महात्मा गौतम बुद्धको निर्वाण हुँदा वा नहुँदा नै 'वृज्जि' तथा 'मल्ल' नामक लोकतन्त्रात्मक राज्यहरुलाई मगधराज अजातशत्रुले आफ्नो राज्यमा मिलाइदिँदा त्यसको असर परी वर्तमान काठमाडौं उपत्यका तथा यस आसपासमा फैलिएको लोकतन्त्रात्मक किराँतराज्य पनि यसै समयदेखि राजतन्त्रात्मक राज्यका रुपमा परिणत हुन आएको झलक पाइन्छ।

नेपालमा सभ्यताको आरम्भ इपु. ७०० आसपासमा भएको चर्चा माथि पनि भइसकेको छ। भारतीय वाङ्मय भने 'नेपाल' शब्दको पहिलो उल्लेख इपु. तेस्रो

शताब्दीमा रचना भएको आचार्य कौटिल्यको अर्थशास्त्र नामक संस्कृत ग्रन्थमा मात्र पाइन्छ। आचार्य कौटिल्य मूल रुपमा भारतको पन्जाब क्षेत्रका नागरिक थिए। तर यिनले आफ्नो अर्थशास्त्रको रचना 'मगध' राज्यको राजधानी पाटलीपुत्र (वर्तमान पटना)मा बसेर गरेका थिए। यसैले आफ्नो उपर्युक्त ग्रन्थको रचना गर्दा स्थानवाचक नामलाई त्यति बेला पाटलीपुत्रमा प्रचलनमा रहेको मागधीवर्गको प्राकृत भाषाबाट नै ग्रहण गर्न यिनी विवश भएका पाइन्छन्।

मागधीवर्गको प्राकृत भाषामा 'र' अर्थात् रेफ वर्णको उच्चारण हुँदैनथ्यो। रेफ वर्णको बदलामा 'ल' वर्ण उच्चारण हुने प्रचलन रहेकाले जातिवाचक 'नेपार' शब्दले त्यहीँ देशवाचक भएर 'नेपाल' भन्ने रुप ग्रहण गरेको झलक पाइन्छ। आचार्य कौटिल्यले मगध देशका नागरिकबाट यस देशका निमित्त यही नाम नै सुनेकाले यिनले आफ्नो पुस्तकमा पनि यही नाम नै प्रयोग गरेको देखिएको छ।

महात्मा गौतम बुद्धको निर्वाण भएको तीन सय वर्षजति पछि उत्तरी भारतमा त्यहाँका सुप्रसिद्ध राजा मौर्यसम्राट् अशोक (इपू. २१५–१७५) पनि आफ्नो साम्राज्यको विस्तार गर्ने अभियानहरुबाट तृप्त भएर बौद्ध धर्मको प्रचारप्रसार गर्ने पवित्र काममा दिलो ज्यानले लागिपरेका थिए। तीर्थयात्राका क्रममा यिनी स्वयम् नै महात्मा गौतम बुद्धको जन्मस्थल लुम्बिनी तथा शाक्य गणराज्यको राज्यको प्राचीन राजधानी कपिलवस्तुमा पनि आइपुगेका पाइन्छन्। यिनले आफ्ना राज्यक्षेत्रहरुमा मात्र होइन, भारतका आफ्नो साम्राज्यभन्दा बाहिरका अन्य स्वतन्त्र राज्यहरुमा र भारतभन्दा बाहिर रहेका अन्य सभ्य राज्यहरुमा पनि बौद्ध धर्मको प्रचारप्रसार पनि जोडदार रुपमा सञ्चालन गर्ने कार्यक्रमलाई सञ्चालन गरिरहेका थिए। यिनको यसै अभियानअनुसार यिनकै राज्यकालमा दक्षिणी भारतमा रहेका 'चोल', 'पाण्ड्य', 'सातीयपुत्र' र 'केरलपुत्र' आदि त्यहाँका स्वतन्त्र राज्यहरुमा र 'ताम्रपर्णी' अर्थात् वर्तमान श्रीलङ्कामा पनि यिनका धर्मदूतहरु धमाधम पुग्न थालेका थिए।

यसै क्रममा यिनका धर्मदूतहरु हिमालय क्षेत्रमा, वर्तमान नेपालमा पनि आइपुगेका पाइन्छन्। आचार्य 'मज्झिम' तथा यिनका सहयोगीहरुका रुपमा 'कास्सपगोत्त', 'दुन्दुभीसर', 'सहदेव' तथा 'मूलकदेव'हरु यसै समयमा नेपाल आएका थिए। यस समयको राजतन्त्रात्मक किराँत राज्य वर्तमान काठमाडौं उपत्यका तथा आसपासको क्षेत्रमा सम्भवतः त्रिशूली तथा सुनकोसी नदीको बीचमा मात्र सीमित रहेका र यस क्षेत्रमा रहेका अधिकांश निवासीले सम्राट् अशोकद्वारा पठाइएका धर्मदूतहरुलाई सहर्ष स्वागत गरेको र बौद्ध धर्मको प्रचारप्रसार पनि यहाँ यसै समयदेखि हुन थालेका सङ्केत प्राप्त छन्।

दक्षिणी भारतमा रहेका 'चोल', 'पाण्ड्य', 'सातीयपुत्र' र 'करेलपुत्र' आदि स्वतन्त्र राज्यले र वर्तमान श्रीलङ्काका नागरिकले पनि सर्वप्रथम यसै समयमा बौद्ध धर्मका सन्देशलाई आदरपूर्वक स्विकारेका थिए। पश्चिममा सभ्य देशहरु यिनताक सिरिया, मिश्र र ग्रिसका यवन राज्यहरु विशेष प्रसिद्ध थिए। मगध समाट् अशोकद्वारा पठाइएका धर्मदूतहरु यी राज्यहरुमा पनि यसै समयमा पुगेका पाइन्छन् तर हिमालय क्षेत्रमै पनि किराँतवर्गकै नेपार वा नेवारहरुभन्दा बाहेकका अन्य शाखाप्रशाखामा भने यति बेला पनि बौद्ध धर्मको प्रचारप्रसार हुन सकेको देखिँदैन।

बौद्ध धर्मको प्रचारप्रसार गर्ने क्रममा आचार्य 'मज्झिम' जुन समयमा नेपाल आएका थिए, त्यसै समयमा भारतका त्यति बेलाका बौद्ध धर्मका अर्का प्रसिद्ध विद्वान् आचार्य 'मज्झिन्तिक' पनि गान्धार तथा काश्मीरमा यस्तै काममा सक्रिय थिए। यसरी सम्राट् अशोकको समयदेखि नै उत्तरी तथा पश्चिमी भारतमा बौद्ध धर्मको प्रचारप्रसार पनि प्रारम्भ भइसकेकाले 'ऋषिक' राजा 'कुजुल कदफिसस' वा 'कुषाण'लाई त्यस क्षेत्रमा आर्यसभ्यता तथा संस्कृतिको प्रचारप्रसार पनि गराउनमा खास कठिनाइ परेको थिएन।

कुजुल कदफिसका उत्तराधिकारी सम्राट् कनिष्क (बिम कदफिसका छोरा)को राज्यकालसम्ममा ऋषिक साम्राज्य पश्चिममा भारतवर्षको पश्चिमोत्तरमा वर्तमान मध्य एसियादेखि पूर्वमा आर्यावर्तको वाराणसी नगरीसम्म नै फैलिन आइपुगेको थियो।

यिनको यही साम्राज्य केही समयपछि वर्तमान बिहार प्रदेशसम्म पनि फैलिन आइपुग्दा नवआगन्तुक ऋषिक राजाहरुको कठोर प्रशासनदेखि त्रस्त भई त्यस क्षेत्रमा आबाद रहेका वृज्जि गणराज्यका निवासीहरुले यसै समयदेखि शरणार्थीका रुपमा वर्तमान नेपालभित्र प्रवेश गर्न आरम्भ गरेको सङ्केत पाइन्छ।

वर्तमान भारतको उत्तरी बिहारमा 'वृज्जि' नामक एउटा लोकतन्त्रात्मक राज्य थियो भन्ने चर्चा माथि भइसकेको छ। यस गणराज्यभित्र 'लच्छिवि', विदेह' तथा 'ज्ञातृक' आदि ससाना अनेकौं जनपद वा राज्य सङ्गठित थिए। लिच्छवि जनपदको राजधानी 'वैशाली'को नामले प्रसिद्ध थियो। नेपालमा आएका लिच्छविहरु यसै जनपदबाट आएका देखिन्छन्।

जुन समयमा कुषाण सम्राट् विम कदफिसस तथा यिनका उत्तराधिकारी सम्राट् कनिष्क पनि आफ्ना विजयपतकाहरु फहराउँदै वर्तमान उत्तरी बिहारसम्म आफ्नो राज्यक्षेत्र विस्तार गर्न आइपुगेका थिए, त्यसै बेला नवआगन्तुक विदेशी आक्रान्ताहरुको कठोरतम प्रशासनलाई खप्न नसकी उत्तरी बिहारमा रहेका अनेकौं भारतीय नागरिक शरणार्थीका रुपमा नेपालमा आएका, तिनीहरुमध्ये धेरैजसो पछि, शान्ति स्थापना भइसकेपछि त्यहीँ फर्किएर गएका र केही भने यहीँ स्थायी रुपमा रहन थालेको झलक पाइन्छ (विक्रम संवत्को आरम्भताक)।

यस घटनाको केही समयपछि जुन समयमा वैशालीमा लिच्छवि राजसत्ताको पुनरूत्थान भइरहेको थियो, नवस्वातन्त्र्यको उत्साह तथा उमङ्गले भरपूर भएका केही लिच्छविहरु 'विदेह' अर्थात् मिथिलाको बाटो हुँदै कमला नदीको किनारैकिनार उत्तरतर्फ लागेर महाभारत पर्वतमालालाई पार गरी पहाडी क्षेत्रहरुमा उक्लिएर वर्तमान काठमाडौं उपत्यकामा आइपुगेका र क्रमशः यहाँका किराँतवर्गमा नेपार वा नेवारहरुका बस्तीहरुमा फैलिन थालेको सङ्केत प्राप्त भएका छन्।

विदेह जनपदमा भएर आउँदा लिच्छविहरुका साथ यस जनपदमा रहेका नागरिक पनि अवश्य पनि आएका थिए होलान्। लिच्छवि जनपदमा क्षत्रीयहरुको प्राधान्य रहे जस्तै विदेह जनपदमा ब्राह्मणको प्राधान्य थियो। यिनीहरु यहाँ आउँदा यिनीहरुका साथमा लिच्छवि तथा विदेह जनपदका व्यापारी, धोबी, तेली, चमार तथा डुम पनि आएका थिए होलान्। यी सबै जाति यहाँ आएर यहींका समाजहरुमा घुलमिल भएर रहन थालेका देखिन्छन्। यस प्रकार जाति व्यवस्था, वर्ण व्यवस्था तथा आश्रम व्यवस्थाको प्रवेश पनि नेपालमा सर्वप्रथम यसै समयदेखि भएको आभास पाइन्छ। यसभन्दा पहिले यहाँ जाति व्यवस्था, वर्ण व्यवस्था तथा आश्रम व्यवस्थाहरु प्रचलित रहेको कुनै पनि सङ्केत प्राप्त हुन सकेको छैन।

यिनताकसम्ममा वर्तमान काठमाडौं उपत्यकाभित्र आबाद भएर रहेका किराँतवर्गका अधिकांश नेपार वा नेवार बौद्ध धर्ममा दीक्षित भइसकेका थिए र यिनीहरुको उत्तरी भारतका सहरहरुमा आवतजावत पनि चल्न सुरू भइसकेको थियो। यसैले लिच्छवि तथा विदेहहरुलाई नेपालमा आउन प्रेरित गर्नुमा यिनीहरुको नै प्रमुख हात रहेको पाइन्छ।

नयाँ आएका लिच्छवि तथा विदेहहरु किराँतवर्गका नेपार वा नेवारहरुले बोल्ने गरेको यहाँको स्थानीय बोलीलाई बुझ्दैनथे। यसैले सुरूसुरूमा त पहिलेदेखि नै यहाँ स्थायी रुपमा बस्दै आएकादनुवार वा कुमालहरुलाई नै मध्यस्थ बनाएर यिनीहरुले आफ्ना व्यवहार चलाए होलान्। पहिलेदेखि नै यहाँ आएर स्थायी रुपमा बसिसकेका अन्य भारतीय नागरिकबाट पनि यति बेला यिनीहरुलाई आवश्यक सहयोग मिलेको झलक पाइन्छ।

लिच्छवि तथा विदेहहरु एउटै समय तथा एउटै जमातमा नआएर धेरै समय लगाएर ससाना जमातमा आइरहेका थिए। यसैले किराँतवर्गका नेपार वा नेवारहरुको बोलवाला रहेको वर्तमान काठमाडौं उपत्यकामा यिनीहरुको भाषा, वेशभूषा तथा रीतिरिवाज पनि यथावत् चल्दै रहनु सम्भव थिएन। यसैले आफ्नो सांस्कृतिक तथा साहित्यिक भाषा संस्कृतलाई येनकेन जोगाइरहे पनि सामान्य बोलीचालीमा प्रयोग हुँदै आएको आफ्नो

प्राकृत भाषालाई भने यिनीहरुले जोगाउन सकेनन्। फलतः यिनीहरुको रहनसहन, खानपिन तथा रीतिरिवाजलाई पनि अपनाउन बाध्य हुनुपरेको पाइन्छ।

यसबाट रुपरङ तथा आफ्ना अन्य सांस्कृतिक विशेषताले गर्दा आर्य नै भए पनि बोलीचाली तथा आचार व्यवहारले गर्दा भने किराँत नै बन्न आई नेपाल आइपुगेका लिच्छवि तथा विदेहहरु यथार्थमा नेवारहरुका रुपमा परिणत हुन आइपुगेका पाइन्छन्।

यस प्रकार यहाँका मूल निवासी किराँतवर्गका नेपार वा नेवारहरुसँग घुलमिल हुन आउँदा आर्यावर्तमा रहेका भारतीय आर्यहरुले नेपालमा आइपुगेका लिच्छवि तथा विदेह आदि भारतीय मूलका नागरिकलाई सामाजिक रुपमा हेय तथा तिरस्कृत पनि सम्झनु स्वाभाविकै थियो, भयो पनि यस्तै नै। यसैले उनीहरुले यति बेला नेपाललाई 'प्रत्यन्त देश' वा 'म्लेच्छ देश'का रुपमा गणना गर्न थालेका थिए। नेपालमा आइपुगेका लिच्छवि तथा विदेहहरुले बोल्ने गरेको बोली तथा यिनीहरुले आत्मसात् गरेका किराँतवर्गका नेपार वा नेवारका रीतिरिवाज तथा खानपान नै तिरस्कारको प्रमुख कारण देखिन्छ। यिनीहरुले अपनाएको किराँत वार्गको बोलीको विकसित तथा परिष्कृत वर्तमान स्वरुप नै वर्तमान नेवारी भाषा हो भन्नेमा कुनै सन्देह छैन।

यति सबै भएर पनि लिच्छवि जातिमा रहेको आत्मगौरव भने यथावत् थियो। पछि राजसत्तामा आएपछि नेपालका लिच्छवि राजाहरुले आफ्नो राजवंशलाई "चन्द्रमाको कला जस्तै निर्मल र गङ्गा नदीको प्रवाह जस्तै पवित्र" भनी मान्दै आइरहेको पाइन्छ। आर्यवर्तीय आर्यहरुको यसै तिरस्कारले गर्दा नै भौगोलिक भारतभित्र रहे पनि राजनीतिक रुपमा भने भारतबाट अलग्गै रहने प्रवृत्ति नेपाली नागरिकमा यसै समयदेखि विकास हुन थालेको पाइन्छ।

लिच्छवि गणराज्यका निवासीहरुमा लिच्छवि जातिको प्राधान्य थियो। नेपालमा आएर यहाँका स्थानीय नेपार वा नेवारहरुका समाजमा घुलमिल हुन थालेका यिनै

लिच्छविहरुले नै पछि यस घटनाको झन्डै डेढ सय वर्षजति पछि नेपालमा रहेको किराँत राजवंशलाई पन्छाएर यहाँ सर्वप्रथम आर्य राज्यको स्थापना गराएको झलक पाइन्छ।

लोकतन्त्रात्मक राज्य भए पनि भारतमा रहेको लिच्छवि जनपदमा राज्यका प्रमुख प्रशासकका रुपमा 'राजा'को निर्वाचन हुने परम्परा थियो। यस्ता राजाहरु निश्चित अवधिसम्मका निमित्त मात्र निर्वाचित हुने गर्थे। यस्ता राजाहरुका सहयोगीका रुपमा 'अमात्य', 'सेनापति', 'दण्डनायक' आदि उच्चपदस्थ राजकीय पदाधिकारी पनि नियुक्त हुन्थे। यस्ता जनपद वा राज्यमा नागरिकबीच आपसमा सहयोगात्मक भावना रहने गरेकाले यस्ता जनपद राज्यहरु स्वयम् मात्र सम्पन्न नभई यिनीहरुले वृज्जि गणराज्यलाई नै समृद्ध तथा शक्तिशाली पनि तुल्याइदिएका थिए। 'वृज्जि'हरुको सङ्घ राज्यबाट प्रभावित भएर नै महात्मा गौतम बुद्ध सङ्घ व्यवस्थाका पक्षपातीका रुपमा उपस्थित हुन आएका र यसले गर्दा नै 'बुद्ध' तथा 'धर्म'का साथै सङ्घ व्यवस्था पनि बुद्ध धर्मको अभिन्न अङ्गका रुपमा स्थापित हुन आएको थियो। यसैले त "बुद्धं शरणं गच्छामि", "धर्मं शरणं गच्छामि" र "सङ्घं शरणं गच्छामि" बुद्ध धर्मका मूल मन्त्र बन्न आएका थिए।

नेपालमा लिच्छवि राज्यको स्थापना कहिले भएको थियो होला? यो पनि एउटा जिज्ञासाको नै विषय छ। लिच्छवि राजा जयदेव (द्वितीय)को पशुपति मन्दिरको प्राङ्गणमा रहेको विसं ७९० (संवत् १५७) को सुप्रसिद्ध शिलालेख नै अहिलेलाई यस प्रश्नको उत्तर दिन सक्ने एउटै मात्र प्रामाणिक साधनका रुपमा उपस्थित छ। उपर्युक्त शिलालेखअनुसार लिच्छवि राजवंशमा प्रारम्भमा 'जयदेव' नामका राजा भएका थिए। यिनी नै नेपालमा लिच्छवि राज्यका संस्थापक राजाका रुपमा देखिन आएका छन्। तर यिनी निर्वाचित राजा भएको झलक पाइन्छ। राजा जयदेव (प्रथम)पछि पनि लिच्छवि पिरवारमध्येबाट नै राजाको निर्वाचन हुने प्रचलन पाइन्छ। यसैले राजा जयदेव (प्रथम)ले स्थापना गराएको लिच्छवि राज्य पनि प्रारम्भमा लोकतन्त्रात्मक राज्यका रुपमा रहेको सङ्केत प्राप्त हुन आएको छ।

लोकतन्त्रात्मक लिच्छविकालमा राजा जयदेव (प्रथम)पछि बीचमा १२ जना राजा भएर चौधौं राजाका रुपमा 'वृषदेव' लिच्छवि राज्यको राजसिंहासनमा विराजमान हुन आएका थिए। यिनी पनि निर्वाचित राजा नै थिए। साथै बौद्ध धर्मका अनुयायी पनि थिए। उता भारतमा 'ऋषिक' राजवंश नष्ट भएपछि त्यसैले खण्डहरमा उत्थान भएका ससाना राज्यहरुलाई समेटेर सम्राट् समुद्र गुप्तले एउटा शक्तिशाली गुप्त साम्राज्यको स्थापना गर्दा नेपालको राजसत्ता आइपुगेका लिच्छविहरुले पनि आफ्नो राजनीतिक प्रभावलाई सुदृढ पार्न वर्तमान काठमाडौं उपत्यकाभन्दा बाहिर रहेका किराँतवर्गकै अन्य शाखाप्रशाखाका आबादीसम्म फैलिई आफ्नो राज्यक्षेत्रलाई विस्तार गराएर नेपालमा रहेको लिच्छवि राज्यलाई निकै सबल, सङ्गठित तथा शक्तिशाली पनि बनाइदिएको पाइन्छ।

भारतका शक्तिशाली गुप्त राजाहरु लोकतन्त्रात्मक राज्य व्यवस्थाका विरोधी त छँदै थिए, साथै यिनीहरु बौद्ध धर्मको विरोधीका रुपमा पनि उपस्थित थिए। पौराणिक सम्प्रदायका पक्षपाती गुप्त राजाहरुको राजनीतिक प्रभावबाट मुक्त हुन नेपालमा रहेका लिच्छवि राज्यका राजा वृषदेवले आफ्नो लोकतन्त्रात्मक राज्यलाई राजतन्त्रात्मक राज्यका रुपमा परिणत गराइदिएका थिए। यतिले मात्र नपुगी राजतन्त्रात्मक राज्यलाई सुरक्षित तथा सुव्यवस्थित पार्न यिनले आफूले परम्परादेखि मान्दै आएको बौद्ध धर्म परित्याग गरी आफ्ना जेठा छोरा राजकुमार शङ्करदेवलाई सनातन धर्मको पौराणिक सम्प्रदायमा दीक्षित गराई आफ्ना उत्तराधिकारी एवम् युवराज घोषित गराइदिएको स्पष्ट छ। यसैले राजतन्त्रात्मक लिच्छवि राज्यका पहिला राजा हुनुका साथै सनातन धर्मावलम्बी पहिला नेपाली राजा पनि शङ्करदेव नै देखिएका छन्। यथार्थमा राजधर्मका रुपमा यसपछि मात्र नेपालमा सनातन धर्मको पौराणिक सम्प्रदायको जोडदार रुपमा प्रचारप्रसार पनि हुन थालेको पाइन्छ।

राजा जयदेव (द्वितीय)ले आफ्नो उपर्युक्त शिलालेखमा राजा वृषदेवलाई "बौद्ध धर्ममा आस्था राख्ने असल राजा थिए" भनेका छन्। राजा मानदेव (प्रथम)ले पनि चाँगुमा

रहेको आफ्नो स्तम्भलेखमा यिनलाई “उत्तम नीति, प्रताप तथा वैभवहरुद्वारा लडाइँझगडा कम गर्ने र आफूले बोलेका कुरा पुऱ्याउने अनुपम राजा थिए” भनी लेखेका छन्। उपर्युक्त भनाइहरुबाट यिनी निकै दह्रिला राजा थिए भन्ने प्रमाणित हुन आएको छ।

यिनका छोरा पनि एक से एक योग्य पाइन्छन्। मानदेव (प्रथम)को उपर्युक्त स्तम्भलेखमै “राम्रोसँग अनुशासनमा राखिएका आफ्ना योग्ययोग्य छोराहरुले गर्दा राजा वृषदेव शोभायमान थिए” भनिएको छ। आफ्ना छोराहरुको सहयोगले गर्दा यिनी नेपालमा राजतन्त्रात्मक लिच्छवि राज्य सञ्चालन गर्न सफल भएका पाइन्छन्।

राजा वृषदेवका उत्तराधिकारीका रुपमा विसं ४९२ को आसपासमा युवराज शङ्करदेव नेपाल राज्यको राजसिंहासनमा विराजमान हुन आएका देखिन्छन्। राजा मानदेव (प्रथम)ले आफ्नो उपर्युक्त स्तम्भलेखमा यिनलाई “राज्यको विस्तार गराउने, लडाइँमा शत्रुहरुद्वारा हराउन नसकिएका, तेजिला तथा अनुपम राजा” भनी उल्लेख गरेका छन्।

राजा शङ्करदेवपछि यिनका उत्तराधिकारीका रुपमा विसं ५०७ मा यिनमा छोरा युवराज धर्मदेवले लिच्छवि राज्यको राजमुकुट धारण गरेको पाइन्छ। राजा मानदेव (प्रथम)ले आफ्नो उपर्युक्त स्तम्भलेखमा यिनलाई “अर्थविद्, धर्मात्मा, अनुशासनप्रिय र उत्तम गुणहरु भएका राजा थिए” भनी उल्लेख गराएका छन्। साथै “कुलक्रमबाट आएको आफ्नो राज्यलाई यिनले केही विस्तार गराएका थिए” भन्ने पनि उपर्युक्त स्तम्भलेखमै उल्लेख पाइन्छ।

राजा धर्मदेवको देहान्त पनि अत्यन्त नै रहस्यमय छ। राजा मानदेव (प्रथम)ले आफ्नो स्तम्भलेखमा यिनको देहान्तलाई “बगैंचाको घुमाइ जस्तो” भनेका छन्। उपर्युक्त स्तम्भलेखअनुसार “यिनकी महारानी राज्यवती जुन समयमा आफ्ना देवीदेवताको पूजाआराधनामा व्यस्त थिइन्, त्यसै समयमा यिनले आफ्ना पतिसँग वियोग भएको दुःखदायी समाचार सुन्नुपरेको थियो। यसबाट राजा धर्मदेवको देहावसान आकस्मिक रुपमा भएको देखिएको छ।

राजा धर्मदेवको देहावसान आफ्नै कालगतिअनुसार भएको हो वा यिनको सरल तथा शान्त स्वभावबाट लाभ उठाई यिनको अधीनमा रहेको कुनै सामन्त राजाले यिनको हत्या गराएका हुन्? निश्चित रुपले केही पनि भन्न सकिँदैन तापनि तात्कालिक वस्तुस्थितिमाथि विचार गर्दा दोस्रो विकल्पको नै बढी सम्भावना पाइन्छ। जेहोस्, राजा धर्मदेवको असामयिक देहान्तपछि यिनको यशस्वी छोरा युवराज मानदेव (प्रथम) आफ्नो कलिलो उमेरमै लिच्छवि राज्यको राजसिंहासनमा विराजमान हुन आइपुगेका पाइन्छन् (विसं ५२२)।

१.३ राजा मानदेव तथा यिनका उत्तराधिकारी

राजा धर्मदेवको देहान्त हुनेबित्तिकै नवयुवक राजा मानदेवलाई शक्तिहीन एवम् कम उमेर भएको अनुभव गरी प्रारम्भमा लिच्छवि राज्यको आश्रयमा रहेका पूर्व तथा पश्चिमका प्रायः सबैजसो सामन्त राजाले एकै पटक यिनको विरूद्धमा सशक्त विद्रोह गरिदिए। तर यिनले आफ्नी आमा राज्यवतीको सहयोग तथा आफ्नै सुझबुझ तथा पराक्रमले गर्दा आफ्ना सबै विद्रोही सामन्त राजाहरुको दमन गरी आफ्नो राज्यलाई अझै सङ्गठित तथा शक्तिसम्पन्न पनि तुल्याइदिएको देखिएको छ।

यसै क्रममा यिनले नजिकमा रहेका आफ्ना अन्य सबै विद्रोही सामन्त राजाहरुलाई त सहज रुपमै दमन गरिदिएका थिए। तर गण्डकी नदीभन्दा पारिपट्टि रहेको 'मल्लपुरी' नामक एउटा सानो राज्यका सामन्त राजाले भने यिनको आधिपत्यमा रहिरहनका निमित्त सहसा अस्वीकार गरिदिए। राजा मानदेवले पहिले त आफ्ना दूतहरु पठाई मल्लपुरीका सामन्त राजाहरुलाई सम्झाइबुझाई गर्ने नै सम्भव प्रयास गरेका थिए। तर आफ्नो यो प्रयास असफल भएपछि सेनापति भएर गएका आफ्ना मामाको सहयोगले मल्लपुरीका सामन्त राजालाई पनि आफ्नो नियन्त्रणमा ल्याईछाडे।

आफ्नो विजयजात्रा सम्पन्न भएपछि राजधानीमा फर्किएर आएका राजा मानदेवले प्रसन्न भएर आफ्नी स्नेहमयी माता राज्यवतीलाई साथमा लिई एउटा भव्य विजयोत्सव मनाएका थिए। आफ्नो विजययात्रा सफल भएको खुसीयालीमा यिनले चाँगुमा रहेका 'दोलाद्रिशिखर स्वामी' अर्थात् चाँगुनारायणको पूजाआराधना गरेका र ब्राह्मणहरुलाई दानदक्षिणा पनि वितरण गरेका थिए। यस खुसीयालीमा यिनले आफ्नी आमा

राज्यवतीका तर्फबाट पनि ब्राह्मणहरुलाई प्रशस्त दानदक्षिणा दिलाएका थिए। यसै विजयोत्सवको स्मारकस्वरुप यिनले चाँगुनारायणका मन्दिरअगाडि एउटा कीर्तिस्तम्भ पनि स्थापना गराएका थिए। यस कीर्तिस्तम्भमा उत्कीर्ण भएको संस्कृत अभिलेखमा उपर्युक्त विजययात्राको वर्णन विस्तारपूर्वक रोचक ढङ्गमा प्रस्तुत गरिएको पाइन्छ।

यो घटना घटेको पुगनपुग दुई वर्षपछि विसं ५२३ को आसपासमा महारानी राज्यवतीको पनि देहान्त भएको पाइन्छ। आफ्नी आमाको पुण्यवृद्धिका निमित्त यिनले विसं ५२४ को वैशाखमा पशुपति मन्दिरको नजिकमा र लाजिम्पाटमा पनि एकएक ओटा सुन्दर मन्दिर बनाई दुवै मन्दिरमा एकै किसिमका भगवान् 'त्रिविक्रम' अर्थात् वामन नारायणका मूर्ति स्थापना गराइदिएको पाइन्छ।

राजा मानदेव (प्रथम)की 'भोगिनी' नामकी मुख्य रानी थिइन्। यिनै महारानीका तर्फबाट यिनका उत्तराधिकारी एवम् छोरा युवराज महीदेवको जन्म भएको पाइन्छ। राजा मानदेवको 'क्षेमसुन्दरी' तथा 'गुणवती' नाम भएका अन्य दुइटी रानी पनि थिए। लिच्छवि राजाहरुमा राजा मानदेव (प्रथम) निकै सुयोग्य राजाका रुपमा उपस्थित भएका पाइन्छन्। यिनको राज्यकालमा राजकीय धर्मका रुपमा सनातन हिन्दू धर्मले नेपालमा फुल्ने तथा फल्ने पनि अवसर पाएको थियो। सनातन धर्मका शैव तथा वैष्णव दुवै सम्प्रदायलाई यिनले समान रुपमा श्रद्धा गर्दै बौद्ध धर्मप्रति पनि यिनको उत्तिकै आस्था थियो। यिनको राज्यकाल नेपालमा लिच्छविहरुको निकै सुव्यवस्थित प्रशासनकालका रुपमा रहेको पाइन्छ। लगभग ४२ वर्षजति राज्यभार वहन गरी विसं ५६३ को आसपासमा यिनको देहान्त भयो।

राजा मानदेव (प्रथम)को देहान्तपछि यिनका छोरा युवराज 'महीदेव' नेपाल अधिराज्यको राजसिंहासनमा विराजमान भएका पाइन्छन्। यिनको राज्यकाल जनिएका तात्कालिक शिलालेख प्राप्त हुन सकिरहेका छैनन्। तर राजा जयदेव (द्वितीय)को पशुपतिको प्राङ्गणमा रहेको सुप्रसिद्ध शिलालेखमा मानदेव (प्रथम) पछि युवराज महीदेव राजा भएको स्पष्ट रुपमै उल्लेख छ। तर यिनको राज्यकाल केही महिनाको मात्र थियो।

विसं ५६२ को असारसम्मका राजा मानदेव (प्रथम)को राज्यकाल जनिएका शिलालेखहरु उपलब्ध रहेका छन्। यसको पुगनपुग ८ महिना पछिसम्म पनि यिनी जीवितै रहेको सङ्केत प्राप्त भएको छ। विसं ५६३ को मङ्सिर महिनामा भने नयाँ लिच्छवि राजाका रुपमा राजा वसन्तदेव देखा पर्छन्। यसबाट यसैबीचमा केही महिनासम्म राजा महीदेवको राज्यकाल रहेको थाहा हुन आएको छ।

राजा महीदेवको राज्यकाल किन केही महिनाको मात्र रह्यो, किन चाँडै नै यिनका छोरा 'वसन्तदेव' राजसिंहासनमा विराजमान हुन आए? यस प्रश्नको उत्तर पनि राम्रोसँग खुल्न सकेको छैन। राजा वसन्तदेवको पहिलो शिलालेख नै 'मानगृह' नामक नयाँ निर्माण भएको राजभवनबाट प्रसारित भएको पाइएकाले राजा मानदेव (प्रथम)को राज्यकालमै 'मानगृह' राजभवनको निर्माण भएको देखिएको छ।

उता उत्तरी भारतमा भने यस समयभन्दा केही पहिले गौरवशाली गुप्त साम्राज्यको उत्थान भई त्यसले त्यस क्षेत्रमा आफ्नो विशिष्ट किसिमको रौनकलाई देखाउन सुरू गरिरहेको थियो। यसै स्थितिमा त्यहाँ एकाएक बर्बर हूणहरुको जोडदार आक्रमण हुँदा गुप्त सम्राज्य नै लथालिङ्ग भई त्यहाँको शान्ति एवम् सुव्यवस्था पनि भङ्ग हुन आएको थियो। यसै स्थितिमा गुप्त सम्राट् कुमार गुप्त हूणहरुसँगको लडाइँमा स्वयम् नै मारिँदा यिनका छोरा सम्राट् स्कन्द गुप्तले आफ्नो पूरा शक्ति लगाएर हूणहरुलाई केही समयका निमित्त त भारत भूमिबाट नै भगाइदिएका थिए। तर हूणहरुको आक्रमणको प्रचण्ड आघातले गर्दा त्यहाँ यो साम्राज्य धेरै दिनसम्म टिकेन।

गुप्त सम्राज्यमाथि आइपरेको यस विपत्तिकालमा भारतबाट अनेकौं विद्वान्, साहित्यकार एवम् कलाकारहरु शरणार्थीका रुपमा नेपालमा आइपुगेका देखिन्छन्। यिनै विद्वान्, साहित्यकार तथा कलाकारहरुको सहयोगबाट मानदेव (प्रथम)को राज्यकालदेखि यहाँ संस्कृत भाषामा शिलालेखहरु स्थापना गर्ने प्रचलन सुरू भएको देखिएको छ। मानदेव (प्रथम)ले उत्कीर्ण गराएको उपर्युक्त सुप्रसिद्ध स्तम्भलेखभन्दा पहिलेका प्रामाणिक शिलालेखहरु यहाँ आजसम्म उपलब्ध हुन सकिरहेका छैनन्।

यसपछि भने यस्ता शिलालेखहरु अविरल रुपमा देखापर्न थाल्छन्। यी अभिलेखहरु उपलब्ध नभएका भए नेपाल अधिराज्यको लिच्छविकालको इतिहास अन्धकारको गर्भमा विलीन भएर रहने थियो, यसमा कुनै पनि सन्देह छैन।

गुप्त साम्राज्य नष्ट भएपछि उत्तरी भारतमा ससाना अनेकौं राज्यहरु खडा हुन आएका थिए। यही मौका छोपेर नेपालमा रहेका लिच्छवि राजाहरु आफ्नो राज्यक्षेत्रलाई महाभारत पर्वतमालाभन्दा पारिपट्टि पनि फैलाउन समर्थ भएका पाइन्छन्। यति बेलाको नेपाल अधिराज्य पश्चिममा गण्डकी नदीभन्दा पारि 'मल्लपुरी' (सम्भवतः अहिलेको नवलपरासी जिल्ला)सम्म फैलिन पुगेको थियो। पूर्वतर्फ पनि यति बेला यो राज्य सुनकोसी नदीसम्म फैलिएको झलक पाइन्छ। तर यति हुँदाहुँदै पनि भारतमा व्याप्त रहेको अशान्त वातावरणको प्रभाव यहाँ पनि परिहाल्यो। राजा मानदेव (प्रथम)को देहान्त हुनेबित्तिकै यिनका उत्तराधिकारी एवम् छोरा राजा महिदेवलाई राजसिंहासनबाट पदच्युत गरी र यिनका छोरा वसन्तदेवलाई राजाका रुपमा राजसिंहासनमा विराजमान गराई आभीर नेता 'रवि गुप्त' यहाँको अधिनायक भएर हर्ताकर्ता बनेका थिए।

विसं ५६३ को मध्यसम्ममा राजा वसन्तदेव लिच्छवि राज्यको राजसिंहासनमा विराजमान पाइन्छन्। यति बेला यिनी नवयुवक नै थिए। यसैले यिनलाई प्रारम्भमा आफ्ना राज्यव्यवस्थाहरु सञ्चालन गर्न निकै कठिनाइ परेको थियो। तर पछि यिनले सम्हालिएर आफ्नो राज्य प्रशासनलाई व्यवस्थित रुपमा सञ्चालन गरेको पाइन्छ। तर यिनी अपेक्षाकृत सरल स्वाभाव भएका राजा भएकाले पछिपछि भने यिनले आफ्ना राजनीतिक अधिकारलाई क्रमशः गुमाउँदै जानुपरेका सङ्केतहरु प्राप्त हुन आएका छन्।

राजा मानदेव (प्रथम)का राज्यकालका कुनै शिलालेखमा पनि उनका मन्त्री वा भारदारहरुको नाम उल्लेख भएको पाइएको छैन। यसबाट उनी स्वयम् नै समर्थ तथा शक्तिशाली प्रशासक थिए भन्ने प्रमाणित हुन आएको छ। आफ्नो राज्यकालको प्रारम्भमा त राजा वसन्तदेव पनि आफ्ना राजकीय अधिकारहरुले सम्पन्न देखिन्छन्। तर पछि भने यिनी क्रमशः आफ्ना सहयोगीहरुका रुपमा उपस्थित भएका रवि गुप्त

आभीरका पन्जामा पर्दै आइरहेका पाइन्छन्। यिनले सरल स्वभावबाट लाभ उठाई यिनका 'सर्वदण्डनायक' एवम् 'महाप्रतिहार'का रुपमा स्थापित भएका आभीर नेता रवि गुप्तले राज्यमा आफ्नो प्रभाव तथा शक्तिलाई पनि क्रमिक रुपमा सुदृढ गराउँदै ल्याइरहेको पाइन्छ। आफ्नो राज्यकालको अन्तिम समयसम्ममा त राजा वसन्तदेव नाम मात्रका राजा भएर रहेका र रवि गुप्त आभीर नै राज्यका सर्वेसर्वा अधिनायक भएर देखापरिरहेका पाइन्छन्।

जुन समयमा गुप्त शरणार्थीले नेपालभित्र प्रवेश गर्न आरम्भ गरिरहेका थिए, त्यसै समयमा आभीरहरु पनि भारततिरबाट नै नेपालमा आबाद हुन आइपुगेका पाइन्छन्। यिनीहरु स्वभावैले केही उद्दण्ड प्रकृतिका नागरिक थिए। तैपनि मानदेव (प्रथम)को प्रभावशाली प्रशासनकाल कायम रहिरहेसम्म यिनीहरुले यहाँ आफ्नो शिरलाई ठाडो पार्न सकेको देखिँदैन। तर यिनको देहान्त हुनेबित्तिकै आभीर नेता रवि गुप्त एकाएक नेपाल अधिराज्यको शक्तिसम्पन्न अधिनायकका रुपमा उपस्थित भएको पाइन्छन् (विसं ५६७)।

प्रचलित मान्यताअनुसार आभीरहरु 'महाशूद्र' अर्थात् असल जातका शूद्र थिए। यसैले धर्मशास्त्रीय मान्यताअनुसार यिनीहरुलाई राजमुकुट धाराण गर्ने अधिकार थिएन। यसबाट यिनीहरु लिच्छवि कुमारहरुलाई नै राजसिंहासनमा विराजमान गराई अधिनायकका रुपमा मात्र नेपाल अधिराज्यको शासन व्यवस्थालाई सञ्चालन गर्दै रहन बाध्य भएका पाइन्छन्।

राजा वसन्तदेवको नामबाट प्रसारित भएका शिलालेखहरु विसं ५८९ को आरम्भसम्मका मात्र उपलब्ध हुन सकेका छन्। यतिन्जेल यिनले राज्य सञ्चालन गर्न थालेको २६ वर्षजति भइसकेको थियो। यसै अवस्थामा यिनी नेपाल अधिराज्यको राजनीतिक रङ्गमञ्चबाट एकाएक गायब हुन्छन्। यतिन्जेल नेपालमा लिच्छवि राज्यको प्रशानसूत्र पूर्णतया आभीर नेता रवि गुप्तको हातमा पुगिसकेको स्पष्ट रुपमै देखिएको छ। राजा वसन्तदेवको राजनीतिक अवसान कसरी भयो र लिच्छवि अधिराज्यको

राजसत्ता यिनको हातबाट कसरी आभीर अधिनायक रवि गुप्तको हातमा पर्न आयो ? यो पनि रहस्यमै छ।

आभीर अधिनायक रवि गुप्तको भौतिक अवसान विसं ५८९ को मध्यसम्ममा भइसकेको देखिएको छ। राजा वसन्तदेवको राज्यकाल जनिएका शिलालेख पनि विसं ५८९ को आरम्भसम्मका मात्र उपलब्ध छन्। यसबाट रवि गुप्तको अवसान भएको लगत्तै राजा वसन्तदेवको पनि देहान्त भएर हो वा रवि गुप्त आभीरका उत्तराधिकारीका रुपमा अघि सरेको नयाँ अधिनायकद्वारा यिनलाई राज्याधिकारबाट पदच्युत गराइएर हो ? यसपछि लिच्छवि परिवारकै 'मनुदेव' नामक अर्का एक जना व्यक्ति लिच्छवि अधिराज्यका वैधानिक राजाका रुपमा 'मानगृह'को राजसिंहासनमा विराजमान हुन आइपुगेका पाइन्छन्।

आफ्नो राज्यकालको अन्तिम समयतिर राजा वसन्तदेव सर्वाधिकारसम्पन्न राजा थिएनन् भन्ने चर्चा माथि पनि भइसकेको छ। 'सर्वदण्डनायक' तथा 'महाप्रतिहार'का रुपमा रहेका रवि गुप्त तथा 'महाराज' तथा 'महासामन्त'का रुपमा देखापरेका 'क्रमलील'का सरसल्लाहअनुसार यिनले आफ्ना राज्यव्यवस्था सञ्चालन गरेको पाइन्छ। क्रमलील को हुन्, यिनी कहाँका महासामन्त थिए र यिनको राजनीतिक उत्थान कसरी भयो ? यो पनि खुल्न सकेको छैन। तर नेपालमा आभीर अधिनायक रवि गुप्तको राजनीतिक उत्थानमा यिनको पनि महत्वपूर्ण योगदान रहेको र आफ्ना राजनीतिक प्रभावद्वारा यिनी पनि पछि आभीर नेता र रवि गुप्तकै समकक्षमा पुगिरहेका पाइन्छन्।

राजा वसन्तदेव तथा आभीर अधिनायक रवि गुप्त लगभग एकै पटक नेपाल अधिराज्यको राजनीतिक रङ्गमञ्चबाट तिरोहित हुँदा पनि क्रमलीलको राजनीतिक शक्ति भने यथावत् पाइन्छ। रवि गुप्त आभीरको पतनपछि भने यिनी नेपाल अधिराज्यका प्रमुख हर्ताकर्ताका रुपमा उपस्थित हुन आइपुगेका पाइन्छन्। आभीर नेता रवि गुप्तभन्दा पनि क्रमलील निकै प्रभावशाली तथा शक्तिसम्पन्न अधिनायक भएर कार्यरत पाइन्छन्। राजा वसन्तदेव तथा आभीर नेता रवि गुप्त पनि नेपाल अधिराज्यको राजनीतिक

रङ्गमञ्चबाट एकाएक तिरोहित भएपछि क्रमलीलले 'वामनदेव' नामक एक जना लिच्छवि कुमारलाई नेपाल अधिराज्यको राजसिंहासनमा विराजमान गराएका र राज्यका सम्पूर्ण प्रशासनिक अधिकार भने स्वयम् ग्रहण गरी निष्कण्टक अधिनायक बन्न आएका पाइन्छन्।

क्रमलीलकै प्रशासनकालमा विसं ६०२ को आरम्भतिर 'रामदेव' नामक अर्का एक जना लिच्छवि कुमार नेपाल अधिराज्यका 'भट्टारक' अर्थात् महाराजधिराजका रुपमा नेपाल अधिराज्यको राजसिंहासनमा विराजमान भइरहेका पाइन्छन्। राजा रामदेव र महाराज तथा महासामन्त क्रमलीलका विशेष विवरणहरु उपलब्ध हुन सकिरहेका छैनन्। तर यिनीहरुको राजनीतिक अवसानपछि अर्का शक्तिशाली अधिनायकका रुपमा भौम गुप्त आभीरको उत्थान भएकोमा भने कुनै पनि सन्देह छैन।

विसं ६१७ को साउन महिनामा नेपाल अधिराज्यको राजसिंहासनमा राजा गणदेव र यिनका 'सर्वदण्डनायक' तथा 'महाप्रतिहार'का रुपमा भौम गुप्त आभीर कार्यरत पाइएका छन्। रवि गुप्त तथा भौम गुप्तको पारिवारिक सम्बन्ध केकस्तो थियो, थाहा हुन सकेको छैन। राजा रामदेव तथा 'महाराज' एवम् 'महासामन्त' भएर रहेका क्रमलीलको हातबाट लिच्छवि अधिराज्यको प्रशासनसूत्र राजा गणदेव तथा आभीर अधिनायक भौम गुप्तको हातमा कसरी पर्न आयो ? यसको पनि ठीकठीक रहस्य खुल्न सकिरहेको छैन।

सम्भवतः विसं ६०२ को लगत्तै पछि नेपालमा क्रमलीलको विरूद्धमा एउटा सशक्त राजनीतिक विद्रोह भएको, यस विद्रोहका प्रमुख सूत्रधारका रुपमा अग्रसर भएका आभीर नेता भौम गुप्त नै लिच्छवि अधिराज्यका 'सर्वदण्डनायक' तथा 'महाप्रतिहार' पनि बन्न आइपुगेका र यिनले लिच्छविकुलकै 'गणदेव' नामक एक जना कुमारलाई लिच्छवि राज्यको राजसिंहासनमा विराजमान गराइदिएका थिए।

पहिले भएका आभीर अधिनायक रवि गुप्त जस्तै नयाँ आभीर नेता भौम गुप्त पनि आफ्नो प्रशासनकालको प्रारम्भमा त 'सर्वदण्डनायक' तथा 'महाप्रतिहार'का रुपमा मात्र

नेपाल अधिराज्यको राजनीतिक रङ्गमञ्चमा देखापरेका थिए। पछि भने राज्यका सम्पूर्ण प्रशासनिक अधिकारहरु यिनले स्वयम्ले नै प्रयोग गरिरहेको देखिएको छ। यति भएर पनि लिच्छवि राजा गणदेव तथा यति बेला अधिनायक भएर रहेका भौम गुप्त आभीरबीचका राजनीतिक सम्बन्ध भने सद्भावपूर्ण देखिन्छन्। आभीर नेता भौम गुप्तले राजा गणदेवलाई अधिराज्यका वैधानिक राजाका रुपमा मान्दै आइरहेका र लिच्छवि राज्यको राजसिंहासनमाथि हस्तक्षेप गर्ने आँट गर्न नसकी प्रशासनिक अधिकारहरुलाई हात पारेर नै यिनी सन्तुष्ट पाइन्छन्।

विसं ६२२ को असार महिनादेखि राजा गणदेव नेपाल अधिराज्यको राजनीतिक रङ्गमञ्चबाट एकाएक गायब हुन्छन् र विसं ६२४ को साउन महिनाको शिलालेखमा 'गङ्गादेव' नामक अर्को लिच्छवि कुमार नेपाल अधिराज्यको राजाका रुपमा कार्यरत रहन थालेका पाइन्छन्। यसको केही वर्षपछि विसं ६४७ को जेठमा भने 'शिवदेव' नामक अर्का एक जना लिच्छवि कुमार राजाका रुपमा 'मानगृह'को राजसिंहासनमा विराजमान भइरहेका पाइन्छन्। 'सर्वदण्डनायक' तथा 'महाप्रतिहार'का रुपमा कार्यरत भौम गुप्त आभीर पनि यस समयसम्म आफ्ना पदहरुमा बहालै पाइन्छन्। तर यिनको राजनीतिक शक्ति तथा प्रभाव घट्दै आई यतिन्जेलसम्म नाम मात्रको देखिएको छ।

राजा शिवदेव (प्रथम)का 'सर्वदण्डनायक' तथा 'महाप्रतिहार'का रुपमा भौम गुप्त आभीर विसं ५४७ को जेठ महिनाको अभिलेखसम्म देखापरेका छन्। यसपछि 'अंशुवर्मा' नामक अर्का एक जना महत्वाकाङ्क्षी व्यक्ति पनि नेपाल अधिराज्यको राजनीतिक रङ्गमञ्चमा सबैभन्दा पहिले 'श्री सामन्त'का रुपमा विसं ६५१ को वैशाखमा राजा शिवदेव (प्रथम)का साथै देखापर्छन्। यसबाट यतिन्जेल आभीर नेता भौम गुप्तको राजनीतिक पतन आरम्भ भइसकेको स्पष्ट रुपमै देखिएको छ। यसको १० वर्षजति पछिको ललितपुर लेलेमा उपलब्ध रहेको अभिलेखसम्ममा भने यिनी 'श्री महासामन्त'का रुपमा राजा शिवदेव (प्रथम)का प्रमुख सहायकका रुपमा स्थापित पाइन्छन्।

मनुदेव, वामनदेव, रामदेव, गणदेव आदि लिच्छवि राजाहरु वंशपरम्परागत राजाहरु नभएर आभीर अधिनायकहरुले स्थापना गराएका नाम मात्रका राजा थिए। यसैले यिनीहरुको नामको पछिका राजा जयदेव (द्वितीय)ले स्थापना गराएको पशुपति मन्दिरको प्राङ्गणमा रहेको सुप्रसिद्ध शिलालेखमा उल्लेख हुन नसकेको स्पष्ट देखिन्छ। जयदेव (द्वितीय)को दृष्टिमा यिनीहरु सच्चा अर्थमा राजा थिएनन्। राजवंशका उत्तराधिकारीका रुपमा राजसत्तामा आएका राजा जयदेव (द्वितीय)ले राजवंशका उत्तराधिकारीका रुपमा राजसत्तामा नआएका मनोनीत लिच्छवि राजाहरुलाई वास्तविक राजाका रुपमा महत्व दिऊन् पनि कसरी ?

विसं ६६२ (संवत् २९) को जेठको पाटन बुङ्गतीमा उपलब्ध शिलालेखदेखि भने राजा शिवदेव (प्रथम) नेपाल अधिराज्यको राजनीतिक रङ्गमञ्चबाट एकाएक गायब हुन्छन् र अंशुवर्मा स्वयम्ले 'श्री महासामन्त'का हैसियतले एकलौटी रुपमा नेपाल अधिराज्यको शासनभार वहन गरिरहेको पाइन्छ। अंशुवर्मा स्वयम्ले एकलौटी रुपमा शासनभार वहन गर्न आरम्भ गरेपछिको विसं ६६२ को उपर्युक्त पहिलो अभिलेखमै परम्परादेखि प्रयोग हुँदै आएको शक संवत्को बदलामा 'संवत् २९' का रुपमा अर्को थरी नयाँ संवत्को प्रयोग हुन थालेको पाइन्छ। यसपछि यो संवत् नेपालमा तीन सय चार वर्षसम्म लगातार अविच्छिन्न चलेको पाइन्छ। यसबाट विसं ६३३ को कात्तिक १६ गते, तदनुसार ८ अक्टोबर इसं ५७६ देखि नेपालमा आफ्नै एउटा स्वतन्त्र राष्ट्रिय संवत्को प्रचलन आरम्भ भएको देखिएको छ।

कुनै युगान्तकारी घटनाको सम्झनामा मात्र नयाँ संवत्को प्रचलन आरम्भ गराउने परम्परा चलिआएकाले विसं ६३३ मा पनि नेपालमा एउटा ठूलै युगान्तकारी घटना घटेको स्पष्ट देखिएको छ। यति बेला केकस्तो घटना घटेको थियो, थाहा पाउन सकिएको छैन। तर यो घटनाको २९ वर्षपछिदेखि यस घटनाको सम्झनामा महासामन्त अंशुवर्माले नयाँ राष्ट्रिय सवंत्को प्रचलन आरम्भ गराएकामा भने कुनै पनि सन्देह छैन। प्रारम्भमा २८ वर्षसम्म प्रयोगमा नआएर यो संवत् एकै पटक 'संवत् २९' का रुपमा मात्र किन

प्रचलनमा आयो, यो पनि रहस्यमै छ। जेहोस्, यस संवत्सँग महासामन्त अंशुवर्माको विशेष सम्बन्ध रहेकोमा भने कुनै पनि सन्देह छैन।

विसं ६३३ को आसपासका शिलालेख पनि नेपालमा कमै मात्र उपलब्ध छन्। पाइएका एकाध शिलालेखहरुमा पनि तात्कालिक राजा वा प्रमुख प्रशासकहरु कसैको पनि नाम उल्लेख पाइँदैन। यसबाट यो समय नेपालमा राजनीतिक अस्थिरता तथा उथलपुथलको समय रहेको थियो भन्ने देखिएको छ।

नेपालमा जुन समयमा आभीर अधिनायकहरुको दबदबा चलिरहेको थियो, त्यस समयमा भारतमा 'गुप्त' तथा 'मौखरी' राजवंशका राजाहरुबीचमा शक्ति सङ्घर्ष चलिरहेको थियो। यस समयमा मौखरी राजाहरुका अगाडि गुप्त राजाहरु निरीह तथा निस्तेज पनि भएर रहन थालिसकेका थिए। यसैले यति बेला नेपालमा पनि मौखरी राजाहरुको सैनिक हस्तक्षेप हुने खतरा थियो। नभन्दै यसै स्थितिमा, सम्भवतः नेपालमा मौखरीहरुको सैनिक हस्तक्षेप भएको, मुकाबिला गर्न जाँदा तात्कालिक आभीर अधिनायक भौम गुप्ताका सैनिकहरु असफल भएका र अंशुवर्मा वा यिनका पूर्वाधिकारीहरुले 'महासामन्त'का रुपमा अघि सरी आक्रान्ता मौखरी सैनिकहरुलाई नेपाल अधिराज्यको सीमाक्षेत्रबाटै धपाइदिए। यसै घटनापछि नेपालमा आभीर अधिनायकहरुको राजनीतिक शक्ति चूर्ण भएकाले यसै घटनाको सम्झनामा, यसको केही वर्षपछिदेखि नयाँ युगको आरम्भ भएको प्रतीकस्वरुप यो घटना घटेको वर्षको आरम्भ (कात्तिक शुक्ल प्रतिपदा) देखि आरम्भ हुने गरी नेपालमा नयाँ राष्ट्रिय संवत्को उठान गराइएको पाइन्छ।

आफूले राजसत्ता ग्रहण गरेपछि महासामन्त अंशुवर्माले नै यस नयाँ राष्ट्रिय संवत्लाई सर्वप्रथम प्रयोगमा ल्याएको पाइन्छ। यसरी आफ्नो एउटा छुट्टै स्वतन्त्र राष्ट्रिय संवत्को प्रचलन आरम्भ गराउनुलाई नेपाली नागरिकमा रहेको स्वतन्त्र्य चेतनाको परिचायकका रुपमा गर्व गर्न सकिन्छ। यसले नेपाल अधिराज्यको राष्ट्रियतालाई पक्कै पनि सबल तुल्याइदिएको थियो।

१.४ महासामन्त अंशुवर्मा

नेपाल अधिराज्यकै कुनै क्षेत्रविशेषका स्थानीय प्रशासक वा राजाका रुपमा अंशुवर्मा नेपाल अधिराज्यको राजनीतिक रङ्गमञ्चमा सर्वप्रथम 'श्रीसामन्त'का रुपमा देखापरेका थिए। ललितपुरमा उपलब्ध विसं ६५१ (संवत् ५१६) को एक शिलालेखमा तात्कालिक लिच्छवि राजा शिवदेव (प्रथम) राजसिंहासनमा विराजमान भइरहेको र श्रीसामन्त अंशुवर्मा यिनका सहयोगी एवम् राज्यका प्रमुख हर्ताकर्ताका रुपमा सर्वप्रथम देखापरेका छन्। अंशुवर्मा 'श्रीसामन्त'का रुपमा सर्वप्रथम देखापरेपछिका राजा शिवदेवको २० वर्षजतिको शासनकालको बीचमा पनि यिनको शक्ति तथा प्रभाव पनि क्रमशः बढ्दै आएको र यिनैको आग्रह तथा अनुरोधअनुसार राजा शिवदेव (प्रथम)ले आफ्ना राज्य व्यवस्थाहरुमा आवश्यक सुधार गर्दै आइरहेको पाइन्छ। इसं ६०५ (संवत् २९) पछि भने राजा शिवदेव (प्रथम) नेपाल अधिराज्यको राजनीतिक रङ्गमञ्चबाट एकाएक गायब हुन्छन् र अंशुवर्मा स्वयम् मुकुटधारी राजाका रुपमा एकाएक प्रकट हुन्छन्। गोपाल राजवंशावलीको भनाइअनुसार यिनी राजा शिवदेव (प्रथम)का भानिज थिए। यो कहाँसम्म सत्य हो, यसै भन्न सकिँदैन।

महासामन्त अंशुवर्माले आफ्ना शिलालेखमा आफूलाई "आफ्ना पिताजीका पाउहरुबाट अनुग्रह पाएको" भनी उल्लेख गराएका छन्। यसबाट यिनी वर्मान्त नाम भएका कुनै सशक्त सामन्त राजाका उत्तराधिकारीका रुपमा राज्यसत्ताको नजिकमा आइपुगेका पाइन्छन्। आभीर अभिनायक भौम गुप्तको दमन गरी नेपालमा लिच्छवि राजाको राज्याधिकारलाई फिर्ता गराउन पूर्वाधिकारी वा यिनको प्रमुख हात रहेको झलक प्राप्त भएको छ।

'महासामन्त' अंशुवर्माको प्रशासनकालका शिलालेखहरु पर्याप्त मात्रामा उपलब्ध रहेका छन्। यिनको प्रशासनकालका शिलालेखलाई मुख्य गरी दुई समूहमा विभक्त गर्न सकिन्छ। विसं ६५१ देखि ६६२ सम्मका पहिला थरी शिलालेखमा यिनी लिच्छवि राजा शिवदेव (प्रथम)का सहायकका रुपमा कार्यरत पाइन्छन्। यति बेला यिनको राजकीय पदवी 'श्रीसामन्त' वा 'श्रीमहासामन्त' मात्र रहेको पाइन्छ। विसं ६६२ देखि ६७८ सम्मका दोस्रा थरी शिलालेखबाट भने लिच्छवि राजा शिवदेव (प्रथम) राजसत्ताबाट पछि हटेका र अंशुवर्मा स्वयम् नेपाल अधिराज्यका मुकुटधारी राजा भई 'श्र्यांशु' वा 'श्र्यंशुवर्मा'का नामले लिच्छवि अधिराज्यको राज्यभार वहन गरिरहेका पाइन्छन्।

अंशुवर्मा जुन समयमा श्रीसामन्तका रुपमा सर्वप्रथम देखापरेका थिए, त्यति बेला यिनको उमेर ३५ वर्षको आसपासतिर रहेको सङ्केत पाइन्छ। यिनले आफ्ना शिलालेखमा आफूलाई "लडाइँको मैदानमा विजय प्राप्त गर्दा उपलब्ध शूरता तथा प्रभावले गर्दा आफ्ना सम्पूर्ण शत्रुहरुका प्रभावलाई नष्ट पारिदिएका" भन्ने जस्ता अभिव्यक्ति उल्लेख गराएका छन्। यस्ता अभिव्यक्तिबाट ठूलो शक्ति सङ्घर्षपछि मात्र यिनी नेपाल अधिराज्यको राजसत्तामा आइपुगेका र पहिलेका आभीर अधिनायकहरुको पतनमा यिनको महत्वपूर्ण योगदान छ।

सुरूसुरूमा त पूर्ववर्ती आभीर अधिनायकले जस्तै यिनले पनि आफ्नो नामबाट स्वतन्त्र रुपमा आज्ञापत्रहरु प्रसारित गर्ने आँट गर्न सकिरहेका थिएनन्। तर पछि भने राजा शिवदेव (प्रथम)बाट नै "श्री महासामन्त अंशुवर्माद्वारा आग्रह गरिएअनुसार उनीप्रति सम्मान व्यक्त गर्दै मैले तिमीहरुलाई यी सुविधा उपलब्ध गराइदिएको हुँ" भन्ने जस्ता भावका आज्ञापत्र प्रसारित गराएर "यी सुविधा यथार्थमा राजा शिवदेव (प्रथम)ले तिमीहरुलाई उपलब्ध गराएका होइनन्, मैले नै दिलाइदिएको हुँ" भन्ने जस्ता भाव प्रकट गराउन यिनी सफल भएका पाइन्छन्।

यसबीचमा पनि यिनको राजनीतिक शक्ति क्रमिक रुपमा बढ्दै आइरहेको पाइन्छ। तात्कालिक शिलालेखहरुमा यिनी सर्वप्रथम 'श्रीसामन्त'का रुपमा देखापरेका थिए भने

केही वर्षपछिदेखि यिनी 'श्रीमहासामन्त'का रुपमा प्रकट भएका पाइन्छन् भनी माथि पनि उल्लेख गरिसकिएको छ। तर प्रायः सुरूदेखि नै स्वयम् राजा शिवदेव (प्रथम)बाट नै "दर्शन गर्न आउने सामन्त राजाहरुका मुकुटमा जडिएका मणिहरुको प्रभावले गर्दा आफ्ना चरणरुपी कलमहरुलाई झलमल्ल तुल्याइरहेका श्रीमहासामन्त अंशुवर्माद्वारा" भन्ने जस्ता श्रद्धाबोधक उद्गारहरु अभिव्यक्त गराउन समर्थ भएर "राज्यका वैधानिक राजा शिवदेव (प्रथम) भए पनि राज्यका सम्पूर्ण प्रशासनिक अधिकारहरु अहिले मेरो हातमै छन्; यसैले अधिराज्यका सबै सामान्त राजाहरु राजा शिवदेवको दर्शन गर्न नगएर मेरो नै दर्शन गर्न आउँछन्" भन्ने भावलाई व्यक्त गराउन यिनी सफल भएका पाइन्छन्।

यति मात्र होइन, वैधानिक राजा शिवदेव (प्रथम)बाट नै आफ्ना निमित्त 'यिनीप्रतिको सम्मानले गर्दा' र 'यिनको आफ्नै गौरवले गर्दा' जस्ता पदावलीहरुको प्रयोग गराउन समर्थ भएर "स्वयम् राजा शिवदेव (प्रथम)ले पनि अहिले मलाई सम्मान गर्नुपरिरहेको छ" भन्ने जस्ता भावहरु अभिव्यक्त गराउन पनि यिनी सफल भएको पाइएको छ। यस्तै राजा शिवदेव (प्रथम)बाटै आफ्नो एक शिलालेखमा "प्रजाहरुलाई राम्रोसँग पालना गर्ने काममा परेका परिश्रमहरुले गर्दा असल यश प्राप्त भएकाले देश देशान्तरसम्म आफ्ना कीर्ति तथा पराक्रमहरु फैलाएका अंशुवर्माद्वारा" भन्ने जस्ता भाव व्यक्त गराएर "प्रजाहरुको पालना गर्ने मुख्य काम महासामन्त अंशुवर्माको नै हो, म त देशको वैधानिक राजा मात्र हुँ" भनी यिनले स्वयम् राजा शिवदेवको मुखबाट बोलाइदिएका छन्। यसबाट नै यिनको राजनीतिक उत्थानको क्रम, बौद्धिक प्रखरता तथा प्रशासनिक क्षमता स्पष्ट भएको छ।

स्वयम् मुकुटधारी राजा भइसकेपछि पनि राजा शिवदेव (प्रथम) जीवित रहेसम्म महासामन्त अंशुवर्माले लिच्छवि अधिराज्यमा आफ्नो मात्र एकलौटी अधिकार सम्झन सकिरहेको पाइँदैन। राजा शिवदेव (प्रथम) जीवित रहिरहेसम्म यिनले 'भट्टारक' वा 'महाराजाधिराज' जस्ता पदवीहरु प्रयोग नगरी 'श्री' भन्ने राजोचित सामान्य पदवी मात्र ग्रहण गरी 'श्र्यंशुवर्मा'को नामले मात्र राज्यभार वहन गरिरहेको पाइन्छ। तर पछि भने

यिनले 'महाराजाधिराज' भन्ने सर्वोच्च राजकीय पदवीलाई पनि ग्रहण गरेको पाइएको छ।

'महासामन्त' अंशुवर्मा आफ्नो समयका अत्यन्त सजग तथा सचेत राजनीतिज्ञका रुपमा पाइएका छन्। प्रशासन कुशलता पनि यिनमा भरपूर मात्रामा रहेको थियो। आफू लिच्छवि राजवंशका नभएकाले आफ्नो प्रतिद्वन्द्वीहरुका रुपमा रहेका आभीरहरुको प्रभावबाट देशमा विरूद्धमा राजनीतिक विद्रोह पो हुने हो कि भन्ने डरले यिनलाई निरन्तर सताइरहेको थियो। यसैले होला, आफ्ना नागरिकलाई सन्तुष्ट राखिराख्नका निमित्त यिनले उनीहरुलाई अनेकौं किसिमका सुविधाहरु उपलब्ध गराएको पाइन्छ। यिनको आफ्नै भनाइअनुसार "आफ्ना प्रजाहरु कसरी सुखी रहन सक्छन् र कसरी उनीहरुको हित गर्न सकिन्छ भन्ने कुरामा यिनी सधैं नै चिन्तित रहिरहेका हुन्थे। यिनको दृढ तथा शान्तिमय प्रशासनकालमा नेपाल अधिराज्य धनधान्य तथा विद्यावैभव आदि सबै कुराले भरिपूर्ण भएर रहेको झलक पाइन्छ।

महासामन्त अंशुवर्माको व्यक्तित्वका साथसाथै यिनको योग्यतालाई पनि स्पष्ट पार्नका निमित्त यिनको देहान्त भएको १७ वर्षजति पछि नेपालमा आइपुगेका प्रसिद्ध चिनियाँ तीर्थयात्री युवान च्वाङको यात्रा वृत्तान्त नै पनि पर्याप्त छ। आफ्नो यात्रा वृत्तान्तमा उनले लेखेका छन्, "नेपालमा हालसालै अंशुवर्मा नाम भएका एक जना राजा भएका रहेछन्। यिनको प्रताप तथा प्रतिभाको कीर्ति देशविदेशमा पनि चारैतिर फैलिएको रहेछ। यिनी स्वयम् विद्वान् रहेछन् र विद्वान्हरुको कदर पनि गर्दा रहेछन् भन्ने थाहा हुन आएको छ। यिनले शब्दशास्त्रसम्बन्धी एउटा कृतिको रचना पनि गरेका रहेछन्।"

काठमाडौं उपत्यकाबाट थोरै मात्र दूरीमा रहेर उत्तरबाट दक्षिणतर्फ बग्दै आएका 'त्रिशूली' तथा 'सुनकोसी' नामक दुई प्रसिद्ध नदीका सिरानहरु हिमालय पर्वतमालामै छन्। यी दुवै नदीमा प्रवाहमार्गमा पर्ने हिमालयका दुर्लङ्घ्य घाटाहरु यतिन्जेलसम्म अलङ्घ्य मात्र होइन, अपरिचित तथा अज्ञात पनि थिए। तर सभ्यताको सोपानमा भर्खरै मात्र प्रवेश गरेको उत्साह एवम् उमङ्गमा त्यस क्षेत्रमा आबाद हुन आइपुगेका तिब्बतीहरुले

उत्तरबाट क्रमशः दक्षिणतर्फ फैलिँदै आई त्यहाँका 'येनम्' (कुती) र 'किरोङ' (केरूङ) नामक दुई ओटा बस्तीहरु यिनैताक आबद गराएका र सुनकोसी तथा त्रिशूली नदीका सिरानतर्फ रहेका उपर्युक्त दुई ओटा घाटाबाट यसै समयदेखि नेपालतर्फ आवतजावत चल्न सुरू भएको झलक पाइन्छ। यी दुर्लङ्घ्य घाटाहरु खुल्नु नेपालको इतिहासमा एउटा विशिष्ट घटनाका रुपमा उपस्थित छ। यी घाटा खुलाउनमा त्यस भेगमा आबाद रहेका नेपाली नागरिकको अवश्य पनि योगदान हुँदो हो। नेपालको राजनीतिक, सामाजिक तथा सांस्कृतिक इतिहासमा यस घटनालाई एउटा अत्यन्त महत्वपूर्ण घटनाका रुपमा गणना गर्नु नितान्त आवश्यक मानिन्छ।

विसं ६४० को आसपासतिर जुन समयमा उपर्युक्त दुई हिमाच्छन्न घाटाहरु भर्खरै मात्र खुलेका थिए, त्यस समयमा नेपाल अधिराज्यको राजसिंहासनमा लिच्छवि राजा शिवदेव (प्रथम) विराजमान पाइन्छन्। सम्पूर्ण प्रशासनिक अधिकार भने यति बेला यिनका 'महामन्त्री'का रुपमा कार्यरत 'महासामन्त' अंशुवर्माको हातमा रहेको स्पष्ट छ। यिनताकसम्ममा आभीर अधिनायक भौम गुप्तको पूर्णतः दमन भइसकेको थियो। यिनैताक केरूङतर्फबाट 'थोन मी' नामक एक जना भद्रजनको नेतृत्वमा तिब्बती युवाहरुको एउटा शिष्टमण्डल नेपाल अधिराज्यको तात्कालिक राजधानी 'युपग्राम' (वर्तमान पाटन सहर)मा आइपुगेको सङ्केत प्राप्त हुन आएको छ। यसरी युपग्राममै नेपाली पदाधिकारीले तिब्बती पदाधिकारीसँग सर्वप्रथम औपचारिक रुपमा परिचय प्राप्त गरेका थिए।

तिब्बती पदाधिकारी आफ्नो राज्यको राजधानीमा आइपुग्दा राजा शिवदेव (प्रथम), महासामन्त अंशुवर्मा तथा यहाँका सर्वसाधारण नागरिकहरु अवश्य पनि आश्चर्यचकित भएका थिए होलान्। तिनीहरुको यहाँ पक्कै पनि आदरपूर्वक स्वागत भएको थियो होला र तिनीहरुले नेपाल अधिराज्यको तर्फबाट आफ्ना राजाका निमित्त केही न केही सन्देश अवश्य पनि लिएर गएका थिए होलान्। नेपाल अधिराज्यको राजधानीमा उत्रने पहिलो तिब्बती शिष्टमण्डल यही नै भएकोमा कुनै सन्देह छैन। यसपछि तिब्बत तथा नेपाल

अधिराज्यका नागरिकका बीचमा एकअर्काको देशमा आवतजावत चल्दै आएका र दुई देशबीचमा वैचारिक आदानप्रदान पनि क्रमशः बढ्दै आएका सङ्केत प्राप्त भएका छन्।

उता यसैबीचमा भारतमा त्यहाँका 'गुप्त' राजाहरुले 'मौखरी' राजाहरुलाई र मौखरी राजाका नातेदार स्थानेश्वर राज्यका राजा हर्षवर्द्धनले गुप्त राजाहरुलाई युद्धक्षेत्रमा पराजित गरी यसै विजयको स्मारकस्वरुप विसं ६६३ देखि आरम्भ हुने गरी 'हर्षसंवत्'का रुपमा नयाँ राष्ट्रिय संवत्को प्रचलन आरम्भ गराइदिएका थिए। यसरी उत्तरी भारतमा सम्राट् हर्षवर्द्धनको र तिब्बतमा राजा स्रङचङ गम्पोका रुपमा आफ्नो अधिराज्यको दुवैतर्फ दुई शक्तिशाली राजाहरुको लगभग एकै पटक उदय हुँदा नेपाल अधिराज्यको स्वतन्त्रताको आकाशमा सङ्कटका काला बादलहरु एकाएक मडारिन थालेका थिए। यस स्थितिमा राजा शिवदेवसँगको आफ्नो द्वैत शासनहरुलाई यथावत् रुपमा कायम राखी राज्यमा कमजोर प्रशासन सञ्चालन गर्दै रहनु उचित नहुने देखी राजा शिवदेवलाई राजसत्ताबाट हटाई महासामन्त अशुंवर्माले स्वयम् 'महाराजाधिराज'को हैसियतले लिच्छवि राज्यको राजमुकुट धारणा गरी आफ्नो नयाँ स्वतन्त्र संवत्को प्रचलन आरम्भ गराएको र यसपछि पनि यिनको एकलौटी प्रशासन नेपालमा १६ वर्षसम्म लगातार चल्दै रहेको स्पष्ट रुपमै देखिएको पाइन्छ।

महासामन्त अंशुवर्माले आफूलाई गर्वका साथ 'श्रीकलहामिभानी' अर्थात् 'लक्ष्मीसँग कलह गर्नमा गौरव मान्ने' व्यक्तिका रुपमा प्रस्तुत गराएका छन्। "यथार्थमा म लक्ष्मीको उपासक नभएर सरस्वतीको उपासक हुँ" भन्ने यिनको यस भनाइको आशय देखिन्छ।

यस्तै आफूले स्थापना गराएका शिलालेखमा महासामन्त अंशुवर्माले "म कुनै देशका राजाहरुलाई प्रमाण गर्न अगाडि सर्दिनँ" भनी उल्लेख गराएर तिब्बत तथा उत्तरी भारतमा नयाँ उत्थान भएका राजनीतिक शक्तिहरुका अगाडि आफू कुनै हालतमा पनि झुक्न नचाहेको वस्तुतथ्यलाई स्पष्ट रुपमै सङ्केत गराइदिएका छन्। यति हुँदाहुँदै पनि सम्राट् हर्षवर्द्धन तथा राजा स्रङचङ गम्पो दुवै शक्तिशाली छिमेकी राजाहरुसँगको यिनको राम्रै राजनीतिक सम्बन्ध रहेको झलक पाइन्छ।

महासामन्त अशुंवर्मा आफ्नो समयमा सुयोग्य प्रशासक रहेका थिए भन्ने कुरामा कुनै सन्देह छैन। यिनको दृढ एवम् शान्तिमय प्रशासनकालमा विद्या, वैभव, उद्योग, व्यवसाय र कलाकौशलको पनि भरपूर विकास भई नेपाल अधिराज्य यति बेला सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र अधिराज्यका रुपमा समृद्ध भएर रहेको स्पष्ट देखिन्छ। यिनको राज्यकालमा नेपालमा स्थापित भएका संस्कृत शिलालेख नै यिनको राज्यकालका व्यवस्थित प्रशासनका छटाहरुलाई देखाउनका निमित्त मूकसाक्षीहरुका रुपमा अझैसम्म पनि छन्।

सर्वाधिकारसम्पन्न राजाका रुपमा पुगनपुग १७ वर्षसम्म नेपाल अधिराज्यको प्रशासनसूत्रलाई योग्यतापूर्वक सञ्चालन गरी विसं ६७९ को आसपासमा महासामन्त अंशुवर्माको देहान्त भएको र यिनको देहान्तपछि नेपाल अधिराज्यको राजनीतिक, सामाजिक तथा सांस्कृतिक इतिहासमा पनि नयाँ युगको आरम्भ भएको पाइन्छ।

आफ्ना विश्वस्त व्यक्ति वा युवराजलाई दूतक वा सन्देशवाहक बनाउने चलन परम्परादेखि नै चल्दै आइरहेको थियो। यसै परम्पराअनुसार अंशुवर्माका प्राथामिककालका अभिलेखहरु 'महाराज विप्रबर्मा', 'राजपुत्र स्थितिबर्मा' तथा 'महासामन्त भोगबर्मा'हरु क्रमैसँग यिनका दूतहरुका रुपमा देखापरेका पाइन्छन्। तर यिनका अन्तिम समयतिरका अभिलेखहरुमा भने दूतकका रुपमा युवराज उदयदेवको नाम आएकाले यिनी नै पछि अंशुवर्माका उत्तराधिकारीका रुपमा स्थापित भएका पाइएका छन्। फलतः अंशुवर्माको देहान्तपछि यिनी नै लिच्छवि राज्यका राजाका रुपमा राजसिंहासनमा विराजमान हुन आएका थिए। यिनी अंशुवर्माको छोरा भएको लक्षण भने देखिँदैन।

राजा उदयदेवको राज्यकाल जनिएको एउटा शिलालेख मात्र हालसम्ममा उपलब्ध रहेको छ। यस अभिलेखबाट यिनी लिच्छवि राजवंशका हुन् वा होइनन् भन्ने कुरा स्पष्ट रुपमा खुल्दैन तापनि यिनका उत्तराधिकारी एवम् छोरा राजा नरेन्द्रदेवले आफ्नो एक अभिलेखमा आफुलाई "मैले जातिद्वारा पवित्र लिच्छवि राजवंशको शोभालाई

बढाइरहेको छु" भनी उल्लेख गराएकाले यिनी लिच्छवि राजपरिवारका नै सदस्य थिए भन्ने थाहा हुन आएको छ। सम्भवतः आफ्ना कुनै पुरूष सन्तान नभएपछि आफ्नो जीवनकालको अन्तिम समयतिर अंशुवर्माले लिच्छवि राजकुमार उदयदेवलाई आफ्ना उत्तराधिकारीका रुपमा नियुक्त गरिदिएको झलक पाइन्छ।

राजा मानदेव (प्रथम)को राज्यकालको लगत्तै पछिदेखि नै लिच्छवि राजाहरु 'युपग्राम' अर्थात् वर्तमान पाटन सहरमा रहेको 'मानगृह' नामक राजभवनमा बस्दै आइरहेका थिए। अंशुवर्माले आफ्नो राज्यकालको प्रारम्भमै आफ्ना निमित्त 'कैलासकूट भवन' नामक छुट्टै राजभवन बनाउन लगाएको देखिएको छ।

अंशुवर्माको देहान्तपछि यिनका उत्तराधिकारी युवराज उदयदेव नेपाल अधिराज्यका राजाका रुपमा कैलासकूट भवनमा रहेको राजसिंहासनमा विराजमान भएको पाइन्छ। केही महिनासम्म त राजा उदयदेवको राज्यकाल पनि शान्तिपूर्वक चल्दै आइरहेका थियो। तर राज्यारोहण गरेको वर्ष दिन पनि पुग्न नपाउँदै युपग्राम भेगमा सामन्त राजाका रुपमा रहँदै आएका 'चन्द्रवर्मा गोमी' नामक अर्का एक जना प्रभावशाली व्यक्तिले महासामन्त अंशुवर्मादेखि असन्तुष्ट रहँदै आएका त्यहाँका केही प्रभावशाली व्यक्तिहरुसँग मिली राजा उदयदेवविरूद्ध विद्रोहको झन्डालाई सशक्त रुपमा उचालिदिएको पाइन्छ।

लिच्छवि राजाहरुका प्रतिस्पर्धीका रुपमा रहेका आभीर नेताहरु पनि यस्तै उपयुक्त अवसरको प्रतीक्षामा थिए। यिनीहरुकै सहयोगबाट भौम गुप्तका आभीरका नाति विष्णु गुप्त आभीरले राजा उदयदेवलाई राजसत्ताबाट पदच्युत गरी र 'ध्रुवदेव' नामक अर्के लिच्छवि कुमारलाई नेपाल अधिराज्यका राजाका रुपमा राजसिंहासनमा विराजमान गराई स्वयम् शासनसत्तामा आएको देखिएको छ (विसं ६७९)। पदच्युत राजा उदयदेव भने नेपाल अधिराज्यबाट शरणर्थीका रुपमा तिब्बततिर पलायित भए।

यहाँनिर स्वाभाविक रुपमा प्रश्न उठ्छ— "राजा उदयदेव भारततिर नगएर किन तिब्बततिर लागे होलान्?" यतिन्जेल तिब्बत तथा नेपाल अधिराज्यका बीचमा

आवागमन सुचारु रुपमा सञ्चालित भइसकेका, तिब्बतसँग नेपाल अधिराज्यको मैत्रीसम्बन्ध स्थापित भइसकेको र त्यहाँका राजा 'स्रङचङ गम्पो'सँग आफ्नो परिवारको आत्मीय सम्बन्ध पनि स्थापित भइसकेकाले यिनी यति बेला भारततर्फ नगएर सपरिवार तिब्बततर्फ लागेको झलक पाइन्छ।

तिब्बतमा एउटा अनुश्रुति परम्परादेखि नै प्रचलित छ। यस अनुश्रुतिअनुसार "तिब्बतका राजा स्रङचङ गम्पोले 'गोचा' नामक नेपाली राजाकी राजकुमारीसँग विवाहसम्बन्ध स्थापित गरेका थिए। यी नेपाली राजकुमारीको नाम 'कोङ जो' थियो। यसको अर्को वर्ष चिनियाँ राजकुमारी 'ले चिङ'सँग पनि राजा स्रङचङ गम्पोको विवाहसम्बन्ध स्थापित भएको थियो। राजकुमारी कोङ जोले दाइजोका रुपमा नेपाल अधिराज्यबाट अक्षोभ्य, मैत्रेय तथा ताराका मूर्तिहरु लिएर आएकी थिइन् र राजकुमारी वे चिङले पनि चीनबाट केही प्राचीन बुद्धमूर्तिहरु लिएकी थिइन्। तिब्बतमा बौद्ध धर्मको प्रचारप्रसारमा यी दुई राजकुमारीको महत्वपूर्ण योगदान रहेकाले यी दुई राजकुमारीहरु तिब्बतमा अझैसम्म पनि क्रमशः 'हरित तारा' तथा 'श्वेत तारा'का रुपमा आराध्य छन्।"

तिब्बती अनुश्रुति जे जस्तोसुकै भए पनि नेपाली स्रोत भने उपर्युक्त अनुश्रुतिको सम्बन्धमा पूर्णतया मौन रहेको पाइन्छ। तात्कालिक अभिलेख तथा पछिका वंशावलीहरुमा पनि यस विवाहसम्बन्धी कुनै पनि सङ्केतहरु प्राप्त हुन सकेका छैनन्। उपर्युक्त तिब्बती अनुश्रुतिलाई आधार मानेर अचेल कोङ जो वा हरित तारालाई नेपालमा 'भृकुटी' भन्ने चलन छ। तर उपर्युक्त तिब्बती अनुश्रुति कहाँसम्म सत्य हो, यसै भन्न सकिँदैन। यसलाई सत्य नै मान्ने हो भने राजा स्रङचङ गम्पोको युवावस्थामा नेपालमा राजा अंशुवर्माको राज्यकाल चलिरहेकाले नेपाली राजकुमारी कोङ जोलाई यिनकी नै छोरी मान्नुपर्छ। तर नेपालमा उपलब्ध रहेका स्पष्ट प्रमाणका आधारमा राजा अंशुवर्मा हिन्दू धर्मको शैव सम्प्रदायका कट्टर अनुयायीका रुपमा देखिँदादेखिँदै यिनकी छोरी बौद्ध धर्मकी यति ठूली उपासिका भइन् होला भनी मानिहाल्नु त्यति सहज छैन।

अंशुवर्मा जस्ता प्रतापी राजाले वेशभूषा, रहनसहन, खानपान तथा बोलीव्यवहार पनि आफ्नोभन्दा सर्वथा भिन्न भएका तिब्बती राजालाई आफ्नी राजकुमारी स्वेच्छापूर्वक दिए होलान् भनी स्वीकार गर्नु पनि त्यति सहज छैन। यसैले कदाचित् नेपाली राजकुमारीसँग राजा स्रङचङ गम्पोको विवाहसम्बन्ध स्थापित भएको सत्य हो भने पनि राजा अंशुवर्माको देहान्त भइसकेपछि शरणार्थीका रुपमा तिब्बतमा पुगेका यिनका उत्तराधिकारी, पदच्युत राजा उदयदेवले नै आफ्नी बहिनी वा छोरीको विवाह राजा स्रङचङ गम्पोसँग गराइदिएको हुनु सम्भव मान्न सकिन्छ।

उपर्युक्त तिब्बती अनुश्रुति सत्य होस् वा नहोस्, तिब्बती नागरिकले यसै समयदेखि बौद्ध धर्मको शिक्षा तथा दीक्षा पनि ग्रहण गर्न आरम्भ गरेका र यसमा नेपालका बौद्ध विद्वान्हरुको नै विशेष योगदान रहेकोमा भने कुनै पनि सन्देह छैन। तिब्बतमा यसै समयदेखि बौद्ध धर्मको प्रचारप्रसार पनि आरम्भ भएकाले त्यहाँ राजा स्रङचङ गम्पोलाई आज पनि 'भगवान् अवलोकितेश्वर' र यिनका उपर्युक्त दुवै रानीलाई क्रमशः 'हरित तारा' तथा 'स्वेत तारा'का रुपमा पूजाआराधना पनि गरिँदै रहेको पाइन्छ।

१.५ आभीर प्रशासकहरुको पुनरूत्थान

राजा उदयदेवलाई पदच्युत गरी तिब्बततिर भगाएर आभीर नेता जिष्णु गुप्तले 'ध्रुवदेव' नामक अर्कै लिच्छवि कुमारलाई नेपाल अधिराज्यका महाराजाधिराजका रुपमा 'मानगृह'मा रहेको राजसिंहासनमा विराजमान गराइदिएको चर्चा माथि पनि भइसकेको छ। यिनी पनि थपनाका मात्र राजा रहेका देखिन्छन्। यथार्थमा यति बेला जिष्णु गुप्त आभीर नै कैलासकूट भवनमा रहेर सर्वाधिकारसम्पन्न अधिनायकका रुपमा नेपाल अधिराज्यको प्रशासन सूत्रलाई दृढतापूर्वक सञ्चालन गरिरहेका पाइन्छन्। नेपालका पहिलेका आभीर अधिनायकहरुको र जिष्णु गुप्त आभीरको अधिकार एवम् शक्तिमा पनि निकै अन्तर पाइन्छ।

पहिलेका आभीर अधिनायकहरु राजसिंहासनमा विराजमान भएर रहेका लिच्छवि राजाहरुलाई श्रद्धापूर्वक सम्मान गर्थे र आफूलाई राजाभन्दा तल्लो तहको हुँ भनी सम्झने गर्थे। तर आभीर अधिनायक जिष्णु गुप्त भने आफूलाई लिच्छवि राजाको समकक्षमा उपस्थापित गराएर मात्र नपुगी "राजाभन्दा म माथिल्लो तहको तथा शक्तिशाली व्यक्ति पनि हुँ" भन्ने प्रच्छन्न दाबी गर्न पनि पछि परेका पाइँदैनन्। यिनले आफूलाई स्पष्ट रुपमा 'राजा' नै नभने पनि आफ्नो एक अभिलेखमा "राजाहरुमा हुनुपर्ने दुर्लभ गुणहरुले गर्दा पृथ्वीमण्डललाई नै सिँगारिदिएका" भनी आफ्ना स्तुतिकारहरुबाट शक्तिशाली राजाका रुपमा आफ्नो स्तुतिगान गाउन लगाएको पाइन्छ।

पहिलेका आभीर अधिनायकहरु राजसिंहासनमा विराजमान भएर रहेका वास्तविक राजाहरुलाई आग्रह गरेर उनीहरुकै नाममा जनताका नाममा आदेश प्रसारित गराउने

गर्थे र जनतालाई विभिन्न किसिमका सुविधाहरु पनि उपलब्ध गराउँथे। यिनी भने राजसिंहासनमा विराजमान भएर रहेका वास्तविक लिच्छवि राजालाई आग्रह गर्नु त परै रहोस्, राजाको भन्दा आफ्नो स्तुतिगान गाउन र आफ्नै नामबाट आज्ञापत्रहरु प्रसारित गराउन पनि अग्रसर पाइन्छन्। यतिन्जेलसम्म लिच्छवि राजाहरुका नामबाट मात्र प्रसारित हुँदै आएका सिक्काहरु पनि अब यिनले आफ्नै नामबाट प्रसारित थालेको पाइन्छ। यसलाई आभीर अधिनायकवादको पराकाष्ठाभन्दा बाहेक अरु के पो भन्न सकिन्छ र?

राजा 'ध्रुवदेव' आभीर अधिनायक जिष्णु गुप्तद्वारा मनोनीत शक्तिहीन लिच्छवि राजा थिए। यसैले जिष्णु गुप्त आभीरले यिनका उत्तराधिकारीको उपेक्षा गरी आफ्ना छोरा विष्णु गुप्त आभीरलाई नै आफ्ना उत्तराधिकारीका रुपमा नियुक्त गरेर यिनलाई नै 'युवराज'को उपाधि पनि प्रदान गरेको पाइन्छ। हुन पनि लिच्छवि राजा ध्रुवदेव तथा जिष्णु गुप्त आभीरको नामबाट संयुक्त रुपमा प्रसारित भएका जति पनि शिलालेख उपलब्ध छन्, ती सबैमा 'दूतक' अर्थात् सन्देशवाहक राजकीय पादधिकारीहरुका रुपमा 'युवराज जिष्णु गुप्त'को नाम मात्र उल्लेख भएको पाइन्छ। यसै स्थितिमा पुगनपुग नौ वर्षजतिको राज्यकालपछि राजा ध्रुवदेवको स्वर्गवास भएर हो वा नजाने किन हो, विसं ६९८ मा 'मानगृह'को राजसिंहासनमा 'भीमार्जुनदेव' नामक अर्को लिच्छवि राजा राजसिंहासनमा विराजमान हुन आएका पाइन्छन्।

यसै अवस्थामा राजा भीमार्जुनदेव राजसिंहासनमा विराजमान भएको करिब तीन वर्षजति पछि जिष्णु गुप्त आभीरको देहान्त भएको र यसपछि यिनका छोरा युवराज विष्णु गुप्त आभीरले अधिनायकका रुपमा नेपाल अधिराज्यको शासनभार आफैंले सम्हालेको पाइन्छ। मानगृहको राजभवनमा भने यसपछि पनि लिच्छवि राजा भीमार्जुनदेव रहिरहेका पाइन्छन्। विसं ६९० को एक अभिलेखमा विष्णु गुप्त आभीर सर्वप्रथम अधिनायकका रुपमा देखापरेका छन्। तर यिनको पहिलो अभिलेखमा तात्कालिक वैधानिक लिच्छवि राजा भीमार्जुनदेवको केवल नाम मात्र उल्लेख भएर

यिनले नेपाल अधिराज्यका राजाको हैसियतले स्वयम् आज्ञापत्रहरु प्रसारित गराइरहेको पाइन्छ।

यसपछिका अन्य शिलालेखहरुमा पनि तात्कालिक लिच्छवि राजा भीमार्जुनदेवको नाम सामान्य रुपमा उल्लेख पाइन्छ। पहिलेका आभीर अधिनायक जिष्णु गुप्त 'तत्परःसर' अर्थात् "उहाँलाई अग्रसर गराएर" भनी मानगृहको राजसिंहासनमा विराजमान भएर रहने वास्तविक लिच्छवि राजाहरुलाई सम्मान गर्दै शिलालेखमा लेख्थे। विष्णु गुप्त आभीर भने वास्तविक लिच्छवि राजाको नामलाई पहिले उल्लेख गराए पनि 'तत्सहित' अर्थात् "उहाँसमेत भएर" भन्ने उल्लेख गराई आफूलाई वास्तविक लिच्छवि राजा भीमार्जुनदेवकै समकक्षमा उपस्थापित गराउन अग्रसर पाइन्छन्। यसबाट आभीर अधिनायक विष्णु गुप्तको चहलपहल जिष्णु गुप्त आभीरको भन्दा निकै बढेचढेको स्पष्ट छ।

विष्णु गुप्त आभीरकै प्रशासनकालमा सुप्रसिद्ध चिनियाँ तीर्थयात्री हुएन त्साङ् मध्य एसियाको पुरानो 'खोतान'तर्फको बाटो हुँदै बौद्ध धर्मग्रन्थहरुको गम्भीर अध्ययन गर्ने उद्देश्यअनुसार उत्साहपूर्वक भारतभूमिमा आइपुगेका थिए। यिनी निकै वर्षसम्म भारतवर्षमा अध्ययनरत पाइन्छन्। आफ्नो अध्ययन पूरा गरी भारतमा रहेका प्रायः सम्पूर्ण नगर, बौद्ध तीर्थस्थल र अध्ययन केन्द्रहरुको भ्रमण एवम् अवलोकन गर्दै विसं ६९३ को अन्त्यतिर यिनी नेपाल अधिराज्यको तात्कालिक राजधानी युपग्राममा पनि आइपुगेको सङ्केत पाइन्छ। यसबाट नेपाल भूमिमा पदार्पण गर्ने पहिला चिनियाँ नागरिक पनि यिनी नै भएको देखिएको छ।

चिनियाँ तीर्थयात्री हुएन त्साङ्ले आफ्नो यात्रा विवरणमा तात्कालिक लिच्छवि राजा भीमार्जुनदेव तथा त्यति बेलाका नेपाल अधिराज्यका शक्तिशाली प्रशासक आभीर नेता विष्णु गुप्तको समेत कुनै उल्लेख नगरी केवल "यहाँ लिच्छवि राजवंशका राजाहरु राज्य गर्छन्" भन्ने मात्र उल्लेख गरेर केही वर्ष पहिले मात्र दिवङ्गत यहाँका प्रभावशाली राजा अंशुवर्माको विद्वत्ता तथा ख्यातिको पनि मुक्तकण्ठले प्रशंसा गरेका छन्।

आभीर अधिनायक जिष्णु गुप्त तथा यिनका छोरा विष्णु गुप्तको २१ वर्षजतिको प्रशासनकाललाई पनि मध्य लिच्छविकालको सुव्यवस्थित प्रशासनकालका रुपमा गणना गर्न सकिन्छ। महासामन्त अंशुवर्माले जस्तै यिनीहरुले पनि जनताको हित गर्नुलाई नै आफ्नो मुख्य कर्तव्य सम्झिँदै आइरहेका थिए। यसका निमित्त यिनीहरुले 'ग्राम' तथा 'द्रङ्ग' (नगरोन्मुख गाउँ)का पदाधिकारीलाई थप अधिकार पनि प्रदान गर्दै आइरहेका थिए। यस्तै जग्गाजमिनमा सिँचाइका सुविधाहरुको विस्तार पनि गराउँदै ल्याइरहेका थिए। फलतः कलाकौशल, उद्योग व्यवसाय तथा कृषि एवम् वाणिज्यको पनि राम्रै विकास भई यस समयको नेपाल निकै सभ्य तथा समृद्ध पनि भएर रहेको स्पष्ट रुपमै देखिएको छ। यति सबै भएर पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिले गर्दा आभीर अधिनायकको पतनलाई यति बेला नजिकै ल्याइपुऱ्याइदिएको थियो। तर स्वयम् विष्णु गुप्त आभीरले भने यस वस्तुस्थितिलाई पहिचान गर्न सकिरहेका थिएनन्।

चीन सम्राट् 'ताई जोङ'को राज्यकाल (विसं ६८३–७०६)मा भारतमा उत्तरी भारतका शक्तिशाली सम्राट् हर्षवर्द्धन र दक्षिणी भारतका अर्का त्यस्तै शक्तिशाली राजा पुलकेसिन (द्वितीय)का बीचमा राजनीतिक शक्ति सङ्घर्षहरु चलिरहेका थिए। यसै स्थितिमा दक्षिणी भारतमा समेत आफ्नो राजनीतिक प्रभावलाई विस्तार गर्ने आकाङ्क्षाअनुसार सम्राट् हर्षवर्द्धनले दक्षिणी भारतमा रहेको वर्तमान महाराष्ट्रमाथि आक्रमण गर्दा त्यहाँका राजा पुलकेसिन (द्वितीय)ले यिनलाई युद्धक्षेत्रमा नराम्रैसँग हराइदिएका थिए। तैपनि यी दुई राजाहरुको बीचमा आपसी खिचातानी चलिरहेका थिए।

यसै किसिमको खिचातानी यति बेला इरानका सम्राट् 'शाह खुसरु' (द्वितीय) र रोमन सम्राट् 'हिरैक्लियस'का बीचमा पनि चलिरहेको पाइन्छ। यसैले सम्राट् हर्षवर्द्धनका विरूद्धमा राजा पुलकेसिन (द्वितीय)ले र सम्राट् हिरैक्लियसका विरूद्धममा शाह खुसरुले पनि आपसी सद्भाव तथा मित्रताका निमित्त यिनैताक आपसमा राजदूतहरुको आदानप्रदान गराइरहेका थिए। यसले गर्दा उत्तरी भारतका सम्राट् हर्षवर्द्धनलाई यति बेला निकै राजनीतिक दबाब परिरहेको थियो। यसै राजनीतिक प्रतिस्पर्धामा राजा पुलकेसिन

(द्वितीय)को विरूद्धमा सम्राट् हर्षवर्द्धनद्वारा पनि सद्भावनाका लागि विसं ६९८ को आसपासमा उही पुरानो एवम् घुमाउरो बाटो गरी आफ्नो एउटा दूतमण्डल चीन साम्राज्यको राजधानी पेकिङमा पठाइएको पाइन्छ। चीनमा पठाइएको यो भारतीय दूतमण्डल त्यहाँबाट स्वदेशतर्फ फर्कंदा यसको प्रत्युत्तरमा चीन सम्राट् 'ताइ जोङ'ले पनि 'ली यू पाओ'को नेतृत्वमा आफ्नो एउटा दूतमण्डल भारतमा सम्राट् हर्षवर्द्धनको राजभनवमा पठाइदिएका थिए। राजा हर्षवर्द्धनले पठाएको भारतीय दूतमण्डलका साथसाथै आएर तिब्बततर्फको भर्खरै नयाँ खुलेको छोटो बाटो भई हिमालयका हिमाच्छन्न पर्वतमालालाई पार गरी यो दूतमण्डल नेपाल अधिराज्यमा उत्रिएको थियो। उता राजा उदयदेव तिब्बतमा गएर शरणार्थीका रुपमा रहेदेखि नै तिब्बतसँग नेपाल अधिराज्यको वैमनस्य थियो। यसैले सम्भवतः आभीर अधिनायक विष्णु गुप्तले यस चिनियाँ दूतमण्डललाई नेपाल अधिराज्यभित्र प्रवेश गर्न अनुमति दिन आनाकानी गरिदिएका थिए। यिनको यही आनाकानीले गर्दा सम्राट् हर्षवर्द्धन तथा तिब्बतराज स्रङचङ गम्पोसमेत दुवै शक्तिशाली छिमेकी राजाहरु यिनीदेखि क्रुद्ध भएका र यिनीहरुको यही क्रोध नै नेपालमा आभीर अधिनायकहरुको पतनको प्रत्यक्ष कारण बन्न आएको झलक पाइन्छ।

पदच्युत भएका राजा उदयदेव शरणार्थीका रुपमा तिब्बतमा पुगेका थिए। यतिन्जेल यिनको देहान्त भइसकेको थियो र यिनका छोरा युवराज नरेन्द्रदेवले आफ्नो युवावस्थामा राम्रैसँग प्रवेश गरिसकेका थिए। यति बेला यिनको उमेर ३० वर्षको आसपास भएको झलक पाइन्छ। आफ्नो गुमेको राज्यसत्ता आभीर अधिनायक विष्णु गुप्तको हातबाट फिर्ता लिने आकाङ्क्षा राखी प्रवासमा गएर प्रतीक्षारत रहेका युवराज नरेन्द्रदेवका निमित्त यो घटना एउटा अपूर्ण अवसरका रुपमा उपस्थित थियो। यसैले भारतीय तथा चिनियाँ दूतमण्डलका सदस्यहरुलाई नेपाल अधिराज्यबाट पार गराएर भारतमा सकुशल पुऱ्याइदिने जिम्मा लिई यिनी आफ्ना दलबलसहित नेपाल अधिराज्यतर्फ अघि बढेको पाइन्छ। यिनको यस अभियानमा राजा स्रङचङ गम्पोबाट पनि सहयोग प्राप्त हुनु

स्वाभाविकै थियो। यिनले चिनियाँ तथा भारतीय दुई ओटै दूतमण्डललाई सकुशल नेपालको तात्कालिक राजधानी युपग्राममा उतारिदिएको झलक पाइन्छ (विसं ६९९)।

युवराज नरेन्द्रदेव आफ्ना दलबलसहित नेपाल अधिराज्यमा पदार्पण गर्नेबित्तिकै एउटा सशक्त शक्ति सङ्घर्षपछि राजा भीमार्जुनदेव आफूले धारण गरिरहेका नेपाल अधिराज्यको राजमुकुट युवराज नरेन्द्रदेवलाई सुम्पन विवश भए। फलतः नेपाल अधिराज्यकी राजलक्ष्मीले यसपछि युवराज नरेन्द्रदेवलाई नै आफ्ना अभिभावकका रुपमा वरण गरिदिएकी थिइन्। यसपछि यिनी नेपालका राजाका रुपमा स्थापित भए। यसबाट आभीर अधिनायक विष्णु गुप्त आभीरको शासनाधिकार समाप्त भएको पाइन्छ।

आभीरहरुको हातबाट आफ्नो राज्याधिकार फिर्ता गर्न युवराज नरेन्द्रदेवले ठूलै शक्ति सङ्घर्ष गर्नुपरेको पाइन्छ। पाटन दरबार 'भन्सारचोक'मा रहेको आफ्नो एक शिलालेखमा राजा नरेन्द्रदेवले गर्वका साथ लेखाएका छन्— "वीर सैनिकका भाला तथा बाणका प्रहारहरुले गर्दा तर्सिएका हात्ती तथा घोडाहरुले भरिभराउ भएको युद्धको मैदानमा आफ्नो लोभलाग्दो पराक्रमले गर्दा नै मैले आफ्ना विपक्षीहरुमाथि विजय प्राप्त गर्न सकेको हुँ।"

साहित्यिक भाषामा लेखिएको यो शिलालेख केही अतिरञ्जित तथा अत्युक्तिपूर्ण पनि देखिन्छ तापनि आफ्नो राज्याधिकार फिर्ता लिन यिनले ठूलै शक्ति सङ्घर्ष गर्नुपरेको तथ्यलाई भने इन्कार गर्न सकिँदैन।

१.६ राजा नरेन्द्रदेव र यिनका उत्तराधिकारीहरु

युवराज नरेन्द्रदेव राजा उदयदेवका उत्तराधिकारी एवम् छोराका रुपमा पैदा भएका थिए। लगभग ३० वर्षको उमेरमा विसं ६९९ को आसपासतिर यिनी नेपाल अधिराज्यका 'महाराजाधिराज'का रुपमा 'कैलासकूट भवन'को राजसिंहासनमा विराजमान हुन आइपुगेका पाइन्छन्।

यिनको राज्यकाल निकै लामो रहेको पाइन्छ। चिनियाँ 'ताङ वृत्तान्त'अनुसार यिनलाई चीन तथा तिब्बतका राजाहरुले नेपाल अधिराज्यको राजसत्तामा फिर्ता ल्याइदिएका थिए। यो भनाइ केही मात्रामा सत्य पनि प्रतीत हुन्छ। तर यसको अर्थ यिनी चीन तथा तिब्बतका आश्रित राजा थिए भन्ने कदापि होइन। नेपालमा उपलब्ध रहेका यिनका शिलालेखबाट यिनी सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र राज्यका राजा थिए भन्ने स्पष्ट रुपमै देखिन्छ। साथै आफ्नो राज्याधिकार फिर्ता प्राप्त गर्दा यिनले ठूलै शक्ति सङ्घर्ष गर्नुपरेको चर्चा पनि यिनले आफ्नो शिलालेखमा गराएका छन्।

विसं ७०० देखि ७३६ सम्मका यिनका शिलालेखहरु उपलब्ध रहेका छन्। यति मात्र होइन, तात्कालिक शिलालेखहरुको अध्ययनबाट यिनी विसं ७३९ को आसपाससम्म पनि जीवितै रहेका सङ्केतहरु प्राप्त हुन आएका छन्। यसबाट यिनको राज्यकाल पुगनपुग ४० वर्षजति रहेको देखिन्छ।

राजा नरेन्द्रदेव पनि निकै प्रशावशाली राजा देखिन्छन्। यिनको राज्यकाल प्रारम्भ भएपछि 'युपग्राम'को 'मानगृह'मा रहेको लिच्छवि राज्यको पुरानो राजसिंहासन फेरि

पनि उपेक्षित भएर रहन थालेको पाइन्छ। यिनको नामबाट जति पनि शिलालोखहरु प्रसारित भएका पाइन्छन्। ती सबै 'कैलासकूट भवन'बाट प्रसारित भएका छन्।

यिनको राज्यकालमा नेपालमा आएका प्रसिद्ध चिनियाँ तीर्थयात्री 'वाङ युआन चे'ले "लिच्छवि राजा (नरेन्द्रदेव) बुद्धमूर्ति अङ्कित मणिबन्ध धारण गरिरहेका हुन्छन्" भनी लेखेका छन्। यस्तै यिनको राज्यकालको अन्तिम समयतिर प्रसारित भएका यिनका शिलालेखहरुमा धर्मचक्र तथा मृगशावकहरु जस्ता बुद्धधर्मका प्रतीकहरु अङ्कित भएका पाइएका छन्। साथै पशुपतिमा उपलब्ध रहेको आफ्नो एक शिलालेखमा यिनले 'शिवदेव बिहार'को भिक्षु सङ्घलाई भूमिदान गरेको चर्चा पनि गराएका छन्। आफ्नो जीवनकालको अन्तिम समयतिर यिनको बौद्ध धर्मप्रति झुकाउ रहेको सङ्केत पाइएको छ।

चीनबाट स्वदेशतर्फ फर्केर आइरहेको सम्राट् हर्षवर्द्धनको भारतीय दूतमण्डललाई सकुशल भारततर्फ पठाइदिनु नै राजा नरेन्द्रदेवको राज्यकालको पहिलो महत्वपूर्ण काम देखिएको छ। भारतीय दूतमण्डलका साथसाथै सम्राट् हर्षवर्द्धनको राजभवनमा जान भनी 'लिन् पियाओ'को नेतृत्वमा चिनियाँ दूतमण्डल पनि आएको थियो (विसं ७००)। 'हुएन त्से' नामक अर्का एक जना 'वाङ' अर्थात् सेनानायक पनि यस दूतमण्डलका सदस्यका रुपमा आएका थिए। राजा नरेन्द्रदेवले यस दूतमण्डलको अवश्य नै पनि हार्दिक स्वागत गरेका थिए होलान्। 'ताङ वृत्तान्त'अनुसार यस पटक आएको चिनियाँ दूतमण्डल स्वदेशतर्फ फर्केर जाँदा राजा नरेन्द्रदेवले आफ्ना युवराजको नेतृत्वमा नेपाली दूतमण्डललाई पनि चीन बादशाहकहाँ पठाइदिएका थिए।

यसको दुई वर्षजति पछि पहिलो दूतमण्डलका सदस्यका रुपमा आएका उनै वाङ 'हुएन त्से'को नेतृत्वमा दोस्रो चिनियाँ दूतमण्डल पनि तिब्बतकै बाटो भई नेपाल अधिराज्य हुँदै भारततर्फ लागेको थियो। यतिन्जेल सम्राट् हर्षवर्द्धनको देहान्त भई उनको विशाल साम्राज्य छिन्नभिन्न भएर अनेकौं विभागमा विभक्त भई नेपाल अधिराज्यको सीमान्त क्षेत्रमा 'अरूणाश्व' नामक उनैका एक जना प्रान्तपालले आफूलाई स्वतन्त्र राजाका रुपमा घोषणा गरिसकेका थिए।

'ताङ्वृत्तान्त'अनुसार ३२ सदस्यीय दोस्रो चिनियाँ दूतमण्डल नेपाल अधिराज्यलाई पार गरेर भारतको तिरहुत प्रदेशमा उत्रनेबित्तिकै अरूणश्वका सैनिकहरुले यस दूतमण्डलका सदस्यहरुको घोर अपमान मात्र गरेनन्, दूतमण्डलका केही सदस्यहरुको हत्या गरी बाँकी सदस्यहरुलाई अपमानपूर्वक पक्रिएर आफ्नो दुष्टताको परिचय राम्रैसँग पस्तुत गरिदिए। यति बेला दूतमण्डलका नेता 'वाङ हुएन् त्से' स्वयम् अरुणाश्वका सैनिकहरुद्वारा पक्रिएका थिए। यिनी त्यहाँबाट येनकेन भाग्न सफल भई नेपालमा आएर नेपाली तथा तिब्बती सैनिकहरुको सहयोगले अरूणाश्वका सैनिकहरुमाथि विजय प्राप्त गरी उनलाई पक्रिएर चीनमै लिएर गएका थिए। ताङ वृत्तान्तमा दिइएको यो विवरण निकै अतिरञ्जित देखिन्छ तापनि आंशिक रुपमा भने सत्य प्रतीत हुन्छ।

यसको केही वर्षपछि यिनै वाङ हुएन त्से चीन सम्राट् 'चुङ होई'को तर्फबाट भारतका प्रसिद्ध बौद्ध तीर्थस्थलमा काषाय वस्त्रहरु चढाउन भनी बौद्ध भिक्षुका रुपमा तेस्रो पटक पनि नेपालकै बाटो गरी भारतमा गएका थिए (विसं ७०४)। यिनले आफ्ना तीनै पटकका यात्राहरुको जुन रोचक विवरणहरु लेखेर गएका थिए ती सबै नष्ट भइसकेका छन् तापनि त्यसको सारसङ्क्षेप 'ताङवृत्तान्त'मा सङ्गृहीत रहेको पाइन्छ। यस विवरणमा नेपालका बारेमा पनि यिनले निकै रोचक कुरा लेखेका छन्। उदाहरणका रुपमा—

"नेपाल अधिराज्य तिब्बतको दक्षिणपश्चिममा पर्छ। यहाँका निवासीहरु आँखीभुइँसम्म आइपुग्ने गरी कपाल पाल्छन्। यिनीहरुमा आफ्ना कानहरु छेडेर बाँस वा जनावरका सिङका गहनाहरु लगाउने चलन छ। यिनका भाँडाकुँडा सबै तामाले बनेका हुन्छन्। यहाँका मानिसहरु खेतीको काम कमै मात्र गर्ने गर्छन्। यहाँका सिक्काहरु तामाबाट बनेका हुन्छन्। यिनमा एकातिर मानिसका र अर्कातिर घोडा वा साँढे आकृतिका कुँदिएका हुन्छन्। यस्ता सिक्काहरुमा बीचमा प्वाल भने पारिएको हुँदैन।

वाङ हुएन त्सेले अगाडि लेखेका छन्— "यहाँका राजा विभिन्न किसिमका जडाउ जडिएका गरगहनाले सिँगारिएका हुन्छन्। यिनको कानमा मणिजडित सुनको कुण्डल

लर्किरहेको हुन्छ। यिनी बुद्धको मूर्ति अङ्कित मणिबन्ध धारण गर्छन् र सिंहको आकृति भएको राज्यासनमा विराजमान भइरहेका हुन्छन्। तीन खण्ड भएको यिनको विशालकार्य राजभवनका बीचमा तामाको छाना भएको सात तले एउटा आकर्षक बुर्जा रहेको छ। यस राजभवनका थाम, भित्ता तथा दलिनहरु सबै मूल्यवान् पत्थरैपत्थरले सिँगारिएका छन्।

"यस राजभवनका बुर्जाको चारै कुनामा तामाले बनेका पानीका नलीहरु जडिएका र यसै राजभवनको पटाङ्गिनीमा सुनौला रङका गोहीहरु सजाएर राखिएका छन्। तामाका नलीहरुबाट तल माथि हुँदै बुर्जाको माथिबाट झरेका पानीका स्रोतहरु गोहीका मुखबाट निस्किँदा पहाडी झर्नाहरुको मनोहर दृश्य देखिइरहेको हुन्छ।

"नेपाल अधिराज्यको राजधानीदेखि दक्षिणपूर्वमा 'आ कि पो नी' (अग्नि पुष्किरणी?) नाम भएको एउटा सानो तर गहिरो तलाउ छ। यो तलाउ वर्षायाममा जस्तै सुक्खायाममा पनि पानीले भरिभराउ भइरहेको हुन्छ। यस तलाउमा कसैले आगो लगाइदियो भने पूरै तलाउ दन्दनी बल्न थाल्छ र तलाउबाट आगाका तप्काहरु साथसाथै धूवाँ पनि उठ्न थाल्छ। यदि पानीको प्रयोग गरी आगोलाई निभाउन खोजियो भने बलिरहेको आगो अझै प्रचण्ड रुप धारण गरेर दन्कन थाल्छ। खाद्य पदार्थलाई भाँडामा राखी यहाँको पानीमा डुबाइयो भने खानेकुरा यत्तिकै पाकेर तयार हुने हुन्छ।"

राजा नरेन्द्रदेवको विसं ७१६ को एक शिलालेखमा आफ्ना 'दूतक' अर्थात् सन्देश प्रसारकका रुपमा 'युवराज स्कन्ददेव'को नाम उल्लेख पाइन्छ। तर विसं ७२२ देखि भने यिनी देखिन छोड्छन् र विसं ७२७ देखि युवराजका रुपमा 'शौर्यदेव' देखापर्छन्। तर आफ्नो जीवनकालको अन्तिम समयसम्मका यिनले शौर्यदेवसँगको वियोगलाई पनि सहनुपरेको सङ्केत प्राप्त भएको छ। राजा नरेन्द्रदेवको पाइएसम्ममा सबैभन्दा पछिल्लो शिलालेखमा भने 'दूतक'का रुपमा 'युवराज शिवदेव' देखापरेका छन्।

आफ्ना छोराहरुसँगको वियोगलाई यसरी एकएक गरी असमयमै सहनुपरेर नै होला, आफ्नो जीवनकालको अन्तिम समयतिर राजा नरेन्द्रदेव वैराग्यग्रस्त भई युवराज शिवदेव (द्वितीय)लाई 'भट्टारक' अर्थात् राजाका रुपमा कैलासकूट भवनमा रहेको लिच्छवि राज्यको राजसिंहासनमा विराजमान गराई स्वयम् भने 'परमभट्टारक'को पदवी धारण गरी 'भद्राधिवसभवन' नामक नयाँ निर्माण भएको राजभवनमा रहेर वानप्रस्थ जीवन बिताइरहेको सङ्केत प्राप्त हुन आएको छ। तर राजकीय आदेशहरु भने यति बेला पनि राजा नरेन्द्रदेवकै नामबाट प्रसारित पाइन्छन्।

यसै स्थितिमा विसं ७४० को आसपासमा यिनको देहान्त भएको र यिनका उत्तराधिकारीका रुपमा युवराज शिवदेव (द्वितीय) नेपाल अधिराज्यको राजसिंहासनमा विराजमान भएका पाइन्छन्। राजा शिवदेव (द्वितीय)का विसं ७५१ देखि ७६२ सम्मका शिलालेखहरु उपलब्ध भएका छन्। तर पूर्वापर विचार गर्दा यिनको राज्यकाल विसं ७४० को आसपासदेखि विसं ७६७ को आसपाससम्म रहेको सङ्केत प्राप्त हुन आएको छ।

राजा शिवदेव (द्वितीय) पनि सुयोग्य राजा देखिन्छन्। यिनैका उत्तराधिकारी एवम् छोरा राजा जयदेव (द्वितीय)ले स्थापना गराएको पशुपति मन्दिरको प्राङ्गणमा रहेको सुप्रसिद्ध काव्यात्मक अभिलेखलाई आधार मान्ने हो भने यिनी "दानी ताथ सम्पन्न रहेका थिए, शत्रुहरुमाथि सधैं विजय प्राप्त गर्थे र आफ्ना प्रजाहरुलाई विधिपूर्वक पालना गर्ने गर्थे।" उत्तरी भारतमा रहेका मगधसम्राट् आदित्य सेनकी दौहित्री एवम् मौखरी राजा भोगबर्माकी छोरी राजकुमारी श्रीवत्सेवीका साथ यिनको विवाह भएको थियो। यिनै महारानीका तर्फबाट यिनका जयदेव (द्वितीय) नामक युवराजको जन्म भएको पाइन्छ।

राजा नरेन्द्रदेव जस्तै राजा शिवदेव (द्वितीय)ले पनि आफ्ना शिलालेखहरुमा आफूलाई "भगवान् पशुपतिनाथको पाउबाट अनुग्रह पाएको भनी लेखाएका छन्। यसबाट सनातन धर्मको शैव सम्प्रदायप्रति यिनको विशेष अनुराग रहेको देखिएको छ। यिनले आफूलाई "वर्ण व्यवस्था तथा आश्रम व्यवस्थाका पक्षपाती"का रुपमा पनि उपस्थापित गराएका छन्।

आफ्ना दुवै छिमेकी देशहरुसँग समान दूरीको राजनीतिक सम्बन्ध राख्ने जुन परम्परा 'महासामन्त' अंशुवर्माले स्थापित गरेका थिए, राजा शिवदेव (द्वितीय)को राज्यकालसम्ममा यो परम्परा निकै विचलित पाइन्छ। राजा नरेन्द्रदेवको राज्यकालमा नेपालको तिब्बततर्फ बढी झुकाउ थियो। राजा शिवदेव (द्वितीय)ले भने आफ्नो दक्षिणी छिमेकी देश भारतर्फ बढी झुकाउ राख्न थालेको पाइन्छ। तात्कालिक तिब्बतराज 'दुर स्रोङ'को नेपालप्रतिको वनदृष्टिले गर्दा यिनी यस समयमा यस किसिमको भारतपरस्त परराष्ट्रनीतिलाई अवलम्बन गर्न विवश भएका पाइन्छन्।

लिच्छवि राजा शिवदेव (द्वितीय)पछि यिनका छोरा जयदेव (द्वितीय) नेपाल अधिराज्यको राजसिंहासनमा विराजमान हुन आइपुगेका पाइन्छन् (विसं ८२४–८५४)। तिब्बतको नेपाल अधिराज्यप्रति रहेको वक्रदृष्टि भने यिनको राज्यकालसम्म पनि हट्न सकेको लक्षण देखिँदैन। यसैले 'हर्षदेव' नामक एक जना भारतीय राजाकी छोरीसँग विवाहसम्बन्ध स्थापित गरी यिनले पनि आफ्नो राजनीतिक स्थितिमा निकै सुधार गराएका थिए। यिनका दरबारिया कवि बुद्धकीर्तिले आफूले रचना गरेको अभिलेखमा राजा हर्षदेवलाई "भगदत्त राजाका वंशज र गौड, उड्र, कलिङ्ग तथा कोसल देशहरुका अधिपति" भनी उल्लेख गराएका छन्। यिनको यो भनाइ निकै अत्युक्तिपूर्ण देखिन्छ। जेहोस्, तिब्बतसँगको वैमनस्यबाट व्याप्त रहेको नेपाल अधिराज्यको अशान्तमय वातावरणलाई शान्त तुल्याई व्यवस्थित तरिकाले राज्यप्रशासन सञ्चालन गर्दै आएकाले जयदेव (द्वितीय)को ३० वर्षजतिको लामो राज्यकालमा पनि विद्या, वैभव तथा कला कौशलहरुको पनि समुचित विकास भई यति बेला पनि नेपाल अधिराज्य समृद्ध पाइन्छ। यिनको राज्यकालमा स्थापना गरिएका प्रौढ एवम् प्राञ्जल संस्कृत अधिलेखहरु यिनको राज्यकालमा भएका विद्या तथा वैभवहरुका उत्कर्षका परिचायक छन्।

राजा शिवदेव (द्वितीय)को पहिलो शिलालेख विसं ७७० को प्राप्त भएको छ। यति बेला यिनी ३० वर्षको आसपासका थिए। पशुपतिको प्राङ्गणमा रहेको विसं ७८९ को सुप्रसिद्ध शिलालेख यिनको सबैभन्दा पछिल्लो शिलालेखका रुपमा देखिएको छ।

यतिन्जेलसम्म यिनकी आमा श्रीवत्सदेवी जीवितै रहेकीले यति बेला यिनको उमेर ५० वर्ष नाघेको लक्षण देखिँदैन। पूर्वापर विचार गर्दा यिनको राज्यकाल विसं ७६७ देखि ७९० सम्म रहेको झलक पाइन्छ।

राजा जयदेव (द्वितीय)को लामो राज्यकालमा पनि नेपालमा विद्या, वैभव तथा कलाकौशलको पर्याप्त विकास हुँदै आइरहेको पाइन्छ। यिनको राज्यकालमा स्थापित भएका प्रौढ तथा प्राञ्जल संस्कृत शिलालेख नै यिनको राज्यकालमा रहेको नेपाल अधिराज्यको शान्तमय वातावरण र विद्या एवम् वैभवको उत्कर्षका परिचायक छन्।

राजा जयदेव (द्वितीय)का उत्तराधिकारीका रुपमा विसं ७५२ को आसपासमा युवराज विजयदेवको जन्म भएको झलक पाइन्छ। राजा जयदेव (द्वितीय)का 'दूतक'का रुपमा 'युवराज विजयदेव'को नाम उल्लेख भएको छ। यसबाट राजा जयदेव (द्वितीय)को देहान्तपछि यिनी नै नेपाल अधिराज्यको राजसिंहासनमा विराजमान भएका थिए भन्नेमा कुनै पनि सन्देह छैन। तर राजाका रुपमा यिनको नाम उल्लेख भएको शिलालेख भने हालसम्म उपलब्ध हुन सकिरहेको छैन। विसं ७९० को आसपासमा राजा जयदेव (द्वितीय)को देहान्त भएको लक्षण पाइने र विसं ८१२ मा 'मानदेव' (द्वितीय) नामक अर्का एक जना राजा नेपाल अधिराज्यको राजसिंहासनमा विराजमान भइरहेका देखिने राजा विजयदेवको राज्यकाल विसं ७९० देखि विसं ८१० को आसपाससम्म रहेको पाइन्छ।

राजा मानदेव (द्वितीय)को राज्यकालभन्दा लगभग सवा सय वर्षजति पछि विसं ९३४ (संवत् ३०१) मा लिपिबद्ध भएको 'सहोत्तर तन्त्र' नामक एउटा वैद्यक ग्रन्थ उपलब्ध छ। यस ग्रन्थको उपसंहारमा "राजा मानदेवको राज्यकालमा यो पुस्तक लिपिबद्ध भएको हो" भन्ने उल्लेख भएकाले यस समयमा नेपालमा 'मानदेव' (तृतीय) नामक अर्को राजा पनि भएका रहेछन् भन्नेसम्म थाहा हुन आएको छ।

यसको पुगनपुग दुई वर्षजति पछि विसं ९३६ को कात्तिक शुक्ल प्रतिपदा (कात्तिक २६ गते, तदनुसार २० अक्टोबर इसं ८७९) देखि यहाँ अर्के नयाँ राजवंशका 'राघदेव' नामक राजाले 'पशुपति भट्टारक संवत्'को नामले नयाँ संवत्को प्रचलन राजा भएको झलक प्राप्त हुन आएको छ। तर नेपालमा लिच्छवि राजवंशको अन्त्य कसरी भयो र नयाँ राजवंश कसरी राजसत्तामा आयो, यसको विवरण भने उपलब्ध छैन। सम्भवतः लिच्छवि राजवंशको अन्त्य गराई नयाँ राजवंशको उत्थान गराएको स्मारकस्वरुप नै नयाँ राजवंशका राजा राघवदेवले अर्को थरी नयाँ राष्ट्रिय संवत्को प्रचलन आरम्भ गराएका थिए। यही संवत् अचेल 'नेवारी संवत्' वा नेपाल संवत्को नामले प्रसिद्ध छ।

१.७ अन्धकार युगको नेपाल

जुन समयमा आभीर अधिनायक जिष्णु गुप्तले नेपालमा आफ्नो प्रशासनसूत्रलाई दृढतापूर्वक सम्हालिरहेका थिए, त्यसै समयमा विसं ६७९ मा 'हजरत मुहम्मद' (विसं ६२७–६८९)ले अरबमा इस्लाम धर्मको जग बसालिदिएका र यस घटनाको १९ वर्षजति पछि यिनी त्यहीँ दिवङ्गत भएका पाइन्छन्। विश्व इतिहासमा हजरत मुहम्मदको जन्मलाई महत्वपूर्ण सामाजिक तथा राजनीतिक घटनाका रुपमा गणना गर्नु अत्यावश्यक छ।

प्रारम्भमा त हजरत मुहम्मदका वाणीहरु त्यस क्षेत्रमा धार्मिक ज्योतिहरुका रुपमा मात्र प्रकट भएका थिए। यसैले चीन, इरान तथा रोम साम्राज्यमा पनि आफूले प्राप्त गरेका ज्ञानका ज्योतिहरुको प्रचारप्रसार गर्न पनि माग गरी पठाएका थिए। चीनका तात्कालिक बादशाह 'ताई जोङ' अपेक्षाकृत उदार स्वाभावका राजा भएकाले उनले हजरत मुहम्मदले पठाएका दूतहरुलाई चीनमा रहेर उनका अमरवाणीलाई प्रचार गर्न अनुमति प्रदान गरिदिँदा हजरत मुहम्मदकै जीवनकालमा त्यहाँ एउटा मस्जिद पनि बनेको थियो। तर चिनियाँ नागरिकहरुले यस धर्मप्रति खास अभिरूचि नदेखाएकाले इस्लाम धर्म त्यहाँ त्यति बेला फैलिन सकेको थिएन।

तर इरानका तात्कालिक बादशाह 'शाह खुसरू'का उत्तराधिकारी सम्राट् 'कवादह'ले भने हजरत मुहम्मदद्वारा आफ्ना वाणीहरुको प्रचारप्रसार गर्न आफ्ना दूतहरुमार्फत माग गरी पठाएको अनुरोधपत्रलाई दूतहरुका अगाडि खुलेआम अपमानपूर्वक च्यातिदिई इस्लाम धर्मको अपहेलना गरिदिएकाले यस धर्मका दोस्रा खलिफा 'उमर'का अरब सैनिकहरुले त्यस राज्यमाथि आक्रमण गरेर केवल तीन दिनको लडाइँमा सम्राट्

'कवादह'को निर्दयतापूर्वक हत्या गरी र इरानी साम्राज्यको अन्त्य गराई त्यस क्षेत्रमा आबाद रहेका प्रायः सम्पूर्ण इरानी नागरिकलाई बलपूर्वक इस्लामका अनुयायीहरुका रुपमा परिणत गराइदिएका थिए (विसं ६९४)। लगत्तै पश्चिमतर्फ रहेका सिरिया, लिबिया तथा मिश्रमा समेत आफ्नो अधिकार स्थापित गरेर रोम साम्राज्यको सिमानासम्म पुगेर पूर्वतर्फ बढ्दै आई केही वर्षपछि मध्य एसियामा रहेका ससाना राज्यहरुमा अधिकार स्थापित गर्दै अरबहरु विक्रमको आठौं शताब्दीको आरम्भसम्ममा चीन तथा तिब्बतको सिमानासम्म पनि आइपुगेका पाइन्छन्।

यस समयमा 'खलिफा'हरुको मूल राजधानी वर्तमान सिरिया राज्यको दमिस्क सहरमा स्थापित थियो। यसै अबर दिग्विजयको समयमै लिच्छवि राजा नरेन्द्रदेव नेपाल अधिराज्यको प्रभावशाली राजाका रुपमा उपस्थित थिए (विसं ६९९)।

विक्रमको आठौं शताब्दीको आरम्भदेखि नै मध्य एसियामा इस्लाम धर्मका अनुयायी अरबहरुको जोडदार रुपमा आक्रमण हुन थालिसकेको थियो। यसैले त्यस समयका चीन, तिब्बत तथा अरब यी तीन ओटा शक्ति राष्ट्रहरुको चेपुवामा परेर 'खोतान'मा रहेको पुरानो भारतीय राज्यको एकाएक अन्त्य भएको थियो। यस अप्रत्याशित घटनाले गर्दा भारतबाट चीन साम्राज्यको राजधानी पेकिङतर्फ जाने 'खोतान'तर्फको पुरानो घुमाउरो बाटो पनि स्वाभाविक रुपमा बन्द भएको थियो। तर यतिन्जेल चीनबाट तिब्बत हुँदै नेपालतर्फ आउने अर्को नयाँ वैकल्पिक तथा छोटो राजमार्ग खुलिसकेको र उता भारतमा दोस्रो गुप्त साम्राज्यको उत्थान भएदेखि नै त्यहाँबाट पूर्वतर्फ जाने सामुद्रिक मार्गहरु पनि प्रचलनमा आउन थालिसकेका थिए। यसैले चीन, तिब्बत तथा नेपालका बीचमा पारस्परिक आवागमन तथा सांस्कृतिक आदानप्रदानमा इस्लाम धर्मको विस्तारले पनि खास असर पार्न सकिरहेको देखिँदैन। यथार्थमा भन्ने हो भने आफ्नो विशिष्ट किसिमको भौगोलिक अवस्थितिले गर्दा नेपाल अधिराज्य यसै समयदेखि भारतीय, चिनियाँ तथा तिब्बती सभ्यता एवम् संस्कृतिको सङ्गमस्थलका रुपमा विकसित हुन थालिरहेको स्पष्ट रुपमै देख्न पाइन्छ।

यता नेपालमा राजा विजयदेवको राज्यकालपछिको सवा सय वर्षजतिको नेपाल अधिराज्यको इतिहास भने पूर्णतया अन्धकारमा विलीन भएर रहेको पाइन्छ। हुन पनि राजा जयदेव (द्वितीय)को राज्यकालपछि नेपालमा शिलालेखहरु एकाएक उत्कीर्ण हुन छाड्छन्। ताम्रलेखहरु प्रसारित गर्ने प्रचलन बढ्दै आई शिलालेखहरु स्थापित हुन छाडेकाले नै नेपाल अधिराज्यमा यस समयपछिका शिलालेखहरुको सर्वथा अभाव हुन गएको झलक पाइन्छ। तर यस समयमा स्थापित भएका ताम्रलेखहरु प्रायः सबै नष्ट भइसकेकाले यस अवधिको नेपाल अधिराज्यको इतिहास पूर्णतया अन्धकारको गर्भमा विलीन छ। पछिका वंशावलीबाट पनि यस समयको नेपालका बारेमा खास प्रकाशहरु प्राप्त हुन सकिरहेका छैनन् र यस अवधिको नेपालको इतिहासलाई प्रकाशमा ल्याउने अन्य कुनै भरपर्दा साधन पनि उपलब्ध छैनन्।

यसैबीचमा विसं ८१३ (संवत् १८०) को एक अभिलेखबाट यस समयमा नेपालमा 'मानदेव' नामक अर्का लिच्छवि राजाले नेपाल अधिराज्यको राज्यभार वहन गरिरहेको पाइन्छ। यिनी राजा विजयदेवका उत्तराधिकारी प्रतीत हुन्छन्। तर यिनको राज्यकाल कहिलेसम्म कायम रह्यो, थाहा पाउन सकिएको छैन। यसको १२१ वर्षजति पछि विसं ९३४ (संवत् ३०१) मा लेखिएको 'सहोत्तर तन्त्र' नामक अर्को एक वैद्यक ग्रन्थबाट पनि यस समयमा पनि 'मानदेव' नामक अर्का व्यक्ति यहाँ राजाका रुपमा कार्यरत पाइन्छन्।

लगत्तै विसं ९३६ कात्तिक २६ गते तदनुसार २० अक्टोबर इसं ८७९ देखि राजा राघवदेवको राज्यकालमा नेपालमा 'पशुपति भट्टारक संवत्'को नामले अर्कै नयाँ संवत्को उठान भएको पाइने हुनाले यिनै मानदेव (तृतीय) नै लिच्छवि राजवंशका अन्तिम राजा भएको पाइन्छ। तर नेपालमा लिच्छवि राजवंशको अन्त्य कसरी भयो र राघवदेव कसरी राजाका रुपमा स्थापित भए, आजसम्म पनि प्रायः यो विषय अन्धकारमै छ।

नेपाल अधिराज्यको राजनीतिक परिस्थिति जे जस्तोसुकै भए पनि लिच्छविकालको अन्त्यतिरको नेपाल अधिराज्य बौद्ध धर्मको महायान सम्प्रदायका आचार्यहरुको महत्वपूर्ण साधना स्थलका रुपमा थियो भन्नेमा भने कुनै पनि सन्देह रहेको छैन। सम्राट्

हर्षवर्द्धनको जीवनकालपछि उत्तरी भारतमा स्थापित भएको शक्तिशाली स्थानेश्वर राज्य छिन्नभिन्न भएर त्यस क्षेत्रमा ससाना अनेकौं राज्य बन्दै तथा बिग्रिँदै गरिरहँदा मगधमा आदित्य सेनले नयाँ गुप्त राजवंशको जग बसाइदिएका थिए। यिनका उत्तराधिकारीहरु भने पछि निस्तेज हुँदै आउँदा यो राज्य निकै निर्बल बन्न आएको र दह्रिलो राजनीतिक नेतृत्वको अभावमा झन्डै आधा शताब्दीसम्म बङ्गालका साथै बिहारमा पनि राजनीतिक रुपमा अस्तव्यस्त छाइरह्यो र त्यहाँ करिबकरिब अराजकता फैलियो। अराजकताबाट वाक्क भएर आखिरमा त्यहाँका जनताहरु आपसमा मिली 'गोपाल' नामक एक जना प्रभावशाली व्यक्तिलाई आफ्ना राजाका रुपमा चयन गर्न विवश भए (विसं ८२२)। जनताहरुद्वारा निर्वाचित भएका यिनै गोपाल नै पाल राजवंशका संस्थापक राजा मानिन्छन्।

गोपालका छोरा 'धर्मपाल' पनि त्यहाँका प्रसिद्ध राजाका रुपमा स्थापित भएका पाइन्छन्। ४० वर्षसम्म यिनी आफ्नो राज्यको राज्यभार वहन गर्दै रहेका थिए। पाल राजाहरुको खास राजधानी बिहारमा रहेको थियो तापनि बङ्गाल पनि यिनीहरुकै राज्यक्षेत्रभित्र थियो। बाँकी भारतमा भने यति बेला अनेकौं राजपूत राज्यको उत्थान भएर सबै राजपूत राज्य लगभग चार सय ५० वर्षसम्म एकआपसमा सङ्घर्ष गरिरहे।

जुन समयमा उत्तरी भारतमा राजनीतिक अस्तव्यस्तता व्याप्त थियो, त्यसै समयमा परवर्ती गुप्तकालमा स्थापित भएको त्यहाँको सुप्रसिद्ध नालन्दा महाबिहारको खस्किरहेको शैक्षिक वातावरणलाई त्यहाँका बौद्ध आचार्यहरुले सम्हालिरहेका थिए। नेपालका लिच्छवि राजाहरु सामान्यतया सनातन धर्मावलम्बी थिए तापनि बौद्ध धर्मप्रति समुचित आदरभाव प्रकट गर्न तथा बौद्ध बिहारहरुलाई आवश्यक भूमिहरु दान गर्न पनि चुक्दैनथे। नेपाली राजाहरुको यसै किसिमको धार्मिक सद्भावले गर्दा नालन्दा महाबिहारका बौद्ध आचार्यहरु यति बेला धर्मप्रचारका निमित्त नेपालमा बराबर आइरहने गरेको पाइन्छ। आचार्य शान्तरक्षित यिनै बौद्ध आचार्यहरुमध्ये एक थिए। काठमाडौंमा

रहेको स्वयम्भू महाचैत्यमा हिजोआज 'शान्तिपुर' नामको जुन प्रसिद्ध बौद्ध बिहार छ, त्यो बिहार यिनै आचार्यको स्मृतिमा यिनकै जीवनकालमा यहाँ स्थापित भएको पाइन्छ।

बौद्ध धर्मको प्रचारप्रसार आरम्भ हुनुभन्दा पहिले तिब्बतमा एउटा छुट्टै किसिमको धार्मिक सम्प्रदायको प्रचलन रहेको थियो। यही धार्मिक सम्प्रदाय नै केही परिवर्तन भएर अचेल 'बोन सम्प्रदाय'को नामले प्रसिद्ध छ। तिब्बतका बौद्ध आचार्यहरुले यद्यपि यस धार्मिक सम्प्रदायप्रति आफ्ना सद्भावहरु प्रकट गर्दै आइरहेका थिए। तर तिब्बतमा बौद्ध धर्मको क्रमशः विस्तार हुँदै आइरहेको यस सम्प्रदायका अनुयायीलाई चित्त बुझिरहेको थिएन। जुन समयमा राजा 'ठिस स्रो ल्दे चन' १३ वर्षको उमेरमा तिब्बत राज्यको राजगद्दीमा राखिएका थिए, त्यति बेला तिब्बतमा यस सम्प्रदायका अनुयायीहरुको जगजगी बढिरहेको थियो। राज्यका केही मन्त्रीहरु नै पनि यस सम्प्रदायका अनुयायीका रुपमा उपस्थित भएका थिए। यसले गर्दा यस समयसम्ममा तिब्बतमा बौद्ध धर्मको प्रचारप्रसारमा गतिरोधहरु आउन थालिसकेका थिए।

युवावस्थामा प्रवेश गरून्जेलसम्ममा तिब्बती राजा 'ठिस स्रो ल्दे चन'ले आफ्ना पूर्वजहरुको बौद्ध धर्म तथा यस धर्मका अनुयायीप्रतिको श्रद्धा तथा अनुरागलाई राम्रैसँग पहिचान गरिसकेका थिए। यसैले यिनमा पनि बौद्ध धर्मप्रतिको अनुराग तीव्र रुपमा जागिसकेको थियो। तर आफ्नै मन्त्रीहरुको असहयोगले गर्दा यिनी असमञ्जसमा परिरहेका थिए। यिनले यति बेला तिब्बतमा रहेका केही भारतीय तथा चिनियाँ विद्वान्हरुलाई बौद्ध धर्मग्रन्थहरुको तिब्बती भाषामा अनुवाद गर्ने काममा नियुक्त गरेका थिए। तर बोन सम्प्रदायका अनुयायी आफ्नै मन्त्रीहरुको असहयोगले गर्दा आफ्ना पथप्रदर्शक भएर रहँदै आएका बौद्ध आचार्यहरुलाई सुरक्षाका निमित्त नेपाल अधिराज्यको सिमानामा रहेको 'मङ ग्युल'मा पठाउन यिनी विवश भएका थिए। यसरी पठाइएका विद्वान्हरुमध्ये काश्मीरी विद्वान् अनन्त तथा अन्य केही चिनियाँ विद्वान्हरु त त्यहीँ बसे तर भारतीय विद्वान् ज्ञानेन्द्रले भने यत्तिकै निष्क्रियरहन चाहेनन्। उनी स्वदेशमा फर्किए।

बौद्ध भिक्षु ज्ञानेन्द्र नेपालको बाटो हुँदै भारतमा पुगेर घुम्दैफिर्दै नालन्दा महाबिहारमा पुगेका थिए। आफ्नो समयका बौद्ध धर्मका प्रसिद्ध विद्वान् आचार्य शान्तरक्षितको विद्वत्ताका बारेमा यिनले त्यहाँ निकै कुरा सुने। तर यति बेला उनी त्यहाँ थिएनन्। केही समयको अन्तरालपछि यिनले उनीसँग भेट गर्ने सुअवसर प्राप्त गरे। बौद्ध भिक्षु ज्ञानेन्द्रकै आग्रहअनुसार आचार्य शान्तरक्षित सर्वप्रथम तिब्बतको मङ ग्युलमा पुगेका थिए। त्यहाँको केही समयको बसाइपछि यिनी स्वदेशमा फर्किएर आए। जेहोस्, आचार्य शान्तरक्षितसँग सम्पर्क तथा प्रेरणाबाट बौद्ध भिक्षु ज्ञानेन्द्र तिब्बतमा बौद्ध धर्मको प्रचारप्रसार गर्न निकै उत्साहित भएका थिए।

आचार्य शान्तिरक्षितबाट प्राप्त भएका प्रेरणाबाट उत्साहित भएका ज्ञानेन्द्र मङ ग्युलबाट पुनः ल्हासामै फर्किए। त्यहाँ बौद्ध धर्मको संरक्षण तथा सम्बर्द्धन पनि कसरी गर्ने भन्ने कुरामा राजा ठिस स्रो ल्दे चनसँग यिनको गम्भीर चर्चापरिचर्चा चल्न थाले। राजा ठिस स्रो ल्दे चन बौद्ध धर्मलाई तिब्बतमा राजकीय धर्मका रुपमा स्थापित गराउन चाहन्थे। यसका निमित्त बोन सम्प्रदायका अनुयायी उनका आफ्नै एक जना प्रभावशाली मन्त्री बाधक बनेर उपस्थित थिए। राजाकै अनुमतिअनुसार केही मन्त्रीद्वारा यिनी जीवितै जलाइएकाले बोन सम्प्रदायको प्रभाव तिब्बतमा केही समय फेरि पनि निस्तेज भयो।

राजाको आदेशअनुसार आचार्य शान्तरक्षितलाई आमन्त्रण गर्न भनी बौद्ध भिक्षु ज्ञानेन्द्र फेरि पनि भारतमा आए। तिब्बती राजाको आमन्त्रण तथा बौद्ध भिक्षु ज्ञानेन्द्रको आग्रहअनुसार आचार्य शान्तरक्षित धर्म प्रचार गर्न पाउने लोभमा तिब्बतमा जान फेरि पनि कस्सिए। आचार्य शान्तिरक्षाका निमित्त यति बेला मुख्य समस्या कुन भाषाको माध्यममा आफ्नो धर्मको प्रचारप्रसार पनि गर्ने भन्ने परिरहेको थियो। तर काश्मिरी विद्वान् अनन्त त्यहाँ पहिलेदेखि नै बसिरहेका थिए र उनी तिब्बती भाषाका राम्रा ज्ञाता थिए। यसले गर्दा आचार्य शान्तरक्षितका निमित्त भाषाको समस्या समाधान भयो। आचार्य शान्तरक्षित आफ्ना प्रवचन भारतीय भाषामा गर्थे। यिनले त्यसलाई तिब्बती भाषामा रुपान्तरित गरिदिन थाले।

तर दुर्भाग्य! आचार्य शान्तरक्षित तिब्बतमा पुग्नेबित्तिकै त्यहाँ अनावृष्टि, दुर्भिक्ष तथा भूकम्प जस्ता अनेकौं दैवीप्रकोप लगातार देखापर्न थाले। यसले गर्दा बौद्ध धर्मका विरोधीहरुलाई यस धर्मको विरोध गर्न स्वाभाविक रुपमा अझै बल मिल्यो। "आचार्य शान्तरक्षितको आगमनले गर्दा नै यहाँ यस्ता अनिष्टकारी घटनाहरु घटिरहेका हुन्" भनी यिनीहरुले प्रचार गर्न आरम्भ गरिदिए। यसले गर्दा तिब्बतमा बौद्ध धर्मको प्रचारप्रसारमा व्यवधान उत्पन्न हुन आयो। यहाँबाट स्वदेशतर्फ फर्कन यिनी विवश भए।

बौद्ध धर्मका अर्का प्रसिद्ध विद्वान् आचार्य पद्मसम्भव पनि यिनताक नालन्दा महाबिहारमै कार्यरत थिए। तन्त्रमन्त्र, झारफुक तथा जादुटुनाप्रति विश्वास राख्ने बोन सम्प्रदायका अनुयायी धार्मिक नेताहरुबाट प्रभावित भएका तिब्बती नागरिकका निमित्त यति बेला आचार्य शान्तरक्षित जस्ता सदाचारवादी तार्किक विद्वान्को भन्दा आचार्य पद्मसम्भव जस्ता बौद्ध धर्मको महायान सम्प्रदायका अनुयायी तान्त्रिक विद्वान्को आवश्यकता थियो। यसैअनुसार आचार्य शान्तरक्षितले पद्मसम्भवसँग बौद्ध धर्मको संरक्षणका निमित्त तिब्बतमा गइदिन आग्रह गर्दा उनी त्यहाँ जान तयार भए।

आचार्य पद्मसम्भवका तन्त्र मन्त्रहरुले त्यहाँ आफ्ना प्रभावहरु सहजै देखाई पनि हाले। आशा गरिएअनुसार त्यहाँका बौद्ध धर्मका विरोधीहरुलाई शान्त तुल्याई त्यहाँ बौद्ध धर्मको वज्रयान सम्प्रदायको सूत्रपात गराउन यिनी सफल भए। यसैले तिब्बतमा अझैसम्म पनि आचार्य पद्मसम्भवलाई भगवान् अवलोकितेश्वरका अवतारका रुपमा आदरभाव प्रकट गरिँदै रहेको पाइन्छ।

१.८ वैश्य ठकुरी राजवंशको उदय

विक्रम संवत्को नवौं शताब्दीको आरम्भदेखि सवा सय वर्षजतिको नेपाल अधिराज्यको इतिहास अन्धकारको गर्भमा विलीन भएर रहेको छ भन्ने चर्चा यसअघि नै भइसकेको छ। यसबीचमा नेपालमा केकस्ता राजनीतिक घटनाहरु घटे, नेपाली नागरिकहरुको सामाजिक तथा आर्थिक जीवन केकस्तो रह्यो र छिमेकी देशहरुसँग केकस्ता सम्बन्धहरु रहेका थिए, जानकारीका साधनहरुको अभावमा थाहा हुन सकिरहेको छैन। शिलालेखहरु स्थापना गर्ने प्रचलनको बदला ताम्रलेखहरु प्रसारित गर्ने चलन प्रचलित हुँदै आइरहेको, यस्ता ताम्रलेखहरु हालसम्ममा प्रायः सबै नै नष्ट भइसकेका र यस अवधिका शिलालेखहरु उपलब्ध नभएकाले नै यस्तो विषम परिस्थिति पैदा भएको पाइन्छ।

दशौं शताब्दीको अन्त्यदेखिका नेपालमा लिपिबद्ध भएका केही हस्तलिखित पुस्तकका पाण्डुलिपिहरु उपलब्ध छन्। स्वदेश तथा विदेशमा पनि उपलब्ध यस्ता पुस्तकका पुष्पिकालेखमा पुस्तकको लेखनकालका साथै तात्कालिक राजाको राज्यकाल पनि उल्लेख गर्ने चलन छ। यसैले यस्ता पुष्पिकालेखबाट त्यस समयको नेपालको इतिहासको सम्बन्धमा धमिलो प्रकाश प्राप्त भएको छ। यस्तै गोपाल राजवंशावली तथा अन्य नेपाली वंशावलीमा पनि यस समयका केही विवरणबाहेक अन्य विवरण पाइन्छन्। तर गोपाल राजवंशावलीमा उल्लेख भएका विवरण भने त्यति भरपर्दा छैनन्।

विसं ९३६ कात्तिक २६ गते तदनुसार २० अक्टोबर इसं ८७९ देखि नेपालमा अर्कै नयाँ राष्ट्रिय संवत्को उठान भएको पाइने, यस संवत्को उठान राजा राघवदेवको राज्यकालमा

भएको हो भन्ने निश्चित भएको र यिनी नयाँ राजवंशका संस्थापक पनि देखिएकाले नेपालमा लिच्छवि राजवंशको अन्त्य गराई वैश्य ठकुरी राजवंशको उत्थान पनि यिनले नै गराएको पाइन्छ। नेपालमा उपलब्ध रहेका वंशावलीहरुले पनि यिनलाई नै नयाँ संवत्का प्रवर्तकका रुपमा स्वीकार गरेका छन्। नयाँ राजवंशको उत्थान भएको स्मारकस्वरुप यिनले नै 'पशुपति भट्टारक संवत्'को नामले नयाँ संवत्को प्रचलन आरम्भ गराएको र यही संवत् नै आजभोलि 'नेवारी संवत्' वा 'नेपाल संवत्'को नामले प्रसिद्ध छ। पछिपछि यस संवत्सँग 'शङ्खधर'को नाम पनि जोडिएको पाइन्छ। तर "ज्योतिषीले दिएको शुभ साइतमा नदीबाट ल्याइएको बालुवालाई सुनमा परिणत गराई सम्पूर्ण देशवासीलाई ऋणमुक्त गराएर शङ्खधरले नयाँ राष्ट्रिय संवत्को प्रचलन सुरू गराए" भन्ने अतिरञ्जित तथा अतिशयोक्तिपूर्ण किंवदन्तीमाथि भने सहसा विश्वास गर्न सकिँदैन।

लिच्छविहरु जस्तै वैश्य ठकुरीहरु पनि भारततिरबाट नै नेपालमा आएका देखिन्छन्। सुरूसुरूमा त यिनीहरु विशुद्ध व्यापारीहरुका रुपमा नेपालमा आएका थिए। तर पछिपछि सैनिक सेवाहरुमा संलग्न रहेर लडाका क्षत्रीयहरु बनी यिनीहरु यहाँका राजनीतिक गतिविधिमा पनि संलग्न पाइन्छन्। बौद्ध धर्मको शान्तिवादी नीतिले गर्दा यिनताकसम्ममा लिच्छविहरुमा रहने गरेको क्षत्रिषेचित गुणहरुमा निकै ह्रास आइसकेको थियो। यता भर्खरै मात्र क्षात्रवृत्ति ग्रहण गरी सनातन धर्मका कट्टर अनुयायीहरुका रुपमा देखापर्न आएका वैश्य ठकुरीहरुमा भने क्षात्रगुणको निरन्तर विकास भइरहेको थियो। यसै स्थितिमा यिनीहरुका प्रभावशाली नेता राघवदेवले लिच्छवि राजवंशको हातबाट शासनसूत्रलाई खोसेर आफ्नो हातमा पारेको झलक पाइन्छ।

उता तिब्बतमा त्यहाँको विशाल राज्य खण्डित भएपछि मनसरोवरदेखि पश्चिमतर्फ रहेको पश्चिमी तिब्बतको 'ङ री' नामक समतल मैदानमा एउटा अलग राज्यको उत्थान भई तिब्बती सभ्यता तथा संस्कृतिको केन्द्रस्थल ल्हासा सहरबाट त्यहीँ स्थानान्तरित थियो। यतिन्जेल त्यहाँ पनि बौद्ध धर्ममा विकृति एवम् विसङ्गतिहरु घुसेर तिब्बती बौद्ध भिक्षुहरु अकर्मण्य तथा विलासी पनि बन्न थालिसकेका थिए। यस स्थितिमा सुधार

ल्याउने उद्देश्यअनुसार त्यहाँका तात्कालिक राजभिक्षु 'ये से डो'ले भारतको विक्रमशिला महाबिहारबाट त्यहाँका सुप्रसिद्ध बौद्ध भिक्षु आचार्य अतिशालाई आदरपूर्वक आमन्त्रण गरी आफ्नो देशमा बोलाउँदा उनी नेपालको राजधानी काठमाडौंमा आएर केही समय यहाँको स्वयम्भू महाबिहारमा बसी पछि यहाँबाट तिब्बतमा पुगेका पाइन्छन् (विसं १०९९)।

यता नेपालका वैश्य ठकुरी राजवंशका राजाहरुमा भने राजा राघवदेवपछि क्रमशः जयदेव, विक्रमदेव, नरेन्द्रदेव र गुणकामदेव राजा भएका पाइन्छन्। यिनमा राजा गुणकामदेव नेपालका इतिहासमा विशेष प्रसिद्ध मानिन्छन्। तर यिनको देहान्तपछि भने नेपालमा रहेको वैश्य राजवंश पनि क्रमशः कमजोर हुन थालेको सङ्केत पाइन्छ। यसपछि विसं १०६५ मा 'निर्भयदेव' तथा 'रूद्रदेव' नामक दुई जना राजाहरु संयुक्त रुपमा नेपाल अधिराज्यको शासनसूत्रलाई सञ्चालन गरिरहेका पाइन्छन्। विसं १०६९ मा राजा रूद्रदेव आफ्ना दाजुका नाति (भ्रातृज पुत्र) एवम् वास्तविक राजा (धर्मनृपति) भाजदेवका साथ संयुक्त रुपमा नेपाल राज्यको शासनभारलाई वहन गर्दै रहेका पाइन्छन्। यसको ३ वर्षजति पछि विसं १०७२ मा लिपिबद्ध भएको एउटा पुस्तकबाट भने त्यस समयमा यहाँको आधा राज्यका रूद्रदेव तथा भोजदेवको संयुक्त शासन र बाँकी आधा राज्यमा भने राजा लक्ष्मीकामदेवको शासन स्थापित भइरहेको पाइन्छ। सम्भवतः लक्ष्मीकामदेवले यसै बेला आफ्ना बन्धुहरुका रुपमा रहेका रूद्रदेव तथा भोजदेवका हातबाट यहाँको आधा राज्य आफ्नो हातमा पारेका थिए।

राजा लक्ष्मीकामदेवको राज्यकाल जानिएका विसं १०८१ देखि १०९६ सम्मका अन्य केही पुस्तकहरु पनि उपलब्ध छन्। यी पुस्तकका पुष्पिकालेखबाट यतिन्जेलसम्मका यिनी सम्पूर्ण नेपाल अधिराज्यका नै अधिपति भएर राज्यव्यवस्था सञ्चालन गरिरहेका पाइन्छन्। यसबाट विसं १०८१ भन्दा केही पहिले नै यिनले राजा रूद्रदेव तथा भोजदेवलाई बाँकी रहेको आधा राज्यबाट पनि हटाई सम्पूर्ण नेपाल राज्यमै आफ्नो एकलौटी अधिकार स्थापना गराएको देखिन्छ।

उपर्युक्त पुष्पिकालेखमा पनि अन्तिम लेख निकै महत्वपूर्ण देखिन्छ। यसमा "देशमा ठूलो लडाइँ चलिरहेको अवस्थामा दुस्तर संसारबाट पार पाउन खिम्प्रिम टोलमा रही यो पुस्तक लेखिएको हो" भनी उल्लेख भएबाट नेपाल अधिराज्यमा निरन्तर चलिरहेको लडाइँझगडाको वातावरणले गर्दा यिनताक देशका जनता अन्योलमा परिरहेका र उनीहरुमा घोर निराशा फैलिइरहेको स्पष्ट देखिन्छ। सम्भवतः यो लडाइँ राजा राघवदेवले खडा गराएको वैश्य ठकुरी राजवंशको विरूद्धमा अर्को नयाँ वैश्य राजवंशका राजाहरुको शक्ति सङ्घर्ष थियो। यसै शक्तिसङ्घर्षबाट नेपालमा पुरानो वैश्य राजवंशको अन्त्य भएको हो।

हुन पनि राजा लक्ष्मीकामदेवलाई हटाएर पछि राजा जयदेव (विसं १०९८–१११७ अनु.)ले नेपालमा अर्के नयाँ वैश्य राजवंशको स्थापना गराएको झलक पाइन्छ। जयदेव को थिए, केही भन्न सकिँदैन तापनि यिनी पनि वैश्य ठकुरी नै भएकामा भने कुनै पनि सन्देह छैन। यिनी राजा राघवदेवको राजवंशका सामन्त राजाका रुपमा रहेको अर्के कुनै राजवंशका देखिन्छन्। यिनले सम्भवतः यहाँको मूल अधिराज्यमै आक्रमण गरी लडाइँको मैदानमा हराएर राघवदेवका वंशका अन्तिम राजा लक्ष्मीकामदेवलाई राज्याधिकारबाट पदच्युत गराएका र यसपछि यिनी स्वयम् नेपाल अधिराज्यका सर्वेसर्वा अधिपति बन्न आइपुगेका थिए। राजा लक्ष्मीकामदेवको राज्यकाल जनिएको उपर्युक्त पुस्तकको पुष्पिका लेखमा उल्लेख भएको 'महायुद्ध' नेपालमा भएको यिनै सामन्त राजाको सैनिक हस्तक्षेप भएको पाइन्छ। यो घटना विसं १०९८ को आसपासतिरको अनुमान हुन्छ।

आचार्य अतिशा तिब्बततर्फ जाने क्रममा जुन समयमा नेपाल अधिराज्यमा आइपुगका थिए, त्यस समयमा सम्भवतः लक्ष्मीकामदेव नै यहाँ राजाका रुपमा कार्यरत थिए। आचार्य अतिशासँग भेट गरी यिनले आफ्ना एक जना छोरालाई बौद्ध भिक्षुका रुपमा 'प्रवज्या' दिई उद्धार गरिदिने आग्रह गर्दा राजाको आग्रहलाई स्वीकार गरी आचार्य अतिशाले राजकुमारलाई बौद्ध धर्ममा दीक्षित तुल्याइदिएका थिए। हुन पनि यिनताक बौद्ध भिक्षुहरुको पद निकै सम्मानित तथा प्रतिष्ठित रहेको थियो। वैश्य राजाहरुको बौद्ध

धर्मप्रति कत्तिको अनुराग थियो भन्ने कुरा पनि राजा लक्ष्मीकामदेवको यसै आग्रहबाट थाहा पाउन सकिन्छ।

केही समय नेपाल अधिराज्यको राजधानी काठमाडौंमै रही आचार्य अतिशा तिब्बततर्फ जाने क्रममा पाल्पा क्षेत्रमा पुग्दा त्यहाँका प्रान्तपालले यिनका निमित्त रसद तथा अत्यावश्यक सवारीसाधनको पनि व्यवस्था मिलाइदिएका थिए। यिनी सम्भवतः जुम्लाको बाटो भई तिब्बतको 'ङ री'तर्फ लागेका थिए। त्यस क्षेत्रमा रहेका अनेकौं बौद्ध बिहारहरुको उद्धार गर्दै केही वर्ष त्यहीँ रही पछि त्यहाँबाट पूर्वतिर लागेर विसं ११०४ को आसपासमा यिनी ल्हासामा पुगेका पाइन्छन्। त्यहाँ पहिले गएका आचार्य शान्तिरक्षितले स्थापना गराएको पुरानो 'सम ये' महाबिहारमा पुग्दा त्यहाँ रहेको विशालकाय पुस्तकालयलाई देखेर भनिन्छ, यिनी आश्चर्यचकित भएका थिए।

ल्हासा तथा यसका आसपासमा रहेका बौद्ध बिहारमा धार्मिक गतिविधिमा सुधार ल्याउँदै, त्यहाँका प्रचलित धार्मिक मूल्य, मान्यता तथा विधिविधानमा आवश्यक परिमार्जनहरु गर्दै, अनेक बहुमूल्य बौद्ध धर्मग्रन्थहरुको रचना गर्दै र प्राचीन बौद्ध धर्मग्रन्थहरुलाई तिब्बती भाषामा रुपान्तरित गर्दै तथा गराउँदै विसं ११११ को आसपासतिर यिनी तिब्बतमै दिवङ्गत भएका मानिन्छन्। भारतको विक्रमशिला महाबिहार तथा तिब्बतका बौद्ध बिहारहरुको बीचमा सम्पर्क सूत्रको काम यिनताक पनि नेपालमा रहेको 'सम ये' वा स्वयम्भू महाबिहारले नै गरिरहेको स्पष्ट देखिन्छ।

काठमाडौं उपत्यकादेखि पूर्वोत्तरतर्फ तिब्बतमा ब्रह्मपुत्र नदीको किनारमा रहेको समतल भूभागलाई त्यस क्षेत्रका स्थानीय निवासीले आफ्नो भाषामा 'त्सङ' वा 'चङ' भन्ने नामकरण गरेका थिए। यसै प्रदेशमा पछि विसं ११३३ को आसपासमा 'स क्य' नामक बौद्ध बिहारको स्थापना भएको थियो। नेपाल अधिराज्यको सीमाक्षेत्रमै पर्ने भएकाले यस बौद्ध बिहारसँग नेपालीको स्वाभाविक रुपमा निकटतम सम्बन्ध स्थापित थियो। 'त्सङ' वा 'चङ'को उच्चारण 'सङ'को नजिक पाइने हुनाले तिब्बत तथा नेपाल अधिराज्यको बीचमा आवतजावत गर्ने तात्कालिक नेपालीले त्यस क्षेत्रमा निवासीलाई

आफ्नै उच्चारणअनुसार 'सेयँ' भन्ने नाम दिएका थिए। यसैअनुसार पछिपछि सम्पूर्ण तिब्बती नागरिक नेपालमा 'सेयँ' नै भनिन थालेका पाइन्छन्। तिब्बतीहरुका निमित्त 'सेयँ' वा सङ्क्षेपमा 'सें' भन्ने चलन नेवारी भाषामा अझैसम्म पनि प्रचलित छ। नेपाल अधिराज्य तथा तिब्बतबीचको सांस्कृतिक सम्बन्ध सुदृढ पार्न सक्य महाबिहार स्थापना सहायक सिद्ध भएको छ।

यता नेपालमा भने राजा जयदेवकै राज्यकालमा 'भास्करदेव' नामक अर्का एक जना व्यक्ति पनि यहाँ राजाका रुपमै कार्यरत पाइन्छन्। यसबाट यस समयमा नेपालमा एकै समयमा दुई ओटा राजवंश साथसाथै चलिरहेको स्पष्ट देखिएको छ। यसै स्थितिमा जयदेवपछि यिनका उत्तराधिकारीका रुपमा प्रद्युम्न कामदेव (विसं १११७–२४ अनु.) यहाँका राजाका रुपमा उपस्थित हुन आइपुगेका पाइन्छन्। यहाँको अर्को राजवंशमा भने राजा भास्करदेवपछि 'बलदेव' नामक राजा भएका पाइन्छन् (विसं ११०७–१९ अनु.)।

विसं ११२६ मा लेखिएको एउटा पुस्तकको पुष्पिकालेखबाट भने यस समयमा राजा प्रद्युम्न कामदेवसरह नै भएर 'शङ्करदेव' (विसं ११२२–३८) नामक अर्का एक जना व्यक्ति पनि यहीं नै सर्वशक्तिमान् प्रशासकका रुपमा कार्यरत पाइन्छन्। राजा प्रद्युम्न कामदेवको राज्यकाल जनिएका अन्य दुई पुस्तकका पुष्पिकालेख पनि प्राप्त हुन आएका छन्। प्राप्त पुष्पिकालेखबाट प्रद्युम्न कामदेव राजा हुनेबित्तिकै आफ्नो राजनीतिक शक्तिको प्रयोग गरी शङ्करदेवले स्वयम् सर्वेसर्वा अधिनायक बनेर राजा प्रद्युम्न कामदेवलाई नेपाल अधिराज्यका नाम मात्रका राजाका रुपमा परिणत गराएका र यो स्थिति विसं ११२२ को आसपासमा यिनका उत्तराधिकारी नागार्जुनदेवको पतन नभएसम्म कायमै थियो।

विसं ११२२ सम्ममा शङ्करदेव नेपालमा राजाका रुपमा पूर्णतः स्थापित भइसकेका पाइन्छन्। पुरानो वैश्य ठकुरी राजवंशसँग राजा शङ्करदेवको के कस्तो सम्बन्ध थियो, निश्चित रुपले थाहा हुन सकिरहेको छैन तापनि आपसमा सम्बन्ध नहुनु नै अधिक सम्भव छ। शङ्करदेवपछि नेपालमा 'वामदेव' नामक अर्का एक व्यक्ति राजा भएका पाइन्छन्। यिनको राज्यकाल जनिएको विसं ११४१ को एउटा पुस्तक मात्र उपलब्ध छ। यस

पुस्तकमा रहेको पुष्पिकालेखबाट 'उदयपुरी'मा 'नागार्जुनजीव' नामक अर्का एक जना प्रभावशाली व्यक्ति 'महासन्त'का रुपमा शक्तिशाली प्रशासक भएर रहेका देखिनाले राजा वामदेव सम्पूर्ण नेपाल अधिराज्यका राजा भए पनि यति बेला राज्यमा यिनको पकड भने निकै कमजोर पाइन्छ।

जेहोस्, वामदेवपछि हर्षदेव तथा सिंहदेव क्रमैसँग यहाँका राजा भएका पाइन्छन्। तर यी राजाहरु पनि राजा वामदेव जस्तै शक्तिहीन राजाहरुका रुपमा देखापरेका छन्। यिनीहरुको यस्तै कमजोरीले गर्दा विसं ११५६ मा 'धवलश्रोत्रपुर' अर्थात् वर्तमान धुलिखेलमा लेखिएको एउटा पुस्तकको पुष्पिकालेखमा त्यस समयका नेपाल अधिराज्यका वास्तविक राजाको उपेक्षा गर्दै 'महासामन्ताधिपति महासामन्त श्री रामदेव'को नामलाई मात्र आदारपूर्वक उल्लेख गरिएको पाइन्छ।

जुन समयमा राजा सिंहदेवले नेपाल अधिराज्यको प्रशासनसूत्रलाई सम्हालिरहेका थिए। त्यसै समयमा नेपालमा 'शिवदेव' नामक अर्का एक जना व्यक्ति पनि यहाँ राजाका रुपमै सक्रिय पाइन्छन्। 'गोपाल राजवंशावली'ले यिनलाई राजा शङ्करदेवका उत्तराधिकारीका रुपमा उल्लेख गरको छ। राजा शिवदेवको राज्यकाल जनिएको विसं ११७७ मा लेखिएको एउटा पुस्तकको पुष्पिकालेखबाट त्यस समयमा नेपालको ललितपुर क्षेत्रमा यिनको राज्याधिकार स्थापित रहेको स्पष्ट रुपमै देखिन्छ। वंशावलीअनुसार २७ वर्ष छ महिना राज्य गरी विसं ११८३ मा यिनको देहान्त भएको देखिने हुनाले यिनको राज्यारम्भ विसं ११५५ को आसपासतिर भएकोमा कुनै पनि सन्देह छैन।

राजा हर्षदेव पनि यसै वर्षदेखि नेपाल अधिराज्यका राजनीतिक रङ्गमञ्चबाट अन्तर्ध्यान भएकाले शिवदेवले राजा हर्षदेव वा यिनका उत्तराधिकारीको हातबाट बाँकी बचेको आधा राज्य पनि यसै वर्ष फिर्ता लिएको देखिएको छ। नेपालमा उपलब्ध एक थरी वंशावलीअनुसार यिनका उत्तराधिकारी युवराज महेन्द्रदेवले विसं ११७६ मा नेपालमा

‘महेन्द्र सर’ नामक एउटा ठूलो तलाउको निर्माण गराएका थिए। यो तलाउ कहाँ रहेको थियो, थाहा हुन सकिरहेको छैन।

‘गोपाल राजवंशावली’अनुसार राजा शिवदेवपछि यिनका छोरा इन्द्रदेव राजाका रुपमा स्थापित भएका थिए (विसं ११४०–५०)। यसबाट ‘इन्द्रदेव’ नै माथि उल्लेख भएका ‘महिन्द्रदेव’ प्रमाणित हुन आउँछन्। तर इन्द्रदेवको राज्यकाल जनिएका उपलब्ध पुष्पिकालेखबाट यिनी शिवदेवका छोरा तथा उत्तराधिकारी भएको कुनै पनि सङ्केत प्राप्त हुन सकिरहेको छैन। जसरी केही वर्षअगाडि राजा सिंहदेवको नाम ‘उदयपुरी’का महासामन्त भएर रहेका प्रियजीवको नामका साथै उल्लेख थियो। त्यसै गरी राजा इन्द्रदेवको नाम पनि उदयपुरीका महासामन्त ‘पौषानन्दजीव’को नामका साथसाथै उल्लेख भएको पाइएकाले राजा सिंहदेव तथा राजा शिवदेव पनि एउटै व्यक्ति भएका र इन्द्रदेव यिनकै उत्तराधिकारी भएको झलक प्राप्त हुन आएको छ।

वंशावलीअनुसार राजा इन्द्रदेवपछि मानदेव (विसं ११९३–९७ अनु.) तथा नरेन्द्रदेव (विसं ११९७–१२०४) क्रमशः राजाका रुपमा स्थापित भएका पाइन्छन्। राजा नरेन्द्रदेवको राज्यकाल जनिएका विसं १९९१ देखि विसं १२०० सम्मका चार ओटा हस्तलिखित पुस्तकहरु उपलब्ध छन्। यी पुस्तकमा रहेका पुष्पिकालेखमध्ये पहिलो लेख राजा इन्द्रदेवको राज्यकालको अन्तिम लेखभन्दा पहिलो भएको, यसमा यिनलाई सामन्त राजाका रुपमा मात्र चित्रित गरिएको र यसभन्दा पछिका अन्य पुष्पिकालेखमा भने यिनका राजकीय प्रशस्तिहरु पाइने हुनाले राजा इन्द्रदेवको राज्यकाल समाप्त नहुँदै यिनले नेपाल अधिराज्यको भक्तपुर क्षेत्रमा नयाँ राज्य खडा गराई त्यहाँ आफ्नो छुट्टै स्वतन्त्र राज्यको सञ्चालन गर्न प्रारम्भ गरेका र पछि राजा मानदेवको देहान्तपछि सम्पूर्ण नेपाल अधिराज्यमै यिनको एकलौटी शासन स्थापित हुन आएको झलक पाइन्छ। यस समयदेखि लगभग पौने चार सय वर्षसम्म भक्तरपुर सहर नै अविछिन्न रुपमा नेपाल अधिराज्यको मूल राजधानी भएर रहँदै आएको पनि स्पष्ट छ।

यता ललितपुर क्षेत्रमा भने राजा नरेन्द्रदेवपछि आनन्ददेव (विसं १२०४–२४ अनु.) राजा भएका पाइन्छन्। यिनको राज्यकालमा लेखिएका अनेकौं हस्तलिखित पुस्तकहरु उपलब्ध छन्। वंशावलीअनुसार यिनी सिंहदेव (शिवदेव?)का छोरा थिए। यदि यो कुरा सत्य हो भने राजा नरेन्द्रदेवले खडा गराएको नयाँ राजवंश नेपालमा जीवनकालसम्म मात्र कायम देखिएको छ। हुन सक्छ, राजा नरेन्द्रदेव वा यिनका उत्तराधिकारीलाई हटाई ललितपुर क्षेत्रका पुरानो राजवंशका युवराज आनन्ददेव नेपाल अधिराज्यमाथि आफ्नो राज्याधिकार पुनः स्थापित थिए। राजा जोसुकै भए पनि नेपाल अधिराज्यको राजधानी यसपछि पनि भक्तपुर सहर नै रहिरहेकोमा भने कुनै पनि सन्देह छैन।

राजा आनन्ददेवपछि यिनका उत्तराधिकारीका रुपमा यिनका भाइ 'रूद्रदेव' (विसं १२२४–१२३२ अनु.) र यिनीपछि यिनका पनि भाइ अमृतदेव राजा भएका पाइन्छन्। अमृतदेवपछि सोमेश्वरदेव (विसं १२३५–३९ अनु.) यहाँका राजाका रुपमा देखापरे। वंशावलीअनुसार यिनको जन्म विसं ११७६ मा र देहावसान ६३ वर्षको उमेरमा भएको थियो। यसअनुसार यिनको देहावसान विसं १२३९ को आसपासमा भएको देखिन्छ। तर वंशावलीअनुसार आफ्ना पूर्वाधिकारी राजा अमृतदेवको देहान्त हुनुभन्दा दुई वर्षजति पहिले नै यिनले आफ्नो राज्याधिकार फिर्ता गर्न समर्थ भएको पाइन्छ। यसबाट राजा अमृतदेवको देहान्त नहुँदै यिनलाई पदच्युत गरी पुरानो राजवंशको सामेश्वरदेव (विसं १२३५–३९ अनु.)ले नेपाल अधिराज्यको राज्याधिकार पुनः हस्तगत गरेको देखिएको छ। वैश्य ठकुरी राजवंशका दुई परिवारबीच भएको अन्तिम शक्ति सङ्घर्ष पनि यही नै थियो।

यसै स्थितिमा विसं १२४१ मा 'गुणकामदेव' नामक अर्का एक जना राजाको राज्याभिषेक सम्पन्न भएको उल्लेख 'गोपाल राजवंशावली'मा पाइन्छ। यसबाट विसं १२३९ तथा विसं १२४१ को बीचमा नेपाल अधिराज्यमा को राजा थिए र यसबीचमा यहाँको राजनीतिक व्यवस्था के कस्तो रहेको थियो? केही खुल्दैन। तापनि यसबीचमा लेखिएका पुस्तकका पुष्पिकालेखबाट भने यसबीचमा लगभग सवा वर्षसम्म 'धवलश्रोत्रपुर' अर्थात् वर्तमान धुलिखेलका 'महासामन्त' भएर रहेका रत्नदेव नै सम्पूर्ण

नेपाल अधिराज्यमा शक्तिशाली अधिनायक देखिन्छन्। यसअनुसार राजा सोमेश्वरदेवको देहान्तपछि 'धवलश्रोत्रपुर'का महासामन्त भएर रहेका रत्नदेवको सहयोगबाट गुणकामदेव (विसं १२४१–५३ अनु.)ले नेपाल अधिराज्यको तात्कालिक राजधानी भक्तपुर सहरमा आफ्नो अधिकार स्थापित गराएका र सोमेश्वरदेवका उत्तराधिकारीका रुपमा अघि सरेका लक्ष्मीकामदेव तथा विजयकामदेव भने भक्तपुरबाट पलायित भई क्रमशः कान्तिपुर तथा ललितपुरमा आएर बाँकी बचेको आधा राज्यमा आआफ्नो अधिकार स्थापित गर्न सफल थिए।

राजा गुणकामदेवको राज्यकाल जनिएका यस समयमा लिपिबद्ध भएका अनेकौं पुस्तकका पुष्पिकालेख प्राप्य भएका छन्। यता लक्ष्मीकामदेवको राज्यकाल जनिएका पुष्पिकालेख पनि लगभग यसैबीचमा पाइन्छन्। यति मात्र होइन, राजा विजयकामदेवको राज्यकाल जनिएका पुष्पिकालेख पनि यसै अवधिका प्राप्त भएका छन्। यसबाट नेपाल अधिराज्यको भक्तपुर क्षेत्रमा विसं १२५३ को आसपाससम्म राजा गुणकामदेवको, कान्तिपुर क्षेत्रमा विसं १२५५ को आसपासम्म राजा लक्ष्मीकामदेवको राज्याधिकार कायम रही ललितपुर क्षेत्रमा भने विसं १२७७ को आसपासमा वैश्य ठकुरी राजवंश सदाका निमित्त समाप्त नभएसम्म राजा विजयकामदेवको नै राज्यकाल चलिरहेको सङ्केत पाइन्छ।

नेपालमा वैश्य राजवंश टुट्नुको प्रत्यक्ष कारण राजपरिवारका सदस्यहरुको आपसी कलह नै देखिन्छ तपानि परोक्ष कारण भने भारतमा विधर्मी मुसलमानहरुको आक्रमण प्रारम्भ हुनु र यसको प्रतिक्रियास्वरुप नेपालमा भारतीय शरणार्थीको अविरल ताँती लाग्न सुरू हुनु नै प्रतीत हुन्छ। इस्लाम धर्मावलम्बीको निरन्तरको आक्रमणले गर्दा यस समयमा उत्तरी भारतमा घोर अशान्ति तथा अराजकता पनि फैलिन थालिरहेको थियो। यसको प्रभाव नेपालमा पनि परी राजा सोमेश्वरदेवको देहान्तपछि नेपाल अधिराज्यको पनि तीन विभागमा विभक्त भएको र यो खण्डित अवस्था विसं १२७८ मा नयाँ राजवंशका

संस्थापक राजा अरि मल्लले नेपाल अधिराज्यलाई पुनः एकीकरण नगराएसम्म कायमै पाइन्छ।

यसरी वैश्य ठकुरी राजवंशका राजाहरुको राज्यकालमा नेपालमा प्रायः गृहकलह तथा अशान्ति एवम् अव्यवस्था फैलिरहेको थियो। तर आफ्नो स्वाधीनतालाई भने नेपाली नागरिकले यति बेला पनि अक्षुण्ण नै राखिरहेका थिए। यस अवधिमा चीन तथा तिब्बतसँग नेपाल अधिराज्यको के कस्तो सम्बन्ध रहेको थियो, थाहा हुन सकिरहेको छैन। तर यस अवधिमा नेपालमा लिपिबद्ध भएका अनेकौं हस्तलिखित पुस्तकहरु तिब्बतका बौद्ध बिहारहरुमा उपलब्ध रहेकाले तिब्बतसँग राम्रै सम्बन्ध रहेको प्रमाणित हुन आएको छ।

वैश्य राजवंशका नेपाली राजाहरु र त्यस समयका नेपाली विद्वान्हरुले पनि एउटा ठूलै भूल गरिदिएको पाइन्छ। तिब्बतको सिमानातर्फका हिमाली क्षेत्रहरुमा आबाद भएर रहेको आफ्नै राज्यका आर्येतर नागरिकका समस्याहरुप्रति ध्यान दिन नसक्नु यति बेलाको नेपाली राजा तथा यहाँका विद्वान्हरुको पनि ठूलो कमजोरी प्रमाणित छ। यस समयका नेपाली विद्वान्हरुले ती क्षेत्रका नेपाली नागरिकलाई समयमै समुचित शिक्षादीक्षा पनि प्रदान गर्न नसक्दा तिब्बतमा प्रचलनमा रहेको बौद्ध धर्मको प्रभावमा आएर त्यस क्षेत्रमा आबाद भएर रहेका शेर्पा, मुर्मी तथा गुरूङहरु यसै समयदेखि बौद्ध धर्मसम्बन्धी शिक्षादीक्षालाई ग्रहण गर्न बाध्य भएका पाइन्छन्। यसैले नै उक्त क्षेत्रका नागरिकहरु नेपाली सभ्यता तथा संस्कृतिको मूल प्रवाहबाट लामो समयसम्म प्रायः अलगअलग रहिरहे। यिनीहरुलाई नेपालको एउटै सांस्कृतिक प्रवाहमा ल्याउने श्रेयपछि राजा पृथ्वीनारायण शाहलाई नै प्राप्त भएको छ।

१.९ अघिल्लो मल्ल राजवंशको स्थापना

वैश्य राजवंशको पतनपछि नेपाल अधिराज्यमा मल्ल राजवंशको उदय भएको स्पष्ट देखिन्छ। 'मल्ल'हरुदेखि नेपाली नागरिक अपरिचित थिएनन्। महात्मा गौतम बुद्धको जीवनकालमा उत्तरी बिहारमा मल्लहरुको एउटा स्वतन्त्र राज्य रहेको उल्लेख बौद्ध साहित्यमा पाइन्छ। जुन वृज्जि सङ्घराज्यअन्तर्गत लिच्छविहरु रहेका थिए, त्यसै सङ्घराज्यअन्तर्गत मल्ल पनि रहेका पाइन्छन्। वृज्जि सङ्घराज्यको पतनपछि त्यहाँका केही लिच्छविहरु जसरी नेपालमा आएका थिए, त्यसै गरी त्यहाँका मल्ल नागरिक पनि वर्तमान नेपाल अधिराज्यको नवलपरासीतिर आएर आबाद भएको झलक पाइन्छ।

वृज्जि सङ्घराज्यमा रहेका लिच्छविहरु वर्तमान काठमाडौं उपत्यकामा आउँदा त्यहाँ रहेका केही मल्ल नागरिक पनि यहाँ आएका थिए होलान्। तर तिनीहरुले यहाँ आएर आफ्नो अलग अस्तित्व कायम गर्न सकेको देखिँदैन। त्यति बेला नेपालमा आइपुगेका सबै मल्ल नागरिक यहाँको नेपाली समाजमै घुलमिल भएर विलीन भएका थिए। भनाइको तात्पर्य वैश्य ठकुरी राजवंशको पतनपछि नेपालमा उत्थान भएको मल्ल राजवंश पुरानो मल्ल जातिमध्येको थिएन। यो एउटा सामान्य क्षत्रीय जाति थियो। यस जातिका केही प्रभावशाली व्यक्तिले धारण गरेको उपाधि मात्र 'मल्ल' थियो। 'मल्ल' उपाधिधारी यी क्षत्रीय दक्षिणी भारतबाट उत्तरी बिहार हुँदै नेपाल आएको बताइन्छ।

जुन समयमा नेपालमा वैश्य राजवंशको राज्यकाल चलिरहेको थियो, त्यस समयमा इस्लामको आक्रमणले गर्दा उत्तरी भारतमा घोर राजनीतिक अशान्ति फैलन सुरू भइरहेको थियो। यस समयका वा यसभन्दा केही अगाडिका दक्षिणी भारतका

‘कल्याणी’ तथा ‘बादामी’का ‘चालुक्य’ राजाहरु र ‘काञ्ची’का ‘पल्लव’ राजाहरु पनि ‘मल्ल’ उपाधिलाई ग्रहण गरेको पाइन्छन्। दक्षिणी भारतको यसै नवजागरणको उमङ्गमा त्यहाँबाट आएका कर्णाट वंशीय राजा नान्यदेवले बिहार तथा बङ्गालमा पनि फैलिएर रहेका ‘पाल’ राजाहरुको राज्यक्षेत्रलाई खण्डित तुल्याई त्यसैको जगमा ‘सिमरौन गढ’लाई राजधानी बनाएर उत्तरी बिहारमा ‘तिरहुत’ नामक नयाँ राज्यको उत्थान गराएको पाइन्छ (विक्रमको बाह्रौं शताब्दीको आरम्भ)।

तिरहुत राज्यको उत्थान भएको एक सय वर्षजति पछि त उत्तरी भारतमा इस्लामको आँधी नै आउन सुरू भयो र विसं १२५० देखि १२६० सम्मको करिब १० वर्षको बीचमा यस आँधीले पश्चिममा दिल्लीदेखि पूर्वमा बङ्गालसम्मको सम्पूर्ण उत्तरी भारतका परम्परागत राजनीतिक तथा सामाजिक व्यवस्थाहरुलाई नै धराशायी तुल्याइदियो। आक्रान्ता विधर्मी तुर्कहरुको आक्रमणबाट यहाँ यो अभूतपूर्व आँधी उत्पन्न हुन आइपुगेको थियो। यस आँधीमा पनि सबभन्दा बढी नोक्सानी त बङ्गाल तथा बिहार क्षेत्रले नै व्यहोर्नुपरेको थियो। यसै आँधीमा बङ्गाल तथा बिहारमा रहेका प्रायः सम्पूर्ण मन्दिर तथा बौद्ध बिहारहरु ध्वस्त पारिएका, सनातन धर्मका उपासक हिन्दू नागरिक तथा बौद्ध भिक्षुहरु पनि काटिएका र सनातनी हिन्दूहरुका आराध्य देवमूर्तिहरु र बुद्ध, बोधिसत्व तथा आर्यताराका मूर्तिहरु पनि माटामा मिलाइएका थिए। बौद्ध धर्मका अनुयायी यहाँका प्रायः सबै नागरिक इस्लाम धर्मका अनुयायीका रुपमा परिणत गराइदिएका थिए। यस अपूर्व घटनाले गर्दा उत्तरी भारतबाट बौद्ध धर्म त सदाका निमित्त करिबकरिब लुप्त भयो। तर सनातन हिन्दू धर्म भने ठूलो सङ्घर्ष गर्दै जीवनमरणको दोसाँधमा रहेर येनकेन आफ्नो अस्तित्वलाई बचाइरहन समर्थ थियो। यस किसिमको आँधीले गर्दा चीन तथा तिब्बतसँग स्थापित उत्तरी भारतको सांस्कृतिक सम्बन्ध पनि विच्छिन्न हुन पुगेको पाइन्छ।

दक्षिणी भारतका ‘मल्ल’ उपाधिधारी क्षत्रीयहरु सुरूसुरूमा त तिरहुत राज्यमा आएर आबाद मात्र थिए। तर पछि त्यहाँ इस्लामको आतङ्क फैलिन सुरू भएपछि त्यहाँबाट

पलायित भई नेपाल अधिराज्यभित्र प्रवेश गर्ने अनेकौं भारतीय शरणार्थीका ताँतीमा यिनीहरु पनि सम्मिलित हुन थालेको पाइन्छ। नेपाल अधिराज्यमा उपलब्ध एक थरी वंशावलीअनुसार नेपालमा स्थापित भएको पहिलो मल्ल राजवंशका संस्थापक व्यक्तिको नाम थियो— 'अरि मल्ल'। यिनी जयसिंह मल्लका छोरा मानिन्छन्। यसबाट अरि मल्लले आफू राजा भएपछि 'मल्ल' उपाधिलाई धारणा गरेका होइनन्, यिनको वंशपरम्परा नै 'मल्ल' उपाधिधारी क्षत्रीयहरुको रहेको थियो भन्ने प्रमाणित भएको छ।

उत्तरी भारतमा इस्लामको आतङ्क फैलँदा र त्यहाँबाट शरणार्थीका ताँतीहरुले नेपाल अधिराज्यभित्र प्रवेश गर्न आरम्भ गरिदिँदा उत्तरी भारतमा फैलिएको अशान्त वातावरणको प्रभावमा परी नेपालमा रहेको, यहाँ लामो समयदेखि चल्दै आइरहेको जर्जर वैश्य ठकुरी राजवंश पनि जीर्ण भएर नेपाल अधिराज्य नै टुक्रिई धराशायी बन्न तयार थियो। यसै अवस्थामा नेपालमा फैलिइरहेको अशान्त वातावरण तथा वैश्य ठकुरी राजवंशका अन्तिम राजाको शक्तिविहीनताबाट लाभ उठाई यिनै नवआगन्तुक 'मल्ल' उपाधिधारी क्षत्रीयहरुमध्येका एक जना प्रभावशाली युवकले वैश्य राजाको हातबाट प्रशासनसूत्रलाई खोसेर लिई नेपालमा नयाँ राजवंशको स्थापना गराए। यी प्रभावशाली व्यक्ति थिए— 'अरि मल्ल'। यहीँ नै पछि अर्को मल्ल राजवंशको पनि उत्थान भएकाले राजा अरि मल्लले स्थापना गराएको यस राजवंशलाई 'पहिलो मल्ल राजवंश' भन्न उपयुक्त छ।

राजा अरि मल्लको राज्यकालमा विसं १२५८ देखि विसं १८८३ सम्ममा नेपालमा लिपिबद्ध भएका अनेकौं हस्तलिखित पुस्तकहरु प्राप्य रहेका र यहाँका अन्तिम शैव राजा विजयकामदेवको राज्यकाल जनिएको पछिल्लो पुस्तक पनि विसं १२५६ को नै प्राप्त भएकाले विसं १२५७ तिर अरि मल्लले नेपालमा नयाँ राजवंशको स्थापना गराएका र यिनको राज्यकाल विसं १२८३ सम्म कायम रहेको स्पष्ट छ।

राजा अरि मल्लको राज्यकालमा लेखिएका पुस्तकका पुष्पिकालेखमा यिनका राजकीय प्रशस्तिहरु क्रमिक रुपमा बढ्दै आइरहेका पाइन्छन्। यसबाट यिनले राज्यसत्ता

एकै पटक प्राप्त नगरेर क्रमशः शक्तिशाली बन्दै आई पछि मात्र यिनी राज्यका सर्वेसर्वा बन्न आइपुगेका पाइन्छन्। राज्यकालको प्रारम्भमा लिपिबद्ध भएका पुस्तकका पुष्पिकालेखमा यिनको कुनै पनि राजकीय पदको उल्लेख नभएर केवल यिनको राज्यकाल मात्र उल्लेख भएको पाइन्छ। अलिपछि आएर यिनले 'राजा' वा 'नृप' भन्ने सामान्य पद मात्र ग्रहण ग्रहण गरेका र विसं १२६७ को आसपाससम्ममा भने यिनी यहाँका शक्तिशाली राजाका रुपमा स्थापित भइसकेका पाइन्छन्।

जुन समयमा उत्तरी भारतमा इस्लाम धर्मावलम्बी विधर्मीहरुको उग्र आतङ्कको आँधी आइरहको थियो, त्यसै आँधीमा त्यहाँ रहेका देवमन्दिर तथा अन्य बौद्ध बिहारका साथसाथै 'विक्रमशिला' नामक स्थापना रहेको त्यहाँको सुप्रसिद्ध बौद्ध महाबिहार पनि ध्वस्त हुँदा त्यस महाबिहारका सुप्रसिद्ध आचार्य शाक्य श्रीभद्र पनि त्यहाँबाट पलायित भई घुम्दै फिर्दै आफ्ना सहयोगी बौद्ध भिक्षुहरुका साथ शरणार्थीका रुपमा नेपालमा आइपुगेका पाइन्छन्। यिनको आगमन भइसकेपछि पनि भारतीय शरणार्थीको नेपालमा आउने क्रम रोकिएको थिएन। यसले गर्दा यति बेला नेपालमा अन्नपातको भाउ एकाएक दोब्बर हुन पुगेको थियो। राजा अरि मल्लको राज्यकालमा नेपालमा ठूलो अनिकाल परेको चर्चा पनि 'गोपाल राजवंशावली'मा पाइन्छ।

भारतीय शरणार्थीको निरन्तरको ताँती र यसैबीचमा यहाँ परेको घोर अनिकालले गर्दा सम्भवतः विपत्तिहरुदेखि आत्तिएर नै वैश्य ठकुरी राजवंशका अन्तिम राजा विजयकामदेवले अनिच्छापूर्वक नै भए पनि आफ्नो राज्याधिकारलाई त्याग गरिदिएकाले त्यति बेला यहाँ एक किसिमको घोर अराजकता फैलिइरहेको थियो। यसै अराजकताको स्थितिमा 'अरि मल्ल' नामक एक जना प्रभावशाली व्यक्तिले अघि सरी नेपाल अधिराज्यको प्रशासनिक बागडोरलाई दृढतापूर्वक आफ्नो हातले सम्हालेको झलक पाइन्छ। 'शाक्य श्रीभद्र' आदि यति बेला आएका अधिकांश बौद्ध शरणार्थीलाई सम्भवतः यिनले नै उनीहरुको चाहनाअनुसार सुरक्षाका साथ तिब्बतर्फ पठाइदिए। तिब्बतमा पुग्दा त्यहाँ उनीहरुप्रतिको ठूलो आदरभाव प्रकट गरिएको, भारतबाट आएका

केही बौद्ध शरणार्थी नेपालमा रहेका र अधिकांश शरणार्थीले भने पछि शान्ति स्थापना भएपछि स्वदेशमै फर्किए।

राजा अरि मल्लपछि यिनका छोरा अभय मल्ल (विसं १२७३–१३१२) यहाँका राजा हुन आए। वंशावलीअनुसार विसं १२३९ मा यिनको जन्म भएको र ३९ वर्ष राज्य गरी ७२ वर्षको उमेरमा यिनको देहान्त भएको थियो। यसबाट विसं १२७३ मा यिनको राज्यारोहरण भएको स्पष्ट रुपमै देखिएको थियो। यिनको राज्यकालमा लिपिबद्ध भएका हस्तलिखित पुस्तक पनि यसै अवधिभित्रका मात्र उपलब्ध छन्। वंशावलीअनुसार यिनको राज्यकालमा पनि नेपालमा एउटा ठूलै अनिकाल परेको थियो र एउटा भयङ्कर भूकम्प पनि गएको थियो। यस भूकम्पमा देशको एकतिहाइजति जनआबादी सखाप भएको र भूकम्प भएको छ दिनपछि स्वयम् राजा अभय मल्लको पनि देहान्त भएको थियो। सम्भवतः भूकम्प हुँदा लागेको चोटका कारणले नै यिनको देहान्त भएको थियो।

अभय मल्लपछि यिनका छोरा जयदेव मल्ल नेपालका राजा हुन आएका पाइन्छन्। वंशावलीअनुसार यिनको जन्म विसं १२६० को कात्तिकमा र देहान्त ५४ वर्षको उमेर विसं १३१४ को माघ महिनामा भएको थियो। गोपाल वंशावलीले यिनको राज्यकाल दुई वर्ष आठ महिना मात्र भएको उल्लेख गरेको छ। यिनको छोटो राज्यकाल पनि नेपाली नागरिकका निमित्त विपत्तिपूर्ण नै पाइन्छ। अरि मल्लको राज्यकालदेखि सुरू भएको अनिकाल तथा भूकम्पहरुको सिलसिला यिनको राज्यकालभर पनि कायमै रहेको र यस किसिमका कठिन विपत्तिहरुले गर्दा यस समयमा नेपाली नागरिकको जनजीवनलाई अस्तव्यस्त तुल्याइदिएको पाइन्छ।

जयदेव मल्लपछि 'जयभीमदेव' नामक अर्का व्यक्ति नेपाल अधिराज्यको राजसिंहासनमा विराजमान हुन आइपुगेका पाइन्छन्। यिनको नाममा 'मल्ल' उपाधि जोडिएको पाइँदैन। यसबाट यिनी मल्ल राजवंशका त थिए भन्ने प्रश्न पनि उठ्न सक्छ। तर पछि यिनैको वंशका अर्का एक जना राजाको नाम 'जयराज मल्लदेव'को रुपमा उल्लेख भएको पाइने हुनाले यिनको राजवंश पनि 'मल्ल' नै थियो भन्ने निश्चित छ। तर

यिनी राजा जयदेव मल्लका छोरा भने थिएनन्। यिनी राजा जयदेव मल्लका छोरा हुँदा हुन् त यसको उल्लेख 'गोपाल राजवंशावली'मा अवश्य गरिने थियो। यसबाट यिनले नेपाल अधिराज्यमा एउटा अर्को छुट्टै मल्ल राजवंश खडा गराएको सङ्केत प्राप्त हुन आएको छ।

वंशावलीअनुसार जयभीमदेव मल्लको राज्यरोहण विसं १३१५ मा भएको थियो। वंशावलीअनुसार नै राजा जयदेव मल्लका दुई छोरामध्ये पहिलाको १९ वर्षको उमेरमा युवराज छँदा नै विसं १३१४ मा देहान्त भएको थियो। यिनका कान्छा छोरा जातकदेवको जन्म भने विसं १३११ मा भएको पाइन्छ। यसबाट विसं १३१५ को प्रारम्भमा जयदेव मल्ल्को देहान्त हुँदा यिनका बाँकी बचेका एक मात्र छोरा जातकदेव १४ वर्षका मात्र भएका पाइन्छन्। यसअनुसार राजा जयदेव मल्लको देहावसान तथा जयभीमदेवको राज्यारोहणकालको बीचमा केही दिनको मात्र अन्तर रहेको स्पष्ट छ। यसबाट राजा जयदेव मल्लको देहान्तपछि यिनका किशोर छोरा जातकदेवले राज्यारोहण गरेका र दुई महिनाजतिको राज्यकालपछि यिनलाई पन्छाएर जयभीम मल्लले राज्यमा आफ्नो मात्र एकलौटी अधिकार स्थापित गराएको देखिएको छ।

वास्तवमा जुन समयमा राजा जयदेव मल्ल नेपाल अधिराज्यको तात्कालिक राजधानी भक्तपुर सहरमा रहेर आफ्नो राज्यका राज्यव्यवस्थाहरु सञ्चालन गरिरहेका थिए, त्यसै समयमा जयभीमदेव मल्लको सम्भवतः अधिराज्यको ललितपुर क्षेत्रमा 'महामन्त्री'का रुपमा अस्तित्व थियो। यसबाट राजा जयदेव मल्लको राज्यकालमा पनि यिनी नेपाल अधिराज्यको ललितपुर क्षेत्रका शक्रिशाली अधिनायकका रुपमा कार्यरत रहेका र राजा जयदेव मल्लको देहान्तपछि यिनका छोरा जातकदेवलाई राज्याधिकारबाट वञ्चित तुल्याई अधिराज्यको सम्पूर्ण अधिकार आफ्नै हातमा लिएर सम्पूर्ण नेपाल अधिराज्यको प्रशासनसूत्र यिनले नै हस्तगत गरेको देखिएको देखिन्छ। वंशावलीअनुसार यिनको राज्यकाल विसं १३२८ सम्म कायमै देखिन्छ।

राजा जयभीमदेव मल्लको राज्यकालभन्दा केही पहिले नेपालमा एक जना होनहार कलाकारको जन्म भएको थियो। यिनको नाम सम्भवतः 'अनेक' थियो। यिनको १७ वर्षको उमेरमा ८० जना नेपाली कलाकारको नेतृत्व गर्दै सर्वप्रथम तिब्बतमा र पछि त्यहाँबाट चीन साम्राज्यको राजधानी पेकिङगमा सम्राट् कुवलय खाँको राजभवनमा पुगेर आफ्नो जुन किसिमको अद्भुत शिल्पचातुर्यको प्रदर्शन गरेका थिए, त्यो अत्यन्त गौरवशाली छ। मूर्तिकला तथा वास्तुकलाको क्षेत्रमा विशेष योगदान दिएकाले बादशाह कुवलय खाँद्वारा यिनी त्यहाँका सम्पूर्ण कलाकारहरुका नायकका रुपमा नियुक्त मात्र गरेका थिएनन्, यिनलाई अनेकौं राजकीय सम्मान, पद तथा प्रतिष्ठा पनि प्रदान गरेका थिए। चीनमा यिनी 'अ नि को'को नामले प्रसिद्ध थिए।

नेपाली वास्तुकला सर्वप्रथम चीनमा र त्यहाँबाट दक्षिणपूर्वी एसियाका अन्य देशहरुमा पनि यत्रचत्र फैलाउनमा कलाकार 'अ नि को'को नै प्रमुख योगदान रहेको पाइन्छ। नेपाली मूर्तिकला तथा वास्तुशैलीलाई यिनले नै चीन हुँदै दक्षिणपूर्वी एसियामा यत्रतत्र फैलाइदिएका थिए। बर्मा वा म्यानमारमा पुगेको यही वास्तुशैली अचेल 'पगोडा शैली'को नामले विश्वप्रसिद्ध छ। कलाकार 'अ नि को' नेपालमा 'अरनिको'को नामले प्रसिद्ध छन्।

राजा जयभीमदेव मल्लले आफ्ना छोरा हुँदाहुँदै पनि जगदानेक मल्लका छोरा जयसिंह मल्ललाई आफ्ना उत्तराधिकारीका रुपमा नियुक्त गरेका थिए। फलतः जयभीमदेव मल्लको राज्यकालपछि जयसिंह मल्ल नै नेपाल अधिराज्यको राजसिंहासनमा विराजमान हुन आएका पाइन्छन्। यिनको पनि अघिल्लो राजवंशसँग के कस्तो सम्बन्ध रहेको थियो? स्पष्ट रुपमा खुल्न सकेको छैन। राजमुकुट धारण गरेदेखि नै राजा जयभीमदेव मल्लले यिनलाई 'युवराज'का रुपमा स्थापित गराइराखेको देखिने र यस समयभन्दा पहिले पनि यिनको नामको उल्लेख पाइने हुनाले जयदेव मल्लको राज्यकालमै जयसिंह मल्ल जयभीमदेव मल्लभन्दा पछिका दोस्रा तहका अधिनायकका रुपमा स्थापित देखिन्छन्। यिनैको सहयोगले जयदेव मल्लका उत्तराधिकारीलाई राजसिंहासनबाट विस्थापित गरी शासनाधिकार आफ्नो हातमा पार्न जयभीमदेव मल्ल

समर्थ रहेकाले यसै गुनबापत यिनले जयसिंह मल्लालाई आफ्नो उत्तराधिकारीका रुपमा नियुक्त गरेको झलक पाइन्छ।

वंशावलीअनुसार जयसिंह मल्लको राज्यकाल पनि अढाई वर्षजतिको मात्र रहेको थियो। यसबाट यिनको राज्यकाल विसं १३२८ को आसपासदेखि विसं १३३० को आसपाससम्म कायम रहेको देखिन्छ। तर यिनी विसं १३४४ को मङ्सिर महिनासम्म पनि जीवितै रहेका पाइन्छन्। यसबाट यिनलाई पदच्युत गरी पछि अनन्त मल्लले नेपाल अधिराज्यको राजमुकुट धारण गरेको देखिएको छ।

राजा जयसिंह मल्लको राज्यकाल भने छोटो भए पनि शान्तिपूर्ण नै रहेको पाइन्छ। गोपाल राजवंशावलीमा यिनको राज्यकालको सम्बन्धमा विशेष जोड दिएर "यिनको राज्यकालमा देशमा शान्ति तथा सुव्यवस्था पनि स्थापित भएको थियो" भनी उल्लेख गरेको पाइन्छ।

१.१० नेपालमाथि आइपरेका विपत्ति

तिब्बत एवम् चीनमा पनि रहेर जुन समयमा प्रतिभाशाली नेपाली शिल्पकार अरनिकोले शिल्पकारका रुपमा आफ्ना अद्भुत कीर्तिकथाहरु कोरिरहेका थिए, त्यस समयमा नेपालमा भीमदेव मल्ल, जयसिंह मल्ल तथा अनन्त मल्लहरुको राज्यकाल चलिरहेको थियो। राजा अनन्त मल्लको राज्यकाल प्रारम्भ भएपछि नेपाल अधिराज्यमा विपत्तिहरुको कालो बादल फेरि पनि मडारिन सुरू भएको पाइन्छ।

राजा जयसिंह मल्ललाई पदच्युत गरी अनन्त मल्ल स्वयम् नै नेपाल अधिराज्यका राजाका रुपमा स्थापित भएका थिए भन्ने सामान्य चर्चा यसभन्दा पहिले पनि भइसकेको छ। यिनी जगदानेक मल्लका नाति एवम् राजदेव मल्लका छोरा देखिन्छन्। वंशावलीअनुसार विसं १३०३ मा यिनको जन्म भई ३३ वर्षजतिको लामो राज्यकालपछि यिनको देहान्त भएको पाइन्छ। यिनको राज्यकालमा लिपिबद्ध भएका हस्तलिखित पुस्तकहरु पनि प्रशस्त मात्रामा उपलब्ध छन्। तर यिनकै राज्यकालका विसं १३४२ देखि १३५४ सम्मका करिब १२ वर्षका बीचमा लिपिबद्ध भएका पुस्तक भने एउटा पनि पाइएका छैनन्। यस अवधिमा नेपालमा निरन्तर परचक्रीहरुको आक्रमण भइरहेको र यसबाट देशमा घोर अशान्ति फैलिई यसबीचमा यहाँ नयाँ पुस्तक लिपिबद्ध हुने वातावरण नभएको स्पष्ट छ।

यसै अवधिमा सर्वप्रथम विसं १३४४ मा पश्चिमी नेपालका खस राजा जितारि मल्लले काठमाडौं उपत्यकामाथि पहिलो पटक आक्रमण गरिदिएको पाइन्छ। यस आक्रमणमा आक्रान्ता खस सैनिकहरुसँग नेपाली सैनिकहरु स्वयम्भूको डाँडामा घमासान युद्ध भएको

उल्लेख गोपाल राजवंशावलीमा पाइन्छ। उक्त वंशावलीअनुसार यस आक्रमणबाट वर्तमान काठमाडौं उपत्यकामाथि रहेका प्रायः सबै सहरहरु ध्वस्त भएका र सहरका अधिकांश नागरिकहरु वनदुर्गहरुभित्र शरण लिन बाध्य भएका थिए। यस आक्रमणमा राजा जितारि मल्लका पक्षका पनि आठ सय जनाजति सैनिक खेत रहेको उल्लेख उपर्युक्त वंशावलीमा पाइन्छ। यस घटनाको केही दिनपछि राजा जितारि मल्ल आफ्ना दलबलहरुसहित नेपालबाट स्वदेशतर्फ फर्किए।

यस सवा वर्षजति पछि यिनै राजा जितारि मल्लद्वारा काठमाडौं उपत्यकामाथि फेरि पनि आक्रमण गरियो। यो आक्रमणमा पहिलो पटकको भन्दा अझै जोडदार थियो। यस आक्रमणमा उनले उपत्यकाभित्रका गाउँगाउँ जलाइदिएका थिए। पश्चिमतर्फको प्रवेशद्वारबाट देवपाटन सहरभित्र प्रवेश गर्ने क्रममा यस सहरका अनेकौं नवयुवाहरु खस सैनिकका बाणका सिकार बनाइएका थिए र यस सैनिक अभियानमा जित पनि खस सैनिकहरुको नै भयो। अन्त्यमा पशुपति, मत्स्येद्रनाथ तथा स्वयम्भू महाचैत्यहरुको दर्शन तथा पूजा पनि गरी यहाँबाट लुटिएका धनदौलत लिई केही दिनपछि खस सैनिक स्वदेशतर्फ फर्किएर गए। यसको अर्को वर्ष तेस्रो पटक पनि काठमाडौं उपत्यकामा राजा जितारि मल्लका खस सैनिकहरुको आक्रमण भएको उल्लेख उपर्युक्त वंशावलीमा पाइन्छ।

राजा जितारि मल्लका सैनिकहरु फर्किएर गएको लगत्तैपछि नेपाल अधिराज्यका निमित्त फेरि अर्कोतर्फबाट पनि विपत्ति आइलागेको पाइन्छ। यो विपत्ति थियो— तिरहुत राज्यतिरबाट भएको कर्णाट राजा शक्तिसिंहदेवका मन्त्री चण्डेश्वर ठाकुरको नेपालमाथि भएको जोडदार आक्रमण। यति बेला नेपाल अधिराज्यलाई अत्यन्त कमजोर रहेको पाएर विसं १३४७ मा चण्डेश्वर ठाकुरका तिरहुते सैनिकहरुले सिन्धुलीतर्फबाट वर्तमान काठमाडौं उपत्यकामाथि जोडदार आक्रमण गरिदिएका थिए। यस आक्रमणको प्रतिरोध गर्ने आँट राजा अनन्त मल्लले गर्न सकेनन्। विपक्षीहरुसँग शान्ति सम्झौता सम्पन्न गरी युद्धको हर्जाना बुझाएर विपक्षी सैनिकलाई यहाँबाट फिर्ता पठाउन यिनी विवश भए।

यसबाट राजा अनन्त मल्लको सैनिक कमजोरीको पोल सजिलैसँग खुल्न आएको थियो।

वास्तवमा राजा अनन्त मल्ल निकै नराम्रो साइतमा नेपाल अधिराज्यको राजसिंहसानमा विराजमान हुन आइपुगेका पाइन्छन्। यिनको राज्यकालमा जहाँ बाहिरिया शत्रुहरुले नेपाल अधिराज्यमाथि पटकपटक जोडदार आक्रमणहरु गरिरहेका थिए, त्यहाँ आफ्नै घरभित्र पनि आन्तरिक शक्ति सङ्घर्षहरु चर्किरहेका थिए। यसै स्थितिमा पुराना राजवंशका उत्तराधिकारीहरुलाई हात लिन भनी यिनले भीमदेव मल्लका जेठा छोरा, उमेरमा आफूभन्दा ज्येष्ठ आदित्यदेव मल्ललाई आफ्ना उत्तराधिकारी एवम् युवराजका रुपमा नियुक्त गरिदिएका थिए।

तर यिनको यो योजना पनि सफल हुन सकेन। यसले गर्दा यिनका आफ्नै भाइ आनन्द मल्ल पनि यिनका विद्रोही बन्न आइपुगेकाले उनलाई पलाञ्चोकको एउटा किल्लामा लगी कैद गरेर राखिएको थियो। यसै स्थितिमा विसं १३५० मा युवराज आदित्य मल्लको अप्रत्याशित रुपमा देहान्त हुँदा यिनकी विधवा रानी 'विरमदेवी'ले नै युवराज्ञीको पदभार सम्हालिरहेकी थिइन्। तर पछि अनन्त मल्लका आफ्नै छोरा शक्ति मल्ल पनि यिनका विरोधी बन्न आएका र यसै विरोधले गर्दा आफ्ना पिताको हातबाट देशको प्रशासनको बागडोर तत्कालै आफ्नै हातमा पार्ने प्रयास गर्दा बाबु तथा छोराका बीचमा शक्ति सङ्घर्ष चलेको विवरण पनि उपर्युक्त वंशावलीमै उल्लेख पाइन्छ।

आफ्नै छोरा विद्रोही बनेपछि राजा अनन्त मल्लले पलाञ्चोकमा लगेर नजरबन्द गरी राखिएका आफ्ना भाइ आनन्द मल्ललाई नजरबन्दबाट मुक्त गरी यिनलाई पुनः आफ्ना उत्तराधिकारीका रुपमा नियुक्त गरेको पाइन्छ। यसबाट राजकुमार शक्ति मल्ल आफ्ना पिता अनन्त मल्लदेखि अझै क्रुद्ध बन्नु स्वाभाविकै थियो। युवराज्ञी विरमदेवी पनि यस घटनाबाट राजा अनन्त मल्लदेखि क्रुद्ध हुन पुगेकी थिइन्। परचक्रीहरुको बारम्बारको आक्रमण र आफ्नै घरभित्रको यस किसिमको गृहकलहले गर्दा वाक्क भएर आफ्ना जेजति भएका चल अचल सम्पूर्ण सम्पत्तिहरु भगवान् श्री पशुपतिनाथको नाममा अर्पण

गरी राजा अनन्त मल्ल स्वयम् भने आफ्नो जीवनकालको अन्तिम समयतिर वानप्रस्थ जीवन ग्रहण गरेर बनेपामा गई बस्न थालेको वर्णन पनि उपर्युक्त वंशावलीमा पाइन्छ।

यसपछि यिनका उत्तराधिकारीका रुपमा यिनका भाइ आनन्द मल्ल नै नेपाल अधिराज्यको राजसिंहासनमा विराजमान हुन आइपुगेका थिए (विसं १३३६)। यसै स्थितिमा यस घटनाको एक वर्षजति पछि पूर्वराजा अनन्त मल्लको देहान्त भएको र पारिवारिक गृहकलहले गर्दा चार दिनसम्म पनि यिनको पार्थिव शरीरको दाहसंस्कार सम्पन्न हुन नसकेको वर्णन पनि उपर्युक्त वंशावलीमा पाइन्छ।

यसै अवस्थामा राजा आनन्द मल्लकै राज्यकालमा विसं १३६८ मा तिरहुते सैनिकहरुको नेपाल अधिराज्यमाथि फेरि पनि आक्रमण भएको र यस पटकको आक्रमणमा काठमाडौं उपत्यकाभित्रका केही भूभागमा आफ्नो अधिकार स्थापित गर्न पनि उनीहरु समर्थ भएको पाइन्छ। विद्रोही बनिरहेका राजकुमार शक्ति मल्लले यति बेला तिरहुते सैनिकहरुलाई काठमाडौं उपत्यकाभित्र आक्रमण गर्न उक्साइरहेका मात्र थिएनन्, यसका निमित्त उनीहरुलाई आफ्नो तर्फबाट सक्दा सहयोगहरु पनि उपलब्ध गराइरहेका थिए। यसैले यस आक्रमणपछि १० महिनाजति काठमाडौं उपत्यकाका केही भूभागमाथि तिरहुते सैनिकहरुको अधिकार स्थापित भएको, यसबीचमा उनीहरुले यहाँका सहर तथा बस्तीहरुमा लुटपाट मच्चाउँदै रहेका र यहाँका स्थानीय नागरिकहरुको असहयोगले गर्दा पछि उनीहरुले यहाँबाट फर्केर जानुपरेको विवरण पनि उपर्युक्त वंशावलीमै पाइन्छ।

राजा आनन्द मल्लको राज्यकालको प्रारम्भमै अर्का एक जना प्रभावशाली व्यक्तिको पनि नेपाल अधिराज्यको राजनीतिक रङ्गमञ्चमा उदय भएको पाइन्छ। यसरी नयाँ उदय हुने यी प्रभावशाली व्यक्तिको नाम थियो— 'रूद्र मल्ल'। जुन समयमा आनन्द मल्ल नेपाल अधिराज्यको राजसिंहासनमा विराजमान भएका थिए, त्यस समयमा अधिराज्यका प्रमुख हर्ताकर्ता एवम् सर्वशक्तिमान् प्रशासकका रुपमा रूद्र मल्ल सक्रिय पाइन्छन्। यिनी सिंह मल्लको वंशक्रममा तुङ्ग मल्लका छोरा भएर विसं १३५२ मा

जन्मिएका थिए। आक्रान्ता तिरहुते सैनिकहरुको आक्रमणको सामना गर्दा र राजकुमार शक्ति मल्लको विद्रोहलाई दमन गर्दा पनि राजा आनन्द मल्ललाई तुङ्ग मल्लले विशेष सहयोग गराएका थिए। यसैले नै नेपाल अधिराज्यको राज्यप्रशासनको प्रमख बागडोर तुङ्ग मल्लको हातमा पुगेका सङ्केत प्राप्त हुन आएको छ। तुङ्ग मल्लको देहान्तपछि यिनका उत्तराधिकारी एवम् छोराका हैसियतले रूद्र मल्लले आफ्नो किशोरावस्थाको प्रारम्भमै यो अधिकार प्राप्त गरेका थिए।

अधिनायकका रुपमा रूद्र मल्लको उदय विसं १३६८ को आसपाससम्ममा भइसकेको पाइन्छ। यतिन्जेल विद्रोही बनेका राजकुमार शक्ति मल्लको पूर्णतः दमन भइसकेको थियो। यति बेला रूद्र मल्लको उमेर भर्खरै मात्र १६ वर्ष पूरा भएको पाइन्छ। यसपछि ३० वर्षको अल्पायुमा आफ्नो देहान्त नभएसम्म (विसं १३८३) यिनी दृढतापूर्वक नेपाल अधिराज्यको प्रशासनसूत्रलाई योग्यतापूर्वक सञ्चालन गर्दै रहेका पाइन्छन्।

राजा आनन्द मल्ल तथा अधिनायक रूद्र मल्लको संयुक्त प्रशासनकाल पनि नेपाल अधिराज्यका निमित्त कम विपत्तिपूर्ण थिएन। विसं १३७० को प्रारम्भमै दुल्लुका अर्का खस राजा रिपु मल्लले काठमाडौं उपत्यकामाथि फेरि पनि आक्रमण गरिदिएका र यहाँका सहरहरुमा लुटपाट मच्चाई बुङमतीमा मत्स्येन्द्रनाथको मन्दिरमा गएर १८ दिनसम्म त्यहीँ बसी पछि स्वदेशतर्फ फर्किएर गएका थिए। यसैले यस वर्ष मत्स्येन्द्रनाथको परम्परागत जात्रा पनि साबिकअनुसार यथासमयमै सम्पन्न हुन नसकी दुई महिनाजति ढिलो गरेर मात्र सम्पन्न हुन सकेको वर्णन पनि उपर्युक्त वंशावलीमै पाइन्छ।

रूद्र मल्ल नभन्दै अत्यन्त नै महत्वाकाङ्क्षी अधिनायकका रुपमा नेपाल अधिराज्यको राजनीतिक रङ्गमञ्चमा देखापरेका पाइन्छन्। प्रारम्भमा त यिनले आनन्द मल्ललाई नै आफ्ना राजाका रुपमा राखेर सम्पूर्ण नेपाल अधिराज्यमा आफ्नो मात्र एकलौटी प्रशासनिक अधिकार स्थापित गर्ने सोचाइ राखेका थिए। ललितपुर एवम् कान्तिपुर क्षेत्रका 'महापात्र' वा मन्त्रीहरु भने यिनको यस सोचाइसँग सहमत हुन सकिरहेका

थिएनन्। आनन्द मल्ललाई आफ्ना राजाका रुपमा स्वीकार गर्न उनीहरुले आनाकानी गरिदिएका थिए। यसपछि यिनले राजा आनन्द मल्ललाई भक्तपुर राज्यको राजसिंहासनमा मात्र सीमित राखी उपत्यकाका तीन ओटै प्रमुख सहरको मध्य भागमा रहेको देवपाटन सहरमा छुट्टै राजसिंहासन खडा गराई त्यसमा आफ्ना नातेदार अरि मल्ललाई नेपाल अधिराज्यका राजाका रुपमा वरण गरी त्यहीँ यिनको राज्याभिषेक गराइदिएको पाइन्छ (विसं १३७७)।

गोपाल राजवंशावलीअनुसार राजा अरि मल्लको जन्म विसं १३३३ मा भएको र यिनको देहान्त विसं १४०१ मा भएको पाइन्छ। यस समयका शक्तिशाली प्रशासक रूद्र मल्लले राजा आनन्द मल्ललाई भन्दा नवस्थापित राजा अरि मल्ललाई विशेष महत्व दिएका थिए तापनि राजधानी भक्तपुर सहरमा राजा आनन्द मल्लको अस्तित्व कायम रहिरहेसम्म तात्कालिक नेपाली समाजमा नवस्थापित राजा अरि मल्लको खास महत्व देखिँदैन। अरि मल्लको राज्यकाल जनिएका पुस्तकहरु कम मात्र उपलब्ध हुनुको रहस्य पनि यही नै प्रतीत हुन्छ। तर राजा आनन्द मल्लको देहान्तपछि भने अधिनायक भएर रहेका रूद्र मल्लको राजनीतिक प्रभावद्वारा राजाका रुपमा अरि मल्लको प्रभाव एवम् प्रतिष्ठा पनि क्रमशः बढ्दै आएको स्पष्ट देखिन्छ।

राजा अरि मल्लको प्रशासनकालमा पनि नेपाल अधिराज्यले अनेकौं किसिमका विपत्तिहरुको सामना गर्दै रहनुपरेको उल्लेख पनि उपर्युक्त वंशावलीमा पाइन्छ। सर्वप्रथम विसं १३८२ मै सिमरौनगढमा राजधानी रहेको तिरहुत राज्यमा दिल्लीका प्रमुख प्रशासक गयासुद्दीन तुगलकले आफ्नो आधिपत्य स्थापित गराइदिँदा त्यहाँका राजा हरसिंहदेव त्यहाँबाट पलायित भई शरणार्थीका रुपमा सिन्धुलीको बाटो भई नेपाल अधिराज्यभित्र प्रवेश गर्न बाध्य भएका थिए। सुरक्षित आश्रयस्थलको खोजी गर्दै दोलखातिर आउँदा 'तीन पाटन' नामक ठाउँमा तिनको देहान्त भएको र तिनका छोरा, अन्य परिवार तथा मन्त्रीहरु भने त्यहीँ स्थानीय प्रशासकहरुका कैदमा परेका थिए।

यसै स्थितिमा यो घटना घटेको केही महिनापछि अधिनायक रूद्र मल्लको पनि अप्रत्याशित रुपमा देहान्त भएको पाइन्छ। यस घटनाको डेढ वर्षजति पछि दुल्लुका अर्का खस राजा आदित्य मल्लले काठमाडौं उपत्यकाको वैभव तथा समृद्धिलाई फेरि सम्झिएका थिए (विसं १८३५)। पाँच दिनसम्म नुवाकोटमा रही ललितपुर सहरमा आक्रमण गर्ने उद्देश्यअनुसार यिनी सहरदेखि बाहिर पुल्चोकमा रही आवश्यक सैनिक तयारी गर्दै रहेका थिए। लडाइँका निमित्त आवश्यक तयारी गर्दागर्दै २२ दिनजति यत्तिकै बितेका थिए। यसपछि पाटन सहरमा आक्रमण गरी केही दिन यिनले त्यहाँ आफ्नो अधिकार पनि स्थापित गराइदिएका थिए। तर केही दिनपछि भने यिनी यहाँबाट स्वदेशतर्फ फर्केर जान विवश भएका पाइन्छन्।

जेहोस्, खस राजा आदित्य मल्लको यस सफल सैनिक अभियानबाट ललितपुर क्षेत्रका महापात्र वा मन्त्रीहरुको बचेखुचेका राजनीतिक शक्ति पनि क्षीण हुन आएकाले यस घटनापछि राजा अरि मल्लको राजनीतिक शक्ति अझै बढ्न थालेको झलक प्राप्त हुन आएको छ। राजा हरिसिंहदेवका मन्त्री चन्द्रेश्वर ठाकुर भने सिमरौनगढबाट आएर दोलखाको नजिकैमा रहेको 'राजग्राम' नामक क्षेत्रमा कब्जा जमाई त्यस क्षेत्रलाई नेपाल अधिराज्यबाट अलग पारेर त्यहाँ एउटा छुट्टै सानो स्वतन्त्र राज्य स्थापना गर्न समर्थ भएका पाइन्छन् (विसं १३८९)। यो राजनीतिक घटना राजा अरि मल्लका निमित्त ठूलो आघातका रुपमा देखापर्न आइपुगेको थियो। आफ्ना पक्षपाती अधिनायक रूद्र मल्लको देहान्त र राजग्रामको पतन दुवै घटना राजा अरि मल्लको प्रतिष्ठा तथा स्थायित्वका निमित्त पनि बाधक बनेर उपस्थित हुन आएको पाइन्छ।

यता अधिनायक रूद्र मल्ल आफ्नी एक मात्र सन्तान, छोरी नायकदेवीलाई छोडी ३० वर्षको अल्पायुमै दिवङ्गत भएकाले आफ्नी बज्यै (रूद्र मल्लकी आमा) पदुमलदेवीको संरक्षकत्वमा यिनै बालिक वैधानिक रुपमा नेपाल अधिराज्यकी अधिनायकका रुपमा उपस्थित हुन आइपुगेकी थिइन्। यिनको यो अधिकारलाई चुनौती दिन सक्ने साहस यति बेला नेपालमा कसैमा पनि थिएन। रूद्र मल्लकी दिदी देवलदेवी पनि यिनकी अर्की

संरक्षिकाका रुपमा देखापरेकी थिइन्। वैधानिक राजाका रुपमा भने अरि मल्ल नै कार्यरत थिए।

नायकदेवी नेपाल अधिराज्यकी अधिनायिका बन्न आइपुगेकीले यिनको भावी विवाह नेपालमा राजनीतिक दृष्टिकोणले यति बेला अत्यन्त महत्वपूर्ण थियो। भविष्यमा जोसँग यिनको विवाहसम्बन्ध स्थापित हुन्छ तिनको सन्तानले नै नेपाल अधिराज्यका भावी हर्ताकर्ता एवम् अधिनायक पनि बन्न पाउने वातावरण सिर्जना हुन आएको थियो। यस समयमा 'हरिश्चन्द्र' तथा 'गोपालचन्द्र' नामक दुई जना क्षत्रीय कुमार नेपालभन्दा बाहिर कतैतिरबाट आएर आफ्ना अभिभावकका साथ काठमाडौं उपत्यकामा कतै बसिरहेका थिए। देवलदेवीले बालिका नायकदेवीको विवाह यिनै हरिश्चन्द्रका साथ गराइदिइन् (विसं १३८६ को आसपास)। तर षड्यन्त्रपूर्वक कसैबाट विषको प्रयोग भई केही वर्षपछि युवावस्थामा प्रवेश गर्दानगर्दै यिनी अप्रत्याशित रुपमा मारिए (विसं १३९२)।

आफ्ना अभिभावकहरुको सल्लाह एवम् सहमतिअनुसार यसपछि नायकदेवीले आफ्ना देवर गोपालचन्द्रलाई नै आफ्ना पतिका रुपमा वरण गरिदिइन्। तर केही वर्षको सहवासपछि नायकदेवीको यिनीसँग पनि खटपट प्रारम्भ भयो र यिनी पनि नायकदेवीका पतिको हैसियतबाट बलपूर्वक नै हटाइए (विसं १३९७)। 'जगतसिंह' नामक अर्का एक जना प्रभावशाली नवयुवक यिनको दमन गर्न यति बेला सक्रिय भएर लागिपरिरहेका थिए। राजधानी भक्तपुर सहरबाट पलायित भई नवयुवक गोपालचन्द्र ललितपुर राज्यको किल्लामा पुगेर शरण लिई बसिरहेका थिए। त्यस किल्लामा पनि यिनले सुरक्षित रहन पाएनन्। हत्याराहरु पठाई यिनको नृशंस हत्या गराएर मात्र जगतसिंहले आफ्नो कुत्सित अभियानबाट विश्राम लिएको र यसपछि जगतसिंह नै नायकदेवीका पतिका रुपमा स्थापित पाइन्छन्।

जगतसिंह तिरहुत राज्यका अन्तिम राजा हरसिंहदेवकै राजकुमार प्रतीत हुन्छन्। हरसिंहदेवको देहान्तपछि यिनी सम्भवतः आफ्नी आमा देवलदेवीका साथ भक्तपुर सहरमा थिए। सुरूसुरूमा त यिनी नवयुवक गोपालचन्द्रका नै समर्थक भएर रहेका

पाइन्छन्। तर पछि पदुमलदेवीको देहान्तपछि यहाँको अशान्त राजनीतिक वातावरण र अव्यवस्थित प्रशासनबाट उत्साहित भई नेपाल अधिराज्यको राज्याधिकार नै हत्याउने महत्वाकाङ्क्षाले गर्दा नायकदेवीकै सहमतिअनुसार यिनले नै नवयुवक गोपालचन्द्रको हत्या गराइदिएको झलक पाइन्छ। तर यिनले गोपालचन्द्रको जुन हबिगत गराइदिएका थिए, पछि त्यही हबिगत यिनको पनि हुन गएको देखिएको छ। नायकदेवीका पतिका रुपमा एकाध वर्ष राजसी सुखसयल उपभोग गरेपछि नजाने किन हो, यिनी पनि नजरबन्दमा परेका र नजरबन्द अवस्थामै यिनको देहान्त भएको पाइन्छ।

जगतसिंहको तर्फबाट नायकदेवले पछि 'राजल्लदेवी' नामकी एउटी छोरीलाई जन्म दिएकी थिइन् (विसं १४०३)। तर दुर्भाग्य! छोरीलाई जन्म दिएको १० दिनपछि २० वर्षको अल्पायुमै यिनको देहान्त भयो। यिनलाई जसरी यिनकी पितामही पदुमलदेवीले हुर्काएकी तथा बढाएकी थिइन्। त्यसै गरी यिनकी छोरी बालिका राजल्लदेवी पनि यिनकै पितामही देवलदेवीकै काखमा हुर्किइन्।

उता राजा अरि मल्लको देहान्तपछि यिनका आफ्ना सन्तान कोही नहुँदा उत्तराधिकारीको अभावमा यिनको राजसिंहासन खाली नै थियो (विसं १४०१)। देवलदेवीले भने राजल्लदेवीकी संरक्षिकाको हैसियतले आफ्नो प्रशासनिक अधिकारलाई योग्यतापूर्वक सम्हालेकी थिइन्। पछि सबै भारदारको सल्लाहअनुसार राजा आनन्द मल्लका ल्याइतातर्फका छोरा 'राज मल्ल' राजसिंहासनमा राखिए (विसं १४०४)।

राजा राज मल्लको राज्यकालको प्रारम्भमै नेपाल अधिराज्यको फेरि पनि अर्को एउटा घोर विपत्तिको सामना गर्न विवश हुनुपरेको पाइन्छ। यो विपत्ति थियो— नेपाल अधिराज्यमाथि भएको विधर्मी मुसलमानहरुको दुर्दान्त आक्रमण। राजा राज मल्लको राज्यकालको प्रारम्भमै बङ्गालका सुल्तान समसुद्दीन इलियस शाहले नेपाल अधिराज्यमाथि जोडदार आक्रमण गरिदिएका थिए (विसं १४०६)। काठमाडौं उपत्यकामा यो आक्रमण पूर्वतर्फबाट भएको थियो। सिन्धुलीको बाटो भई यिनीहरु उपत्यकाभित्र प्रवेश गरेका थिए।

मुसलमान आक्रान्ताहरुले पहिलो दिनमा पूरा भक्तपुर सहरलाई नै ध्वस्त तुल्याइदिएका थिए। दोस्रो दिन कान्तिपुर सहरलाई तहसनहस पारी यसै दिन उनीहरु स्वयम्भू महाचैत्यलाई ध्वस्त पार्न पुगेका थिए। सम्भवतः तेस्रो दिन यिनीहरुले पाटन सहरमा लुटपाट मच्चाइदिएका थिए। विधर्मीहरुको यस आक्रमणबाट ज्यान जोगाउन आआफ्ना घरबार तथा धनसम्पत्ति सबै परित्याग गरी समस्त नगरवासीका साथ स्वयम् राजा राज मल्ल पनि वनदुर्गभित्र प्रवेश गर्न बाध्य भएका थिए। यसले गर्दा समसुद्दीन इलियस शाहका विधर्मी आक्रान्ता सैनिकहरुले बिनाप्रतिरोध निर्धक्कका साथ लुटपाट गरी एक हप्ताभित्रमै उपत्यकाभित्रका तीन ओटै सहर र ठूलाठूला गाउँहरु सबै ध्वस्त पारिदिए, यहाँका देवमन्दिर तथा चैत्यहरु सबै नै खण्डहरका रुपमा परिणत पारिए र देवदेवीका भेटिएसम्मका प्रायः सबै आराध्य मूर्तिहरु निर्दयतापूर्वक खण्डित तुल्याइदिए।

यसै क्रममा भगवान् पशुपतिनाथको पवित्र मूर्तिलाई तीन टुक्रामा विभक्त पारिएको र स्वयम्भूको प्रसिद्ध चैत्यलाई पनि आगो लगाई खण्डहरका रुपमा परिणत गराइएको थियो। भेटिएसम्मको धनदौलत लिई सात दिनजति पछि यिनीहरु यहाँबाट हटेर गएका र यसपछि मात्र राजा राज मल्ल तथा नगरवासीहरु पनि वनदुर्गहरुबाट आआफ्ना आवासहरुमा फर्किएर आएका थिए।

देवलदेवी भने समयकी निकै सक्षम प्रशंसिका भएर देखापरेकी थिइन्। समसुद्दीन इलियस शाहको आक्रमणबाट ध्वस्त भएका सहर तथा गाउँका बस्तीलाई यिनले तत्कालै जीर्णोद्धार गराइदिएकी थिइन्। भगवान् पशुपतिको नयाँ मूर्तिको स्थापना र स्वयम्भू महाचैत्यको जीर्णोद्धार भने तत्कालै सम्पन्न हुन सकेन। राजल्लदेवीकी संरक्षिकाको हैसियतले यिनले शासन गर्दा ठाउँठाउँका 'महापात्र' वा मन्त्रीहरुले नेपाल अधिराज्यबाट स्वतन्त्र हुने चेष्टाहरु पनि नगरेका होइनन् तर महामन्त्री 'अनखराम'को सहयोगले यिनले यस्ता सबै विद्रोहीलाई दृढतापूर्वक दबाइदिएकी थिइन्।

देवलदेवीकै प्रशासनकालमा विसं १३८५ मा पश्चिमी नेपालमा खस राजा आदित्य मल्लका र विसं १३९१ मा त्यहींका अर्का राजा पुण्य मल्लका सैनिकहरुले पनि काठमाडौं

उपत्यकामाथि फेरि पनि आक्रमण गरिदिएको पाइन्छ। राजा राज मल्लको नेतृत्वमा त्यति बेला यस क्षेत्रकी प्रमुख प्रशासिका भएर रहेकी देवलदेवी यस्ता आक्रमणको दृढतापूर्वक प्रतिरोध गरिरहेकी थिइन्। यसै स्थितिमा राजा राज मल्लको देहान्त भएको र यिनका बालक छोरा अर्जुन मल्ल नेपालको राजसिंहासनमा विराजमान पाइन्छन् (विसं १४१७)।

उता नायकदेवी अकस्मात् स्वर्गवास हुँदा यिनकी नाबालिका छोरी राजल्लदेवीले त्यति बेलै नेपाल अधिराज्यकी प्रशासिका बन्ने वैधानिक अधिकार प्राप्त गरिसकेकी थिइन्। तर त्यति बेला यिनी अबोध बालिका भएकीले यिनको यो अधिकार यिनकी संरक्षिकाको हैसियतले यिनकी पितामही देवलदेवीले प्रयोग गर्दै आइरहेकी थिइन्। यस अवस्थामा राजल्लदेवी वा यिनका भावी पतिले नै अब नेपाल अधिराज्यका हर्ताकर्ता बन्न पाउने निश्चित भइसकेको थियो। यसैले धेरै क्षत्रीय कुमारहरुको दृष्टि राजल्लदेवीमाथि पार्नु स्वाभाविकै थियो। देवलदेवी पनि राजल्लदेवीको विवाहयोग्य उमेर हुने र यस्तो उमेर भएपछि यिनको विवाह एक जना सुयोग्य वरका साथ गराइदिने प्रतीक्षाका बसिरहेकी थिइन्। यसै स्थितिमा एक जना क्षत्रीय कुमारलाई कतैबाट झिकाई देवलदेवीले आफ्नी नातिनी राजल्लदेवीको विवाह यिनै क्षत्रीय कुमारसँग गराइदिएको पाइन्छ (विसं १४११)।

यो विवाह 'डोलाजी विवाह'को विधिअनुसार भक्तपुर सहरमै सम्पन्न भएको पाइन्छ। विवाह हुँदा राजल्लदेवीको उमेर आठ वर्ष हुनाले यति बेला यिनका दुलहाजीको उमेर १२ वर्षजति भएको हुँदो हो। बालक दुलाहा र बालिका दुलही दुवै देवलदेवीकै रेखदेखमा हुर्किए र बढ्दै पनि आए। यति मात्र होइन, बालक दुलहाजीले आफ्नो साबिकको कुल तथा गोत्रलाई पनि परित्याग गरी राजल्लदेवीका बाजे रूद्र मल्लकै मानव गोत्रलाई स्वीकार गरेका हुनाले यिनै कुमार पछि 'स्थिति मल्ल' वा 'जयस्थिति मल्ल'का नामले प्रसिद्ध भए। यिनै जयस्थिति मल्लको प्रशासनकालभन्दा केही वर्षपछि मात्र नेपालमा लेखिएको उपर्युक्त गोपाल राजवंशावलीमा यस विवाहको वृत्तान्त रोचक ढङ्गमा प्रस्तुत गरिएको पाइन्छ।

देवपाटनको सुनधारामा रहेको स्थिति मल्लले स्थापना गराएको एक शिलालेखमा यिनका छोराहरुको नाम पनि आएको छ। तर यस शिलालेखमा यिनले आफ्ना पिता तथा पितामहको नाम पनि उल्लेख नगराएर आफूलाई गर्वका साथ 'राजल्लदेवीका पति'का रुपमा मात्र उल्लेख गराएको पाइन्छ। यिनका आफ्नै छोरा ज्योतिर्मल्लले पनि आफ्ना एक शिलालेखा आफ्ना पिता स्थिति मल्लले मात्र नाम उल्लेख गरी आफ्ना बाजेको नाम उल्लेख नगराएर आफ्ना पितालाई गर्वपूर्वक 'राजल्लदेवीका पति'का रुपमै उल्लेख पाइन्छ। राजल्लदेवीका पतिको हैसियतले नै आफू सर्वशक्तिमान् प्रशासक हुन आइपुगेकाले स्थिति मल्लले आफ्नो नामको अगाडि यस्तो विशेषण जोड्नुलाई सहज तथा स्वाभाविक पनि मान्न सकिन्छ।

१.११ सिम्रौनगढको तिरहुत राज्य र यसको नेपालमाथि भएको सैनिक हस्तक्षेप

अहिलेको मिथिला प्रदेश प्राचीनकालका 'विदेह'को नामले प्रसिद्ध थियो। यस राज्यको राजधानी त्यति बेला आर्य सभ्यता एवम् संस्कृतिको महत्वपूर्ण केन्द्रस्थलका रुपमा विकसित पाइन्छ। अहिलेको जनकपुर क्षेत्र त्यति बेला विदेह वा मिथिला जनपदअन्तर्गत थियो। त्यति बेला त्यहाँ ठूलाठूला विद्वान् तथा दार्शनिकहरु पैदा भएका पाइन्छन्। जनकनन्दिनी जानकीको जन्म तथा विवाह पनि विदेह जनपदमै भएको मानिन्छ। विदेह जनपद पछि वृज्जि गणराज्यअन्तर्गत नै रहेको थियो। भारतबाट काठमाडौं उपत्यकातर्फ आवतजावत गर्ने प्रायः सबैजसो यात्रुहरु यसै जनपद भएर आउनेजाने गर्थे।

विक्रम संवत्को बाह्रौं शताब्दीको आरम्भमा दक्षिण भारततिरबाट आएका कर्णटवंशीय क्षत्रीयहरुको अहिलेको रौतहट जिल्लामा 'सिम्रोनगढ' नामक एउटा किल्लाको निर्माण गरी यसै किल्लालाई आफ्नो राज्यको राजधानीका रुपमा विकसित गराएर त्यहाँ एउटा शक्तिशाली तिरहुत राज्यको स्थापना गराएको पाइन्छ। यस राज्यका संस्थापक राजा 'नान्यदेव' मानिएका छन्। गोपाल राजवंशावलीअनुसार नान्यदेवपछि यिनका छोरा 'गाङ्गेयदेव' र यिनीपछि यिनका पनि छोरा 'नरसिंहदेव' यस राज्यका राजा भएका थिए। पाटनको सुप्रसिद्ध कृष्णमन्दिरमा रहेको राजा प्रताप मल्लको शिलालेखअनुसार राजा नरसिंहदेवका छोरा 'रामसिंहदेव' भएका थिए। गोपाल राजवंशावलीअनुसार विसं १२४० को चैत महिनामा यिनको जन्म भएको थियो।

गोपाल राजवंशावलीअनुसार तिरहुत राज्यका सैनिकहरुले वर्तमान काठमाडौं उपत्यकामा पटकपटक आक्रमण गरी यहाँका राजा, भारदार तथा नागरिकलाई पनि हायलकायल गराउँदै आइरहेका थिए। यसै क्रममा राजा नरसिंहदेवको नेतृत्वमा सर्वप्रथम विसं ११६८ मा तिरहुते सैनिकहरुले काठमाडौं उपत्यकामाथि जोडदार आक्रमण गरेका थिए। यसपछिको धेरै समयको वितरण भने प्राप्त छैन। यसको एक सय ३३ वर्षजति पछि विसं १३०१ मा राजा रामसिंहदेवको नेतृत्वमा तिरहुते सैनिकहरुले यस उपत्यकामाथि फेरि पनि आक्रमण गरिदिएका थिए। यस पटक उनीहरु नपाली सैनिकहरुबाट पराजित भई फर्किनुपरेकाले अर्को वर्ष पनि उनीहरुले यहाँ जोडदार आक्रमण गरिदिएका थिए।

यसको ४० वर्षजति पछि नेपाली राजा अनन्त मल्लको राज्यकालमा तिरहुत राज्यका प्रभावशाली मन्त्री 'चण्डेश्वर ठाकुर'ले नेपाल अधिराज्यलाई अत्यन्त नै कमजोर अवस्थामा रहेको पाएर यस अधिराज्यमाथि फेरि पनि जोडदार आक्रमण गरिदिएका थिए (विसं १३५६ को पुस)। यो आक्रमण सिन्धुलीतर्फबाट भएको थियो। यस आक्रमणको प्रतिरोध गर्ने आँट राजा अनन्त मल्ल तथा यिनका सैनिकहरुले पनि गर्न सकेनन् र आक्रमणकारी विपक्षी सैनिकहरुसँग शान्तिसम्झौता सम्पन्न गरी लडाइँको हर्जाना बुझाएर तिरहुते सैनिकलाई यहाँबाट फिर्ता पठाउन यिनी विवश भएका पाइन्छन्। यति बेला आफ्ना देशका नागरिकबाट प्रतिरोपनी जमिनको छ द्रम्म र घरैपिच्छे चार द्रम्म उठाएर लडाइँको हर्जाना बुझाई राजा अनन्त मल्लले आक्रमणकारी सैनिकहरुलाई यहाँबाट फिर्ता पठाएको उल्लेख उपर्युक्त वंशावलीमा पाइन्छ।

राजा अनन्त मल्लले आफ्ना छोरालाई उत्तराधिकारीका रुपमा नियुक्त नगरेर जयमभीमदेव मल्लका छोरा तथा उमेरमा आफूभन्दा आठ वर्ष जेठा आदित्य मल्ललाई युवराजको पदमा नियुक्त गरिदिएका थिए। यसैले यति बेला नेपालमा युवराज आदित्य मल्लको नै बोलबाला चलिरहेको थियो। यति बेला राजा अनन्त मल्लका आफ्नै भाइ

आनन्द मल्ल आफ्नो प्रगतिको निमित्त बाधक बनेर उपस्थित भैरहेको युवराज आदित्य मल्लले यिनलाई पलाञ्चोकमा रहेको एउटा किल्लामा लगेर कैद गरी राखिरहेका थिए।

यसै स्थितिमा विसं १३४९ मा युवराज आदित्य मल्लको देहान्त भएकाले प्रारम्भमा त यिनकी विधवा विरमदेवीले नै नेपाल अधिराज्यको 'युवराज्ञी'को पदभार ग्रहण गरेकी थिइन्। तर केही महिनापछि आनन्ददेव मल्ल बलपूर्वक नै नजरबन्दबाट मुक्त भएकाले यो कुरा थाहा पाई १७ वर्षका नवयुवक राजकुमार शक्तिदेवले पलाञ्चोकमा पुगी आफ्ना काका आनन्ददेवलाई फेरि पनि नजरबन्दमै राखिदिएका थिए। राजा अनन्त मल्ल भने आफ्नै कमजोरीले गर्दा आफ्नै सामुन्नेमा घटिरहेका यी सबै घटनालाई टुलुटुलु हेरिरहन विवश थिए। यसै अन्तर्विरोधले गर्दा राजकुमार शक्ति मल्लले आफ्ना पिताको हातबाट नेपाल अधिराज्यको प्रशासनसूत्रलाई तत्कालै आफ्ना हातमा पार्ने असफल प्रयास गर्दा पिता तथा पुत्रका बीचमा घोर शक्ति सङ्घर्षहरु चल्दै रहेका विवरणहरु पनि उपर्युक्त वंशावलीमै पाइन्छन्।

आफ्नै छोरा शक्तिसिंह मल्ल विद्रोही बनेपछि राजा अनन्त मल्लले पलाञ्चोकमा लगी नजरबन्द गरेर राखिएका आफ्ना भाइ आनन्ददेव मल्ललाई नै आफ्ना उत्तराधिकारीका रुपमा वरण गरेको झलक पाइन्छ। यसबाट यिनका आफ्नै छोरा शक्तिसिंह मल्ल भने यिनीदेखि अझै क्रुद्ध हुनु स्वाभाविकै थियो। यसले गर्दा युवराज्ञी विरमदेवी पनि राजा अनन्त मल्लदेखि असन्तुष्ट बन्न आएकी थिइन्।

परचक्री सैनिकहरुको वारम्बार आक्रमण र आफ्नै घरभित्र निरन्तर चलिरहेको गृहकलहले गर्दा जीवदेखि नै वाक्क भई राजा अनन्त मल्ल आफ्नो जीवनकालको अन्तिम समयतिर वैराग्यग्रस्त थिए। यसैले आफ्ना जेजति भएका सम्पत्तिहरु भगवान् श्री पशुपतिनाथको नाममा अर्पण गरी वानप्रस्थ जीवन ग्रहण गरेर यिनी बनेपामा बस्न थालेका थिए (विसं १३६४)। यसपछि यिनका उत्तराधिकारीका रुपमा युवराज आनन्द मल्ल नै नेपाल अधिराज्यका राजा बने। यसै स्थितिमा यस घटनाको पुगनपुग एक वर्षजति पछि पूर्वराजा अनन्त मल्लको देहान्त भएको र पारिवारिक कलहले गर्दा चार

दिनसमम पनि यिनको पार्थिव शरीरको दाहसंस्कार सम्पन्न हुन नसकेको विवरण पनि उपर्युक्त वंशावलीमै पाइन्छ।

यसै अवस्थामा राजा आनन्द मल्लकै राज्यकालमा विसं १३६८ को कात्तिक महिनामा पनि तिरहुते सैनिकहरुले नेपाल अधिराज्यमाथि फेरि पनि आक्रमण गरिदिएको र यस पटकको आक्रमणमा काठमाडौं उपत्यकाभित्रका केही भूभागलाई आफ्नो नियन्त्रणमा पार्न पनि उनीहरु सफल भए। विद्रोही बनिरहेका राजकुमार शक्तिसिंह मल्लले यति बेला आक्रमणकारी तिरहुते सैनिकलाई नेपाल अधिराज्यमाथि आक्रमण गर्न उक्साइरहेका मात्र होइनन्, उनीहरुलाई आफ्नो तर्फबाट सक्दो सहयोग पनि उपलब्ध गराइरहेका थिए।

विद्रोही बनेका राजकुमार शक्तिसिंह मल्लको सहयोगले गर्दा नै वर्तमान काठमाडौं उपत्यकाभित्रका केही भूभागमाथि पुगनपुग १० महिनासम्म आक्रमणकारी तिरहुते सैनिकहरुको अधिकार स्थापित भएको पनि पाइन्छ। यस समयमा यहाँका अधिकांश भारदारहरु विपक्षी सैनिकहरुको कैदमा परेका, यहाँका नागरिकलाई अनेकौं किसिमका शासना दिइएको, यसबीचमा आक्रान्ता तिरहुते सैनिकहरुले यहाँ सकेसम्म लुटपाट मच्चाउँदै रहेका र यहाँका स्थानीय नागरिकको असहयोग एवम् विरोधले गर्दा पछि उनीहरुले यहाँबाट फर्केर जानुपरेको विवरण पनि उपर्युक्त वंशावलीमै पाइन्छ। यसरी हटेर जाँदा यिनीहरुले यहाँका सर्वसाधारण नागरिकका घरलाई मात्र होइन, देवमन्दिर तथा बौद्ध चैत्यहरुलाई पनि आगो लगाएर ध्वस्त पारिदिएका थिए।

विक्रम संवत्को चौधौं शताब्दीको उत्तरार्द्धमा तिरहुत राज्यमा नान्यदेवकै राजवंशका राजा हरसिंहदेवले राज्यभार वहन गरिरहेका थिए। यिनकै राज्यकालमा विसं १३८१ मा दिल्लीका सुल्तान 'गयासुद्दीन तुगलक' बङ्गालमा आफ्नो नेतृत्वमा रहेका सैनिकहरुका साथ राजधानी दिल्लीतर्फ फर्किरहेका थिए। यसै बेला विधर्मी मुसलमानी सैनिकहरुले आफ्नो राज्यको राजधानीमाथि आक्रमण गर्न आँटे भन्ने सम्झिई राजा हरसिंहदेव आफ्नो सम्पूर्ण शक्ति लगाएर मुसलमानी सैनिकसँग लडाइँ लड्न अग्रसर भएका थिए।

यसले गर्दा गयासुद्दिन तुगलकका मुसलमानी सैनिकसँग राजा हरसिंहदेवका तिरहुते सैनिकको ठूलो घमासान पर्न आयो। विशाल सङ्ख्यामा रहेका मुसलमानी सैनिकका अगाडि थोरै सङ्ख्यामा रहेका तिरहुते सैनिकको के पो चल्न सक्थ्यो! यस लडाइँमा गयासुद्दीन तुगलका मुसलमानी सैनिकहरुले तिरहुत राज्यको राजधानी सिम्रौनगढलाई मटियामेट नै तुल्याइदिए। राजा हरसिंहदेव आफ्नो ज्यानसम्म जोगाएर येनकेन त्यहाँबाट पलायित भई शरणार्थीका रुपमा पूर्वी नेपालमा आएर आश्रय लिन विवश भए।

यिनका साथमा यिनका रानी, छोरा, मन्त्री तथा अन्य भारदार पनि रहेका थिए। सुरक्षित आश्रयस्थलको खोजी गर्दै सुनकोसी नदीको किनारैकिनार दोलखातर्फ आउँदा 'तिनपाटन' नामक ठाउँमा विसं १३८२ को माघ महिनामा यिनको देहान्त भएको र यिनका छोरा तथा मन्त्रीहरु भने त्यहाँका स्थानीयको कैदमा थिए। यिनका सारा श्रीसम्पत्तिहरु राजग्रामका भारदारले खोसेर लिए। यति बेला नेपालमा राजा अरि मल्लको राज्यकाल चलिरहेको थियो र रूद्र मल्ल यहाँका शक्तिशाली प्रशासक थिए। यसको एक वर्षजति पछि ३० वर्षको कलिलो उमेरमै अधिनायक रूद्र मल्लको देहान्त हुँदा 'नायकदेवी' नामकी यिनकी एउटी छोरी मात्र उत्तराधिकारी थिइन्।

रूद्र मल्लको देहान्तपछि बालिका नायकदेवीको पालनपोषण यिनकी पितामही 'पदुमलदेवी'ले गर्न थालेकी थिइन्। यति बेला देवलदेवी पनि यिनकी अर्की संरक्षिका थिइन्। यिनी सम्भवतः राजा हरसिंहदेवकी विधवा रानी तथा नायकदेवीकी फुपू रहेकी थिइन्। यसै स्थितिमा तिरहुत राज्यका पूर्वराजा हरसिंहदेवका प्रभावशाली मन्त्री चण्डेश्वर ठाकुरले 'राजग्राम'लाई आफ्नो नियन्त्रणमा लिई त्यहाँ एउटा सानो स्वतन्त्र राज्यको स्थापना गराइदिएको पाइन्छ (विसं १३८८)।

नेपाल अधिराज्यका राजा भने यति बेला पनि राजा अरि मल्ल नै रहेका थिए। रूद्र मल्लकी उत्तराधिकारीको हैसियतले बालिका नायकदेवी नेपाल अधिराज्यकी वैधानिक अधिनायिका बन्न आइपुगेकीले यिनको भावी विवाह यति बेला अत्यन्त महत्वपूर्ण थियो। यति बेला 'हरिश्चन्द्र' तथा 'गोपालचन्द्र' नामक दुई जना क्षत्रीय कुमारहरु

नेपालभन्दा बाहिर कतैबाट आई आफ्ना अभिभावकका साथ काठमाडौं उपत्यकाभित्र कतै बसिरहेका थिए। यिनै हरिश्चन्द्रसँग बालिका नायकदेवीको विधिपूर्वक विवाहसम्बन्ध स्थापित गराइएको र कतैबाट विषको प्रयोग भई आफ्नो जवानी अवस्थामा प्रवेश गर्दानगर्दै नै नवयुवक हरिश्चन्द्र षड्यन्त्रपूर्वक मारिएका थिए।

किशोरी नायकदेवीले यसपछि अभिभावकको सल्लाहअनुसार आफ्ना देवर गोपालचन्द्रलाई नै पतिका रुपमा वरण गरिन्। तर केही वर्षपछि गोपालचन्द्रसँग पनि यिनको खटपट प्रारम्भ भयो र यिनी पनि 'नायकदेवीको पति'को हैसियतबाट बलपूर्वक नै हटाइए (विसं १३९७)। 'जगतसिंह' नामक अर्का एक जना प्रभावशाली नवयुवक यति बेला यिनलाई आफ्नो उन्नतिको मार्गबाट पन्छाउन सक्रिय भएर अघि सरिरहेका पाइन्छन्। क्षत्रीय कुमार गोपालचन्द्र राजधानी भक्तपुरबाट पलायित भई ललितपुरको एउटा किल्लामा पुगेर शरण लिएर लिएर बसिरहेका थिए। हत्याराहरु पठाई यिनको नृशंस हत्या गराएर मात्र नवयुवक जगतसिंहले आफ्नो कुत्सित अभियानबाट विश्राम लिएका र यसपछि यिनी नै नायकदेवीका पतिका रुपमा स्थपित हुन आएका पाइन्छन्।

जगतसिंह तिरहुत राज्यका अन्तिम कर्णाट राजा हरसिंहदेवका राजकुमार प्रतीत हुन्छन्। हरसिंहदेवको देहान्तपछि यिनी आफ्नी आमा देवलदेवीका साथ सम्भवतः भक्तपुर नै आएर बसिरहेका थिए। सुरूसुरूमा त यिनी गोपालचन्द्रकै समर्थकका रुपमा देखापरेका थिए। तर पछि नेपाल अधिराज्यमा व्याप्त रहेको अशान्त वातावरण तथा यहाँको अव्यवस्थित शासन व्यवस्थाबाट उत्साहित भई नायकदेवीकै सहमति तथा सहयोगअनुसार यिनले क्षत्रीय कुमार गोपालचन्द्रको हत्या गराइदिएको झलक पाइन्छ। तर यिनले क्षत्रीयकुमार गोपालचन्द्रको जुन हबिगत गराइदिएका थिए, पछि त्यही नै हबिगत यिनको पनि हुन आएको पाइएको छ। नायकदेवीका पतिका रुपमा केही समय राजसी सुखसयलहरु उपभोग गरेपछि नजाने किन हो, यिनी पनि कैदमा परेका र नजरबन्दी जीवनमै यिनको पनि देहान्त भएको थियो।

यिनै जगतसिंहको तर्फबाट पछि नायकदेवी 'राजल्लदेवी' नामकी एउटी छोरीलाई जन्म दिएकी थिइन् (विसं १४०३)। तर दुर्भाग्य! छोरीलाई जन्म दिएको १० दिनपछि २० वर्षको जल्दोबल्दो जवानी अवस्थामै यिनको पनि देहान्त भएकाले बालिका राजल्लदेवीलाई देवलदेवीले नै हुर्काएकी तथा बढाएकी पनि थिइन्। एक जना क्षत्रीय कुमारलाई कतैबाट झिकाई देवलदेवीले पछि आफ्नी आठ वर्षकी बालिका नातिनी राजल्लदेवीको विवाह यिनै क्षत्रीय कुमारसँग गराइदिएकी थिइन् (विसं १४११)। यो विवाह 'डोलाजी विवाह'को विधिअनुसार सम्पन्न भएको थियो। यसैले बालक दुलहाजीलाई आफ्नो परम्परागत कुल तथा गोत्रलाई पनि परित्याग गर्न लगाएर राजल्लदेवीका मातामह रूद्र मल्लकै 'मानव गोत्र' स्वीकार गर्न लगाइएकाले यिनै क्षत्रीय कुमार पछि 'स्थिति मल्ल' वा 'जयस्थिति मल्ल'का नामले नेपालमा प्रसिद्ध हुन आएका पाइन्छन्।

स्थिति मल्ल वा जयस्थिति मल्लले आफूलाई गर्वका साथ 'राजल्लदेवीका पति'का रुपमा उल्लेख गर्ने गरेको पाइन्छ। यिनले स्थापना गरेको मल्ल राजवंश नेपालको इतिहासमा 'पछिल्लो मल्ल राजवंश'को नामले प्रसिद्ध छ।

१.१२ सुदूरपश्चिमी नेपालको खस राज्य

काश्मीरदेखि उत्तर पश्चिमतर्फ रहेका 'हिमालय', 'काराकोरम' तथा 'हिन्दकुश' नामक तीन ओटा सुप्रसिद्ध पर्वतमाला जहाँ आएर एकआपसमा एकाकार भएर मिलेका छन्, त्यहीँ प्राचीनकालमा आर्य जातिको 'ऐड' समुदायको मूल अवस्थल थियो भन्ने मानिँदै आएको छ। वर्तमान काश्मीर तथा यसदेखि उत्तरपूर्वतर्फ रहेको हिमाली क्षेत्र प्राचीनकालमा 'इडावृत्त'को नामले प्रसिद्ध रहेको र त्यस क्षेत्रका निवासीहरु 'ऐड' भनिने गरेका थिए। पुराणहरुमा यस क्षेत्रमा रहेका ऐड राजाहरुको उल्लेख पाइन्छ।

इडावृत्तबाट नै हिमालयका दुर्लङ्घ्य भन्ज्याङलाई पार गरी यसदेखि पूर्वतर्फ रहेका हिमाली क्षेत्रहरुमा आबाद हुन आइपुगेका खसवर्गका आर्यहरु 'ऐड' जातिका नै एउटा शाखाका मानिएका छन् भनिन्छ। काश्मिर प्रदेशका निवासी अझैसम्म पनि 'खख'को वा 'खष' भनाउनमा गर्व गर्छन्। 'खख' वा 'खष' शब्द नै संस्कृत भाषामा 'खस'का रुपमा रुपान्तरित पाइन्छ। 'खस' शब्दबाट नै 'काश्मीर' शब्द बनेकोमा कुनै पनि सन्देह छैन।

नेपाल अधिराज्यका पहाडी क्षेत्रहरुमा आबाद भएर रहेका ब्राह्मण, क्षत्रीय तथा शूद्रहरु प्रायः सबै नै खसवर्गका आर्य जातिका सन्ततिहरु मानिन्छन्। आफूहरुलाई "हामी आर्य जातिका हौं" भनी प्रमाणित गर्न यस जातिमा रहेको एउटा वर्गले अझै पनि आफूलाई 'ऐरी' वा 'ऐडी' भन्ने थरद्वारा चिनाउँदै आइरहेको पाइन्छ। जातीय शुद्धताको हिसाबले आर्यावर्तमा आबाद भएर रहेका भारतीय आर्यहरुभन्दा नेपालका पहाडी क्षेत्रहरुमा आबाद रहेका खसवर्गका आर्यहरु पनि कम शुद्ध छैनन्।

वर्तमान नेपाल अधिराज्यमा 'सखिको लेक'भन्दा पश्चिमतर्फका भूभागहरुको प्राचीनकालको वृत्तान्त त्यति उपलब्ध हुन सकिरहेको छैन तापनि मध्ययुगको उत्तरार्द्धमा त्यहाँ खसवर्गका आर्यहरुका सभ्यता तथा संस्कृति फुली, फलिरहेका थिए भन्नेमा भने कुनै पनि सन्देह छैन। वर्तमान काठमाडौं उपत्यकामा लिच्छवि तथा वैश्यहरुको अस्तित्व कायम रहिरहेसम्म यिनीहरुले खसवर्गका आर्यहरुलाई सखिको लेकबाट पूर्वतर्फ बढ्नबाट प्रायः रोकी नै रहेका थिए। तर विक्रम संवत्को तेह्रौं शताब्दीको मध्यसम्ममा नेपालका अधिल्ला थरी मल्ल राजाको राज्यव्यवस्था कमजोर हुँदै आउँदा 'सखिको लेक'का रुपमा रहेको प्राकृतिक बाँध पनि खुकुलो हुँदै आएको र यसबाट सुदूरपश्चिममा रहेका खसवर्गका आर्य पनि सुखसमृद्धिको खोजीमा पूर्वतर्फ बसाइँ सर्दै आउन थाले।

अहिलेको कुमाउँ, गढवाल तथा सुदूरपश्चिमी नेपालसम्म पनि फैलिएर प्राचीनकालमा 'कात्तिकेयपुर' नामक एउटा गौरवशाली राज्य थियो। कार्तिकेयपुर यथार्थमा राज्याविशेषको नाम नभएर त्यस शक्तिशाली राज्यको राजधानीको नाम भएको प्रतीत हुन्छ। अहिलेको 'कत्युर' शब्दले प्राचीनकालको कात्तिकेयपुर नगरलाई सम्झना गराउँदै रहेको पाइन्छ। कात्तिकेयपुर वा कत्युर राज्यको अस्तित्व यथाकथञ्चित् विक्रम संवत्को तेह्रौं शताब्दीसम्म पनि कायमै रहिरहेको पाइएको छ।

कत्युर राज्यको पतनपछि यस राज्यका अनेकौं सामन्त राजाहरु स्वतन्त्र राज्यका राजाहरुका रुपमा उपस्थित थिए। अहिलेको सुदूरपश्चिमी नेपालका पहाडी क्षेत्रहरु तिनताक 'खसान' तथा 'जडान' गरी दुई भागमा विभक्त भएर थिए। हिमाली क्षेत्रमा पर्ने जडानमा 'जाड'हरुको आधिक्य रहेको थियो भने पहाडी क्षेत्रमा रहेका खसानमा खसवर्गका आर्यहरु अधिक मात्रामा आबाद थिए। पश्चिमी तिब्बतमा रहेको गुगे प्रान्तमा पनि 'जाड'हरुको राज्यसत्ता सञ्चालित थियो।

खस आर्यहरुकै एक भेद 'जाड' मानिएका छन्। जाडहरुको मूल अवस्थल पश्चिमी तिब्बतको खारी प्रदेश मानिन्छ। अहिलेको तिब्बती भूमिको 'ताक्लाखार'ले त्यति बेलाको खारी प्रदेशको सम्झना अझैसम्म गराएको छ। वर्तमान नेपाल

अधिराज्यअन्तर्गत रहेको जुम्लामा पनि एउटा स्वतन्त्र खस राज्यको उत्थान भएको पाइन्छ। 'सिजा' नदीको किनारमा रहेको 'सेञ्जा नगरी' यस राज्यको राजधानी रहेको पाइएको छ।

'गेला' नामक एक जना महत्वाकाङ्क्षी व्यक्तिले सुदूरपश्चिमी नेपालको खसानमा आएर 'गेला राजवंश'को स्थापना गराएका थिए। यसै राजवंशमा पछि 'नागराज' नामक प्रसिद्ध राजा पैदा भएका पाइन्छन्। यिनको राज्यक्षेत्र हिमाली क्षेत्रको जडानका साथसाथै तिब्बतको पश्चिमी भेगसम्म फैलिएको थियो। दुल्लुमा उपलब्ध रहेको राजा पृथ्वी मल्लको कीर्तिस्तम्भअनुसार "खारी प्रदेशमा रहेका जावेश्वरले सेञ्जापुरीमा आएर 'नागराज'का नामले आफ्ना स्थिति बन्देहज बाँधेका थिए।" यस्तै आदित्यवंशका आदिपालले पहाडी क्षेत्रमा रहेको खसानमा पाल राजवंशको स्थापना गराए। पाल राजाहरु डोटी प्रदेशका स्वतन्त्र राजाहरु प्रतीत हुन्छन्। राजा 'जीव पाल' यसै राजवंशका अन्तिम राजा मानिएका छन्।

'सिजा' नामक नदी किनारमा 'सेञ्जापुरी' नामक एउटा सानो सहरलाई आफ्नो राज्यको राजधानी बनाई 'नागराज' नामक एक जना महत्वाकाङ्क्षी व्यक्तिले एउटा स्वतन्त्र राज्यको स्थापना गराएका थिए भन्ने उल्लेख भर्खरै मात्र भएको छ। आफूहरुलाई 'खसहरुका अधिपति'का रुपमा गर्व गर्ने यो राजवंश पछि यस क्षेत्रमा निकै शक्तिशाली भएर विक्रम संवत्को बाह्रौं शताब्दीदेखि चौधौं शताब्दीको बीचमा पूर्वमा नेपाल अधिराज्यदेखि पश्चिममा गढवालसम्मका विस्तृत भूभागहरुलाई थर्काई त्यहाँ आफ्नो सभ्यता तथा संस्कृतिको पनि प्रचारप्रसार गर्न समर्थ भएको थियो।

दुल्लुमा उपलब्ध रहेको राजा पृथ्वी मल्लको उपर्युक्त स्तम्भलेखअनुसार यस राजवंशमा नागराजपछि 'चाप', 'चापिल्ल', 'क्रशिचल्ल', 'क्राधिचल्ल' तथा 'क्राचल्ल' नाम भएका राजाहरु भएका थिए। राजा क्राचल्लदेवको विसं १२८० को एउटा अभिलेख कुमाउँको बालेश्वर मन्दिरमा उपलब्ध छ। यस अभिलेखबाट यति बेला अहिलेको कुमाउँ पनि यिनकै राज्यक्षेत्रभित्र रहेको थियो भन्ने प्रमाणित भएको छ। यस अभिलेखअनुसार

आफू राजा भएको सोह्रौं वर्षमा यिनले कात्तिकेयपुर राज्यमाथि विजय प्राप्त गरी त्यहाँ स्थापित भगवान् बालेश्वरको पूजाआराधना पनि गरेका थिए। यसबाट विसं १२६४ को आसपासमा राजा क्राचल्लदेवको राज्यारोहण भइसकेको स्पष्ट देखिएको छ।

राजा क्राचल्लदेवपछि यस राजवंशमा यिनका छोरा 'अशोक चल्ल' राजा भएका पाइन्छन्। उपलब्ध रहेका अभिलेखहरुका आधारमा यिनको राज्यकाल विसं १३१२ देखि १३३५ को आसपाससम्म पाइएको छ। कुमाउँको 'गोपेश्वर' तथा 'बाराहाट'मा उपलब्ध रहेका त्रिशूलहरुमा अङ्कित भएका अभिलेखबाट यिनले आफ्ना पिताको उत्तराधिकारीबाट प्राप्त भएको राज्यक्षेत्रलाई निकै विस्तृत तुल्याएका थिए। राजा अशोक चल्लपछि यिनका छोरा 'जितारि मल्ल' यस राज्यको राजसिंहासनमा विराजमान हुन आएका पाइन्छन्।

सेञ्जाली खस राजाहरुले प्रयोग गर्ने गरेको नागरी लिपि पछिपछि नेपालसम्म आइपुगेको पाइने र सेञ्जाली राजा जितारि मल्ल (प्रथम)ले सर्वप्रथम 'मल्ल' पदवी धारण गर्नु र पछि नेपाल अधिराज्यका नयाँ राजवंशका पहिला राजा अरि मल्लले 'मल्ल' पदवीलाई धारण गर्नु लगभग एकै समयको घटना भएकाले नेपाल अधिराज्य तथा सेञ्जा राज्यका बीचमा परोक्षरुपमै भए पनि सांस्कृतिक आदानप्रदान निरन्तर चल्दै आएका थिए भन्ने स्पष्ट छ। बद्रीनाथदेखि मुक्तिनाथसम्मका हिमाली क्षेत्र, बझाङदेखि सल्यानसम्मका पहाडी क्षेत्र र सुर्खेतदेखि बुटवलसम्मका तराई क्षेत्रहरुमा पनि सेञ्जा राज्यका प्राचीन अवशेषहरु यत्रतत्र उपलब्ध रहेका छन्। यसबाट यस राज्यको त्यति बेलाको विस्तार क्षेत्रको परिचय सजिलैसँग प्राप्त गर्न सकिन्छ।

राजा जितारि मल्लले 'खसान'का पहाडी क्षेत्रका भूभागहरुका साथसाथै 'जडान'का हिमाली क्षेत्रका भूभागलाई पनि एकीकृत गरी आफ्नो राज्यक्षेत्रलाई निकै विस्तृत तुल्याइदिएका थिए। यिनका पूर्वजनहरुले कर्णाली नदीका प्रस्रवण क्षेत्रहरुमा उत्तर, पश्चिम तथा दक्षिणतर्फ मात्र आफ्ना राज्यक्षेत्रहरुको विस्तार गराएका थिए। राजा जितारि मल्लले भने आफ्नो राज्यक्षेत्रलाई पूवतर्फ पनि विस्तार गराउने अथक प्रयासहरु

गरेको पाइन्छ। यिनको राज्यक्षेत्रको विस्तार पूर्वमा सखिको लेक, पश्चिममा गढवाल, उत्तरमा पुराङ तथा लद्दाख र दक्षिणमा सुर्खेतसम्म फैलिएको झलक पाइन्छ। सम्भवतः यिनकै राज्यकालदेखि 'सेञ्जा नगरी' खस राज्यको राजधानीको रुपमा विकसित भएको थियो। यस राज्यको हिउँदे भने पछिपछि दुल्लु हुन थालेको पाइन्छ।

सेञ्जा राज्यका राजाहरुले काठमाडौं उपत्यकामाथि आफ्ना सैनिकहरुद्वारा पटकपटक आक्रमणहरु गराएका थिए। 'गोपाल राजवंशावली'अनुसार काठमाडौं उपत्यकामाथि उनीहरुको पहिलो आक्रमण विसं १३४४ को अन्त्यमा भएको थियो। यस आक्रमणमा आक्रान्ता खस सैनिकहरुसँग नेपाली सैनिकहरुको स्वयम्भूको डाँडामा घमासान लडाइँ भएको थियो। राजा जितारि मल्लको नेतृत्वमा आएका खस सैनिकहरुको आक्रमणबाट उपत्यकाभित्र रहेका प्रायः सबै सहर ध्वस्त भए र सहरका प्रायः सम्पूर्ण नागरिक वनदुर्गहरुभित्र शरण लिन बाध्य भए। यस आक्रमणमा राजा जितारि मल्लका पनि आठ सय जनाजति खस सैनिकहरु खेत रहेको उल्लेख उपर्युक्त वंशावलीमा पाइन्छ।

यसको सवा वर्षजति पछि यिनै राजाका सैनिकहरुले काठमाडौं उपत्यकामा फेरि पनि आक्रमण गरेका थिए। यस पटकको आक्रमण पहिलो पटकको भन्दा अझै जोडदार थियो। यस आक्रमणमा यिनले उपत्यकाभित्र रहेका सहरहरुलाई मात्र होइन, ठूला गाउँहरुलाई पनि आगो लगाई खरानी पारेर ध्वस्त तुल्याइदिएका थिए। पश्चिमतर्फ रहेको प्रवेशद्वारबाट सहरभित्र प्रवेश गर्ने क्रममा देवपाटन सहरका अनेकौं नवयुवाहरु आक्रमणकारी खस सैनिकहरुद्वारा आफ्ना बाणका सिकार बनाइएका थिए र यस सैनिक अभियानमा जित पनि उनीहरुको नै भएको थियो। अन्त्यमा भगवान् पशुपति, मत्स्येन्द्रनाथ तथा स्वयम्भू महाचैत्यको पनि दर्शन तथा पूजाआराधना गरी लुटिएका धनदौलतका साथ केही दिनपछि उनीहरु स्वदेशतर्फ फर्किएर गएका थिए। यसको अर्को वर्ष तेस्रो पटक पनि राजा जितारि मल्लको नेतृत्वमा खस सैनिकहरुको काठमाडौं उपत्यकामाथि आक्रमण भएको थियो।

दुल्लुमा रहेको राजा पृथ्वी मल्लको उपर्युक्त कीर्तिस्तम्भमा उल्लेख भएअनुसार राजा जितारि मल्लपछि यिनका छोरा 'अक्षय मल्ल' सेञ्जा राज्यका राजा भएका पाइन्छन्। यसपछि यिनका छोरा 'अशोक मल्ल' र यसपछि यिनका पनि छोरा 'आनन्द मल्ल' यस राज्यको राजसिंहासनमा विराजमान हुन आएका पाइन्छन्। आनन्द मल्लपछि 'रिपु मल्ल' यस राज्यका राजा भएका थिए। राजा जितारि मल्लको पछिल्लो पटक आक्रमण भएको १४ वर्षजति पछि विसं १३६९ मा राजा रिपु मल्लको नेतृत्वमा खस सैनिकहरुले काठमाडौं उपत्यकामाथि फेरि पनि आक्रमण गरी त्यहाँ लुटपाटहरु मच्चाइदिएका र बुङमतीमा मत्स्येन्द्रनाथको मन्दिरमा गएर १८ दिनसम्म विश्राम गरी पछि त्यहाँबाट फर्किएर गएका थिए। यसले गर्दा यस वर्ष साबिकअनुसार यथासमयमै मत्स्येन्द्रनाथको जात्रा हुन नसकी दुई महिनाजति ढिलो गरेर मात्र सम्पन्न हुन सकेको थियो। यति बेला यिनले बुङमतीमा भगवान् लोकेश्वरलाई महास्नान गराएका, भगवान् पशुपतिनाथको पूजाआराधना गरेका र स्वयम्भू महाचैत्यको दर्शन पनि गरेका थिए। यसै क्रममा यिनी भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा पनि पुगेका पाइन्छन्। लुम्बिनीमा रहेको सम्राट् अशोकको सुप्रसिद्ध स्तम्भलेखमा यिनका साथै यिनका छोरा 'सङ्ग्राम मल्ल'को नाम पनि उत्कीर्ण भएको पाइन्छ।

राजा रिपु मल्लपछि सेञ्जा राज्यको राजसत्ता राजा 'आदित्य मल्ल'को हातमा पर्न आएको पाइन्छ। 'गोपाल राजवंशावली'अनुसार विसं १३८४ को फागुनमा यिनले पनि नेपाल अधिराज्यको वैभव तथा समृद्धिलाई सम्झिएका थिए। यस पटक भएको आक्रमणमा यिनले सर्वप्रथम नुवाकोटमाथि आफ्नो अधिकार स्थापित गरेको र पाँच दिनसम्म त्यहाँ रही त्यसपछि काठमाडौं उपत्यकाभित्र प्रवेश गरेका थिए। पाटन सहरमाथि आक्रमण गर्ने उद्देश्यअनुसार यिनी उक्त सहरदेखि बाहिर पुल्चोकमा रहेको एउटा किल्लामाथि २२ दिनसम्म घेरा दिई आवश्यक सैनिक तयारी गर्दै थिए। यसपछि पाटन सहरमाथि आक्रमण गरी यिनले केही दिन यहाँ आफ्नो शासनाधिकार स्थापित गराए। पछि भने यिनी यहाँबाट हटेर गए।

राजा आदित्य मल्लको देहान्तपछि भने सेञ्जा राज्यको प्रतापसूर्य मध्य आकाशबाट अस्ताचलतर्फ ओह्रालो लाग्न सुरू भएको थियो। यिनका नाति प्रताप मल्लसँग गेला राज्यका नवस्वतन्त्र राजा जय पालको कडा शक्ति सङ्घर्ष सुरू भएको थियो। राजा प्रताप मल्लका सम्भवतः छोरी शकुनमालाभन्दा बाहेक अन्य कुनै पुरूष सन्तान थिएनन्। यसैले यिनलाई एकातिर आफ्नो वंशरक्षाको चिन्ताले सताइरहेको थियो भने अर्कातिर राजा जय पालसँग राजनीतिक सङ्घर्षले पिरोलिरहेको थियो। यस स्थितिमा हुन यिनी आफ्नै नजिकका कुनै एक जना भाइ बन्धुलाई धर्मपुत्रका रुपमा ग्रहण गरेर पनि आफ्नो वंशरक्षा गर्न सक्थे। तर धर्मपुत्र ग्रहण गरेर वंशरक्षा गर्नुभन्दा एक जना योग्य 'दुलहाजी'सँग आफ्नी छोरी शकुनमालाको विवाहसम्बन्ध स्थापित गराएर उनलाई आफ्ना उत्तराधिकारीका रुपमा वरण गर्नुमै यिनले श्रेयस्कर सम्झिए।

यसै स्थितिमा 'गेला' (डोटी) राज्यका राजा जय पालले आफ्ना छोरा पुण्य पाललाई राजकुमारी शकुनमालाका निमित्त 'दुलहाजी'का रुपमा राजा प्रताप मल्ललाई सुम्पने प्रस्ताप गर्दा यिनले यस प्रस्तावलाई सहर्ष स्वीकार गरिदिएको झलक पाइन्छ। यसै प्रबन्धअनुसार युद्धरत दुई राजवंशका बीचमा शान्तिसम्झौता सम्पन्न भई आपसी विरोधमैत्रीका रुपमा परिणत हुन आएको थियो। यसपछि सम्झौताअनुसार पाल राजकुमार एवम् मल्ल राजकुमारीका बीचमा विवाहसम्बन्ध स्थापित भएको र 'डोलाजी विवाह'को विधिअनुसार राजकुमार पुण्य पालले आफ्नो साबिकको कुल तथा गोत्रलाई पनि परित्याग गरी राजकुमारी शकुनमालाको कुल तथा गोत्रलाई स्वीकार गरेर 'पुण्य मल्ल' भन्ने नयाँ नाम ग्रहण गरेको सङ्केत प्राप्त हुन आएको छ।

यो विवाहसम्बन्ध स्थापित भएको केही वर्षपछि राजा प्रताप मल्लको स्वर्गवास हुँदा सेञ्जा राज्यको राज्यभार यिनै पुण्य मल्ल तथा राजकुमारी शकुनमालाको पनि संयुक्त काँधमा पर्न आइपुगेको थियो। तर यस राज्यको राजमुकुट दुलाहा पुण्य मल्लले पहिरिए कि दुलही शकुनमालाले पहिरिइन् भन्ने स्पष्ट उल्लेख उपर्युक्त स्तम्भलेखमा पाइँदैन तापनि राजा पुण्य मल्लका पछिका दानपत्रहरुमा लम्बाचौडा प्रशस्ति पाइएका, तिनमा

शकुनमालाको नामसम्म पनि उल्लेख नभएको र पुण्य मल्लकै नामबाट दानपत्र प्रसारित भएको पाइएकाले दुलहाजी पुण्य मल्लले नै सेञ्जा राज्यको राजमुकुट धारण गरेका थिए भन्नेमा कुनै पनि सन्देह छैन।

यिनै राजा पुण्य मल्लले विसं १३९१ को भदौ महिनामा काठमाडौं उपत्यकामाथि फेरि पनि आक्रमण गरिदिएका र छ महिनाजति यहीँ रही यिनी आफ्ना दलबलसहित यहाँबाट स्वदेशतर्फ फर्केर गएका थिए। राजा राज मल्लको नेतृत्वमा यति बेला यस क्षेत्रकी प्रमुख प्रशासिका भएर रहेकी देवलदेवीले बडो धैर्य तथा वीरताका साथ समयसमयमा भएका यस्ता आक्रमणहरुको निरन्तर प्रतिरोध गर्दै रहेकी थिइन्।

महारानी शकुनमालाका गर्भबाट राजा पुण्यका छोराका रुपमा युवराज पृथ्वी मल्लको जन्म भएको थियो। यसैले राजा पुण्य मल्लको देहान्तपछि बालक युवराज पृथ्वी मल्ल नै सेञ्जा राज्यको राजसिंहासनमा विराजमान थिए। यसरी राजा प्रताप मल्लको देहान्तपछि पनि सेञ्जाको मल्ल राजवंश अविछिन्न चल्दै थियो। यिनै राजा पुण्य मल्लले आफ्नो युवावस्थामा दुल्लुमा स्थापना गराएको उपर्युक्त कीर्तिस्तम्भमा यस विवाहको वृत्तान्तलाई सङ्क्षेपमा रोचक ढङ्गले प्रस्तुत गरेको पाइन्छ।

१.१३ पछिल्लो मल्ल राजवंशको स्थापना

स्थिति मल्लको उत्थान भएपछि राजा अनन्त मल्ल वंशधरहरु निस्तेज बन्न आएका, स्थिति मल्ल नै नेपाल अधिराज्यका अधिपतिका रुपमा स्थापित हुन आएका र यसपछि अर्को मल्ल राजवंशको उत्थान भएकाले नयाँ उत्थान भएको राजवंशलाई 'पछिल्लो मल्ल राजवंश' भन्ने नाम दिनु उपयुक्त छ।

विक्रमको पन्ध्रौं शताब्दीको प्रारम्भमा जुन समयमा चीन तथा तिब्बतमा पनि व्यापक अशान्ति फैलिरहेको थियो, त्यस समयमा नेपाल अधिराज्यको राजनीतिक वातावरण पनि शान्त थिएन। आफ्नो प्रशासनिक योग्यताले गर्दा नवस्थापित नेपाल अधिराज्यका सुयोग्य प्रशासक स्थिति मल्लले देशमा केही समयका निमित्त त शान्ति स्थापना गराइदिएका थिए तर आफ्नो राजनीतिक जिम्मेवारीलाई लामो समयसम्म वहन गर्दै रहन भने यिनी समर्थ रहेनन्। विसं १४५२ मा यिनी मानसिक रुपमा असन्तुलित हुँदा यिनका छोरा युवराज धर्म मल्लले भक्तपुरमा रहेर नेपाल अधिराज्यको प्रशासनसूत्रलाई सञ्चालन गरिरहेको पाइन्छ। तर नेपाल अधिराज्यको राजमुकुट भने यतिखेर यिनले स्थापना गरेको देखिँदैन।

धर्म मल्लको देहान्तपछि यिनका भाइ ज्योति मल्ल पनि युवराजका रुपमै केही समय नेपाल अधिराज्यका प्रमुख प्रशासक मात्र भएर कार्यरत रहिरहे। स्थिति मल्लको देहान्तपछि भने यिनले स्वयम् नेपाल अधिराज्यको राजमुकुटलाई धारण गरेका थिए। यसरी राजमुकुट धारण गर्दा यिनी सम्पूर्ण नेपाल अधिराज्यकै राजाका रुपमा स्थापित

हुन आएका थिए। तर अधिराज्यका कान्तिपुर तथा ललितपुर क्षेत्रमा भने त्यहाँका 'महामन्त्री' वा उपराजहरुको राजनीतिक प्रभाव कायमै थियो।

ज्योति मल्लको देहान्तपछि यिनका छोरा यक्ष मल्ल नेपाल अधिराज्यका राजाका रुपमा स्थापित भए। यिनले आफ्ना माइला छोरा राजकुमार रत्न मल्ललाई आफ्नो प्रतिनिधि बनाई आफ्नो राज्यको कान्तिपुर क्षेत्रका प्रमुख प्रशासकका रुपमा राख्ने गरेका थिए। अर्का छोरा राजकुमार राम मल्ललाई कान्तिपुर क्षेत्रमा र अझै अर्का छोरा राजकुमार रण मल्ललाई बनेपा क्षेत्रमा राख्ने गरेको पाइन्छ। जेठा छोरा युवराज राय मल्ल भने यिनका उत्तराधिकारीका रुपमा भक्तपुरमै थिए। यसैले यिनको देहान्तपछि युवराज राय मल्ल नै स्वभावतः नेपाल अधिराज्यका राजाका रुपमा स्थापित भए। यिनका भाइ राजकुमार राम मल्ल दिवङ्गत भएपछि यिनका अर्का भाइ रण मल्ल पनि आफ्ना दाजुका सहयोगीका रुपमा भक्तपुर नै रहिरहेका पाइन्छन्। राजकुमार रत्न मल्ल भने यसपछि पनि कान्तिपुर क्षेत्रमै रहिरहेका थिए।

राजा राय मल्लको देहान्तपछि यिनका छोरा भुवन मल्ल नेपाल अधिराज्यमा राजाका रुपमा स्थापित हुन आइपुगेका थिए। तर कान्तिपुर क्षेत्रका प्रशासक भएर रहेका राजकुमार रत्न मल्लले भने यिनको आधिपत्यलाई स्वीकार गर्न चाहेनन्। ललितपुर क्षेत्रका 'महापात्र' वा उपराजहरुलाई आफ्नो अनुकूल बनाई राजकुमार रत्न मल्लले त्यस क्षेत्रमा पनि छुट्टै प्रशासनिक संयन्त्रको सङ्गठन गरी राज्य सञ्चालन गर्न आरम्भ गराइदिएको पाइन्छ। यसले गर्दा राजा भुवन मल्ल नेपाल राज्यका राजाबाट नेपाल राज्यको भक्तपुर क्षेत्रका मात्र राजाका रुपमा परिणत हुन आइपुगेका थिए। यति सबै भएर पनि राजकुमार रत्न मल्ल जीवित रहेसम्म नेपाल अधिराज्य प्रकट रुपमै खण्डित थिएन। राजकुमार रत्न मल्लको देहान्तपछि भने यिनका छोरा सूर्य मल्लले कान्तिपुर क्षेत्रलाई एउटा स्वतन्त्र राज्यका रुपमा उपस्थापित गराएर मात्र नपुगी भक्तपुर उपराज्यको शासनाधिकारभित्र रहँदै आएको व्यापारिक महत्वको साँखु क्षेत्रलाई पनि

बलपूर्वक नै आफ्नो नियन्त्रणमा ल्याई तात्कालिक नेपाल राज्यलाई प्रकट रुपमै दुई टुक्रामा विभक्त गराइदिएको पाइन्छ।

साँखु क्षेत्रमा आफ्नो अधिकार स्थापित भएपछि कान्तिपुर राज्यको पूर्वोत्तरमा रहेको सिन्धुपाल्चोक पनि सहज रुपमै नवस्थापित कान्तिपुर राज्यको अधिकार क्षेत्रमा आइपुगेको थियो। यसबाट तिब्बत राज्यको 'येनम' वा कुतीतर्फ जाने मूलबाटोलाई आफ्नो नियन्त्रणमा पार्न पनि यिनी सफल रहे। तिब्बततिर जाने केरूङतर्फको मूलबाटोलाई आफ्नो नियनत्रणमा पार्न पनि यिनी सफल रहे। तिब्बततिर जाने केरुङ्तर्फको मूलबाटो भने पहिलैदेखि नै कान्तिपुर राज्यकै अधिकार क्षेत्रमा थियो। यसरी तिब्बततर्फ जाने कुती तथा केरूङ दुवैतर्फका प्रमुख राजमार्गहरु आफ्नो नियन्त्रणमा पारी तिब्बतसँगको व्यापार सम्बन्धमा एकलौटी अधिकार स्थापित गर्न पनि राजा सूर्य मल्ल समर्थ भए।

सूर्य मल्लकै राजवंशमा यिनका नाति 'महेन्द्र मल्ल' (विसं १६१७–२४) र यिनका पनि छोरा शिवसिंह मल्ल (विसं १६४७–७३) नेपालको इतिहासमा विशेष प्रसिद्ध छन्। शिवसिंह मल्लको नामबाट नै "सिमसिमे राजाका पालामा" भन्ने लोकोक्ति प्रचलित रहेको पाइन्छ। शिवसिंह मल्लको राज्यकालसम्ममा 'महाराज' भन्ने उपाधि ग्रहण गरी ललितपुर क्षेत्रका 'महापात्र' वा मन्त्रीहरु प्रायः स्वतन्त्र भइसकेका थिए। शिवसिंह मल्लले यिनीहको दमन गरी ललितपुर उपराजयमा पनि आफ्नो प्रशासनिक नियन्त्रणलाई स्थापित गराइदिएको झलक पाइन्छ। तर ललितपुर क्षेत्रका 'महापात्र' वा मन्त्रीहरु पनि यति बेला त्यति कमजोर थिएनन्। उनीहरुले ललितपुर राज्यलाई कान्तिपुर राज्यमा मिलाउन नदिएर उनीहरुले त्यस क्षेत्रको सरकारलाई अलग्ग नै राखिरहेका थिए।

यस घटनाको केही वर्षपछि शिवसिंह मल्लका नाति लक्ष्मीनरसिंह मल्लले आफ्ना सौतेनी भाइ सिद्धिनरसिंह मल्ललाई ललितपुर उपराज्य उपहारका रुपमा प्रदान गरिदिएको पाइन्छ। यसबाट काठमाडौं उपत्यकाभित्र नै तीन ओटा स्वतन्त्र राज्यहरु र

तिनका अलगअलग राजधानीहरु पनि यसै समयदेखि प्रकट रुपमा स्थापित हुन आएका पाइन्छन्। यस घटनाबाट उपत्यकाभित्रका यी तीन आेटै मल्ल राज्यका राजाहरुका बीचमा आपसी कलह उत्पन्न हुन थाल्यो र पुस्तौनी कलहले गर्दा यी तीन ओटै मल्ल राज्यहरु राजनीतिक, सामाजिक तथा आर्थिक रुपमा पनि कमजोर बन्दै आए।

राजा लक्ष्मीनरसिंह मल्ल बाथरोगले पीडित भएका थिए। यसैले यिनी जीवित छँदै यिनका महत्वाकाङ्क्षी छोरा युवराज प्रताप मल्ल कान्तिपुर राज्यका हर्ताकर्ता बन्न आइपुगेका थिए। आफ्ना पितालाई कैद गरेर पछि यिनले स्वयम् नै यस राज्यको राजमुकुट पनि धारण गरेको पाइन्छ (विसं १६९८)। राजा लक्ष्मीनरसिंह मल्लको राज्यकालमै 'काजी' भीम मल्ल यस राज्यमा प्रभावशाली भारदारका रुपमा रहेका पाइन्छन्। कान्तिपुर राज्यको तिब्बतसँगको व्यापार सम्बन्धको विस्तारमा यिनले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। यिनताक तिब्बत राज्य राजनीतिक रुपमा निकै अस्तव्यस्त रहेको थियो। यही मौका छोपी 'काजी' भीम मल्ल आफ्ना सुझबुझ तथा पराक्रमद्वारा कुती, केरूङ तथा खासालगायत तिब्बतका केही भूभागमा कान्तिपुर राज्यको अधिकार स्थापित गराउन समर्थ भएका थिए।

'काजी' भीम मल्लकै विशेष प्रयासले गर्दा पछि तिब्बत तथा कान्तिपुर राज्यका बीचमा एउटा ऐतिहासिक शान्तिसम्झौता पनि सम्पन्न भएको थियो। यस सम्झौताअनुसार तिब्बत सरकारले नेपाली नागरिकलाई तिब्बतमा आफ्ना व्यापार कोठीहरु स्थापना गर्न र त्यहाँ व्यापार तथा व्यवसायहरु सञ्चालन गर्न पनि दिनुपर्ने भएको थियो। यसका साथसाथै तिब्बत सरकारले आफ्नो राज्यको बाटो भएर मात्र भारतसँग व्यापार सम्बन्ध स्थापित गर्नुपर्ने भन्ने व्यवस्था पनि यसै शान्तिसम्झौताद्वारा व्यवस्थित गरिएको थियो। कान्तिपुर राज्यलाई उपर्युक्त सुविधाहरु उपलब्ध गराइदिएबापत कान्तिपुर राज्यले आफूले अधिकार स्थापित गरेका कुती र केरूङका आधाआधा भूभाग तिब्बतलाई नै फिर्ता छोडिदिने सहमति पनि यसै शान्तिसम्झौताद्वारा भएको थियो।

'काजी' भीम मल्लको यस किसिमको सफलताले गर्दा कान्तिपुर राज्यमा यिनको धाकरबाफ पनि निकै बढिरहेको थियो। भक्तपुर राज्यका 'नरदेव मयासिंङ' नामक अर्का एक जना प्रभावशाली भारदार तिनताक 'काजी'का रुपमा कान्तिपुर राज्यमा कार्यरत रहेका थिए। आफ्ना प्रतिस्पर्धी 'काजी' भीम मल्लको बढ्दो राजनीतिक प्रभाव यिनलाई कत्ति पनि मन परिरहेको थिएन। 'महादेव ओझा' नामक एक जना कुख्यात व्यक्तिलाई प्रयोग गरी यिनले राजा प्रताप मल्ललाई 'काजी' भीम मल्लका विरूद्धमा चाहिँदानचाहिँदा अनेकौं कुरा सुनाउँदै आइरहेका थिए। "तिब्बतका विजित भूभाग कान्तिपुर राज्यबाट अलग तुल्याएर यिनी स्वयम् नै त्यस क्षेत्रका स्वतन्त्र प्रशासक बन्ने धुनमा लागिपरिरहेका छन्" भन्ने यति बेला 'काजी' भीम मल्लको विरूद्धमा मुख्य आरोप लगाइएको थियो।

यस आरोप वा अफवाहको सत्यतथ्यको कुनै विचारै नगरी राजा प्रताप मल्लले 'काजी' भीम मल्ललाई बोलाउन भनी आफ्ना मानिसलाई यिनको कार्यक्षेत्रतर्फ पठाइदिएका थिए। राजा प्रताप मल्लको बोलावटअनुसार आफ्नो कार्यक्षेत्रबाट फर्किएर आएका यिनी राजालाई भेट्ने भनी राजभवनभित्र प्रवेश गर्न मात्र के लागेका थिए, हत्याराहरुको प्रयोग भई राजभवनको मूलद्वारमै बिनाअपराध अकारण नै यिनी काटिए (विसं १७०७)।

यथार्थमा यिनी निर्दोष रहेका थिए। आफ्नो देशको उन्नति तथा भलाइका निमित्त दुःखकष्ट पनि यिनले निकै भोगेका थिए। यो सत्यतथ्य कुरा यिनको हत्या भइसकेपछि मात्र बाहिर प्रकट हुन आएको थियो। यी सबै सत्यतथ्य कुरा थाहा पाएपछि यिनको अकारण हत्या भएकोमा प्रताप मल्लले निकै पश्चात्ताप प्रकट गरे। भनिन्छ— "देशको भलाइ गर्न चाहने कुनै पनि व्यक्तिको यस देशमा कहिल्यै पनि राम्रो नहोस्" भनी यिनकी धर्मपत्नीले आफ्ना पतिको कर्तव्यपरायणताको स्मरण गर्दै 'सती' जाने बेलामा आम नेपाली नागरिकका निमित्त कठोर श्राप दिएर गएकी थिइन्।

यिनताकसम्म पनि तिब्बतको राजधानी ल्हासा सहरबाट भारतको उत्तरी बिहार तथा बङ्गालमा उत्रने छोटा तथा सुगम बाटाघाटाहरु केरूङ एवम् कुतीतर्फका भन्ज्याङबाट जान्थे। यी दुवै प्रमुख राजमार्ग कान्तिपुर राज्यकै अधिकार क्षेत्रमा रहेकाले राजा प्रताप मल्लले 'काजी' भीम मल्लको देहान्त भइसकेपछि पनि तिब्बतका पदाधिकारीसँग आफ्नो विशेष सम्बन्ध स्थापित गरी यी व्यापारमार्गहरुमा प्रशस्त सुधारहरु ल्याएर तिब्बतका ल्हासा तथा अन्य सहरमा पनि नेपाली व्यापारीका अनेकौं व्यापार कोठी स्थापना गर्ने व्यवस्था मिलाइदिएका थिए। यस्ता कोठीहरुको सङ्ख्या तिब्बत तथा भारतमा समेत गरी पछि ३२ ओटासम्म पुगेकाले "बत्तीस कोठी महाजन" भन्ने नाम रुढ हुन आएको थियो।

भारततर्फबाट नेपालमा भिकाइएका र काठमाडौं उपत्यकामै उत्पादन हुने मालसमान पनि यिनताक नेपालबाट तिब्बतर्फ निर्यात हुने गर्थे। तिब्बत, मङ्गोलिया एवम् चीनतर्फबाट आउने कच्चा सुन, कस्तूरी मृगका नाभिहरु र रेशमी कपडाहरु जस्ता बहुमूल्य वस्तुहरुको व्यापार पनि यति बेला कान्तिपुर राज्यका व्यापारीहरुकै हातमा पर्न आएको थियो। तिब्बत सरकारबाट शुद्ध चाँदीहरु लिएर 'मोहर' अर्थात् आधा रूपैयाँ र 'सुका' अर्थात् चौथाई रूपैयाँका तिब्बती लिपिका सिक्काहरु ढालिदिने जिम्मा पनि कान्तिपुर राज्यका राजाहरुले लिएका थिए। यस किसिमको व्यापारिक सम्बन्धबाट राजा प्रताप मल्लको राज्यकालदेखि राजा भास्कर मल्लको राज्यकालसम्मको करिब पौने एक सय वर्षजतिको बीचमा (विसं १६९८–१७७२) कान्तिपुर राज्य, यस क्षेत्रमा रहेका अन्य सबै छिमेकी राज्यहरुभन्दा समृद्ध तथा शक्तिशाली पनि बन्न आएको थियो। मङ्गोलियातिरबाट आउने सुन यति बेला कान्तिपुर राज्यमा पर्याप्त मात्रामा आइरहेको थियो। यसैले यस राज्यका सम्भ्रान्त परिवारका महिलाहरु यिनताक सुनका गहनैगहनाले सिँगारिएका थिए। कान्तिपुर राज्यका देवमन्दिरका छानाहरुमा र राजा एवम् राजपरिवारका ढलोटका मूर्तिमा पनि यसै समयदेखि सुनका मोलम्बा लगाउन सुरू गरिएको थियो।

जुन समयमा तिब्बतमा अशान्त वातावरण फैलिइरहेको थियो, त्यसै समयमा गोरखा राज्यका प्रभावशाली राजा राम शाह (विसं १६६३–९३)ले पनि तिब्बतका त्यति बेलाका स्थानीय प्रशासकहरुसँग एउटा वाणिज्य सम्झौता सम्पन्न गरेको पाइन्छ। गोरखा राज्यको गठन हुनुभन्दा पहिले त्यस क्षेत्रका नागरिकहरुको निमित्त आवश्यक नुनको मुख्य आयात त्यस राज्यको उत्तरी क्षेत्रमा आबाद रहेका गुरूङ जातिका नागरिकका माध्यमबाट तिब्बततर्फबाट हुँदै आइरहेको थियो। गोरखा राज्यदेखि उत्तरतर्फ रहेको 'लार्के हिमाल' र यस हिमालको फेदीमा रहेको यसै नामको भन्ज्याङको आसपासमा रहेको एउटा सानो तिब्बती बजार नै यिनताक नेपाली नागरिकका निमित्त नुनको सटही गर्ने प्रमुख व्यापारकेन्द्रका रुपमा विकसित थियो। यसै बजारबाट प्रायः चामलसँग सट्टा गरी गोरखा राज्यका उत्तरी भेगमा रहने गुरूङहरु गोरखा वा यसका आसपासका क्षेत्रहरुका निमित्त नुनको आयत गरिदिने गर्थे। तिब्बतबाटै बौद्ध धर्मको शिक्षादीक्षा पनि ग्रहण गरेकाले गुरूङ नागरिकका निमित्त यो व्यापार सहज थियो।

तर पछि तिब्बतमा पनि अशान्ति फैलिई तिब्बतसँगको परम्परागत व्यापार सम्बन्धमा विचलन सुरू भएको र यसरी सधैं एउटै क्षेत्रमा मात्र निर्भर भइरहँदा यदाकदा नुनको हाहाकार पनि व्यहोर्नुपरेकाले गोरखाली राजा राम शाहले गोरखा राज्यको पूर्वोत्तरमा रहेको बूढीगण्डकी नदीको किनारैकिनार उत्तरतर्फ लागी 'लार्के हिमाल'लाई पार गरेर 'रूही भोट'मा पुग्ने नयाँ व्यापारमार्गलाई पनि खोलिदिएका थिए। यिनले त्यहाँका स्थानीय प्रशासकहरुसँग विशेष सम्बन्ध स्थापित गरी आफ्नो देशका निमित्त त्यहींबाटै नुनको आयात गर्ने प्रबन्ध मिलाइदिएको पनि थाहा हुन आएको छ। राजा राम शाहको यसै सफलताले गर्दा तिब्बतसँग पछिसम्म पनि गोरखालीको विशेष सम्बन्ध थियो। पछि राजा नरभूपाल शाहको राज्यकालमा गोरखा राज्यको तिब्बतसँग केही खटपट परेको र गोरखाली सैनिकहरु केरूङ हुँदै कुकुरघाटसम्म पुगेको उल्लेख गोरखा वंशावलीमा पाइन्छ। यति बेला यी दुई राज्यका बीचमा केकस्ता विवाद भए र कसरी टुङ्गिए, खुल्न सकिरहेको छैन।

कान्तिपुर राज्यका साथसाथै ललितपुर तथा भक्तपुर राज्यका निमित्त पनि पहिलेपहिले नुनको आपूर्ति कुती वा केरूङतर्फबाट हुँदै आइरहेको थियो। तर कुती र केरूङ दुवैतर्फका बाटाघाटाहरु कान्तिपुर राज्यको नियन्त्रणमा आउँदा र यस राज्यसँग राजनीतिक खटपट प्रारम्भ हुँदा भक्तपुर तथा ललितपुर राज्यका नागरिकका निमित्त नुनको ठूलै सङ्कट पैदा हुन आइपुगेको थियो। यसै स्थितिमा ललितपुर राज्यले गोरखा राज्यसँग एउटा वाणिज्य सन्धि सम्पन्न गरी तिब्बती नुनलाई गोरखा राज्य हुँदै ललितपुर राज्यमा ल्याउने विशेष प्रबन्ध मिलाइएको पाइन्छ। गोरखा राज्यसँग यस किसिमको वाणिज्यसन्धि सम्पन्न भएपछि ललितपुर राज्यका राजा सिद्धिनरसिंह मल्लले प्रसन्न भएर गोरखा राज्यका राजा राम शाहलाई उपहारका रुपमा एउटा हात्ती प्रदान गरेका थिए।

उपत्यकाभित्रका मल्ल राजाहरुबीचमा समयसमयमा आपसी खिचातानीहरु चल्दै रहे पनि कान्तिपुर राज्यको तिब्बतसँगको व्यापार सम्बन्धमा भने यसबीचमा खास असर परिरहेको दखिँदैन। तिब्बततर्फ जाने आफ्नो देशको व्यापारमार्ग खोसिँदा र तिब्बतसँग व्यापारमा कान्तिपुर राज्यका व्यापारीहरुको मात्र एकाधिकार स्थापित हुँदा भक्तपुर राज्यका नागरिक भने यस समयपछि व्यापार तथा व्यवसायको पेसालाई परित्याग गरी खेतीको काममा मात्र निर्भर रहन बाध्य भएका पाइन्छन्। ललितपुर राज्यको राजधानी पाटन सहरले भने यति बेला पनि शिल्पकलाका क्षेत्रमा सम्पूर्ण पहाडी क्षेत्रहरुको नै नेतृत्व ग्रहण गरिरहेको पाइन्छ।

१.१४ पछिल्ला मल्ल राजाहरुको आपसी खिचातानी

राजा प्रताप मल्लको राज्यकालपछि कान्तिपुर राज्यका नागरिकका निमित्त दुर्भाग्यका दिनहरु फेरि पनि सुरू हुन थालेका पाइन्छन्। यिनले आफू जीवित छँदै आफूले विशेष मन पराएका आफ्ना छोरा 'महीपतीन्द्र मल्ल'लाई आफ्ना उत्तराधिकारीका रुपमा मनोनीत गरिदिएका थिए। यसैअनुसार यिनको देहान्त हुनेबित्तिकै यिनका बालक छोरा महीपतीन्द्र मल्ललाई राजसिंहासनमा विराजमान गराउन आवश्यक तयारी हुन थाले। तर अढाइतीन महिना यत्तिकै बिते। पछि ललितपुर राज्यका राजा श्रीनिवास मल्ल तथा भक्तपुर राज्यका राजा जितामित्र मल्ल दुवै राजाले मिलेर राजा प्रताप मल्लकै १२ वर्षका अर्का किशोर छोरा नृपेन्द्र मल्ललाई राजकुमार महीपतीन्द्र मल्लभन्दा जेठो ठहर गरी कान्तिपुर राज्यको राजसिंहासनमा विराजमान गराइदिए (विसं १७३१)।

कान्तिपुर राज्यको आन्तरिक प्रशासनमा हस्तक्षेप गर्ने उद्देश्यअनुसार ललितपुर तथा भक्तपुर राज्यका राजाहरुले यति बेला यस्तो अनपेक्षित कदमलाई चालिदिएका थिए। नृपेन्द्र मल्ललाई कान्तिपुर राज्यका राजाका रुपमा अगाडि सार्नुमा ललितपुर राज्यका राजा श्रीनिवास मल्लको आफ्नै स्वार्थ थियो। आफ्नो राज्यकालको अन्तिम समयतिर राजा प्रताप मल्लद्वारा बन्दी बनाएर नजरबन्दमा राखिएका 'चौतारा' देवीदास चिकुटी कान्तिपुर राज्यको बन्दीगृहबाट पलायित भई यिनताक ललितपुर राज्यमा गएर शरण लिई बसिरहेका थिए। यिनलाई ललितपुर राज्यबाट फिर्ता ल्याई 'चौतारा'कै रुपमा पुनः स्थापित गर्न महीपतीन्द्र मल्लका पक्षधर भारदारहरु सहमत थिएनन्। यसैले कान्तिपुर राज्यमा आफ्नो प्रतिकूल अर्कै व्यक्ति 'चौतारा'का रुपमा उपस्थित हुन आइपुग्ने खतरा यिनका निमित्त आइपरेको थियो।

राजकुमार नृपेन्द्र मल्ललाई राजा बनाउन पाएमा चिकुटीलाई नै 'चौतारा'का रुपमा पुनः स्थापित गराउन सकिन्छ र यसबाट कान्तिपुर राज्यलाई आफ्नो अनुकूल बनाएर राखिराख्न सकिन्छ भन्ने राजा श्रीनिवास मल्लको निहित सोचाइ रहेको थियो। यसै सोचाइअनुसार आफ्ना युवराज जितामित्र मल्ललाई पनि सहमत तुल्याएर यिनी राजकुमार नृपेन्द्र मल्ललाई कान्तिपुर राज्यको राज्याधिकार दिलाउन अग्रसर भएका पाइन्छन्। राजा श्रीनिवास मल्लकै विशेष जोडले गर्दा राजकुमार नृपेन्द्र मल्ल कान्तिपुर राज्यको राजसिंहासनमा विराजमान गराइएका थिए।

नभन्दै राजकुमार नृपेन्द्र मल्ल राजा हुनेबित्तिकै राजा श्रीनिवास मल्लकै विशेष आग्रहले गर्दा देवीदास चिकुटी कान्तिपुर राज्यका 'चौतारा'का रुपमा स्थापित भए। 'चौतारा' हुनासाथ कान्तिपुर राज्यको प्रशासनसम्बन्धी सम्पूर्ण अधिकार स्वाभाविक रुपमा यिनको हातमा पर्न आयो। राजा प्रताप मल्लका अविवाहिता रानीतर्फका छोरा नवयुवक मान्धातासिंह पनि यिनताक कान्तिपुर राज्यमा प्रभावशाली भारदारका रुपमा देखापर्न थालिसकेका थिए। देवीदास चिकुटीको उन्नतिका निमित्त यिनी बाधक बनेर उपस्थित हुन आइपुगेकाले चिकुटीले सर्वप्रथम गुप्त रुपले यिनको नै हत्या गराइदिए। यसबाट अब 'चौतारा' चिकुटी नै कान्तिपुर राज्यका निष्कण्टक अधिनायकका रुपमा स्थापित हुन आए। राज्यमा यिनको नै चहकमहक चल्न थाल्यो। ललितपुर तथा भक्तपुर दुवै राज्यका राजाहरु आआफ्ना सफलताबाट दङ्ग भएका थिए।

यसपछिका केही वर्षहरु यत्तिकैमा बिते। यसै स्थितिमा १८ वर्षका नवयुवक राजा नृपेन्द्र मल्लको आकस्मिक रुपमा देहान्त भयो (विसं १७३७)। यिनको देहान्त भएको १४ दिनपछि यिनका सौतेनी भाइ पार्थिवेन्द्र मल्ल कान्तिपुर राज्यको राजसिंहासनमा विराजमान हुन आए। यिनको राज्याभिषेक समारोहमा ललितपुर राज्यका राजा श्रीनिवास मल्ल तथा भक्तपुर राज्यका राजा जितामित्र मल्लको पनि उपस्थिति रहेको थियो। 'चौतारा'को पदमा भने देवीदास चिकुटी नै कायम रहे। पार्थिवेन्द्र मल्लको उमेर यति बेला कच्चै थियो। यसैले प्रशासनसम्बन्धी सम्पूर्ण हालीमुहाली पूर्ववत् 'चौतारा'

चिकुटीको नै हातमा रहिरह्यो। चिकुटीको यस किसिमको बढ्दो राजनीतिक शक्ति कान्तिपुर राज्यका अन्य भारदारहरुका निमित्त असह्य हुनु स्वाभाविकै थियो।

यिनताक कान्तिपुर राज्यमा 'कन्तु ओझा' नामक अर्का एक जना भारदार पनि जालझेल गर्नमा आफ्ना पिता महादेव ओझाभन्दा पनि चल्ताफिर्ता भएर निस्किएका थिए। चिकुटीका प्रतिद्वन्द्वी भारदारहरुमा यिनताक लक्ष्मीनारायण जोशी नै मुख्य रुपमा देखापरिरहेका थिए। कन्तु ओझाकै सहयोग लिई 'चौतारा' चिकुटीको अन्त्य गराइदिने योजना यिनले भित्रभित्रै तयार गरिरहेका थिए। यस किसिमको षड्यन्त्र चलिरहेको चाल पाएर आफ्नो ज्यान जोगाउन भनी देवदास चिकुटी कान्तिपुर राज्यबाट पलायित भई सपरिवार सर्वप्रथम ललितपुर राज्यमा पुगेका थिए (विसं १७४० कात्तिक १६ गते, तदनुसार २ अक्टोबर इसं १६८२)। तर त्यहाँ पनि आफ्नो जीवनको सुरक्षा हुन नसक्ने अनुभव भएको चार दिनजति मात्र बसी त्यहाँबाट पनि पलायित भएर यिनी त्रिशूली नदीभन्दा पारिपट्टि रहेको 'बधुसिंह' नामक पहाडी गाउँमा गई बस्न थाले।

यता 'चौतारा' चिकुटी ललितपुर राज्यबाट पलायित भएको पाँचौं दिनका दिन ललितपुर राज्यका राजा श्रीनिवास मल्लले स्वयम् कान्तिपुर राज्यमा उपस्थित भई नयाँ मन्त्रिपरिषद्को गठन गराएर नवगठित मन्त्रिपरिषद्मा 'चौतारा' लक्ष्मीनारायणलगायत सबै भारदारलाई साबिककै पदमा थमौती गरिदिई त्यसै दिन सम्मानस्वरुप उनीहरुलाई आआफ्ना पदका पगरीहरु पनि पहिऱ्याइदिए। कान्तिपुर राज्यको आन्तरिक प्रशासनमा ललितपुर राज्यको यो अनपेक्षित हस्तक्षेप थियो।

समय बित्दै जाँदा 'चौतारा' लक्ष्मीनारायण जोशी पनि देवीदास चिकुटी जस्तै महत्वाकाङ्क्षी तथा अत्यन्त निर्दयी निस्किए। 'चौतारा'को पदमा स्थापित भएदेखि नै यिनले राजा प्रताप मल्लद्वारा आफ्ना उत्तराधिकारीका रुपमा चयन गरिएका राजकुमार महीपतीन्द्र मल्लसँग शत्रुवत् व्यवहार गरे। लक्ष्मीनारायण जोशीको आफूप्रति कुदृष्टि रहेको थाहा पाएका राजकुमार महीपतीन्द्र मल्ल पनि कान्तिपुर राज्यको राजभवनबाट येनकेन फुत्किई यताउति लुकीछिपी आफ्नो जीवनरक्षा गर्दै रहेका थिए।

दुई वर्षजति त यिनी यसरी नै लुकीछिपी सर्वसाधारण जनताका घरघर चहार्दै रहे। तर पछि भने 'चौतारा' लक्ष्मीनारायण जोशीका मानिसद्वारा यिनी बलपूर्वक नै पक्रिए। केही महिनापछि यिनी थुनाबाट फुत्किएर पुनः ललितपुर राज्यमा शरण लिन पुगेकाले त्यहाँका राजा श्रीनिवास मल्लले यिनलाई त्यहीँ शरण दिएर राखिरहेका थिए। 'चौतारा' लक्ष्मीनारायण जोशीले आफ्ना राजा पार्थिवेन्द्र मल्लमार्फत "राजकुमार महीपतीन्द्र मल्ललाई यथाशीघ्र हामीकहाँ सुम्पियोस्" भनी राजा श्रीनिवास मल्लकहाँ सन्देश पठाइदिएका थिए। तर श्रीनिवास मल्ल भने आफ्नो शरणमा पर्न आएका यिनलाई कान्तिपुर राज्यका भारदारहरुका हातमा सुम्पने पक्षमा भएनन्। भोलिपल्ट काठमाडौं सहरमा स्वयम् नै उपस्थित भएर यिनले आफ्नो यही नै निर्णय सुनाइदिए (मङ्सिर, विसं १७४२)।

वास्तवमा सुरक्षाको प्रत्याभूति दिएमा मात्र राजकुमार महीपतीन्द्र मल्ललाई कान्तिपुर राज्यमा फिर्ता पठाउन सकिन्छ भन्ने राजा श्रीनिवास मल्लको आग्रह थियो। यसै सम्बन्धमा कुरा मिलाउन भनी वाग्मती तथा विष्णुमती नदीको सङ्गमस्थल टेकु दोभानमा उपत्यकाभित्रका तीन ओटै मल्ल राज्यका राजा भेला भए। तामा, तुलसी तथा शालिग्रामहरु पनि छोई राजा पार्थिवेन्द्र मल्लद्वारा राजकुमार महीपतीन्द्र मल्लको पूर्ण सुरक्षा गरिने वाचाबन्धन पूरा भएपछि यिनलाई कान्तिपुर राज्यमा फिर्ता पठाइदिने निर्णय गरियो। श्रीनिवास मल्लले महीपतीन्द्र मल्ललाई आफ्ना युवराज योगनरेन्द्र मल्लको रेखदेखमा सुरक्षित रुपमा राखिरहेका थिए। युवराज योगनरेन्द्र मल्ल भने राजकुमार महीपतीन्द्र मल्ललाई तत्कालै कान्तिपुर राज्यमा पठाइहाल्न सहमत भएनन्। बाहिरी रुपमा जस्तासुकै वाचाबन्धन गरे पनि भित्री रुपमा भने महीपतीन्द्र मल्ललाई पक्रेर थुनामा राख्ने 'चौतारा' लक्ष्मीनारायण जोशीको योजना थियो।

सन्धिपत्र सम्पन्न भएकै दिन बेलुकीपख कान्तिपुर राज्यका केही भारदारहरु राजकुमार महीपतीन्द्र मल्ललाई लिन भनी ललितपुर राज्यको राजधानी पाटनमा पुगे पनि। यस दिन युवराज योगनरेन्द्र मल्ल कान्तिपुर राज्यमै आइपुगेका थिए। यसैले

“युवराजबाट आदेश प्राप्त नभई उहाँलाई फिर्ता पठाउन हामी असमर्थ छौं” भनी ललितपुर राज्यका भारदारहरुले जवाफ दिँदा कान्तिपुर राज्यका भारदारहरु त्यस दिन यत्तिकै फर्किन विवश भए।

यसको भोलिपल्ट ‘चौतारा’ लक्ष्मीनारायण जोशीले पठाएका मानिसहरु महीपतीन्द्र मल्ललाई बलपूर्वक पक्रने उद्देश्यअनुसार ललितपुर राज्यमा पुगेर उनलाई राखिएको आवासलाई चारैतिरबाट घेरा दिन पुगे। आवासभित्र प्रवेश गरी उनीहरुले जबर्जस्ती नै पक्रन खोजेकाले राजकुमार महीपतीन्द्र मल्ल रोइकराई गरी ललितपुर राज्यका सर्वसाधारण नागरिकसँग हारगुहार माग्न विवश भए। यस अत्याचारलाई ललितपुर राज्यका नागरिकले सहन गर्न सकेनन् र हप्काईदप्काई गरी उनीहरुले त्यस दिन कान्तिपुर राज्यका पक्रन जाने हुल्याहा कर्मचारीलाई त्यहाँबाट धपाइदिए। तर पछि ललितपुर राज्यमा पनि आफ्नो जीवनको सुरक्षा नहुने देखेर राजकुमार महीपतीन्द्र मल्ल त्यहाँबाट पनि पलायित भई देवपाटनमा भगवान् पशुपतिनाथका मूल पुजारी स्वामी राधवानन्दको निवासमा आएर आश्रय लिई रहन थाले।

यति भएर पनि ‘चौतारा’ लक्ष्मीनारायण जोशीले अझैसम्म पनि आफूहरुलाई निष्कण्टक अनुभव गर्न सकिरहेका थिएनन्। यतिन्जेल राजा पार्थिवेन्द्र मल्ल स्वयम् पनि वयस्क भइसकेका थिए। यसैले यिनी पनि ‘चौतारा’ लक्ष्मीनारायण जोशीको उन्नति तथा प्रगतिको बाधक बनेर उपस्थित थिए। लक्ष्मीनारायण जोशीका प्रमुख प्रतिद्वन्द्वी चिकुटी अझै पनि जीवितै रहेका थिए र आफ्नो साबिकको पदमा पुनर्बहाली पाइन्छ कि भन्ने आशामा यिनताक तीर्थवासीका रुपमा देवपाटनमा, पशुपति मन्दिरको आसपासमा आएर बसिरहेका थिए। राजकुमार पार्थिवेन्द्र मल्ल जीवित रहेसम्म आफ्नो राज्यप्रशासन निष्कण्टक नहुने निश्चय गरी ‘चौतारा’ लक्ष्मीनारायण जोशीले षड्यन्त्रकारी उनै कन्तु ओझालाई प्रयोग गरी खानेकुरामा विष मिलाएर राजा पार्थिवेन्द्र मल्ललाई खुवाई निर्दयतापूर्वक उनको हत्या गराइदिए (विसं १७४४ को असार)। यस षड्यन्त्रमा विषको

प्रयोगले गर्दा यिनका आमाहरु पनि बिरामी परेका थिए, उनीहरु भने येनकेन बच्न सफल भए।

आफ्ना नवयुवक राजाको असामयिक रुपमा निधन भएको थाहा पाएपछि कान्तिपुर राज्यका नागरिक सहज रुपमै क्रुद्ध भए। विषको प्रयोगले गर्दा नै आफ्ना राजाको हत्या भएको हो भन्ने सत्यतथ्य कुरा तत्कालै सहरभरि यत्रतत्र फैलियो। यसैले राजा पार्थिवेन्द्र मल्लको हत्या भएको चौथो दिनका दिन कान्तिपुर राज्यका नागरिक एकएक गरी हनुमानढोका दरबारमा जम्मा हुन थाले। "हाम्रा राजालाई विष खुवाएर मराउने को हो, यसको समुचित छानबिन हुनुपर्‍यो र त्यसलाई पनि यसरी नै मार्नुपर्‍यो" भनी सबै नागरिक कराउन थाले। सहरका क्रुद्ध नागरिकलाई कसैले पनि चित्त बुझ्उन सकेन। अन्त्यमा भक्तपुर राज्यका राजा जितामित्र मल्लले स्वयम् नै आएर "भरे बेलुकीसम्ममा सबै अपराधीलाई पत्ता लगाइदिनेछु, अहिलेलाई तिमीहरु शान्त होऊ" भनी सम्झाएपछि मात्र त्यस दिन सहरभित्र जम्मा भएका सबै नागरिक आआफ्ना घरमा फर्किएर गएका थिए।

वास्तवमा हत्यारा पत्ता लगाउने शक्ति राजा जितामित्र मल्लमा पनि रहेको थिएन। हत्याराहरु राजभवनभित्र नै सिंह जस्ता शक्तिशाली थिए। जनतालाई शान्त तुल्याउन मात्र राजा जितामित्र मल्लले उपर्युक्त आश्वासन दिएका थिए। यता पूर्वनिर्धारित योजनाअनुसार 'चौतारा' लक्ष्मीनारायण जोशीले भने यस हत्याकाण्डको सम्पूर्ण दोष पूर्वचौतारा चिकुटीमाथि नै लगाइदिए। "चिकुटीले नै गुप्त तरिकाले विषको प्रयोग गर्न लगाई निर्दयतापूर्वक राजा पार्थिवेन्द्र मल्लको हत्या गराइदिएका हुन्" भन्ने अफवाह यिनले सहरमा फैलाइदिए। फलतः पशुपतिनाथको मन्दिरमा भजनकीर्तनमा संलग्न भइरहेका भूतपूर्व चौतारा चिकुटी आफ्ना अनुयायीका साथ पक्रिए र राजभवनमा ल्याइए पनि। सत्यतथ्य केही नै नबुझी सर्वसाधारण नागरिकको उत्तेजित भीडले यिनलाई बीचबाटामै कुट्नुसम्म कुटिदिए। राजभवनमै रहेका अर्का एक जना मन्त्री वंशीधर मास्केलाई पनि यसै अपराधमा नेल ठोकियो। केही दिनपछि सपरिवार चिकुटी,

मन्त्री वंशीधर मास्के तथा चिकुटीका अनुयायी केही निरपराध खस युवाहरु पनि अपराधी ठहर गरी मारिए।

राजा पार्थिवेन्द्र मल्ल दिवङ्गत भएको चौधौं दिनका दिन उनका आठ वर्षका बालक छोरा भूपालेन्द्र मल्ल कान्तिपुर राज्यको राजसिंहासनमा विराजमान गराइए। भक्तपुर राज्यका राजा जितामित्र मल्लले आएर यिनलाई कान्तिपुर राज्यको राजमुकुट पहिऱ्याइदिएका थिए। 'चौतारा'को पदमा भने लक्ष्मीनारायण जोशी नै कायम रहिरहे। राजा बालक भएका, राजामाता ऋद्धिलक्ष्मी आफ्नी अनुकूल भएर रहेकी र आफ्ना प्रतिद्वन्द्वीहरु प्रायः सबै नै समाप्त भइसकेकाले 'चौतारा' लक्ष्मीनारायण जोशी अब कान्तिपुर राज्यमा निकै शक्तिशाली बन्न आइपुगेका थिए।

यिनको दृष्टिमा एउटा अर्को छेस्को भने अझै पनि बाँकी नै रहेको थियो। यति बेला यिनका निमित्त अर्को छेस्को थिए— राजकुमार महीपतीन्द्र मल्ल। यसैले राजा पार्थिवेन्द्र मल्ल मारिएको दुई महिनाजति पछि देवपाटनमा भगवान् पशुपतिनाथका मूल पूजारी स्वामी राधवानन्दको निवासमा गई आश्रय लिएर बसिरहेका राजकुमार महीपतीन्द्र मल्ललाई पनि हत्याराहरु पठाई निर्दयतापूर्वक मार्ने योजना यिनले तयार परिहाले। यसैअनुसार त्यहाँ गएर राजकुमार महीपतीन्द्र मल्ललाई समातियो पनि (विसं १७४४ को साउन)। दिउँसो यिनलाई पक्रेर नेल ठोकिएको थियो, रातमा त्यहीँ मारियो। 'चौतारा' लक्ष्मीनारायण जोशीको गुप्त आदेशअनुसार यिनको शिरलाई शरीरबाट छुट्याई रातैमा राजभवनमा पुऱ्याइएको थियो। यो हेरेपछि मात्र 'चौतारा' लक्ष्मीनारायण जोशीको दिल शान्त भएको थियो। यस हत्याकाण्डमा पनि कन्तु ओझाकै हात रहेको सङ्केत पाइन्छ।

आफ्नै निवासमा, आफ्नै आँखाअगाडि राजकुमार महीपतीन्द्र मल्लको निर्दयतापूर्वक हत्या हुँदा पशुपतिनाथका मूल पूजारी स्वामी राघवदेव स्तब्ध भए। यसले गर्दा अब कान्तिपुर राज्यमा रहिरहन यिनले चाहेनन्। यसपछि यिनी मूल पूजारीको पदलाई नै परित्याग गरी ललितपुर राज्यमा गई रहन थाले।

यसरी सबैतिरबाट निष्कण्टक भइसकेपछि 'चौतारा' लक्ष्मीनारायण जोशी अब अकारण नै भक्तपुर राज्यका राजा जितामित्र मल्लसँग पनि विरोध गर्न भनी तस्मिए। "कान्तिपुर राज्यसँगको आफ्नो मैत्री सम्बन्धलाई कायमै राखिराख्ने हो भने आफ्ना 'चौतारा' भागीराम प्रधानाङ्गलाई तुरून्त नै उनको पदबाट पदच्युत गराइयोस्" भनी यिनले दुराग्रह गर्दा भक्तपुर राज्यका राजा जितामित्र मल्ल यिनीदेखि क्रुद्ध भए। आफ्ना निरपराध 'चौतारा'लाई पदच्युत गराउन राजा जितामित्र मल्ल किन पो चाहन्थे? यसको प्रतिक्रियाका रुपमा ललितपुर राज्यका नयाँ राजा योगनरेन्द्र मल्ललाई आफ्नो पक्षमा मिलाएर 'चौतारा' लक्ष्मीनारायण जोशीले भक्तपुर राज्यमाथि अकारण नै आक्रमण गराइदिए (भदौ, विसं १७४५)।

यसबाट भक्तपुर राज्यको खास क्षति भने हुन पाएन। तर "चौतारा भागीरामले गर्दा नै कान्तिपुर राज्यले आफ्नो राज्यमाथि आक्रमण गरेको हो र यसले गर्दा नै हामीले दुःख पाएका हौं" भन्ने निष्कर्ष निकाली भक्तपुर राज्यका सर्वसाधारण नागरिकले 'चौतारा' भागीराम प्रधानाङ्गको धनसम्पत्ति सबै नै लुटी आवेशमा आएर उनको घरमै आगो लगाइदिए। राजा जितामित्र मल्लले आफ्ना जनतालाई वास्तविक वस्तुतथ्य सम्झाउन सकेनन्। फलतः उनी कान्तिपुर राज्यमा आई आश्रय लिई बस्न विवश भए। 'चौतारा' भागीरामले पनि यति बेला राज्यबाट पलायित भएर नै आफ्नो ज्यानलाई येनकेन जोगाएका थिए।

राजा जितामित्र मल्ल कान्तिपुर राज्यमा आएपछि ललितपुर राज्यका राजा योगनरेन्द्र मल्ल पनि कान्तिपुर राज्यमै बोलाइए। यसपछि उपत्यकाभित्रका तीन ओटै मल्ल राज्यका राजाहरुका बीचमा आपसी मेलमिलाप स्थापित गर्ने भन्ने एउटा शान्तिसम्झौता पनि सम्पन्न भयो। तर यो शान्तिसम्झौता पनि धेरै दिनसम्म टिकिरहन सकेन। यसबाट राजा योगनरेन्द्र मल्ल तथा राजा जितामित्र मल्ल पनि 'चौतारा' लक्ष्मीनारायण जोशीदेखि क्रुद्ध भए। फलतः यसको केही महिनापछि ललितपुर तथा भक्तपुर दुवै राज्यका सैनिकहरुले आपसमा मिलेर कान्तिपुर राज्यमाथि आक्रमण गरिदिए।

यता 'चौतारा' लक्ष्मीनारायण जोशीको चकचकी भने दिनप्रतिदिन बढ्दै थियो। यिनको बढ्दो चकचकी राजभवनभित्रकै अन्य भारदारलाई मन परेको थिएन। राजभवनभित्रका यिनका शङ्कास्पद गतिविधि घरघरमा चर्चाका विषय बन्दै थिए। तर मुखले भने कोही पनि यिनको विरूद्धमा बोल्न सक्ने स्थितिमा रहेका थिएनन्। यसै स्थितिमा यिनीदेखि रूष्ट कान्तिपुर राज्यकै केही खस युवाले एक दिन मरूटोलमा रहेको यिनको आवासमा गई यिनीमाथि खुकुरीद्वारा साङ्घातिक प्रहार गरिदिए। रगतले लतपत भएका 'चौतारा' लक्ष्मीनारायण जोशी तिनै खस युवाहरुद्वारा बीचबाटामै मारिए (भदौ, विसं १७४७)। यिनको हत्याबाट राजमाता ऋद्धिलक्ष्मी अत्यन्त नै आहत भइन्। देवीदास चिकुटीको हत्या गराउँदा 'चौतारा' लक्ष्मीनारायण जोशीले केही वर्षपहिले केही खस युवालाई पनि बिनाअपराध षड्यन्त्रमा फँसाएर कटाइदिए। त्यसैको बदला अहिले यिनीसँग लिइएको पाइन्छ।

लक्ष्मीनारायण जोशीको देहान्तपछि 'अडिल मानसिंह' नामक अर्का एक जना महत्वाकाङ्क्षी व्यक्ति कान्तिपुर राज्यमा 'चौतारा'को पदमा नियुक्त गरिए। यति बेला कान्तिपुर राज्यका राजा 'भूपालेन्द्र मल्ल' भर्खरै मात्र किशोरावस्थामा प्रवेश गरेका थिए। यसले गर्दा राज्यमा यसपछि पनि राजमाता ऋद्धिलक्ष्मीको नै हालीमुहाली चल्दै रह्यो। विसं १७५३ को हिउँदमा राजा भूपालेन्द्र मल्ल आफ्नी आमा ऋद्धिलक्ष्मीका साथ 'हात्ती खेदा'का निमित्त तराईतर्फ लागेका थिए। यही मौका छोपी ललितपुर तथा भक्तपुर दुवै राज्यका राजाहरुले मिली कान्तिपुर राज्यमाथि आक्रमण गर्ने दुस्साहस पनि गरेका थिए। तर उनीहरु यसमा सफल भने हुन सकेनन्। यसको लगत्तै पछि कान्तिपुर राज्यका नयाँ 'चौतारा' नवमी सिंहले ललितपुर राज्यलाई आफ्नो पक्षमा मिलाएर भक्तपुर राज्यको 'ओभु' प्रदेशमाथि आक्रमण गराइदिएका थिए। यसको दुई वर्षजति पछि यिनले भक्तपुर राज्यअन्तर्गत रहेको ठिमीमा पनि आफ्नो अधिकार स्थापित गराइदिए। तर केही समयपछि भक्तपुरे सैनिकले कान्तिपुर राज्यका सैनिकलाई त्यस क्षेत्रबाट धपाइदिए।

यसपछि भने केही समयका निमित्त उपत्यकाभित्रका तीन ओटै मल्ल राज्यका राजाहरुका बीचमा आपसी मेलमिलाप कायमै रहिरह्यो। आपसी सद्भावको यही मौका छोपी २१ वर्षका नवयुवक राजा भूपालेन्द्र मल्ल तीर्थयात्रामा जाने विचार गरी भारततिर लागेका थिए। तीर्थयात्राका क्रममा यिनी अयोध्याबाट चार दिनजतिको बाटो पर मात्र के पुगेका थिए, त्यहीँ अप्रत्याशित रुपमा यिनको देहान्त भयो (विसं १७५७)। यिनको दाहसंस्कार त्यहीँ सम्पन्न गरी यिनका साथमा गएका सहयात्रीहरु दुई महिनाजति पछि फर्केर आइपुगेका र त्यसै दिन यिनको जन्मपत्रिकालाई पलङमा राखी विधिपूर्वक आर्यघाटमा लगेर दाहसंस्कार गरिएको थियो।

राजा भूपालेन्द्र मल्लको देहान्तपछि यिनका चार वर्षका बालक छोरा भास्कर मल्ल, कान्तिपुर राज्यको राजसिंहासनमा विराजमान गराइए। यिनकी संरक्षिकाका रुपमा आमा महारानी भुवनलक्ष्मी अब राज्यको हर्ताकर्ताका रुपमा स्थापित हुन आइन्। भक्तपुर राज्यका नवयुवक राजा भूपतीन्द्र मल्ल पनि यिनताक अत्यन्त नै महत्वाकाङ्क्षी भएर निस्किएका थिए। राजा नाबालक रहेका र राज्यकी मुख्य प्रशासिक भुवनलक्ष्मी अबला नारी रहेकीले यति बेला राजा भूपतीन्द्र मल्लले कान्तिपुर राज्यअन्तर्गत रहेको सिन्धुपाल्चोक प्रदेशमाथि आफ्ना आँखा गडाइरहेका थिए।

यसै उद्देश्यअनुसार यिनले ललितपुर राज्यका राजा योगनरेन्द्र मल्लसँग मिली कान्तिपुर राज्यका भारदारलाई निरन्तर दबाएर राखिरहेका थिए। तर पछि राजा योगनरेन्द्र मल्लसँग कायम भएको यिनको मैत्रीसम्बन्ध एकाएक भङ्ग भयो र योगनरेन्द्र मल्लले क्रुद्ध भएर स्वयम् नै अग्रसर भई कान्तिपुर राज्यसँग मिलेर यस राज्यसँग जोडिएर रहेको भक्तपुर राज्यको 'ओभु' प्रदेशमाथि फेरि पनि आफ्नो अधिकार स्थापित गराइदिए। आफूले विजय गरेको ओभु प्रदेशको सुरक्षाका निमित्त राजा योगनरेन्द्र मल्ल स्वयम् नै चाँगुनारायणको मन्दिरमा गएर बसिरहेकाले राजा भूपतीन्द्र मल्ल भक्तपुर सहरबाट पलायित भई बनेपामा पुगेर राजा योगनरेन्द्र मल्लका दिनप्रतिदिनका गतिविधिलाई अभिरूचिपूर्वक नियाल्दै रहेका थिए। यसै स्थितिमा राजा भूपतीन्द्र मल्लले

छलकपट गरी विष मिसाइएको तमाखु खुवाएर राजा योगनरेन्द्र मल्ललाई त्यहीँ मारिदिए (विसं १७६२ कात्तिक १६ गते तदनुसार २८ अक्टोबर इसं १७०५)।

राजा योगनरेन्द्र मल्लका विवाहिता रानीहरुतर्फका कुनै छोरा थिएनन्। ल्याइतातर्फका छोरा महीन्द्र मल्ल मात्र यति बेला जीवित थिए। यिनी राजतिलक प्राप्त गर्न योग्य ठहरिन सकेनन्। योगनरेन्द्र मल्लकी विवाहिता रानीतर्फकी राजकुमारी 'मैया' योगमतीले यतिन्जेल 'लोकप्रकाश' नामक आफ्ना एक बालकलाई जन्म दिइसकेकी थिइन्। राजकुमारी योगमतीका 'दुलहाजी'का हैसियतले लोकप्रकाशका पिता आफ्नो थर तथा गोत्रलाई पनि परित्याग गरेर राजकुमारी 'मैयाँ' योगमतीका पिता राजा योगनरेन्द्र मल्लको थर तथा गोत्रलाई ग्रहण गरी यिनका घरज्वाइँ बस्न आइसकेकाले परम्पराअनुसार यिनका बालक छोरा लोकप्रकाश पनि 'मल्ल' भइसकेका थिए। यसैले बालक 'लोकप्रकाश मल्ल' राजा योगनरेन्द्र मल्लका उत्तराधिकारी बनाउन योग्य मानिए। यिनले विधिपूर्वक ललितपुरको राजतिलक पाए (विसं १७६२ मङ्सिर १, तदनुसार १५ नोभेम्बर इसं १७०५)।

तर दुर्भाग्य! करिब एक वर्षजति पछि नै बालक राजा लोकप्रकाश मल्लको पनि देहान्त हुँदा राजकुमारी योगमतीका फुपूका 'दुलहाजी'तर्फका छोरा इन्द्र मल्ल ललितपुर राज्यको राजसिंहासनमा विराजमान गराइए (विसं १७६३ कात्तिक २२ गते, तदनुसार २३ अक्टोबर इसं १७०६)। तर चाँडै नै यिनको पनि देहान्त भयो र अब मठ्याहा नै भए पनि राजा योगरेन्द्र मल्लका आफ्नै छोरा राजकुमार महीन्द्र मल्ल ललितपुर राज्यका राजाका रुपमा अभिषिक्त गरिए (विसं १७६५ चैत १८ गते, तदनुसार १५ मार्च इसं १७०९)। तर यिनी पनि लामो समयसम्म जीवित रहन सकेनन्। बिफरको व्यथाले गर्दा केही वर्षपछि यिनको पनि देहान्त भयो (विसं १७७२ माघ २३ गते, तदनुसार २१ जनवरी इसं १७१५)।

१० वर्षजति पहिले राजा योगनरेन्द्र मल्लको असामयिक देहान्त हुँदा प्रारम्भमा यिनको उत्तराधिकारीका निमित्त ठूलो विवाद उत्पन्न हुन आएको थियो। ललितपुर राज्यमा भारदारहरुको एउटा समूह बालक लोकप्रकाश मल्ललाई राजतिलक दिलाउन चाहन्थ्यो

भने अर्को समूह छोरीतर्फका सन्तानलाई राज्याधिकार दिलाउनुभन्दा ल्याइतातर्फका नै भए पनि छोरा महीन्द्र मल्ललाई नै उत्तराधिकारी बनाउन उपयुक्त हुन्छ भन्ने पक्षमा उपस्थित हुन आइपुगेको थियो। निर्णय केही भएको थिएन। राजा योगनरेन्द्र मल्लको देहान्त भएको चौथो दिनका दिन राजभवनबाट बालक लोकप्रकाश मल्ललाई बलपूर्वक समातेर कान्तिपुर राज्यमा ल्याउन भनी कान्तिपुर राज्यका 'प्रमान' वा मन्त्रीहरुले हुल्याहाको एउटा ठूलो हुल जम्मा गरी ललितपुर राज्यको राजभवनमा धावा मार्न पठाउँदा राजकुमारी योगमतीको आह्वानअनुसार ललितपुर राज्यका राजभक्त नागरिकहरुले एक सय जनाभन्दा बढी कान्तिपुरे हुल्याहालाई त्यहीँ मारिदिई बाँकीलाई त्यहाँबट धपाइदिए।

कान्तिपुर राज्यका 'प्रमान' वा मन्त्रीहरु राजकुमार महीन्द्र मल्लको पक्षमा रहेको थाहा पाएर नै राजा योगनरेन्द्र मल्लको अन्तिम संस्कारमा भाग लिन भनी गएकी कान्तिपुर राज्यकी राजमाता भुवनलक्ष्मीलाई राजकुमारी योगमतीले त्यहीँ रोकिदिएकी थिइन्। यो समाचार सुनेर अर्को दिन भक्तपुर राज्यका राजा भूपतीन्द्र मल्लले आफ्ना दुई ओटै रानी, अनेकौं मैजू महारानी र प्रशस्त केटी सुसारेहरुलाई पनि राजकुमारी योगमती र यिनका बालक छोरा लोकप्रकाश मल्लको सुरक्षाका निमित्त ललितपुर राज्यमा पठाइदिएपछि मात्र राजकुमारी योगमतीले राजमाता भुवनलक्ष्मीलाई त्यहाँबाट फिर्ता पठाइदिएकी थिइन्। यसरी सबै बिध्नबाधा हटिसकेपछि मात्र राजा योगनरेन्द्र मल्लको देहान्त भएको पन्ध्रौं दिनका दिन भक्तपकुर राज्यका राजा भूपतीन्द्र मल्लले पाटनमा गएर बालक लोकप्रकाश मल्ललाई ललितपुर राज्यको राजतिलक लगाइदिएका थिए।

यता कान्तिपुर राज्यकी राजमाता भुवनलक्ष्मी आफ्ना बालक छोरा भास्कर मल्लकी संरक्षिकाको हैसियतले आफ्ना ब्राह्मण मन्त्रीका सरसल्लाहअनुसार पुगनपुग सात वर्षसम्म त आफ्नो राज्यका राज्यव्यवस्थाहरु योग्यतापूर्वक सञ्चालन गर्दै रहेकी थिइन्। तर पछि भने यिनी आफ्नै भारदारको चेपुवामा परिन्। यिनताकसम्म सिन्धुपाल्चोक प्रदेशभन्दा पूर्वतर्फ रहेको दोलखा प्रदेश कान्तिपुर राज्यकै अधिकार क्षेत्रमा थियो।

राजकुलकै एक जना 'ठाकुर' वा ठकुरीलाई त्यहाँका प्रमुख प्रशासकका रुपमा नियुक्त गर्ने परम्परा थियो। यसै परम्पराअनुसार त्यहाँका अन्तिम प्रशासक 'महीन्द्रसिंह मल्ल' यिनैताक लगभग स्वतन्त्र भएका र आफ्ना विरोधी भएर रहेका भक्तपुर राज्यका राजा भूपतीन्द्र मल्ल पनि एकाएक यिनैसँग मिल्न पुगेकाले यिनीहरुलाई दबाउन सैनिक प्रवृत्ति भएका मन्त्रीको आवश्यकता थियो। यसैले राजमाता भुवनलक्ष्मीले ब्राह्मण मन्त्री हटाएर पछि सैनिक प्रवृत्तिका वंशीधर मास्केलाई 'चौतारा'मा नियुक्त गरिदिएकी हुन्।

कान्तिपुर राज्यमा राजकुलकै 'झगल ठाकुर' नामक एक जना व्यक्ति यिनताक निकै प्रभावशाली तथा महत्वाकाङ्क्षी थिए। यिनी पनि राजकुलका ल्याइतेतर्फका कुनै सन्तति भएको प्रतीत हुन्छ। घटनाको दुई महिना पनि बित्न नपाउँदै राजमाता भुवनलक्ष्मीलाई करेपेर वंशीधर मास्केलाई पदच्युत गराई झगल ठाकुर स्वयम् कान्तिपुर राज्यका 'चौतारा' बन्न आइपुगे (विसं १७७० असोज ७ गते, तदनुसार ७ सेप्टेम्बर इसं १७१३)।

'चौतारा' भएको एक वर्षजति पछि षड्यन्त्रकुशल झगल ठाकुरले राजा भूपतीन्द्र मल्ललाई एक्ल्याएर ललितपुर राज्यका मन्त्रीहरुसँग मिली भक्तपुर राज्यमाथि अकारण आक्रमण गरिर्दिंदा लडाइँमा दुवै पक्ष बराबरी रहे पनि भूपतीन्द्र मल्लबाट तथा ललितपुर राज्यका राजाहरुले आपसमा बाँडिलिएका थिए।

यिनैताक मकवानपुर राज्यको सिन्धुलीतर्फ रहेको एउटा कुनै पहाडी किल्लामा विपक्षीहरुको अधिकार स्थापित हुँदा त्यहाँका तात्कालिक राजा माणिक सेनले कान्तिपुर राज्यसँग मिली सैनिक सहायताका निमित्त आग्रह गरेका र 'चौतारा' झगल ठाकुरकै नेतृत्वमा गएर कान्तिपुर राज्यका सैनिकहरुले त्यस किल्लालाई विपक्षीको नियन्त्रणबाट मुक्त गराइदिएका थिए। यही सहयोगको गुनबापत नै राजा मणिक सेनले झगल ठाकुरलाई उपहारका रुपमा एउटा हात्तीका साथै 'शिरोपाउ' पनि दिएर पठाएकाले यसको प्रत्युत्तरमा भास्कर मल्लका तर्फबाट पनि राजा मणिक सेनका निमित्त एकजोर सुनका चुरा, मोतीको माला र शिरोपाउ पनि पठाइदिएको उल्लेख पाइन्छ।

यसै स्थितिमा ललितपुर राज्यमा राजा महीन्द्र मल्लको आकस्मिक रुपमा देहान्त हुँदा र यिनका उत्तराधिकारी सन्तान कोही पनि नहुँदा ललितपुर राज्यका 'प्रमान' वा मन्त्रीहरु बिलखबन्दमा थिए। अन्य कुनै उपायहरु नदेखी राजा दिवङ्गत भएको छैटौं दिनका दिन आफ्नो राज्यका पनि राजाका रुपमा राजसिंहासनमा विराजमान गराउन १८ वर्षका नवयुवक राजा भास्कर मल्ललाई माग्न भनी ललितपुर राज्यका प्रमान वा मन्त्रीहरु कान्तिपुर राज्यका राजभवनमा आइपुगेका थिए। कान्तिपुर राज्यका साथसाथै ललितपुर राज्यको पनि राजमाता हुन पाएमा महारानी भुवनलक्ष्मी पनि किन पो पछि हट्थिन्? आफ्ना छोरालाई ललितपुर राज्यको पनि राजसिंहासनमा विराजमान गराउन यिनी सहमत भइन्। फलतः नवयुवक राजा भास्कर मल्ल ललितपुर राज्यका पनि राजा हुन आए (विसं १७७१ माघ १६ गते, तदनुसार १४ जनवरी इसं १७१५)।

यिनै राजा भास्कर मल्लले पछि 'महीन्द्र मल्ल' भन्ने नाम पनि ग्रहण गरेका थिए। यिनको राज्यकालमा काठमाडौं उपत्यकामा प्लेग रोगको ठूलो महामारी फैलिरहेको थियो। यसले गर्दा दिनहुँ सयौं सङ्ख्यामा जीवजन्तुका साथसाथै मानिस पनि भकाभक मर्न थालिरहेका थिए। यति बेला राजा भास्कर मल्ल २९ वर्षका नवयुवक थिए। सुरक्षाका निमित्त यिनलाई सहरभन्दा बाहिर बालाजुभन्दा केही पर 'किम डोल' नामक गाउँमा लगेर एउटा भवनमा सुरक्षित रुमपा राखिएको थियो। यिनका दुइटी रानी पनि साथैमा रहेका थिए। प्लेगको महामारी शान्त भएको निश्चय गरी यिनी छ महिनाजति पछि स्वेच्छापूर्वक नै त्यहाँबाट फर्किएर आफ्नो राजभवनमा आएका मात्र के थिए, दुईचार दिनपछि नै यिनको देहान्त भयो (विसं १७७९ असोज २३ गते, तदनुसार २४ सेप्टेम्बर इसं १७२२)।

यिनताक 'जगज्जय ठाकुल' नामक एक जना प्रभावशाली व्यक्ति 'कुमुदिनी' नामकी राजपरिवारकी एउटी कुमारीका 'दुलहाजी'का हैसियतले कान्तिपुर राज्यको राजभवनभित्र आफ्नो बलियो पकडलाई स्थापित गर्न समर्थ भए। जगज्जय ठाकुल यस समयका प्रभावशाली भारदार 'चौतारा' झगल ठाकुलको राजनीतिक गुटमा सम्मिलित

भए। राजा भास्कर मल्लका आफ्ना कुनै सन्तान थिएनन्। यसैले यिनको देहान्तपछि भ्गल ठाकुलकै बलले जगज्जय ठाकुल नै 'जगज्जय मल्ल'का नामले कान्तिपुर राज्यको राजसिंहासनमा विराजमान हुन आए। यसपछि 'चौतारा'को पदमा पनि भ्गल ठाकुल नै रहिरहे।

उता ललितपुर राज्यमा भने राजकुमारी योगमतीका फुपूका पनाति ऋद्धिनरसिंह मल्लले राजमुकुट पहिरिइरहेका थिए। तर यिनी पनि राजाका रुपमा धेरै वर्षसम्म जीवित रहन सकेनन्। पछि राजकुमारी योगमतीकै जोडले 'योगप्रकाश मल्ल' नामक अर्का एक जना युवकलाई यस राज्यको राजतिलक लगाइदिएको पाइन्छ। भक्तपुर राज्यमा पनि यसै वर्ष स्थिति मल्लका राजवंशका अन्तिम राजा रणजितसिंह मल्ल राजसिंहासनमा विराजमान भए।

खण्ड दुई
२.१ गोरखा राज्यको स्थापना

थाहा भएसम्ममा गोरखा राजवंशका आदिपुरूष 'जैत खान' मानिएका छन्। कालीगण्डकी नदीको बायाँ किनारमा सर्वप्रथम यिनले नै आफ्नो मूल राज्य वा ठकुराइको गठन गरेका थिए (विसं १५०० को आसपास)। यिनले स्थापना गरेको यही राज्य नै पछि आएर 'भिरकोट' राज्यको नामले प्रसिद्ध भएको पाइन्छ।

जैत खानका छोरा 'सूर्य खान' भएका थिए। यिनका दुई भाइ छोराहरु भए— 'खाँचा खान' तथा 'मिचा खान'। यो यिनीहरुको वास्तविक नाम होइन। भनिन्छ, स्थानीय मगर बोलीअनुसार 'कार्हाञ्चा' शब्दको अर्थ 'जेठा' र 'मिर्हाञ्चा' शब्दको अर्थ 'कान्छा' भन्ने हुन्छ। 'कार्हाञ्चा' तथा 'मिर्हाञ्चा' शब्दहरुबाट नै नेपाली भाषामा 'खाँचा' तथा 'मिचा' शब्दहरु बनेका मानिन्छन्।

राजा सूर्य खानले आफ्नो राज्यकालमा आँधी खोलाका प्रसवण क्षेत्रहरुमा खसवर्गका, बाहुन, क्षत्री तथा दमाईं, कामीका नयाँनयाँ बस्तीहरु पनि आबाद गराएका थिए। यसरी नयाँ आबाद गराइएका बस्तीहरु यिनले आफ्ना कान्छा छोरा मिचा खानलाई दिएकाले भिरकोटमा स्थापित भएको मूल राज्य मात्र जेठा छोरा खाञ्चा खानको भागमा पर्न आएको थियो। मिचा खानले खाफ्नो नवगठित राज्यको राजधानी बनाउन त्यहाँ एउटा सुरक्षित 'कोट' अर्थात् किल्ला बनाएकाले यसै नयाँ कोट वा किल्लाको नामबाट यस राज्यको नाम पछि 'नुवाकोट' हुन गएको मानिन्छ।

खाज्चा खानले पनि आफ्ना पिता सूर्य खानबाट उत्तराधिकारमा प्राप्त भएको राज्यलाई आफ्ना दुई ओटै छोरालाई बाँडिदिएका थिए। यिनै दुई राज्यपछि 'सतहुँ' तथा 'गरहुँ'का नामले प्रसिद्ध हुन आएका मानिन्छन्। खाँचा खानका उत्तराधिकारीमध्येबाट पछि एक जना भाइले भिरकोट राज्यबाट छुट्याएर 'ढोर' नामक अर्के एउटा छुट्टै स्वतन्त्र राज्यको गठन गराएको पाइन्छ।

राजा मिचा खानका पनि दुई छोरा रहेका थिए। यिनका जेठा छोरा भक्ति खान त आफ्नो मूल राज्यमै रहिरहे। कान्छा विचित्र खान भने आँधीखोलाका आसपासमा रहेका मगरका आबादीहरुबाट मात्र सन्तुष्ट नभएर त्यहाँबाट उत्तरतर्फ लागी त्यस क्षेत्रमा आबाद भएर रहेका गुरूङका आबादीहरुसम्म आएर त्यहाँ एउटा अर्को छुट्टै स्वतन्त्र राज्यको गठन गराएको देखिएको छ। यही राज्य पछि 'कास्की' राज्यको नामले प्रसिद्ध भयो।

राजा विचित्र खानका जेठा छोरा नरराज खान पनि युवराजका रुपमा आफ्नो नवगठित कास्की राज्यमै रहिरहे। माइला छोरा कालु खानलाई भने यहाँबाट पूर्वोत्तरमा रहेको दुरा डाँडामा रहेका दुराहरुले ल्याएर आफ्ना राजाका रुपमा स्थापित गरी 'लमजुङ' नामक एउटा अर्के छुट्टै स्वतन्त्र राज्यको गठन गराएको देखिएको छ। नवस्थापित राजा कालु खान राजनीतिक कुचक्रमा परी मारिँदा यिनका साइँला भाइ राजकुमार यशोब्रह्म खान यसै राज्यमा राजाका रुपमा स्थापित भएको मानिन्छन्।

कास्की राज्यका राजा नरराज खानले आफ्नो परम्परागत 'खान' पदवीलाई परित्याग गरी पछि 'शाही' पदवीलाई प्रयोग गर्न थालेका थिए। यसैको अनुकरण गरी लमजुङ राज्यका राजा 'यशोब्रह्म खान' पनि पछि 'यशोब्रह्म शाही'का रुपमा परिणत हुन आएका पाइन्छन्। यस प्रकार विक्रम संवत्को सोह्रौं शताब्दीको मध्यसम्ममा आँधीखोलाका प्रसवण क्षेत्रहरुमा 'खान' वा 'शाही' उपाधिधारी ठाकुर वा ठकुरीहरुका पाँच ओटा छुट्टाछुट्टै स्वन्त्र राज्यहरु स्थापित पाइन्छन्।

राजा यशोब्रह्म शाहीका पनि जेठा छोरा 'नरहरि शाही' त स्वाभाविक रुपमा आफ्ना पिताका उत्तराधिकारी तथा युवराजका रुपमा लमजुङ राज्यमै रहिरहे, आफ्नो जीउडालले गर्दा देख्तैमा खाइहाल्दा आफ्ना माइला छोरा राजकुमार द्रव्य शाहीलाई भने यशोब्रह्म शाहीले मर्स्याङ्दी तथा चेपे नदीभन्दा दक्षिणपूर्वतर्फ रहेका मगराँतहरुमा खसवर्गका बाहुन, क्षत्री तथा दमाईं, कामीहरुका आबादीहरु विस्तार गरी त्यस क्षेत्रको संरक्षण गर्न भनी त्यहाँका स्थानीय प्रशासक बनाएर पठाए। यसैअनुसार यिनी त्यस क्षेत्रको 'रागिनास'मा आई बस्न थाले। यस क्षेत्रमा चाँडै नै आफ्नो राज्यक्षेत्रको विस्तार नगरेमा पाल्पाली सेन राजाहरुले आफूहरुलाई उछिन्ने खतरा थियो। यिनताक यस क्षेत्रमा दक्षिणतर्फ मगरका र उत्तरतर्फ गुरूङका जनआबादी थिए।

पाल्पाली राजा मुकुन्द सेन (प्रथम)को राज्यकालदेखि नै यस क्षेत्रमा बाहुन, क्षत्री तथा दमाईं, कामीका आबादीहरु फैलन सुरू भइसकेका थिए। यसरी यस क्षेत्रमा आबाद हुन आएका बाहुन तथा क्षत्रीहरुलाई यहाँका स्थानीय मगरहरुले मतवालीका रुपमा परिणत गराउन खोजिरहेकाले यिनताक यिनीहरु ठूलै विपत्तिमा थिए। यसै क्रममा यहाँका बाहुन तथा क्षत्रीहरुको ध्यान राजकुमार द्रव्य शाहीप्रति आकर्षित हुनु स्वाभाविकै थियो। सबैको सरसल्लाहअनुसार राजकुमार द्रव्य शाहीको नेतृत्वमा यस क्षेत्रमा एउटा स्वतन्त्र राज्य बनाउका निमित्त यहाँ आएर आबाद भएका सबै बाहुन तथा क्षत्रीहरु अग्रसर भए। विपत्तिमा फसेका यस्ता बाहुन तथा क्षत्रीहरुले आफूहरुलाई आवश्यक सहायता प्रदान गर्न राजकुमार द्रव्य शाहीसँग आग्रह गर्नु स्वाभाविकै पनि हुन आएको थियो। यसैले राजकुमार द्रव्य शाहीको नेतृत्वमा यस क्षेत्रमा एउटा छुट्टै स्वतन्त्र राज्य स्थापना गराउन भित्रभित्रै तयारी सुरू हुन थाले।

यिनताकसम्ममा कालीगण्डकी नदीभन्दा पारिपट्टि 'पर्वत', 'गुल्मी', 'अर्घा', 'खाँची' तथा 'इस्मा' आदि अन्य ससाना स्वतन्त्र राज्य स्थापित थिए। उपर्युक्त राज्यहरुमा खसवर्गका बाहुन, क्षत्री तथा दमाईं, कामीका आबादीहरु बढ्दै आई आबादीयोग्य उब्जाउ जमिनहरुको खोजी गर्दै ती राज्यमा आबाद भएका अनेकौं परिवारहरु बसाइँ सर्दै क्रमशः

पूर्वर्ततर्फ आइरहेका थिए। यतिन्जेलसम्म यस क्षेत्रको खास नाम थिएन। यस क्षेत्रमा आबाद हुन आइपुगेका यिनै बाहुन तथा क्षत्रीयहरुले आपसमा सरसल्लाह गरी नाथ सम्प्रदायका सुप्रसिद्ध योगी गुरू गोरखनाथको नामबाट यस क्षेत्रको नाम यिनैताक 'गोरखा' भनेर राखिदिएको पाइन्छ।

१५–२० वर्षको बीचमा गोरखाभन्दा दक्षिणतर्फ पनि बाहुन, क्षत्री तथा दमाईं, कामीका आबादीहरु बढ्दै आई नयाँ स्वतन्त्र राज्य स्थापना गर्न सम्पूर्ण पूर्वाधारहरु तयार भइरहेका थिए। यिनताक यस क्षेत्रमा 'खड्का' थार भएका मगरहरुको बोलबाला थियो। राजकुमार द्रव्य शाहीले यिनका आँतभेगहरु राम्रैसँग पाइसकेका थिए। भनिन्छ, यस समयमा यिनलाई सपनामा गुरू गोरखनाथले "तिमी यस क्षेत्रका राजा हुनेछौ" भन्ने वरदान दिएका थिए।

राजकुमार द्रव्य शाही यिनताक अत्यन्त महत्वाकाङ्क्षी नवयुवकका रुपमा देखा परिरहेका थिए। 'प्युठान' राज्यतिरबाट बसाईं सरेर आएका नवयुवक गणेश पाँडेसँग यिनको आत्मीय सम्बन्ध स्थापित थियो। मगर जातिका खड्काहरुको बदलामा क्षत्रीयकुलका कुनै राजकुमारलाई आफ्ना संरक्षक वा राजा बनाउन पाए हुने थियो भन्ने यस क्षेत्रमा आबाद हुन आइपुगेका बाहुन तथा क्षत्रीहरुले आफ्ना धारणा बनाइरहेका थिए। यस्ता बाहुन तथा क्षत्रीहरुको नेतृत्व ब्राह्मण कुलका गणेश पाँडेले गरिरहेका थिए। गणेश पाँडेको दृष्टिमा राजकुमार द्रव्य शाही यति बेला आफ्ना उदात्त नायकका रुपमा देखिएका थिए। राजकुमार द्रव्यशाहीको महत्वाकाङ्क्षा तथा गणेश पाँडे तथा यिनका सहयोगीहरुको चाहना एकाकार हुन आयो। यस क्षेत्रका प्रशासकका रुपमा रहँदै आएका खड्काहरुको दमन गरी स्वयम् यस क्षेत्रका राजा बन्न नवयुवक गणेश पाँडे राजकुमार द्रव्य शाहीलाई दिनदिनै प्रेरित गर्न थाले।

यिनताक 'लिगलिग'मा भने 'घले' थर भएका मगरहरुको बोलबाला रहेको थियो। आफ्ना मुखिया वा नेताको चयन गर्ने यिनीहरुको प्रचलन पनि विचित्रको थियो। भनिन्छ, दशैंको टीकाको दिन लिगलिगको तल्लो कोटबाट दौडेर सबैभन्दा पहिले जो व्यक्ति

माथिल्लो कोटमा पुग्न सक्छ, त्यसै व्यक्तिलाई नै त्यस वर्षका निमित्त त्यस क्षेत्रको मुखिया वा नेता बनाउने यिनीहरुको प्रचलन थियो। लिगलिग कोटमा आफ्नो अधिकार स्थापित भएमा यसबाट सम्पूर्ण लिगलिग क्षेत्रमै अधिकार स्थापित हुने र यसबाट 'गोरखा कोट'मा पनि अधिकार स्थापित गर्न सजिलो हुने देखेर घले मुखियाहरुको यसै परम्परागत प्रचलनबाट लाभ उठाउने निर्णय गणेश पाँडेहरुले गरिरहेका थिए। सबै मगर युवाहरु दौडमा सहभागी हुने तरखरमा रहेको मौका छोपी आफू पनि दौडमा सहभागी हुने बहाना गरी राजकुमार द्रव्य शाहीले आफ्ना सहयोगीहरुको मद्दतले सर्वप्रथम लिगलिगको तल्लो कोटमा आफ्नो अधिकार स्थापित गरिदिए। यसबाट लिगलिगको माथिल्लो कोटमाथि पनि अधिकार स्थापित गर्न यिनलाई कुनै कठिनाइ भएन। यसको केही समयपछि त्यसै क्षेत्रमा रहेको 'रगिनास कोट' पनि यिनको अधिकारमा आयो।

राजकुमार द्रव्य शाहीको अग्रिम लक्ष्यमा अब 'गोरखा कोट' रहेको थियो। यस कोटमा अधिकार स्थापित गर्न शुभमुहूर्त पनि हेरिसकिकेको थियो। विसं १६१६ को श्रीकृष्ण जन्माष्टमीका दिन यसका निमित्त शुभसाइत जुरिरहेको थियो। यसै योजनाअनुसार राजकुमार द्रव्य शाहीले आफ्ना जति भएका लडाका सैनिकहरुलाई साथमा लिई 'रगिनास कोट'बाट अघि बढेर गोरखा कोटमाथि सहसा आक्रमण गरिदिएका थिए। भनिन्छ, १५ दिनसम्म यस कोटमा दुई पक्षबीचमा घोरघमासान युद्ध नै चल्यो। तर कोटमा भने अधिकार स्थापित हुन सकेन।

सोह्रौं दिनका दिन त्यस कोटका संरक्षक भएर रहेका खड्का मुखियालाई आत्मसमर्पण गराउन सम्भव प्रयास गरिए। तर उनले आत्मसमर्पण गर्न मानेनन्। राज्यारोहण गर्न शुभसाइत नजिकै आइपुगिसकेको थियो। अब अर्को विकल्प बाँकी रहेको थिएन। आखिरमा राजकुमार द्रव्य शाहीलाई अगाडि लगाई यिनका सबै शुभेच्छुकहरु त्यहीँ पुगे। राजकुमारकै हातबाट तात्कालिक खड्का मुखियामाथि तरबार चलाइयो। उनी मारिए। फलतः अब राजकुमार द्रव्य शाही नै त्यस क्षेत्रका राजाका रुपमा

स्थापित हुन आए (विसं १६१६ भदौ २५ गते, तदनुसार २४ अगस्ट इसं १५५९)। नवस्थापित यस राज्यको नाम 'गोरखा' रहन आयो।

गण्डकी नदीका प्रसवण क्षेत्रहरुमा स्थापित भएका अन्य सबै स्वतन्त्र राज्यहरुको स्थापना भइसकेपछि, सबैभन्दा पछि गोरखा राज्यको स्थापना भएको थियो। यसैले यस राज्यका नागरिकहरु आफ्नो राज्यभन्दा बाहेकका यस क्षेत्रमा रहेका अन्य २४ ओटा ससाना राज्यहरुलाई 'चौबीसे' भन्ने गर्थे। नवगठित यस राज्यमा पश्चिममा क्रमशः पूर्वतर्फ बसाइँ सर्दै आएका अनेकौं बाहुन, क्षत्री, कामी, सार्की तथा दमाईंहरु पनि आबाद हुन आइपुगेका थिए। यस नयाँ राज्यको स्थापना गर्नमा राजकुमार द्रव्य शाहीलाई यिनै बाहुन, क्षत्री तथा दमाईं, कामीहरुले सक्रिय सहयोग उपलब्ध गराएका थिए।

राजकुमार द्रव्य शाहीलाई राज्यारोहण गराउनमा विशेष सहयोग उपलब्ध गराउने व्यक्तिहरुमा 'पाल्पा' वा 'प्युठान' राज्यतिरबाट आएका ब्राह्मण नवयुवक गणेश पाँडे त प्रमुख छँदै थिए, 'इस्मा' राज्यतिरबाट आएका नारायणदास अर्याल, 'अर्घा' राज्यतिरबाट बसाइँ सरेर आएका सर्वेश्वर खनाल तथा भगीरथ पन्त र 'सल्यान' राज्यतिरबाट आएका केशव बोहोरा तथा गङ्गाराम रानाहरु प्रमुख रहेका थिए। यसैले नवस्थापित राज्यका राजाका रुपमा अभिषिक्त हुँदा राजा द्रव्य शाहीले आफ्नो स्वतन्त्र राज्यका निमित्त छुट्टै भारदारीसभाको गठन गरी यस सभामा नारायणदास अर्याललाई 'राजगुरू', सर्वेश्वर खनाललाई 'राजपुरोहित', गणेश पाँडेलाई 'काजी' वा मन्त्री, भगीरथ पन्तलाई 'सरदार' वा सेनापति, केशव बोहोरालाई भूमि व्यवस्थाका प्रमुख पदाधिकारी र गङ्गाराम रानालाई न्याय व्यवस्थाका प्रमुख पदाधिकारीका रुपमा नियुक्त गरिदिएका थिए।

छ थरी थर भएका यिनै छ जना प्रमुख भारदारहरु पछिपछि 'छ थरी' भारदारका रुपमा प्रसिद्ध हुन आएका थिए। छ थरी थर भएका यी भारदारले आफूलाई लगाएको महत्वपूर्ण गुनलाई सम्झिई राजा द्रव्य शाही तथा यिनका उत्तराधिकारीले पनि उपर्युक्त छ थरी थर भएका भारदारलाई सन्तान दरसन्तानका रुपमा राख्ने सोचाइ थिए। तर

पछिपछि यस राज्यको विकास तथा विस्तारमा अन्य थरका व्यक्तिहरुको पनि योगदान रहँदै आउँदा पछि उपर्युक्त छ थरीहरुमा सामान्य अदलाबदली हुँदै रही 'थरघर'का नामले यो व्यवस्था नेपाल अधिराज्यको एकीकरण अभियान चालू रहेसम्म चलिरहेको पाइन्छ।

राजकुमार द्रव्य शाहीको राज्याभिषेक समारोह सम्पन्न भएको खबर लमजुङ राज्यको राजधानीमा पनि तत्कालै पुगिहाल्यो। "राजकुमार द्रव्य शाही लमजुङ राज्यका राजकुमार भएकाले यिनले अधिकार स्थापित गरेका सम्पूर्ण भूभागहरु यस राज्यको नै हुन्छ" भन्ने तर्कलाई यिनका दाजु तथा लमजुङ राज्यका युवराज नरहरि शाहीले अघि सारिदिएका थिए। नवस्थापित गोरखा राज्यका राजा द्रव्य शाही भने आफ्ना दाजुको यस तर्कलाई स्विकारेनन्। आफूले विजय गरेर प्राप्त गरेका भूभाग लमजुङ राज्यमा मिलाउन यिनी किन पो सहमत हुन्थे! फलतः दाजु तथा भाइका बीचमा कलह प्रारम्भ भयो।

लमजुङ राज्यका राजा यशोब्रह्म शाही यतिन्जेल सम्भवतः वृद्ध भइसकेका थिए। यस विवादमा यिनले आफ्ना दुवै छोराहरुको पक्ष वा विपक्षमा केही पनि बोल्न चाहेनन्। आफ्ना दुई छोराको आपसी विवादले गर्दा लमजुङ राज्यकी महारानी भने असमञ्जसमै पर्न आएकी थिइन्। अन्त्यमा आएर महारानी पनि आफ्ना दुवै छोरालाई दुई ओटा अलगअलग राज्यको अस्तित्वलाई स्वीकार गर्न आग्रह गर्न विवश भइन्। आफ्ना दुई छोराका बीचमा कलह बढ्दै आएपछि भनिन्छ, महारानीले 'चेपे' नदीको किनारमा आएर आफ्ना दूधका धाराहरु बगाउँदै "अबउप्रान्त जेठा नरहरि शाहीले महिला द्रव्य शाहीसँग लडाइँ लड्न यस नदीको पारितर्फ नजानू र माइला द्रव्य शाहीले पनि आफ्ना दाजुको विरूद्धमा यस नदीभन्दा वारितर्फ नआउनू; विजयको अभिलाषाले जसले यस नदीलाई पार गर्नेछ, त्यसलाई मेरो दूधको धारालाई नाघेको पाप लाग्नेछ" भन्ने कठोर वाचाबन्धन बाँधिदिएकी थिइन्। यिनको यस आग्रहबाट यस क्षेत्रमा लमजुङ राज्यको सिमानामै 'गोरखा' नामक एउटा स्वतन्त्र राज्य अस्तित्वमा आयो।

आफ्नी आमाले जे जस्तोसुकै वाचाबन्धन गराइएको भए पनि लमजुङ राज्यका नयाँ राजा नरहरि शाहीले नवस्थापित गोरखा राज्यमाथि राल काढ्न भने छोडेका थिएनन्। आफ्नी आमाको देहान्तपछि नवस्थापित गोरखा राज्यमाथि अधिकार स्थापित गर्न यिनी फेरि पनि लालायित हुन थाले। यसै क्रममा भनिन्छ, राजा नरहरि शाहीले कपटपूर्वक आफ्ना भाइ राजा द्रव्य शाहीलाई— "अब हामी आपसमा झैझगडा नगरौं, दुवै भाइ चेपे नदीको किनारमा बसी बुबाको वार्षिक श्राद्ध गरौं र धर्मपत्र गरी आपसी मनोमालिन्यलाई सदाका निमित्त पखालौं" भनी सन्देश पठाएका थिए। आफ्ना दाजुको यस्तो सन्देश प्राप्त भएपछि राजा द्रव्य शाही असमञ्जसमा पर्न आए। नजाऊँ भने आफ्ना दाजुको सद्भावनापूर्ण निमन्त्रणा, जाऊँ भने लामो समयदेखि चल्दै आएको उनीसँगको चर्को मनोमालिन्य। आफ्ना सबै भारदारलाई जम्मा गरी छलफल गर्दा "दुई राज्यका बीचमा मेलमिलाप हुनु त राम्रै कुरा हो तर अलग देशका राजा भएपछि आफ्नै दाजु भए पनि सर्वथा विश्वास गरिहाल्नु उपयुक्त हुँदैन। यसैले यताबाट पनि कुनै हातहतियार नल्याइने र त्यताबाट पनि नल्याउने भएमा मात्र त्यहाँ आउनु सम्भव हुनेछ, अन्यथा सम्भव छैन" भनी प्रत्युत्तर पठाउनु उपयुक्त हुने भन्ने निर्णय गरियो।

लमजुङ राज्यका राजा नरहरि शाहीले देखावटी रुपमा त राजा द्रव्य शाहीलाई यस प्रस्तावमाथि सहमति जनाइदिएका थिए तर भित्री रुपमा भने उनको इरादा अर्कै थियो। 'चेपे' नदीको किनारमा बसेर दुवै भाइ मिली आफ्ना पिताको वार्षिक श्राद्ध गर्ने भन्ने निर्णय पहिल्यै भइसकेको थियो। योजनाअनुसार उनले आफ्ना हातहतियार त्यहाँ लुकाउन पठाइसकेका थिए। भनिन्छ, दुवै भाइ मिली आफ्ना पिताजीको श्राद्ध गर्ने र श्राद्ध सकिएपछि आमन्त्रित ब्राह्मणहरुले भोजन गर्न लागेको मौका छोपी राजा द्रव्य शाहीको सदाका निमित्त दमन गरिदिने राजा नरहरि शाहीको भित्री योजना थियो।

श्राद्धको दिन नजिकै आयो। यसका निमित्त चाहिने सरसामान तथा ब्राह्मणहरुका साथ राजा नरहरि शाही निर्धारित समयमै चेपे नदीको किनारमा आइपुगी पनि हाले। यता राजा द्रव्य शाही पनि आफ्ना दलबलका साथ यथासमयमै त्यहाँ पुगे। तर राजा द्रव्य

शाहीले पनि होसियारीपूर्वक आफ्ना सैनिकलाई साथैमा लिएर गई चेपे नदीको किनारभन्दा केही वर नै लुकाएर राखेका थिए।

लामो समयको अन्तरालपछि दाजुभाइको बीचमा भेट भएको थियो। दुवैले एकआपसमा भलाकुसारी गरे। दुवैतर्फका ब्राह्मणहरु जम्मा भए र विधिपूर्वक श्राद्ध पनि सम्पन्न गरियो। ब्राह्मणहरु भोजका निमित्त तयार हुन थाले। राजा नरहरि शाही आफ्नै धुनमा दायाँबायाँ कतै लागेका थिए। त्यसै बेला लमजुङे केटीले आएर राजा द्रव्य शाहीलाई गुप्त सन्देश सुनाइदिई। केटी लमजुङ राज्यबाट आएकी यिनकी आफ्नै धाइकी छोरी रहिछ। उसले राजा द्रव्य शाहीलाई "तुरून्त नै यहाँबाट गइबक्सियोस्, अन्यथा हजुरका निमित्त खतरा छ" भनी इसारैइसाराले जानकारी गराइदिई।

राजा द्रव्य शाही अत्यन्त होसियार व्यक्ति थिए। "दिसा बस्न जाने" बहाना गरी जङ्गलभित्र पसेका यिनी त्यहाँबाट फेरि फर्केर आएनन्। त्यहाँबाट अलप भएका यिनी चेपे नदी पार भएर आफ्नो सैनिक शिविरमा पुगिसकेका थिए। यिनले आफ्ना सैनिकहरुलाई राजा नरहरि शाहीका कपटपूर्ण व्यवहारहरु एकएक गरी सुनाइदिए। यसपछि यिनी 'हर्मी'को बाटो गरी आफ्ना सैनिकका साथ गोरखा राज्यको राजभवनतर्फ फर्किहाले।

भनिन्छ, उता राजा नरहरि शाही भने यस घटनाबाट जिल्लाराम पर्न गएका थिए। आफ्ना भाइ द्रव्य शाही त्यहाँबाट पलायित भएको उनले चाँडै नै थाहा पाइहाले। कुनै हातहतियार नलिई निहत्था आएको अवस्थामा पनि आफ्ना प्रतिद्वन्द्वी भाइलाई पक्रन नसकिएकोमा उनलाई पश्चात्ताप हुन थाल्यो। उनले आफ्ना सैनिकहरुलाई तुरून्त गोरखाली सैनिकहरुको पिछा गरिहाल्न आदेश जारी गरिदिए। तर उनीहरुले राजा द्रव्य शाहीलाई पक्रन सकेनन्। राजा द्रव्य शाही आफ्ना सैनिकसाथ उम्किसकेका थिए।

गोरखा राज्यको गुरूङथोकमा आइपुगेपछि दुई पक्षका सैनिकहरुका बीचमा जोडदार रुपमा लडाइँ हुन थाल्यो। लमजुङे सैनिकहरु त्यहाँबाट अघि बढ्न सकेनन्। गोरखाली

सैनिकहरुले तिनीहरुलाई धपाउँदै 'दरौदी' नदी पार गराई हर्मीको भन्ज्याङ हुँदै चेपे नदी पारि नै पुऱ्याइदिए।

आफ्ना दाजुको यस किसिमको कपटपूर्ण व्यवहारबाट राजा द्रव्य शाह अत्यन्त नै क्षुब्ध भएका थिए। आक्रोशित हुँदै यिनले दाजु नरहरि शाहीलाई "मुमाज्यूबाट बाँधिबक्सेको वाचाबन्धनलाई तपाईंले विश्वासघात गरी तोडिदिनुभएको छ, यसैले अब हामी पनि उक्त वाचाबन्धनमा बाँधिन बाध्य रहेका छैनौं। आफ्नो देशको रक्षाका निमित्त हामी पनि सक्दो प्रयास गर्दै रहनेछौं" भन्ने सन्देश पठाइदिए। यसबाट दुई देशबीचको वैमनस्य झन्झन् झाँगिँदै आयो र दुई देशबीचमा निरन्तर आक्रमण तथा प्रत्याक्रमण पनि हुँदै रहे।

यसै स्थितिमा ११ वर्षजति राज्य भोग गरी विसं १६२७ मा गोरखा राज्यका संस्थापक राजा द्रव्य शाहको देहान्त भएको थियो।

२.२ राजा द्रव्य शाहका उत्तराधिकारीहरु

राजा द्रव्य शाही वा द्रव्य शाहको देहान्तपछि यिनका छोरा युवराज 'पूर्ण शाही' गोरखा राज्यको राजसिंहासनमा विराजमान हुन आए। यिनको नाम कतैकतै 'पुरन्दर शाही' पनि उल्लेख भएको पाइन्छ। यिनको राज्यकालमा पनि गोरखा राज्यको लमजुङ राज्यसँग लडाइँभगडा निरन्तर चल्दै रहेका थिए (विसं १६२७–१६६२)। यतिन्जेल पूर्वमा 'गण्डी' नदीसम्म र दक्षिणमा 'मर्स्याङ्दी' तथा गण्डी नदीका बीचका मगराँतहरुमा पनि खसवर्गका बाहुन, क्षत्री तथा दमाईं, कामीका आबादीहरु विस्तारित हुँदै आइसकेकाले यी क्षेत्रहरुमा पनि गोरखा राज्यको विस्तार हुने वातावरण बनिरहेको थियो।

नवस्थापित गोरखा राज्यको उत्तरपूर्वमा रहेका हिमाली क्षेत्रहरुमा यिनताक 'बारपाक' नामक एउटा छुट्टै हिमाली राज्य थियो। लमजुङ तथा गोरखा राज्यमा पनि तिब्बततिरबाट आउने नुनको व्यापार बारपाकका 'तमू' वा गुरूङहरुकै हातमा थियो। यस क्षेत्रमा आबाद रहेका नागरिकले यिनीहरुसँग नै चामल वा पिठोसँग नुन सट्टा गरी आफ्नो जीवन निर्वाह गर्दै आइरहेका थिए। लमजुङे राजाहरुले बारपाकीहरुलाई गोरखालीका विरूद्धमा भड्काउन थालिदिएकाले अब बारपाकीसँग पनि गोरखालीको विवाद प्रारम्भ भयो। गोरखाली सैनिकहरुले बारपाकमाथि आक्रमण नगरेका पनि होइनन् तर त्यहाँ आफ्नो अधिकार स्थापित गर्न भने सकेनन्। 'चाँगे सुर्तान' यिनताक त्यहाँका हर्ताकर्ता थिए। यिनले नुनको आपूर्तिलाई रोकिदिएकाले गोरखा राज्यमा नुनको हाहाकार हुन थाल्यो।

यिनताक 'तनहुँ'को सेन राज्यसँग पनि लमजुङ राज्यको वैमनस्य चलिरहेको थियो। यसैले आफ्नो राज्यमाथि परेको लमजुङ राज्यको सैनिक दबाबलाई निस्तेज पार्न तनहुँ

राज्यका राजा तथा भारदारहरु पनि नवस्थापित गोरखा राज्यसँग मैत्रीसम्बन्ध स्थापित गर्न लालायित रहन थालेका थिए। तनहुँ राज्यको यसै चाहनाअनुसार गोरखा तथा तनहुँ राज्यबीचमा यसै समयमा सर्वप्रथम मैत्रीसम्बन्ध स्थापित हुन आएको थियो। यसै उपलक्ष्यमा तनहुँ राज्यको तर्फबाट गोरखा राज्यलाई उपहारका रुपमा एउटा हात्ती पठाइदिएको उल्लेख वंशावलीमा पाइन्छ।

बारपाकमा आफ्नो अधिकार स्थापित गर्ने भन्ने कुरा गोरखाली सैनिकहरुका निमित्त सपना भएर रहेको थियो। यसैले अब बारपाकीसँग विग्रह नगरी यस राज्यसँग मैत्रीसम्बन्ध स्थापित गर्ने निर्णय गरियो। यसै अनुसार चाँगे सुर्तानका नाममा यसैअनुसारको शान्तिसन्देश पनि प्रस्तुत गरियो। यस सन्देशमा भनिएको थियो— "हाम्रा दुई राज्यहरु मिलेमा दुवै राज्यको कल्याण हुनेछ, दुई राज्यको बीचमा वैमनस्य कायम रहिरहेमा छिमेकमा रहेका अन्य शक्तिशाली राज्यहरुले हाम्रा दुवै राज्यलाई खाइदिनेछन्।"

गोरखा राज्यको यस प्रस्तावमा चाँगे सुर्तान सहमत भए र बारपाकसँग गोरखा राज्यको मैत्रीसम्बन्ध स्थापित हुन आयो। यसले गर्दा गोरखा राज्यलाई नुन तथा राढीपाखीहरुको सङ्कट पनि सदाका निमित्त टर्न आयो। यसै स्थितिमा ३५ वर्षजतिको लामो राज्यकालपछि राजा पूर्ण शाहको देहान्त भएको मानिन्छ (विसं १६६२)।

राजा पूर्ण शाहीका दुइटी रानी रहेका थिए। यी दुई रानीका बीचमा आपसी वैमनस्य बढ्दै आउँदा कान्छी रानी 'अम्बावती' राजा पूर्ण शाहीदेखि रूष्ट भई राजभवनबाट निस्किएर धादिङको 'सल्यान' नामक गाउँमा आएर बस्न थालेकी थिइन्। यिनी यति बेला गर्भवती रहिछन्। यिनले सल्यानमै पछि एक राजकुमारलाई जन्म दिएकी थिइन्। यिनको नाम 'राम शाह' भनी राखिएको थियो।

उता राजा पूर्ण शाहीको देहान्त हुनेबित्तिकै युवराज 'छत्र शाह' गोरखा राज्यको राजसिंहासनमा विराजमान हुन आएका थिए। तर राजा भएको सात महिनाजति पछि नै

यिनको अकल्पित रुपमा देहान्त हुँदा गोरखा राज्यमा कोलाहल नै मच्चियो। यिनका कुनै पनि सन्तान पैदा भएका थिएनन्। यसैले "अब कसलाई राजा बनाउने होला?" भन्ने सम्बन्धमा गोरखा राज्यमा स्वाभाविक रुपमा ठूलो खलबली मच्चियो।

यसै बेला सल्यानमा रहेका राजकुमार राम शाहप्रति सबैको ध्यान स्वाभाविक रुपमै आकर्षित हुन थाल्यो। यिनलाई त्यहाँबाट गोरखा राज्यको राजभवनमा ल्याउन आवश्यक तयारी हुन थाले। यता धादिङका नागरिक पनि यिनलाई गोरखा राज्यको राजभवनमा पुऱ्याउन हतारिइरहेका थिए। नभन्दै गोरखाली भारदारहरु लिन आइनपुग्दै राजकुमार राम शाह आफ्नी आमा अम्बावतीका साथ गोरखा राज्यको राजभवनमा पुऱ्याइए पनि। फलतः अब राजा छत्र शाहका उत्तराधिकारीका रुपमा यिनी नै गोरखा राज्यको राजसिंहासनमा विराजमान भए।

"गोरखा राज्यको राजसिंहासनमा विराजमान गराउन राजकुमार राम शाहलाई धादिङको सल्यानबाट लगिएकाले सल्यान कोटलाई गोरखा राज्यको मूल कोट मानेर यस कोटबाट फूलपाती ल्याएपछि मात्र गोरखा राज्यमा फूलपाती भित्र्याउने प्रचलन हो" भन्ने अनुश्रुति गोरखा तथा काठमाडौंमा अझैसम्म प्रचलित छ।

राजा राम शाह गोरखा राज्यका अत्यन्त नै योग्य, साहसी तथा व्यक्तित्व सम्पन्न राजाका रुपमा उपस्थित थिए। आफ्नो सुव्यवस्थित राज्यकाल यिनले आफ्नो राज्यक्षेत्रलाई निकै विस्तृत तुल्याएका, राज्यमा निकै सुव्यवस्थाहरु बाँधिदिएका र शासन व्यवस्थामा पनि अनेकौं सुधारहरु गराइदिएका थिए (विसं १६६३–९३)। "विद्या हराए काशी जानू र न्याय हराए गोरखा जानू" भन्ने लोकोक्ति यस राज्यको छिमेकमा यिनैको राज्यकालदेखि प्रचलनमा आएको मानिन्छ।

आफ्ना सुझबुझ, पराक्रम तथा बुद्धिकौशलले गर्दा राजा राम शाहले आफ्नो सानो गोरखा राज्यलाई यस क्षेत्रकै एउटा सुव्यवस्थित तथा शक्तिशाली राज्यका रुपमा परिणत गराइदिएका थिए। आफ्ना छिमेकी राज्यहरुसँग, खास गरी ललितपुर राज्यसँग आत्मीय

सम्बन्ध स्थापित गर्ने काम पनि यिनकै राज्यकालमा सम्पन्न भएको थियो। ललितपुर राज्यबाट शिल्पकार तथा व्यापारीहरुलाई बोलाई यिनले आफ्नो राज्यमा शिल्पकला तथा व्यापारहरुको निकै विकास तथा विस्तार पनि गराएका थिए।

उता लमजुङ राज्यमा भने राजा यशोब्रह्म शाहीपछि युवराज नरहरि शाही त्यस राज्यको राजसिंहासनमा थिए। यिनी, यिनका छोरा पूर्ण शाही तथा नाति चूडा शाहीले पनि नवगठित गोरखा राज्यलाई आफ्नो राज्यमा मिलाउन आआफ्ना राज्यकालमा अथक प्रयासहरु गर्दै रहेका थिए। यसैले गोरखाली राजा द्रव्य शाही तथा यिनका छोरा पूर्ण शाहीको राज्यकाल पनि लमजुङ राज्यका राजाहरुसँग लडाइँभगडा गर्दै र उनीहरुबाट आत्मरक्षा गर्दैमा बितेका थिए। तर राजा राम शाहले भने लमजुङ राज्यका राजा चूडा शाहीलाई लडाइँका मैदानमा नराम्रैसँग हराइदिएका थिए। यसैले यसपछि मात्र गोरखा राज्यले केही सुस्थिर तथा सुव्यवस्थित पनि भएर रहने अवसर प्राप्त गरेको थियो।

राजा राम शाहको राज्यकालमा गोरखा राज्य पूर्वमा त्रिशूली नदीसम्म नै विस्तारित भइसकेको थियो। यस राज्यको सुरक्षाका निमित्त 'सिरानचोक', 'सल्यान', तथा 'धादिङ'मा रहेका सुप्रसिद्ध किल्ला वा गढीहरु यिनकै राज्यकालमा स्थापित मानिन्छन्। तीर्थयात्राका क्रममा आफ्नो राज्यक्षेत्रमा आइपुगेका वाराणसीका एक जना आचारनिष्ठ ब्राह्मण 'नन्दा मिश्र'लाई यिनले नै आफ्ना गुरूका रुपमा स्थापित गराएका थिए। यिनको राज्यकालमा गोरखा राज्यमा धनधान्य तथा विद्यावैभवको भरपूर मात्रामा विकास भएको थियो।

राजा राम शाहका उत्तराधिकारीका रुपमा छोरानाति क्रमशः 'डम्बर शाह' (विसं १६९३–९९), 'कृष्ण शाह' (१६९९–१७१५), 'रूद्र शाह' (१७१५–१७२६) तथा 'पृथ्वीपति शाह' (१६६९–१७१६)हरु यस राज्यको राजसिंहासनमा विराजमान हुन आएका पाइन्छन्।

राजा पृथ्वीपति शाह पनि यस राज्यमा एक जना सुयोग्य राजाका रुपमा उपस्थित हुन आइपुगेका थिए। आफ्ना छिमेकी राज्यका राजाहरुसँग खास गरी ललितपुर राज्यका राजाहरुसँग यिनले पनि आत्मीय सम्बन्ध स्थापित गरेका थिए। कान्तिपुर राज्यका राजा नृपेन्द्र मल्लसँग पनि यिनको राम्रो सम्बन्ध थियो। यिनको राज्यकालमा पनि गोरखा राज्य निकै सुव्यवस्थित तथा समृद्ध पाइन्छ।

राजा पृथ्वीपति शाहका धेरै छोरा थिए। यिनमा जेठा छोरा 'वीरभद्र शाह' त सुरूमै युवराज घोषित भइसकेका थिए। यिनका माइला छोरा राजकुमार 'रणशार्दूल शाह' भने युवराज वीरमर्दन शाहभन्दा निकै योग्य तथा प्रतिभाशाली पनि भएर देखा परिरहेका थिए। यसले गर्दा स्वयम् नै राजा पृथ्वीपति शाह तथा यिनका भारदारहरु पनि यिनलाई अत्यन्त नै प्रेम तथा सद्भावको दृष्टिले हेर्ने गर्थे। यसले गर्दा युवराज वीरमर्दन शाहलाई आफ्ना भाइ रणशार्दूल शाहप्रति ईर्ष्या तथा द्वेष पनि पैदा हुनु स्वाभाविकै थियो। आफ्ना दाजुप्रति आफूले कुनै पनि किसिमका दुर्भावनाहरु नचिताए पनि उनले भने आफूप्रति अनावश्यक रुपमा डाह तथा ईर्ष्या पनि गर्दै आइरहेको अनुभव गरी खिन्न भएर यिनले आवेशमा आएर आत्महत्या नै गरेका थिए।

यस अकल्पित घटनाले गर्दा एकातिर राजा पृथ्वीपति शाह तथा युवराज वीरभद्र शाहबीच वैमनस्य पैदा हुन आएको थियो भने अर्कातिर आफ्ना भाइसँगको अकल्पित वियोगले गर्दा युवराज वीरभद्र शाह पनि आफूले आफ्ना भाइमाथि चिताउँदै आएका दुर्भावनाहरुले गर्दा पश्चात्तापद्वारा ग्रस्त थिए। यसै स्थितिमा वैराग्यग्रस्त भई शान्तिको खोजीमा यिनी केही दिन आफ्ना समवयस्क मित्र राजा भूपतीन्द्र मल्लको आतिथ्यमा रहन भनी भक्तपुर राज्यको राजधानीमा आइपुगेका थिए। केही समय भक्तपुरमै रही यहाँबाट स्वदेशतर्फ फर्कने क्रममा आफ्नो राज्यको राजधानी नपुग्दै बीचबाटामै यिनको देहान्त भएको थियो (विसं १७२४)।

युवराज वीरमर्दन शाहको अकल्पित देहान्तपछि राजा पृथ्वीपति शाहका उत्तराधिकारीका साथै गोरखा राज्यको युवराज पनि बन्न अब यिनका साइँला छोरा

राजकुमार 'दलु शाह' तथा काइँला छोरा राजकुमार 'उद्योत शाह'का बीचमा कडा प्रतिस्पर्धा चल्न थाल्यो। "आफ्ना जेठा तथा माइला दुवै दाजुहरु दिवङ्गत भइसकेकाले गोरखा राज्यको युवराज हुने पालो अब मेरो नै हो" भनी यति बेला राजकुमार दलु शाहले राजा पृथ्वीपति शाहसमक्ष आफ्नो जोडदार दाबी प्रस्तुत गरिरहेका थिए। अर्कातिर राजकुमार उद्योत शाह भने "राजकुमार दलु शाह आफ्ना दाजु भए नै भए पनि अङ्गहीन काना भएकाले प्रचलित परम्पराअनुसार उनलाई राजाका रुपमा वरण गर्न नमिल्ने हुँदा आफ्ना पिताको उत्तराधिकारी हुने वास्तविक अधिकार अब मलाई नै प्राप्त छ" भन्ने आफ्नो तर्कलाई अघि सारिरहेका थिए। निर्णय भने हुन सकेको थिएन।

उता छिमेकैमा रहेको 'तनहुँ' राज्यमा भने यति बेला अर्कै किसिमका गतिविधि चलिरहेका थिए। तनहुँ राज्यका राजा दिग्विजय सेनकी दुइटी बहिनीसँग युवराज वीरभद्र शाहको एकै पटक विवाह भएको थियो। आफ्नो वैराग्यग्रस्त मनलाई बहलाउन आफू भक्तपुरतर्फ आउँदा युवराज वीरभद्र शाहले आफ्ना दुवै युवराज्ञीहरुलाई उनीहरुको आफ्नै माइतीघर तनहुँ राज्यको राजभवनतर्फ पठाइदिएका थिए। गोरखा राज्यको राजभवनमा गृहकलह चलिरहेकाले आफ्ना पतिको काजकिरिया सम्पन्न भएपछि पनि यिनीहरु तनहुँ राज्यमै फर्किएका थिए।

यिनमा कान्छी 'मल्लिकावती' यति बेला गर्भवती रहिछन्। यो कुरा गोरखा राज्यको राजभवनमा प्रायः कसैलाई पनि थाहा थिएन। युवराज वीरभद्र शाहको देहान्त भएको दुईचार महिनाजति पछि नै यिनले आफ्ना एक पुत्रलाई जन्म दिएकी थिइन्। नामकर्म सम्पन्न हुँदा नवजात बालकको नाम 'नरभूपाल शाह' राखिएको थियो। यो सुखद तथ्य निकै दिनपछि मात्र गोरखा राज्यको राजभवनमा आइपुगेका थियो। यो वस्तुतथ्य थाहा भएपछि राजा पृथ्वीपति शाह आफ्नो उत्तराधिकारी तथा युवराज पनि कसलाई बनाउने भन्ने चिन्ताबाट स्वाभाविक रुपमा मुक्त भएका थिए।

राजा पृथ्वीपति शाह अब आफ्नी बुहारी मल्लिकावतीका साथ नवजात नाति नरभूपाल शाहलाई पनि आफ्नै राजभवनमा झिकाइहाल्नका निमित्त हतारिइरहेका

थिए। तर तनहुँ राज्यका नवयुवक राजा दिग्विजय सेन भने आफ्नी बहिनी तथा नवजात भानिजलाई पनि गोरखा राज्यको कलहग्रस्त राजभवनमा तत्कालै पठाइहाल्नका निमित्त तयार भएनन्। यिनलाई आफ्नी बहिनीका साथै भानिजका पनि अनिष्टका आशङ्काले सताइरहेको थियो। यसैले बालक नरभूपाल शाह आफ्नो मामाघर तनहुँ राज्यको राजभवनमै हुर्किँदै र त्यहीँ बढ्दै पनि आए।

यता आफ्ना भतिजा नरभूपाल शाहको जन्म भइसकेको समाचार प्राप्त भएप्छि राजकुमार दलु शाह तथा उद्योत शाह पनि आफ्ना पिताको उत्तराधिकारी एवम् गोरखा राज्यको युवराज हुने प्रतिस्पर्धाबाट पन्छिएर यत्तिकै बस्न विवश थिए।

व्रतबन्ध संस्कारका निमित्त उपयुक्त उमेर नपुगेसम्म बालक नरभूपाल शाहका प्रारम्भका ८–९ वर्षहरु तनहुँ राज्यको राजभवनमै बिते। युवराज्ञी मल्लिकावती भने अब आफ्नै राजभवनमा फर्कनका निमित्त हतारिइरहेकी थिइन्। यिनताक तनहुँ राज्यमा राजगुरू गौरीश्वर पाँडे निकै प्रतिभाशाली भारदारका रुपमा सक्रिय रहेका थिए। गोरखा राज्यको राजभवनमा पनि आफ्ना प्रभावलाई विस्तार गर्ने चाहनाअनुसार यिनले युवराज्ञी मल्लिकावतीसँग "व्रतबन्ध संस्कार सम्पन्न हुँदा हजुरबाट कुमार नरभूपाल शाहलाई मन्त्र सुनाउने अधिकार मेरा छोरालाई दिलाउन सकिबक्सन्छ भने आफ्ना कुमारका साथ हजुरलाई पनि गोरखा राज्यको राजभवनमा तत्कालै पठाइदिन म राजा दिग्विजय सेनलाई सहमत गराइदिन सक्छु, यसबाट हजुरको, हजुरका कुमारका साथै मेरो आफ्नो परिवारको पनि भविष्य उज्ज्वल हुनेछ। यसैले यसका निमित्त हजुरले आफ्नो तर्फबाट सम्भव प्रयास गरिबक्सियोस्" भनी आग्रह गर्दा युवराज्ञी मल्लिकावती यस प्रस्तावमा सहमति जनाउन तयार भइन्।

राजगुरू गौरीश्वर पाँडेको यसै आग्रह एवम् आश्वासन अनुसार तनहुँ राज्यका राजा दिग्विजय सेनबाट अनुमति प्राप्त गरी यिनका जेठा छोरा गोकुलविलास पाँडेका साथ युवराज्ञी मल्लिकावती तथा यिनका कुमार नरभूपाल शाह पनि गोरखा राज्यको राजभवनमा आए। राज पृथ्वीपति शाहले पनि आफ्नो राजसभाको औपचारिक बैठक

बसाइ कुमार नरभूपाल शाहलाई नै आफ्ना उत्तराधिकारीका रुपमा गोरखा राज्यका 'नवयुवराज' घोषित गरिदिए (विसं १७६४)।

नवयुवराज नरभूपाल शाहको व्रतबन्ध संस्कारको निमित्त उपयुक्त समय नजिकै आइरहेको थियो। यसैअनुसार यिनको व्रतबन्ध संस्कारको निमित्त आवश्यक तयारीहरु सुरू हुन थाले। यिनलाई गौरीश्वरका जेठा छोरा गोकुलविलास पाँडेले सावित्र मन्त्र सुनाउने भन्ने निर्णय त पहिल्यै भइसकेको थियो। युवराज्ञी मल्लिकावतीले आफ्ना ससुरा राजा पृथ्वीपति शाहलाई यसमा सहमत गराइसकेकी थिइन्। यसैअनुसार विधिपूर्वक व्रतबन्ध संस्कार सम्पन्न हुँदा यिनलाई नै नवयुवराजका 'गुरू'का रुपमा अग्रसर गराइयो। तर यिनले यस दिन छलकपट गरी व्रतबन्ध संस्कार सम्पन्न हुनेबित्तिकै नवयुवराज नरभूपाल शाहलाई सावित्र मन्त्रका साथसाथै दीक्षा मन्त्र पनि त्यसै दिन सुनाइदिए। 'राजगुरू'कै रुपमा आफूसरहको अर्को कुनै व्यक्तिले गोरखा राज्यको राजभवनभित्र प्रवेश गर्न नपाओस् भनी यति बेला यिनले यस्तो छलकपट गरिदिएका थिए।

शुभविवाह सम्पन्न भएपछि मात्र आफ्ना युवराज तथा राजकुमारलाई दीक्षा मन्त्र सुनाउने गोरखा राजभवनको प्रचलित परम्परा थियो। यस पटक भने यस परम्पराको विपरीत व्रतबन्ध संस्कार सम्पन्न भएकै दिन नवयुवराजलाई दीक्षा मन्त्र पनि सुनाइएको थियो। यो कुरा थाहा पाएर पृथ्वीपति शाह यति बेला पण्डित गोकुलविलास पाँडेका कुटिल चालहरुदेखि रिसले क्रुद्ध थिए। तर यतिन्जेल यिनी आफ्ना नवयुवराजका 'गुरू'का रुपमा स्थापित भइसकेका राजा पृथ्वीपति शाहले यिनलाई कुनै किसिमको दण्ड दिइहाल्न भने सकेनन्। यिनीदेखि यत्तिकै मुर्मरिएर रहिरहे।

नवयुवराजको व्रतबन्ध संस्कार हुँदै छ भन्ने खबर पाएर परम्परागत गुरूघरानाका 'मिश्र' गुरूहरु मन्त्र सुनाउन भनी बनारसबाट दौडादौड गरी गोरखा दरबारमा आइपुगेका थिए। मन्त्र सुनाउन नपाएर उनीहरु अक्क न बक्कमा पर्न आए। यिनीहरुले कुनै पनि प्रतिक्रिया व्यक्त गर्ने आँट गर्न सकेनन्।

विवाहका निमित्त उपयुक्त उमेर भएपछि 'खाँची' राज्यकी राजकन्या चन्द्रप्रभावतीसँग नवयुवराज भरभूपाल शाहको विधिपूर्वक शुभविवाह भयो (विसं १७७२ को आसपास)। राजकुमारी चन्द्रप्रभावती सच्चा अर्थमै चन्द्रमाको प्रभा जस्तै शीतल तथा शान्त स्वभावकी गृहणीका रुपमा गोरखा राज्यको राजभवनभित्र पाइला हाल्न आइपुगेकी थिइन्। हुन पनि यिनले प्रवेश गरेदेखि नै यस राजभवनको सान तथा सौकात पनि बेग्लै देखापर्न थाल्यो। केही समयपछि राजा पृथ्वीपति शाहको देहान्त भयो र नवयुवराज नरभूपाल शाह नै यस राज्यको राजसिंहासनमा विराजमान हुन आए (विसं १७७३)।

राज्यारोहण गरेलगत्तै पाल्पाली राजा गन्धर्व सेनकी छोरी राजकुमारी कौशल्यावतीसँग पनि राजा नरभूपाल शाहको दोस्रो विवाह सम्पन्न भएको पाइन्छ। महारानी चन्द्रप्रभा तथा कौशल्यावतीका बीचमा माइतीतर्फबाट अलि टाढाको फुपू तथा भदैको नातासम्बन्ध रहेको थियो। संयोगवश एउटै राजासँग विवाहको बन्धनमा बाँधिएकाले दुवै राजकुमारीहरु सौतेनी भावनालाई बिर्सिई आफ्नै सहोदर दिदी तथा बहिनी जस्तै भई आदर्श गृहिणीहरुका रुपमा उपस्थित हुन आइपुगेका थिए।

२२–२३ वर्षको उमेर हुँदासम्म पनि राजा नरभूपाल शाहका आफ्ना दुई ओटै रानीहरुबाट कुनै पनि सन्तान देखापर्न सकेनन्। यसैले यसपछि 'बुद्धिमती' तथा 'सुभद्रावती' नामका अन्य दुई राजपूत कन्यासँग पनि क्रमशः विवाहसम्बन्ध स्थापित गरेका थिए। तर आखिरीमा माइला महारानी कौशल्यावतीकै गर्भबाट यिनका पहिला सन्तानका रुपमा एक जना यशस्वी शिशुको जन्म भयो (विसं १७७९ पुस २७ गते, तदनुसार २७ डिसेम्बर इसं १७२३)। जातकर्म सम्पन्न हुँदा नवजात शिशुको नाम 'पृथ्वीनारायण शाह' भनेर राखियो। आपसमा सौतेनी भावना विकसित हुन नपाओस् भन्ने विचार गरी नवजात शिशुलाई आफ्नै शिशु हुन् भन्ने सम्झिई यिनको स्याहार, सम्भार तथा लालनपालनको सम्पूर्ण अभिभारा महारानी चन्द्रप्रभावतीले स्वयम्ले ग्रहण गरिन्।

महारानी कौशल्यावती जुन समयमा गर्भवती रहेकी थिइन्, त्यसै समयमा महारानी बुद्धिमती पनि गर्भवती रहिछन्। गर्भमा सात महिना मात्र रहेर महारानी कौशल्यावतीको गर्भबाट युवराज पृथ्वीनारायण शाहको जन्म भएको मानिएको थियो। यिनको जन्म भएको एकाध महिनापछि नै महारानी बुद्धिमतीको गर्भबाट पनि अर्का एक जना राजकुमारको जन्म भयो र नवजात राजकुमारको नाम 'वृन्दकेशर शाह' राखियो। यसबाट केही समयसम्म "सात महिना मात्र गर्भमा रहेर जन्मेका जेठा छोरा पृथ्वीनारायण शाहले नभएर पूरा नौ महिना गर्भमा रहेर जन्मिएका गर्भका जेठा छोरा वृन्दकेशर शाहले राजा नरभूपाल शाहको उत्तराधिकारी हुन पाउनुपर्छ" भन्ने आवाज गाइँगुइँ उठ्न थालेका थिए। तर संयोगवश राजकुमार वृन्दकेशर शाहको चाँडै सम्भवतः अन्नप्राशन कर्म पनि सम्पन्न नहुँदै देहान्त भएकाले यो विवाद यत्तिकै भयो।

यसपछि महारानी सुभद्रावतीको गर्भबाट 'महोद्दामकीर्ति शाह', महारानी कौशल्यावतीको गर्भबाट 'दलर्मदन शाह', सुभद्रादेवीको गर्भबाट 'दलजित शाह' र महारानी बुद्धिमतीकै गर्भबाट 'शूरप्रताप शाह' गरी अन्य चार जान राजकुमारहरु पनि क्रमैसँग पैदा भएका थिए। राजा नरभूपाल शाहका यी पाँच भाइ छोराहरु पछि गोरखामा "पाँच पाण्डवका अवतार"का रुपमा प्रसिद्ध थिए।

राजा नरभूपाल शाहका अन्य अनेकौं अविवाहिता ठकुरानीहरु पनि रहेका देखिन्छन्। यिनीहरुबाट पनि राजाका अन्य पाँचै जना राजकुमारहरु पैदा भए। यिनीहरुमध्ये राजकुमार रणरूद्र शाह पछि गोरखामा निकै चल्ताफिर्ता तथा भरपर्दा पनि भएर निस्किए। पछि राजा पृथ्वीनारायण शाहको राज्यकालमा नेपाल अधिराज्यको विस्तार हुँदा गोरखा क्षेत्र यिनको जिम्मामा छाडिने गरिएको थियो।

"हुने बिरूवाको चिल्लो पात" भनेझैं युवराज पृथ्वीनारायण शाह आफ्नो बाल्यकालको प्रारम्भदेखि निकै तेजिला तथा प्रतिभाशाली पनि भएर देखा परिरहेका थिए। यिनको हृष्टपुष्ट एवम् खाइहाल्दो फूर्तिलो शरीर किशोरावस्थाको प्रारम्भदेखि नै चुस्तदुरूस्त भएर देखापर्न थालिसकेका थिए। यिनको स्याहारसम्भार, रेखदेख तथा

शिक्षादीक्षाका सम्पूर्ण व्यवस्थाहरु महारानी चन्द्रप्रभावती स्वयम्ले मिलाउँदै आइरहेकी थिइन्।

बालक युवराज पृथ्वीनारायण शाहको अक्षराम्भ पाँच वर्षको उमेरमा विधिपूर्वक सम्पन्न गराइएको पाइन्छ। यति बेला यिनलाई पढाउने औपचारिक गुरूको जिम्मेवारी स्वाभाविक रुपमा पुराना गुरूघरानाका मोक्षेश्वर अर्याल तथा भानु अर्यालले प्राप्त गरे। उपाध्याय वर्गका अर्याल भए पनि राजभवनमा रहेर ज्योतिषीको काम गर्ने गरेकाले यिनीहरु 'जैसी'हरुका रुपमा विशेष परिचित थिए। युवराज पृथ्वीनारायण शाहको प्रारम्भिक शिक्षाको जिम्मेवारी पनि यिनीहरुले नै प्राप्त गरे। तर यिनको चरित्र निर्माणमा भने महारानी चन्द्रप्रभावतीको हात छ।

तनहुँ, लमजुङ तथा कास्की आदि छिमेकी राज्यका राजकुमारहरु यिनताक प्रायः ठाँठबाँठ, दुर्व्यसन तथा भोगविलासमा लिप्त रही प्रायः आफ्ना कर्तव्यपथबाट विचलित थिए। यसैले महारानी चन्द्रप्रभावतीले युवराज पृथ्वीनारायण शाहलाई भने सानै उमेरदेखि ऐसआराम, दुर्व्यसन तथा भोगविलासदेखि प्रायः टाढा नै राखिदिने गरेकी थिइन्। यसैले यिनका रहनसहन तथा दिनचर्याहरुमा राज्यको तर्फबाट त्यस प्रदेशका संरक्षक भएर रहेका 'उमराव' काशीराम थापाका अगाडि काजी जयन्त रानाको जोड चल्न सकेन। यिनी त्यहाँबाट पछि हट्न विवश भए।

यसै सैनिक अभियानमा भित्री रुपमा आफ्ना विपक्षीसँग मिलेको आशङ्का गरी राजा नरभूपाल शाहले काजी जयन्त रानालाई उनको 'काजी'को पदबाट पदच्युत गराइदिएकाले गोरखा राज्यलाई नै सदाका निमित्त परित्याग गरी यिनी कान्तिपुर राज्यको अधिकार क्षेत्रमा रहेको बेलकोटमा आएर राजा जगज्जय मल्लको आश्रयमा थिए। पछि काजी महेश्वर पन्तको नेतृत्वमा गोरखा राज्यका तर्फबाट नुवाकोटमा फेरि पनि आक्रमण गरियो। तर उपयुक्त हातहतियार तथा तालिमप्राप्त सैनिकहरुको कमीले गर्दा यस पटकको आक्रमण पनि सफल हुन सकेन। यस पटक भएको लडाइँमा पनि आफ्नो निकै धनजनको क्षतिलाई व्यहोर्न गोरखाली सैनिकहरु विवश भए।

आफ्नो राज्यविस्तारका निमित्त काठमाडौं उपत्यकातर्फ अघि बढ्ने प्रयास राजा नरभूपाल शाहले आफ्नो राज्यकालको प्रारम्भदेखि नै गरेका थिए। यसै क्रममा यिनले ललितपुर राज्यअन्तर्गत रहेको, गोरखा राज्यसँग सिमाना जोडिएको लामिडाँडा प्रदेशमा पटकपटक सैनिक अभियानहरु पनि सञ्चालन गरेका थिए। तर यस प्रदेशलाई आफ्नो नियन्त्रणमा पार्न भने कत्ति प्रयास गर्दा पनि यिनी सफल हुन सकेनन्।

तनहुँ राज्यका राजा कामराजदत्त सेनको सफलता तथा आफ्नो पटकपटकको असफताबाट राजा नरभूपाल शाह खिन्न हुनु स्वाभाविकै थियो। सम्भवतः यसै असफलताले गर्दा पछि त यिनी मानसिक रुपमा असन्तुलित बने। "हातहतियार तथा धनजनको कमीले गर्दा पटकपटकका आक्रमणहरुमा आफ्नो पक्षको हार भएको हो" भन्ने अनुभव अब गोरखा राज्यका राजा तथा प्रजाहरु सबैले राम्रैसँग अनुभव गरिसकेका थिए। यसैले अब रूपैयाँपैसा र हातहतियारको सङ्ग्रहका निमित्त समुचित ध्यान दिन थालियो।

राजा नरभूपाल शाह आफ्नो जीवनकालको अन्तिम समयतिर मानसिक रुपमा निकै असन्तुलित रहन थालेकाले आफ्ना राजकाजका नियमित कामहरुदेखि प्रायः निरपेक्ष रहन थालेका थिए। यसैले पछि महारानी चन्द्रप्रभावती स्वयम्ले नै 'चौतारा'को पदभार धारण गरी राज्यप्रशासनका कामहरु नियमित रुपमा सञ्चालन गर्न थालेकी थिइन्।

यसै स्थितिमा यसको केही वर्षपछि राजा नरभूपाल शाहको देहान्त भयो। र युवराज पृथ्वीनारायण शाह नै राजाका रुपमा गोरखाको राजसिंहासनमा विराजमान भए (विसं १७९९ चैत २५ गते, तदनुसार २२ मार्च इसं १७४३)।

२.३ युवराज पृथ्वीनारायण शाह : विवाह तथा कार्यक्षेत्रमा प्रवेश

विवाहयोग्य उमेर भएपछि युवराज पृथ्वीनारायण शाहको विवाहका निमित्त प्रसङ्ग चल्न थाल्यो। यसका लागि छिमेकमा रहेका सबै पहाडी राज्यका राजकुमारीहरुमाथि दृष्टि दिन थालियो। यसै क्रममा राजनीतिक लाभका साथसाथै आर्थिक लाभ पनि प्राप्त हुने अपेक्षा राखी महारानी चन्द्रप्रभावती आफ्ना युवराजको विवाह मकवानपुर राज्यका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग गराउन अग्रसर भइन्।

विवाहका निमित्त आवश्यक पर्ने जन्तीलाई लिई सजधजका साथ युवराज पृथ्वीनारायण शाह गोरखाबाट मकवानपुर राज्यको राजधानीमा पुगेका थिए। यथासमयमै त्यहाँ यिनको विधिपूर्वक विवाह पनि सम्पन्न भयो (विसं १७९५)। तर विवाह सम्पन्न भएको लगत्तैपछिदेखि नै दुई पक्षका बीचमा खटपट प्रारम्भ भयो।

पहिले त “राजकुमारी अहिले सानै नै छिन्, यसैले उनलाई अहिले गोरखामा पठाइहाल्न सम्भव भएन, एकाध वर्षपछि शुभसाइत हेरी ‘गौना’ गर्न आउनुहोला” भनी राजा हेमकर्ण सेनले आफ्नी राजकुमारीलाई बिदा नै नदिई गोरखा राज्यबाट आएका जन्तीका साथ आफ्ना ज्वाइँ युवराज पृथ्वीनारायण शाहलाई पनि यत्तिकै रित्तो हात फर्काइदिएका थिए। पछि एक वर्षजति पछि, गौना गर्न भनी जाँदा पनि दुलहीको विधिपूर्वक बिदाइका निमित्त निकै दिनसम्म आनाकानी चल्दै रहे। हप्तौंसम्म बसिरहँदा पनि दुलहीको बिदाइको कुनै चालचलन भएन।

यसैबीचमा 'एकदन्ता हात्ती' तथा 'नौलाखे हीराको हार'को कुरा पनि एकाएक उब्जियो। राजा हेमकर्ण सेनले आफ्नी छोरीको विवाह गर्दा छोरीलाई सम्भवतः 'गजमोती'को हार पहिऱ्याइदिएका थिए र 'एकदन्ता हात्ती'मा सवार गराएर अन्माएका थिए। यसै वस्तुतथ्यलाई आधार मानेर "कन्याका साथै आफूलाई पनि उपहारका रुपमा दिइएका उपर्युक्त दुवै वस्तुहरु मेरा नै हुन्छन्" भन्ने युवराज पृथ्वीनारायण शाहको दाबी रहेको थियो। सम्भवतः राजा हेमकर्ण सेन पनि उपर्युक्त दुवै वस्तुहरु आफ्नी राजकुमारीलाई दिन चाहन्थे। तर युवराज दिग्बन्धन सेन भने यसमा सहमत भएनन्। यसले गर्दा ज्वाइँ तथा जेठानका बीचमा मनोमालिन्य पैदा भयो यो विवाद र झाङ्झिँदै पनि आयो। यसले गर्दा युवराज पृथ्वीनारायण शाह आफ्नी दुलहीलाई नलिई र सासूससूरासँग औपचारिक रुपमा बिदासम्म पनि नभई आफ्ना सहयोगीका साथ मकवानपुर राज्यबाट यत्तिकै फर्किएर आए।

युवराज दिग्बन्धन सेनको सेखी झार्नु अब गोरखा राज्यको राजभवनका निमित्त अत्यावश्यक थियो। यसैले महारानी चन्द्रप्रभावतीले भारतको गोरखपुरतिरबाट 'डोला'का रुपमा अर्की राजपूत कन्यालाई गोरखामा भिकाइन्। फलतः यिनै राजपूत कन्यासँग युवराज पृथ्वीनारायण शाहको गोरखामै दोस्रो विवाह सम्पन्न भयो (विसं १९९७ को आसपास)। पहिले यिनको ऐसआराम र भोगविलासको गन्धसम्म पनि घुस्न पाइरहेको थिएन। यस किसिमका उच्च तहका नैतिक शिक्षाहरुले गर्दा किशोर अवस्थाको प्रारम्भदेखि नै यिनी साहसी, लगनशील, परिश्रमी तथा सच्चरित्र पनि बन्दै आइरहेका थिए। यसले गर्दा यस क्षेत्रमा रहेका अन्य सबै पहाडी राज्यका युवराज तथा राजकुमारहरुमध्ये यिनी होनहार युवराजका रुपमा उपस्थित हुन आइपुगेका थिए।

उता राजा नरभूपाल शाह भने यति बेला गोरखा राज्यमा अत्यन्त सरल तथा शान्त स्वभावका राजा भएर निस्किएका थिए। आफ्ना गुरू गोकुलविलास पाँडेका अर्तीउपदेशमा विश्वस्त भई यिनी उद्योग, परिश्रम तथा लडाइँझगडाबाट भन्दा

देवीदेवताको उपासना, आराधना तथा पुरश्चरणबाट नै आफूले मनमा चिताएका अभीष्टहरु सिद्ध गर्न सकिन्छन् भन्ने तान्त्रिक साधनामार्गतर्फ प्रवृत्त भइरहेका थिए।

आफ्नो राज्यविस्तारका निमित्त वर्तमान काठमाडौं उपत्यकातर्फ अघि बढ्ने प्रयास राजा नरभूपाल शाहले आफ्नो राज्यकालको प्रारम्भदेखि नै गरेका थिए। यसै क्रममा यिनले ललितपुर राज्यअन्तर्गत रहेको गोरखा राज्यसँग सिमाना जोडिएको लामिडाँडामा पटकपटक सैनिक अभियानहरु पनि सञ्चालन गरेका थिए। तर यस प्रदेशलाई आफ्नो नियन्त्रणमा पार्न भने कत्ति प्रयास गर्दा पनि यिनी सफल हुन सकिरहेका थिएनन्। यसै क्रममा आफ्नो राज्यक्षेत्रभन्दा पूर्वतर्फ कान्तिपुर राज्यको अधिकार क्षेत्रमा रहेको नुवाकोट प्रदेशमा अधिकार गर्ने प्रयास पनि यिनले पटकपटक नगरेका होइनन्। तर अत्यावश्यक हातहतियार सङ्ग्रह नगरी हतारहतारमै यस्ता सैनिक अभियानहरु सञ्चालन गरिएकाले यिनले उल्टै आफ्नै धनजनको क्षतिलाई बेहोर्नुपरेको थियो।

जुन समयमा युवराज पृथ्वीनारायण शाहको जन्म भएको थियो, त्यति बेला काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रमा कान्तिपुर, भक्तपुर तथा ललितपुर गरी तीन ओटा स्वतन्त्र मल्ल राज्य थिए। विसं १७७९ मा एकै वर्षमा आआफ्नो राज्यको राजसिंहासनमा विराजमान हुन आएका उपर्युक्त तीन ओटै मल्ल राज्यका राजाहरु क्रमशः 'जगज्जय मल्ल', 'योगप्रकाश मल्ल' तथा 'रणजित मल्ल'हरुका बीचमा बाहिरी रुपमा आपसमा प्रायः मेलमिलाप नै रहिरहे पनि भित्री रुपमा भने परम्परमा मनोमालिन्य चलिरहेको थियो। यिनीहरुका बीचमा आपसी ईर्ष्या तथा द्वेषहरु पनि कायमै थिए। यिनीहरु आआफ्ना स्वार्थअनुसार बेलाबखत आपसमा लडाइँभगडा पनि गरिरहेका हुन्थे।

यिनका यस्ता लडाइँभगडामा सहयोगीका रुपमा उपस्थित भएर उपर्युक्त तीन ओटै मल्ल राज्यहरुमा आआफ्ना प्रभाव क्षेत्रहरु विस्तार गर्ने ताकमा यिनताक 'गोरखा', 'तनहुँ' तथा 'मकवानपुर' राज्यका राजाहरुका बीचमा एक किसिमले होड चलिरहेको थियो। यस क्षेत्रका कुनै न कुनै राज्यको पक्ष लिई उपर्युक्त तीन ओटै राज्यका राजाहरु

यस समयमा आआफ्ना सैनिक टोलीहरु काठमाडौं उपत्यकामा निरन्तर पठाउँदै आइरहेका थिए।

यसै दीर्घकालिक युद्धमा, युद्धकालको बीचमै ललितपुर राज्यका राजा योगप्रकाश मल्लको अप्रत्याशित रुपमा देहान्त हुँदा त्यहाँकी राजकुमारी मैयाँ योगमतीले पछि आएर आफ्नै तजबिजले 'विष्णु मल्ल' नामक आफ्ना विश्वासप्राप्त एक जना नवयुवकलाई यस राज्यको राजसिंहासनमा विराजमान गराइदिएकी थिइन्। पछि कान्तिपुर राज्यका नवस्थापित राजा जगज्जय मल्लकी एउटी छोरीको विवाह यिनै नवयुवकसँग सम्पन्न हुन आएकाले यसपछि केही वर्षसम्म ललितपुर तथा कान्तिपुर राज्यीच शान्ति स्थापना भयो।

यी दुवै मल्ल राजाहरुको आपसी मेलबाट मैयाँ योगमतीको राजनीतिक शक्ति क्षीण हुँदा र पछि आएर राजा रणजित मल्लको पनि मस्ती गल्न जाँदा लगभग सात वर्षजतिको लगातारको आपसी कलहबाट थकित भई धनजनको पर्याप्त क्षति भएपछि आखिरमा आएर यस क्षेत्रमा रहेका यति बेलाका तीन ओटै मल्ल राज्यका राजाहरुबीचमा एउटा शान्तिसम्झौता पनि भएको पाइन्छ। यो युवराज पृथ्वीनारायण शाहको राज्यारम्भ हुनुभन्दा केही वर्ष पहिलेको कुरा हो।

यसै युद्धकालमा राजा नरभूपाल शाहको निर्देशनअनुसार गोरखाली सेनापति 'काजी' जयन्त राना एक पटक त ललितपुर राज्यको अधिकार क्षेत्रमा रहँदै आएको लामिडाँडाको एक भागमा आफ्नो राज्यको अधिकार स्थापित गराउन सफल पनि भए। ललितपुर राज्यको पश्चिमी भेगमा रहेको लामिडाँडामा गोरखा राज्यको सिमाना आएर जोडिएकाले यस प्रदेशमा आफ्नो अधिकार स्थापित गर्न गोरखाली राजाहरु पहिलेदेखि नै लालायित थिए। यसै प्रदेशसँग तनहुँ राज्यको पनि एउटा कुना जोडिएको थियो। यसैले तनहुँका राजा 'कामराजदत्त सेन' पनि यस प्रदेशलाई आफ्नो राज्यमा मिलाउन इच्छुक थिए।

यसै अवस्थामा तनहुँ राज्यका राजगुरू गौरीश्वर पण्डित तथा कान्तिपुर राज्यका राजा जगज्जय मल्लले आपसमा मिली गोरखाली सैनिकलाई त्यस प्रदेशबाट बलपूर्वक हटाई त्यस प्रदेशको पुछारमा रहेको 'जोगिमारा' नामक थुम तनहुँ राज्यका राजा कामराजदत्त सेनलाई दिलाइदिँदा गोरखाली राजा नरभूपाल शाह अक्क न बक्कमा पर्न आएका थिए। यति बेला यिनले यसको न समर्थन गर्न सकेका थिए, न त विरोध नै।

राजा नरभूपाल शाह राजा कामराजदत्त सेनका भानिजका साथसाथै बहिनीज्वाइँ पनि भएकाले मन नपरीकन नै भए पनि लामिडाँडाको जोगीमारा थुम तनहुँ राज्यलाई छोडिदिन विवश भएका थिए। यसरी तनहुँ राज्यका निमित्त यस थुमलाई छोडिदिँदा यस थुमको बदलामा कुनै न कुनै युक्तिले कान्तिपुर राज्यको अधिकार क्षेत्रमा रहँदै आएको नुवाकोट प्रदेशमा आफ्नो अधिकार स्थापित गराउँला भन्ने यिनको भित्री सोचाइ हुँदो हो। यसै सोचाइअनुसार यस घटनाको लगत्तै नुवाकोट प्रदेशमा अधिकार स्थापित गर्न यिनले आफ्ना सेनापति 'काजी' जयन्त रानालाई खटाइदिएका थिए। तर आफ्नै कमजोरीले गर्दा कान्तिपुर नाम के थियो, थाहा हुन सकिरहेको छैन। तर शुभविवाह सम्पन्न भएपछि भने नवविवाहिता युवराज्ञीको नाम 'नरेन्द्रलक्ष्मी' भनेर राखिएको पाइन्छ।

कान्तिपुर राज्यको अधिकार क्षेत्रमा रहेको नुवाकोट प्रदेशमाथि आफ्नो अधिकार स्थापित गर्नु गोरखा राज्यका राजा तथा भारदारका निमित्त पनि सपना तथा जपना पनि थियो। यसैले आफ्नो राज्यक्षेत्रलाई कान्तिपुर राज्यतर्फ विस्तार गर्ने चाहना युवराज पृथ्वीनारायण शाहमा पनि आफ्नो किशोरावस्थाको प्रारम्भदेखि नै पैदा हुनु स्वाभाविकै थियो। यसैअनुसार यिनले यस कामका निमित्त आफ्ना गतिविधि बढाउन चाँडै सुरू गरे।

यसै क्रममा युवराज छँदै यिनले राजप्रतिनिधि भई भक्तपुर राज्यमा आएर यहाँका राजा रणजित मल्लसँग आफ्ना पिता राजा नरभूपाल शाहको पगरी सट्टा गरी यिनका छोरा युवराज वीरमर्दन मल्लसँग आफ्नो मितेरीसम्बन्ध स्थापित गरी दुई राज्यबीचमा मैत्रीसम्बन्ध स्थापित गराएर राजा रणजित मल्ललाई आफ्ना 'मीत बाबा'का रुपमा

स्थापित गराइसकेका थिए। यस्तै कान्तिपुर राज्यमा आएर यस राज्यका राजा जयप्रकाश मल्लसँग पनि यिनले आफ्नो मैत्रीसम्बन्ध स्थापित गराए। युवावस्थामा प्रवेश गर्दा वा नगर्दा नै यिनमा यस्तो राजनीतिक सुझबुझ तथा पटुता पनि आउनु आश्चर्यको विषय छ।

गोरखा राज्यदेखि पश्चिमोत्तरतर्फ रहेको छिमेकी लमजुङ राज्य पूर्वतर्फ राज्य विस्तार गर्ने गोरखालीको महत्वाकाङ्क्षाका निमित्त प्रमुख बाधक बनेर उपस्थित भइरहेको थियो। आफूहरुले पूर्व कान्तिपुर राज्यतर्फ अघि बढ्ने प्रयास गरेमा लमजुङ राज्यले आफ्नो राज्यमा सशक्त आक्रमण गरिदिने खतरा अझै बाँकी थियो। यसैले भर्खरै मात्र युवावस्थामा प्रवेश गरेका युवराज पृथ्वीनारायण शाह यति बेला असमञ्जसमा थिए।

यति बेला लमजुङ राज्यले कास्की राज्यको अर्घौं प्रदेशमाथि आफ्ना आँखा गडाइरहेको थियो। यही तथ्यलाई पहिचान गरेर आफ्ना सहयोगी कालु पाँडेको सल्लाहअनुसार युवराज पृथ्वीनारायण शाहले लमजुङे राजा रिपुमर्दन शाहसँग एउटा 'धर्मपत्र' वा शान्तिसम्झौता सम्पन्न गरे। यस शान्तिसम्झौताअनुसार "गोरखा एवम् लमजुङ दुवै राज्यले एउटा देशको शत्रुलाई अर्को देशले पनि शत्रु र एउटा देशको मित्रलाई अर्को देशले पनि मित्र मान्नुपर्ने, कास्की राज्यको अर्घौं प्रदेशमा लमजुङ राज्यले आफ्नो अधिकार स्थापित गर्न पाउने, यसो गर्दा गोरखा राज्यका राजाले पूर्व कान्तिपुर राज्यतर्फ अघि बढेमा लमजुङ राज्यले कुनै आपत्ति नगर्ने" भन्ने सहमति कायम भएको थियो (विसं १७९६ को माघ)। यस 'धर्मपत्र' वा शान्तिसम्झौताले गर्दा गोरखाली सैनिकहरुलाई पूर्वतर्फ अघि बढ्नका निमित्त निकै सजिलो थियो। लमजुङे राजा रिपुमर्दन शाहसँग यो शान्तिसम्झौता सम्पन्न गराउनमा युवराज पृथ्वीनारायण शाहका साथसाथै नवयुवक कालु पाँडेको पनि महत्वपूर्ण योगदान थियो।

यसैले त राजा पृथ्वीनारायण शाहले आफ्नो 'दिव्योपदेश'मा भनेका छन्— "जुन कुराहरु गरी लमजुङे राजा वीरमर्दन शाहसँग मैत्रीसम्बन्ध स्थापित गरूँला भन्ने मेरो मनमा लागेको थियो, त्यही कुरा कालु पाँडेले गऱ्यो र त्यसैअनुसार लमजुङ राज्यसँग

सम्झौता भएकाले मलाई आश्चर्य लागेको थियो।" यति बेला युवाराज पृथ्वीनारायण शाह राजा नरभूपाल शाहका प्रतिनिधिका रुपमा सन्धिपत्र सम्पन्न गर्न स्वयम् चेपे नदीको घाटमा पुगेका थिए।

यसै स्थितिमा राजा नरभूपाल शाहको देहान्त भयो र युवराज पृथ्वीनारायण शाह नै गोरखा राज्यको राजसिंहासनमा विराजमान हुन आए (विसं १७९९ चैत २५ गते, तदनुसार २२ मार्च इसं १७४३)।

राम्रोसँग सैनिक तयारीहरु नगरी नुवाकोट प्रदेशमाथि गरिएको सैनिक अभियान सफल हुन सक्दैन भन्ने वस्तुतथ्य घामजत्तिकै छर्लङ्ग भइसकेको थियो। यसैले राज्यारोहण गर्नेबित्तिकै "तीर्थ गर्न जाने" बहाना गरी नवयुवक राजा पृथ्वीनारायण शाह सर्वप्रथम आफ्ना दलबलसहित काशीयात्रातिर लागे। तीर्थ गर्न जाने यिनको बहाना मात्र थियो, वास्तवमा यिनी नयाँ किसिमका हातहतियार तथा गोलाबारूदको खोजीमा त्यतातर्फ लागेका देखिन्छन्। भारतमा समसामयिक राजनीतिक तथा सामाजिक परिस्थितिहरुको अध्ययन गर्नु पनि तीर्थयात्रामा जानुको यिनको भित्री उद्देश्य देखिन्छ।

यति बेला पूरा भारतवर्षको राजनीतिक अवस्था पनि अस्तव्यस्त थियो। त्यहाँ बन्दुक तथा गोलाबारूदको प्रचलन व्यापक बढ्दै थियो। त्यहाँबाट राम्राराम्रा बन्दुक तथा गोलाबारूद पनि ल्याउन पाए नमुना देखाई यहाँ त्यस्तै अरु बन्दुक तथा गोलाबारूद पनि बनाउन सकिन्छ कि भन्ने यति बेला यिनको भित्री सोचाइ हुँदो हो। पाएमा यिनी यस्ता गोलाबारूद बनाउन जान्ने केही भारतीय कालिगड पनि साथैमा ल्याउन चाहन्थे।

काशीयात्राबाट स्वदेशतर्फ फर्केर आउँदा बाटामा परेको एउटा भन्सारचौकीमा कार्यरत रहेका सुरक्षाकर्मीले "तीर्थयात्रीहरु नै भए पनि सबै यात्रीहरुको खानतलासी गर्नुपर्छ" भनी नवयुवक राजा पृथ्वीनारायण शाह तथा यिनका सहयात्रीहरुको पनि खानतलासी गर्न अघि सर्दा स्वाभिमानी स्वभाव भएका राजा पृथ्वीनारायण शाहलाई उनीहरुको यस्तो व्यवहार सह्य भएन र त्यहाँ रहेका सुरक्षाकर्मीमाथि हात नै उठाउन यिनी विवश भए।

यिनकै आदेशअनुसार यिनका सहयात्रीहरुद्वारा त्यस चौकीमा कार्यरत रहेका केही सुरक्षाकर्मीहरु तत्कालै त्यहीँ काटिए।

यस अप्रिय घटनाबाट "अब पक्कै पनि पक्राउमा परिन्छ" भन्ने भय राजा पृथ्वीनारायण शाह तथा यिनका सहयात्रीहरुमा पनि थियो। यसै स्थितिमा त्यहाँ सक्रिय रहेका शस्त्रधारी केही नागा संन्यासीहरुबाट सहयोग प्राप्त गरी भेष बदलेर त्यहाँबाट रातारात गरी पलायित भई आफ्ना सहयात्रीहरुका साथ पाल्पा राज्यको तराई क्षेत्रमा आइपुग्न यिनी सफल भए। भनिन्छ, यसरी भागेर आउँदा यिनले आफ्ना विश्वासी सहयोगी विराज बखेतीलाई आफ्नो राजसी पोसाक पहिऱ्याएर घोडामा सवार गराई स्वयम् भने जनसाधारणको भेषमा लुखुरलुखुर हिँडेर आइरहेका थिए।

राजा पृथ्वीनारायण शाह जुन समयमा गोरखा राज्यको राजसिंहासनमा विराजमान भएका थिए, त्यस बखत दक्षिणपश्चिमी भारतमा महाराष्ट्रका गौरवका रुपमा देखापरेका 'छत्रपति शिवाजी'को उज्ज्वल चरित्रको तेजोमय प्रकाश भारतपर्षमा यत्रतत्र फैलिई त्यसको भमिलो प्रकाश नेपालका पहाडी राज्यहरुसम्म पनि आइपुगेको थियो। तिनले देखाएका मार्गहरुबाट अघि बढ्दै आएर त्यहाँका 'पेसवा'हरुले आफ्नो राष्ट्रिय गौरवलाई यिनताक उत्तरी भारतमा क्रमशः विस्तारित गराउँदै ल्याइरहेका थिए। सनातन धर्मावलम्बी हिन्दूहरुका प्राचीन तीर्थस्थल मथुरा, वृन्दावन, गया तथा वाराणसीहरु अब चाँडै नै मुगलहरुको हातबाट मुक्त गराएर पेसवाहरुको हातमा आउने भएका छन् भन्ने चर्चापरिचर्चा यिनताक उत्तरी भारतमा यत्रतत्र फैलिइरहेका थिए। यसैले भारतभरका सबै सनातनी हिन्दूहरुका आँखा यति बेला महाराष्ट्रका 'पेसवा'हरुतर्फ नै गइरहेका थिए।

ठीक यसै समयमा अर्कातिर सात समुद्रपारबाट व्यापार गर्न भनी आएका युरोपका अङ्ग्रेज, फ्रेन्च तथा पोर्चुगिजहरुका बीचमा भारतभर आफ्ना आर्थिक, धार्मिक तथा राजनीतिक प्रभावहरु विस्तार गर्न प्रतिस्पर्धाहरु चलिरहेका थिए। यसै क्रममा अङ्ग्रेजको कोलकाता सहरमा आएर 'इस्ट इन्डिया कम्पनी' नामक एउटा व्यापार कम्पनीको स्थापना पनि गराइरहेका थिए। काशीयात्राको क्रममा यिनताक भारतमा घटिरहेका यस्ता

राजनीतिक घटना, त्यहाँको अशान्तमय वातावरण तथा त्यहाँ चलिरहेको सामाजिक तथा राजनीतिक उथलपुथललाई पनि आफ्नै आँखाले प्रत्यक्ष नै देखेपछि "यस क्षेत्रमा स्थापित भएका सबै पहाडी राज्यका राजाहरुले एकगठ भएर बस्न नसक्ने हो भने यहाँका ससाना सबै पहाडी राज्यहरुको अस्तित्व अब चाँडै नै समाप्त हुनेछ" भन्ने धारणा नवयुवक राजा पृथ्वीनारायण शाहको अन्तःकरणमा यसै समयदेखि नै उब्जन थालेको सङ्केत पाइन्छ।

तर यस क्षेत्रमा स्थापित भएका ससाना पहाडी राज्यका राजाहरुमा भने यति बेला आपसमा मिलेर बस्न सक्ने वातावरण कत्ति थिएन। यसैले नवयुवक राजा पृथ्वीनारायण शाह अब आफ्नो राज्यक्षेत्रलाई विस्तार गर्ने भन्ने परम्परागत सोचाइले भन्दा यस क्षेत्रमा स्थापित भएका सबै पहाडी राज्यहरुलाई एकीकृत गरी आफ्नै नेतृत्वमा एउटा शक्तिशाली राष्ट्रको निर्माण गर्ने उद्देश्यले एकीकरण अभियानतर्फ उन्मुख भएका पाइन्छन्।

युद्धकालमा अन्य देश वा जातिका मूल्य, मान्यता तथा भावनामाथि कुनै पनि किसिमले आघात नपार्ने, हातहतियार लिएर अघि नसर्ने कृषक, शिल्पकार तथा अन्य सर्वसाधारण जनतालाई कुनै पनि किसिमले हानिनोक्सानी नपुऱ्याउने र आफ्ना विपक्षीहरु नै भए पनि उनका जहानपरिवारका जीउधनको सुरक्षा गरिदिने जस्ता यिनले आजीवन अपनाउँदै आएका आदर्श गुण एवम् नीतिहरु नै यिनका एकीकरण अभियानका सफलताका मूल तत्व भएर देखापरेका पाइन्छन्।

वाराणसीबाट स्वदेशमा फर्केर आउनेबित्तिकै नवयुवक राजा पृथ्वीनारायण शाहले यस क्षेत्रमा रहेका ससाना राज्यहरुको एकीकरण गर्ने अभियानका निमित्त आफ्ना दह्रिला पाइलाहरु चलाउन सुरू गरि पनि हाले। यसको निमित्त आवश्यक सैनिक तयारीहरु धमाधम सुरू गरिन थालिए।

नयाँ राजाको राज्याभिषेक सम्पन्न हुनेबित्तिकै 'काजी'का रुपमा राजाले आफ्ना मन्त्रीको नियुक्त गर्ने प्रचलित परम्परा थियो। तर नवयुवक राजा पृथ्वीनारायण शाहले यतिन्जेल पनि आफ्नो यस महत्वपूर्ण कामतर्फ ध्यान दिन सकिरहेका थिएनन्। गोरखा राज्यका पहिला मन्त्री 'काजी' गणेश पाँडेकै वंशधर कालु पाँडे यिनताक यस राज्यमा प्रतिष्ठित भारदार परिवारका नवयुवकहरुमा होनहार व्यक्तिका रुपमा देखा परिरहेका थिए। अपेक्षाकृत काला वर्णका भएकाले यिनी 'कालु'को नामले प्रसिद्ध रहेका थिए। 'काजी' पदका निमित्त प्रायः सबै गोरखाली भारदारहरुको ध्यान यति बेला यिनीतर्फ नै आकर्षित भइरहेको थियो। तर नवयुवक राजा पृथ्वीनारायण शाह स्वयम् भने आफूलाई विशेष मन परेका काशीयात्रामा आफूलाई विशेष सहयोग गर्ने 'विराज बखेती' नामक अर्का नवयुवकलाई 'काजी'को पदमा नियुक्त गर्ने मनस्थितिमा थिए। यसै अवस्थामा महारानी चन्द्रप्रभावतीले 'काजी' पदका निमित्त कालु पाँडेको नाम अघि सारिदिइन्।

यस स्थितिमा यस सम्बन्धमा आफ्नो राज्यमा रहेका भद्रभलादमी तथा सानाठूला सबै नागरिकको के राय रहेछ त भनी बुझ्ने आफ्नो चाहनालाई नवयुवक राजा पृथ्वीनारायण शाहले आफ्ना सबै भाइभारदार तथा नागरिकका समक्षमा व्यक्त गरिदिए। यिनको यसै चाहनाअनुसार यस सम्बन्धमा देशका सानाठूला, धनीगरिब सबै देशवासीसँग सरसल्लाह गरियो। यसरी सरसल्लाह गरिँदा भाइ, भैयाद, भारदार तथा छिमेकी मित्र राजा तथा सर्वसाधारण नागरिकको तर्फबाट पनि कालु पाँडेको पक्षमै सहमति प्राप्त भयो र यिनी यस राज्यका 'काजी' वा मन्त्रीमा नियुक्त गरिए।

२.४ नेपाल अधिराज्यको एकीकरणको आरम्भ

राजा नरभूपाल शाहको देहान्तपछि युवराज राजा पृथ्वीनारायण शाह गोरखा राज्यको राजसिंहासनमा विराजनमान भए। जुन समयमा काठमाडौं उपत्यकाभित्रका तीन ओटा मल्ल राज्यका राजाहरु आपसमा सङ्घर्ष गरिरहेका थिए, त्यसै सयमयमा गोरखा राज्यका राजा नरभूपाल शाहले कान्तिपुर राज्यमाथि सैनिक हस्तक्षेप गरी यस राज्यका केही भूभागमाथि आफ्नो अधिकार स्थापित गराउने असफल प्रयास गरे। तर आफ्नै सैनिक कमजोरीले गर्दा यिनी आफ्ना सैनिक अभियानमा सफल हुन सकेनन्।

यसपछि नवयुवक राजा पृथ्वीनारायण शाह सर्वप्रथम आफ्ना आन्तिरिक परिस्थितिलाई सुव्यवस्थित गराउनेतर्फ लागे। भारतवर्षका तात्कालिक सामाजिक तथा राजनीतिक वस्तुस्थितिको अध्ययन तथा छिमेकी चौबीसे राज्यका राजाहरुको राजनीतिक तथा सैनिक शक्तिको पहिचान पनि आफैंले प्रत्यक्ष नै गर्ने आवश्यकतालाई यिनले अनुभव गरे। यसैले राज्यारोहण गरेको केही महिनापछि नै यिनले तीर्थ जाने बहाना गरी काशीयात्राका निमित्त प्रस्थान गरे। तीर्थ गर्न जाने त यिनको देखावटी बहाना मात्र थियो, वास्तविक उद्देश्य भने यिनको अर्कै थियो।

यिनताक भारतको 'मुर्सिदाबाद' (बङ्गाल तथा बिहार) राज्य तथा 'अबध' राज्यको सिमाना लगभग बनारसको आसपासमै आएर जोडिएको र हिन्दू मात्रले जीवनमा कम से कम एक पटक 'काशी' अर्थात् बनारसमा जानैपर्ने परम्परागत मान्यता रहिआएकाले नवयुवक राजा पृथ्वीनारायण शाह राज्यारोहण गर्नेबित्तिकै तीर्थयात्राका निमित्त काशीतर्फ प्रस्थान गरेका पाइन्छन्। त्यहाँ बङ्गाल तथा बिहारको मात्र होइन, सम्पूर्ण

भारतवर्ष नै राजनीतिक, सामाजिक तथा आर्थिक परिस्थितिको सम्बन्धमा सजिलैसँग जान्नबुझ्न पनि सजिलो पर्ने भएकाले विसं १८०० को हिउँद महिना लाग्नेबित्तिकै यिनी आफ्ना निकै जना सहयोगीलाई साथमा लिई सजधजका साथ चितौनको बाटो गरी काशीतर्फ लागे।

काशीयात्राका क्रममै त्यहाँको 'लोलार्क' नामक ठाउँमा 'गुलाब राय' नामक एक जना नागा वैरागीसँग राजा पृथ्वीनारायण शाहको भेट भएको थियो। यिनताक यिनले यस क्षेत्रमा 'सिद्ध'का रुपमा निकै ख्याति कमाएका थिए। यसैले यिनबाट केही तत्व ज्ञान प्राप्त गर्न सकिन्छ कि भन्ने अपेक्षा राखी राजा पृथ्वीनारायण शाहले यिनीसित आफ्नो मनमा लागेका केही गुप्त जिज्ञासालाई प्रकट गरिदिएका थिए। यिनको मनमा लागेका भित्री आशयलाई बुझी सिद्ध गुलाब रायले पनि "यसलाई लिएर जानुहोस्, यसबाट तपाईंका मनमा लागेका अभिलाषाहरु अवश्य पनि पूरा हुनेछन्" भनी यिनलाई मन्त्रद्वारा सिद्ध गरिएको एउटा तरबार दिएर पठाएका थिए। यसबाट नवयुवक राजा पृथ्वीनारायण शाहको मन अत्यन्त नै प्रफुल्लित थियो।

यति बेला 'जाजरकोट' राज्यका राजा हरि शाह पनि तीर्थयात्राका क्रममा काशीमै पुगेका थिए। राजा पृथ्वीनारायण शाहले उनीसँग त्यहीँ भेट गरी आपसमा मैत्रीसम्बन्ध स्थापना गर्ने प्रस्ताव प्रस्तुत गर्दा यसमा उनले पनि आफ्नो सहमति जनाइदिएकाले त्यहीँ दुई राजाका बीचमा "एकान शत्रु, एकान मित्रु" अर्थात् "एक देशका शत्रु अर्का देशका पनि शत्रु र एक देशका मित्र अर्का देशका मित्र" हुने गरी शान्तिसम्झौता सम्पन्न भयो। यसपछि पनि केही दिन त्यहीँ रही नवयुवक राजा पृथ्वीनारायण शाहले त्यहाँको राजनीतिक तथा सामाजिक परिस्थितिको गहन अध्ययन गर्नुका साथै त्यहाँका स्थानीय व्यापारीबाट केही हातहतियार तथा बन्दुक पनि खरिद गरी स्वदेशतर्फ फर्किएका थिए।

काशीबाट गोरखपुरतर्फको बाटो गरी स्वदेशतर्फ फर्कंदा यिनी दलबलसहित राजधजका साथ आइरहेका थिए। त्यति नै बेला 'जगात' वा भन्सार उठाउने अब राज्यका चौकीदारले यिनका मालसमानको खानतलासी लिने असफल प्रयास गरेका

थिए। यसरी खानतलासी लिइँदा सम्भवतः आफूले गोप्य रुपमा ल्याएका हातहतियार पक्रिने भयले गर्दा खानतलासी गर्न दिनु उचित नहुने देखी राजा पृथ्वीनारायण शाहले आफ्ना मालसामानको खानतलासी गराउन अस्वीकार गरिदिएका थिए। यस स्थितिमा बलपूर्वक नै खानतलासी गर्न खोज्ने अबध राज्यका नागा वैरागीहरुको सहयोगले त्यहाँबाट उम्किई भागाभाग गर्दै राजा पृथ्वीनारायण शाह तथा यिनका सहयात्रीहरु गोरखपुरको बाटो हुँदै पाल्पा राज्यको बुटवल क्षेत्रमा उत्रिएका थिए।

यिनताक पाल्पा राज्यमा राजा पृथ्वीनारायण शाहका आफ्नै मातामह 'गन्धर्व सेन' राजा थिए। यिनीसँग भेट गरी दुईचार दिन त्यहीँ विश्राम गरेर राजा पृथ्वीनारायण शाह आफ्ना सहयात्रीका साथ कालीगण्डकी नदी पार भई तनहुँ लमजुङ आदि छिमेकी राज्यका राजनीतिक तथा सामाजिक परिस्थितिको अध्ययन गर्दै सम्भवतः माघ महिनाको अन्त्यतिर आफ्नो राज्य गोरखामा आइपुगेका थिए।

आफ्नो देशमा फर्केर आएपछि राजा पृथ्वीनारायण शाहले सर्वप्रथम अहिलेसम्म बाँकी रहेको आफ्नो भारदारी सभाको गठन गर्नु अत्यावश्यक सम्झिए। यसै क्रममा यिनकी जेठी आमा महारानी चन्द्रप्रभावतीले यिनलाई "काजी भीमराज पाँडेका छोरा कालु पाँडेलाई 'काजी' वा मन्त्री बनाउनु उपयुक्त हुनेछ" भन्ने आफ्नो सल्लाह दिइन्। आफ्नी जेठी आमाको यस निर्देशनमा यिनले नाइँ भन्न सकेनन्। काशीयात्रामा आफूलाई विशेष सहयोग पुऱ्याएकाले 'विराज बखेती' नामक अर्का एक जना नवयुवकलाई आफ्ना काजी वा मन्त्री बनाउने यिनको सोचाइ रहेको थियो। तर देशका सबै रैती दुनियाँ तथा छिमेकी चौबीसे राज्यका राजाहरुबाट पनि सहमति प्राप्त हुन्छ भने कालु पाँडेलाई नै काजी वा मन्त्री बनाउन यिनी सहमत भए।

रैती दुनियाँ तथा छिमेकी चौबीसे राज्यका राजाहरुबाट पनि सहमति प्राप्त भएकाले अन्त्यमा आएर कालु पाँडेलाई नै काजीको पदमा नियुक्त गरियो। यिनले प्रचलित परम्पराअनुसार आफ्ना माइला भाइ महोद्दामकीर्ति शाहलाई आफ्ना सहयोगी 'चौतारा' पदमा नियुक्त गरिसकेका थिए। यस्तै राज्यका अन्य पदाधिकारी पनि नियुक्त गरिए।

भारदारी सभाको गठन पूरा भइसकेपछि राजा पृथ्वीनारायण शाह आफ्ना सैनिक पदाधिकारीको सङ्गठनतर्फ पनि दत्तचित्त रहन लागे। कान्तिपुर राज्यको नुवाकोट प्रदेशमा आक्रमण गर्नु गोरखाली सैनिकका निमित्त राजा नरभूपाल शाहको राज्यकालदेखिको नै सपना तथा जपना थियो। नवयुवक राजा पृथ्वीनारायण शाह पनि अब यसै उद्योगतिर संलग्न रहन थाले। यसका निमित्त हातहतियार तथा रसदपानीको पनि सङ्कलन गर्न थालियो। आवश्यक सबै व्यवस्था मिलाइसकिएपछि यिनी नुवाकोटमा आक्रमण गर्ने तरखर गर्न थाले।

नुवाकोटमा खास गरी खस तथा मगरहरको जनआबादी फैलिएर रहेकाले राजधानी काठमाडौंबाट खटिएर जाने गरेका नेवार प्रशासकले त्यहाँ शान्ति तथा सुव्यवस्था पनि स्थापित गर्न सकेनन्। यसैले राजा जयप्रकाश मल्लका पूर्वाधिकारी उनका पिता राजा जगज्जय मल्लले भक्तपुर राज्यको अधिकार क्षेत्रमा रहेको पलाञ्चोकमा घरवास भएका काशीराम थापालाई त्यस क्षेत्रका 'उमराव' अर्थात् प्रमुख सैनिक पदाधिकारीको पदमा नियुक्त गरिदिए। नुवाकोटको शान्तिसुरक्षाको जिम्मेवारी पनि यिनलाई सुम्पिएको थियो।

काशीराम थापा पछि राजा जयप्रकाश मल्लका उग्र विरोधी भएर निस्किएका थिए। यसैले आफू राजा हुनेबित्तिकै राजा जयप्रकाश मल्लले नुवाकोट प्रदेशको प्रमुख प्रशासकको जिम्मेवारी यिनबाट खोसी गोरखा राज्यबाट पलायित भएर आफ्नो राज्यक्षेत्रमा आएर बसोवास गर्न थालेका त्यहाँका भूतपूर्व काजी जयन्त रानालाई दिई उनलाई 'उमराव'को पदमा नियुक्त गरिदिएका थिए।

गोरखाली सैनिकका सम्पूर्ण भेदहरु राम्ररी थाहा पाएका भूतपूर्व काजी जयन्त राना जस्ता सशक्त व्यक्ति नै नुवाकोट प्रदेशका संरक्षक बन्न आएकाले राजा पृथ्वीनारायण शाहका निमित्त अब निकै विषम परिस्थिति थियो। यसैले यिनले जयन्त रानालाई आफ्नो पक्षमा पार्ने सम्भव प्रयास गर्दै रहे। "तँ भनेको हाम्रो आफ्नै मानिस होस्, यसैले नुवाकोट प्रदेश हामीलाई यत्तिकै छोडिदे, तँ हामीसँग मिल्न आइज" भनी यिनले जयन्त रानासँग आग्रह गरे। तर जयन्त राना "हुन त म हजुरकै मानिस हुँ तर अहिलेसम्म मैले

राजा जयप्रकाश मल्लको नुन खाइसकें, यसैले नुनको सोझो गर्नु मेरो कर्तव्य छ, नुवाकोट प्रदेश हजुरलाई यत्तिकै सुम्पन सक्तिनँ, यसलाई बचाउन यथासम्भव प्रयास अवश्य पनि गर्नेछु" भनी राजा पृथ्वीनारायण शाहलाई लडाइँ लड्नका निमित्त खुला चुनौती नै प्रस्तुत गरिदिए। यसबाट नुवाकोट प्रदेशमाथि सैनिक हस्तक्षेप गराउन यिनलाई करै लाग्यो।

यसपछि राजा पृथ्वीनारायण शाहले आफ्नो देशका सबै भारदारलाई जम्मा गरी विसं १८०१ को बर्सातको उत्तरार्द्धमा नुवाकोटमाथि आक्रमण गराउन आवश्यक तयारी सुरू गर्न थाले। यथार्थमा नुवाकोटमाथि आफ्नो अधिकार स्थापित गर्न लडाइँ लड्ने यिनको भित्री उद्देश्य थियो। तर देखावटी रुपमा भने यिनले 'खिञ्चेत'मा नयाँ खेतहरु आबाद गर्ने बहाना बनाएका थिए। यसै बहानामा खेतालाका भेषमा यिनले आफ्ना सैनिकलाई खिञ्चेतमा भेला गराएर राखेका थिए।

इन्द्रजात्राको आसपासको समय पारेर नुवाकोटमा त्यहाँको प्रमुख किल्लामाथि आक्रमण गर्ने निर्णय गरी यिनले आफ्ना ज्योतिषीहरुबाट उपयुक्त साइत जुराइसकेका थिए। एकै रातमा अन्तिम तयारी पूरा गरी रात पर्नेबित्तिकै आफ्ना सैनिकलाई त्रिशूली नदी पार गराएर यिनले कान्तिपुर राज्यको नुवाकोटमा उतारिदिए।

त्रिशूली नदी पार हुनेबित्तिकै गोरखाली सैनिकहरु चार मुख गरी अगाडि बढ्न थालेका थिए। 'तीनधारे'तिरबाट नुवाकोट गढीतर्फ आउने गोरखाली सैनिकको नेतृत्व नवयुवक राजा पृथ्वीनारायण शाहले स्वयम् गरिरहेका थिए। नुवाकोट गढीभन्दा केही उचाइमा 'महामण्डल' नामक अग्लो डाँडाको टुप्पामा रहेको गढीमाथि आक्रमण गर्न भनी 'काजी' कालु पाँडे आफ्नो नेतृत्वमा रहेका सैनिकका साथ त्यतैतर्फ अघि बढ्न थाले। यस्तै 'चौतारा' महोद्दामकीर्ति शाह आफ्नो नेतृत्वमा रहेका सैनिकका साथ 'धरम पानी'तर्फको बाटो गरी महामण्डलतर्फ नै उकालो लागिरहेका थिए। यस्तै अर्को सैन्यदल 'गेर्खु'को बाटो गरी महामण्डलतर्फ नै अघि बढिरहेका थियो।

यति बेला नुवाकोट प्रदेशका प्रमुख संरक्षक 'उमराव' जयन्त राना त्रिशूली नदीभन्दा वारि 'महामण्डल' नामक अग्लो डाँडाको टुप्पामा सुरक्षित किल्ला बनाएर त्यहीँ बसिरहेका थिए। यसैले राजा पृथ्वीनारायण शाहले सर्वप्रथम यसै किल्लामाथि जोडदार आक्रमण गर्न भनी आफ्ना सैनिकहरुलाई त्यतातर्फ खटाइदिए (विसं १८०१ असोज १५ गते, तदनुसार १५ सेप्टेम्बर इसं १७४४)।

'उमराव' जयन्त राना यति बेला सम्भवतः राजधानी काठमाडौंमा आएका थिए। इन्द्रजात्राका पर्वको अलमलले गर्दा यिनले केही दिन त्यहीँ रोकिनुपरेको थियो। यिनको अनुपस्थितिमा यिनको कार्यभार यिनका नवयुवक छोरा शङ्खमणि रानाले सम्हालिरहेका थिए। आफ्ना किल्लामाथि गोरखाली सैनिकहरुको आक्रमण भएको थाहा पाएर यिनले आफ्ना सैनिकहरुको तर्फबाट सक्दा प्रतिरोध गराएका थिए। तर यिनको नेतृत्वमा रहेका कान्तिपुरे सैनिकहरुले गोरखाली सैनिकसँग धेरै बेरसम्म मुकाबिला गर्न सकेनन्। कान्तिपुरे सैनिकहरुको हार हुन आयो। शङ्खमणि राना स्वयम् नै मारिए। विशेष अवसर उपलब्ध गराएर किशोर अवस्थाका राजकुमार दलमर्दन शाहको हातबाट यिनको गर्दनमाथि साङ्घातिक प्रहार गर्न लगाइयो। यसबाट यस निर्णायक लडाइँमा 'जेठी तरबार' यिनको नै ठहरिन आयो। फलतः महामण्डलका साथसाथै नुवाकोटको प्रमुख किल्ला पनि गोरखाली सैनिकको नियन्त्रणमा पर्न आयो।

यस घटनाको केही दिनपछि उमराव जयन्त रानाले नुवाकोटमा सात किलोमिटरजति वर रहेको बेलकोटमा पुगी आफ्ना सैनिकलाई सङ्गठित गराउन थालेका थिए। यसै मौकामा राजा पृथ्वीनारायण शाहले आफ्नो क्रोधलाई थाम्न नसकी स्वयम् अग्रसर भई उमराव जयन्त रानाको नेतृत्वमा रहेका कान्तिपुरे सैनिकमाथि अप्रत्याशित रुपमा आक्रमण गिरदिए। यति बेला कुनै तयारी नगरी आवेशमा आएर आफ्ना प्रमुख सहयोगीलाई समेत थाहा नै नदिई लडाइँ लड्नका निमित्त यत्तिकै अघि सरेका थिए। यसैले लडाइँ झन्डै झन्डै बिग्रन आँटिसकेको थियो। राजा पृथ्वीनारायण शाह स्वयम् नै पक्राउमा पर्ने खतरा उत्पन्न भइसकेको थियो। तर संयोगले मात्र काजी पाँडेले समयमै

थाहा पाई थप सैनिकहरुलाई साथमा लिई दौडादौड गरी पछिपछि लागेर बोलकोटतर्फ आइहाले। यति बेला आफ्ना राजालाई लडाइँको मोर्चाबाट पलायित हुन लागेको पाएर काजी कालु पाँडेले परिस्थितिको गम्भीरतालाई पहिचान गरी स्थितिलाई तत्कालै सम्हालिदिएकाले मात्र बल्लबल्ल गोरखाली पक्षको विजय हुन आएको थियो।

लडाइँको मोर्चामा उमराव जयन्त राना पक्रिएका थिए। यिनलाई बन्दी बनाई नुवाकोटमा लगियो। यिनताक नेपालका प्रायः सबै पहाडी राज्यहरुमा देशद्रोही सैनिकहरुलाई छाला काटी नुनचुक लगाएर शासनापूर्वक मृत्युदण्ड दिने क्रूरतम प्रचलन थियो। यसै परम्पराको अनुसरण गर्दै राजा पृथ्वीनारायण शाहले पनि यिनको छाला कटाई त्यसमा नुनचुक पनि दल्न लगाइदिए। फलतः यसै असह्य वेदनाले गर्दा यिनी तड्पीतड्पी त्यहीँ दिवङ्गत भए।

यिनताक दक्षिणी भारतमा फ्रेन्चहरुले त्यहाँका स्थानीय नागरिकलाई आफ्ना सैनिकका रुपमा भर्ना गरी यिनैद्वारा छिमेकी भारतीय राज्यहरुमाथि आक्रमण गराउने कुट अभियानलाई सञ्चालन गरिरहेका थिए। आफ्ना प्रतिस्पर्धी फ्रेन्चहरुको यसै प्रचलनको अनुकरण गरी इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीहरुले पनि आफ्नो अधिकार क्षेत्रमा आएका भारतीय भूभागहरुमा आबाद रहेका भारतीय नागरिकलाई आफ्ना सैनिकका रुपमा भर्ना गरी आपसमा लडाएर आफ्ना अभियानहरुमा दिनप्रतिदिन सफल हुँदै आइरहेका थिए। तर नेपालमा भने राजा पृथ्वीनारायण शाहले भूतपूर्व काजी जयन्त रानालाई यसरी कठोरपूर्वक दण्ड दिएकाले यसपछिका ७० वर्षसम्म कुनै नेपाली सैनिकले पनि आफ्नो सरकारको विरूद्धमा शत्रुपक्षसँग मिल्न जाने आँट गर्न सकेनन्। यसैले गर्दा गोरखाली सैनिकलाई यस क्षेत्रको विशिष्ट सैनिक शक्तिका रुपमा स्थापित गराइदियो। Template:Noo उमराव जयन्त रानासँग राजा पृथ्वीनारायण शाहको व्यक्तिगत द्वेष केही पनि रहेको थिएन। यिनी मारिएपछि यिनका जहानपरिवारको जीवनरक्षाका निमित्त राजा पृथ्वीनारायण शाहले उनीहरुका लागि केही जग्गाजमिन पनि उपलब्ध गराइदिएका थिए। यसबाट आफ्ना सैनिकहरुलाई

अनुशासनमा राख्न यिनले उमराव जयन्त रानालाई यस्तो कठोरतम मृत्युदण्ड दिएको पाइन्छ।

जयन्त राना पक्राउमा परेपछि गोरखाली सैनिकहरु नुवाकोटबाट अघि बढी सिन्धु प्रदेशको पाटिभन्ज्याङसम्म फैलिन समर्थ भए। यसबाट सम्पूर्ण नुवाकोट प्रदेश गोरखाली सैनिकको नियन्त्रणमा पर्न आयो। यस प्रदेशमा गोरखा राज्यको अधिकार स्थापित भयो।

कान्तिपुर राज्यका राजा जयप्रकाश मल्ल पनि यत्तिकै हताश हुनेवाला व्यक्ति थिएनन्। यिनले पहिले आफ्ना विरोधी भएका भक्तपुर राज्यअन्तर्गत रहेको पलाञ्चोक प्रदेशमा स्थायी घरवास भएका कान्तिपुर राज्यका भूतपूर्व उमराव काशीराम थापाका भैयाद रणभीम थापालाई बोलाई यिनैको नेतृत्वमा आफ्ना सैनिक पठाई गोरखाली सैनिकहरुको हातबाट नुवाकोटलाई फिर्ता लिने सोचाइ राखेका थिए। तर रणभीम थापा कमजोर स्वभाव भएका व्यक्ति भएकाले यिनले आफूले एक्लै गोरखाली सैनिकसँग मुकाबिला गर्ने आँट गर्न सकेनन् र "यस कामका निमित्त काशीराम थापालाई नै बोलाउनुपर्छ" भनी राजा जयप्रकाश मल्लसँग आग्रह गरे। यसैअनुसार काशीराम थापा काठमाडौंमा बोलाइए पनि।

तर राजा जयप्रकाश मल्लको उग्र स्वाभावलाई दृष्टिगत गरी डरले गर्दा यिनले राजा जयप्रकाश मल्लको आग्रहलाई स्वीकार गरे पनि सोझै राजाधानी काठमाडौंमा आउने आँट गर्न सकेनन्। केही खस सैनिकहरुलाई भर्ना गरी उनी पलाञ्चोकतिरबाटै गोरखाली सैनिकहरुसँग लड्न भनी नुवाकोटतर्फ लागेका थिए। यो विसं १८०२ को फागुन महिनातिरको कुरा हो। काशीराम थापाको नेतृत्वमा कान्तिपुर राज्यका सैनिकहरु नुवाकोटतर्फ लागेको समाचार प्राप्त भएपछि गोरखाली सैनिकहरुले यिनीहरुलाई घेरामा पारी आक्रमण गर्दा कान्तिपुरे सैनिकहरु त्यहाँबाट पलायित भई जताबाट आएका थिए, उतैतर्फ फर्किन बाध्य भए। गोरखाली सैनिकहरुले यसपछि यिनीहरुलाई थापागाउँसम्म

लखेटी नुवाकोट प्रदेशबाटै निकाला गराइदिए। भागेका काशीराम थापाले त्यहाँ फेरि आक्रमण गर्न जाने आँट गर्न सकेनन्। उनी आफ्नो मूलघर पलाञ्चोकमै रहन थाले।

राजा जयप्रकाश मल्लका डरले गर्दा काशीराम थापा राजधानी काठमाडौंमा नआई, आऊँ वा नआऊँ भन्ने दोमन गरी आफ्नै गाउँमा बसिरहेका थिए। यसै स्थितिमा राजा जयप्रकाश मल्लले यिनलाई फेरि पनि बोलाउन पठाउँदा उनले "नुवाकोटमा फेरि पनि आक्रमण गर्न जानुपरेमा जान्छु तर राजधानी काठमाडौंमा भने आउन्नँ" भनी राजा जयप्रकाश मल्लको आमन्त्रणलाई यत्तिकै टारिदिएका थिए। तर जयप्रकाश मल्लले ज्यादै जोड गरी आग्रह गर्दा आखिरमा यिनी लाचार भई यहाँ आएर एकदुई दिनदेखि पशुपति मन्दिर आसपास कतै डेरा गरी बसिरहेका थिए। यिनी यहाँ आइपुगेको खबर पाउनासाथ राजा जयप्रकाश मल्लले जनैपूर्णिमाका दिन स्वयम् चाबहिलसम्म आई यिनलाई बोलाउन भनी तत्कालै आफ्ना मानिस यिनी बसेको डेरातर्फ पठाइदिए।

राजा जयप्रकाश मल्लसँग भेट गर्न भनी काशीराम थापा आँप, केरा, कटहर आदि फलफूलका भारी भरिया बोकाएर चाबहिलतर्फ उकालो लाग्दा वा नलाग्दा नै राजा जयप्रकाश मल्लले हत्याराहरु पठाएर यिनी तथा यिनका साथमा आएका अन्य छ जना सहयोगीहरुको पनि हत्या गराई आफ्नो मनमा जलिरहेको यिनीप्रतिको क्रोधको ज्वारलाई शान्त तुल्याइदिएका थिए।

उमराव काशीराम थापाको अमानुषिक रुपमा हत्या गराएबाट पनि राजा जयप्रकाश मल्ललाई शान्ति मिलेरहेको थिएन। यसै दिन राजधानी काठमाडौंमा फर्किएर यिनले आफ्ना बफादार 'प्रमान' वा मन्त्री 'दाटी प्रधान'को पनि अकारण हत्या गराइदिए। यसबाट दाटी प्रधानका भाइ 'तौडिक प्रधान' भने त्यहाँबाट पलायित भई ललितपुर राज्यमा, राजा राजा राज्यप्रकाश मल्लको आश्रयमा शरण लिन पुगे।

काशीराम थापाको हत्या भएको समाचार आउनासाथ राजा पृथ्वीनारायण शाह यस अकल्पित घटनाबाट लाभ उठाउने सोचाइमा लागिसकेका थिए। यिनले काशीराम

थापाका भाइ परशुराम थापालाई नुवाकोटमै बोलाई उनीसँग “तिमीले आफ्ना दाजुको हत्याको बदला राजा जयप्रकाश मल्लसँग अवश्य पनि लिनुपर्छ” भनी आग्रह गरे। साथै गोरखाली एवम् भक्तपुरे सैनिकहरुको संयुक्त प्रयासबाट कान्तिपुर राज्यको साँखु तथा चाँगु इलाकामा अधिकार स्थापित गर्ने, यसपछि उक्त दुवै इलाकाहरु भक्तपुर राज्यका राजालाई नै छाडिदिने र दुवै राज्यका संयुक्त सैनिकदलहरुले अधिकार स्थापित गर्न सकेका अन्य गाउँहरुलाई भने गोरखाली सैनिकहरुले आफ्नै नियन्त्रणमा राख्ने प्रस्ताव प्रस्तुत गर्दा उमराव परशुराम थापा राजा पृथ्वीनारायण शाहको यस प्रस्तावमा सहमत भई यिनले भक्तपुर राज्यका राजा रणजित मल्ललाई पनि यस प्रस्तावमा सहमत गराइदिए।

भक्तपुर राज्यलाई आफ्नो पक्षमा मिलाउन समर्थ भएपछि राजा पृथ्वीनारायण शाह आफ्ना सेनापति ‘सरदार’ शिवरामसिंह बस्नेतको नेतृत्वमा गोरखाली सैनिकहरुलाई पठाई आफू पनि नुवाकोटबाट दलबलहरुसहित भक्तपुर राज्यतर्फ लागि पनि हाले। यिनले सर्वप्रथम कान्तिपुर राज्यको अधिकार क्षेत्रमा रहँदै आएको नालदुमगढीमाथि आफ्नो अधिकार स्थापित गराई भक्तपुर राज्यमा आएर राजा रणजित मल्लसँग भेटघाट सम्पन्न गरे (विसं १८०३ को साउन)।

यसको केही समयपछि प्रायः खस तथा बाहुनहरुको आबादी रहेको कान्तिपुर राज्यको अधिकार क्षेत्रमा रहँदै आएको ‘चाँगु’ नामक गाउँमा सरदार शिवरामसिंह बस्नेतले हठात् आफ्नो पक्षको अधिकार स्थापित गरिदिँदा राजा जयप्रकाश मल्ल स्तब्ध थिए। यति बेला योग्य सेनापतिको अभावमा राजा जयप्रकाश मल्ल स्वयम् सेनापति भई आफ्ना सैनिकहरुलाई परिचालन गर्न विवश थिए। तर लडाका गोरखाली सैनिकहरुका सामुमा यिनको नेतृत्वमा रहेका कान्तिपुरे सैनिकहरुले लडाइँको मोर्चामा लामो समयसम्म टिकिरहन सक्नु सम्भव थिएन। यसैले लडाइँको मोर्चाबाट हटी यिनी राजधानी काठमाडौंमा रहेको आफ्नो राजभवनमै फर्किए।

गोरखाली सैनिकहरुले काठमाडौं उपत्यकामाथि नै आफ्ना अधिकार क्षेत्रहरुलाई विस्तारित गराउँदै ल्याएको देखेर ललितपुर राज्यमा गएर आश्रय लिई बसिरहेका तौडिक प्रधानले त्यहाँका राजा राज्यप्रकाश मल्लसँग सल्लाह गरी असोज महिनाको आरम्भमा नवरात्रिको अवसर पारी ललितपुर राज्यका सैनिकहरुलाई बलपूर्वक नै कान्तिपुर राज्यमा उतारी राजभवनलाई चारैतिरबाट घेरा हालेर राजा जयप्रकाश मल्ललाई पक्रिई ललितपुर राज्यमा पठाएर यिनका बालक छोरा ज्योतिप्रकाश मल्ललाई कान्तिपुर राज्यको राजसिंहासनमा विराजमान गराइदिए।

यति गरिसकेपछि तौडिक प्रधानले "राजा जयप्रकाश मल्लले अकारण नै तिम्रा दाजुको हत्या गराइदिएकोमा त्यसको बदला मैले लिइसकें, यस अवस्थामा तिमी अहिले जस्तै गोरखाली सैनिकहरुसँग मिलिरह्यौ भने म तिम्रो देश पनि गोरखाली सैनिकहरुको हस्तक्षेपबाट कति दिन पो बच्न सक्ला र? कान्तिपुर राज्यको पतनपछि तिम्रो देशको नै पालो आउनेछ, यसैले अब तिमी आपसमा मिल्नुपर्छ" भनी यिनले उमराव परशुराम थापालाई गोप्य सन्देश पठाइदिए।

यिनको यस किसिमको गोप्य सन्देश प्राप्त भएपछि उमराव परशुराम थापा गोरखाली सैनिकहरुदेखि एकाएक तटस्थ बनिदिए। यसपछि तौडिक प्रधानको नेतृत्वमा ललितपुर तथा कान्तिपुर राज्यका संयुक्त सैनिकहरुले सरदार शिवरामसिंह बस्नेतको नेतृत्वमा रहेका गोरखाली सैनिकहरुमाथि अप्रत्याशित रुपमा आक्रमण गरिदिँदा उमराव परशुराम थापाले सरदार शिवरामसिंह बस्नेतको नेतृत्वमा रहेका गोरखाली सैनिकहरुलाई कत्ति पनि सहयोग गरेनन्। यसैले सरदार शिवरामसिंह बस्नेत आफ्ना सैनिकहरुका साथ चाँगु तथा साँखु क्षेत्रबाट पलायित भई नुवाकोटतर्फ लाग्न विवश भए।

नुवाकोटतर्फ फर्कने क्रममा गोरखाली सैनिकहरुको राति साँगाचोकमा वास परेको थियो। यसै मौकामा तौडिक प्रधानको नेतृत्वमा रहेका कान्तिपुरे सैनिकले त्यस गढीमाथि आक्रमण गरिदिँदा गोरखाली सैनिकहरु सबै नै त्यस गढीबाट यत्रतत्र

तितरबितर भए। सेनापति सरदार शिवरामसिंह बस्नेतले पनि यसै दिन त्यहीँ वीरगति प्राप्त गरे।

राजा पृथ्वीनारायण शाह यति बेला सम्भवतः भक्तपुर राज्यका राजा रणजित मल्लका राजकीय अतिथि भई भक्तपुरमै थिए। आफ्ना सैनिकहरुको हार भएको यो दुःखदायी समाचार सुन्नेबित्तिकै यिनी आफ्ना सैनिकहरुको नियन्त्रणमा रहेको नालदुमगढीतर्फ हिँडी पनि हाले। बाटामा उमराव परशुराम थापासँग भेट गरी भक्तपुर राज्यको अधिकार क्षेत्रमा रहेको 'महादेव पोखरी' नामक किल्लामा पुगेर यिनी त्यतैबाट नालदुमगढीतर्फ लागेका थिए। साँगाचोकको किल्लामा भएको लडाइँमा आफ्नो पक्षको अप्रत्याशित हार भए पनि नालदुमगढी भने अझैसम्म पनि आफूहरुकै नियन्त्रणमा रहिरहेकाले राजा पृथ्वीनारायण शाहले चित्त त बुझाए तर आफ्ना समर्थ सेनापति सरदार शिवरामसिंह बस्नेतको अकल्पित देहान्तले भने यिनी ज्यादै नै दुःखित बन्न आएका थिए। आफ्ना सेनापतिको असामयिक देहावसानलाई यिनले जीवनभर कहिल्यै पनि बिर्सन सकिरहेका थिएनन्।

नालदुमगढीमाथि आफ्नो अधिकार स्थापित भएपछि आफ्नो नियन्त्रणमा आएका सिन्धुपाल्चोक तथा दोलखा पनि आफूले नै भोगचलन गर्दा लमजुङ राज्यका राजा रिपुमर्दन शाहसँग केही वर्षपहिले सम्पन्न भएको धर्मपत्रको उल्लङ्घन हुने र त्यस धर्मपत्रलाई तोडिदिँदा लमजुङे राजाले गोरखा राज्यमाथि नै आक्रमण गराई आफ्नो अधिकार क्षेत्रमा आइसकेको नुवाकोटमाथि पनि खतरा पैदा हुने भय उत्पन्न भएकाले राजा पृथ्वीनारायण शाहले उपर्युक्त दुवै इलाका लमजुङ राज्यका राजा रिपुमर्दन शाहका मित्र, भक्तपुर राज्यका राजा रणजित मल्ललाई सुम्पिदिएका थिए। यसबाट राजा जयप्रकाश मल्ल तथा राजा रणजित मल्लका बीचमा शत्रुता बढेकाले भक्तपुर राज्यको अधिकार क्षेत्रमा रहेको काभ्रेपलाञ्चोकको सुरक्षाका निमित्त गोरखाली सैनिकहरुलाई गुहार्न राजा रणजित मल्ल फेरि पनि बाध्य भएका थिए।

यसले गर्दा आफ्ना सैनिकहरुलाई महादेव पोखरीमा रहेको आड वा किल्लामै राखी र स्वयम् पनि केही दिन भक्तपुरमै रही राजा पृथ्वीनारायण शाह आफ्ना अग्रिम योजनाहरु तयार गर्न फेरि पनि नुवाकोटतर्फ नै फर्किएर गएका पाइन्छन्। यसबाट सिन्धुपाल्चोकका साथसाथै दोलखामा पनि राजा रणजित मल्लको अधिकार कायम रह्यो। यी दुवै प्रदेशको राजस्व पनि अब भक्तपुर राज्यले असुल गर्न थाल्यो। तर गोरखा तथा भक्तपुर राज्यको बीचमा मैत्रीसम्बन्ध कायमै रहिरहेकाले सिन्धुपाल्चोकबाट तिब्बततर्फ जाने दोलखा प्रदेशमा रहेको 'खासा' नामक बस्तीसम्म नै गोरखाली सैनिकको आवतजावत चल्न थाल्यो। भविष्यमा उपर्युक्त दुवै प्रदेशमाथि आफ्नो पूर्ण नियन्त्रण स्थापित गर्ने गरी राजा पृथ्वीनारायण शाहले यति बेला यस्तो अस्थायी प्रबन्ध मिलाएका थिए।

त्रिशूली नदीको बायाँ किनारतर्फ नुवाकोटको दक्षिणी सिमाना कुहारी डाँडासम्म पुगेको थियो। त्यसदेखि दक्षिणतर्फबाट त्रिशूली नदीमा मिसिन आउने 'कोल्पु' तथा 'महेश' नामक दुई ओटा खोलाका दुई ओटा ठूलाठूला उपत्यकाका बीचमा एउटा लामो डाँडो काठमाडौं उपत्यकाको पश्चिमी सिमानाका रुपमा रहेको डाँडाबाट पश्चिमतर्फ लर्किई त्रिशूली नदीसम्म नै फैलन पुगेकाले यस डाँडामा रहेका बस्तीहरुका साथै उपर्युक्त दुई उपत्यकाहरु मिलेर बनेको 'लामिडाँडा' नामले प्रसिद्ध रहेको भूभाग यिनताक ललितपुर राज्यको अधिकार क्षेत्रमा रहँदै आएको थियो। नुवाकोट प्रदेशको शासन प्रबन्धलाई ठीक तुल्याएपछि राजा पृथ्वीनारायण शाहले यस प्रदेशमाथि सैनिक हस्तक्षेप गर्न भनी काजी कालु पाँडेको नेतृत्वमा एउटा सशक्त गोरखाली सैन्यदललाई त्यतातर्फ पठाइदिए।

यस समयमा लामिडाँडा प्रदेशलाई आफ्नो सैन्यबलले मात्र थाम्न नसक्ने देखी ललितपुर राज्यका राजा राज्यप्रकाश मल्लले काजी कालु पाँडेका नाममा "हामी भनेका तिमीहरुका आफ्नै मित्र हौं, यसैले हाम्रो लामिडाँडामा अधिकार स्थापित गर्ने प्रयत्न नगर" भनी एउटा पत्र लेखी आफ्ना एक जना प्रमान वा मन्त्रीलाई उनीकहाँ पठाइदिएका थिए। यिनको यसै अनुरोधपत्रका आधारमा दुई देशका बीचमा शान्तिसम्झौता सम्पन्न गर्ने कुरा पनि चल्यो। यसैअनुसार अन्त्यमा आएर "त्यस

प्रदेशमा रहेको जङ्गलबाट ललितपुर राज्यका नागरिकले आफूलाई आवश्यक पर्ने काठपात साबिकअनुसार नै काटेर ल्याउन पाउने सर्तमा शान्तिसम्झौता सम्पन्न गरी काजी कालु पाँडेले प्रायः बिनालडाइँ नै त्यस प्रदेशमा आफ्नो राजनीतिक अधिकार स्थापित गरी आफ्नो कूटनीतिक चातुर्यको उदाहरणलाई फेरि पनि राम्रैसँग प्रस्तुत गरिदिए (विसं १८०४ को भदौ)।

नुवाकोट प्रदेशका साथसाथै लामिडाँडा प्रदेश पनि गोरखा राज्यमा गाभिन आएपछि अब गोरखा राज्यको राज्यक्षेत्रको विस्तार लगभग दोब्बर थियो। यता राजा जयप्रकाश मल्ल आफ्नै राज्यबाट निर्वासित भई प्रवासतर्फ लागेर यत्रतत्र घुम्दै अन्त्यमा आफ्नै राज्यक्षेत्रभित्र रहेको गुह्येश्वरी मन्दिरमा आई बस्न थालिरहेका थिए। यसैबीचमा राजा पृथ्वीनारायण शाहले आफूले विजय गरेका नयाँ भूभगहरुका शासन प्रबन्धहरुमा अत्यावश्यक सुधारहरु गराएका थिए।

राजा जयप्रकाश मल्लको अनुपस्थितिमा यिनका बालक छोरा ज्योतिप्रकाश मल्लको प्रतिनिधि भई यिनकी आमा जयलक्ष्मीले साढे तीन वर्षजति कान्तिपुर राज्यको शासनभार वहन गर्दा यस राज्यमा हुल्याहा स्वाभाव भएका प्रमान वा मन्त्रीहरुको बोलबाला चल्न सुरू भएको थियो। यसपछि महारानी जयलक्ष्मीको चरित्रमाथि पनि प्रश्नहरु उठ्न थालेकाले देशका जनता दुःखित भई पूर्वराजा जयप्रकाश मल्ललाई नै आफ्नो देशका राजाका रुपमा वहन गर्न थाले। आफ्नो देशका सर्वसाधारण जनताको बल पाई आफ्ना विरोधीहरुको दमन गरेर पूर्वराजा जयप्रकाश मल्ल फेरि पनि आफ्नो राजभवनभित्र प्रवेश गर्न समर्थ भए (विसं १८०६ को चैत)।

यसरी पुनः राज्याधिकार ग्रहण गर्दा पूर्वराजा जयप्रकाश मल्लले स्वयम् राजा नभई यिनले आफ्ना बालक छोरा, नवस्थापित राजा ज्योतिप्रकाश मल्लका संरक्षक मात्र भई केही वर्ष शासनभार वहन गरेका थिए। तर पछि ज्योतिप्रकाश मल्ललाई 'ज्योतिर्मल्ल' भन्ने नाम दिई यिनलाई युवराजको तहमा झारेर स्वयम्ले नै कान्तिपुर राज्यको राजमुकुटलाई फेरि पनि पहिरिएका थिए। यसरी पुनः राज्यारोहरण गर्न समर्थ भएपछि

यिनले नुवाकोट, सिन्धुपाल्चोक तथा दोलखा पनि गोरखाली सैनिकहरुको हातबाट फिर्ता लिने उद्देश्य राखी काङ्गडातिरबाट लडाका नगरकोटे सैनिकहरु भिकाएर आफ्नो राज्यको सैनिकशक्तिलाई दह्रिलो बनाउने यथासम्भव उपायहरु गर्दै रहे।

२.५ एकीकरण कार्यमा सङ्घर्ष

कान्तिपुर राज्यअन्तर्गत रहेको नुवाकोट प्रदेश गोरखा राज्यका निमित्त जति सन्धिसर्पनमा थियो, गोरखादेखि दक्षिणपूर्वतर्फ ललितपुर राज्यअन्तर्गत रहेको लामिडाँडा प्रदेश तनहुँ राज्यका निमित्त त्यत्तिकै सन्धिसर्पन परेको थियो। तनहुँ राज्यका राजा कामराजदत्त सनेको राज्यकालमा त्यस प्रदेशको 'जोगीमारा' नामक थुममा उनीहरुले आफ्नो अधिकार पनि स्थापित गरेका थिए। राजा पृथ्वीनारायण शाहको राज्यकालमा राजा कामराजदत्त सेनका छोरा त्रिविक्रम सेन त्यस राज्यका महत्वाकाङ्क्षी राजा थिए। यसैले लामिडाँडामा गोरखाली सैनिकहरुले आफ्नो अधिकार स्थापित गरेपछि रिसले गर्दा उनी गोरखाली सैनिकहरुदेखि अत्यन्त क्रुद्ध बनेका थिए।

राजा पृथ्वीनारायण शाहले भने तनहुँ राज्यसँग अनावश्यक रुपमा ठाडै मुठभेड हुन्छ भनी ललितपुर राज्यको लामिडाँडालाई आफ्नो नियन्त्रणमा लिए पनि यसै प्रदेशको अभिन्न अङ्गका रुपमा रहेको जोगीमारा नामक थुमलाई भने तनहुँ राज्यकै नियन्त्रणमा रहिरहन दिएका थिए। लामिडाँडाको सुरक्षाका निमित्त गोरखाली सैनिकहरुले 'घ्यौराली' नामक डाँडामा आफ्ना केही सैनिकहरुलाई तैनाथ गराउन थालिसकेका थिए।

ललितपुर राज्यको अधिकार क्षेत्रभित्र रहेको, उपत्यकाभित्र प्रवेश गर्ने प्रवेशद्वार जस्तै भएर ललितपुर राज्यका सैनिकहरुले सुरक्षा गर्दै आइरहेको 'दहचोकगढी'मा पनि आफ्नो अधिकार स्थापित गर्ने राजा पृथ्वीनारायण शाहको अग्रिम योजना थियो। तर तनहुँ राज्यका राजा त्रिविक्रम सेन भने यिनको यस योजनाका निमित्त प्रमुख बाधक बने। राजा त्रिविक्रम सेनसँग सोझै विरोध गर्नु राजा पृथ्वीनारायण शाहका निमित्त पनि

सम्भव भइरहेको थिएन। संयोगवश यसै बेला राजा पृथ्वीनारायण शाहकी मैजुरानी अशक्त बिरामी पर्न आएकी थिइन्। पहिले केही समय भक्तपुरमा रहँदा यिनी युवराज पृथ्वीनारायण शाहकी भित्रेनी बन्न आएकी र पछि नुवाकोटमा लगेर राखिएकी थिइन्। यिनलाई सम्भवतः क्षयरोगले आक्रान्त पारेको थियो। आफ्नो अन्तिम अवस्थाका निमित्त यिनले काशीवास बस्न जाने इच्छा व्यक्त गर्दा राजा पृथ्वीनारायण शाहले यिनलाई देवघाटको बाटो गरी काशीवासका निमित्त पठाइदिने प्रबन्ध मिलाइदिएका थिए।

यसै प्रबन्धअनुसार राजा पृथ्वीनारायण शाहकी मैजुरानी डोलीमा सवार भई आफ्ना सहयात्रीहरुका साथ काशीतर्फ लागिरहेकी थिइन्। यति नै बेला राजा त्रिविक्रम सेन आफ्नो राज्यक्षेत्रभित्र रहेको जोगीमाराकै आसपासमा कतै थिए। मैजुरानी सवार भएको डोलीलाई बोकेर आइरहेका गोरखाली डोलेहरुलाई देखी यिनले कुतूहलवश डोलीको झापनलाई उघार्न लगाएर मैजुरानीको रोगाक्रान्त मुखको अवलोकन गरी उनलाई आफ्नो गन्तव्यतर्फ पठाइदिएका थिए। यिनको खास अपमान केही गरेका थिएनन्।

राजा पृथ्वीनारायण शाहलाई यति बेला यिनीसँग निहुँ खोज्ने एउटा उपयुक्त बहाना मात्र चाहिरहेको थियो, यो मिल्यो। यसै घटनालाई उपयुक्त बहाना बनाउने यिनले निर्णय गरे। यस घटनाबाट आफ्नो घोर अपमान भएको बहाना गरी राजा पृथ्वीनारायण शाह तनहुँ राज्यका राजा त्रिविक्रम सेनदेखि रिसले क्रुद्ध भए। यति भएर पनि यिनले आफ्नो रिसलाई आफ्नो मनभित्र नै दबाइदिएका थिए। तर यसको बदला लिने भावना भने यिनको मनमा जागृत भइसकेको थियो। राजा त्रिविक्रम सेनको मानमर्यादाका निमित्त यिनी राम्रैसँग कस्सिसकेका थिए। यसैले राजा त्रिविक्रम सेनको भारदारी सभामा रहेका, आफ्ना पिता नरभूपाल शाहका गुरूका भतिजा नारायण पण्डितलाई फकाई फुल्याई आफ्नो राज्यमा बोलाएर उनीद्वारा राजा त्रिविक्रम सेनसँग "दुवै राज्यका राजाले बसी राजकाजको सम्बन्धमा आवश्यक सरसल्लाह गर्नुपर्‍यो" भन्ने बहाना बनाई मर्स्याङ्दी नदीको गोरखा राज्यतर्फ रहेको 'ज्यामिर घाट'मा बोलाएर भेटघाट गर्ने प्रस्ताव गरिदिए।

नारायण पण्डितको आग्रहमा विश्वस्त भई राजा त्रिविक्रम सेन निर्धारित दिनको निर्धारित समयमा राजा पृथ्वीनारायण शाहसँग भेट गर्न भनी निर्धारित ठाउँमा आए पनि। राजा पृथ्वीनारायण शाहले त्यहाँ आफ्ना सैनिहरुलाई पहिले नै गुप्त भेषमा लुकाएर राखिसकेका थिए। दुई राज्यका राजाका बीचमा भेटघाट भएपछि सुरूमा त राम्रैसँग भलाकुसारीको आदानप्रदान भएको थियो। पछि भने आफ्नी रोगग्रस्त मैजुरानीको मुखलाई अनावश्यक रुपमा हेरेर आफ्नो अपमान गरेको कुरा राजा पृथ्वीनारायण शाहले एकाएक उठाइदिए। राजा त्रिविक्रम सेन यसमा आफ्ना सफाइ दिँदै थिए। यिनले दिएको सफाइ राजा पृथ्वीनारायण शाहका निमित्त स्विकार्य भएनन्। फलतः गुप्त भेषमा राखिएका आफ्ना सैनिकहरुको प्रयोग गरी राजा पृथ्वीनारायण शाहले राजा त्रिविक्रम सेनलाई पक्राउ गरी गोरखामा लगेर नेलका साथै हत्कडी पनि लगाएर कठोर यातनाका साथ अपमानपूर्वक बन्दीगृहमा राखिदिए।

यसरी धोका दिएर तनहुँ राज्यका राजा त्रिविक्रम सेनलाई छलपूर्वक पक्रिएपछि कान्तिपुर राज्यका साथै लमजुङ, कास्की आदि अन्य सबै छिमेकी राज्यका राजाहरु राजा पृथ्वीनारायण शाहदेखि रिसले क्रुद्ध भएर यिनको विरूद्धमा एकगठ हुन आए। यसबाट समसामयिक राजनीतिक परिस्थितिलाई थप बिग्रन नदिन राजा पृथ्वीनारायण शाह त्रिविक्रम सेनलाई चाँडै नै बन्दीगृहबाट मुक्त पनि गरिदिए। यस घोर अपमानले गर्दा तेजोवध भएका राजा त्रिविक्रम सेन यसपछि आफ्नै राज्यमा फर्केर गएका थिए (विसं १८१०)।

राजा पृथ्वीनारायण शाहले भने यसको कुनै पर्वाह नगरी दहचोकगढीमाथि आफ्नो अधिकार स्थापित गर्न भनी 'काजी' तुलाराम पाँडेको नेतृत्वमा एउटा सानो सैन्यदललाई त्यसतर्फ पठाइदिए। यसै अवसरमा राजा जयप्रकाश मल्लले आफ्ना 'काजी' चिकुटी मास्केको नेतृत्वमा नगरकोटी सैनिकहरुको एउटा सशक्त सैन्यदललाई पठाएर गोरखाली सैनिकहरुका नियन्त्रणमा रहेका नालदुम तथा महादेव पोखरीका किल्लाहरुमाथि आफ्नो अधिकार स्थापित गराइदिएका थिए। नालदुमगढीका संरक्षक भएर रहेका 'चौतारा'

जहाँगिर शाह तथा 'सरदार' मन्नु शाही भने कुनै युक्तिले त्यहाँबाट पलायित भई येनकेन उम्कन सफल भएका थिए। यस सङ्घर्षमा महादेव पोखरीगढीका संरक्षक भएर रहेका 'नजिकी' देवर्षि उपाध्याय लडाइँको मोर्चामा मारिएका र 'उमराव' आशाजित भण्डारी त्यहाँबाट पलायित हुन विवश भएकाले यस सैनिक अभियानमा दुवै गढीमा रहेका अधिकांश गोरखाली सैनिकहरु हताहत भएका थिए (विसं १८११)।

आफ्नो पक्षको नराम्रो हार भएको यस अप्रिय समाचारले गर्दा राजा पृथ्वीनारायण शाह यति बेला अत्यन्त नै चिन्तित थिए। तैपनि यिनले कत्ति हरेस खाएनन्। उता, काजी तुलाराम पाँडेको नेतृत्वमा गएका गोरखाली सैनिकहरुले दहचोकगढीमाथि आफ्नो अधिकार स्थापित गरी ललितपुरका सैनिकलाई त्यहाँबाट भगाइदिए (विसं १८११)।

राजा जयप्रकाश मल्लका सैनिकहरुले नालदुम तथा महादेव पोखरीका किल्लाहरुमा अधिकार स्थापित गरेपछि कान्तिपुर राज्यका सैनिकहरुको भयले गर्दा भक्तपुर राज्यका राजा रणजित मल्लको होसहवास उडिसकेको थियो। उता यस विजयबाट उत्साहित भएका कान्तिपुर राज्यका राजा जयप्रकाश मल्ल भने गोरखाली सैनिकहरुको हातबाट अब नुवाकोटलाई पनि फिर्ता लिन सकिन्छ भन्ने आफ्नो मनस्थिति बनाइसकेका थिए। तर राजा पृथ्वीनारायण शाह पनि हूतिहारा सामान्य व्यक्ति थिएनन्। यिनमा उत्साह तथा उमङ्ग पनि भरपूर मात्रामा थियो। काजी कालु पाँडेको नेतृत्वमा गोरखाली सैनिकहरुलाई पठाएर यिनले नालदुम तथा महादेव पोखरीमा रहेका दुवै किल्लामाथि आफ्नो अधिकार पुनः स्थापित गराई त्यहाँ रहेका सबै नगरकोटे सैनिकहरुलाई भगाइदिए (विसं १८११ साउन २१ गते, तदनुसार १ अगस्ट इसं १७५४)।

यसपछि काजी तुलाराम पाँडे आफ्नो नेतृत्वमा रहेका सैनिकहरुका साथ सिन्धुपाल्चोक हुँदै दोलखासम्मका मल्ल राज्यका भूभागहरुमाथि आफ्नो देशको नियन्त्रण स्थापित गराउन समर्थ भए। यसप्रकार सहज रुपमै प्रायः बिनारक्तपात नै पूर्वमा दूधकोसी नदीसम्म नै गोरखाली सैनिकहरुको अधिकार स्थापित भयो।

लमजुङ राज्यका राजा रिपुमर्दन शाहसँग अब प्रकट रुपमै विरोध पैदा भइसकेकाले राजा पृथ्वीनारायण शाहले केही वर्षपहिले त्यस राज्यसँग सम्पन्न भएको धर्मपत्रलाई भङ्ग गरी राजा रणजित मल्ललाई "सिन्धुपाल्चोकका साथसाथै दोलखा पनि हाललाई तपाईंहरुकै अधिकार क्षेत्रमा रहिरहोस्, त्यस इलाकाको सुरक्षाको प्रबन्ध भने म आफ्ना सैनिकहरुद्वारा गराइदिन्छु, यसका निमित्त महादेव पोखरीमा रहेको किल्लालाई भने मैले आफ्नै नियन्त्रणमा राख्नुपर्ने भयो" भनी प्रस्ताव गर्दा राजा रणजित मल्लले 'नाइँ' भन्न सकेनन्। यसबाट महादेव पोखरीमा रहेको भक्तपुर राज्यको किल्ला अब गोरखाली सैनिकहरुको एकलौटी नियन्त्रणमा पर्न आयो।

केही वर्षपहिले सम्पन्न भएको दुई देशबीचको धर्मपत्र भङ्ग भएको समचार प्राप्त भएपछि लमजुङ राज्यका राजा रिपुमर्दन शाहले तनहुँ, कास्की र पर्वत राज्यका राजाहरुलाई पनि उठाएर गोरखाली सैनिकहरुको विरूद्धमा गोरखामै आक्रमण गरिदिने सुरसार गर्न लागेको खबर राजा पृथ्वीनारायण शाहले प्राप्त गरे। लमजुङ तथा पर्वत राज्यका राजाले आपसमा मिली कास्की राज्यमा आक्रमण गरेर त्यहाँका राजा सिद्धिनारायण शाहलाई निरन्तर हैरान पारिरहेका थिए। यसैले राजा पृथ्वीनारायण शाहले राजा सिद्धिनारायण शाहलाई चौबीसे राज्यका राजाहरुको गुटबाट फुटाएर आफ्नो पक्षमा मिलाउने प्रयासमा आफ्ना विश्वस्त दूतहरुलाई कास्की राज्यतर्फ पठाइदिएका थिए।

तर राजा पृथ्वीनारायण शाहप्रति विशेष सहानुभूति राख्ने कास्की राज्यका एक जना नागरिकले महादेव पोखरीमै आएर "कास्केली राजा सिद्धिनारायण शाह अहिले अन्य चौबीसे राज्यका राजाहरुको समूहबाट फुट्ने छाँटकाँट छैन, यसैले आफ्नो सुरक्षाका निमित्त आवश्यक प्रबन्ध तपाईंले यथाशीघ्र मिलाउनुपर्‍यो" भन्ने समाचार सुनाउनेबित्तिकै राजा रणजित मल्लसँग बिदा भई राजा पृथ्वीनारायण शाह आफ्ना अग्रिम योजना तयार गर्न तत्कालै आफ्नो अस्थायी राजधानी नुवाकोटतर्फ लागिहाले।

नुवाकोटमा पुग्दा राजा पृथ्वीनारायण शाहले लमजुङ, कास्की, पर्वत आदि चौबीसे राज्यका सैनिकहरुले गोरखा राज्यका सिरानचोक गढीमाथि अधिकार स्थापित गरिसकेका अप्रिय समाचारलाई सुनेका थिए (विसं १८१२ को साउन)। यो अप्रिय समाचार प्राप्त भएपछि काजी कालु पाँडेको नेतृत्वमा गोरखाली सैनिकहरु नुवाकोटको आसपासमा रहेका सबै जगेडा गोरखाली सैनिकहरु अघिअघि र स्वयम् राजा पृथ्वीनारायण शाहको नेतृत्वमा रहेका थप सैनिकहरु पछिपछि भई दौडादौड गरी गोरखा राज्यको राजवभवनमै दाखिल हुन पुगे। आफ्नो देशका निमित्त जीवन वा मरणको प्रश्न उपस्थित हुन आइपुगेकाले यिनीहरु पुग्नुभन्दा अगाडि गोरखाको सुरक्षाको अभिभारा लिएर बसिरहेका 'काजी' रणरूद्र शाहीले पनि १२ वर्षदेखि माथि र ६० वर्षदेखिमुनिका सम्पूर्ण गोरखाली नागरिकहरुलाई जम्मा गरी आफ्नो देशको सुरक्षाका निमित्त उनीहरुलाई लडाइँका मोर्चाहरुतर्फ हिँडाइसकेका थिए।

सेनापति काजी कालु पाँडे पुगेपछि सम्पूर्ण गोरखाली सैनिकहरु एकत्रित भई आफ्ना विपक्षी सैनिकहरुको नियन्त्रणमा पुगेको आफ्नै देशको सिरानचोक गढीमाथि जोडदार आक्रमण गरिदिँदा दुई पक्षका बीचमा दिनभर घोरघमासान लडाइँ भयो। दुवै पक्षका कैयौं सैनिक अफिसर खेत रहे र सामान्य सैनिक पनि निकै हताहत भए। आखिरमा जित भने गोरखाली पक्षको नै हुँदा विपक्षका मुख्यमुख्य सैनिक अफिसरहरुलाई पक्रेर काजी कालु पाँडेले उनीहरुलाई गोरखा राज्यको राजभवनमा दाखिला गराइदिए। लडाइँका मोर्चाहरुबाट पलायित भएका चौबीसे राज्यका सैनिकहरुलाई गोरखाली सैनिकले दपेटा दिँदा नदी पार गर्न डुङ्गा उपलब्ध नहुँदा धेरै नै विपक्षी सैनिक 'चेपे' नदीमा हेलिएका थिए। यस पटक भएको यस निर्णायक लडाइँले गर्दा सबै चौबीसे राज्यका राजा मिलेर पनि एक्लो गोरखा राज्यसँग मुकाबिला गर्न नसक्ने वातावरण बनिसकेको प्रमाणित भयो।

सिरानचोकमा भएको आफ्नो पक्षको यस विजयपछि राजा पृथ्वीनारायण शाह पुगनपुग एक वर्षसम्म त राज्यप्रशासनमा अत्यावश्यक सुधारहरु गर्ने काममै दत्तचित्त

पाइन्छन्। यस समयमा यता कान्तिपुर राज्यमा राजा जयप्रकाश मल्ल तथा ललितपुर राज्यका प्रमान वा मन्त्री कालिदास प्रधानका बीचमा अनेकौं दाउपेच चलिरहेका थिए। यही उपर्युक्त मौका छोपी ललितपुर राज्यका भूभागहरुमा आफ्नो अधिकार क्षेत्रको विस्तार गर्न भनी राजा पृथ्वीनारायण शाहले आफ्ना सेनापति काजी कालु पाँडेलाई खटाइदिएका थिए। यिनको नेतृत्वमा गोरखाली सैनिकहरु चित्लाङबाट पूर्वतर्फ लागी प्रायः बिनालडाइँ ललितपुर राज्यको दक्षिणी भेगका फर्पिङसम्मका पहाडी भूभागमा आफ्नो अधिकार स्थापित गर्न समर्थ भए।

गोरखाली सैनिक ललितपुर राज्यभित्र दिनप्रतिदिन भित्रभित्र घुस्दै आएको पाएर राजा जयप्रकाश मल्लले "ललितपुर राज्यभित्र यसरी नबढ, बरू भक्तपुर राज्यतर्फ अघि बढ्छौ भने बढ, यसमा मलाई कुनै किसिमको आपत्ति हुनेछैन" भनी आग्रह गरेपछि काजी कालु पाँडे फर्पिङबाट अगाडितर्फ बढ्नबाट केही हच्किएका थिए। फर्पिङसम्म आफ्नो अधिकार स्थापित भएपछि 'कुलेखानी', 'इपा' तथा 'माल्टा'सम्म पनि गोरखाली सैनिकहरुको अधिकार स्थापित भयो। यसले गर्दा अब गोरखा राज्यको सिमाना मकवानपुर राज्यसँग जोडिन पुगेको थियो।

यसै स्थितिमा यसै वर्षको असोज महिनाको आरम्भतिर नवरात्रिको समय पारी राजा जयप्रकाश मल्लले पठाएका एक जना गुप्त हत्याराले ललितपुर राज्यमा गई त्यहाँका प्रमान वा मन्त्री कालिदास प्रधानलाई उनैको आफ्नै निवासस्थलमा हत्या गरिदियो। आफ्ना प्रमान वा मन्त्रीसँग भएको यसै वियोगले गर्दा ललितपुर राज्यका नवनियुक्त राजा राज्यप्रकाश मल्ल पनि यस दुःखदायी घटनाको लगत्तै दिवङ्गत भए। यस घटनापछि ललितपुर राज्यका प्रमान वा मन्त्रीहरुले ललितपुर राज्यको राजभवनमै पालिएका 'विश्वजित मल्ल' नामक एक जना नवायुवकलाई राजाका रुपमा ललितपुर राज्यको राजसिंहासनमा विराजमान गराइदिए (विसं १८१३ को असोज महिनाको मध्य)।

यसपछि राजा पृथ्वीनारायण शाह दहचोकगढीतर्फबाट अघि बढी ललितपुर राज्यका भित्री भागहरुसम्म पनि आफ्ना सैनिकहरुलाई क्रमशः घुसाउँदै लैजाने आफ्ना अग्रिम योजनाहरु तयार गर्नतिर लागे। यसका निमित्त यस राज्यको लगभग मध्यभागमा रहेको नगरोन्मुख 'कीर्तिपुर' नामक गाउँमा पनि आफ्नो अधिकार स्थापित गर्नु अत्यावश्यक अनुभव हुन आएको थियो। यस सम्बन्धमा आफ्ना विश्वस्त सेनानायकहरुसँग सरसल्लाह गर्दा दहचोकगढीका संरक्षक भएर रहँदै आएका हरिवंश उपाध्यायले "उपत्यकाभित्रका तीन ओटै मल्ल राज्यका राजाहरुका बीचमा आपसी वैमनस्य कायमै रहिरहे पनि तीन ओटै मल्ल राजाका नागरिकहरुमा भने अहिले पनि राम्रै मेलमेलमिलाप रहिआएकाले कीर्तिपुरमाथि अहिले नै आक्रमण गरिहाल्ने बेला भइसकेको छैन" भन्ने सल्लाह दिएका थिए। काजी कालु पाँडेको पनि यही नै राय थियो। तर राजा पृथ्वीनारायण शाहको मनस्थितिलाई विचार गरी "कीर्तिपुरमाथि अहिले नै आक्रमण गरिहाले पनि हुन्छ" भन्ने आफ्ना रायसुझाव प्रस्तुत गर्ने भारदार पनि निकै निस्किए। यस किसिमका मतभेदहरुले गर्दा आक्रमण गर्न उपयुक्त समय पनि निकै भटक्ड्इिसकेको थियो।

अन्त्यमा आएर राजा पृथ्वीनारायण शाह कीर्तिपुरमाथि तत्कालै आक्रमण गराइहाल्ने निर्णयमा पुगे। यिनको यस्तो योजना रहेको सुराक पाउनेबित्तिकै राजा जयप्रकाश मल्लले झटपटमै गोरखाली सैनिकहरुविरूद्ध आफ्ना देशका नवयुवाको सैन्य सङ्गठन गर्ने तयारी सुरू गर्न थालिहाले। ललितपुर राज्यका नवस्थापित राजा विश्वजित मल्लले पनि आफ्नो राज्यका यस्तै नवयुवाहरुको सैन्य सङ्गठन गर्ने काम सुरू गराइसकेका थिए। भक्तपुर राज्यका राजा रणजित मल्ल भने यति बेला गोरखाली सैनिकहरुविरूद्ध लडाइँ लड्न त्यति उत्साहित रहेका थिएनन्। तैपनि त्यस राज्यका नवयुवाहरु भने लडाइँ लड्न उत्साहका साथ सङ्गठित हुन थालिसकेका थिए। उता नुवाकोटमा पनि कीर्तिपुरमाथि आक्रमण गर्न आवश्यक सैनिक तयारीहरु जोडतोडका साथ चलिरहेका थिए।

"अहिले नै कीर्तिपुरमाथि आक्रमण गरिहाल्ने बेला भएको छैन" भन्ने आफ्नो अडानमा काजी कालु पाँडे अझै पनि अडिग थिए। यसै बेला राजा पृथ्वीनारायण शाहले "मरौंला भन्ने तँलाई डर छ भने भैगो, लडाइँका निमित्त म स्वयम् आफ्ना सैनिकहरुको नेतृत्व ग्रहण गर्छु" भनी उनीमाथि कठोर व्यङ्ग्यबाण प्रहार गरिदिए। आफ्ना राजाको तर्फबाट प्रहार गरिएको यो व्यङ्ग्यबाण यिनको हृदयमा निकै गहिरोसँग बिझेको थियो। तैपनि आफ्नो नेतृत्वमा रहेका सैनिकहरुका साथ राजा पृथ्वीनारायण शाहको पछिपछि लागेर आउन यिनलाई करै लाग्यो। १२ सयजति गोरखाली सैनिकलाई साथमा लिई राजा पृथ्वीनारायण शाह कीर्तिपुरमाथि आक्रमण गर्न नुवाकोटबाट दहचोकगढीमा आइपुगेका थिए। साइतको अघिल्लो दिन यिनले आफ्नो नेतृत्वमा रहेका सैनिकलाई दहचोकगढीबाट अघि बढाई कीर्तिपुरको नजिकैमा रहेको झम्सिखेलमा गएर ठाना बार्ने आदेश दिए।

आफ्नो गाउँको नजिकैमा आएर गोरखाली सैनिकहरुले ठाना बारेको देखी गोरखाली सैनिकहरुदेखि क्रुद्ध भएर कीर्तिपुरका नागरिकहरुले आफ्ना बस्तीहरुभित्रका प्रवेश गर्ने सबै प्रवेशद्वारहरुलाई सहसा बन्द गराइदिए। यो खबर उपत्यकाभित्रका तीन ओटै मल्ल राज्यका नागरिकहरुका बीचमा विद्युत्गतिले चाँडै नै यत्रतत्र फैलिई पनि हाल्यो।

गोरखाली सैनिकहरुसँग मुकाबिला गर्न भनी भोलिपल्ट बिहानैदेखि तीन ओटै मल्ल राज्यका देशभक्त नवयुवाहरु आआफ्ना राज्यका राजधानीहरुमा धमाधम जम्मा हुन थाले। यसैअनुसार कान्तिपुर राज्यका सैनिक तथा नवयुवाहरुको नेतृत्व गर्दै बिहान नौ बजेको करिबमा राजा पृथ्वीनारायण शाह स्वयम् नै कीर्तिपुरको आसपासमा रहेको सैनिक मोर्चामा आइपुगेका थिए। यिनी आइपुग्नेबित्तिकै दुई थरी सैनिकहरुका बीचमा घोरघमासान लडाइँ सुरू भई पनि हाल्यो।

कीर्तिपुरका नवयुवाहरु पनि कान्तिपुरे नवयुवाहरुकै जमातमा सम्मिलित हुन आइपुगेका थिए। मध्याह्नसम्ममा राजा विश्वजित मल्लको नेतृत्वमा रहेका ललितपुर राज्यका नवयुवाहरु पनि लडाइँका मोर्चाहरुमा सहभागी हुन आइपुगेका थिए। भक्तपुर

राज्यका राजा रणजित मल्ल स्वयम् आएनन्। भक्तपुरे सैनिक तथा त्यहाँका नवयुवाहरुको नेतृत्व गर्दै त्यहाँका केही सेनानायकहरु भने मध्याह्नको करिबमा लडाइँका मोर्चाहरुमा सहभागी हुन आइपुगेका थिए। यसरी गोरखाली सैनिकहरुको विरूद्धमा उपस्थित भएका तीन ओटै मल्ल राज्यका नियमित लडाका सैनिक तथा उत्साही नवयुवाहरुको कुल सङ्ख्या पुगनपुग दुई हजारजति हुँदो हो।

मल्ल राज्यका नागरिकहरुका निमित्त जीवन वा मरणको नै प्रश्न उपस्थित हुन आइपुगेकाले यस दिन गोरखाली तथा मल्ल राज्यका सैनिकहरुका बीचमा घोरघमासान लडाइँ सुरू भयो। मल्ल नवयुवाहरुका साथमा न राम्रा हातहतियार थिए, न त यिनीहरुले उचित सैनिक तालिमहरु प्राप्त गर्न सकेका थिए। आवेशमा मात्र यिनीहरु लडाइँका मोर्चाहरुमा सहभागी हुन आइपुगेका थिए। मल्ल सैनिकहरुको सङ्ख्या गोरखाली सैनिकहरुको भन्दा अढाई गुनाजति भए पनि एकसेएक योग्य सेनानायकहरुको नेतृत्वमा रहेका अनुभवी गोरखाली सैनिकहरुले यिनीहरुलाई निरन्तर दपेटा दिइरहेका थिए। यत्तिकैमा शत्रुपक्षबाट आएको एउटा घातक बाणले काजी कालु पाँडेलाई त्यहीँ अप्रत्याशित रुपमा ढलाइदियो। बाण लागेर घाइते भएर लडेका यिनलाई नजिकै रहेका अन्य विपक्षी सैनिकहरुले घातक हतियारको प्रयोग गरी त्यहीँ मारिदिए। यसरी एक जना सुयोग्य गोरखाली सेनापतिले बहादुरीका साथ वीरगति प्राप्त गरे।

सेनाका प्रमुख सेनापति भएर आएका काजी कालु पाँडेको अप्रत्याशित रुपमा भएको हत्यापछि योग्य सेनानायकको अभावमा गोरखाली सैनिकहरु हताश भएर लडाइँको मोर्चाबाट यत्रतत्र तितरबितर हुन विवश भए। यतिन्जेल बेलुकीको घाम अस्ताउन आँटिसकेको थियो। लडाइँका मोर्चाबाट केही टाढै रहेर राजा पृथ्वीनारायण शाह यस दुःखदायी घटनालाई टुलुटुलु हेरिरहेका थिए। आफ्नो पक्षको जित हुने आशा कत्ति पनि बाँकी नरहेकाले यिनले आफ्ना सैनिकलाई लडाइँबाट तत्कालै पछि हटिहाल्ने आदेश जारी गरिदिए। आफ्ना राजाको पछिपछि गोरखाली सैनिकहरु यसै दिन, राति झमक्क

साँझ परिसकेपछि फर्किएर दहचोकगढीमा पुगेका थिए। दिनभरको लडाइँले थाकेर चूर भएका मल्ल सैनिकहरुले गोरखाली सैनिकहरुको पिछा गर्ने आँट गर्न सकेनन्।

यस दिन दिनभर भएको सैनिक सङ्घर्षमा मल्ल राज्यका सैनिक तथा नवयुवाहरुको पनि कम क्षति भएको थिएन। दुवै पक्षका लगभग आधाआधाजति लडाकाहरु क्षतिग्रस्त भएका थिए। राजा जयप्रकाश मल्लले गोरखाली सैनिकहरुलाई आफ्ना घाइते सैनिकहरुलाई लिएर जाने अनुमति प्रदान गरिदिएका थिए। यसैअनुसार लडाइँमा मारिएका तथा घाइते भएका सबै गोरखाली सैनिक दहचोकगढीको सैन्यशिविरमा लगिएका थिए। भोलिपल्ट बिहान आफ्ना हताहत तथा घाइते भएका असङ्ख्य सैनिक देखेर राजा पृथ्वीनारायण शाह अत्यन्त भावविह्वल बने। आफ्ना प्रियपात्र काजी कालु पाँडेको अकल्पित निधनले त यिनको मनमा जीवनभर कहिल्यै पनि निको नहुने गहिरो घाउ लगाइदिएको थियो।

यस लडाइँको लगभग एक महिना जतिपछि इस्ट इन्डिया कम्पनीका सेनापति रबर्ट क्लाइबले 'पलासी'मा भएको निर्णायक युद्धमा विजयी भई भारतमा अङ्ग्रेजी राज्यको शिलान्यास गराइदिएका थिए (२३ जुन इसं १७५७, तदनुसार विसं १८१४ असार १३ गते)। गोरखाली सैनिकहरुको असफलता तथा इस्ट इन्डिया कम्पनीको यस सफलताबाट राजा पृथ्वीनारायण शाहका निमित्त सङ्कटका काला बादल देखापर्न थालिरहेका थिए।

कान्तिपुर राज्यका बौद्ध व्यापारीहरुले तिब्बतबाट नेपालतर्फ आउने र बङ्गाल, बिहार तथा नेपालबाट तिब्बततर्फ जाने वस्तुहरुको व्यापारलाई आफ्नो हातमा लिएर प्रशस्त धनदौलत आर्जन गरिरहेका थिए। यस्ता व्यापारिक सरसामानको आयात तथा निर्यातहरुमा लाग्ने 'जगात' वा भन्सारहरुबाट कान्तिपुर राज्यको राज्यकोष यिनताक दिनदिनै समृद्ध बन्दै आइरहेको थियो। अब तिब्बततर्फ आवतजावत गर्ने कुती तथा केरूङ दुवैतर्फका प्रमुख बाटाघाटा गोरखाली सैनिकहरुकै नियन्त्रणमा पर्न गएकाले कान्तिपुर राज्यका नेवार व्यापारीहरु यस किसिमका व्यापारिक लाभहरुबाट वञ्चित थिए।

तिब्बत जाने कुतीतर्फको राजमार्ग पनि आफ्नो हातमा परेपछि यस राजमार्गबाट एकलौटी रुपमा व्यापार चलाएर तिब्बततर्फ निर्यात हुने व्यापारिक मालसामानबाट 'जगात' वा भन्सार उठाई यसको आम्दानीबाट सात वर्षको बीचमा आफ्नो राजभवनलाई निकै विस्तृत तुल्याई भव्य रुप प्रदान गरेर भक्तपुर राज्यका राजा रणजित मल्लले आफ्नो राज्यको आर्थिक हैसियत निकै बढेचढेको प्रत्यक्ष परिचय सर्वसाधारण नागरिकलाई गराइसकेका थिए। यसैले राजा पृथ्वीनारायण शाह पनि केरूङतर्फबाट एकतर्फी रुपमा तिब्बतसँग आफ्नो देशको व्यापार सम्बन्धलाई विस्तार गर्ने प्रयासमा संलग्न थिए। तर व्यापार तथा व्यवसायको पेसामा गोरखाली नागरिकहरु त्यति कुशल थिएनन्। सिन्धुपाल्चोकका साथै दोलखा पनि आफ्नो नियन्त्रणमा आएपछि आफ्ना एक जना वाणिज्यदूतलाई 'खासा'मा राखेर तिब्बततर्फबाट त्यहाँ आउने कच्चा सुनहरुलाई खरिद गरी र तिनै सुनहरु नुवाकोटमा आउने भारतीय व्यापारीहरुलाई बिक्री गरी केही मुनाफा आर्जन गर्ने प्रयासमा राजा पृथ्वीनारायण शाह थिए तापनि सफल भने हुन सकेनन्।

कीर्तिपुरमा भएको गोरखाली सैनिकहरुको पराजयपछि कान्तिपुर राज्यका राजा जयप्रकाश मल्ल तथा ललितपुर राज्यका राजा विश्वजित मल्लको बीचमा कटुता पैदा भएको र भक्तपुर राज्यका राजा रणजित मल्लसँग पनि राजा जयप्रकाश मल्लको राम्रो सम्बन्ध नरहेकाले तिब्बतसँगको आफ्नो देशको व्यापार सम्बन्धलाई सुदृढ बनाउन राजा पृथ्वीनारायण शाहले कान्तिपुर राज्यका परम्परागत नेवार व्यापारीबाट आवश्यक सहयोग लिनु उचित हुने सम्झिएका थिए। यसैअनुसार कुती तथा केरूङ दुवैतर्फका बाटाघाटालाई खुला राखेर कान्तिपुर तथा गोरखा दुवै राज्यका व्यापारीहरुले आपसमा मिलेर तिब्बतसँग व्यापार गर्ने र व्यापारिक लाभ पनि दुवै देशले बराबर बाँडेर लिने सर्तमा दुई देशको बीचमा शान्तिसम्झौता सम्पन्न गर्ने निर्णय गरियो। गोरखा तथा कान्तिपुर दुवै राज्यका वाणिज्यदूतहरु तिब्बतको राजधानी ल्हासामा र एकअर्का देशका राजधानीहरुमा राख्न पनि दुवै देशका राजा सहमत भए। यसै सहमतिअनुसार दुई देशको

बीचमा धर्मपत्र वा सन्धिपत्र पनि सम्पन्न भई परस्परमा आदानप्रदान पनि गरिए (विसं १८१४ पुस २३ गते, तदनुसार ३ जनवरी इसं १७५८)।

ललितपुर राज्यका नवस्थापित राजा विश्वजित मल्लसँग राजा जयप्रकाश मल्ल यति बेला निकै क्रुद्ध भएका थिए। यसैले यिनले "आफ्नो राज्यक्षेत्रभित्र रहँदै आएको सिन्धुपाल्चोक तथा दोलखा पनि आफ्नो देशलाई नै फिर्ता दिएमा राजा पृथ्वीनारायण शाहलाई ललितपुर राज्यको राजा बनाइदिने भन्ने प्रस्ताव राजा जयप्रकाश मल्लले प्रस्तुत गर्दा राजा पृथ्वीनारायण शाहले यिनको यस प्रस्तावमाथि खासै दिलचस्पी नदिई तिब्बतसँगको परम्परागत व्यापार सम्बन्धलाई सुदृढ तुल्याउने विषयलाई मात्र यस धर्मपत्रमा प्रमुख स्थान दिएका थिए। यसै धर्मपत्रअनुसार गोरखा राज्यका वाणिज्यदूत भएर 'काजी' तुलाराम पाँडे कान्तिपुर राज्यको राजधानी काठमाडौं सहरमा बस्न आए पनि। तर यिनले यहाँ स्वच्छन्द रुपले आफ्ना गतिविधि सञ्चालन गर्न पाएनन्। कान्तिपुर राज्यका नागरिकहरुमा आफ्नो देशको राजनीतिक प्रभावलाई विस्तार गर्नु यिनको प्रमुख कर्तव्य थियो। यस कामलाई भने यिनले यथाकथित केही गर्दै आइरहेका थिए।

तर उपर्युक्त धर्मपत्रअनुसार तिब्बतसँगको आफ्नो देशको व्यापार सम्बन्धमा खास प्रगति हुन नसक्ने देखिएको र यसबाट आफ्नो राज्यमा गोरखालीहरुको प्रभाव क्रमिक रुपमा विस्तारित हुँदै आइरहेकाले राजा जयप्रकाश मल्लले 'भेदिया'को आरोप लगाई गोरखाली वाणिज्यदूत काजी तुलाराम पाँडेलाई बिनाअपराध पक्रिई कैदमा राखिदिए। यिनका अन्य दुई जना सहयोगीहरुलाई भने अमानुषिकरुपमा हत्या नै गराइदिए। राजदूतका रुपमा कार्यरत रहेका काजी तुलाराम पाँडेको जीवन यति बेला खतरामा पर्न आएको थियो। तर उपयुक्त मौका छोपी थुनाबाट उम्किएर पलायित भई नुवाकोटमा पुगेर यिनले राजा पृथ्वीनारायण शाहलाई राजा जयप्रकाश मल्लका सम्पूर्ण क्रियाकलापहरु एकएक गरी सुनाइदिए (विसं १८१५ को चैत)।

राजा जयप्रकाश मल्लले यसरी विश्वासघात गरिदिएपछि राजा पृथ्वीनारायण शाहले उनीदेखि क्रुद्ध भएर कान्तिपुर राज्यका नागरिकहरुको गोरखाली नागरिकहरुसँग सम्बन्ध नै विच्छेद गराइदिने उद्देश्यअनुसार आफ्ना लडाका सैनिकहरु पठाई कान्तिपुर तथा गोरखा राज्यको सिमाना जोडिएको नुवाकोट इलाकाको 'शिवपुरी'मा रहेको कान्तिपुर राज्यको एउटा किल्लामा आफ्नो अधिकार स्थापित गराई दुई देशबीचको आवतजावतलाई पूर्ण रुपमै नियन्त्रण गराइदिए (विसं १८१६ को असार)।

कीर्तिपुरमा भएको लडाइँमा भक्तपुर राज्यका राजा रणजित मल्लले पनि आफ्ना सैनिकहरुका साथै त्यहाँका सेनानायकलाई पनि सहभागी गराइदिएकाले राजा पृथ्वीनारायण शाहको यिनीसँगको 'मीतबाबा'को नातासम्बन्ध पनि औपचारिक मात्र रहन आएको थियो। यसैले भक्तपुर राज्यका राजासँग पनि क्रुद्ध भई महादेव पोखरीको किल्लामा रहेका गोरखाली रक्षकहरुलाई यिनले अप्रत्याशित रुपमा त्यहाँबाट हटाइदिएका थिए। यसले गर्दा क्रुद्ध भएर राजा रणजित मल्लले पनि गोरखालीहरुका कट्टर विरोधीका रुपमा रहँदै आएका परशुराम थापालाई आफ्ना 'उमराव' वा सेनापति बनाई काभ्रे तथा पलाञ्चोकमा रहेका आफ्ना किल्ला वा गढीहरुलाई मर्मतसम्भार गराई दुवै गढीमा आफ्नै सैनिकहरुलाई मात्र राख्न थालेका थिए।

गोरखाको सिरानचोकमा घरवास भएका 'सरदार' बाघ भीमसेन थापाको नेतृत्वमा एउटा सशक्त सैन्यदल पठाउँदा यिनले आफ्ना सैनिकहरुद्वारा सबैभन्दा पहिले पलाञ्चोकगढीमा आक्रमण गराइदिएका थिए। तर यस आक्रमणमा गोरखाली सेनाका प्रमुख सेनानायक भएर भएका बाघ भीमसेन थापा स्वयम् नै मारिँदा यिनका सहायक भएर गएका 'सरदार' रामकृष्ण कुँवरले गोरखाली सैनिकको नेतृत्व ग्रहण गरी विपक्षी सैनिकलाई हराएर त्यस गढीमाथि पनि आफ्नो एकलौटी अधिकार स्थापित गराइदिए (विसं १८१६ को पुस)।

पलाञ्चोकगढीको पतन भएको समाचार प्राप्त गरेपछि काभ्रेगढीका संरक्षकहरु पनि त्यहाँबाट पलायित भएकाले दुवै गढीमा अधिकार स्थापित गरी काभ्रे पलाञ्चोकका

संरक्षक तथा प्रमुख प्रशासक पनि भई सरदार रामकृष्ण कुँवर भँवरकोटको आसपासमा घरवास गरी त्यहीँ स्थायी रुपमा रहन थाले।

यसै स्थितिमा ललितपुर राज्यका नवस्थापित राजा विश्वजित मल्ल आफ्ना 'साधु'को हातबाट अप्रत्याशित रुपमा मारिँदा त्यस राज्यका प्रमान वा मन्त्रीहरुले कान्तिपुर राज्यका राजा जयप्रकाश मल्ललाई नै बोलाएर आफ्नो राज्यको पनि राजाका रुपमा राजमुकुट पहिऱ्याइदिएका थिए (विसं १८१७ असोज अनु.)। यसरी राजा जयप्रकाश मल्ललाई नै आफ्नो राज्यको राजा थापे पनि ललितपुर राज्यका प्रमानहरुले आफ्नो देशको पृथक् अस्तित्वलाई भने कायमै राखिरहेका थिए। राजा विश्वजित मल्ल ललितपुर राज्यको पुरानो राजभवनमा मारिएका थिए। यसैले "यो राजभवन अफापको रहेछ, यसमा बस्नु ठीक छैन" भनी पुरानो राजभवनको बगलैमा अर्को राजभवन बनाएर राजा जयप्रकाश मल्ल यसै नयाँ राजभवनमा बस्न थालेका थिए।

राजा जयप्रकाश मल्ल ललितपुर राज्यमै गएर रहन थालेका थिए पनि त्यहाँका प्रमानहरु भने राज्यप्रशासनसम्बन्धी सम्पूर्ण कामहरुलाई आफ्नै नियन्त्रणमा राखी राजाको हातबाट सम्पन्न गरिनुपर्ने धार्मिक कृत्यहरु मात्र राजा जयप्रकाश मल्लको हातबाट गराउन चाहन्थे। राजा जयप्रकाश मल्ल भने यसरी थपनाका मात्र राजा भएर ललितपुरमा किन पो रहिरहन चाहन्थे? यिनले ललितपुर राज्यको राज्यप्रशासनमाथि पनि हस्तक्षेप गर्ने प्रयास गर्दा त्यहाँका प्रमान वा मन्त्रीहरुसँग यिनको अनबन प्रारम्भ भयो र त्यहाँका 'भिँख्वाल धन' नामक एक जना प्रभावशाली प्रमानले यिनलाई अपमानपूर्वक आफ्नो राज्यको राजसिंहासनबाट उतारी भक्तपुर राज्यका राजा रणजित मल्ललाई बोलाएर आफ्नो राज्यका पनि राजा बनाइदिए (विसं १८१९ को वैशाख)।

२.६ मकवानपुर राज्यमा अधिकार र उपत्यकाभित्रका मल्ल राज्यहरुमाथिको नाकाबन्दी

राजा पृथ्वीनारायण शाहले जति बेला नेपालमा रहेका ससाना पहाडी राज्यहरुको एकीकरण अभियानलाई सञ्चालन गर्न आरम्भ गरेका थिए, त्यति बेला इस्ट इन्डिया कम्पनीको बङ्गाल शाखाका अङ्ग्रेज पदाधिकारीले उत्तरी भारतका राजनीतिक, सामाजिक तथा आर्थिक परिस्थितिहरुमा आमूल परिवर्तन ल्याइदिएको थियो।

'पलासी'मा भएको प्रसिद्ध लडाइँपछि इस्ट इन्डिया कम्पनीको बङ्गाल शाखाका 'गभर्नर' क्लाइबले स्थापना गरेको 'मुर्सिदाबाद' राज्यका कठपुतली प्रशासक नबाब बजिर जाफर खली खाँसँग यिनले कबोल गरेअनुसार लिनुपर्ने रूपैयाँहरु मुर्सिदाबाद रियासतको राजकोषमा सञ्चित नभएकाले लिनुपर्ने रकममध्ये आधा मात्र लिई बाँकी रकम भने तीन वर्षभित्रमा बुझाउने गरी भाकापत्र गराई लिएका थिए।

यसभन्दा बाहेक मुर्सिदाबाद रियासतका नयाँ नबाब बजिरबाट इस्ट इन्डिया कम्पनीका पदाधिकारीका साथसाथै प्रत्येक अङ्ग्रेज व्यापारीहरुले पनि आफ्ना व्यापारिक सरसामान जगात अर्थात् भन्सार तिर्नुनपर्ने गरी सुविधा पाएका थिए। यसले गर्दा यहाँका स्थानीय व्यापारीहरुले मात्र जगात अर्थात् भन्सार तिर्नुपर्ने र कम्पनी सरकार तथा कम्पनी सरकारमा कार्यरत रहेका अङ्ग्रेज कर्मचारीले भने तिर्नुनपर्ने गरी बलपूर्वक बाँध्न लगाइएको यस्तो असमान व्यवस्थाले गर्दा अङ्ग्रेज व्यापारी दिनदिनै सम्पन्न र यहाँका स्थानीय व्यापारी तथा शिल्पकार भने दिनप्रतिदिन दरिद्रतर बन्दै आएका थिए। यसैले

यस्ता लुटेरा अङ्ग्रेज व्यापारीलाई बङ्गाल प्रान्तबाटै धपाइदिने योजना नबाब बजिर जाफर अली खाँका ज्वाइँ तथा सेनाका प्रमुख सेनापति कासिम अली खाँको थियो।

यसको सवा तीन वर्षजति पछि नबाब बजिर जाफर अली खाँसँग पहिले कबोल गरिएअनुसारको रकम चुक्ता पारेर लिई लाखौं रूपैयाँ हातमा पारेर मिस्टर क्लाइब स्वदेश बेलायतमा फर्किई भारतमा अन्यायपूर्वक आर्जन गरिएका आफ्ना धनसम्पत्तिलाई अनावश्यक काममा खर्च गर्दै निकै बदनाम थिए।

यता नबाब बजिर जाफर अली खाँले इस्ट इन्डिया कम्पनीको बङ्गाल शाखालाई सर्तअनुसार बुझाउनुपर्ने रकम समयमा बुझाउन नसकेकाले नयाँ नबाब बजिरको खोजी गर्दा नयाँ आएका गभर्नर वेरलेस्टले कम्पनी सरकारका निमित्त बढी भूभाग एवम् प्रशस्त उपहार पनि लिने गरी जाफर अली खाँका आफ्नै ज्वाइँ तथा सेनाका प्रमुख सेनापति कासिन अली खाँलाई मुर्सिदाबाद रियासतका नयाँ 'नबाब बजिर' पदमा नियुक्त गरिदिए।

नयाँ नियुक्त भएका नबाब बजिर जाफर अली खाँले आफ्नो रियासतको अत्यावश्यक खर्चका निमित्त आवश्यक पर्ने रकम छुट्याई इस्ट इन्डिया कम्पनीलाई बुझाउनुपर्ने रूपैयाँहरु तोकिएको समयभित्र नै चुक्ता पारी बुझाइदिए। तर यिनताक उत्तरी भारतमा मुर्सिदाबाद रियासत भ्रष्टाचारको प्रमुख अखाडा थियो। यसैले आफ्नो राज्यको राजधानीलाई उत्तरी बिहारमा, गङ्गा नदीको किनारमा रहेको मुङ्गेर सहरमा सारी त्यहाँ अङ्ग्रेजसँग हुन सक्ने सम्भावित सङ्घर्षका निमित्त युरोपियन ढाँचाका तोप, बन्दुक आदि हातहतियार बनाउने कारखाना खोली र 'ग्रेगरी' नामक एक जना आर्मेनियन युवकलाई 'गुरगिन खाँ' भन्ने नाम दिई आफ्नो सेनाका सेनापतिको पदमा नियुक्त गरेर आफ्ना सैनिकलाई आधुनिक ढाँचाबाट सैनिक तालिमहरु प्रदान गर्न थालेका थिए।

यसै क्रममा 'कासिम अली खाँ'ले उत्तरी बिहारका जमिनदारसँग लिनुपर्ने पुराना बक्यौता कुत बालीहरु असुलउपर गर्न लाग्दा त्यहाँ एक किसिमको आतङ्क मच्चियो र

यस आतङ्कको लहर मकवानपुर राज्यसम्म पनि आइपुग्यो। यस समयमा राजा पृथ्वीनारायण शाहका ससुरा हेमकर्ण सेनको देहान्त भई यिनका छोरा दिग्बन्धन सेन त्यहाँको राजसिंहासनमा विराजमान भइसकेका थिए। कासिम अली खाँसँग यिनको विशेष सम्बन्ध स्थापित भएको थियो। यता आफ्नो पहिलो विवाह भएको वर्षमै दाइजोको विषयलाई लिएर यिनीसँग राजा पृथ्वीनारायण शाहको तीव्र विवाद उत्पन्न भई आपसमा मनोमालिन्य पैदा भइसकेको थियो। यसैले अब मकवानपुर राज्यलाई नै उन्मूलन गरिदिने निर्णय गरी राजा पृथ्वीनारायण शाह यसका निमित्त आवश्यक तयारी सुरू गर्न थाले।

यस समयसम्ममा गोरखाली सेनामा तालिमप्राप्त सैनिकहरुको सङ्ख्या निकै बढिसकेको थियो। यसैले मकवानपुर राज्यमाथि सैनिक अभियान सञ्चालन गर्न सैनिकहरुको कुनै कमी रहेको थिएन। तर यस कामका निमित्त आवश्यक पर्ने सेनानायकहरुको व्यवस्था गर्नु र भारदारी सभाको पुनर्गठन गर्नु पनि अत्यावश्यक अनुभव हुन आइरहेको थियो। 'चौतारा'को पदमा राजकुमार महोद्दामकीर्ति शाह पहिलेदेखि नै कार्यरत थिए। राज्यक्षेको पर्याप्त विस्तार भइसकेकाले थप 'चौतारा'को पनि आवश्यकता अनुभव हुन आएकाले राजा पृथ्वीनारायण शाहले आफ्ना साइँला भाइ राजकुमार दलर्मदन शाहलाई पनि 'चौतारा'को पदमा नियुक्त गरिदिए। यसबाट यिनी 'कान्छा चौतारा'को नामले प्रसिद्ध रहन थाले। काजी कालु पाँडको असामयिक रुपमा देहान्त भएपछि गोरखा राज्यमा काजी वा मन्त्रीको पद रिक्त नै थियो। यतिन्जेल यिनका जेठा छोरा वंशराज पाँडे १८–२० वर्षका समर्थ नवयुवक बनिसकेका थिए। यसैले राजा पृथ्वीनारायण शाहले यिनलाई यिनका पिताले उपभोग गर्दै आएको 'काजी'कै पद प्रदान गरी आफ्नो भारदारी सभामा सम्मिलित गराइदिए।

सरदार शिवरामसिंह बस्नेतको सेनापतिको पद पनि यतिन्जेलसम्मम रिक्त थियो। यिनका छोरामध्ये माइला छोरा, काजी वंशराज पाँडेका भिनाजु केहरसिंह बस्नेतलाई सरदारभन्दा माथिल्लो तहको 'बख्सी'को पद प्रदान गरी राजा पृथ्वीनारायण शाहले

यिनलाई गोरखाली सेनाका प्रमुख सेनापतिको पदमा नियुक्त गरिदिए। यी दुवै मन्त्री तथा सेनानायकको रायसल्लाह तथा तजबिजअनुसार मकवानपुर अभियानका निमित्त आवश्यक सैनिक तयारी सुरू गरिन थालिए।

आफ्नो देशको विरूद्धमा गोरखाली सैनिकहरुको सैनिक अभियान सञ्चालित हुने छनक प्राप्त भएपछि मकवानपुर राज्यका राजा दिग्बन्धन सेनले पनि आफ्नो राज्यको पहाडी भेगमा रहेका 'तिमाल'तर्फका खस तथा मगर नागरिक र तराईतर्फका भुइँहारहरुको समेत अलगअलग लडाका सैन्यदल सङ्गठन गरी गोरखाली सैनिकहरुसँग कडा मुकाबिला गर्न तम्तयार राखेका थिए। मकवानपुरमा आक्रमण गर्ने गोरखाली सैनिकको नेतृत्व राजा पृथ्वीनारायण शाहले दहचोकगढीमा रहेर सजगतापूर्वक गरिरहेका थिए।

मकवानपुर गढीमा आक्रमण गर्न राम्रो साइत जुरिरहेको थियो। यसको अघिल्लो दिन त्यस गढीको नजिकै ठाना वा 'आड' बारी साइतको दिन बिहान सबेरैदेखि आक्रमण गरेर पुगनपुग १० घण्टाजतिको भीषण लडाइँपछि मकवानपुरे सैनिकहरुलाई त्यस गढीबाट भगाएर त्यस गढीलाई तहसनहस तुल्याइदिँदा यस दिन पुगनपुग एक हजारजति मकवानपुरे सैनिकहरु हताहत हुन आएकाले राजा दिगबन्धन सेन आफ्नो राज्यको राजधानीबाट पलायित भई आफ्नै राज्यक्षेत्रभित्र रहेको हरिहरपुरतर्फ लागे। यसबाट मकवानपुर राज्यको प्रमुख किल्ला, राज्यको राजधानी तथा राजभवन पनि सजिलैसँग गोरखाली सैनिकहरुको नियन्त्रणमा आयो।

अर्कातिर यति नै बेला पूर्वको भँवरकोटतर्फबाट सरदार रामकृष्ण कुँवरले आफ्नो नेतृत्वमा पलाञ्चोकगढीमा रहेका गोरखाली सैनिकहरुलाई लगी 'तिमाल कोट' तथा 'सिन्धुलीगढी'माथि पनि आफ्नो अधिकार स्थापित गरी (विसं १८१९ असोज २ गते, तदनुसार १४ सेप्टेम्बर इसं १७६२) मकवानपुर राज्यको राजधानीमै दाखिल हुन पुगेका थिए। यसपछि गोरखाली सैनिकहरु 'हरिहरपुरगढी'मा आक्रमण गर्न भनी पुग्दा राजा

दिग्बन्धन सेनले त्यहाँबाट पनि पलायित भई सपरिवार मुगलानभित्र प्रवेश गरेका थिए (विसं १८१९ असोज २२ गते, तदनुसार ४ अक्टोबर इसं १७६२)।

मकवानपुर गढीको सुरक्षाका निमित्त एक जना सरदारको नेतृत्वमा आफ्ना केही सैनिकहरुलाई त्यहीँ राखी अन्य सैनिकहरुको नेतृत्व गर्दै काजी वंशराज पाँडे तथा बख्सी कहरसिंह बस्नेत पनि मकवानपुर विजयको शुभ समाचार राजा पृथ्वीनारायण शाहलाई सुनाउन भनी आआफ्ना नेतृत्वमा रहेका सैनिकहरुका साथ दहचोकगढीमै फर्किएर आए। उता सरदार रामकृष्ण कुँवर पनि आफ्नो नेतृत्वमा रहेका सैनिकहरुलाई लिई आफ्नै कार्यक्षेत्र पलाञ्चोकतर्फ नै फर्किएर आए।

नबाब बजिर कासिम अली खाँ यति बेला बेतियाको मखनियामा आएर आफ्ना सेनापति ग्रेगरी वा गुरगिन खाँका साथ बसिरहेका थिए। आफ्नो राज्याधिकारबाट पदच्युत गराइएका राजा दिग्बन्धन सेनले त्यहाँ पुगेर "जसरी हुन्छ, गोरखाली सैनिकहरुलाई मकवानपुर राज्यबाट हटाइदिनुहोस्" भनी आग्रह गर्दा भित्री मधेसभित्र रहेको आफ्नो सुरक्षाका निमित्त उपयुक्त हुने मकवानपुर जस्तो सुरक्षित ठाउँ सजिलै आफ्नो नियन्त्रणमा आउन सक्ने आशाले गर्दा यिनले गोरखाली सैनिकहरुविरूद्ध लड्न भनी सेनापति गुरगिन खाँको नेतृत्वमा एउटा सशक्त सैन्यदललाई मकवानपुर राज्यतर्फ पठाइदिने निर्णय गरे।

कासिम अली खाँका सेनानायक भएर आएका गुरगिन खाँले मकवानपुर अभियानका निमित्त पुगनपुग दुई हजारजति भारतीय सैनिकहरुलाई आफ्नो साथमा लिएर आएका थिए (विसं १८१९ पुस २७ गते, तदनुसार ७ जनवरी इसं १७६३)। यिनीहरुले मकवानपुर राज्यको 'हर्नामाडी'मा आफ्नो अधिकार स्थापित गरी मकवानपुर गढीको सुरक्षाका निमित्त बनाइएका तीन ओटा गोरखाली आड वा ठानाहरुमध्ये एउटा आडमा त आफ्नो अधिकार पनि स्थापित गराइदिएका थिए। यो समाचार रातारात गरी दहचोकगढीमा आइपुगेपछि राजा पृथ्वीनारायण शाहले आफ्ना सेनापति काजी वंशराज पाँडे तथा बख्सी कहरसिंह बस्नेतको नेतृत्वमा एउटा सशक्त सैन्यदल पठाएर भँमरकोटमा रहेका सरदार

रामकृष्ण कुँवरलाई पनि “आफ्नो नेतृत्वमा रहेका सैनिकहरुका साथ तुरून्तै मकवानपुरतर्फ गइहाल्नू” भनी आज्ञापत्र जारी गरिदिए।

यस संयुक्त सैन्यदलले त्यहाँको एउटा आडमा अधिकार स्थापित गरेर बसिरहेका विपक्षी सैनिकहरुमाथि आक्रमण गरी परास्त गरेर हर्नामाडीमाथि पनि आक्रमण गर्न अग्रसर भयो। हर्नामाडीमा भएको लडाइँमा कासिम अली खाँका मुगल सैनिक तथा उनका भरियाहरुसमेत गरी १७ सय जनाजति हताहत हुँदा गुरगिन खाँको नेतृत्वमा रहेका भारतीय सैनिकहरुले आफ्ना दुई ओटा तोप तथा सयौं बन्दुकलाई पनि युद्धस्थलमै छोडी बाँकी बचेका सैनिकहरुलाई साथमा लिई आफ्नै देशतर्फको बाटो लागेका थिए (विसं १८१९ माघ १० गते, तदनुसार २० जनवरी इसं १७६३)।

आफ्ना विपक्षी सैनिकको पराजय भएको समाचार प्राप्त भएपछि राजा पृथ्वीनारायण शाह हर्षित भई स्वयम् मकवानपुरको राजधानीमा उपस्थित हुन पुगे। त्यहाँ कासिम अली खाँका मुगल सैनिकहरुले छाडेर गएका बन्दुक तथा गोलाबारूद आदि हातहतियारको ठूलो डङ्गुर थियो। कासिम अली खाँका मुगल सैनिकले प्रशस्त मात्रामा हातहतियार लिएर आएका थिए। अपेक्षित सैनिक तालिम भने उनीहरुले पाएका थिएनन्। सैनिक कमजोरीले गर्दा हर्नामाडीमा आफ्नो अधिकार स्थापित भएको आठ दिन बित्दा पनि उनीहरुले मकवानपुर गढीमाथि आक्रमण गर्ने आँट गर्न सकेका थिएनन्। यस किसिमका कमजोरीलाई युद्धकुशल गोरखाली सैनिकले राम्रैसँग पहिचान गरेका थिए।

मुगल सैनिकहरुलाई हर्नामाडीतर्फ पठाई मकवानपुर राज्यका पूर्वराजा दिग्बन्धन सेन हरिहरपुर नजिकको खुँडा घाटमा गएर आफ्ना जहानपरिवारका साथ मुगल सैनिकहरुको आक्रमणको परिणामलाई पर्खेर बसिरहेका थिए। मुगल सैनिकहरु मकवानपुरबाट पलायित भएपछि राजा पृथ्वीनारायण शाह मकवानपुर राज्यमा पुग्दा त्यहाँका पूर्वराजा दिग्बन्धन सेन, उनकी आमा तथा बहिनीले पनि त्यहाँबाट पलायित भएर भारतीय भूमिभित्र प्रवेश गरिसकेका थिए। आफ्नो राज्यबाट पलायित भएका मकवानपुर राज्यका पूर्वराजा दिग्बन्धन सेन पनि सबैतिरबाट निराश भई “फर्केर आऊँ वा नआऊँ”

भन्ने दोमन गर्दै पछि आफ्ना बहिनीज्वाइँ राजा पृथ्वीनारायण शाहको समक्षमा आई आत्मसमर्पण गर्न विवश हुँदा सपिरवार पक्रिएर गोरखामा ल्याई कडाइका साथ नजरबन्दमा राखिए (विसं १८१९ को माघ, तदनुसार फेब्रुअरी इसं १७६३)।

मकवानपुर राज्यमाथि स्थापित भएको आफ्नो अधिकार पाको भएपछि राजा पृथ्वीनारायण शाह अब काठमाडौं उपत्यकाभित्र रहेका तीन ओटै मल्ल राज्यका राजधानी तथा यिनका आसपासमा रहेका स्थानीय नेवारका आबादी रहेका गाउँहरुमाथि पनि सैनिक तथा आर्थिक नाकाबन्दीहरु लागू गरी यहाँका मल्ल राजाहरुलाई सैनिक दृष्टिकोणले जर्जर तुल्याउने अभियान संलग्न रहन थाले।

यतिन्जेल उपत्यकाभित्र प्रवेश गर्ने प्रायः सबै नै बाटाघाटाहरु बन्द भइसकेका थिए, तर भक्तपुर राज्यको दक्षिणपूर्वतर्फ रहेका नेवारहरुका बस्ती भएका 'खढ्पु', 'पनौती', 'धुलिखेल' आदि सात ओटा गाउँ मात्र नियन्त्रणमा आउन बाँकी थिए। उपर्युक्त गाउँहरुमा आफ्नो अधिकार स्थापित गर्न राजा पृथ्वीनारायण शाहले आफ्ना सैनिकहरुलाई त्यहाँ पठाउने तरखर गर्न लाग्दा आफ्नो राज्यको सुरक्षाका निमित्त भक्तपुर राज्यका राजा रणजित मल्लले ललितपुर राज्यका राजाको हैसियतले वहन गर्नुपर्ने जिम्मेवारीलाई परित्याग गरी एकलौटी रुपमा आफ्नो राज्यतर्फ मात्र ध्यान दिन थालेकाले त्यहाँका मन्त्रीहरु बाध्य भई कान्तिपुर राज्यका राजा जयप्रकाश मल्ललाई नै फेरि पनि आफ्नो राज्यको पनि राजा बनाइदिए (विसं १८२० को असार)।

यसै परिस्थितिमा धुलिखेलमाथि गोरखाली सैनिकहरुको जोडदार आक्रमण हुँदा दुई पक्षका बीचमा कडा मुकाबिला भए पनि अन्त्यमा त्यहाँको किल्ला गोरखाली सैनिकहरुको नियन्त्रणमा आयो र यसपछिका पाँच दिनका बीचमै खड्पु, पनौती, चौकोट र साँगा आदि सात ओटा गाउँ गोरखाली सैनिकहरुकै अधिकारमा आए (विसं १८२० कात्तिक ११ गते, तदनुसार २४ अक्टोबर इसं १७६३)।

यसै स्थितिमा पहिले तीर्थयात्राका क्रममा काशीमा जाँदा भेट भएका गुलाब राय नामक एक जना नागा बैरागीले १९ वर्षजति पहिले गरेको वाचाबन्धनको स्मरण गराउँदै नुवाकोटमा आएर राजा पृथ्वीनारायण शाहसँग भेट गरी "मुगल चौकीदारहरुको पन्जाबाट तपाईंहरुलाई छुटाउँदा त्यति बेला तपाईंहरुले जेजति पुरस्कार दिने वाचा गर्नुभएको थियो, त्यस वाचालाई अहिलेसम्म पूरा गर्नुभएको छैन, यसैले अब त्यसलाई तुरून्त नै पूरा गरिदिनुहोस्" भनी आफ्नो मागलाई प्रस्तुत गरिदिए।

यसमा राजा पृथ्वीनारायण शाहले "मैले त्यति बेला तपाईंहरुलाई यथोचित पुरस्कार दिने वाचा त गरेको हुँ तर अप्ठ्यारोमा परेका बेला करकाप गरेर जेजति रकम उपलब्ध गराउनुपर्ने वाचा तपाईंहरुले मलाई गराउनुभएको थियो, त्यति रकम दिन भने म असमर्थ छु, उचित रकम लिएर जानुहोस्" भनी आग्रह गर्दा साधुको भेषमा आएका ती लडाका वैरागी रिसले गर्दा रन्किएर कान्तिपुर राज्यमा आई राजा जयप्रकाश मल्ल तथा भक्तपुर राज्यका राजा रणजित मल्लसँग पनि भेटघाट सम्पन्न गरी राजा पृथ्वीनारायण शाहको सेखी झार्ने मनसाय व्यक्त गर्दै स्वदेशतर्फ फर्किएर गएका थिए।

यिनै वैरागी गुलाब रायले मल्ल राजाहरुको पक्षमा लड्न भनी यसै बेला पाँच सय जनाजति लडाका नागा वैरागी साधुहरुलाई सिन्धुलीकै बाटो गरी नेपालतर्फ पठाइदिए। गाउँगाउँमा लुटपाट मच्चाउन पाउनुका साथै राम्रो पुरस्कार पाइने प्रलोभनमा परी यी नागा वैरागीहरु भारतबाट भक्तपुरतर्फ आइरहेका थिए।

सिन्धुलीगढीमा रहेका गोरखाली रक्षकहरुले यिनीहरुलाई तीर्थयात्री त होलान् भन्ने सम्झिई भक्तपुर राज्यतर्फ अघि बढ्न सहजै छाडिदिएका थिए। वास्तवमा यिनीहरु लुटेरा लडाकुहरु रहेका थिए र पक्राउमा परिन्छ भन्ने डरले गर्दा अनेकौं समूहमा विभक्त भएर आएका थिए। जुन दिन 'चौतारा' जहाँगिर शाहको नेतृत्वमा रहेका गोरखाली सैनिकहरुले 'साँगा भन्ज्याङ'लाई आफ्नो नियन्त्रणमा लिएका थिए, त्यसै दिन यिनीहरु त्यस भन्ज्याङमा वास बस्न आइपुगेका थिए। यिनीहरुका साथमा हातहतियार रहेको आशङ्का गरी गोरखाली सैनिकहरुले यिनीहरुलाई भक्तपुर राज्यतर्फ अघि बढ्नबाट

रोकिदिँदा चौतारा जहाँगिर शाहको नेतृत्वमा त्यहाँ रहेका थोरै गोरखाली सैनिकहरुलाई हताहत पारी आधाजति नागा वैरागीहरु त येनकेन भक्तपुर राज्यभित्र प्रवेश गर्न समर्थ भए, बाँकी बचेका आधाजति भने भोलिपल्ट साँगादेखि धुलिखेलसम्मका गाउँहरुमा गोरखाली सैनिकहरुद्वारा एकएक गरी काटिए।

यस अप्रिय घटनापछि राजा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामाथिको आफ्नो सैनिक तथा आर्थिक नाकाबन्दीलाई कडा तुल्याउन लगाइदिए। विशेषगरी नुन र कपासको आपूर्तिलाई कडाइसाथ नियन्त्रण गरियो। नाकाबन्दीको उल्लङ्घन गर्ने भरिया तथा व्यापारीलाई मृत्युदण्डसम्मको सजाय दिन थालियो। काठमाडौं उपत्यकामाथि गोरखाली सैनिकहरुको सैनिक तथा आर्थिक नाकाबन्दी कठोर बन्दै आयो।

यता राजा जयप्रकाश मल्लले भने आफ्नो पुरानो कठोर स्वभावलाई अझैसम्म पनि त्याग्न सकिरहेका थिएनन्। फेरि पनि लगभग छ महिनाजति ललितपुर राज्यको पनि राजमुकुट पहिरिएपछि यिनले यस राज्यका प्रमान वा मन्त्रीहरुसँगको आफ्नो पुरानो रिसइबीलाई फेर्न साधुबिरालो जस्तो भई उनीहरुलाई आफ्नो राज्यको राजधानी काठमाडौंमै बोलाएर षड्यन्त्रपूर्वक अप्रत्याशित रुपमा कैद गरिदिए। यिनले गरेको यस अपमानलाई सहन गर्न नसकी प्रमान वा मन्त्री भिख्खाल धनले त बन्दी अवस्थामै आत्महत्या गरिदिए।

आफ्ना प्रमान वा मन्त्रीहरुलाई कान्तिपुर राज्यको निगरानीबाट छुटाउन ललितपुर राज्यका नागरिकहरुले कान्तिपुर राज्यमा प्रवेश गर्ने प्रयास गर्दा राजा जयप्रकाश मल्लले आफ्नो सहरका प्रवेशद्वारहरुलाई कडाइका साथ बन्द गराइदिएका थिए। यसै क्रममा जबर्जस्ती कान्तिपुर राज्यभित्र प्रवेश गरेका दुई जना ललितपुर राज्यका नागरिकलाई त यिनले निर्दयतापूर्वक मारी पनि दिएका थिए। यस अप्रिय घटनाले गर्दा ललितपुर राज्यका सम्पूर्ण नागरिकहरु यिनका विरोधी बन्न आएकाले चौतारा धनवन्त आदि अन्य प्रमान वा मन्त्रीहरुलाई यिनले नामर्दको प्रतीकका रुपमा उनैका श्रीमतीका चोला तथा फरियाहरु पहिऱ्याएर अपमानपूर्वक कान्तिपुर राज्यबाट निकाला गरिदिए।

यसले गर्दा ललितपुर राज्यमा फेरि पनि राजाको अभाव हुन आयो र प्रमान वा मन्त्री धनवन्त प्रधानको सल्लाहअनुसार यस राज्यको राजसिंहासनमा विराजमान भइदिन राजा पृथ्वीनारायण शाहलाई नै आमन्त्रण गर्ने निर्णय गरियो। यसो गरेमा आफ्नो देशमाथि लाग्दै आएको सैनिक तथा आर्थिक नाकाबन्दी अवश्य पनि हट्नेछ र यसबाट देशका सर्वसाधारण नागरिकहरु दुःखकष्टबाट मुक्त हुनेछन् भन्ने ललितपुर राज्यका अन्य प्रमान वा मन्त्रीहरुले पनि अपेक्षा राखेका थिए। यसैअनुसार राजा पृथ्वीनारायण शाहसँग आफ्नो पनि देशको राजा भइदिन आग्रह गर्दा उनीहरुले आफ्नो राज्यमाथि लागिआएको सैनिक तथा आर्थिक नाकाबन्दीलाई खुला गराइदिनुपर्ने आग्रह पनि गरेका थिए। यसमा "आफ्नो देशका नागरिकहरुलाई ललितपुर राज्यमा निर्वाध रुपमा आवतजावत गर्न दिने भएमा मात्र सैनिक तथा आर्थिक नाकाबन्दीलाई खुला गराइदिने" वचन राजा पृथ्वीनारायण शाहले उनीहरुलाई दिएका थिए। तर ललितपुर राज्यका प्रमान वा मन्त्रीहरुले यिनको यस प्रस्तावमा सहमति जनाउन सकेनन्।

यस अवस्थामा राजा पृथ्वीनारायण शाह ललितपुर राज्यमा आएर यहाँका नाम मात्रका राजा भएर रहन किन पो चाहन्थे? सजिलैसँग आफ्नो हातमा आइपुगेको ललितपुर राज्यको राजमुकुटलाई यत्तिकै गुमाइहाल्ने पक्षमा पनि यिनी थिएनन्। यसैले यिनले आफ्ना प्रतिनिधि बनाएर आफ्ना भाइ चौतारा दलर्मदन शाहलाई ललितपुर राज्यमा पठाई आफू ललितपुर राज्यको पनि राजा बनेर आफ्नो नामबाट ललितपुर राज्यका चाँदीका 'मोहर'का सिक्काहरु प्रसारित गराइदिए (विसं १८२०)। यसरी नयाँ सिक्काहरु प्रसारित गर्दा यिनले आफूहरुले प्रयोग गर्दै आइरहेको नागरी लिपिलाई कायमै राखी परम्परादेखि चलिआएका आफ्ना इष्टदेव 'गोरखनाथ'को बदलामा ललितपुर राज्यका इष्टदेव 'मत्स्येन्द्रनाथ'को नामान्तर 'लोकनाथ'को नाम अङ्कित गराउन लगाएको पाइन्छ।

उता आफ्नो हरूवा मुख देखाउँदै सेनानायक गुरगिन खाँ आफूसँग भेट गर्न आएपछि कासिम अली खाँले मुङ्गेर सहरमा गई बङ्गाल तथा बिहारमा व्यापार तथा व्यवसायहरुको

माध्यमले गर्दै आएका इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीहरुका लुट खसोटहरुलाई सदाका निमित्त बन्द गराउन आफ्ना चौकीदारहरुका नाममा कडा आदेशहरु जारी गरी इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीहरुप्रति कडा विरोधहरु प्रकट गरिदिएका थिए। यिनको यस किसिमको विरोधको प्रतिक्रियास्वरुप इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीहरुले पनि यिनको विरूद्धमा सशस्त्र युद्ध छेडिदिएका थिए (विसं १८२० को असार)।

कासिम अली खाँसँग रूपैयाँपैसा तथा युद्धसामग्रीहरुको पनि कुनै कमी थिएन। तर यिनका सैनिकले अपेक्षित सैनिक तालिम भने प्राप्त गर्न सकिरहेका थिएनन्। यसले गर्दा एकपछि अर्को गर्दै लगातार चार ओटा लडाइँमा पराजित भएकाले आखिरमा पाटनमा पुगेर त्यहाँ रहेका आफ्ना भ्रष्टाचारी प्रमुख पदाधिकारीहरुको हत्या गरी निगरानीमा राखिएका दुई सय जनाजति अङ्ग्रेज नागरिकलाई पनि कत्लेआम गरेर आफ्ना जेजति भएका धनसम्पत्ति तथा सैनिकहरुलाई पनि लिई बिहारको सिमानालाई पार गरेर सैनिक सहायताका निमित्त आग्रह गर्न भनी यिनताक अबधमा आएर बसिरहेका दिल्लीका मुगल बादशाह शाह आलम तथा अबधका नबाब बजिर सुजा उद्दौलासँग पनि भेट गर्न पुगेका थिए।

२.७ चौबीसे राज्यहरुको दोस्रो आक्रमण, कीर्तिपुरमा भएको दोस्रो पराजय, लमजुङमा आक्रमण र कीर्तिपुरमाथि अधिकार

मकवानपुर राज्यका राजा दिग्बन्धन सेनको राजमुकुट खोसिई राज्यसमेत जफत भएर उनलाई गोरखामा पुऱ्याई नजरबन्दमा राखिएको समाचार प्राप्त भएपछि लमजुङ, तनहुँ, कास्की तथा भिरकोटदेखि पाल्पा तथा पर्वतसम्मका चौबीसे राज्यका राजा आपसमा मिलेर गोरखा राज्यमा आक्रमण गरी यस राज्यलाई अस्तव्यस्त तुल्याई मकवानपुर राज्यका पदच्युत राजा दिग्बन्धन सेनलाई उद्धार गरिदिने सङ्कल्प गरेका थिए।

यसैअनुसार विसं १८२० को बर्सात सकिएपछि सबै चौबीसे राज्यका दूतहरु आपसी सरसल्लाहका निमित्त एकअर्काका देशका राजधानीहरुमा दौडादौड गर्न थाले। राजा दिग्बन्धन सेनका बन्धु भएका तनहुँ राज्यका राजा त्रिविक्रम सेन र पाल्पा राज्यका मुकुन्द सेन (द्वितीय) यति बेला गोरखालीहरुका विरूद्धमा विशेष रुपमा सक्रिय थिए। गोरखाली सैनिकको बढ्दो उत्कर्षलाई देखेर लमजुङ तथा पर्वत राज्यका चिरशत्रुका रुपमा रहँदै आएका कास्की राज्यका राजा सिद्धिनारायण शाह पनि यति बेला चौबीसे राज्यहरुको यस चहलपहलमा अप्रत्याशित रुपमा सम्मिलित हुन आइपुगे। तर आपसी सरसल्लाहका निमित्त कुनै चौबीसे राज्यका राजाले पनि एकअर्काको देशमा उपस्थित हुने आवश्यकतालाई अनुभव गरेनन्। स्वयम् सहभागी नभएर आआफ्ना दूतलाई मात्र एकअर्काको देशमा पठाउनु यति बेला चौबीसे राज्यका राजाहरुको ठूलो कमजोरी थियो।

निर्धारित योजनाअनुसार चौबीसे राज्यका संयुक्त सैन्यदलहरु गोरखा राज्यको सिमानामा जम्मा भएर यस राज्यको पश्चिमी भेगमा रहेका 'हमी', 'धूवाँकोट, 'च्याङ्ली',

'भिरकोट', 'घौराली' तथा 'लकाङ' आदि गाउँमा रहेका कोट वा किल्लामाथि अधिकार स्थापित गरी यी कोट वा किल्लाका आसपासमा रहेका गोरखाली गाउँहरुमा पनि लुटपाट मच्चाउन थाले (विसं १८२० को माघ)।

यति बेला अधिकांश गोरखाली सैनिकहरु काठमाडौं उपत्यकामाथिको सैनिक तथा आर्थिक नाकाबन्दीमा व्यस्त रहेकाले यहाँबाट तुरून्त पर्याप्त सङ्ख्यामा गोरखाली सैनिकहरुलाई त्यहाँ पठाउन सम्भव थिएन। गोरखाको सुरक्षाको जिम्मेवारी दिएर राखिएका 'काजी' रूणरूद्र शाहीको नेतृत्वमा पनि त्यहाँ थोरै मात्र सैनिक राखिएका थिए। यसैले यिनले सिरानचोकमा रहेको आफ्नो प्रसिद्ध किल्लालाई विपक्षीहरुको हातमा पर्नबाट बचाउन गोरखाका पुरूष नागरिकहरुमध्ये १२ वर्षभन्दामाथि र ६० वर्षभन्दा मुनिका सम्पूर्ण नागरिकलाई देशरक्षाका निमित्त अनिवार्य उपस्थित हुन तत्काल उर्दी जारी गरिदिई यसैअनुसारको सूचना राजा पृथ्वीनारायण शाहसमक्ष पनि पठाइदिए।

यति बेला गोरखाली सेनाका प्रमुख सेनानायकहरुमध्ये काजी वंशराज पाँडे, बख्सी केहरसिंह बस्नेत तथा काजी श्रीहर्ष पन्त काठमाडौं उपत्यकामाथिको सैनिक तथा आर्थिक नाकाबन्दीमा संलग्न रहेका राजकुमार शूरप्रताप शाह प्रमुख सेनानायकका रुपमा जानका निमित्त अग्रसर भएकाले राजा पृथ्वीनारायण शाहले यिनलाई नै काजीको दर्जा दिई आठ सय जनाजति लडाका सैनिकहरुका साथ गोरखातर्फ पठाइदिए।

बूढीगण्डकी नदीलाई पार गरेर गोरखाली सैनिक आफूहरु भएतर्फ आइरहेको खबर सुन्नेबित्तिकै लमजुङबाहेक अन्य चौबीसे राज्यका सैनिकहरु 'लकाङ' नामक गाउँमा जम्मा भए र यिनीहरुले निर्दयतापूर्वक त्यस गाउँमा आगो लगाइदिए। काजी शूरप्रताप शाहको नेतृत्वमा गएका गोरखाली सैनिकहरुले लकाङमा जम्मा भएर बसेका विपक्षी सैनिकहरुलाई हराई त्यहाँबाट भगाएर दपेटा दिँदै जाँदा नदीलाई पार गर्ने डुङ्गा नपाई मर्स्याङ्दी नदीमा हेलिन बाध्य हुँदा धेरै विपक्षी सैनिकहरु आफ्नो ज्यान गुमाउन विवश भए। लमजुङे सैनिकहरु भने यति बेला हर्मी नामक ठाउँमा थिए। लकाङमा आफ्ना

पक्षका सैनिकहरुको हार भएको नराम्रो खबर प्राप्त भएपछि यिनीहरु त्यहींबाटै चेपे नदी पार भई आआफ्ना देशमा फर्किएर गएका थिए (विसं १८२० को चैत)।

लकाङबाट स्वदेशतर्फ फर्केर आउँदा तीर्थयात्राका क्रममा गोरखामा आइपुगेका सल्यान राज्यका प्रसिद्ध योगी भगवन्तनाथसँग काजी शूरप्रताप शाहको संयोगले गर्दा भेट भएको थियो। यिनीसँगको सामान्य कुराकानीबाट नै काजी शूरप्रताप शाह यिनीदेखि निकै प्रभावित भएए। यसबाट "यिनी त साँच्चै ठूला सिद्ध पो रहेछन्" भन्ने विश्वास भएकाले आफ्नो साथमा लिएर आई यिनले आफ्ना दाजु राजा पृथ्वीनारायण शाहसँग यिनको भेट गराइदिएका थिए।

राजा पृथ्वीनारायण शाह पनि यति बेला यिनी जस्तै एक जना उपयुक्त एवम् प्रभावशाली व्यक्तिको खोजीमा थिए। चौबीसे राज्यका राजाहरुलाई पश्चिमतर्फबाट घेरा हाल्न चौबीसे राज्यहरुभन्दा बाहेकका सल्यान तथा जाजरकोट राज्यका राजाहरुसँग मैत्रीसम्बन्ध स्थापना गर्नु यति बेला अत्यावश्यक थियो। यसमा जाजरकोट राज्यका राजा हरि शाहसँग त पहिले, काशीयात्रामा छँदा नै धर्मपत्र सम्पन्न भई दुई देशका बीचमा मैत्रीसम्बन्ध पनि स्थापित भइसकेको थियो। उनका छोरा राजा गजेन्द्र शाह अहिले त्यहाँका राजाका रुपमा अभिषिक्त भएकाले आफ्ना अभिन्न मित्र नै थिए। सल्यान राज्यका राजा श्रीकृष्ण शाहसँग मैत्रीसम्बन्ध स्थापित गर्ने उद्देश्य राखी राजा पृथ्वीनारायण शाहले योगी भगवन्तनाथलाई आफ्ना गुरूतुल्य मानेर यिनको समुचित आदर तथा सत्कार पनि निरन्तर गर्दै रहे।

कीर्तिपुरमा भएको आफ्नो पक्षको हार तथा आफ्ना अनन्य सहयोगी काजी कालु पाँडेको अकल्पित देहान्तलाई राजा पृथ्वीनारायण शाहले अझैसम्म पनि बिर्सन सकिरहेका थिएनन्। यसैले यस सम्बन्धमा योगी भगवन्तनाथसँग आवश्यक सरसल्लाह गर्दा यिनले "मन्त्रद्वारा सिद्ध गरेर म हजुरलाई एउटा तित्रो दिन्छु, आक्रमण गर्न जानुभन्दा पहिले त्यस तित्रोलाई कीर्तिपुरभन्दा बाहिर लगेर छोडिदिनू, त्यो अवश्य पनि कीर्तिपुरभित्र गएर बस्नेछ, यसबाट हजुरको जित हुन सक्छ" भनी आडभरोसा दिए।

राजा पृथ्वीनारायण शाहलाई योगी भगवन्तनाथको यस भनाइमा विश्वास भयो र यिनको यसै सल्लाहअनुसार कीर्तिपुरमाथि दोस्रो सैनिक अभियान सञ्चालन गर्न आवश्यक तयारी सुरू गर्न थालिहाले।

कीर्तिपुर अभियानका निमित्त कसलाई प्रमुख सेनापति बनाएर पठाउने? भन्ने विषयमा आवश्यक छलफल हुँदा लमजुङ राज्यको लकाङमा भर्खरै मात्र सम्पन्न भएको लडाइँमा सफलता प्राप्त गरेर फर्किएर आएका काजी शूरप्रताप शाहले अघि सरी "कीर्तिपुरमा अधिकार स्थापित गर्न म समर्थ छु, मेरो नेतृत्वमा सैनिकहरुको परिचालन गरियोस्" भनी आग्रह गर्दा राजा पृथ्वीनारायण शाहले आफ्नो भाइको यस उत्साहलाई यत्तिकै उपेक्षा गर्न सकेनन्। तर यस पटक पनि हरिवंश उपाध्याय, ज्योतिषी कुलानन्द ढकाल तथा काजी वंशराज पाँडेहरुले यस सैनिक अभियानका निमित्त सहमति जनाएका थिएनन्। "ललितपुर तथा कान्तिपुर राज्यका बीचमा आपसी मेलमिलाप कायमै रहिरहेकाले अहिले नै कीर्तिपुरमाथि आक्रमण गरिहाल्ने बेला भइसकेको छैन, यसका निमित्त अझै केही समय प्रतीक्षा गर्नु उपयुक्त हुनेछ" भन्ने यिनीहरुको जोडदार तर्क थियो। यसै बेला 'खरिदार' बालकृष्ण जैशी यस सैनिक अभियानका निमित्त उपयुक्त साइत प्रदान गर्न अग्रसर भए। योगी भगवन्तनाथको भनाइमा अत्यधिक विश्वस्त रहेका राजा पृथ्वीनारायण शाह पनि सैनिक अभियान सञ्चालन गर्न तयार भए।

विसं १८२१ को साउन महिनाको अन्त्यमा काजी शूरप्रताप शाहको नेतृत्वमा एउटा सशक्त गोरखाली सैन्यदलले दहचोकगढीबाट अघि बढी कीर्तिपुरवरिपरिका नेवार बस्तीहरुमाथि अधिकार स्थापित गर्दै कीर्तिपुरदेखि दक्षिण तथा पूर्वमा रहेका 'पाँगा' तथा 'चोभार' नामक दुई ओटा गाउँमा पनि आफ्नो अधिकार स्थापित गरिदिए (विसं १८२१ असोज ४ गते, तदनुसार १६ सेप्टेम्बर इसं १७६४)।

राजा पृथ्वीनारायण शाह स्वयम् औपचारिक रुपमा ललितपुर राज्यका पनि राजा भएका र यिनका प्रतिनिधि भई यिनका साइँला भाइ चौतारा दलर्मदन शाह त्यस राज्यको राजसिंहासनमा विराजमान भएर रहिरहेकाले ललितपुर राज्यकै भूभाग भए पनि यति

बेला ललितपुर राज्यको तर्फबाट कीर्तिपुरको सुरक्षाका निमित्त गोरखाली सैनिकहरुका विरूद्धमा सैनिक सहायता आउने सम्भावना थिएन। ललितपुर राज्यका मन्त्रीहरुसँग घोर विरोध चलिरहेकाले कान्तिपुर राज्यका राजा जयप्रकाश मल्ल पनि यति बेला गोरखाली सैनिकहरुसँगको सङ्घर्षबाट तटस्थ रहने मनस्थितिमा थिए। यस स्थितिमा कीर्तिपुरका संरक्षकले गाउँका प्रवेशद्वार बन्द गराइदिएर आफ्नो कर्तव्यको पालना मात्र गरेका थिए।

डाँडाको टुप्पामा रहेको कीर्तिपुरको वरिपरि अग्लो गिर्दा पर्खाल र पर्खालभन्दा बाहिर गहिरा खाल्टाहरु खनिएकाले खाल्टा वा पर्खालहरुलाई पनि नाघेर कीर्तिपुरभित्र प्रवेश गर्नु त्यति सजिलो थिएन। यसैले पर्खालबाहिरबाट बाँसबाट बनाइएका भऱ्याङहरु ठड्याएर त्यसैबाट पर्खालमाथि उक्लिई र त्यसै गरी पर्खालभित्र ओर्लिई नगरोन्मुख कीर्तिपुर गाउँमाथि प्रवेश गर्ने योजना तयारी गरी अनेकौं भऱ्याङहरु तयार पारिए। प्रायः सबै तयारीहरु पूरा भइसकेपछि साइतको दिन पारेर योगी भगवन्तनाथले मन्त्रद्वारा सिद्ध तुल्याइएको तित्रोलाई त्यहाँ ल्याई गिर्दा पर्खालको बाहिरबाट भित्रतर्फ उडाइयो। तर कीर्तिपुरका नागरिकहरुले हा...हा गर्दै त्यस तित्रोलाई गाउँभित्र प्रवेश गर्न नदिई पर्खालबाहिरतर्फ धपाइदिए। आफ्नो यो योजना असफल भएपछि गोरखाली सैनिकहरु सैनिक अभियानलाई निर्धारित योजनाअनुसार चलाउने वा नगर्ने भन्ने ठूलो द्विविधामा पर्न आए।

ज्योतिषीले दिएको उपयुक्त साइतलाई यत्तिकै खेर फाल्नु उपयुक्त नहुने देखी गोरखाली सेनाका सेनापति काजी शूरप्रताप शाह, काजी दलजित शाह तथा काजी श्रीहर्ष पन्त आदि सबै सेनानायकहरुले आआफ्ना नेतृत्वमा रहेका सबै सैनिकहरुलाई तयार पारेर राखिएका भऱ्याङहरुमा चढी गिर्दा पर्खालहरुलाई पार गरेर कीर्तिपुरभित्र प्रवेश गर्ने आदेश जारी गरिदिए। यसरी गिर्दा पर्खालहरुलाई पार गर्दा पर्खालभित्र प्रवेश गरिसकेका गोरखाली सैनिकहरुलाई माथि उचाइमा रहेको गाउँबाट गुडाइएका ठूलाठूला ढुङ्गाहरुले हायलकायल गराइरहेका थिए। तलबाट गोरखाली सैनिकहरुले हानेका बन्दुकका प्रहारहरु भने माथि गाउँसम्म पुग्नु सम्भव थिएन। यसै बेला गिर्दा

पर्खालहरुमाथि चढेर पर्खालभित्र ओर्लन सेनाका प्रमुख सेनापति काजी शूरप्रताप शाह तथा काजी श्रीहर्ष पन्तको बीचमा “को पहिले प्रवेश गर्ने” भन्ने कुरामा हानथाप चल्ल्यो। दुवै जना एउटै भऱ्याङबाट छिटोभन्दा छिटो गिर्दा पर्खालभित्र प्रवेश गर्न हतारिइरहेका थिए।

ठीक यसै बेला गिर्दा पर्खालभित्र रहेको अग्लो ठाउँबाट प्रहार गरिएका अनेकौं बाणमध्ये एउटा बाणले आएर काजी शूरप्रताप शाहको बायाँ आँखालाई एकाएक फुटालिदियो। यस्तै अर्को एउटा बाणले काजी दलजित शाहलाई पनि सख्त घाइते तुल्याइदियो। अन्य अनेकौं गोरखाली सैनिकहरु पनि धमाधम घाइते हुन थाले। सेनाका प्रमुख सेनापति भएर आएका काजी शूरप्रताप शाह स्वयम् घाइते भएकाले अन्य गोरखाली सेनानायकहरुमा अत्यावश्यक सैनिक अनुशासन कायम हुन सकेन। यसैले उचित मार्गनिर्देशनको अभावमा बाँकी बचेका सैनिकहरु त्यसै दिन युद्धमोर्चाबाट पछि हटी दहचोकगढीमै दाखिल हुन पुगे। यसरी यस पटकको सैनिक अभियान पनि असफल सिद्ध हुन आयो (विसं १८२१ असोज ४ गते, तदनुसार १६ सेप्टेम्बर इसं १७६४)।

कीर्तिपुरको नजिकैमा रहेको पाँगा तथा चोभार नामक गाउँमा गोरखाली सैनिकहरुले आफ्नो अधिकार स्थापित गरेपछि कान्तिपुर, भक्तपुर तथा कीर्तिपुरका जनताहरु मिली हुल बाँधेर ललितपुर राज्यको राजधानी पाटन सहरमा गई राजप्रतिनिधिका रुपमा त्यहाँ रहेका चौतारा दलमर्दन शाहलाई बलपूर्वक पक्रन खोज्दा त्यहाँका चौतारा धनवन्तले यिनलाई राजभवनबाट भगाई आफ्नो घरमा लगेर सुरक्षित रुपमा राखिदिएका थिए। यसै स्थितिमा राजा जयप्रकाश मल्लले “चौतारा दलमर्दन शाहलाई यहाँ मकहाँ पठाइयोस्” भनी ललितपुर राज्यका प्रमानहरुसँग माग गरेका थिए। तर ललितपुर राज्यका प्रमानहरुले यिनलाई राजा जयप्रकाश मल्लको हातमा सुम्पन चाहेनन्।

भक्तपुर राज्यका राजा रणजित मल्ल पनि चौतारा दलमर्दन शाहलाई पक्रिएर नजरबन्दमा राख्ने पक्षमा थिए। राजा रणजितसिंह मल्ल आफ्नो यस चाहनामा असफल भएपछि यिनका यति बेलाका मन्त्री उमराव परशुराम थापाको सल्लाहअनुसार राजा

पृथ्वीनारायण शाहलाई ललितपुर राज्यको राजाको जिम्मेवारीबाट हटाई सबैको सहमतिअनुसार अब चौतारा दलमर्दन शाह स्वयम् ललितपुरका राजा बनाइए। राजा भए पनि ललितपुर राज्यमाथिको राजनीतिक पकड भने यिनमा कत्ति थिएन। राजसिंहासनको शोभालाई बढाउनु मात्र यिनको कर्तव्य थियो। यसपछिको यिनैको नामबाट नेवारी लिपिमा ललितपुर राज्यका स्वतन्त्र सिक्का पनि प्रसारित पाइन्छन् (विसं १८२१ को असोज)।

गोरखाली सैनिकहरु कीर्तिपुर अभियानबाट असफल भएर फर्किएपछि अब कान्तिपुर राज्यका राजा जयप्रकाश मल्लमा हौसला आयो र यिनले तुरून्त आफ्ना नगरकोटी सेनापति बाघसिंहको नेतृत्वमा एउटा सशक्त सैन्यदल पठाई गोरखाली सैनिकहरुको नियन्त्रणमा रहेको नालदुमगढीलाई चारैतिरबाट घेरा दिई यस गढीको सुरक्षाका निमित्त स्थापना गरिएका चार ओटा ठानामध्ये दुई ओटा ठानामा आफ्नो अधिकार स्थापित गराइदिए। त्यहाँको तेस्रो ठानामाथि पनि कान्तिपुरे सैनिकहरुको घेरा पर्दा "नालदुमगढीबाट गोरखाली सैनिकहरुलाई धपाइसकेपछि अब म उनीहरुलाई नुवाकोटबाट पनि धपाइदिन्छु" भनी राजा जयप्रकाश मल्ल खुलमखुला कड्किन थाले।

यिनको यस्तो कड्काइ सुनेपछि राजा पृथ्वीनारायण शाहले काजी वंशराज पाँडेको सल्लाहअनुसार काजी तुलाराम पाँडे, सरदार प्रभु मल्ल तथा हरिवंश उपाध्यायहरुको नेतृत्वमा दहचोकगढीबाट एउटा सशक्त गोरखाली सैन्यदललाई दहचोकगढीबाट रमाना गराई रातैमा काठमाडौं सहरको उत्तरीभेगबाट नालदुमगढीतर्फ पठाइदिँदा "राजधानी काठमाडौं सहरतर्फबाट आएका सैनिक पक्कै आफ्नै देशका होलान्" भन्नेमा विश्वस्त रही सेनापति बाघसिंहले अनावश्यक रुपमा निच मारिदिँदा गोरखाली सैनिकले गढीभित्र र बाहिर रहेका कान्तिपुरे सैनिकमाथि एकै पटक अप्रत्याशित रुपमा आक्रमण गरिदिए।

यस भीषण लडाइँमा सरदार बाघसिंह तथा यिनको नेतृत्वमा रहेका चार सय ५० जनाजति कान्तिपुरे सैनिक पनि खेत रहे। अमरू धेरै घायल भई त्यहाँबाट यत्रतत्र तितरबितर हुन बाध्य भए। गोरखाली पक्षका पनि ४५ जनाजति सैनिक खेत रहेका र

अनेकौं घाइते भए। आफ्नो पक्षको यस विजयबाट प्रसन्न भएर राजा पृथ्वीनारायण शाहले खुसीयालीस्वरुप आफ्नो सेनाका सेनानायक तथा सर्वसाधारण सैनिकलाई पनि 'शिरोपाउ' बाँडिदिएका थिए।

कीर्तिपुरमा भएको गोरखाली सैनिकहरुको दोस्रो पराजयपछि चौबीसे राज्यका राजाको गोरखामा फेरि पनि दोस्रो सैनिक अभियान सञ्चालन हुने खतरा पैदा हुन आएको थियो। यसै स्थितिमा आफ्ना प्रतिस्पर्धी काजी श्रीहर्ष पन्तमाथि समुचित कारबाही नगरिएको विरोधमा काजी शूरप्रताप शाह आफ्ना दाजु राजा पृथ्वीनारायण शाहदेखि क्रुद्ध भई विभिन्डिएर कास्की राज्यका राजा सिद्धिनारायण शाहको आश्रयमा पुग्दा उपर्युक्त आशङ्का झनै दह्रिलो भएर देखापर्न आएको थियो। यसैले चौबीसे राज्यका आक्रमणकारी सैनिकलाई दुई देशको सिमानाका रुपमा रहेको चेपे नदीबाट अगाडितर्फ बढ्न नदिने अठोट गरी राजा पृथ्वीनारायण शाहले काजी वंशराज पाँडे तथा यिनका सहयोगी अन्य सेनानायकलाई पठाई आवश्यक परामर्शका निमित्त आफू पनि गोरखाको सेरामाडीमा गई बस्न थाले (विसं १८२१ मङ्सिर महिनाको आरम्भ)। तर यथार्थमा यति बेला चौबीसे राज्यका राजाहरु गोरखा राज्यमाथि आक्रमण गर्ने आँट गर्नबाट हच्किरहेका थिए। गोरखाली सैनिकहरुको डरले गर्दा उनीहरुले आआफ्ना पुच्छरहरु लुकाइरहेको थाहा पाएर राजा पृथ्वीनारायण शाहले आफ्ना सैनिकलाई "लमजुङ राज्यको चेपे नदीभन्दा पारिपट्टि रहेको रागिनासगढीमाथि तुरून्तै आक्रमण गरिहाल्नू" भन्ने आदेश दिई काजी वंशराज पाँडेको नेतृत्वमा आफ्ना सैनिकहरु पठाइदिए। लमजुङ राज्यका सैनिकहरुको सम्भावित आक्रमणलाई रोक्नका निमित्त गोरखाली सैनिकहरुले जसरी आफ्नो देशमा सिरानचोकगढीको निर्माण गरेका थिए, त्यसै गरी आफ्नो देशलाई गोरखाली सैनिकहरुको सम्भावित आक्रमणबाट बचाउन लमजुङे सैनिकहरुले आफ्नो देशमा रागिनासगढीको निर्माण गराएका थिए।

चेपे तथा मर्स्याङ्दी नदीको बीचमा रहेको यस दुर्जेयगढीमाथि आक्रमण गर्नु गोरखाली सैनिकहरुका निमित्त त्यति सजिलो थिएन। सबैभन्दा पहिले पर्याप्त रासनपानी सङ्ग्रह

गर्नु अत्यावश्यक थियो। नदी पार गर्न डुङ्गाहरुको व्यवस्था गर्नु पनि त्यत्तिकै समस्या थियो। तर गोरखाली सैनिकले उपर्युक्त दुवै समस्यालाई सहजै सुल्झाइदिए।

रागिनासगढीको सुरक्षाका निमित्त 'चिहान डाँडा' तथा 'लाखाजुङ'मा बनेका लमजुङे किल्लाहरुमाथि अधिकार स्थापित गर्नु पहिलो आवश्यकता थियो। यसैअनुसार काजी वंशराज पाँडेले सर्वप्रथम चिहान डाँडामा रहेको किल्लामाथि आक्रमण गरी त्यसमाथि आफ्नो अधिकार स्थापित गराइदिँदा लाखाजुङगढीको सुरक्षाका निमित्त रागिनासगढीमा रहेका लमजुङे सैनिकहरु पनि दौडादौड गरी त्यहीँ आए। काजी वंशराज पाँडेको नेतृत्वमा रहेका गोरखाली सैनिकहरुले त्यस गढीमाथि आक्रमण गरिदिँदा लमजुङे सैनिकहरु अत्यधिक मात्रामा हताहत भए। यस लडाइँमा कुञ्जर भण्डारीसमेत अनेकौं सेनानायक तथा २५० जनाजति अन्य लमजुङे सैनिकहरु पनि पक्रिएका थिए। यिनीहरु सबैलाई गोरखामा ल्याई नजरबन्दमा राखियो। यिनीहरुमध्ये 'सुवेदार' पारथ भण्डारी पछि गोरखाली सेनामै भर्ना भई यस सेनाका सुप्रसिद्ध सरदार बनेका थिए।

लमजुङ राज्यका उपर्युक्त दुवै किल्लाहरु आफ्नो नियन्त्रणमा आएपछि रागिनासगढीमाथि आफ्नो अधिकार स्थापित गर्न गोरखाली सैनिकहरुलाई खास कठिनाइ भएन। लाखाजुङ तथा रागिनासगढीको सुरक्षाका निमित्त यी दुवै गढीका बीचमा अन्य अनेकौं ससाना आडहरु बनाई र रासनपानीको पनि व्यवस्था मिलाई आफ्ना एक जना सरदारलाई यी किल्लाहरुको सुरक्षाको अभिभारा सुम्पिई काजी वंशराज पाँडेको नेतृत्वमा गएका आफ्ना सैनिकहरुलाई फिर्ता बोलाएर राजा पृथ्वीनारायण शाह यसको केही दिनपछि स्वयम् पनि नुवाकोटमै आई रहन थाले।

कीर्तिपुरमाथि अधिकार स्थापित गर्न राजा पृथ्वीनारायण शाहलाई अत्यन्त हतार भइरहेको थियो। नुवाकोटमा रही काजी वंशराज पाँडेसँग यस सम्बन्धमा आवश्यक विचारविमर्श हुँदा यिनले आफ्नो राजाको हत्पतामाथि अङ्कुश लगाउँदै "यस कामका निमित्त अझै उपयुक्त समय भइसकेको छैन, आगामी शरद् ऋतु नै यस अभियानका निमित्त उपयुक्त समय हुनेछ" भनी सहजै चित्त बुझाइदिए।

यसै स्थितिमा ललितपुर राज्यमा थपनाका मात्र राजा भएर रहेका चौतारा दलमर्दन शाह ललितपुर राज्यको राजभवनबाट पलायित भई नाकाबन्दीमा संलग्न रहेका गोरखाली सैनिकहरुको सहयोगबाट दहचोकगढीमा पुगेकाले गोरखाली सैनिकहरुको कठोर नाकाबन्दीले गर्दा नुन तथा कपासको आपूर्ति बन्द भई आजित भइरहेका ललितपुर राज्यका प्रमान वा मन्त्रीहरुले कुनै पनि युक्तिले आफ्नो देशमा कपासको आपूर्ति गराइदिनेछन् भन्ने अपेक्षा राखी ललितपुर राज्यको पुरानो राजवंशको टाढाको नातासम्बन्ध भएका एक जना कपासका व्यापारीलाई 'तेजनरसिंह मल्ल' भन्ने नाम दिइ ललितपुर राज्यको, लगभग बेवारिसे अवस्थामा रहेको राजमुकुट पहिऱ्याइदिए (विसं १८२२ को वैशाख)।

यति गर्दागर्दै कीर्तिपुरमाथि तेस्रो पटक सैनिक अभियान सञ्चालन गर्न निर्धारित गरिएको उपयुक्त दिन नजिकै आइपुग्यो। यस कामका निमित्त यस वर्षको धानबाली पाकेर खेतमा लहलह हुन थालेपछि राजा पृथ्वीनारायण शाहले काजी वंशराज पाँडेको नेतृत्वमा आफ्ना सैनिकहरुलाई दहचोकगढीबाट अघि बढाई कीर्तिपुरतर्फ पठाइदिए। काजी वंशराज पाँडेले कीर्तिपुरभन्दा बाहिर अनेकौं कच्ची ठानाहरु बनाई नगरोन्मुख यस गाउँलाई चारैतिरबाट सैनिक घेरामा हाल्दा गाउँका संरक्षकहरु पहिलेपहिलेको जस्तै गाउँका सबै प्रवेशद्वारहरुलाई बन्द गराई प्रतिरोधका निमित्त गोरखाली सैनिकहरुको सम्भावित आक्रमणको प्रतीक्षा गरी बसिरहेका थिए। काजी वंशराज पाँडे भने तत्कालै आक्रमण गरिहाल्ने हतारमा थिएनन्। पाकेका धानबालीलाई गाउँभित्र हुल्न नदिई गाउँका जनतालाई हाबाकाबा गराएर धनजनको खास क्षति नगराईकन नै गाउँका संरक्षकहरुलाई आत्मसमर्पण गराउने योजना यिनले तयार गरिरहेका थिए।

आफ्नो यसै योजनाअनुसार काजी वंशराज पाँडेले "तुरून्त हामीकहाँ आत्मसमर्पण गर्न आओ, यसो गरेमा तिमीहरुको धनजनको कत्ति पनि क्षति हुनेछैन, अन्यथा बलपूर्वक नै गाउँभित्र प्रवेश गरिनेछ" भन्ने भावका राजा पृथ्वीनारायण शाहका शान्ति सन्देश दिनदिनैजसो कीर्तिपुरभित्र पठाउँदै थिए। यता कीर्तिपुरका संरक्षक भने कान्तिपुर

राज्यका राजा जयप्रकाश मल्ल तथा ललितपुर राज्यका प्रमान वा मन्त्रीहरुबाट पनि सैनिक सहायता त परै जाओस्, सहानुभूतिको सन्देशसम्म पनि प्राप्त गर्न नसक्दा निकै दुःखित थिए। यसै स्थितिमा गाउँका प्रमुख संरक्षक भएर रहेका भिँख्वाल प्रधानले गोरखाली सैनिकहरुका समक्षमा आत्मसमर्पण गर्नु उचित हुने सम्झिई काजी वंशराज पाँडेसँग यस सम्बन्धमा गुप्त रुपमा सरसल्लाह गर्न थालेका थिए।

विपक्षी सैनिकहरुले दिनको उज्यालोमा आफ्नो गाउँभित्र प्रवेश गरेमा गाउँका जनतामा अनावश्यक रुपमा आतङ्क फैलिएला भन्ने डरले गर्दा भिँख्वाल प्रधानले गोरखाली सैनिकहरुलाई रात छिप्पिइसकेपछि गाउँभित्र प्रवेश गराउने योजना गरी काजी वंशराज पाँडेसँग यसैअनुसारका सरसल्लाहरु मिलाइसकेका थिए। यसै सल्लाहअनुसार मध्यरातको समय पारेर आफ्नो गाउँका प्रवेशद्वारहरुलाई खुला गराइदिई गोरखाली सेनाका प्रमुख सेनापति काजी वंशराज पाँडेलाई स्वागत तथा सत्कार गर्न यिनी अग्रसर भएकाले आफ्ना सेनापतिको नेतृत्वमा गोरखाली सैनिकहरु पनि निर्धारित समयमै कीर्तिपुरभित्र प्रवेश गर्न समर्थ भए।

काजी वंशराज पाँडेले तत्कालै कीर्तिपुरको 'कोट घर'मा गएर आफ्नो देशको विजयध्वजलाई गर्वका साथ फहराउन लगाइदिए। कीर्तिपुरमा आम नागरिकहरुले भने यसको भोलिपल्ट बिहान, उज्यालो भएपछि मात्र आफूहरुलाई ललितपुर राज्यका नागरिकहरुबाट गोरखा राज्यका नागरिकका रुपमा परिवर्तित भइसकेको पाएका थिए (विसं १८२२ चैत ३ गते, तदनुसार १२ मार्च इसं १७६६)।

कीर्तिपुरको पतन भएको समाचार प्राप्त भएपछि राजा पृथ्वीनारायण शाहले प्रसन्न भएर, कीर्तिपुरमा बौद्ध धर्मावलम्बी नागरिकहरुको बाहुल्य भएकाले उनीहरुलाई आश्वस्त पार्न यस गाउँमा रहेको प्रसिद्ध बौद्धचैत्य तथा बिहारका निमित्त पनि कीर्तिपुरकै आसपासका केही जमिनहरु गुठीका रुपमा राखिदिएको सन्देश प्रसारित गराइदिएका थिए। यस गाउँमा अधिकार स्थापित भएपछि विष्णुमती नदीका पश्चिमतर्फ रहेको अहिलेको कालीमाटी चोकदेखि बाण भन्ज्याङसम्मका नेवारका बस्ती भएका प्रायः सबै

गाउँहरुमा गोरखाली सैनिकहरुको अधिकार स्थापित हुन आयो र यसबाट ललितपुर राज्यको राज्यक्षेत्र अत्यन्त सानो घेरमा मात्र सीमित हुन आयो।

कीर्तिपुरमा गोरखाली सैनिकहरुको अधिकार स्थापित हुँदा सम्भवतः यस गाउँका सर्वसाधारण नागरिकका कानाकौडी पनि क्षति भएका थिएनन्। सबै नागरिकका धनजनको पूरापूरा सुरक्षा भइरहेको थियो। तैपनि यहाँका १२–१५ जना उद्यत युवाहरुले आवेशमा आएर रातभरको अनिद्राले गर्दा बिहानीपख मस्त निद्रामा निदाइरहेका केही गोरखाली सैनिकहरुलाई झुक्याएर मारिदिँदा राजा पृथ्वीनारायण शाह तिनीहरुदेखि अत्यन्त नै क्रुद्ध भएका थिए। तैपनि "गाउँका कसैको पनि जीउधनको हानिनोक्सानी गरिनेछैन" भन्ने वाचाबन्धन पहिले नै गरिसकिएकाले यिनले यस्ता अपराधीहरुलाई ज्यान नलिई नाककान पनि काटिदिएर उनीहरुलाई गाउँबाट नै निकाला गरिदिएका थिए।

कीर्तिपुरमा आफ्नो अधिकार स्थापित भएपछि अब ललितपुर राज्यको राजधानी पाटन सहरमै आफ्नो अधिकार स्थापित गर्न गोरखाली सैनिकहरुका निमित्त कुनै बाधाव्यवधान थिएन। तर कान्तिपुर राज्यको राजधानीमा अधिकार स्थापित गर्न भने विशेष कठिनाइ पर्ने देखेर राजा पृथ्वीनारायण शाह सबैभन्दा पहिले काठमाडौं सहरमाथि अधिकार स्थापित गर्न यस सहरदेखि उत्तरतर्फ रहेका पुराना नेवार बस्तीहरुतर्फ दृष्टि दिन थाले।

नुवाकोटबाट काठमाडौंतर्फ आउने प्रमुख राजमार्गमा परेको मुड्खुकोटलाई सुदृढ बनाइराख्न कान्तिपुर राज्यका राजाहरुले यस किल्लाको सुरक्षाको जिम्मेवारी स्थानीय खड्का युवाहरुलाई प्रदान गर्दै आइरहेका थिए। यस किल्लामाथि आफ्नो अधिकार स्थापित नभई छिमेकमा रहेका अन्य गाउँहरुमाथि नियन्त्रण गर्न सम्भव नहुने र कीर्तिपुरबाट मुड्खुकोटतर्फ लाग्दा बाटोमा अचेलको बालाजुनजिक 'लुटिकोट' नामक अर्को एउटा प्रसिद्ध किल्ला पर्ने भएकाले सबैभन्दा पहिले यसै किल्लामाथि अधिकार

स्थापित गर्ने योजना राजा पृथ्वीनारायण शाहले बनाइरहेका थिए। यसैअनुसार यिनले एउटा गोरखाली सैन्यदल पठाई यस किल्लामाथि आफ्नो अधिकार स्थापित गराइदिए।

लुटिकोटमाथि अधिकार गर्न जाने सैन्यदलमा सरदार रामकृष्ण कुँवर पनि रहेका थिए। यिनको नेतृत्वमा रहेको सैन्यदलले दिउँसो यस किल्लामाथि घेरा दिई रातको समयमा जोडदार आक्रमण गरेर यस किल्लालाई आफ्नो नियन्त्रणमा पारिदियो। यस घटनापछि 'मुड्खुकोट'का प्रमुख संरक्षक भएर रहेका हरि खड्काले गोरखाली सैनिकहरुका समक्षमा आत्मसमर्पण गरिदिँदा यिनी र यिनको नेतृत्वमा रहेका १५० जनाजति कान्तिपुरे सैनिकहरु पनि पक्रिए।

मुड्खुकोटको पतनबाट अब काठमाडौं उपत्यकाभित्र पूर्वतर्फ चाँगुसम्म नै प्रायः बिनालडाइँ गोरखाली सैनिकहरुको नियन्त्रण स्थापित हुन आयो। यसबाट राजा जयप्रकाश मल्लले हडबढाई भक्तपुर राज्यका राजा रणजित मल्ल तथा ललितपुर राज्यका प्रमान वा मन्त्रीहरुलाई पनि गोप्य परामर्शका निमित्त गुह्येश्वरीको मन्दिरमा आमन्त्रण गर्दा राजा रणजित मल्ल तथा ललितपुर राज्यका तीन जना प्रमान वा मन्त्रीहरु पनि सम्मिलित थिए। अरु मन्त्रीहरुले भने आउन मानेनन्। यस भेटमा "तीन ओटै मल्ल राज्यले आपसमा मिलेर गोरखाली सैनिकहरुसँग योजनाबद्ध रुपमा मुकाबिला नगर्ने हो भने अब धेरै दिन बच्न सकिँदैन" भन्ने निर्णय भयो र यसै निर्णयअनुसार तीन ओटै मल्ल राज्यका राजाहरु गोरखाली सैनिकहरुविरूद्ध एकगठ भएर लड्ने वाचा गरी एकआपसमा धर्म पनि भाके (विसं १८२३ जेठ १८ गते, तदनुसार २८ मे इसं १७६६)।

यति बेला उपत्यकाभित्र तीन ओटै मल्ल राज्यका राजाहरु आपसमा मिलिरहेकाले राजा पृथ्वीनारायण शाहले काठमाडौं सहरलाई चारैतिरबाट सैनिक घेराबन्दी गर्न केही दिन खामोस पनि खाए। तर यी तीन ओटै राज्यहरु अब कुनै हालतमा पनि बच्न सक्दैनन् भन्ने निश्चय गरेर सम्भ्रान्तवर्गका अवसरवादी नागरिकहरु भने आआफ्ना धन तथा बिर्ताहरुलाई पनि बचाउन क्रमशः राजा पृथ्वीनारायण शाहतर्फ भुत्तिँदै आउन थाले। यिनमा दुई जना मठधारी महन्त, भक्तपुर राज्यका भगवती वन तथा लछिमन बन मुख्य

रहेका थिए। यी दुवै महन्तहरुले यति बेला राजा पृथ्वीनारायण शाहलाई केही आर्थिक सहयोग पनि उपलब्ध गराइदिएका थिए।

मुड्खुकोटमा भएको लडाइँमा ललितपुर राज्यका नवयुवक प्रमान वा मन्त्री वीरनरसिंह पनि पक्राउमा परेकाले यिनलाई नुवाकोटमा लगेर नजरबन्दमा राखिएको थियो। यिनलाई राजा पृथ्वीनारायण शाहले "तिम्रा पितालाई पनि यहीँ बोलाऊ, त्यसपछि मात्र तिमीलाई नजरबन्दीबाट छुटकारा गराउनेतर्फ विचार गर्न सकिन्छ" भनी आश्वासन दिएका थिए। यिनको यही सन्देश ललितपुर राज्यमा आइपुग्दा पुत्रस्नेहले गर्दा यस राज्यका प्रतिष्ठित चौतारा धनवन्त प्रधान आफ्नो राज्यक्षेत्रलाई परित्याग गरी नुवाकोटमा राजा पृथ्वीनारायण शाहको आश्रयलाई स्वीकार गर्न पुगे। राजा पृथ्वीनारायण शाहले पनि पछि ललितपुर राज्यमा अधिकार स्थापित गर्न सजिलो हुन्छ भनी यिनलाई 'खवास'को दर्जा दिई आफ्ना सल्लाहकारका रुपमा नियुक्त गरिदिए।

राजा पृथ्वीनारायण शाहले सल्यानी राजा श्रीकृष्ण शाहसँग मैत्रीसम्बन्ध स्थापित गरी चौबीसे राज्यहरुलाई पश्चिमतर्फबाट घेरा हाल्न त्यहाँका प्रसिद्ध योगी भगवन्तनाथलाई आफ्ना गुरूतुल्य मानेको चर्चा यसभन्दा माथि पनि भइसकेको छ। यिनै योगीज्यूको मध्यस्थतामा राजा श्रीकृष्ण शाहका छोरा युवराज रणभीम शाहका साथ राजा पृथ्वीनारायण शाहकी एक मात्र छोरी विलासकुमारीको विवाह यसैबीचमा सम्पन्न भएको पाइन्छ (विसं १८२३ को माघ)। सल्यान राज्यसँगको यस पारिवारिक सम्बन्धले गर्दा पछि चौबीसे राज्यहरुलाई नेपाल अधिराज्यभित्र समाहित गराउनमा ठूलो बल मिल्न आएको थियो।

२.८ नेपालमाथि भएको 'कप्तान' किन्लाकको असफल सैनिक अभियान

अङ्ग्रेज व्यापारीहरुका निरन्तरका लुट खसोटहरुबाट आफ्ना नागरिकलाई बचाउने असफल प्रयास गर्दा कुनै समय आफ्ना अभिन्न मित्रका रुपमा रहेका इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीहरुले आफ्नो विरूद्धमा सङ्घर्ष मच्चाइदिँदा मुर्सिदाबाद रियासतबाट लखेटिएका नबाब बजिर कासिम अली खाँ अबधमा त्यहाँका नबाब बजिर सुजा उद्दौलासँग सैनिक सहायताको माग गर्न भनी पुगेका पुगेका थिए। सुजा उद्दौला पनि यिनताक आफ्नो राज्यक्षेत्रलाई विस्तार गर्ने चाहनाअनुसार आफ्ना तिर्खालु आँखा बिहार तथा बङ्गाल प्रान्तहरुतर्फ नै लगाइरहेका थिए।

यतिन्जेलसम्म बङ्गाल तथा बिहारका नबाब बजिर कासिम अली खाँसँग रूपैयाँपैसाको कुनै कमी थिएन। तालिमप्राप्त सैनिकहरु पनि यिनका साथमा पर्याप्त मात्रामा थिए। यसैले कासिम अली खाँसँग रहेका रूपैयाँपैसाबाट नै लडाइँका आवश्यक खर्चहरु जुटाउने निर्णय भई इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीको विरूद्धमा निर्णायक लडाइँ लड्नका निमित्त सैनिक तयारीहरु सुरू गर्न भनी दुवै राज्यका नबाब बजिरहरु गङ्गा नदीलाई पार गरी अबध रियासतबाट बिहारमा आएर आआफ्ना सैन्यशिविर स्थापना गरी रहन थालेका थिए।

लडाइँको तयारीका निमित्त यसरी आउँदा अबध रियासतका नबाब बजिर सुजा उद्दौलाले मुगल बादशाहका रुपमा स्वीकृति प्राप्त गरिसकेर पनि आफ्नो जीउज्यानमाथि पनि खतरा उत्पन्न भएको अनुभव गरी आफ्नो राज्यको राजधानी दिल्लीमा जान नसकी

अबध रियासतमै यताउति लर्खराइरहेका 'बादशाह' शाह आलमलाई पनि आफ्नो साथमै लिएर आएका थिए। यिनताक यिनीहरु दक्षिणी बिहारको 'बक्सर'मा सैनिक शिविरहरु स्थापना गरी आआफ्ना सैनिकहरुका साथ रहन थालेका थिए। यसै बेला इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज सेनापति मुन्रोले उक्त सैन्यशिविरहरुमा अप्रत्याशित रुपमै आक्रमण गराई नबाब बजिरहरुका संयुक्त सैन्यदलहरुलाई एकाएक तहसनहस तुल्याइदिँदा भारतीय राजाहरुमाथि इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज सैनिकहरुको अकल्पित रुपमै विजय प्राप्त हुन आएको थियो।

बङ्गालको 'पलासी'मा सम्पन्न भएको एउटा सामान्य लडाइँमा जित हासिल गरी अङ्ग्रेजले भारतमा सर्वप्रथम कम्पनी सरकारको आधारशिला स्थापित गराएका थिए। अहिले बक्सरमा भएको यस निर्णायक लडाइँमा विजय हासिल गरेपछि उत्तरी भारतमा अङ्ग्रेजी राज्यको आधारशिला अझै मजबुत बनेको थियो। यसैबीचमा नबाब बजिर कासिम अली खाँसँग भएका रूपैयाँपैसा सबै सकिएकाले लडाइँ आरम्भ नहुँदै, अघिल्लै दिन उनी सर्वसाधारण नागरिकको भेष धारण गरी आफूलाई सहयोग गर्न तयार हुने सम्भावित अन्य सहयोगीहरुको खोजीमा दिल्लीतर्फ लागेका थिए। लडाइँमा हार भएपछि अबध रियासतका नबाब बजिर सुजा उद्दौला पनि आफ्ना अन्य सहयोगीहरुको खोजीमा लागेका र दिल्लीका 'बादशाह' शाह आलम भने इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीको आश्रयमा थिए।

यसै समयमा इस्ट इन्डिया कम्पनीका 'गभर्नर' भएर मिस्टर क्लाइभ फेरि पनि कोलकातामा आइपुगेका थिए। बक्सरमा भएको निर्णायक युद्धमा आफ्नो पक्षको जित भएको समाचार प्राप्त भएपछि यिनले इलाहाबादमा पुगी दिल्लीका बादशाह शाह आलमबाट नै इस्ट इन्डिया कम्पनीका अधिकार क्षेत्रमा आएका भारतका सम्पूर्ण भूभागहरुमा 'कम्पनी सरकार' सञ्चालन गर्न वैधानिक अधिकार प्राप्त गरी र स्वयम् बादशाह शाह आलमलाई आफ्नो नियन्त्रणमा ल्याई यिनलाई ससम्मान इलाहबादमै थन्क्याइदिएका थिए।

सम्भावित सहयोगीहरुको खोजी गर्न भनी दिल्लीतर्फ लागेका अबध रियासतका नबाब बजिर सुजा उद्दौला कतैबाट पनि सहयोग प्राप्त गर्न नसक्दा निराश भई छ महिनाजति पछि आएर कम्पनी सरकारकै आश्रित नबाब बजिर बन्नका निमित्त विवश भएका थिए। यसरी विसं १८२१ को अन्त्यसम्ममा गभर्नर क्लाइभले अङ्ग्रेज जातिमा रहेका प्रतिभा तथा पराक्रमका दुन्दुभीहरुलाई जोडतोडका साथ उत्तरी भारतमा यत्रतत्र बजाइदिँदा दुन्दुभीका यस्ता मधुर ध्वनि मध्य हिमाली क्षेत्रमा रहेका नेपालका पहाडी राज्यहरुसम्म पनि आइपुगेका थिए। अङ्ग्रेज सैनिक पदाधिकारीले बजाएका दुन्दुभीका यस्ता मधुर ध्वनिहरुलाई विपत्तिमा फसिरहेका कान्तिपुर राज्यका राजा जयप्रकाश मल्लले पनि यति बेला अभिरूचिपूर्वक कान थापेर सुनिरहेका थिए।

गोरखाली सैनिकहरुले प्रायः बिनारक्तपात नै कीर्तिपुरमाथि आफ्नो अधिकार स्थापित गरेका र यसपछि तुरून्त लुटिकोट तथा मुड्खुकोटमा पनि आफ्नो अधिकार स्थापित गरी धमाधम काठमाडौं सहरका उत्तरी भेगका गाउँहरुमा पनि कब्जा जमाउन आरम्भ गरिदिँदा राजा जयप्रकाश मल्ललाई आफ्नो राज्यको राजधानीलाई बचाउन पनि कठिन थियो। यसैले यस विपत्तिकालमा यिनले, पहिले आफ्ना विपक्षी भए पनि भक्तपुर राज्यका राजा रणजित मल्ल तथा ललितपुर राज्यका केही प्रभावशाली प्रमान वा मन्त्रीहरुलाई पनि आफ्नो राज्यक्षेत्रअन्तर्गत रहेको गुह्येश्वरीको मन्दिरमा आमन्त्रण गरी त्यहीँ बसेर गोरखाली सैनिकहरुलाई यस क्षेत्रबाटै हटाउन मेलमिलाप राखिराख्ने वाचाबन्धनको धर्मपत्र गरेका थिए।

यस अस्थायी व्यवस्थाबाट पनि आफ्नो राज्य कुनै हालतमा पनि बच्न नसक्ने निश्चित देखिएपछि उत्तरी भारतमा दिनप्रतिदिन क्रमशः शक्तिशाली हुँदै आइरहेका इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीसँग सैनिक सहायता माग गर्न उक्त कम्पनीका, बङ्गालको कोलकाता सहरमा रहने गरेका नयाँ गभर्नर भएर आएका वेरलेस्टको नाममा एउटा औपचारिक अनुरोधपत्र लेखिपठाउने निर्णय राजा जयप्रकाश मल्लले भित्रभित्रै गरिसकेका थिए। यसका निमित्त कम्पनी सरकारका व्यापारिक प्रतिनिधिका रुपमा

बेतियामा रहने गरेका अङ्ग्रेज पदाधिकारी मिस्टर गोल्डिङमार्फत आफ्ना दूतहरुलाई उनीकहाँ पठाउने निर्णय गरी यिनले 'उम्दा' नामक एक जना नागरिकलाई आफ्ना 'मुख्तियार' वा प्रतिनिधि नियुक्त गरी 'रामदास' नामक अर्का एक जना वैरागी तीर्थयात्रीका साथ यिनलाई बेतियातर्फ पठाइदिए।

यिनीहरु बेतियामा पुग्दा वा नपुग्दा नै "नेपालमाथि लागिरहेको गोरखाली सैनिकहरुको नाकाबन्दीलाई हटाइदिने हो भने म स्वयम् पनि पाटनमा आउन तयार छु" भनी राजा जयप्रकाश मल्लले पाटनमा रहने गरेका इस्ट इन्डिया कम्पनीका त्यस क्षेत्रका प्रमुख प्रशासक 'टम्स रम्बोल्ड' नामक अर्का एक जना अङ्ग्रेज पदाधिकारीका नाममा पनि अर्को एउटा अनुरोधपत्र पठाइसकेका थिए।

इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीसँग राजा जयप्रकाश मल्लको सटर पटर चलिरहेको थाहा पाएर राजा पृथ्वीनारायण शाहले पनि यी दुई सैन्यशक्तिको गठबन्धनलाई असफल तुल्याइदिन "सुरक्षाको समुचित प्रबन्ध मिलाइएमा तपाईंहरुसँग स्थापित भएको आफ्नो मैत्रीसम्बन्धलाई सुदृढ तुल्याउन म स्वयम् पनि पटनामा आउन तयार छु" भन्ने भावको एउटा पत्र कम्पनी सरकारका स्थानीय प्रतिनिधि मिस्टर टम्स रम्बोल्डको नाममा लेखी पठाएका थिए। तर टम्स रम्बोल्डले राजा जयप्रकाश मल्लको पक्ष लिने निर्णय गरिसकेका र कम्पनी सरकारका गभर्नरको प्रतिक्रिया प्राप्त नभई नेपाली वा गोरखाली राजाका पत्रका प्रत्युत्तरहरु पठाउन सम्भव नभएकाले यति बेला उनले दुवै देशका राजाहरुलाई कुनै पनि प्रत्युत्तर पठाएको देखिँदैन।

राजा जयप्रकश मल्लको उपयुक्त अनुरोधपत्र प्राप्त भएपछि मिस्टर गोल्डिङले नेपालबाट गएका मल्ल राज्यका दूतहरुसँग यस सम्बन्धमा विस्तृत छलफल गरी यसैका आधारमा आफ्नो रायसमेत उल्लेख गर्दै मिस्टर टम्स रम्बोल्डकहाँ एउटा पत्र पठाइदिएका थिए (६ अप्रिल इसं १७६७, तदनुसार विसं १८२३ चैत २७ गते)। यति बेला यिनले पठाइएको पत्रको सारसंक्षेप निम्नानुसार पाइन्छ—

“नेपालका मल्ल राजाहरुले हामीसँग सैनिक सहायताका निमित्त माग गरी पत्र पठाएका छन्। उनीहरुको मागअनुसार उनीहरुलाई यस्तो सहयोग उपलब्ध गराउनु अत्यावश्यक छ। यसो गर्नु हाम्रा निमित्त नैतिकताका आधारमा मात्र होइन, सैनिक दृष्टिकोणले पनि अत्यन्त आवश्यक छ। यसो गरेमा त्यहाँको एउटा ठूलो सहर बर्बर गोरखाली सैनिकहरुका हातबाट रक्तपात तथा लुटपाट हुनबाट बच्न सक्छ। प्रस्तावित हाम्रो सैनिक अभियानबाट कम्पनी सरकारलाई ठूलो आर्थिक लाभ पनि हुन सक्छ।

“गोरखाली सैनिक अलिअलि गर्दै अहिले हाम्रो राज्यक्षेत्रको सिमानासम्मै आइपुगिसकेका छन्। काठमाडौं उपत्यका गोरखाली सैनिकको नियन्त्रणमा पर्न गए हामीले कल्पना गरेको ‘सल्ला योजना’बाट सदाका निमित्त हात धुनुपर्नेछ र गोरखाली सैनिकहरु बेतियाका हाम्रा गाउँहरुसम्म नै लुटपाट मच्चाउन आइपुग्नेछन्। उता हाम्रो सैनिक सहायताले गर्दा नेपालका मल्ल राज्यहरु हामीदेखि कृतज्ञ रहनेछन् र यसबाट हामीलाई नेपालको बाटो गरी तिब्बत तथा चीनसम्म पनि सञ्चार व्यवस्था स्थापना गर्न सुविधा प्राप्त हुनेछ।

“आफ्नो सल्लाह योजनालाई लागू गर्न तथा हाम्रो बेतिया क्षेत्रको सुरक्षाका निमित्त पनि हामीले ढिलोचाँडो एक पटक गोरखाली सैनिकहरुसँग निर्णायक लडाइँ नलडी सुख छैन। यसैले अहिलेको यस अनुकूल परिस्थितिमा, गोरखाली सैनिकहरु विशेष शक्तिशाली बनिसक्नुभन्दा पहिले नै तिनीहरुलाई परास्त गरिहाल्नु ठूलो बुद्धिमानीको काम हुनेछ। यस अभियानका लागि लाग्ने खर्चका निमित्त हामीले चिन्ता गरिरहनुपर्ने आवश्यकता छैन। यस अभियानमा लाग्ने सम्पूर्ण खर्च मल्ल राजा स्वयम् बेहोन तयार छन्।”

मिस्टर गोल्डिङको उपर्युक्त भावको सिफारिसपत्रका साथ राजा जयप्रकाश मल्लको अनुरोधपत्र पनि प्राप्त भएपछि मिस्टर टम्स रम्बोल्डले पनि कोलकातामा रहेका कम्पनी सरकारका गभर्नर वेरलेस्टको नाममा निम्नाङ्कित भावको आफ्नो राय लेखी पठाएका थिए (७ अप्रिल इसं १७६७, तदनुसार विसं १८२३ चैत २८ गते)—

"नेपालसँग परम्परादेखि चलिआएको हाम्रो देशको व्यापार सम्बन्धलाई आक्रमणकारी गोरखाली सैनिकहरुले अहिले ध्वस्त पारिदिएका छन्। मल्ल राज्यहरुमाथि लागिआएको उनीहरुको सैनिक तथा आर्थिक नाकाबन्दी हटाउने प्रयोजनका निमित्त मात्र होइन, गोरखाली राजा पृथ्वीनारायण शाहलाई आफ्नो सामुमा झुकाउन पनि नेपालमाथि सैनिक हस्तक्षेप गर्नु अहिले अत्यावश्यक छ। यसका निमित्त ठूलो सैनिक शक्ति प्रयोग गरिहाल्नुपर्ने आवश्यकता पनि छैन। हामी राजा जयप्रकाश मल्ललाई सैनिक सहायता उपलब्ध गराउँछौं भन्ने कुराको छनक राजा पृथ्वीनारायण शाहले पाइसकेका छन् भन्ने मलाई लागेको छ। उनले लेखको एउटा पत्र मैले हिजै मात्र यहाँ प्राप्त गरेको छु।"

मिस्टर गोल्डिङको सिफारिसपत्रका साथ आएको टम्स रम्बोल्डको उपर्युक्त भावको सुझावमाथि कम्पनी सरकारको विषय समितिमा गम्भीरतापूर्वक विचारविमर्श हुँदा "राजा पृथ्वीनारायण शाहलाई सर्वप्रथम काठमाडौं उपत्यकामाथि रहेको उनको नाकाबन्दीलाई हटाउन शिष्टतापूर्वक आग्रह गर्ने, यसरी आग्रह गर्दा पनि उनी आफ्ना सैनिकहरुलाई त्यहाँबाट पछि हटाउन राजी नभएमा मात्र राजा जयप्रकाश मल्ललाई सैनिक सहायता उपलब्ध गराउने" भन्ने निर्णयमा उपर्युक्त विषय समिति पुग्यो र यसैअनुसार राजा पृथ्वीनारायण शाहको नाममा प्रत्युत्तरपत्र लेख्न भनी गभर्नर वेरलेस्टले मिस्टर टम्स रम्बोल्डलाई तत्कालै निर्देशन दिई पनि हाले। आफ्ना गभर्नरको यसै निर्देशनअनुसार मिस्टर टम्स रम्बोल्डले ३० अप्रिल इसं १७६७, तदनुसार विसं १८२४ वैशाख २१ गतेमा राजा पृथ्वीनारायण शाहको नाममा निम्नाङ्कित भावको पत्र लेखेको पाइन्छ—

"हाम्रा मित्र राजाहरुका रुपमा रहँदै आएका नेपालका मल्ल राजाहरुमाथि लागिआएका तपाईंका सैनिक तथा आर्थिक नाकाबन्दीलाई तुरून्त हटाइदिनुहुन तपाईंसँग हार्दिक अनुरोध गर्छु। अन्यथा कम्पनी सरकारको सम्मानको रक्षाका निमित्त तपाईंलाई आफ्ना विपक्षीका रुपमा घोषित गर्न हामी बाध्य हुनेछौं।"

राजा पृथ्वीनारायण शाहको तर्फबाट यस अनुरोधपत्रको पक्कै पनि सकारात्मक जवाफ आउँदैन भन्नेमा कम्पनी सरकारका पदाधिकारी विश्वस्त थिए। यसैले 'टिप्रा'मा भर्खरै मात्र सम्पन्न भएको लडाइँमा आफ्ना रणकौशल देखाई त्यहाँबाट सफलतापूर्वक फर्किएर आएका कप्तान किन्लाक नेपालमाथि गरिने सैनिक अभियानका निमित्त समुपयुक्त सेनानायकका रुपमा चयन गरिए। कम्पनी सरकारका गभर्नरको नामबाट "आफ्नो नेतृत्वमा रहेका सैनिकहरुलाई साथमा लिई मुङ्गेर हुँदै यथासम्भव चाँडो पटनामा गएर बस्नू" भन्ने यिनको नाममा आदेशपत्र पनि जारी गरियो।

यता राजा पृथ्वीनारायण शाह भने मिस्टर टम्स रम्बोल्डको उपर्युक्त भावको धम्कीपूर्ण अनुरोधपत्र प्राप्त भएपछि आलटाल गर्दै यस पत्रको कुनै उत्तर नदिई "अङ्ग्रेजले अब पक्कै पनि आफ्ना सैनिकहरुको विरूद्धमा आक्रमण गरिदिनेछन्" भन्ने निश्चयका साथ प्रतिरक्षाका निमित्त सिन्धुलीगढीका संरक्षक भएर रहेका 'खजाञ्जी' वीरभद्र उपाध्यायलाई आवश्यक सहयोग उपलब्ध गराउन भनी आफ्ना सैनिकहरुका साथ काजी वंशराज पाँडेलाई पनि एक हजारजति सैनिकहरुसाथ सिन्धुलीगढीतर्फ खटाई आफू भने नवविजित कीर्तिपुरमा आई सैनिक परिचालनसम्बन्धी व्यवस्था मिलाउनतिर लागे।

उता आफ्नो सैनिक अभियानमा सफलता हासिल गर्न कप्तान किन्लाक पनि पटनामा रहेका अङ्ग्रेज अफिसर मिस्टर टम्स रम्बोल्डबाट नेपालसम्बन्धी पाएसम्मका जानकारीहरु सङ्कलन गर्न थाले। यसै स्थितिमा नेपालबाट गएका 'उम्दा' तथा 'रामदास' नामक दूतहरुसँग सर्वप्रथम किन्लाकले र पछि मिस्टर टम्स रम्बोल्डले पनि भेटघाट गरी नेपालका सामाजिक तथा राजनीतिक परिस्थितिहरु र गोरखाली सैनिकहरुका सम्बन्धमा पनि उपलब्ध भएसम्मका जानकारी लिने सम्भव प्रयास गर्दै रहेका थिए।

यति बेला नेपालबाट गएका उपर्युक्त दुई जना दूतहरुले "गोरखाली सैनिकहरुको सङ्ख्या ५० हजारजति रहेको छ, यिनीहरुमध्ये २० हजारजति नाकाबन्दीका काममा र बाँकी जगेडा सैनिक भने आआफ्ना खेतीपातीका काममा संलग्न छन्" भनी बताएका थिए। यथार्थमा उपत्यकामाथिको नाकाबन्दीमा एकडेढ हजारभन्दा बढी गोरखाली

सैनिकको प्रयोग भएको थिएन र जगेडा सैनिकको सङ्ख्या पनि दुईतीन हजारभन्दा बढी थिएन।

मिस्टर टम्स रम्बोल्ड तथा कप्तान किन्लाकले पनि आपसमा सरसल्लाह गरी जनकपुरबाट सिन्धुलीगढी हुँदै भक्तपुर राज्यमा उत्रने गरी आफ्ना सैन्य अभियान सञ्चालन गर्ने योजना तयार गरेका थिए। यता गोरखाली सैनिकहरुको तर्फबाट सिन्धुलीगढीको सुरक्षाका निमित्त राम्रो व्यवस्था मिलाइएको थियो। गर्मीको मौसम सुरू भइसकेकाले नेपालको तराई क्षेत्रको हावापानी अस्वस्थकर हुन थालिसकेको थियो। तर नेपाल तथा बेतियामा रहेका केपुचिन पादरीहरुले "नेपालमाथि छिटै नै सैनिक अभियान सञ्चालन नगर्ने हो भने राजा जयप्रकाश मल्लले आफ्नो राज्यलाई गोरखाली सैनिकहरुको हस्तक्षेपबाट कुनै हालतमा पनि बचाउन सक्नेछैनन्" भन्ने सूचना निरन्तर प्रसारण गरिरहेका थिए। यसैले मिस्टर टम्स रम्बोल्ड तथा कप्तान किन्लाक पनि प्रतिकूल मौसमको कुनै पर्वाह नगरी आफ्ना सैनिक अभियानलाई तत्कालै सञ्चालन गराइहाल्नका निमित्त हत्पताउन थाले।

२४ सयजति भारतीय तथा केही गोरा अङ्ग्रेज सैनिकहरुको नेतृत्व गर्दै कप्तान किन्लाकले मध्य बर्सातको कुनै पर्वाह नगरी नेपालबाट गएका 'उम्दा' नामक मुख्तियार तथा 'रामदास' नामक वैरागीलाई पनि आफ्ना पथप्रदर्शक बनाई पटनाबाट नेपालका निमित्त प्रस्थान गरे। नेपालको सरहदभित्र प्रवेश गरेदेखि जनकपुर क्षेत्रमा आइपुग्दासम्म बाटाघाटाको दुर्गमता तथा अत्यावश्यक रसदपानीको कमी पनि कायमै थियो। "यहाँ दुर्लभ भए पनि जनकपुरमा पुगेपछि रसदपानीको कुनै कमी रहनेछैन, त्यहाँ पुगेपछि सजिलैसँग खरिद गर्न पाइनेछ" भनी नेपालबाट भएका उपर्युक्त दूतहरुले यिनीहरुलाई हौस्याउँदै ल्याइरहेका थिए। विसं १८२४ असोज ९ गते, तदनुसार २१ सेप्टेम्बर इसं १७६७ का दिन यिनीहरु नेपाली सरहदभित्रको हरिहरपुरमा आइपुगेका थिए।

तर यतिन्जेल जनकपुरमा रहेका हाटबजारबाट पनि आवश्यक अन्नपातहरु लगभग गायब भइसकेका थिए। विपक्षी अङ्ग्रेज सैनिकहरु आफ्नो देशतर्फ आउँदै छन् भन्ने

समाचार यततत्र फैलिएपछि आफ्ना पसलमा भएका अन्नपात तथा सरसामानहरु हाटबजारबाट गायब गराइसकेका थिए। यसले गर्दा अङ्ग्रेजी सेनाका प्रमुख सेनानायक कप्तान किन्लाक पनि एकाएक आत्तिए। रसदपानीको अभावले आफ्ना सैनिकहरुको दुर्गति हुने हो कि भन्ने डरले गर्दा यिनी यसरी आत्तिएका थिए।

"यहाँबाट तेस्रो वासमा 'सिन्धुलीमाडी'मा पुगिन्छ, यहाँ दुर्लभ भए पनि त्यहाँ भने अन्नपात प्रशस्त मात्रामा खरिद गर्न पाइने हुनाले रसदपानीको कुनै समस्या पर्नेछैन" भनी उम्दा तथा रामदासले पनि अङ्ग्रेज सैनिकलाई उक्साउँदै जनकपुरबाट नेपालतर्फ अघि बढाएर ल्याइरहेका थिए। तर सिन्धुलीमाडीमामा रहेको गुल्जार बजार पनि अन्नपातले रित्तिएको पाउँदा हताश भएर कम्पनी सरकारका सैनिकले त्यस रात त्यहीँ विश्राम गरे।

आफ्ना विपक्षीहरुको सैन्यबल निकै ठूलो भएको खबर पाएर आफ्ना सैनिक तयारीहरु पूरा गर्न सिन्धुलीगढीमा रहेका गोरखाली सैनिकहरु त्यस गढीलाई यत्तिकै परित्याग गरी त्यहाँबाट पाँच किलोमिटरजतिको गोरेटो उकालो चढी महाभारत पर्वतमालामा रहेका पौवागढीमाथि उक्लिए। आफ्ना विपक्षी सैनिकहरु पक्कै पनि पौवागढीतर्फ उकालो लाग्नेछन् भन्ने निश्चय भएकाले उकालोको लगभग मध्यभागमा परेको 'ढुङ्ग्रेवास'बाट 'सिकारी' वंशु गुरूङको नेतृत्वमा रहेका धनुर्धारी सैनिकहरुले र मोहोडा पौवागढीका तर्फबाट खजाञ्ची वीरभद्र उपाध्यायको नेतृत्वमा रहेका बन्दुकधारी गोरखाली सैनिकहरुले पनि विपक्षी सैनिकमाथि जोडदार प्रत्याक्रमण गर्ने योजना तयार गरी काजी वंशराज पाँडे पनि आफ्नो नेतृत्वमा रहेका गोरखाली सैनिकसाथ त्यहीँ सन्नद्ध भएर बसिरहेका थिए।

यतातर्फबाट आउने आफ्ना विपक्षी सैनिकहरुलाई आफ्नो राज्यक्षेत्रभित्र प्रवेश गर्नबाट रोक्नका निमित्त मकवानपुर राज्यका राजाहरुले त्यहाँ सिस्नुका घारी तथा बच्छ्यूँका ठूलाठूला गोलाहरुलाई पनि पालिराखेका थिए। यिनीहरुको समारिक महत्वलाई पहिचान गरी गोरखाली सैनिकहरुले पनि यिनीहरुलाई यथावत् रुपमा सुरक्षित

राखिरहेका थिए। यसको उपयोग हुने समुचित वातावरण अहिले बनिरहेको थियो। विपक्षी सैनिकहरुलाई भने यससम्बन्धी कुनै ज्ञान थिएन।

रसदपानीको नितान्त कमी भए पनि कप्तान किन्लाकले आफ्नो नेतृत्वमा रहेका अङ्ग्रेजी सैनिकहरुलाई सिन्धुलीगढीबाट यत्तिकै स्वदेशतर्फ फर्काएर लैजान उचित सम्झेनन्। आफ्ना सैनिकहरुदेखि डराएर गोरखाली सैनिकहरु पछि हटेका हुन् भन्ने सम्झिई कप्तान किन्लाकले हार्डी नामक एक जना प्रशासकीय अधिकृतको नेतृत्वमा रसदपानीको अग्रिम व्यवस्था गर्ने भरियाहरुलाई अघिअघि लगाई आफ्ना लडाका सैनिकहरुलाई पनि उनीहरुको पछिपछि लगाएर पौवागढीतर्फ नै उकालो लाग्न आदेश जारी गरिदिएका थिए (विसं १८२४ असोज २४ गते, तदनुसार ६ अक्टोबर इसं १७६७)।

यसरी अघि बढेका अङ्ग्रेज सैनिकहरुको पङ्क्ति पौवागढी रहेको डाँडाको भन्ज्याङनिर पुग्दा वा नपुग्दै नै 'सिकारी' वंशु गुरूङको नेतृत्वमा रहेका गोरखाली सैनिकहरुले अङ्ग्रेज सैनिकहरुको पङ्क्तिको बीचढाडमा प्रहार गरी त्यस सैन्य पङ्क्तिलाई टुक्र्याएर जङ्गलमा रहेका बच्छ्युँका गोलाहरुलाई त्यतिखेरै धमाधम फुटालिदिन थाले। सिस्नुका घना झाडीहरुले गर्दा दायाँबायाँ कतै भाग्ने बाटो थिएन। यति नै बेला माथिबाट खजाञ्ची वीरभद्र उपाध्याय नेतृत्वमा रहेका गोरखाली सैनिकहरुले एकाएक आक्रमण गरिदिँदा आक्रमणकारी अङ्ग्रेज सैनिक त्यहाँबाट भागाभाग गर्न विवश भए।

यसरी भागाभाग गर्दा सिस्नाका झाङ, बच्छ्युँहरुको टोकाइ तथा गोरखाली सैनिकहरुका घातक प्रहारहरुले गर्दा पुगनपुग एक हजार जनाजति विपक्षी सैनिक पनि यस सैनिक मुठभेडमा अकल्पित रुपमा हताहत हुन आए। गोरखाली पक्षका पनि पुगनपुग तीन सय जनाजति सैनिकहरु खेत रहे। कप्तान किन्लाक तथा अन्य अङ्ग्रेज सैनिक पदाधिकारीहरु पनि सैन्य पङ्क्तिको पछिपछि उकालो चढ्दै आइरहेका थिए। उनीहरु भने गोरखाली सैनिकहरुको प्रत्याक्रमणबाट येनकेन बच्न सफल भए। बाँकी बचेका आफ्ना सैनिकले पछि हट्ने मनस्थिति बनाउँदा र यसका निमित्त अनुमति प्राप्त

नभए विद्रोह गरिदिने धम्की दिन थालेकाले कप्तान किन्लाक त्यहाँबाट स्वदेशतर्फ फर्कने बहाना गरी जनकपुरतर्फ नलागेर नेपाल भूमिमै पश्चिमतर्फ लाग्दा गोरखाली सेनानायक खजाञ्ची वीरभद्र उपाध्यायले यस सैन्यदललाई पहाडी क्षेत्रहरुमा दपेटेका थिए।

वाग्मती नदीको किनारैकिनार हरिहरपुरबाट मकवानपुरतर्फ लाग्ने मूलबाटो छ भन्ने सबैमा जगजाहेर थियो। यसैले यसै बाटो भई सबैभन्दा पहिले मकवानपुरमा उत्रिएर त्यसपछि काठमाडौं उपत्यकाभित्र प्रवेश गर्न प्रयास गर्ने मनोकाङ्क्षाका साथ कप्तान किन्लाक वाग्मती नदीको किनारसम्म येनकेन पुग्न त पुगे। तर त्यति बेला तराई क्षेत्रहरुमा व्याप्त औलोको प्रकोपले यिनको नेतृत्वमा रहेका अङ्ग्रेजी सैनिकहरुको सङ्ख्या दिनप्रतिदिन घट्दै आई आठ सय जनाजति मात्र बाँकी रहे। तैपनि वाग्मती नदी पार गर्न यिनीहरुले बल्लबल्ल एउटा काठेसाँघु त बनाएका थिए। तर मध्य बर्सातको भेलले बनिसकेको त्यस काठेसाँघुलाई पनि बगाइदियो। यसले गर्दा निराश भई तराई क्षेत्रका समतल भूभागहरुमा ओर्लिई वाग्मती नदी पार भएर कप्तान किन्लाक आफ्नो नेतृत्वमा रहेका अङ्ग्रेजी सैनिकका साथ रौतहट पार गरी अहिलेको बारा जिल्लामा, अपेक्षाकृत सुरक्षित ठाउँमा गई आफ्ना सैन्यशिविर बनाएर बसे (कात्तिकको आरम्भ)।

पौवागढीको आसपासमा भएको दुर्दान्त लडाइँमा अङ्ग्रेज सैनिकहरुले छोडेर गएका तीन सय नालजति बन्दुकहरु गोरखाली सैनिकका हातमा पर्न आएका थिए। यसले गर्दा अब गोरखाली सैनिकहरुको सामरिक शक्ति निकै सुदृढ बन्न आएको थियो। उता तराईका समतल भूभागहरुमा रहेका आफ्ना विपक्षी सैनिकहरुसँग आफ्नो जोड नचल्ने देखिएकाले राजा पृथ्वीनारायण शाहले कप्तान किन्लाकलाई बारा क्षेत्रमै रहिरहन दिएका थिए। यसले गर्दा उनले रौतहट तथा पर्सा जिल्लामा पनि सजिलैसँग आफ्नो आधिपत्य स्थापित गराइदिए। तर वाग्मती नदीदेखि पूर्वतर्फ रहेको वर्तमान सर्लाही तथा महोत्तरी जिल्लाहरु भने गोरखाली सैनिकहरुकै नियन्त्रणमा रहिरहे।

आफ्नो सैनिक अभियान असफल भए पनि कप्तान किन्लाक नेपालका तराई क्षेत्रका केही भूभागहरुमाथि आफ्नो अधिकार स्थापित गर्न सफल भएकाले हिउँद लागेपछि पूरा

तयारीका साथ काठमाडौं उपत्यकामाथि फेरि पनि अर्को सैनिक अभियान सञ्चालन गर्ने उम्मेद राखी मिस्टर गोल्डिङ तथा टम्स रम्बोल्डसँग पनि यिनी आवश्यक परामर्श गर्दै थिए। यसैअनुसार नयाँ कार्यक्रम बनाई स्वीकृतिका निमित्त गभर्नर वेरलेस्टका समक्षमा पेस गर्दा यिनले यस प्रस्तावमाथि कम्पनी सरकारको विषय समितिले गम्भीरतापूर्वक विचारविमर्श गऱ्यो। आफ्नो सैनिक अभियान असफल हुनाको वास्तविक कारण पनि उक्त विषय मितिले सजिलैसँग पहिचान गऱ्यो।

ठीक यसै समयमा उता दक्षिणी भारतमा, त्यहाँका राजा हैदर अलिले इस्ट इन्डिया कम्पनीलका अङ्ग्रेज पदाधिकारीलाई नाकोदम तुल्याइदिएका थिए। यसैले बङ्गाल तथा बिहारमा रहेका आफ्ना सैनिकहरुलाई त्यतातर्फ पठाउन कम्पनी सरकार बाध्य भइरहेको थियो। यसैले उपर्युक्त विषय समितिले आफ्नै आँटले मात्र कप्तान किन्लाकलाई अर्को सैनिक अभियान सञ्चालन गर्न अनुमति प्रदान गर्ने आँट गर्न सकेन र कम्पनी सरकारका डाइरेक्टरहरुको बोर्डसँग अनुमतिका लागि मात्र उपर्युक्त बोर्डले "नेपालको अधिकार क्षेत्रमा आएका भूभागहरुलाई सर्वथा परित्याग नगर्ने तर अर्को सैनिक अभियान भने तत्कालका लागि स्थागित गर्ने" भन्ने आफ्नो निर्णय सुनाइदियो। यति बेला स्थागित भएको दोस्रो सैनिक अभियान यसपछि पनि धेरै वर्षसम्म सञ्चालित हुन सकेन। यसको ४७ वर्षपछि, आफ्नो अनुकूल वातावरण तयार भएपछि मात्र अङ्ग्रेजले यो अभियान सञ्चालन गरेका थिए।

इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीले मकवानपुर तथा विजयपुरका राज्यका तराई क्षेत्रहरुमाथि रहेको आफ्नो दाबीलाई खुकुलो पार्नुलाई पनि नेपाली इतिहासको एउटा महत्वपूर्ण राजनीतिक घटनाका रुपमा गणना गर्नु उचित छ। उनीहरुले वर्तमान नेपाल अधिराज्यअन्तर्गत रहेका तराई क्षेत्रहरु माथिको आफ्नो दाबीलाई खुकुलो नपारिदिएका भए नवगठित नेपाल अधिराज्यको पश्चिमतर्फको विस्तार सम्भव हुने थिएन र एउटा शक्तिशाली राष्ट्रका रुपमा यसको उत्थान हुनु पनि सम्भव थिएन।

२.९ उपत्यकाभित्रका तीन ओटै मल्ल राज्यको उन्मूलन

कप्तान किन्लाक सिन्धुलीबाट पछि हटी हरिहरपुरमा पुगेपछि उनले “हामीमाथि अहिले पश्चिमतिरबाट ‘जाट’ चढेकाले यस वर्ष त्यहाँसम्म आइपुग्न सकेनौं, अर्को वर्ष अवश्य पनि आउनेछौं” भन्ने समाचार राजा जयप्रकाश मल्लकहाँ पठाइदिए। त्यहाँबाट यस्तो समाचार प्राप्त भएपछि राजा जयप्रकाश मल्लले मनमनै खिन्नताको भाव अनुभव गरे। तर इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीले बङ्गाल तथा बिहारका स्थानीय व्यापारीहरुका व्यापार तथा व्यवसायलाई अस्तव्यस्त तुल्याउँदै ल्याइरहेको देखेका तथा सुनेकाले नेपालका सर्वसाधारण नागरिक तथा व्यापारी एवम् व्यवसायीले भने कप्तान किन्लाकको सैनिक अभियानको असफलताबाट सन्तोषको सास फेर्न पाएका थिए।

अङ्ग्रेज सैनिकहरु सिन्धुलीमा आइपुगेको खबर सुन्नेबित्तिकै उपत्यकाभित्रका मल्ल राजाहरुका साथसाथै चौबीसे राज्यका पहाडी राजाहरुको दृष्टि पनि उत्सुकतावश उतैतर्फ थियो। उपत्यकाभित्र निरन्तर चलिरहने सैनिक सङ्घर्ष पनि यिनताक लगभग बन्द थियो। तर अङ्ग्रेज सैनिकहरु गोरखाली सैनिकहरुबाट हार खाएर त्यहाँबाट पछि हटेपछि “अङ्ग्रेजलाई नेपालमा आउनका निमित्त आमन्त्रण गर्ने त यथार्थमा राजा जयप्रकाश मल्ल नै रहेछन्” भन्ने राजा पृथ्वीनारायण शाहले सहजै थाहा पाई पनि हाले। यसले गर्दा अब ललितपुर तथा भक्तपुर राज्यतर्फ नलागी सर्वप्रथम कान्तिपुर राज्यको राजधानी काठमाडौं सहरमै अधिकार स्थापित गर्नुपर्ने आवश्यकता अनुभव हुन आयो, राजा पृथ्वीनारायण शाह यसका निमित्त आवश्यक सैनिक तयारी गर्न थाले।

विसं १८२५ को अन्त्यमा नेपाल अधिराज्यमाथि कप्तान किन्लाकको अर्को सैनिक अभियान सञ्चालित हुने सम्भावना थियो। यही कुराको छनक पाएर राजा पृथ्वीनारायण शाह हिउँदभर काठमाडौं सहरलाई चारैतिरबाट कडाइका साथ नाकाबन्दी मात्र गराउँदै रहे। यसैबीचमा कान्तिपुर राज्यका सहरी क्षेत्रभन्दा बाहिर रहेका ग्रामीण क्षेत्रका जनतालाई आश्वस्त तुल्याई उनीहरुलाई आफ्नो पक्षमा पार्ने अथक प्रयास पनि गर्दै रहे।

यसैबीचमा राजा पृथ्वीनारायण शाहले आफ्ना केही ब्राह्मण दूतहरुलाई पठाई राजा जयप्रकाश मल्लसँग "तपाईंलाई सहायता गर्न भनी आएका अङ्ग्रेज सैनिक आफ्नो सैनिक अभियानमा असफल भई यहाँबाट पछि हटेर गइसके। यसैले अब तपाईंले लडाइँ गरेर आफ्नो धनजनको क्षति गराउनुभन्दा बरू आफूप्रति राम्रो व्यवहार गरियोस् भन्ने अपेक्षा राखी आत्मसमर्पण गर्नुहोस्" भन्ने भावका आफ्ना सन्देश पठाइदिएका थिए। तर राजा जयप्रकाश मल्ल यिनको यस प्रस्तावलाई स्विकार्न तयार थिएनन्। आफ्नो सहायताका निमित्त अङ्ग्रेज सैनिक फेरि पनि आउनेछन् भन्नेमा यिनी विश्वस्त थिए। आफ्नो यसै दुराशाले गर्दा यिनले राजा पृथ्वीनारायण शाहको शान्ति प्रस्तावलाई यत्तिकै टारिदिए।

बर्सातको मौसममा कम्पनी सरकारका अङ्ग्रेज सैनिकहरु नेपालमा आइपुग्न सक्ने सम्भावना लगभग शून्य थियो। यसैले राजा पृथ्वीनारायण शाहले यसै मौकामा कान्तिपुर राज्यको राजधानी काठमाडौं सहरमा आफ्नो अधिकार स्थापित गराइहाल्ने योजना मनमनै तयार गरिरहेका थिए। यसै स्थितिमा राजा जयप्रकाश मल्लको सैनिक शक्तिको अन्तिम रुपमा परीक्षण गर्ने उद्देश्यअनुसार राजा पृथ्वीनारायण शाहले त्यति बेलाको काठमाडौं सहरभन्दा बाहिर रहेको अहिलेको ठमेलमा आफ्ना सैनिकद्वारा अधिकार स्थापित गराइदिए (विसं १८२५ भदौ २२ गते, तदनुसार ३ सेप्टेम्बर इसं १७६८)।

काठमाडौं सहरको गिर्दा पर्खालभन्दा बाहिर रहेकाले सैनिक दृष्टिकोणले यस गाउँको खास महत्व थिएन। तैपनि आफ्ना सैनिकहरुको सशक्त आक्रमण रोक्न राजा जयप्रकाश मल्लका सैनिक कत्तिको उत्साहित रहेछन् भनी उनीहरुको सैनिक शक्तिको

परीक्षा गर्न मात्र यिनले आफ्ना सैनिकद्वारा यस गाउँमाथि आक्रमण गराइदिएको देखिन्छ। तर राजा जयप्रकाश मल्लका सैनिकहरुले यस गाउँको रक्षा गर्ने सामान्य प्रयाससम्म गर्ने आँट पनि गर्न सकेनन्। यस घटनाबाट राजा जयप्रकाश मल्लको सैन्यशक्तिको भेद सजिलैसँग खुल्न आयो। यसको केही दिनपछि राजा पृथ्वीनारायण शाहले यस गाउँलाई यत्तिकै छोडिदिए। आफ्ना सैनिकलाई यस गाउँबाट हटाएर लगे।

राजा जयप्रकाश मल्लको घटिया प्रशासनले गर्दा यिनका आफ्नै राज्यका नागरिकहरु पनि यिनीदेखि निकै असन्तुष्ट थिए। देवदेवीका मठमन्दिरमा जुगानजुगदेखि नै सञ्चित रहँदै आएका धनदौलत तथा गरगहना पनि बलपूर्वक लिई लडाइँका निमित्त आवश्यक पर्ने खर्चहरु टार्नका निमित्त यिनी बाध्य थिए। यसले गर्दा यिनका आफ्नै देशका नागरिकहरु पनि यिनीदेखि असन्तुष्ट थिए। यसै स्थितिमा गोरखाली सैनिकहरुले आक्रमणकारी विदेशी अङ्ग्रेज सैनिकलाई बहादुरीपूर्वक धपाइदिएर आफ्नो देहका व्यापारी तथा व्यवसायीहरुको पनि रक्षा गरिदिएकाले ललितपुर राज्यका शिल्पकार तथा कान्तिपुर राज्यका व्यापारी पनि "राजा पृथ्वीनारायण शाह नै यथार्थमा आफ्ना रक्षक रहेछन्" भन्ने अनुभव गर्न थालिसकेका थिए।

काठमाडौं उपत्यकामाथि सैनिक नाकाबन्दी सुरू हुनुभन्दा पहिले पनि राजा पृथ्वीनारायण शाहले विपक्षी देशका नै भए पनि सर्वसाधारण नागरिकका कृषि, व्यापार तथा व्यवसायहरुमा पनि आफ्ना सैनिकहरुबाट कत्ति पनि बाधाव्यवधान पुऱ्याउन दिएका थिएनन्। यसले गर्दा सैनिक तथा आर्थिक नाकाबन्दीले गर्दा आजित भएका कान्तिपुर राज्यका नागरिकहरुले मनमनै राजा पृथ्वीनारायण शाहलाई नै आफ्ना संरक्षकका रुपमा आदर गर्न थालिसकेका थिए। सहरभित्र रहेका थोरै मैथिल ब्राह्मणहरुभन्दा बाहेक राजा जयप्रकाश मल्लका पक्षमा अरु कोही थिएनन्।

राजधानी काठमाडौंमा प्रतिवर्ष उल्लासमय वातावरणमा मनाइने इन्द्रजात्राको पर्व यति बेला नजिकै आइपुगिरहेको थियो। यसै यात्राको अवसरबाट लाभ उठाउने सङ्कल्प राजा पृथ्वीनारायण शाहले गरिरहेका थिए। यिनका सेनानायकहरुले पनि यिनको यस

योजनामा आफ्ना सहमति जनाइसकेका थिए। यतिन्जेलसम्म राजा पृथ्वीनारायण शाहले कान्तिपुर राज्यको राजधानीको प्रवेशद्वारसम्म आएर राजा जयप्रकाश मल्लका लागि निर्णायक लडाइँका निमित्त चुनौती प्रस्तुत गरिसकेका थिए। तर गोरखाली सैनिकहरु ठमेलबाट स्वयम् नै पछि हटेर गएकाले इन्द्रजात्राको पर्वलाई रोकेर विशेष सतर्क भइहाल्नुपर्ने आवश्यकतालाई राजा जयप्रकाश मल्लले अनुभव गर्न सकिरहेका थिएनन्। सहरभित्र प्रवेश गर्ने सबै प्रवेशद्वारलाई बन्द गराए कडा पहरा राखी इन्द्रजात्राको पर्वलाई साबिकअनुसार उल्लासमय वातावरणमा मनाउने यिनले निर्णय गरिसकेका थिए।

इन्द्रजात्राको पर्व सम्पन्न हुँदा कुमारीको यात्रा पनि सात दिनसम्म लगातार मनाउने प्रचलन कान्तिपुर राज्यमा थियो। यसमध्ये अघिल्ला दुई दिनका जात्राका कार्यक्रम त शान्तिपूर्वक नै सम्पन्न भइसकेका थिए तर तेस्रो दिनका दिन, लगभग मध्यरातमा सहरका तीन ओटै गोपुर वा प्रवेशद्वारहरुलाई लगभग एकै समयमा तोडी गोरखाली सैनिकहरु एकाएक सहरभित्र दाखिला हुन आए। यति बेला सहरका समस्त नागरिकहरु दिनभर आमोदप्रमोदमा मस्त रही खानपान समाप्त गरेर रातमा मस्त निद्रामा निदाइरहेका थिए। यसै बेला गोरखाली सैनिकहरु तीन समूहमा विभक्त भई सहरका तीन दिशामा रहेका तीन ओटै गोपुर वा प्रवेशद्वारलाई भङ्ग गरी तीन मुख गरी सहरभित्र प्रवेश गरेका थिए।

यिनमा नरदेवीतर्फबाट प्रवेश गर्ने गोरखाली सैनिकहरुको नेतृत्व राजा पृथ्वीनारायण शाहले स्वयम् गरिरहेका थिए। दक्षिणतर्फको प्रवेशद्वार भने यिनले यत्तिकै खुला छाडिदिएका थिए। राजधानीमाथि अधिकार स्थापित गर्दा भरसक खून खराबी हुन नपाओस् र राजा जयप्रकाश मल्ललाई आफ्नो राज्यबाट पलायित भएर जानका निमित्त सजिलो होस् भनी दक्षिणतर्फको प्रवेशद्वार यति बेला यत्तिकै खुला छाडिएको थियो। मध्यरात भएकाले अधिकांश नगरवासी मस्त निद्रामा थिए। राजा जयप्रकाश मल्ल तथा

यिनका मन्त्री भने आफ्ना केही सैनिकसाथ कुमारी यात्राका क्रममा सहरको दक्षिणी भेगमा पुगिसकेका थिए।

यसै बेला तीन मुख गरी आएका सबै गोरखाली सैनिकहरु कान्तिपुर राज्यको राजभवनको आसपासमै भेला हुन आए। राजभवनको सुरक्षाका निमित्त राखिएका सयपचास जना नगरकोटे सैनिकले यिनीहरुलाई रोक्ने सामान्य प्रयास गरे। तर सफल भने हुन सकेनन्। यस प्रयासमा दुवै पक्षका गरी आठदस जना सैनिक हताहत भएपछि यिनीहरुले कान्तिपुरको राजभवन गोरखाली सैनिकहरुका निमित्त यत्तिकै छाडिदिए।

अनन्त चतुर्दशीको जुनेली रातमा जात्राभरका निमित्त 'ह्नू छें' राजभवनका अगाडि रहेको एउटा डबलीमा राखिने गरेको कान्तिपुर राज्यको राजसिंहासनमा राजा पृथ्वीनारायण शाह सहसा विराजमान हुन आए (विसं १८२५ असोज १३ गते, तदनुसार २५ सेप्टेम्बर इसं १७६८)। बेवारिसे अवस्थामा रहेको यस राजसिंहासनलाई यिनले जीवितदेवी कुमारीको वरदप्रसादका रुपमा तत्कालै सहर्ष स्विकारे। यो दुःखदायी समाचार सुन्नेबित्तिकै राजा जयप्रकाश मल्ल कान्तिपुर राज्यकी राजलक्ष्मीलाई सदाका निमित्त परित्याग गरी सहरको दक्षिणतर्फको प्रवेशद्वारबाट बाहिर निस्किई ललितपुर राज्यका राजा तेजनरसिंह मल्लको आश्रयमा पुगे।

राजा जयप्रकाश मल्लका साथमा यति बेला लगभग दुई सय जनाजति नगरकोटे सैनिक थिए। सहरभित्रका विभिन्न सैनिक चौकीहरुमा तैनाथ रहेका कान्तिपुरे सैनिकको सङ्ख्या पनि लगभग यति नै हुँदो हो। यिनीहरु एक घण्टाजति मात्र भए पनि डटेर गोरखाली सैनिकविरूद्ध मुकाबिला गर्न अग्रसर भएका भए यी सैनिक नमकहराम ठहरिने थिएनन्। यिनीहरु बफादार सैनिकमा गनिने थिए। तर आफ्नो कर्तव्यतर्फ नलागी राजा जयप्रकाश मल्लकै पछि लागी आफ्ना ज्यान जोगाउनमै यिनीहरुले श्रेयस्कर सम्झिए।

भोलिपल्ट बिहान सबेरै उठेका काठमाडौं सहरका नागरिकले राजा पृथ्वीनारायण शाहलाई आफूहरुका पनि राजा भइसकेका पाएका थिए। यसपछि नयाँ राजालाई स्वागत गर्न भनी बिहान सबेरैदेखि राजभवनमा सहरभित्रका सम्भ्रान्त परिवारका नागरिकहरुको ताँती लाग्न सुरू भयो। यस खुसीयालीमा बन्दुकहरुद्वारा बढाइँ गर्न लाग्दा बारूद सल्किएर काजी तुलाराम पाँडे तलेजु मन्दिरको परिसरमै दिवङ्गत भए। राजा पृथ्वीनारायण शाहले आफ्ना प्रतिनिधिका रुपमा नियुक्त गरी आफ्ना एक जना भाइलाई लगाएर जीवितदेवी कुमारीको अधुरो रहेको यात्रालाई यसै दिन श्रद्धापूर्वक सम्पन्न गराइदिए।

यसको भोलिपल्ट पनि सहरमा नाचगान, भोजभतेर तथा बन्दव्यापार आदि सर्वसाधारण नागरिकका नियमित दिनचर्याहरु साबिकअनुसार चल्दै रहे। विपक्षीहरुको त्रास हटेकाले नगरवासीमा अझै उत्साह थपिएको र आमोदप्रमोदमा पनि अझै रौनक बढेको थियो। यस सैनिक अभियानमा कुनै नगरवासीको कत्ति पनि हानिनोक्सानी भएको थिएन। यस प्रकार प्रायः बिनारक्तपात नै कुनै पनि राज्यको राजधानीमा यसरी अधिकार स्थापित भएको उदाहरण विश्वको इतिहासमा विरलै मात्र पाइने गरेको छ।

राजा पृथ्वीनारायण शाह आफ्नो राज्यक्षेत्रलाई विस्तार गर्ने उद्देश्यले मात्र अघि सरेका थिएनन्। यिनको जीवनको एउटै मात्र लक्ष्य थियो, यस क्षेत्रमा रहेका ससाना सबै पहाडी राज्यहरुको एकीकरण। यस क्षेत्रमा रहेका सबै ससाना पहाडी राज्यहरुलाई एकीकरण गरेर आफ्नो नेतृत्वमा एउटा सबल तथा शक्तिशाली हिन्दू अधिराज्य बनाउने यिनको सङ्कल्प रहेको थियो। यसैले त यिनले "आफूले विजय गरेको सहर त हो नि" भन्ने नसम्झिई आफ्ना सैनिकहरुले काठमाडौं सहरमा लुटपाट मच्चाउलान् भनी आफ्ना सैनिकहरुमाथि कडा निगरानी राखेका थिए। आफ्नो सौहार्दपूर्ण व्यवहारले गर्दा राजा पृथ्वीनारायण शाहले काठमाडौं सहरका सर्वसाधारण नागरिकलाई आश्वस्त मात्र तुल्याएनन् कि यिनले पराजित कान्तिपुर राज्यको राजधानीलाई नै आफ्नो नवगठित नेपाल राज्यको नै राजधानी बनाइदिए।

आक्रमणकारी अङ्ग्रेज सैनिकहरु सिन्धुलीबाट पछि हट्नेबित्तिकै ललितपुर राज्यका प्रमान वा मन्त्रीहरुले राजा पृथ्वीनारायण शाहको समक्षमा आत्मसमर्पण गर्ने मनस्थिति बनाइसकेका थिए। तर "हाम्रो सहायताका निमित्त अङ्ग्रेज अवश्य पनि आउनेछन्, केही समयका निमित्त धैर्य गर्नुहोस्" भनी राजा जयप्रकाश मल्लले आडभरोसा दिई यिनीहरुलाई यतिन्जेलसम्म रोकेर राखिरहेका थिए। अहिले राजा जयप्रकाश मल्ल स्वयम् नै आफ्नो राज्यका साथसाथै राजभवन तथा राजसिंहासनलाई परित्याग गरी ललितपुर राज्यमा शरण लिन आइपुग्दा यस राज्यका प्रमान वा मन्त्रीहरुमा रहेका बचेखुचेका आशातन्तु पनि छिन्नभिन्न हुन आए र उनीहरु फेरि पनि गोरखाली सैनिकसमक्ष आत्मसमर्पण गर्न तयार भए। यसैले त राजा जयप्रकाश मल्ल ललितपुर राज्यमा शरण लिन आइपुग्दा यस राज्यका कुनै प्रमान वा मन्त्री पनि यिनलाई स्वागत गर्न उपस्थित भएका थिएनन्।

राजा जयप्रकाश मल्ल काठमाडौं सहरबाट पलायित भई ललितपुर राज्यतर्फ लाग्दा कान्तिपुर राज्यका सम्भ्रान्त परिवारका पुगनपुग तीन सय जनाजति नागरिक पनि यिनका साथमा गएका थिए। राजा पृथ्वीनारायण शाहले यी सबै नागरिकलाई "तिमीहरु सबै तुरून्तै आआफ्नो घरमा फर्केर आऊ, अन्यथा तिमीहरु सबैको सर्वस्व हरण हुनेछ" भन्ने आफ्ना कडा आदेशहरु प्रसारित गराइदिए। यस्ता आदेशहरु प्राप्त भएपछि भागेर गएका कान्तिपुर राज्यका सबै नागरिकहरुलाई स्वदेशमा फर्केर आउन करै लाग्यो। काठमाडौं सहरका ८–१० जनाभन्दा बाहेक अन्य सबै नगरवासीहरु स्वदेशमै फर्किएर आए।

राजा जयप्रकाश मल्ल भने ललितपुर राज्यका प्रमान वा मन्त्रीहरुलाई अझै पनि केही दिन पर्खाएर राखी र भक्तपुर राज्यबाट पनि सहयोग प्राप्त गरी अङ्ग्रेजको नेपालमाथि हुने अर्को सैनिक अभियान सञ्चालन नभएसम्मका निमित्त अडिइरहने सपना देख्दै रहेका थिए। तर राजा पृथ्वीनारायण शाहले कान्तिपुर राज्यमा आफ्नो अधिकार स्थापित गरेको १० दिन जतिपछि नै आफ्ना गुरू श्रीहर्ष मिश्रलाई आफ्ना दूत बनाई ललितपुर राज्यमा

पठाएर त्यहाँका प्रमान वा मन्त्रीहरुलाई सम्झाउँदा उनीहरु सबै नै गोरखाली सैनिकहरुका समक्षमा आत्मसमर्पण गर्न तयार भए।

आफ्ना प्रमान वा मन्त्रीहरुको यस किसिमको तरखर देखेपछि यस राज्यका राजा तेजनरसिंह मल्ल तथा यिनका अतिथि भएर रहेका कान्तिपुर राज्यका पूर्वराजा जयप्रकाश मल्ल पनि ललितपुर राज्यबाट पलायित भई भक्तपुर राज्यमा, राजा रणजित मल्लको आश्रयमा शरण लिन पुगे। यसरी शरण लिन पुगे पनि यी दुवै पदच्युत राजाले राजा रणजित मल्लसँग सहसा भेट गर्न पाएनन्। यसले गर्दा दुवै पूर्वराजाहरु तत्कालका लागि भक्तपुर सहरभित्र रहेको भगवान् दत्तात्रयको मन्दिरमा गई वास बस्नका निमित्त विवश भएका थिए। पछि आफ्ना नगरवासीबाट अनुमति प्राप्त भएपछि मात्र राजा रणजित मल्लले दुवै पूर्वराजाहरुलाई ससम्मान आफ्नो राजभवनमा स्वागत गर्न सकेका थिए।

यसको दुई दिनजति पछि काजी धनवन्तसिंहका साथै काजी केहरसिंह बस्नेतको नेतृत्वमा गोरखाली सैनिकहरुले बिनारक्तपात नै पाटन सहरमा आफ्नो अधिकार स्थापित गरी यस राज्यका पुराना प्रमान वा मन्त्रीहरुलाई प्रचलित नियमअनुसार बर्खास्त गरिदिए (विसं १८२५ असोज २४ गते, तदनुसार ६ अक्टोबर इसं १७६८)। तीनचार पुस्तादेखि लगातार प्रमान वा मन्त्रीहरुको पदमा आसीन भएर आफूले कमाएका धनदौलत तथा घरखेत पनि जोगाउने लालसाले गर्दा नै यिनीहरु यसरी गोरखाली सैनिकहरुका समक्षमा सहजै आत्मसमर्पण गर्न तयार भएका थिए। यसपछि ललितपुर राज्यकै भूतपूर्व प्रमान वा मन्त्री काजी धनवन्तसिंह नवगठित नेपाल राज्यको ललितपुर क्षेत्रका प्रमुख प्रशासकका रुपमा नियुक्त गरिए।

ललितपुर राज्यमा आफ्नो अधिकार स्थापित भएपछि भक्तपुर राज्यका राजा रणजित मल्लले पनि आफ्नो समक्षमा सहज रुपमै आत्मसमर्पण गरिदिनेछन् भन्ने राजा पृथ्वीनारायण शाहको सोचाइ थियो। आफ्नो यसै सोचाइअनुसार यिनले राजा रणजित मल्ललाई "यहाँबाट भागेर आएका पूर्वराजा जयप्रकाश मल्ल तथा तेजनरसिंह मल्ललाई

पनि यहाँ तुरून्त फिर्ता पठाइदिनुहोस्" भनी अनुरोध गरी पत्र लेखेका थिए। तर यस अनुरोधपत्रको उत्तरमा राजा रणजित मल्लले "शरणमा पर्न आएका व्यक्तिहरुको मरण गराउन म चाहन्नँ, उनीहरुलाई तपाईंको हातमा सुम्पनका निमित्त सर्वथा असमर्थ रहेको छु" भनी प्रत्युत्तर पठाइदिए।

राजा रणजित मल्लका उत्तराधिकारी तथा विवाहिता रानीतर्फका एक मात्र छोरा वीरनरसिंह मल्लको यतिन्जेल देहान्त भइसकेको थियो र यिनका ल्याइतातर्फका छोराहरु अजितसिंह मल्ल तथा अबधुतसिंह मल्लहरु यति बेला राज्यमा विशेष रुपमा सक्रिय रहेका थिए। तर आफ्नो धर्मभीरू स्वभावले गर्दा यिनीहरुलाई आफ्नो उत्तराधिकारी बनाउनु अधर्म हुन्छ भन्ने धारणालाई राजा रणजित मल्लले पालिरहेका थिए। आफ्ना मीतछोरा राजा पृथ्वीनारायण शाहलाई नै आफ्नो उत्तराधिकारी बनाउने यिनको भित्री चाहना हुँदो हो। यिनको यस चाहनाको गन्ध सम्भवतः राजा पृथ्वीनारायण शाहले पनि पाएका थिए। यसैले त यिनले पनि राजा रणजितसिंह मल्लप्रति आदरभाव प्रकट गर्दै यिनलाई अझैसम्म पनि 'मीतबाबा' भन्न छाडेका थिएनन्।

कान्तिपुर तथा ललितपुर राज्यमा पनि आफ्नो अधिकार स्थापित भएपछि राजा पृथ्वीनारायण शाहले पुगनपुग एक वर्षजतिको आफ्नो महत्वपूर्ण समय नवगठित नेपाल राज्यका निजामती व्यावस्थाहरु मिलाउनमै खर्च गरेको पाइन्छ। भक्तपुर राज्य अझैसम्म यिनको अधिकारमा आइनसकेकाले यिनी अझैसम्म नेपालका राजा भइसकेका थिएनन्।

राजा पृथ्वीनारायण शाहले हनुमानढोका राजभवनको दक्षिणी भेगमा रहेको राजपूतशैलीमा निर्माण हुने ११५ फिटजति अग्लो 'कैलास' नामक एउटा सुन्दर राजभवनको निर्माणकार्य यसैबीचमा आरम्भ गराएका थिए। काठमाडौं उपत्यकाभित्र निरन्तर हुने जालझेल तथा भाइभारदारका षड्यन्त्रकारी प्रवृत्तिहरुबाट आजित भइसकेकाले राजा पृथ्वीनारायण शाह स्वयम् त यस सहरमा स्थायी रुपमा बस्न त्यत्ति इच्छुक थिएनन्। यिनले आफू तथा आफ्ना गुरूपुरोहित तथा भाइभारदारका निमित्त पनि

दहचोकको डाँडामा आवास बनाई उहीँ बस्ने, राजसभाका बैठकहरु बस्नुपरेमा मात्र काठमाडौं सहरमा नयाँ निर्माण भएको राजभवनमा आउने सोचाइ राखेका थिए। तर नयाँ निर्माण भएको राजभवनमा आफ्ना उत्तराधिकारी एवम् युवराज प्रतापसिंह शाहलाई राखी आफू भने प्रायः नुवाकोटमै रहन थालेकाले दहचोकको डाँडामा राजभवन बनाउने भन्ने यिनको चाहना यत्तिकै तन्किएर गएको थियो।

काठमाडौं सहरमा आफ्नो अधिकार स्थापित भएपछि राजा पृथ्वीनारायण शाह पुगनपुग तीन महिनाजति विश्राम गरेर बसिरहेका पाइन्छन्। यस समयमा भक्तपुर राज्यमा शरणार्थी भएर रहेका कान्तिपुर राज्यका पूर्वराजा जयप्रकाश मल्ल भने जसरी हुन्छ, इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीलाई नेपालमा बोलाएर आफ्नो राज्यलाई गोरखाली सैनिकहरुको हातबाट फिर्ता लिन सकिन्छ भन्ने आफ्ना मीठामीठा सपनाहरु देखिरहेका थिए। भक्तपुर राज्यका राजा रणजित मल्ललाई केही महिना मात्र गोरखाली सैनिकहरुको समक्षमा आत्मसमर्पण गर्नबाट अड्याउन सकिएमा अङ्ग्रेज सैनिकहरुले अवश्य गोरखाली सैनिकहरुको हातबाट आफ्नो गुमेको राजसत्तालाई फिर्ता गराइदिनेछन् भन्नेमा यिनी अझै पनि विश्वस्त थिए। सात समुद्रपारिबाट आएका विधर्मी अङ्ग्रेजको आश्रयमा रहनका निमित्त यिनी तयार थिए। तर समानधर्म भएका गोरखाली राजा पृथ्वीनारायण शाहको आश्रय भने यति बेला यिनीहरुलाई स्वीकार्य थिएन।

भक्तपुर राज्यका राजा रणजित मल्लका ल्याइता रानीतर्फका 'अजितसिंह' तथा 'अबधुतसिंह' नामक दुई जना छोरालाई पूर्वराजा जयप्रकाश मल्लले भक्तपुर राज्यका भावी राजा बनाइदिने आश्वासन दिइरहेका थिए। यसैले यिनीहरु पनि आफ्ना पिता राजा रणजित मल्लको राजनीतिक नियन्त्रणबाट फुत्किई पूर्वराजा जयप्रकाश मल्लको राजनीतिक नियन्त्रणमा पुगिसकेका थिए। राजा जयप्रकाश मल्लले यिनीहरुलाई अङ्ग्रेज सैनिकहरुको आगमनको व्यग्रतापूर्वक प्रतीक्षा गर्न तयार तुल्याइसकेका थिए।

भक्तपुर राज्यभित्र घटिरहेका यी घटनाहरुलाई राजा पृथ्वीनारायण शाहले पनि गम्भीरतापूर्वक एकाग्र दृष्टि लगाएर हेरिरहेका थिए। यता राजा रणजित मल्लले

आत्मसमर्पण गर्न अनावश्यक रुपमा ढिलाइ गरिदिँदा राजा पृथ्वीनारायण शाह प्रायः बिनालडाइँ नै यस राज्यका ठिमी, नकदेश, बोडे आदि पुराना नेवार गाउँहरुमा आफ्नो नियन्त्रण स्थापित गरी भक्तपुर सहरलाई एक तरहले चारैतर्फबाट घेरा हालिसकेका थिए। यसैबीचमा पूर्वराजा जयप्रकाश मल्लले पनि पूर्वमा चौदण्डी तथा विजयपुर राज्यका राजा कर्ण सेनसँग सैन्य सहायताको माग गरी त्यहाँबाट केही खम्बू सैनिकहरुका साथसाथै घोडाहरु पनि झिकाएर भक्तपुर सहरभित्र भित्र्याइसकेका थिए। आफ्ना छोराहरुको अनपेक्षित सटरपटरले गर्दा यथार्थमा राजा रणजित मल्ल अब एक प्रकारले पूर्वराजा जयप्रकाश मल्लका वंशवर्ती बनिसकेका थिए।

यस परिस्थितिमा बिनालडाइँ भक्तपुर सहरमा आफ्नो अधिकार स्थापित नहुने निश्चित भएको देखी यस राज्यमाथि सशक्त रुपमा सैनिक अभियान सञ्चालन गर्ने निश्चय गरियो। राजा पृथ्वीनारायण शाहले काजी वंशराज पाँडेको नेतृत्वमा आफ्ना सैनिकहरुलाई सहसा भक्तपुर राज्यतर्फ पठाइ पनि हाले। साथैमा बख्सी कहरसिंह बस्नेत, सरदार रामकृष्ण कुँवर, सरदार कालिदास खड्का तथा सरदार अमरसिंह थापा आदि अन्य कुशल सेनानायकहरु पनि आआफ्नो नेतृत्वमा रहेका सैनिकहरुका साथ यस सैनिक अभियानका निमित्त खटाएका थिए।

यस सैनिक अभियानमा राजा पृथ्वीनारायण शाहले आफ्ना भाइहरुलाई भने सहभागी नगराउने निश्चय गरेका थिए। आफ्ना भाइहरुलाई लडाइँमा सहभागी गराएमा उनीहरुले आफ्ना योजना तथा कार्यक्रमलाई अव्यवस्थित तुल्याइदिनेछन् भनी यिनले आफ्ना सबै भाइहरुलाई "सैनिक अभियानको सफलताको कामना गरी नुवाकोटमा गएर देवदेवीको न्यासध्यान तथा पूजापाठ गर्दै रहनू" भन्ने निर्देशन दिई नुवाकोटतर्फ पठाइदिएका थिए। सबैभन्दा कान्छा भाइ राजकुमार शूरप्रताप शाह भने आफ्ना दाजुको यस आदेशलाई अनादर गरी बलजफ्ती भक्तपुरमाथिको सैनिक अभियानमा सम्मिलित हुन आइपुगे।

गोरखाली सैनिकहरुद्वारा भक्तपुर सहरमाथि चारैतिरबाट घेरा दिइएकाले त्यहाँका कुनै नागरिकका निमित्त पनि बाहिरबाट यस सहरभित्र प्रवेश गर्नु सम्भव थिएन। सैनिक नाकाबन्दीले गर्दा बाहिरबाट आयात हुने नुन तथा कपासहरुको हाहाकार कायमै थियो। राजा जयप्रकाश मल्लले पनि सहरभित्र प्रवेश गर्ने सबै प्रवेशद्वारलाई कडाइका साथ बन्द गराउने प्रबन्ध मिलाइदिएका थिए। तर एक दिन उपयुक्त मौका हेरी काजी वंशराज पाँडेको नेतृत्वमा रहेका गोरखाली सैनिकहरुले सहरको पूर्वी प्रवेशद्वारबाट लगभग मध्यरातमा बलपूर्वक नै यस सहरभित्र सहसा प्रवेश गरिदिए (विसं १८२६ कात्तिक २८ गते, तदनुसार ९ नोभेम्बर इसं १७६९)।

यति नै बेला उत्तरपूर्वतर्फ रहेको अर्को प्रवेशद्वारबाट प्रवेश गर्ने गोरखाली सैनिकहरुको नेतृत्व राजकुमार काजी शूरप्रताप शाहले गरिरहेका थिए। बीचबीचमा रहेका अनेकौं बिघ्नबाधालाई पार गरी उज्यालो हुँदा वा नहुँदासम्ममा दुवै मोहोडातर्फका गोरखाली सैनिकहरु सहरभित्र निकै भित्रसम्म प्रवेश गरिसकेका थिए। सहरभित्र प्रवेश गर्ने क्रममा राजकुमार शूरप्रताप शाहको नेतृत्वमा रहेका गोरखाली सैनिकहरुले सर्वसाधारण नागरिकका घरहरुमा अनपेक्षित रुपमा आगो पनि लगाइदिएका थिए।

यति बेला कान्तिपुर राज्यका पूर्वराजा जयप्रकाश मल्ल नै भक्तपुर राज्यको तर्फबाट सेनापतिका रुपमा अग्रसर थिए। भक्तपुर राज्यमा रहेको एउटा मात्र तोपलाई राजभवनको अगाडि नै जडान गर्न लगाई नगरकोटे तथा लिम्बू सैनिकहरुलाई पनि साथमा लिई गोरखाली सैनिकहरुसँग लडाइँ लड्नका निमित्त तम्तयार भएर यिनी बसिरहेका थिए। तर यिनीसँग यस्ता सैनिकहरुको सङ्ख्या यति बेला सम्भवतः पाँच सय जनाभन्दा बढी रहेका थिएनन्। राजकुमार अजितसिंह मल्ल तथा अबधुतसिंह मल्लले पनि केही स्थानीय युवाहरुलाई लडाइँ लड्न तयार पारेर राखिरहेका थिए।

पूर्वराजा जयप्रकाश मल्ल स्वयम् नै भक्तपुर राज्यका प्रमुख सेनापति भई गोरखाली सैनिकहरुको विरूद्धमा लडाइँ लड्न मैदानमा उपस्थित हुन आएकाले दुई पक्षका सैनिकहरुबीचमा दिनभर घोरघमासान लडाइँहरु चल्दै रहे। दुई ओटा मोर्चामा एकै पटक

मोर्चाबन्दी गर्नुपरेकाले राजा जयप्रकाश मल्ललाई यति बेला निकै सकस आइपरेको थियो। तैपनि यिनी घोडामा सवार भई पालैपालोसँग दुवै मोर्चामा पुगेर आफ्ना लडाका सैनिकहरुलाई निरन्तर हौस्याउँदै थिए। तर यिनी एउटा मोर्चाबाट अर्को मोर्चामा पुगुञ्जेलसम्म गोरखाली सैनिकहरु मल्ल सैनिकहरुलाई पेल्दै पाइलापाइला गरी लगातार राजभवनतर्फ अगाडि बढ्दै आइरहेका थिए। राजभवनआगाडि राखिएको तोपबाट गोलाहरुको वर्षा हुन थालेपछि यस्ता गोलाहरुको प्रहारबाट बच्नका निमित्त गोरखाली सैनिकहरु सर्वसाधारण मानिसहरुका घरघरका छानाहरुमा उक्लिई गल्लीगल्लीमा रहेका मल्ल सैनिकमाथि आफ्ना निसानाहरु साँध्न थालिरहेका थिए।

दिनभरको लडाइँबाट थाकेका पूर्वराजा जयप्रकाश मल्लले भक्तपुर राज्यको राजभवनभित्र प्रवेश गरी राजभवनको प्रवेशद्वारलाई कडाइका साथ बन्द गरिदिन आफ्ना सैनिकहरुलाई कडाइका साथ आदेश जारी गरिदिए। तेस्रो दिन बिहान उज्यालो भएपछि थप उत्साहका साथ गोरखाली सैनिकहरुमाथि सशक्त प्रतिकार गर्ने यिनको उद्देश्य रहेको हुँदो हो। यतिन्जेल केही भक्तपुरे सैनिकहरु सुरक्षाका निमित्त राजभवन परिसरभित्र नै आश्रय लिन पुगेका थिए। यसै मौका छोपी गोरखाली सैनिकहरु घरका छानाछाना हुँदै नै अघि बढी र राजभवनको छानामाथि नै पनि उक्लिई राजभवनको चोकमा र भ्यालहरुमा पनि बन्दुकद्वारा गोलीका प्रहार गर्दै रहे। यस विकट परिस्थितिमा पनि पूर्वराजा जयप्रकाश मल्ल मध्यरातसम्म राजभवनको अगाडि बसेर आफ्ना सैनिकहरुलाई लडाइँ लड्न उत्साहका साथ हौस्याउँदै थिए।

पूरा रातभर पनि भक्तपुर राज्यको राजभवनमाथि गोरखाली सैनिकहरुका बन्दुकहरुद्वारा गोलीका बर्सा भइरहे। पर्सिपल्ट बिहान उज्यालो भएपछि तीनै जना राजाहरु राजभवनपरिसरकै अर्को, अपेक्षाकृत सुरक्षित भवनमा सर्ने तरखर गर्न थाले। यसै क्रममा राजा रणजित मल्ल तथा तेजनरसिंह मल्ल त त्यस भवनको माथिल्लो तलामा उक्लिसकेका थिए। तर त्यस भवनको ढोकाभित्र प्रवेश गरी माथिल्लो तलामा उक्लनका निमित्त भ्याङमा पाइला हाल्नेबित्तिकै राजा जयप्रकाश मल्लको गोडामा एक

जना अज्ञात गोरखाली सैनिकले हानेको बन्दुकको गोली आएर एकाएक बज्रियो र यिनी त्यहीँ थुचुक्क बसिहाले। यिनलाई माथि कोठमा त येनकेन पुऱ्याइयो तर यिनी गोलीको आघातले गर्दा रक्तपछेल भइसकेका थिए।

यतिसम्म हुँदा पनि राजा रणजित मल्ल गोरखाली सेनापतिका समक्षमा आत्मसमर्पण गर्न अझै पनि आनाकानी गर्दै थिए। गोरखाली सैनिकहरुलाई आफ्नो देशको राजधानीबाट हटाउन सकिन्छ भन्ने आशातन्तु यिनमा अझै बाँकी थियो। तर गोरखाली सैनिकहरुबाट चोकचोक तथा सडकसडकमा रहेका निहत्था बालक तथा जनाना नागरिकहरुमाथि पनि आक्रमण हुन थालेका र फाट्टफुट्ट गोलीहरु आफू बसेको नयाँ भवनको कोठासम्म नै आइपुग्न थालेपछि राजा रणजित मल्ल अक्क न बक्क भएका थिए। यसै स्थितिमा यिनका प्रमुख अङ्गरक्षक भएका रहेका हेमनारायण मल्लले निराश भएर आफ्ना राजाबाट मौन स्वीकृति प्राप्त गरी आफूले पहिरिइरहेको सेतो पगरीलाई शिरबाट फुकाली भ्यालबाट बाहिर लर्काइदिए।

यस प्रदर्शनलाई राजा रणजित मल्लको आत्मसमर्पणको सङ्केत सम्झेर राजकुमार शूरप्रताप शाहले आफ्नो नेतृत्वमा रहेका गोरखाली सैनिकहरुलाई गोली चलाउन बन्द गरिदिने आदेश प्रसारित गरिदिए (विसं १८२६ कात्तिक ३० गते, तदनुसार ११ नोभेम्बर इसं १७६९)। यसपछि यिनले तीनै जना पूर्वराजाहरुलाई राजभवनमै आफ्नो निगरानीमा लिई अलगअलग ठाउँमा राखेर भक्तपुर राज्यको पतन भएको समाचार तत्कालै आफ्ना दाजु राजा पृथ्वीनारायण शाहकहाँ पठाइदिए।

यस्तो विकट परिस्थितिमा पनि राजा रणजित मल्लले धैर्यधारण गरी आफ्नो नियमित पाठपूजा पनि साबिकअनुसार नै सम्पन्न गरी मध्याह्नको करिबमा भोजन गरेका थिए। पूर्वराजा जयप्रकाश मल्ल भने सख्त घाइते भएकाले एउटै कोठामा रहेर आफ्नो नियमित पाठपूजा पनि छोटकरीमै सम्पन्न गर्न विवश भए।

भक्तपुर सहरबाट पठाइएको सुखद समाचार प्राप्त हुनासाथ राजा पृथ्वीनारायण शाह म्यानामा सवार भई अपराह्नतिर त्यहाँ पुगेर सबैभन्दा पहिले त्यहाँको राजभवनमै उपस्थित हुन पुगेका थिए। त्यहाँ राजा रणजित मल्लसँग देखादेख मात्र गरी यिनी सर्वप्रथम घाइते भएका पूर्वराजा जयप्रकाश मल्ललाई नजरबन्द गरी राखिएको कोठमा पुगे। लगभग २८ वर्षको लामो अन्तरालपछि दुई मीतज्यूको बीचमा अहिले दोस्रो पटक प्रत्यक्ष रुपमा भेट भएको थियो। यस भेटमा सर्वप्रथम दुवै राजाका बीचमा भलाकुसारीका प्रश्नहरु आदानप्रदान गरिए र राजा जयप्रकाश मल्ललाई गम्भीर चोट लागेकोमा राजा पृथ्वीनारायण शाहले गहिरो सहानुभूति पनि प्रकट गरे।

राजा जयप्रकाश मल्लले बाँकी जीवन भगवती गुह्येश्वरीको सेवा गर्दै बिताउने इच्छा व्यक्त गरी "माता गुह्येश्वरीको मन्दिरमा गई बस्न पाऊँ" भनी आफ्ना मीत राजा पृथ्वीनारायण शाहका समक्षमा आग्रह गरे। यिनको यही चाहनाअनुसार यिनलाई आदरका साथ गुह्येश्वरीको मन्दिरमा पुऱ्याउने आवश्यक व्यवस्था मिलाइयो। यसपछि राजा पृथ्वीनारायण शाह राजा रणजित मल्ललाई राखिएको कोठमा गएर आफ्ना मीतबाबासँग पनि भेटघाट गरी शिष्टतापूर्वक सामान्य भलाकुसारी सम्पन्न गरे। यत्तिकैमा यस दिनको निर्धारित कार्यक्रम समाप्त भयो।

गुह्येश्वरीको मन्दिरमा पुऱ्याइएको दुईतीन दिनपछि नै राजा जयप्रकाश मल्लको गोडामा लागेका घाउले आफ्नो घातक रुप ग्रहण गर्दै आयो र बाँच्ने आशा क्षीण हुँदै आएपछि यिनलाई पशुपति आर्यघाटमा पुऱ्याइयो। यसको केही दिनपछि त्यहीँ यिनको देहान्त पनि भयो (विसं १८२६ मङ्सिर १३ गते, तदनुसार २४ नोभेम्बर इसं १७६९)। यसरी जीवनभर अथक सङ्घर्ष गर्दागर्दै एक जना अभागी मल्ल राजको असमयमै अन्त्य भयो।

राजा जयप्रकाश मल्ल यति बेला कान्तिपुर राज्यको राजसिंहासनमा विराजमान भएका थिए त्यति बेलादेखि नै यिनीमाथि कुनै न कुनै विपत्ति लगातार आइरहेका थिए। यसैले आफ्नो विवेक शक्तिलाई गुमाई यिनले आफ्ना निरपराध मन्त्री तथा

सेनानायकहरुको पनि अकारण नै हत्या गराइदिएका थिए। यसले गर्दा नै यिनी असफल प्रशासक सिद्ध हुन आएका थिए। तर यिनी वीर योद्धा भने रहेका थिए। यसैले "आत्मसमर्पण गर्नुभन्दा बरू मुर्न नै बेस हुनेछ" भन्ने सम्झिई यिनले आफ्नो जीवनकालको अन्तिम अवस्थासम्म पनि आफ्ना विपक्षीहरुका विरूद्धमा कस्सिएर नै लड्ने निर्णय गरेका थिए।

गोरखाली सैनिकहरुको आक्रमणलाई रोक्नका निमित्त राजा जयप्रकाश मल्लले जति सङ्घर्ष गरेका थिए, त्यति सङ्घर्ष यस क्षेत्रमा रहेका अन्य कुनै पहाडी राज्यका राजाहरुले पनि गर्न सकेका थिएनन्। आफ्ना नागरिकमाथि भरविश्वास नगरी विदेशी नगरकोटे सैनिकहरुलाई भिकाउनु र इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज सैनिकलाई आफ्नो देशमा बोलाउनु यिनको जीवनको ठूलो भूल प्रमाणित हुन आएको थियो। यिनका यस्तै भूल तथा कमजोरीले गर्दा नै गोरखाली सैनिकलाई यस क्षेत्रमा विख्यात लडाकाहरुका रुपमा उपस्थापित गराइदिएको थियो।

राजा रणजित मल्लको उमेर यति बेला ७५ वर्ष नाघिसकेको थियो। यसैले यिनले आफ्नो बाँकी जीवन काशीमा गई बिताउने चाहनाअनुसार काशीवास बस्न जाने इच्छा व्यक्त गर्दा माघ महिना लागी उत्तरायाणको आरम्भ भएपछि राजा पृथ्वीनारायण शाहले यिनलाई ससम्मान बाटाखर्च तथा समुचित जीवनवृत्तिको पनि व्यवस्था मिलाई काशीवासका निमित्त बिदा गरिदिएका थिए (विसं १८२६ को माघ)। वास्तविक राजा नभएकाले ललितपुर राज्यका अन्तिम राजा तेजनरसिंह मल्लले भने राजोचित सम्मान प्राप्त गर्न सकेनन्। यिनी आजीवन भक्तपुरमै नजरबन्दमा राखिए।

भक्तपुर राज्यमा पनि गोरखा राज्यको अधिकार स्थापित भएपछि मकवानपुर, कान्तिपुर तथा ललितपुर राज्यका साथसाथै भक्तपुर राज्य पनि गोरखा राज्यमा गाभिएर एकीकरण अभियानको पहिलो चरण पूरा भई नेपाल अधिकाराज्यको आधारशिला स्थापित हुन आयो र यी सबै राज्यका जनताहरु एउटै राष्ट्रका नागरिक भई एउटै राजाको

नेतृत्वमा रहन आए। अब नयाँ नेपाल अधिराज्यका जनताहरु 'नेपाली' भए र राजा पृथ्वीनारायण शाहको नेतृत्वमा एकानुभूतिको भावना विकसित हुन थाल्यो।

स्वयम् राजा पृथ्वीनारायण शाह र यिनका भाइभारदार पनि गोरखा राज्यमा जन्मिएका थिए। यसैले यिनीहरु आफूलाई 'गोरखाली' भनाउमा गर्व गर्थे। तर नवगठित नेपाल अधिराज्यको राजधानीका साथसाथै केन्द्रस्थल पनि काठमाडौं सहर बन्न आएकाले वास्तवमा यिनीहरु नेपाल अधिराज्यका नागरिकहरुका रुपमा परिणत भइसकेका थिए। हुन पनि बिस्तारै 'गोरखाली' भन्ने साम्प्रदायिक भावना क्रमशः हट्दै आयो र नवनिर्मित नेपाल अधिराज्यका सम्पूर्ण नागरिक 'नेपाली' हुन आए। यसरी यस क्षेत्रमा राष्ट्रिय एकताको भावना जागृत गराउनमा राजा पृथ्वीनारायण शाहको नै प्रमुख योगदान छ।

भक्तपुर सहरमा सैनिक अभियान सञ्चालित गर्न राजा पृथ्वीनारायण शाहले काजी वंशराज पाँडेका साथै आफ्ना भाइ राजकुमार शूरप्रताप शाहलाई पनि सेनानायकका रुपमा समान अधिकार दिएका थिए। तर लडाइँ सुरू भएपछि राजकुमार काजी शूरप्रताप शाहले अत्यधिक उत्साह प्रकट गरी सैन्य सञ्चालनको सम्पूर्ण अधिकार स्वयम्ले एकलौटी रुपमा ग्रहण गरी तीन जना मल्ल राजाहरुलाई यिनले नै पक्रिदिएका थिए। लगभग ३३ घण्टाजति लगातार चलेको यस लडाइँमा गोरखाली पक्षका ५०–६० जनाजति सैनिकहरु मात्र हताहत भएका थिए। उता भक्तपुर राज्यमा भने सैनिक तथा सर्वसाधारण नागरिकसमेत गरी १७ सय जनाभन्दा बढी नागरिकले अनाहकमै जीवन गुमाउनुपरेको थियो। यसरी जीवन उत्सर्ग गर्ने नागरिकहरुमा बालक, जनाना तथा अशक्त वृद्ध एवम् वृद्धाहरु पनि रहेका थिए। सर्वसाधारण नागरिकहरुका घरघरमा अनावश्यक रुपमा आगो लगाइदिएकाले निर्दोष नागरिकहरु सडकमा निस्कन बाध्य भएका थिए।

"लडाइँ हुँदा हातहतियार नलिएका सर्वसाधारण नागरिक, कृषक, शिल्पकार तथा व्यापारीहरुलाई कत्ति पनि हानिनोक्सानी नपुऱ्याउनू" भनी राजा पृथ्वीनारायण शाहले

आफ्ना सैनिकहरुका नाममा कडा निर्देशनहरु जारी गर्दै आइरहेका थिए। तर भक्तपुर सहरभित्र भएको यस लडाइँमा भने यिनको यस निर्देशनको पूर्णतया उपेक्षा भएको थियो। यसले गर्दा राजा पृथ्वीनारायण शाह यति बेला मानसिक रुपमा निकै आहत भएका थिए। यस्तो किन भयो त भनी यिनले विस्तृत रुपमा छानबिन गर्दा यसमा आफ्ना भाइ राजकुमार शूरप्रताप शाहको नै गल्ती देखिएको थियो। अनावश्यक उत्साहले गर्दा यिनले निरपराध नागरिकहरुको पनि हत्या गराइदिएका थिए। यसले गर्दा भक्तपुर राज्यमाथि विजय प्राप्त गरेको पुरस्कारका रुपमा दिइने 'शिरोपाउ' राजा पृथ्वीनारायण शाहले यिनलाई नदिई काजी वंशराज पाँडेलाई दिलाउनुमै श्रेयस्कर सम्झिए।

राजकुमार शूरप्रताप शाहले भने भक्तपुर विजयको पुरस्कार पाउने मात्र अपेक्षा नराखी भक्तपुर क्षेत्रको प्रमुख प्रशासक नै बन्न पाउने चाहना राखेका थिए। आफ्नो यसै चाहनाले गर्दा आफ्ना दाजुलाई खुसी पार्न यिनले लडाइँका मोर्चाहरुमा अत्यधिक उत्साह देखाइदिएका थिए। तर भक्तपुर क्षेत्रको प्रमुख प्रशासक बन्न पाउनु त कता हो कता, भक्तपुर विजयको पुरस्कार तथा शिरोपाउ पनि आफूले नपाएर काजी वंशराज पाँडेले पाएकोमा यिनी रिसले गर्दा आफ्ना दाजु राजा पृथ्वीनारायण शाहदेखि क्रुद्ध थिए।

मल्ल कालमा राजा राय मल्लका भाइहरु नेपाल अधिराज्यको ललितपुर तथा कान्तिपुर क्षेत्रका प्रमुख प्रशासकहरु बनाइएपछि उनीहरुले पछि त्यहींका स्वतन्त्र राजाहरु नै बनी मल्ल राज्यलाइ नै खण्डित तुल्याइदिएका थिए। यस्तै पाल्पा राज्यका राजा मुकुन्द सेन (प्रथम)ले आफ्ना छोराहरुलाई आफ्नो राज्यका विभिन्न क्षेत्रका प्रमुख प्रशासकका रुपमा नियुक्त गरिदिँदा उनीहरुले पनि सेन राज्यलाई अनेकौं स्वतन्त्र राज्यका रुपमा खण्डित तुल्याइदिएका थिए। यस्ता अनेकौं दृष्टान्तहरु हुँदाहुँदै राजा पृथ्वीनारायण शाह आफ्ना भाइहरुलाई आफूले कष्टका साथ आर्जन गरेको नेपाल अधिराज्यको कुनै पनि क्षेत्रविशेषका प्रमुख प्रशासक बनाउन किन पो चाहन्थे ?

राजा पृथ्वीनारायण शाह आफ्ना भाइहरुलाई आफ्ना सहायकका रुपमा मात्र प्रयोग गर्न चाहन्थे। कुनै क्षेत्रविशेषका प्रमुख प्रशासकका रुपमा नियुक्त गरेमा यसबाट हुन सक्ने सम्भावित हानिलाई दृष्टिगत गरी यसो गर्न यिनी कुनै हालतमा पनि तयार रहेका थिएनन्। यस कुरामा दाजुभाइबीचमा राय नमिल्दा राजकुमार शूरप्रताप शाहले आफ्ना दाजुदेखि क्रुद्ध भई पहिले त "गोरखामा गएर बस्न पाऊँ" भनी आफ्ना दाजुसँग अनुमतिका लागि माग गरेका थिए। आफ्नो यस आग्रहमा त यिनले आफ्ना दाजुबाट अनुमति प्राप्त गरे तर गोरखामा रहँदा यिनका दैनिक क्रियाकलापमाथि कडाइका साथ निगरानी राख्न थालियो।

राजकुमार काजी शूरप्रताप शाह पनि अपराधीसरह भएर यसरी सधैं गोरखाको एकान्त स्थानमा बसिरहन किन पो चाहन्थे! यिनी त्यहाँबाट पलायित भई मर्स्याङ्दी नदीलाई पार गरेर छिमेकी कुनै चौबीसे राज्यमा नबसी बाइसे राज्यहरुमध्येको दुल्लु राज्यमा गई रहन थाले। यिनी त्यहाँबाट फेरि नेपालमा फर्केर आएनन्।

राजा पृथ्वीनारायण शाहले कान्तिपुर राज्यका साथै ललितपुर राज्यमा पनि आफ्नो अधिकार स्थापित गरेपछि जाजरकोट राज्यका राजा गजेन्द्र शाहले यिनलाई 'पागपाती'का साथसाथै हर्षबढाइँका सौगातहरु पनि पठाइदिएका थिए। यी सौगातहरु प्राप्त भएपछि राजा पृथ्वीनारायण शाहले "त्यस राज्यको आन्तरिक प्रशासनमाथि म कुनै पनि किसिमले हस्तक्षेप गर्नेछैन, हाम्रो राजभवनमा नयाँ राजाको राज्यारोहण हुँदा 'गादीमुबारक'का रुपमा हरेक पटक सात सय एक रूपैयाँ पठाउने सर्तलाई स्वीकार गरी हाम्रो आश्रयलाई स्वीकार गर्नुहोस्" भनी राजा गजेन्द्र शाहको नाममा आफ्नो शान्तिसन्देश पठाइदिएका थिए र यस सन्देशलाई राजा गजेन्द्र शाहले पनि सहर्ष स्वीकार गरेका थिए।

यस्ता सन्देशहरु यति बेला सम्भवतः अन्य कुनै चौबीसे राज्यका राजाहरुका नाममा पनि पठाइएको हुँदो हो। तर अन्य चौबीसे राज्यका निरङ्कुश राजाहरु राजा

पृथ्वीनारायण शाहको अनुशासनात्मक नियन्त्रणमा रहन किन पो चाहन्थे? उनीहरुले यिनको यस आग्रहलाई यत्तिकै उपेक्षा गरिदिएका थिए।

तनहुँ, चौदण्डी तथा विजयपुर राज्यका राजाहरु यतिन्जेल सैनिक शक्तिको दृष्टिकोणले अत्यन्तै निर्बल बनिसकेका थिए। आफ्नो देशको स्वाधीनतालाई सुरक्षा गर्न सक्ने आत्मबललाई यिनीहरुले लगभग गुमाइसकेका थिए। यसैले राजा पृथ्वीनारायण शाहको आश्रयलाई स्वीकार गर्नु यिनीहरुका निमित्त यति बेला श्रेयस्कर रहेको थियो। तर यी राज्यका राजाहरु आफ्नो स्वजातिको गोरखाली राजाको आश्रयमा रहनुभन्दा भारतमा भर्खरै राजसत्तामा आइपुगेको इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीको आश्रयमा उनका जमिनदार भएर रहनका निमित्त तम्सिरहेका थिए।

कम्पनी सरकारको राजनीतिक शक्ति दिनप्रतिदिन बढ्दै आइरहेको र यी राजाहरुका यस्ता अवाञ्छित गतिविधिले गर्दा यी राज्यहरुमा कम्पनी सरकारका अङ्ग्रेज पदाधिकारीको आधिपत्य स्थापित हुनुभन्दा पहिले नै आफ्नो अधिकार स्थापित गर्नु अत्यावश्यक हुन आएको अनुभव गरी राजा पृथ्वीनारायण शाहले पुराना धनुषधारी अधिकांश सैनिकहरुलाई खारेज गरी बन्दुकधारी नयाँ सैनिक कम्पनीहरु खडा गरी आफ्नो सैन्य शक्तिलाई अझै सुदृढ बनाउन थाले। यसबाट नेपाल अधिराज्य यस क्षेत्रमा एउटा अजेयशक्तिका रुपमा देखापर्न आयो।

२.१० चौबीसे राज्यहरुमाथि अधिकार स्थापित गर्न असफल प्रयास र इस्ट इन्डिया कम्पनीसँगको मेल

जुन समयमा कप्तान किन्लाकको नेपालमाथि आक्रमण भएको थियो, त्यति बेला चौदण्डी तथा विजयपुर राज्यका राजा कर्ण सेन गोरखाली परमशत्रुका साथसाथै इस्ट इन्डिया कम्पनीका कट्टर पक्षपाती पनि थिए। यिनले गोरखाली सैनिकहरुविरूद्ध राजा जयप्रकाश मल्ललाई आवश्यक भौतिक सहयोग मात्र उपलब्ध गराएनन्, अङ्ग्रेज पदाधिकारीको आडमा गोरखाली सैनिकलाई नेपालका मल्ल राज्यहरुबाट हटाइदिने भरमग्दुर प्रयास पनि गरे। यिनका यस्ता गतिविधि भइरहे पनि राजा पृथ्वीनारायण शाहले भने तुरून्त पूर्वका चौदण्डी तथा विजयपुर राज्यतर्फ ध्यान दिन सकिरहेका थिएनन्।

मकवानपुर राज्यअन्तर्गत रहँदै आएका तराई क्षेत्रहरुको सार्वभौमिकताको प्रश्न अझैसम्म पनि पूर्णतया सुल्झिरहेको थिएन। कप्तान किन्लाकको नेतृत्वमा इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज सैनिकहरुले मकवानपुरका केही तराई क्षेत्रहरुमा बलपूर्वक नै आफ्नो अधिकार स्थापित गरिरहेका थिए। मकवानपुरका तराई क्षेत्रहरु विवादग्रस्त हुँदाहुँदै चौदण्डी एवम् विजयपुर राज्यमाथि पनि आफ्नो अधिकार स्थापित गर्ने प्रयास गरेमा यी राज्यका तराई क्षेत्रहरुका सम्बन्धमा पनि अङ्ग्रेज पदाधिकारीसँग थप विवाद सिर्जना हुने निश्चय भएको थियो। यसैले मकवानपुरका तराई क्षेत्रहरुको समस्या समाधान भई यहाँका तराई क्षेत्रहरुमा पूर्णतया आफ्ना नियन्त्रणमा आएपछि मात्र चौदण्डी तथा विजयपुर राज्यहरुतर्फ अघि बढ्नु उचित हुने देखी बाइसे राज्यहरुमाथि सैनिक हस्तक्षेप

गर्ने उद्देश्य राखी राजा पृथ्वीनारायण शाह अब मूल गोरखा राज्यदेखि दक्षिणपश्चिमतर्फ रहेको तनहुँ राज्यतर्फ दृष्टि दिन थाले।

राजा पृथ्वीनारायण शाहको नजरबन्दीबाट मुक्त भएपछि तनहुँ राज्यका राजा त्रिविक्रम सेनको सातो गएको थियो। यस राज्यमा चितौनको भित्री मधेस पनि सम्मिलित रहेको थियो र यसदेखि दक्षिणतर्फ रहेको, उत्तरी भारतको बेतियासँग सिमाना जोडिएको अङ्ग्रेजी राज्यभित्र पर्ने तराई क्षेत्रमा यिनको आफ्नो एउटा छुट्टै जमिनदारी पनि रहेको थियो। आफ्नो राज्यक्षेत्रअन्तर्गत रहेको यस जमिनदारीलाई तनहुँ राज्यका पूर्ववर्ती राजाहरुले पहिले नै मुगल प्रशासकको जिम्मामा सुम्पिदिएका र यही गुनबापत उनीहरुले मुगल प्रशासकबाट यस जमिनदारीलाई प्राप्त गरेका थिए।

बेतियामा रहने गरेका इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज अफिसर मिस्टर गोल्डिङ, पटनामा रहने गरेका अर्का अङ्ग्रेज अफिसर मिस्टर टम्स रम्बोल्ड तथा मकवानपुरको तराई क्षेत्रमा रहने गरेका कप्तान किन्लाकसमेत मिली नेपाल अधिराज्यमाथि दोस्रो सैनिक अभियान सञ्चालन गर्ने गुप्त योजना तयार गर्दा राजा त्रिविक्रम सेनले चितौनतर्फबाट नेपाल अधिराज्यभित्र प्रवेश गर्न अङ्ग्रेज सैनिकलाई बाटो उपलब्ध गराइदिने आश्वासन दिएका थिए। यसैले राजा पृथ्वीनारायण शाहले यथासम्भव चाँडो तनहुँ राज्यलाई उन्मूलन गरी यसलाई नेपाल अधिराज्यमा समाहित गराउने योजना तयार गर्न थाले।

यसैबीचमा राजा त्रिविक्रम सेनको देहान्त भई यिनका जेठा छोरा कामारिदत्त सेन त्यस राज्यका राजा हुँदा पनि राजा पृथ्वीनारायण शाहले आफ्नो योजनालाई यथावत् राखिरहेका थिए। यसै योजनाअनुसार यस राज्यमाथि आफ्नो अधिकार स्थापित गर्न बख्सी कहरसिंह बस्नेतको नेतृत्वमा एउटा सशक्त नेपाली सैन्यदल त्यस राज्यतर्फ पठाइयो। यस सैन्यदलले फागुन महिनाको मध्यदेखि चैत महिनाको मध्यसम्ममा यस राज्यका छाङ तथा मनापाङ आदि त्यहाँका प्रसिद्ध बस्तीहरुमाथि प्रायः बिनालडाइँ नै एकएक गरी आफ्नो अधिकार स्थापित गरिदियो (विसं १८२७ को फागुन)। यहाँबाट

अझै अगाडि बढी नेपाली सैनिकहरुले यस राज्यको राजधानी 'सुर' माथि नै पनि घेरा दिँदा आफ्नो राज्यको अस्तित्व नै समाप्त हुने खतरा उपस्थित हुन आएकाले निराश भई राजा कामारिदत्त सेनले आवेशमा आएर आत्महत्या गरिदिएका थिए।

राजा कामारिदत्त सेन निःसन्तान थिए। यसैले यिनको देहान्तपछि यिनका भाइ हरकुमारदत्त सेन त्यस राज्यको राजसिंहासनमा विराजमान हुन आए। यिनले शिष्टतापूर्वक नेपाल अधिराज्यको आश्रयलाई स्वीकार गरेकाले राजा पृथ्वीनारायण शाहले यिनलाई त्यस राज्यका वैधानिक राजाका रुपमा स्विकारेका थिए। यसरी तनहुँ राज्यको नयाँ राजा हुँदा यिनले "गोरखा राज्यका शत्रु मेरा पनि शत्रु र गोरखा राज्यका राजाका मित्र मेरा पनि मित्र हुनेछन् र गोरखा राज्यको कसैसँग लडाइँझगडा पर्न आएमा मैले गोरखाली सैनिकहरुलाई यथासम्भव सहयोग उपलब्ध गराउनेछु" भन्ने कबोल गरी राजा पृथ्वीनारायण शाहको नाममा 'एकान शत्रु एकान मित्र'को एउटा धर्मपत्र लेखिदिई यिनको आश्रयमा रहनका निमित्त स्वीकार गरिदिएका थिए।

तनहुँ राज्यदेखि उत्तरतर्फ रहेको, गोरखासँग सिमाना जोडिएको लमजुङ राज्य क्षेत्रफलको हिसाबले सानो भए पनि सैनिक दृष्टिकोणले भने पहिलेदेखि निकै शक्तिशाली थियो। तर तनहुँ राज्यले नेपाल अधिराज्यको आश्रयलाई सहजै स्वीकार गरिदिएकाले अब यस राज्यका राजा वीरमर्दन शाह पनि लगभग हताश थिए। यसैले यिनले पनि आफ्ना छोरा युवराज वीरभूपाल शाहलाई नवगठित नेपाल अधिराज्यको राजधानी काठमाडौंमै पठाएर राजा पृथ्वीनारायण शाहलाई आफ्ना अधिराजका रुपमा स्वीकार गर्न बाध्य भए। यसरी आफ्नो आश्रयलाई स्वीकार गरेपछि राजा पृथ्वीनारायण शाहले पनि उनको राज्यको 'रागिनास' नामक किल्ला उनलाई नै फिर्ता गरिदिएका थिए।

ललितपुर राज्यका पुराना प्रमान वा मन्त्रीहरु जागिर खोसिएर यिनताक बेकार बसिरहेका थिए। पूर्वराजा जयप्रकाश मल्लले काठमाडौं उपत्यकाभित्र भित्र्याइएका नगरकोटे सैनिकहरुमा जजसले यहाँ आआफ्ना घरजमहरु बसाइसकेका थिए, तिनीहरु

यस उपत्यकालाई यत्तिकै परित्याग गर्न नसकी यहीँ स्थायी रुपमा रहन थालिसकेका थिए। जजसले आफ्ना घरजमहरु जोड्न सकेका थिएनन्, तिनीहरु भने आआफ्नै घरमा फर्किएर गइसकेका थिए। उपत्यकाभित्र घरबार गरेर बसेका भूतपूर्व नगरकोटे सैनिकहरुलाई राजा पृथ्वीनारायण शाहले यिनीहरु पनि यहाँका आफ्नै नागरिकहरु हुन्" भन्ने सम्झिई यहीं नै निर्बाध रुपमा रहन दिएका थिए। यसरी यहाँ बस्ने नगरकोटे सैनिकहरुमा भूतपूर्व सरदार भवानीसिंह प्रमुख थिए।

उपत्यकाभित्रका मल्ल राज्यहरुको पतन भएपछि यहाँ कार्यरत रहेका अधिकांश नगरकोटे सैनिकहरु काम नपाएर बेकार भएर बसिरहेका थिए। यिनीहरुको आफ्नो भएको जागिर टुटिसकेको थियो। जीवनवृत्तिको अभावमा यिनीहरुमध्ये प्रायः सबैले ज्यालामजदुरीको पेसालाई अपनाइसकेका थिए। यसै स्थितिमा ललितपुरमा बेकार भएर रहेका भूतपूर्व प्रमान वा मन्त्रीहरुले यिनीहरुबाट नै सहयोग प्राप्त गरी राजा पृथ्वीनारायण शाहको हत्या गराएर गोरखाली सैनिकहरुलाई काठमाडौं उपत्यकाबाट नै बाहिर निकाली यहाँ फेरि पनि मल्ल राजाहरुको आधिपत्य स्थापित गर्ने कुत्सित योजनमा संलग्न रहन थाली षड्यन्त्रका अनेकौं तानाबाना बुन्न थालेका थिए। नजरबन्दमा रहेका ललितपुरका पूर्वराजा तेजनरसिंह मल्ललाई बन्धनमुक्त गरी यिनलाई नै यहाँका तीन ओटै मल्ल राज्यको संयुक्त राजा बनाउने यिनीहरुको उद्देश्य रहुँदो हो।

गोरखाली सैनिकहरुको ठूलो जमात तनहुँ राज्यतर्फ लागिरहेको समयमा राजा पृथ्वीनारायण शाह कामविशेषले गर्दा एक दिन भक्तपुर सहरमा गएका थिए। त्यहाँबाट राजधानी काठमाडौंतर्फ फर्केर आउँदा बाटामा पर्ने 'ह्याङह्वाङ पार्टी'को नजिकै एकान्त परेको ठाउँमा आइपुग्दा आफ्ना सहयोगीहरुका साथमा घोडामा सवार भएर आफू भएतिर लगातार बढ्दै आइरहेका नगरकोटे सैनिकहरुका भूतपूर्व सरदार भवानीसिंह आफ्ना सहयोगी केही नगरकोटे सैनिकहरुका साथ एकाएक देखिए। राजा पृथ्वीनारायण शाहले यिनलाई देख्नेबित्तिकै आफ्ना प्रमुख अङ्गरक्षक काजी श्रीहर्ष पन्तलाई "यसलाई तत्कालै पक्रिहाल्नू" भन्ने आदेश दिँदा सरदार भवानीसिंह तथा

उनका सहयोगीहरु पनि गोरखाली सैनिकहरुको घेरामा पर्न आए। यसै स्थितिमा आफूमाथि सङ्कट आइपरेको अनुभव गरी भूतपूर्व सरदार भवनीसिंहले आफ्नो कम्मरमा भिरेको तरबारलाई निकाली राजा पृथ्वीनारायण शाहमाथि एकाएक घातक आक्रमण गरिदिइहाले। उनले गरेको तरबारको प्रहार संयोगले मात्र राजा पृथ्वीनारायण शाहको शरीरमा नलागी यिनी चढेको म्यानाको डाँठमा गएर बज्रिएको थियो।

आफ्ना राजामाथि सङ्कट आइलागेको देखी काजी श्रीहर्ष पन्तले बिजुलीको जस्तै तीव्र गतिले षड्यन्त्रकारीका मतियारहरुलाई त्यहाँबाट तितरबितर पारी भवानीसिंहलाई त्यहीँ धराशायी तुल्याइदिए। उनी तत्कालै त्यहीँ काटिए। यसको भोलिपल्टदेखि बचेका भूतपूर्व नगरकोटी सैनिकहरुको तदारूकताका साथ खोजी सुरू हुन थाल्यो। पक्राउमा परेका नगरकोटे सैनिकहरुबाट षड्यन्त्रको रहस्योद्घाटन हुँदा पाटन सहरमा बसोवास गर्ने देवीदास प्रधान आदि छ जना भूतपूर्व प्रमान वा मन्त्रीहरुमध्ये एक जनाको हो भन्ने ठहरिन आएको थियो। यसबाट राजा पृथ्वीनारायण शाहको विरूद्धमा षड्यन्त्रका तानाबाना बुनिएका र यसै षड्यन्त्रको महत्वपूर्ण कडीका रुपमा राजा पृथ्वीनारायण शाहमाथि घातक आक्रमण भएको प्रमाणित भयो।

यसै अपराधमा ललितपुर राज्यका छ जनै भूतपूर्व प्रमानहरु पक्राउमा परे र काटिए पनि (विसं १८२७ चैत ११ गते, तदनुसार २१ मार्च इसं १७७१)। षड्यन्त्रमा सहभागी भएका अन्य भूतपूर्व नगरकोटे सैनिकहरुलाई पनि खोजीखोजी, उनीहरुकै घरघरमा गई काटियो। यस निर्मम हत्याकाण्डमा यहाँ घरगृहस्थी गरी बसेका अन्य कैयौं निरपराध भूतपूर्व नगरकोटे सैनिकहरु पनि परेका थिए।

भूतपूर्व सरदार भवानीसिंहले आफूमाथि घातक प्रहार गर्ने प्रयास गर्दा काजी श्रीहर्ष पन्तले बिजुलीको गति जस्तै फूर्तिका साथ भवानीसिंहलाई तत्कालै त्यहीँ काटिदिएकाले यिनीदेखि प्रसन्न भई राजा पृथ्वीनारायण शाहले यिनलाई 'बिजुली' भन्ने उपनाम दिए। यसैले यिनी यसपछि आफ्ना परिचितहरुबीच 'बिजुली पन्त'का नामले प्रसिद्ध भए।

उता तनहुँ तथा लमजुङका शक्तिशाली राजाहरुले आफ्नो आश्रयलाई स्वीकार गरिसकेकाले अब एउटै झम्टामा मोदी तथा कालीगण्डकी नदीसम्मै आफ्नो अधिराज्यको विस्तार हुन सक्छ भन्ने देखेर राजा पृथ्वीनारायण शाहले उत्तरी भेगका चौबीसे राज्यहरुमा आफ्नो अधिकार स्थापित गर्न काजी वंशराज पाँडेको नेतृत्व र दक्षिणी भेगका अन्य चौबीसे राज्यमाथि अधिकार स्थापित गर्न बख्सी केहरसिंह बस्नेतको नेतृत्वमा आफ्ना आठदस सयजति सैनिकलाई राजधानी काठमाडौंबाट पश्चिमतर्फ रमाना गराइदिए।

काजी वंशराज पाँडेलाई आवश्यक सहयोग उपलब्ध गराउनका निमित्त सम्भवतः लमजुङ राज्यका राजा वीरमर्दन शाहले सहायक सैनिकहरुका रुपमा आफ्नो देशका सैनिकहरुलाई पनि पठाइदिएका थिए। यस संयुक्त सैन्यदलले कास्की राज्यभित्र प्रवेश गरी सर्वप्रथम 'भण्डारढिक'मा आफ्नो सैनिक ठाना स्थापना गरिदियो। त्यस राज्यका राजा सिद्धिनारायण शाहलाई नवगठित नेपाल अधिराज्यको आश्रयलाई स्वीकार गर्न आग्रह गरियो। तर उनलाई 'पर्वत' राज्यका राजा कीर्तिबम मल्लको तर्फबाट आडभरोसा मिलिरहेकाले उनले गोरखाली सेनानायकहरको यस प्रस्तावलाई सहजै अस्वीकार गरिदिए।

यस परिस्थितिमा दक्षिणी भेगबाट नेपाली सैनिकहरुका गतिविधिलाई हेरेर मात्र त्यस राज्यमाथि सैनिक हस्तक्षेप गर्नु बढिया हुने देखी काजी वंशराज पाँडेले आफ्नो नेतृत्वमा रहेका सैनिकहरुलाई केही दिनसम्म त्यहीँ पर्खाएर राखे। केही दिनपछि यिनीहरुले त्यस राज्यमाथि आक्रमण गरिदिँदा त्यहाँका राजा सिद्धिनारायण शाहले नेपाली सैनिकहरुलाई सेती नदीको किनारमा रोक्ने सम्भव प्रयासहरु गरेका थिए। तर लडाइँका मोर्चाहरुमा यिनका सैनिकहरुको हार हुँदा यिनी पनि राजा पृथ्वीनारायण शाहको आश्रयलाई स्वीकार गर्न विवश भए।

कास्की राज्यलाई आफ्नो आश्रयमा ल्याइसकेपछि काजी वंशराज पाँडेले आफ्नो नेतृत्वमा रहेका सैनिकहरुलाई कास्की राज्यदेखि पारिपट्टि रहेको 'नुवाकोट' नामक

सानो राज्यभित्र दाखिला गराइदिए। त्यहाँ 'टेकन' नामक ठाउँमा भएको सैनिक मुठभेडमा नुवाकोट राज्यका सैनिकहरुका सामु नेपाली सैनिकहरुले केही पछि हट्नुपर्ने परिस्थिति पैदा भए पनि त्यहाँका राजा आफ्नो राज्यको राजधानीलाई परित्याग गरी भिरकोट राज्यमा शरण लिन गएकाले सशक्त नेतृत्वको अभावमा केही दिनपछि यो राज्य पनि नेपाल अधिराज्यकै नियन्त्रणमा आयो। यस राज्यमा आफ्नो अधिकार स्थापित भएपछि काजी वंशराज पाँडे तथा सरदार प्रभु मल्लले आफ्नो नेतृत्वमा रहेका सैनिकहरुलाई त्यहीँ राखिरहे।

उता बख्सी केहरसिंह बस्नेतको नेतृत्वमा दक्षिणी भेगतिरबाट तनहुँ राज्यका सहायक सैनिकहरुलाई समेत साथमा लिई पश्चिमतर्फ लागेको नेपाली सैन्यदल चौबीसे राज्यहरुमध्येको 'रिसिङ' तथा 'ढोर' नामक राज्यहरुमा दाखिल हुँदा त्यहाँका राजाहरुले पनि नेपाल अधिराज्यको आधिपत्यलाई स्वीकार गरी राजा पृथ्वीनारायण शाहलाई आफ्ना अधिराजका रुपमा स्वीकार गर्न सहमति जनाइदिए। यस परिस्थितिमा रिसिङ राज्यतर्फबाट अघि बढेका बख्सी केहरसिंह बस्नेत तथा नुवाकोट राज्यतर्फबाट गएका काजी वंशराज पाँडेसमेतको नेतृत्वमा रहेका नेपाली सैनिकहरुले भिरकोट राज्यमाथि सहसा आक्रमण गरी 'गृहाकोट'मा भएको एउटा भीषण लडाइँमा त्यस राज्यका सैनिकहरुलाई हराइदिँदा त्यस राज्यका राजा आफ्नो राज्यबाट पलायित हुन विवश भएकाले यसको दोस्रो दिन त्यस राज्यका सैनिकहरुले नेपाली सैनिकहरुका सामुमा आत्मसमर्पण गरिदिए (विसं १८२८ वैशाख २७ गते, तदनुसार ६ मे इसं १७७१)।

यति नै बेला 'गरहुँ' राज्यका नाबालक राजालाई उनका मन्त्रीहरुले भगाएर गुल्मी राज्यमा पुऱ्याइदिएका थिए। यस्तै 'पैयुँ' राज्यका राजाको नेतृत्वमा रहेका सैनिकहरुले 'धूवाँकोट' नामक ठाउँमा नेपाल अधिराज्यका सैनिकहरुसँग सामान्य मुकाबिला गरी आफ्नो राज्यको राजधानीलाई यत्तिकै छोडिदिएकाले यी दुई राज्यमा पनि सजिलैसँग नेपाल अधिराज्यको आधिपत्य स्थापित हन आयो। यसरी लगभग कालीगण्डकी नदीसम्म नै नेपाल अधिराज्यको विस्तार गरी बख्सी केहरसिंह बस्नेत तथा काजी वंशराज

पाँडेको नेतृत्वमा रहेका नेपाली सैनिकले यस वर्षको पूरा बर्सात भिरकोटमै बिताउने निर्णय गरे।

आफ्ना राजा हरकुमारदत्त सेनको इसारा पाएर हो वा भिरकोट राज्यका राजा तथा तिनका भारदारहरुको उक्साहटले गर्दा हो, तनहुँ राज्यबाट सहायक सैनिकहरुका रुपमा गएका ९६ जनाजति सैनिकहरुले गृहाकोटमा भएको लडाइँमा युद्धस्थलमै नेपाली सैनिकहरुविरूद्ध अप्रत्याशित विद्रोह गरिदिए। भिरकोटे सैनिकहरुको पक्षमा लागी नेपाल अधिराज्यका सैनिकहरुको विरूद्धमा लडाइँ लड्नका निमित्त एकाएक अग्रसर भएकाले "विपक्षी सैनिकहरुसँग मिल्न गएको" आरोपमा लडाइँ सकिनेबित्तिकै काजी वंशराज पाँडे तथा बख्सी केहरसिंह बस्नेत पनि आपसमा सरसल्लाह गरी तिनीहरुलाई त्यहीँ कटाइदिए। राजा हरकुमारदत्त सेन यस जघन्य अपराधमा आफ्नो कुनै पनि किसिमको हात नरहेको सफाइ नेपाली सेनानायकहरुका समक्षमा दिँदै रहेका थिए तापनि आफ्ना सैनिकहरु मारिएबाट उनी नेपाली सेनानायकहरुदेखि क्रुद्ध थिए। आफ्नो खास शक्ति नभएकाले मात्र यति बेला उनले नेपाली सेनानायकहरुविरूद्ध बोल्न सकिरहेका थिएनन्।

यस अप्रिय घटनाबाट तनहुँ राज्यका सर्वसाधारण जनतामा पनि गोरखाली सैनिकहरुको विरूद्धमा पुरानो वैरभाव पुनः जागृत हुन आई घृणा पनि यत्रतत्र फैलन थाल्यो। यसैबीचमा 'रिसिङ' राज्यका राजाले गोरखाली सेनानायकहरुका विरूद्धमा कडा आलोचनाहरु नगरिदिएकाले उनीदेखि क्रुद्ध भई काजी वंशराज पाँडेले आफ्नो नेतृत्वमा रहेका सैनिकहरुको प्रयोग गरी त्यस राज्यको नै उन्मूलन गराइदिए।

यिनताक चौबीसे राज्यका राजाहरुमा लमजुङ राज्यका राजा वीरमर्दन शाह, पर्वत राज्यका राजा कीर्तिबम मल्ल तथा पाल्पा राज्यका राजा मुकुन्द सेन (द्वितीय) प्रमुख थिए। लमजुङ तथा पर्वत राज्यका राजा तथा तिनका सैनिक पनि गोरखाली सैनिकभन्दा कम लडाका थिएनन्। पाल्पा राज्यको त खास सैन्यशक्ति थिएन तर त्यस राज्यको आर्थिक शक्ति भने अत्यन्त नै सबल रहेको थियो। यसैले चौबीसे राज्यका राजाहरुको जमातमा उपर्युक्त तीन ओटै राज्यका राजाहरुको बोलबाला थियो।

गोरखाली सैनिकहरुको अविच्छिन्न विजययात्राले गर्दा उपर्युक्त तीन ओटै राज्यका राजाहरु गोरखाली सैनिकहरुदेखि त्रस्त रहन थालेका थिए। यसै गतिमा गोरखाली सैनिकहरुको विजययात्रा निरन्तर जारी रहिरहने हो भने आफ्नो राज्यको अस्तित्व अब धेरै दिनसम्म टिकिरहन सक्नेछैन भन्ने तिनीहरुलाई लाग्न थालिसकेको थियो। नेपाली सैनिकहरुले कालिगण्डकी नदीको किनारमा पुगेर आफ्ना सैन्यसिविरहरु स्थापना गरी बसिरहेको पाउँदा उनीहरुलाई असह्य हुन आइरहेको थियो। यसैले सानाठूला सबै चौबीसे राज्यका सेनानायकहरु आपसमा मिलेर एक पटक फेरि पनि नेपाल अधिराज्यका सैनिकसँग टक्कर लिई आफ्नो सैन्यशक्तिको कडा परीक्षण गर्ने निर्णयमा पुगे।

यता यसै समयमा नेपाली सेनानायकहरुले यथासमयमै 'पर्वत' राज्यमाथि आक्रमण गर्नुपर्नेमा नगरी हिउँदमा तीन महिनाको अमूल्य समय यत्तिकै खेर फालेर एउटा ठूलो भुल गरिदिएका थिए। त्यस राज्यमाथि तत्कालै आक्रमण गरिदिइहालेको भए अन्य चौबीसे राज्यका राजाहरुले सङ्गठित हुने अवसर पाउने थिएनन्। तर यस अमूल्य समयलाई यत्तिकै खेर फालिदिँदा यस मौकाबाट फाइदा उठाई नेपाली सैनिकहरुविरूद्ध आपसी सैन्य सङ्गठन गर्न चौबीसे राज्यका विद्रोही राज्यहरुले राम्रो अवसर प्राप्त गरे।

यस सैन्य सङ्गठनमा सहभागी हुनेहरुमा पर्वत तथा पाल्पा राज्यका प्रतिनिधिहरु मुख्य थिए। अप्रत्यक्ष रुपमा तनहुँ तथा कास्की राज्यका प्रतिनिधि पनि यस सैन्य सङ्गठनमा सहभागी हुन आइपुगेका थिए। आफ्ना विपक्षी चौबीसे राज्यका सैनिकहरुको यस किसिमको अनपेक्षित गतिविधिले गर्दा भिरकोट राज्यमा मुकाम गरेर बसिरहेका नेपाल अधिराज्यका सैनिकहरु आफ्ना विपक्षी सैनिकहरुद्वारा घेरिने परिस्थिति सिर्जना हुन आइपुगको थियो। बर्सातको समय, खेतीपातीको समय भएकाले बर्सातभर सैन्य सङ्गठन गर्दै रही हिउँद लाग्नासाथ भिरकोट राज्यमा सैन्यशिविर स्थापना गरेर बसिरहेका नेपाली सैनिकहरुको संहार गरिदिने यति बेला चौबीसे राज्यका राजा तथा उनका सेनानायकहरुको पनि गुप्त योजना थियो।

सतहुँ राज्यमा आफ्ना विपक्षी सैनिकहरुको सङ्ख्या दिनप्रतिदिन बढ्दै आउन थालेपछि उनीहरुमाथि यथाशीघ्र आक्रमण गरिहाल्नुपर्ने परिस्थिति सिर्जना हुन आएको अनुभव गरी काजी वंशराज पाँडे तथा बख्सी कहरसिंह बस्नेतले आआफ्नो नेतृत्वमा रहेका नेपाली सैनिकद्वारा आफ्ना विपक्षी सैनिकमाथि तत्कालै आक्रमण गराइदिइहाले।

बिहान सबेरैदेखि दुई पक्षका बीचमा घोरघमासान लडाइँ सुरू भएको थियो। यो लडाइँ निरन्तर दिनभर लगातार चल्दै रहँदा सेनापति बख्सी कहरसिंह बस्नेतका साथ पाँच सय जनाजति नेपाली सैनिकहरु खेत रहेपछि नेपाली पक्षको अकल्पित रुपमा हार हुन आयो। तैपनि नेपाली सैनिकहरुले विपक्षी सैनिकहरुका सामुमा आत्मसमर्पण गर्न भने चाहेनन्। नेपाली सेनाका प्रमुख सेनापति काजी वंशराज पाँडे युद्धमोर्चामै विपक्षीहरुद्वारा पक्रिएका थिए। यिनी बन्दी बनाई कैदमा राखिए (विसं १८२८ पुस ५ गते, तदनुसार १६ डिसेम्बर इसं १७७१)। यसपछि काजी वंशराज पाँडेका भाइ 'सरदार' रणशूर पाँडेले बाँकी बचेका नेपाली सैनिकहरुको नेतृत्व ग्रहण गरी यिनीहरुलाई 'ढोर' राज्यमा उतारिदिए।

यस प्रकार नेपाली सैनिकहरुको अपमानजनक पराजय भएको देखी अब लमजुङ, कास्की तथा तनहुँ राज्यका राजाहरु पनि खुल्लमखुल्ला नै नेपाली सैनिकका विरोधीहरुका रुपमा देखापर्न थाले। आफ्ना सैनिकहरुको यस किसिमको दुर्दशा भएको खबर आइपुग्नेबित्तिकै राजा पृथ्वीनारायण शाहले बख्सी कहरसिंह बस्नेतकै भाइ धोकलसिंह बस्नेतको नेतृत्वमा आफ्ना केही थप सैनिकहरु त्यतातर्फ पठाइदिए। नेपाली सेनाका अनुभवी सेनानायक काजी श्रीहर्ष पन्तलाई पनि यस सैन्य अभियानमा सहभागी गराइएको थियो। तर तनहुँ तथा लमजुङ राज्यका राजाहरुले प्रकट रुपमै विद्रोह गरी नदी पार गर्न डुङ्गाहरु उपलब्ध नगराएका र भएका डुङ्गाहरुलाई पनि सञ्चालन गर्न नदिएकाले मर्स्याङ्दी नदीलाई पार गर्न नसकी सहायताका निमित्त गएका गोरखाली सैनिकहरु अलमल्लमा पर्न आए।

यसैबीचमा छिमेकी विद्रोही राजाहरुको प्रभावमा परी आश्रयमा आइपुगेका ढोर राज्यका राजाले पनि नेपाली सैनिकहरुविरूद्ध विद्रोहको झन्डालाई सशक्त रुपमा उचालिदिँदा त्यहाँ पुगेका नेपाली सैनिकहरु पनि चारैतिरबाट आफ्ना विपक्षीहरुद्वारा घेरिन पुगे (विसं १८२८ माघ १२ गते, तदनुसार २२ जनवरी १७१२)। यसले गर्दा सरदार रणशूर पाँडे तथा 'सरदार' प्रभु मल्ल पनि विपक्षी सैनिकहरुको नियन्त्रणमा पर्न आए। नायकविहीन भएका नेपाली सैनिकहरु कम्पनीका 'सुवेदार'हरुको नेतृत्वमा आफ्ना विपक्षीहरुका सैनिक घेराहरुलाई तोडी बडो कष्टका साथ बल्लतल्ल तनहुँ राज्यमा दाखिला हुन आए। तर दुर्भाग्य! यतिन्जेल तनहुँ तथा लमजुङ राज्यका राजाहरु पनि प्रकट रुपमै नेपाली सैनिकहरुका विरोधी बनिसकेका थिए। यिनीहरुले नेपाली सैनिकहरुलाई पक्रने सम्भव प्रयासहरु गरे तर पक्रन भने सफल हुन सकेनन्।

तनहुँ राज्यमा आइपुगेपछि आफ्नो राज्यबाट पलायित भएर जान नसकून् भनी तनहुँ तथा लमजुङ राज्यका सैनिकहरुले यिनीहरु आउने बाटाघाटामा बलियोसँग भाँजाहरु हालिसकेका थिए र मर्स्याङ्दी नदी वारपार गर्ने डुङ्गाहरुलाई पनि जफत गरिसकेका थिए। तर अनेकौं कष्टहरु झेल्दै नेपाली सैनिकहरु भने जसरीतसरी मर्स्याङ्दी नदीलाई पार गरी बल्लतल्ल गोरखामा उत्रन सफल भए।

यिनीहरुको सहयताका निमित्त धोकलसिंह बस्नेतको नेतृत्वमा गएको नेपाली सैन्यदल पनि, मर्स्याङ्दी सैन्यदल पनि मर्स्याङ्दी नदीलाई पार गर्न नसकी ज्यामिर घाटमै रोकिएका थिए। यिनै सैनिकहरुको सहयोगले लडाइँका मोर्चाहरुबाट भागेर आएका थकित तथा भोकाएका नेपाली सैनिकहरु बल्लतल्ल स्वदेशमा उत्रन सफल भए।

युद्धको मोर्चाबाट फर्किएर आएका सरदार रणशूर पाँडेलाई राजा पृथ्वीनारायण शाहले निर्दयतापूर्वक "कायरता प्रकट गरी युद्धमोर्चाबाट भागेर आउने" भनी उनले खाइपाई आएको सरदारको पदबाट पदच्युत गराइदिए। आफ्नो जिम्मामा रहेका बन्दुकहरु गुमाएर आउने नेपाली सैनिकहरुसँग बन्दुकको बिगोबापत भनी प्रतिबन्दुकको ६० रूपैयाँका दरले हर्जाना लिई थप त्यति नै दण्ड पनि लगाइदिए। आफ्नो ज्यानलाई हत्केलमा राखेर

लडाइँका मोर्चाहरुमा सहभागी हुने लडाका नेपाली सैनिकहरुका निमित्त यो निश्चय नै पनि कठोर दण्ड थियो। तर यस किसिमको कठोर दण्डले गर्दा यस घटनापछि कुनै नेपाली सैनिकले पनि आफ्ना हतियार कहिल्यै पनि आफ्ना विपक्षीलाई बुझाएर आउने आँट गर्न सकेनन्।

'सतहुँ' तथा 'ढोर' राज्यमा पुगेर नेपाली सैनिकहरुका निमित्त यो हार गोरखाली सैनिकहरुको कीर्तिपुरमा भएको पहिलो हारभन्दा पनि अपमानजनक प्रमाणित हुन आएको थियो। साथै यस लडाइँमा विपक्षीहरुद्वारा चारैतिरबाट घेरामा परी अकल्पित रुपमा आफ्नो हारलाई बेहोर्नुपरेको थियो। यस हारबाट नेपाली सैनिकहरुलाई एउटा ठूलो अनुभव भने प्राप्त हुन आयो। यस हारपछि जुनसुकै ठाउँमा लड्न जाँदा पनि यिनीहरु अत्यन्त नै सचेत तथा सावधान भएर लड्न थाले।

यो अप्रिय घटना घट्नुभन्दा एक वर्षजपति अगाडिको कुरा हो, भक्तपुर राज्यका गोरखाली सैनिकहरुको अधिकार स्थापित भएप्छि पूर्वमा दूधकोसी नदीदेखि पश्चिममा चेपे तथा मर्स्याङ्दी नदीसम्मका पहाडी क्षेत्रहरुका साथसाथै यिनका लगभग समानान्तर रहेका भित्री मधेसका भूभागहरु पनि नेपाल अधिराज्यभित्र गाभिइसकेका थिए। तर मकवानपुरका तराई क्षेत्रहरुमा भने कप्तान किन्लाकको नेतृत्वमा अङ्ग्रेज सैनिक जबर्जस्ती बसिरहेकाले नवगठित नेपाल अधिराज्य अझैसम्म अपूर्ण तथा अपरिपक्व थियो।

महोत्तरीदेखि पर्सासम्मका तराई क्षेत्रहरु मकवानपुर राज्यको राज्यक्षेत्र थिए। यस क्षेत्रमा जङ्गली हात्तीहरु प्रशस्त मात्रामा पाइने हुनाले मुगल बादशाहहरुले यस राज्यका राजाहरुबाट उपहारका रुपमा 'मालवाजबी'को नामले प्रतिवर्ष दुई ओटा हात्ती लिने गरेका थिए। बादशाह औरङ्गजेबको देहान्तपछि विशाल मुगल साम्राज्य छिन्नभिन्न भई यिनका प्रान्तपालहरु स्वतन्त्र राज्यका राजाहरुका रुपमा स्थापित हुँदा मकवापुर राज्यबाट प्रतिवर्ष दुई ओटा हात्ती लिने यो अधिकार बङ्गाल तथा बिहारका नबाब बजिरहरुमा आइपुगेको थियो। नबाब बजिरहरुले पछिपछि हात्तीका बदलमा नगद रकम

पनि लिने गरी त्यस रकमलाई क्रमशः बढाउँदै ल्याएर वार्षिक रू. १२,५००।– सम्म पुऱ्याएका थिए। नबाब बजिरका पटनामा रहने मुगल प्रशासकहरु प्रतिवर्ष यस रकमलाई असुल गर्ने गर्थे।

यसै स्थितिमा राजा पृथ्वीनारायण शाहले मकवानपुर राज्यमा आफ्नो अधिकार स्थापित गरी यस राज्यका तराई क्षेत्रहरुमा पनि आफ्नो आधिपत्य स्थापित गराइदिँदा बङ्गाल तथा बिहारका नबाब बजिरहरुलाई प्रतिवर्ष बुझाउँदै आएको नजराना पनि केही वर्षका निमित्त रोकिन गएको थियो। उता भारतमा इस्ट इन्डिया कम्पनीका रुपमा विस्तार हुँदै आइरहेको अङ्ग्रेज शक्ति तथा नेपाल अधिराज्यका बीचमा सुषुप्त रुपमा वैरको भावना जागृत हुनु स्वाभाविकै थियो।

क्रमिक रुपमा निरन्तर अगाडि बढ्दै आइरहेको अङ्ग्रेज शक्तिको भयले गर्दा नै राजा पृथ्वीनारायण शाहले मकवानपुर राज्यमा झटपट आफ्नो आधिपत्य स्थापित गराइदिएका थिए। बङ्गालका साथै बिहारमा पनि इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीको अधिकार स्थापित भएपछि नबाब बजिरका उत्तराधिकारीको हैसियतले नेपाल सरकारबाट 'मालवाजबी' अर्थात् नजराना असुल गर्ने अधिकार अब इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीमा आइपुगेको थियो।

इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारी पनि नेपालका पहाडी क्षेत्रहरुमा रहेका ससाना राज्यहरुमा आफ्नो अधिकार स्थापित गरी नेपालको बाटो भई तिब्बत तथा मङ्गोलियासँग हुने भारतको परम्परा व्यापारमा आफूहरुको मात्र एकलौटी नियन्त्रण गराउनका निमित्त लालायित थिए। बेलायतको शीतल हावापानीमा हुर्केबढेका अङ्ग्रेज पदाधिकारीका निमित्त भारतको उष्ण जलवायु रूचिकर थिएन। समशीतोष्ण हावापानी भएका नेपाली भूभागहरुप्रति उनीहरु दिनदिनै आकर्षित हुँदै आइरहेका थिए।

ठीक यसै स्थितिमा सैनिक सहायताका निमित्त आग्रह गरिएको राजा जयप्रकाश मल्लको प्रार्थनापत्र उनीहरुकहाँ पुग्दा कम्पनी सरकारका अङ्ग्रेज पदाधिकारीले कप्तान

किन्लाकको नेतृत्वमा आफ्ना सैनिकहरु नेपालतर्फ पठाइदिएका थिए। तर कप्तान किन्लाकले आफ्नो नेतृत्वमा रहेका सैनिकहरुलाई नेपालका पहाडी क्षेत्रभित्र घुसाउने प्रयास गर्दा असफल भई नेपालका भित्री मधेसमा पनि अडिन नसकेर अर्को वर्ष दोस्रो सैनिक अभियान सञ्चालन गर्ने उद्देश्यअनुसार लडाइँका निमित्त अत्यावश्यक खर्च जुटाउन भनी रौतहटदेखि पर्सासम्मका तराई क्षेत्रहरुमा बलपूर्वक कब्जा जमाई जबर्जस्ती नै ती क्षेत्रमा मालपोत रकमहरु असुल गर्दै रहेका थिए।

यसै परिस्थितिमा राजा पृथ्वीनारायण शाहले कान्तिपुर, ललितपुर तथा भक्तपुर राज्यमा पनि आफ्नो अधिकार स्थापित गराइदिँदा इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीका निमित्त नेपालभित्र प्रवेश गर्ने बाटो सदाका निमित्त बन्द भई उनीहरु निराश भएर बसिरहेका थिए। यति हुँदा पनि राजा पृथ्वीनारायण शाहले मकवानपुरका तराई क्षेत्रहरुतर्फ खास ध्यान दिन पाइरहेका थिएनन्। "बङ्गाल तथा बिहारका नबाब बजिरका उत्तराधिकारीको हैसियतले मकवानपुर राज्यका तराई क्षत्रेहरु हाम्रा हुन् र यस क्षेत्रमाथिको सार्वभौमिक अधिकार पनि हाम्रो नै छ" भन्ने कम्पनी सरकारका अङ्ग्रेज पदाधिकारीको तर्क थियो। यसै तर्कका आधारमा आफ्नो नेतृत्वमा रहेका सैनिकहरुका साथ कप्तान किन्लाक मकवानपुरका तराई क्षेत्रहरुमा अझैसम्म पनि बसिरहेका थिए। अङ्ग्रेज पदाधिकारीसँग विरोध पर्ने डरले गर्दा नेपाली सैनिकले पनि उनीहरुमाथि हस्तक्षेप गर्ने आँट गर्न सकिरहेका थिएनन्।

कप्तान किन्लाकले पर्सा, बारा तथा रौतहट जिल्लाहरुबाट वार्षिक २४ हजार रूपैयाँजति मालपोत रकमहरु असुल गर्दै आइरहेका थिए। यति रकमले त यिनका नियमित सैनिकहरुलाई खानपिन गर्नसम्म पनि पुग्दैनथ्यो। त्यसमाथि यिनको नेतृत्वमा रहेका सैनिकहरु औलोको प्रकोपले गर्दा थलिएर आजित भइसकेका थिए। यसैले राजा पृथ्वीनारायण शाहलाई कुनै पनि युक्तले सहमत गराएर तिब्बतसँगको व्यापारमार्ग आफ्ना निमित्त पनि खुला गराउन पाएमा यसबाट नेपालका तराई क्षेत्रहरुमा अधिकार

स्थापित गरेर प्राप्त हुने लाभभन्दा पनि लाभ मिल्न सक्ने सम्भावना देखिएकाले मकवानपुरका तराई क्षेत्रमाथि आफ्नो दाबी परित्याग गरिदिन उनीहरु तयार थिए।

मकवानपुर राज्यको पूर्वी पहाडी क्षेत्र झाँगाझोलीमा स्थायी घरवास भएका सत्यधर उपाध्याय दाहाल मकवानपुर राज्यका राजा हेमकर्ण सेनका विश्वस्त कर्मचारीका रुपमा कार्यरत थिए। बख्सी केहरसिंह बस्नेत मकवानपुरका प्रमुख प्रशासक भएर रहँदा सत्यधर उपाध्यायका छोरा दीनानाथ उपाध्याय पनि त्यहाँका नियमित कर्मचारी थिए। मालपोत कार्यालयका कुशल कर्मचारी भएर कार्यरत रहेकाले आफ्नो देशका तराई क्षेत्रहरुका सम्बन्धमा मकवानपुर राज्यका पूर्वराजा तथा तात्कालिक स्थानीय मुगल प्रशासकहरुका बीचमा भएका लिखितपत्रहरुको बारेमा यिनलाई राम्रै जानकारी रहेको थियो। उपर्युक्त विषयका पुराना कागजपत्रहरुको खोजी तथा पहिचान गर्न पनि यिनी समर्थ थिए।

बख्सी केहरसिंह बस्नेतकै सिफारिसअनुसार यिनले राजधानी काठमाडौंमा आई मकवानपुरका तराई क्षेत्रहरु कम्पनी सरकारको हातबाट छुटाउने उपायहरुका सम्बन्धमा राजा पृथ्वीनारायण शाहका समक्षमा सविस्तार बिन्ती जाहेर गरिदिए। यिनले दिएका सुझाव राजा पृथ्वीनारायण शाहलाई उचित लागे। यस सम्बन्धमा आवश्यक कुराकानी गर्न राजा पृथ्वीनारायण शाहले दरभाङ्गामा रहेका कम्पनी सरकारका अङ्ग्रेज अफिसर 'मेजर' केलीकहाँ आफ्ना दूत बनाई यिनलाई नै पठाइदिए (विसं १८२७ को पुस)।

यस समयमा बङ्गाल तथा बिहारको राज्यप्रशासन इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारी तथा मुगल प्रशासनका पुराना कर्मचारीहरुले आपसमा मिलेर संयुक्त रुपमा सञ्चालन गरिरहेका थिए। दीनानाथ उपाध्यायले दरभङ्गामा पुगी अङ्ग्रेज पदाधिकारीसमक्षमा "नबाब बजिरका पालमा तराई क्षेत्रको मालवाजबीबापत जेजति वस्तु तथा रकम मकवानपुर राज्यका राजाले नबाब बजिरमार्फत मुगल बादशाहहरुलाई बुझाउँथे, त्यति वस्तु वा रकम तपाईंहरुलाई बुझाउन हामी पनि तयार छौं" भनी

मकवानपुर राज्यमाथिको राजा पृथ्वीनारायण शाहको आग्रहलाई शिष्टतापूर्वक प्रस्तुत गरिदिए।

राजा पृथ्वीनारायण शाहको यो प्रस्ताव मेजर केलीलाई पनि ठीक नै लाग्यो र यिनले आवश्यक सिफारिसका साथ यो प्रस्ताव पटनामा रहने गरेका इस्ट इन्डिया कम्पनीका आफूभन्दा माथिल्ला तहका अङ्ग्रेज अफिसरसमक्ष प्रस्तुत गरिदिए। त्यहाँबाट पनि यो प्रस्ताव इस्ट इन्डिया कम्पनीका 'गभर्नर' कार्टियरको समक्षमा प्रस्तुत हुँदा आपसी मेलमिलापबाट नै नेपाल अधिराज्यभित्र सजिलै प्रवेश गर्न पाइन्छ भने किन पो व्यर्थमा लडाइँझगडा गरिरहने भन्ने विचार गरी कम्पनी सरकारका डाइरेक्टरहरुको बोर्डबाट अनुमति प्राप्त गरी राजा पृथ्वीनारायण शाहको तर्फबाट प्रस्तुत भएको उपर्युक्त प्रस्तावलाई कार्टियरले पनि स्वीकार गरिदिए।

अङ्ग्रेजलाई वार्षिक रुपमा बुझाउनुपर्ने 'मालवाजवी' अर्थात् नजरानाको सम्बन्धमा भने 'मेजर' केली तथा नेपाल अधिराज्यका प्रतिनिधि दीनानाथ उपाध्यायका बीचमा निकै दिनसम्म छलफल चल्दै रहे। तर पटनामा रहेका पुराना स्रेस्ताहरुबाट मकवानपुर राज्यका राजाहरुले प्रतिवर्ष १४ हात अग्ला दुई ओटा मुगल बादशाहहरुका निमित्त उपहारका रुपमा बुझाउने गरेको यथार्थ ठहरिन आयो र यसै सर्तमा मकवानपुर राज्यका तराई क्षेत्रहरु नेपाल अधिराज्यलाई छाडिदिने र त्यस क्षेत्रमा कार्यरत रहेका कप्तान किन्लाकका उत्तराधिकारीको मिस्टर हार्डिङलाई फिर्ता बोलाउने भन्ने पनि निर्णय गरियो।

तर "त्यस क्षेत्रबाट मिस्टर हार्डिङले उठाउन नसकेका बक्यौता मालपोत रकमहरु तपाईंहरुले नै उठाइदिनुपर्छ" भनी इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीले आग्रह गर्दा दीनानाथ उपाध्यायले उनीहरुको यस प्रस्तावमा 'नाइँ' भन्न सकेनन्। अङ्ग्रेज पदाधिकारीको यस प्रस्तावलाई स्वीकार गरी यिनले नेपाल सरकारको तर्फबाट उनीहरुको नाममा यससम्बन्धी एउटा कबुलियतनामा पनि लेखिदिए। यसपछि मिस्टर हार्डिङले आफ्ना सैनिकहरुलाई मकवानपुरका तराई क्षेत्रहरुबाट हटाएर स्वदेशमै फिर्ता

लगिदिए र दीनानाथ उपाध्यायले पनि कबुलियतनामा उल्लेख भएअनुसार आफूले उठाइदिनुपर्ने बक्यौता मालपोत रकम त्यहाँका नागरिकबाट उठाई अङ्ग्रेज पदाधिकारीलाई यथासमयमै बुझाइदिने प्रबन्ध मिलाइदिए।

यसपछि पनि तीन वर्षसम्म त कम्पनी सरकारलाई येनकेन १४ हात अग्ला हात्तीहरु बुझाइँदै रहियो। तर पछिपछि यति अग्ला हात्तीहरु नेपालका जङ्गलहरुमै पाइन छाडेकाले साढे १२ हात अग्ला हात्ती पठाउन थालिए। यसो गर्दा "निर्धारित नापोअनुसार हात्तीहरु पठाइएनन्" भनी इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीले केही किचोला पनि उठाएका थिए। तर पहिले मुगल प्रशासक नबाब बजिर महावतजङ तथा मकवानपुर राज्यका प्रतिनिधि रामनारायणका बीचमा भएको "कदाचित् १४ हात अग्ला हात्तीहरु उपलब्ध हुन नसकेमा कम से कम साढे १२ हात अग्ला हात्ती बुझाए पनि हुने" भन्ने सम्झौतापत्र नेपाली दूत दीनानाथ उपाध्यायले पेस गरिदिँदा इस्ट इन्डिया कम्पनीका पटनामा रहने तात्कालिक अङ्ग्रेज अफिसर जार्ज वेन्सिटार्टले पनि प्रतिवर्ष यसै नापोअनुसारका हात्ती बुझाए हुने गरी नेपाल सरकारका नाममा नयाँ पट्टा गरिदिए।

यसरी रौतहटदेखि पर्सासम्मका तराई क्षेत्रका बखेडाहरु सहज रुपमै सदाका निमित्त छिनोफानो हुन आए र यसबाट राजा पृथ्वीनारायण शाह तथा यिनका सहयोगीहरुका निमित्त पनि सदाका निमित्त आङ हलुका हुन आयो। तैपनि तराई क्षेत्रहरुमाथिको वास्तविक सार्वभौमिकता कसको हो भन्ने प्रश्न अझै पनि जीवितै थियो। कम्पनी सरकारका नयाँ गभर्नर भएर जर्ज वारेन हेस्टिङ्स आएप्छि यिनले भने मकवानपुरका तराई क्षेत्रहरुमा नेपाल सरकारको आधिपत्यलाई स्वीकार गरी कम्पनी सरकारको आधिपत्यको दाबी परित्याग गरिदिए।

मकवानपुरको तराई क्षेत्र पूर्ण रुपमा आफ्नो नियन्त्रणमा आएपछि विसं १८२८ देखि १८२९ को बीचमा नवस्थापित नेपाल अधिराज्यको राजधानी काठमाडौं र यस अधिराज्यको सिमाना पूर्वमा दूधकोसी एवम् कमला नदी, पश्चिममा पहाडी क्षेत्रमा मर्स्याङ्दी नदी र तराई क्षेत्रमा उरिया नदी बन्न आएको थियो। यस्तै उत्तरतर्फ हिमालय

पर्वतमालापारिको तिब्बत तथा दक्षिणतर्फ भारतको बिहार प्रदेशसम्म नेपाल अधिराज्यको विस्तार हुन आएको थियो। यस अधिराज्यलाई यसभन्दा अझै विस्तृत भूभागहरुमा फैलाउने अभियानलाई यथावत् रुपमा चालू राख्नु नै यति बेला राजा पृथ्वीनारायण शाहको अग्रिम योजना थियो।

सतहुँ राज्यमा भएको आफ्ना सैनिकहरुको अकल्पनीय हारबाट हताश नभई चौबीसे राज्यका राजाहरुका बीचमा आपसी फुट नभएसम्म पश्चिमतर्फको 'चौदण्डी' तथा 'विजयपुर' नामक सेन राज्यहरुमाथि आफ्नो आधिपत्य स्थापित गराउनेतर्फ ध्यान दिन थाले।

२.११ किराँत प्रदेशका सेन राज्यहरुको उन्मूलन

विक्रमको सत्रौं शताब्दीको मध्यतिर वर्तमान नेपाल अधिराज्यको दक्षिणी भेगदेखि पूर्वी भेगसम्म फैलिएर रहेको विशाल सेन राज्यमा अनेकौं राजनीतिक हलचल भइरहेका थिए। पाल्पाको सेन राज्यबाट छुट्टिएर विजयपुरलाई राजधानी बनाई राजकुमार लोहाङ सेन (विसं १६६७–१७१४)ले पूर्वमा एउटा छुट्टै स्वतन्त्र सेन राज्य गठन गरेका थिए। राजा राघव सेनको राज्यकाल (विसं १७५२–९२)मा यस राज्यको निकै प्रगति तथा विस्तार पनि भएको थियो।

राजा राघव सेनका छोरा हरिहर सेन भए। यिनको वृद्धावस्थामा यिनका छोराहरुले यिनको विरूद्धमा सशक्त विद्रोह गरिदिएका थिए। आफ्ना जेठा छोरा युवराज शुभ सेनलाई राजा हरिहर सेनले आफ्नो राज्यको पश्चिमी भेगका प्रमुख प्रशासक बनाएर पठाएका थिए। यसै स्थितिमा यिनका माइला छोरा छत्रपति सेनले आफ्ना दाजु युवराज शुभ सेनविरूद्ध विद्रोह गरी स्वयम् नै राजाका रुपमा उपस्थित भएर आफ्ना पितालाई नजरबन्दमा राखिदिएका थिए। यसैबीचमा छत्रपति सेनका छोरा इन्द्र सेन पैदा भएका र यिनलाई आफ्ना उत्तराधिकारीका रुपमा स्वीकार गर्न राजा हरिहर सेन सहमत भएकाले विजयपुर राज्यको राजनीतिक कलह यसपछि केही समयका निमित्त शान्त भएको थियो।

विजयपुर राज्यबाट अलग भएर राजकुमार शुभ सेनले कमला नदीदेखि पश्चिमतर्फ एउटा छुट्टै स्वतन्त्र सेन राज्यको गठन गरिदिएपछि विजयपुरमा राजधानी रहेको सेन राज्य कमला नदीभन्दा पूर्वतर्फ मात्र सीमित भएर रहन थालेको थियो (विसं १७२८ को

आसपास)। कमला नदीभन्दा पश्चिमतर्फ गठित नयाँ सेन राज्यको राजधानी भित्री मधेसको मकवानपुरमा भएकाले नवगठित यो राज्य 'मकवानपुर राज्य'का नामले प्रसिद्ध हुन थालेको थियो। राजा शुभ सेनकै राजवंशमा पछि मणिक सेन राजा भए। यिनीपछि यिनका छोरा हेमकर्ण सेन यस राज्यका राजा भए। यिनैकी छोरी राजकुमारी इन्द्रकुमारीसँग युवराज पृथ्वीनारायण शाहको पहिलो विवाह भएको थियो।

उता विजयपुर राज्यमा भने यिनताक महीपति सेन वा महीदत्त सने राजा भएका पाइन्छन्। यिनी 'मान्धाता सेन'का नामले पनि प्रसिद्ध थिए। सेन राजाहरु मुगल प्रशासकका प्रतिस्पर्धी रहेकाले यिनीहरु मुगल प्रशासकहरुकै देखासिकी गरी आफूलाई 'हिन्दूपति' भनाउनमा गर्व गर्थे। पहाडी क्षेत्रमा रहेका माझ किराँत तथा पल्लो किराँत पनि यसै राज्यका राज्यक्षेत्रभित्र थिए। यसैले यस राज्यका 'दिवान' वा मन्त्रीहरु प्रायः खुम्बू वा लिम्बूहरु हुने प्रचलन थियो। राजाहरुको वंश परम्परा चले जस्तै यहाँ दिवान वा मन्त्रीहरुको पनि वंश परम्परा चल्दै आएको थियो। यस्ता मन्त्रीहरु 'चौतारा' भनिने गरेका थिए।

राजा महीपति सेन तथा यिनका मन्त्री 'चौतारा' विचित्र रायका बीचमा राम्रो सम्बन्ध थिएन। यिनीहरुका बीचमा वैमनस्य पैदा हुँदा एक पटक त राजा महीपति सेनले आफ्ना राज्यबाट पलायित भई शरणार्थीका रुपमा तिब्बतको राजधानी ल्हासमा पनि पुग्नुपरेको पाइन्छ। राज्यमा राजाहरुको उपस्थिति नभए यहाँका दिवान वा मन्त्रीहरुले 'राजभार सामर्थ' भई स्वयम् नै सर्वतन्त्र स्वतन्त्र प्रशासकका रुपमा कार्यरत रहने गरेको पाइन्छ।

यता मकवानपुर राज्यका राजा हेमकर्ण सेनले आफ्ना भाइ जगत सेनलाई आफ्नो राज्यको पूर्वी भेगका प्रमुख प्रशासकका रुपमा नियुक्त गरेर पठाएका थिए। राजा महीपति सेन आफ्नो राज्यबाट पलायन भएको मौका छोपी विजयपुर राज्यका तात्कालिक चौतारा विचित्र रायले यिनलाई आफ्नो राज्यमा आमन्त्रण गरी राजाका रुपमा राजसिंहासनमा विराजमान गराइदिएका थिए (विसं १७८७ को आसपास)। यसै स्थितिमा त्यहाँका वास्तविक राजा महीपति सेन प्रवासबाट फर्केर आउँदा राजनीतिक

खचमच पैदा भई अरूण नदीदेखि पूर्वतर्फको पल्लो किराँत तथा कोसी नदीभन्दा पूर्वतर्फको पूर्वी तराईहरुमा मात्र यिनको राज्याधिकार सीमित थियो। यसबाट अरूण नदीदेखि पश्चिमतर्फ रहेको माझ किराँत र कमला तथा कोसी नदीका बीचका तराई क्षेत्रहरुलाई भने त्यहाँका खुम्बु मन्त्रीहरुले एउटा अलग स्वतन्त्र राज्यको गठन गरी नवस्थापित राजा जगत सेनलाई नै त्यस नवस्थापित राज्यका राजाका रुपमा स्थापित गराइदिएका थिए। यसरी विजयपुर राज्यबाट छुट्टिएको नयाँ राज्यको राजधानी पहाडी क्षेत्रको चौदण्डीमा रहेकाले यो राज्य पहाडी क्षेत्रहरुमा 'चौदण्डी राज्य'का नामले र यसै राज्यको हिउँदे राजधानी भित्री मधेसको 'अम्बरपुर'मा रहन थालेकाले तराईतर्फ 'अम्बरपुर राज्य'का नामले प्रसिद्ध थियो (विसं १७९२)।

राजा जगत सेनपछि यिनका भाइ मुकुन्द सेन (चतुर्थ) यस राज्यका राजा भएका थिए। यिनका कुनै सन्तान थिएनन्। यसैले यिनको जीवनकालपछि जगत सेनका भाइ विक्रम सेन यस राज्यका राजा भई यिनले केही वर्षसम्म चौदण्डी राज्यको राज्यभार वहन गरेका थिए। यिनीपछि यिनका छोरा कर्ण सेन त्यहाँका राजा भए। यिनका दिवान वा मन्त्री भने 'चौतारा' अजित राय नै थिए।

विजयपुर राज्यमा भने राजा महीपति सेनको देहान्तपछि विश्वन्तर सेन राजाका रुपमा स्थापित भए (विसं १८०८)। यस समयमा यिनका चौतारा वा मन्त्रीका रुपमा श्रीकान्त राय कार्यरत थिए। यसको पाँच वर्षजति पछि यिनका छोरा राजा कामदत्त सेनको राज्यकालमा पनि यिनी नै चौताराका रुपमा कार्यरत थिए। यसको चार वर्षजति पछि भने 'चौतारा' श्रीकान्त रायले एक्लै नै विजयपुर राज्यको शासनभार वहन गरिरहेका र यिनीसँग खटपट परी राजा कामदत्त सेन आफ्नो राज्यबाट प्रवासतर्फ पलायित भएका, यसको पनि तीन वर्षजति पछि राजा कामदत्त सेन एक्लै नै कार्यरत रहेका र यिनका मन्त्री चौतारा श्रीकान्त राय भने राज्यबाट प्रवासतर्फ पलायन भइरहेका पाइएका छन्।

यस प्रकार कहिले राजाले आफ्ना चौतारा वा मन्त्रीलाई भगाउने र कहिले मन्त्रीले आफ्ना राजालाई नै भगाइदिने परम्परा श्रीकान्त रायपछि 'चौतारा' जसकर्ण रायको

कार्यकालसम्म पनि चल्दै थियो। जसकर्ण रायपछि यस राज्यमा बुद्धिकर्ण राय चौतारा वा मन्त्री बने। यिनी तथा चौदण्डी राज्यका चौतारा अजित रायले मिलेर आफ्नो हत्या गर्ने असफल प्रयास गरेकाले राजा कामदत्त सेनले बुद्धिकर्ण रायलाई चौताराको पदबाट पदच्युत गराइदिँदा केही समयका निमित्त यिनी आफ्नो राज्यबाट पलायित थिए। तर केही महिनापछि बुद्धिकर्ण रायले विशेष जोड लगाई उल्टै राजा कामदत्त सेनलाई नै राज्यबाट भगाइदिए।

आफ्नो राज्यबाट पलायन भएपछि राजा कामदत्त सेनले चौतारा बुद्धिकर्ण रायविरूद्ध सैनिक सहयताका निमित्त भारतको पूर्णियामा रहने गरेका इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज अफिसर 'ड्युकरेल'कहाँ पुगेका थिए। तर उनबाट यिनलाई कुनै पनि किसिमको सहायता प्राप्त हुन नसक्दा यिनले आफ्नै बलले चौतार बुद्धिकर्ण रायलाई आफ्नो राज्यबाट भगाए। र यिनका भाइ बुधकर्ण रायको हत्या गरी विजयपुर राज्यमा फेरि पनि अधिकार स्थापित गराइदिएका थिए (विसं १८२५)।

यस घटनाको एक वर्षजति पछि विजयपुर राज्यमा सैनिक विद्रोह भएको र यस विद्रोहमा राजा कामदत्त सेनको हत्या हुँदा यिनका काका रघुनाथ सेन यस राज्यको राजसिंहासनमा विराजमान भएका थिए। तर चौतारा बुद्धिकर्ण रायले यिनलाई आफ्नो राज्यका राजाका रुपमा स्वीकार गर्न चाहेनन् र यिनलाई हटाई चौदण्डी राज्यका राजा कर्ण सेनलाई नै आफ्नो राज्यका पनि राजाका रुपमा स्थापित गराइदिए। तर राज्यसत्ता भने दुई राज्यको अलगअलग थियो।

राजा कामदत्त सेन नातासम्बन्धले आफ्ना दाजु (फुपूका छोरा) भएकाले यिनीसँग राजा पृथ्वीनारायण शाहको मैत्रीसम्बन्ध थियो। यसैले यिनको हत्या हुँदा राजा पृथ्वीनारायण शाह हत्यारादेखि क्रुद्ध हुनु स्वाभाविकै थियो। यस घटनाले राजा पृथ्वीनारायण शाहका निमित्त चौदण्डी राज्यमाथि सैनिक हस्तक्षेप गर्न एउटा गतिलो बहाना मिल्न आएको थियो। यसै घटनालाई आधार बनाएर चौतारा बुद्धिकर्ण रायको

दमन गरी चौदण्डी राज्यका साथै विजयपुर राज्यमा पनि आफ्नो अधिकार स्थापित गर्ने विचारमा राजा पृथ्वीनारायण शाह दत्तचित्त रहन थाले।

मकवानपुर राज्यको पतन भएको केही वर्षपछि कर्ण सेन विजयपुर राज्यका पनि राजा बन्न आएका थिए। मकवानपुर राज्यको पतन भएबाट चौदण्डी राज्यको पश्चिमी सिमानामा, पहाडदेखि तराईसम्म नै नेपाली सैनिकहरुको नियन्त्रण स्थापित भइसकेकाले अब निकट भविष्यमै आफ्नो राज्यमाथि नेपाली सैनिकहरुको आक्रमण हुनेछ भन्ने लगभग निश्चित ठानेर त्यहाँका राजा कर्ण सेन तथा यिनका मन्त्री चौतारा अजित राय पनि राजा पृथ्वीनारायण शाहदेखि सतर्क थिए। यही वस्तुतथ्यलाई अनुभव गरेर नै गोरखाली सैनिकहरुविरूद्ध आक्रमण गर्न अग्रसर हुने इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीलाई सैनिक सहायता उपलब्ध गराउन यिनीहरु अग्रसर भए।

राजा जयप्रकाश मल्ल आफ्नो राज्यबाट पदच्युत भई शरणार्थीका रुपमा भक्तपुर राज्यमा रहँदा पनि यिनीहरुले सरसौगात पठाई उनीहरुमाथि सहानुभूति मात्र प्रकट गरेका थिएनन्, यिनको सहायताका निमित्त आफ्नो राज्यका केही सैनिकहरुलाई पनि भक्तपुर राज्यमा पठाइदिएका थिए। यसैले भक्तपुर राज्यमा आफ्नो अधिकार स्थापित भएपछि राजा पृथ्वीनारायण शाह अब चौदण्डी राज्यका साथै विजयपुर राज्यमाथि पनि आक्रमण गरी त्यहाँ आफ्नो अधिकार स्थापित गर्ने निर्णयमा पुगे।

तर मकवानपुरका तराई क्षेत्रहरुमा अङ्ग्रेज सैनिकहरु रहिरहेसम्म चौदण्डी राज्यका तराई क्षेत्रहरुमा आफ्नो अधिकार स्थापित हुनु सम्भव नहुने देखी बाध्य भएर राजा पृथ्वीनारायण शाह पश्चिम अभियानतर्फ लागेका थिए। तर अब अङ्ग्रेज सैनिकहरु मकवानपुरका तराई क्षेत्रहरुबाट हटिसकेकाले चौदण्डी राज्यमा आफ्नो अधिकार स्थापना गराउन अनुकूल वातावरण बनिरहेको अनुभव गरी यिनी यसका निमित्त आवश्यक सैनिक तयारी गर्नमा व्यस्त रहन थाले।

राजा पृथ्वीनारायण शाहका विश्वस्त मन्त्री काजी वंशराज पाँडे यति बेला 'पर्वत' राज्यका राजा कीर्तिबम मल्लको नजरबन्दमा रहेर आफ्नो बन्दीजीवन बिताइरहेका थिए। यसैले राजा पृथ्वीनारायण शाहले यिनको बदलामा आफ्ना काइँला भाइ दलजित शाहलाई 'काजी'को पदमा नियुक्त गरिदिए। यस्तै त्यहींकै लडाइँमा दिवङ्गत भएका बख्सी केहरसिंह बस्नेतको ठाउँमा तिनका आफ्नै भाइ अभिमानसिंह बस्नेत नियुक्त गरिए। चौदण्डी राज्यमाथि सैनिक अभियान सञ्चालन गर्न प्रमुख सेनापतिका रुपमा पनि यिनी नै मनोनीत गरिए। यिनका सहयोगीका रुपमा 'सरदार' पारथ भण्डारी, कीर्तिमानसिंह खवास तथा बलि बानियाँहरु नियुक्त गरिए। यिनीहरु सबैले मकवानपुरका तराई क्षेत्रहरुको बाटो गरी चौदण्डी राज्यतर्फ अघि बढ्नुपर्ने योजना तयार गरे। सरदार रामकृष्ण कुँवर तथा सरदार अमरसिंह थापा भने पहाडैपहाड पूर्वतर्फ अघि बढ्न खटिए।

चौदण्डी राज्यको राजधानी अम्बरपुर भित्री मधेसमा पर्थ्यो। पहाड तथा भित्री मधेसको सिमानाको दक्षिणी पाखामा रहेको उदयपुरगढी आसपासमा यिनताका मगर नागरिकको बाक्लो आबादी थियो। यसैले सेन राजाहरुले यस गढीको सुरक्षा गर्ने जिम्मेवारी मगर नवयुवकलाई दिएका थिए। चौदण्डी राज्यको पहाडी प्रदेश यिनताक 'माझ किराँत'का नामले प्रसिद्ध थियो। त्यहाँ खम्बू अर्थात् राईहरुका आबादीहरुमा खसबाहुन तथा दमाईंकामी आबाद भइसकेका थिए। तिनीहरुले यति बेला आफूहरुलाई सेन राजा तथा तिनका खम्बू मन्त्रीहरुबाट अनुभव गरिरहेका थिए। यसैले यिनीहरुले नेपाली सैनिकहरुलाई भित्रभित्रै आफ्नो राज्यमाथि आक्रमण गर्न आमन्त्रण गर्नु स्वाभाविकै थियो। यिनीहरुको यसै किसिमको मनोभावलाई विचार गरी राजा पृथ्वीनारायण शाहले 'बाङ्गे बस्नेत' आदि आफ्ना विश्वस्त गुप्तचरलाई गुप्त रुपमा त्यहाँ पठाइदिएका थिए। राजा कर्ण सेन तथा उनका चौताराहरुको उत्पीडनबाट आजित भइरहेका त्यहाँका खसबाहुन तथा दमाईंकामीलाई आफ्नो पक्षमा मिलाउनु यस्ता गुप्तचरहरुको मुख्य कर्तव्य थियो। यसैअनुसार यिनीहरुले त्यहाँ रहेका खसबाहुन तथा दमाईंकामीलाई आफ्नो पक्षमा मिलाइसकेका थिए।

यसरी आफ्नो पक्षमा मिलाइएका माझ किराँतका खसबाहुनमा 'खार्पा'का हरिनन्दन उपाध्याय तथा त्रिलोचन उपाध्यायहरु विशेष प्रतिष्ठित तथा सम्पन्न पनि थिए। हरिनन्दन उपाध्याय त स्वयम् नै अग्रसर भई नुवाकोटमा आएर राजा पृथ्वीनारायण शाहसँग भेट गरी चौदण्डी राज्यमाथि आक्रमण भए आफ्ना तर्फबाट सक्दो सहायता प्रदान गर्ने वाचा गरी चौदण्डी राज्यमा आक्रमण गर्न आमन्त्रण गर्दै त्यस राज्यको माटोलाई रूमालमा पोको पारेर ल्याई राजा पृथ्वीनारायण शाहलाई बुझाई पनि सकेका थिए।

यस्तै त्रिलोचन उपाध्यायले पनि "चौदण्डी राज्यमाथि सैनिक अभियान सञ्चालित भए आफ्ना तर्फबाट सक्दो सहयता प्रदान गर्न तयार छु" भनी राजा पृथ्वीनारायण शाहलाई आश्वासन दिएका थिए। स्थानीय प्रभावशाली नागरिकहरुबाट नै यस्तो आश्वासन प्राप्त भएपछि यस्तो सुनौलो मौकालाई यत्तिकै गुमाउन राजा पृथ्वीनारायण शाह पनि किन पो चुक्थे? यसै क्रममा आफ्नो आश्वासनअनुसार हरिनन्दन उपाध्यायले चौदण्डी राज्यमाथि सैन्य अभियान सञ्चालन गर्न राजा पृथ्वीनारायण शाहलाई सापटीका रुपमा केही रूपैयाँ दिएका थिए।

किराँत प्रदेशका सुरक्षा चौकीहरुमा रहेका सैनिकहरुका आँखा छली नेपाली सैनिकहरुलाई दूधकोसी नदी पार गराइदिने जिम्मा पण्डित त्रिलोचन उपाध्यायले लिएका थिए। राजा पृथ्वीनारायण शाहले आफ्ना दुई जना सरदार रामकृष्ण कुँवर तथा अमरसिंह थापा (बडा)को नेतृत्वमा पठाएका दुई कम्पनीजति नेपाली सैनिकलाई यिनीहरुले दूधकोसी नदी पार गराई चौदण्डी राज्यमा दाखिल गराइदिए (विसं १८३० भदौ १३ गते, तदनुसार २५ अगस्ट इसं १७७२)।

किराँत प्रदेशमा आफ्ना सैनिकहरुको पूर्ण नियन्त्रण स्थापित भइसकेपछि बख्सी अभिमानसिंह बस्नेतको नेतृत्वमा तराईतर्फबाट आफ्ना सैनिकलाई पठाई चौदण्डी राज्यको राजधानी अम्बरपुरमा आफ्नो अधिकार स्थापित गराउने राजा पृथ्वीनारायण शाहको निर्धारित कार्यक्रम थियो। पहाडी क्षेत्रमा रहेको किराँत प्रदेशमा चौदण्डी राज्यका आफ्ना स्थायी सैनिक थिएनन्। स्थानीय खम्बू वा राई युवाहरुलाई नै त्यस क्षेत्रको

सुरक्षाको अभिभारा सुम्पने परम्परा थियो। सरदार रामकृष्ण कुँवर तथा सरदार अमरसिंह थापा (बडा)हरुले खम्बू मुखियाहरुलाई आफ्नो पक्षमा ल्याउन सम्भव प्रयास गर्दै रहे। तर उनीहरुले नेपाली सेनानायकका प्रस्ताव ठाडै अस्वीकार गरिदिई मुकाबिलाका निमित्त कम्मर कसे।

किराँत प्रदेशका थुमथुमका खम्बू वा राई मुखियाहरु चौदण्डी राज्यका आश्रित मुखियाहरुका रुपमा रहेर सेन राजाहरुलाई नाम मात्रका नजरानाहरु बुझाई आआफ्ना थुमहरुमा आआफ्नै तरिकाले रजाइँ गर्दै आएका थिए। नेपाल सरकारको आश्रयमा आएमा राजा पृथ्वीनारायण शाहको कठोर अनुशासनमा रहनुपर्ला भन्ने पिरले गर्दा नै यिनीहरु नेपाली सैनिकहरुसँग मुकाबिला गर्न अग्रसर थिए।

खम्बू युवाहरु धनुषकाण चलाउन सिद्धहस्त थिए। यसैले यिनीहरुले नेपाली सैनिकहरुलाई पाइलापाइलामा रोके र धनजनको क्षति पनि निकै गराइदिए। यसैले राजा पृथ्वीनारायण शाह 'सुवेदार' शिवनारायण खत्रीको नेतृत्वमा आफ्ना आधा कम्पनीजति थप सैनिक त्यहाँ पठाउन विवश भए। यति बेला 'रावा खोला'का चतिम राय तथा 'पामा खोला'का अटल राय जस्ता यस्ता मुखियामध्ये अग्रणी थिए। यिनीहरुले निकै दिनसम्म नेपाली सैनिकहरुसँग सक्दा प्रतिरोध गर्दै रहे। तर लडाइँका मैदानहरुमा खली खाएका तालिमप्राप्त नेपाली सैनिकका बन्दुकका अगाडि यिनीहरुका धनुषकाण बेकम्मा साबित भए। यसैले हिउँदभरि, करिब पाँच महिनाजति लगाएर एकएक गरी रावा, हलेसी, मभुवा, कुलन तथा दिङ्लामा पनि आफ्नो अधिकार स्थापित गरी प्रायः सम्पूर्ण माझ किराँतमा नेपाली सैनिकहरुको अधिकार स्थापित हुन आयो।

चौदण्डी तथा विजयपुर राज्यका राजाहरुले आफ्ना तराई क्षेत्रहरुका कर वा तिरोका रुपमा पूर्णियामा रहने मुगल प्रशासकहरुमार्फत बिहार तथा बङ्गालका नबाब बजिरहरुलाई प्रतिवर्ष मालवाजवीका नामले केही नगद रकम तथा हात्ती पनि बुझाउँदै आएका थिए। नबाब वजिरहरुका उत्तराधिकारीका रुपमा यस्तो तिरो वा उपहार बुझ्ने

यो अधिकार अब इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीको हातमा आइपुगेको थियो।

विजयपुर राज्यका राजा कामदत्त सेनको हत्या त्यहाँका चौतारा बुद्धिकर्ण रायले षड्यन्त्रपूर्वक गराएका थिए। यिनी नातासम्बन्धले राजा पृथ्वीनारायण शाहका भाइ (फुपूका छोरा) पर्थे। यसैले यिनको अकारण हत्या गराएको निहुँ थापी देखावटी रुपमा यिनी चौतारा बुद्धिकर्ण रायदेखि क्रुद्ध थिए। वास्तवमा यिनलाई विजयपुर राज्यमाथि आफ्नो अधिकार स्थापित गराउन एउटा उपयुक्त बहाना चाहिएको थियो। चौदण्डी तथा विजयपुर राज्यका तराई क्षेत्रहरुमाथि पनि आफ्नो अधिकार स्थापित गराउन यिनले दृढसङ्कल्प नै गरिसकेका थिए। तैपनि अङ्ग्रेज पदाधिकारीसँग विरोध पर्ला भन्ने भयले गर्दा मात्र यिनी यतिन्जेलसम्म हच्किएर बसेका थिए।

अब भने आफ्नो यस अभियानका निमित्त यिनले कम्मर कसे। यसैले चौतारा बुद्धिकर्ण रायले गरेका अन्याय तथा अत्याचारहरुको बखान गर्दै उनलाई पक्रिएर उपयुक्त दण्ड दिन चौदण्डी तथा विजयपुर राज्यका तराई क्षेत्रहरुमा पनि आफ्नो अधिकार स्थापित गर्ने उद्देश्यअनुसार यिनले अनुमतिका लागि अनुरोधपत्रका साथ आफ्ना दूत श्रीहर्ष मिश्र तथा बृहस्पति उपाध्यायलाई कोलकातामा रहेका इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज 'गभर्नर' वारेन हेस्टिङ्सकहाँ पठाइदिए। सेन राजाहरुले कम्पनी सरकारलाई त्यस क्षेत्रको मालवाजवीबापत जेजति रकम वा वस्तु बुझाइआएका छन्। त्यति नै रकम वा वस्तु आफूले पनि बुझाउने प्रतिज्ञा गर्दै स्वीकृतिका निमित्त शिष्टतापूर्वक आग्रह गरिएको थियो (विसं १८३० जेठ ८ गते, तदनुसार १७ मे इसं १७७३)। यसै स्थितिमा इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज गभर्नर वारेन हेस्टिङ्सबाट प्राप्त हुनुपर्ने प्रत्युत्तरको प्रतीक्षा नै नगरी राजा पृथ्वीनारायण शाहले तराई क्षेत्रमा रहेका आफ्ना सेनापति बख्सी अभिमानसिंह तथा सरदार पारथ भण्डारीहरुलाई तराई क्षेत्रबाटै चौदण्डी राज्यको राजधानी अम्बरपुरमाथि आक्रमण गर्नु जानू भनी आदेश जारी गरिदिए।

चौदण्डी राज्यका राजा कर्ण सेन आफ्नो राज्यबाट पलायन भएर पहिले नै विजयपुर राज्यमा पुगिसकेका थिए। यसैले त्यहाँ रहेका दिवान तथा तिनका सैनिकहरुले पनि नेपाली सैनिकहरुसँग खास मुकाबिला गर्न सकेनन्। हार मानेर उनीहरुले आफ्नो राज्यको राजधानी अम्बरपुरमा नेपाली सैनिकलाई यत्तिकै छाडिदिए (विसं १८३० साउन ४ गते, तदनुसार १६ जुलाई इसं १७७३)। राजा कर्ण सेन स्वयम् नै पलायित भएपछि उदयपुरमा रहेका मगर नवयुवाहरुको हौसला पनि क्षीण हुन आयो। उनीहरुले पनि उदयपुरगढी नेपाली सैनिकहरुका निमित्त यत्तिकै छाडिदिए। मगर नवयुवाहरुसँग आफ्ना सैनिकहरुको भरसक मुठभेड नहोस् भनेर नै राजा पृथ्वीनारायण शाहले बख्सी अभिमानसिंह बस्नेतको नेतृत्वमा रहेका नेपाली सैनिकलाई उदयपुरतर्फ नपठाई राजधानी अम्बरपुरतर्फ जाने आदेश दिएका थिए।

आफ्नो राज्यबाट पलायित चौदण्डी राज्यका राजा कर्ण सेन विजयपुर राज्यको राजधानीमा पुगेका थिए। त्यहाँको राजसिंहासन यिनताक रिक्त रहेकाले कार्यवाहक राजाका रुपमा यिनी नै कार्यरत थिए। यसैले यिनी पुग्नेबित्तिकै त्यहाँका चौतारा वा मन्त्री बुद्धिकर्ण रायले यिनको स्वागत गरेका थिए। यस प्रकार पुगनपुग ११ महिनाजतिको सशक्त प्रयासपछि पहाड तथा तराई क्षेत्रहरुसहितको सम्पूर्ण चौदण्डी राज्य नेपाल अधिराज्यमा समाहित हुन आयो।

कम्पनी सरकारका अङ्ग्रेज पदाधिकारीहरुले राज्यव्यवस्थाका काम मात्र नगरी आफ्ना व्यापार तथा व्यवसायका कामहरुलाई पनि यथावत् रुपमा चालु नै राखिरहेका थिए। बङ्गाल तथा बिहारमा यिनीहरुले आआफ्ना कर्मचारीमार्फत व्यापारकोठीहरु सञ्चालन गर्दै आएका थिए। यिनताक साधुहरुको भेषमा हतियारधारी लुटेरा संन्यासीहरुले पश्चिममा हरिद्वारदेखि पूर्वमा बङ्गालको दिनाजपुरसम्मका भूभागहरुमा ओहोरदोहोर गर्दै अङ्ग्रेज व्यापारीहरुका साथै सर्वसाधारण नागरिकका घरवासहरुमा पनि लुटपाट मच्चाएर इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीलाई आजित पारेका थिए। यिनीहरुलाई पक्रन अग्रसर हुँदा तराई क्षेत्रका जङ्गलभित्र पसी त्यहीँ अलप भएर

हायलकायल गराउने गर्दै आएकाले “यस्ता लुटेरा संन्यासीहरुलाई नियन्त्रणमा ल्याउन त राजा पृथ्वीनारायण शाह जस्ता जुझारू राजा मात्र समर्थ हुन्छन्। यिनीहरुका अगाडि हाम्रो त केही पनि लाग्दैन” भन्ने इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीको धारणा बनिरहेको थियो।

यसैले चौदण्डी राज्य नेपाली सैनिकका नियन्त्रणमा आइसकेको थाहा पाएर पनि गभर्नर वारेन हेस्टिङ्सले राजा पृथ्वीनारायण शाहले पठाएको उपर्युक्त अनुरोधपत्रको खास कुनै उत्तरै नदिई राजा पृथ्वीनारायण शाहका साथै त्यस क्षेत्रका प्रमुख प्रशासकका रुपमा कार्यरत बख्सी अभिमानसिंह बस्नेतका नाममा पनि लगभग एउटै व्यहोराको निम्नाङ्कित भावको पत्र पठाएको पाइन्छ (विसं १६३० कात्तिक १८ गते, तदनुसार ३० अक्टोबर इसं १७७३)—

“म बनारसतर्फ जानका निमित्त तम्तयार भइरहेका बेला तपाईंहरुले पठाएका नेपाली दूतहरु यहाँ मकहाँ आइपुगेका थिए। मैले उनीहरुलाई ‘पटनामा आएर मसँग भेट गर्नू’ भनी सल्लाह दिएको थिएँ। तर उनीहरु मसँग भेट गर्न आएनन्। तपाईंको देशका तराई क्षेत्रहरु हुँदै कम्पनी सरकारको अधिकार क्षेत्रमा रहेका भूभागहरुसम्म आइपुग्ने लुटेरा नागा संन्यासीहरुले पश्चिमबाकट पूर्वतर्फ बढ्दै बङ्गाल प्रान्तसम्म आइपुगी प्रतिवर्ष लुटपाट मच्चाउँदै आएका छन्। तिनीहरुलाई यतातर्फ आउन कडाइका साथ नियन्त्रण गरिदिनुहुनका निमित्त तपाईंसँग हार्दिक अनुरोध गर्छु।”

अङ्ग्रेज गभर्नरको यस पत्रको प्रत्युत्तरमा राजा पृथ्वीनारायण शाहले चलाखीका साथ “नेपालका तराई क्षेत्रहरुमा ओहोरदोहोर गर्ने लुटेरा नागा संन्यासीहरु गण्डकी नदीलाई पार गरेर पूर्वतर्फ लाग्दा मेरो राज्यक्षेत्रभन्दा बाहिर रहेको बेतियाबाट नै पूर्वतर्फ लाग्ने भएकाले त्यहाँसम्म नै आएर हाम्रा सैनिकले रोक्नुपर्ने हुन्छ। तपाईंबाट अनुमति प्राप्त भए मात्र हाम्रा सैनिकहरुलाई त्यहाँसम्म पठाउन सम्भव हुनेछ र त्यसपछि मात्र त्यस्ता नागा संन्यासी गण्डकी नदी पार गरेर कहिल्यै पनि त्यतातर्फ आउन सक्नेछैनन्” भनी कम्पनी सरकारका गभर्नर वारेन हस्टिङ्सका नाममा प्रत्युत्तर पठाइदिएका थिए (विसं

१८३० को पुस)। बेतियासम्म नै आफ्नो राज्यक्षेत्र विस्तार गर्ने भित्री उद्देश्यअनुसार नै राजा पृथ्वीनारायण शाहले यति बेला यस्तो कूटनीतिक चाल चलेको देखिएको छ।

यसपछि नेपाली सेनानायकहरुले केही महिनासम्म त गभर्नर वारेन हेस्टिङ्सका तर्फबाट आउनुपर्ने उपर्युक्त पत्रको प्रत्युत्तरको प्रतीक्षा गर्दै आफ्नो राज्यक्षेत्रभित्र प्रवेश गर्ने लुटेरा संन्यासीलाई यथाशक्य नियन्त्रण गरे। तर आफ्नो राज्यक्षेत्रअन्तर्गत रहेका बेतियासम्म नेपाली सैनिकहरुलाई प्रवेश गर्न दिनु उचित नहुने देखी गभर्नर वारेन हेस्टिङ्सले उपर्युक्त पत्रको कुनै प्रत्युत्तर नदिएकाले चौदण्डी राज्यका तराई क्षेत्रहरुमाथि स्थापित भएको आफ्नो आधिपत्यमा अङ्ग्रेज पदाधिकारीको मौन समर्थन रहेको अनुभव गरी विजयपुर राज्यमा पनि आफ्नो अधिकार स्थापित गर्न राजा पृथ्वीनारायण शाह अग्रसर भए।

यति बेला विजयपुर राज्यको 'पल्लो किराँत'को राजनीतिक अवस्था पनि अत्यन्त नाजुक थियो। त्यहाँका राजा तथा मन्त्रीहरुबीच परम्परादेखि चल्दै आएका गृहकलहबाट लाभ उठाई सिक्किम राज्यका राजा फुन्छेक नाम्ग्यालले विजयपुर राज्यको इलाम प्रदेशमा आफ्नो अधिकार स्थापित गरेर मात्र नपुगी त्यहाँबाट उत्तर पश्चितर्फ रहेका भूभागमाथि पनि निरन्तर आक्रमण गरिरहेका थिए। यसले गर्दा यस क्षेत्रमा रहेका स्थानीय लिम्बू नागरिक पनि आफ्ना राजा तथा मन्त्रीहरुको अकर्मण्यतादेखि आजित भइसकेका र नेपाली सैनिकहरुलाई आफ्ना संरक्षकका रुपमा स्वागत गर्न तम्तयार भएर बसिरहेका थिए। यसैले सरदार रामकृष्ण कुँवरको नेतृत्वमा दिङ्लाबाट अघि बढी अरूण नदीलाई पार गरेर नेपाली सैनिकहरुको एउटा सशक्त सैन्यदल लिम्बुवानको चैनपुरमा उत्रिँदा सबै स्थानीय नेपाली सैनिकहरुलाई स्वागत गर्न अग्रसर भएका थिए। त्यहाँका कुनै पनि स्थानीयले पनि यस सैनिक अभियानको विरोध गरेनन् (विसं १८३१ असार ९ गते, तदनुसार १९ जुन इसं १७७४)।

राजा कर्ण सेन तथा यिनका मन्त्री चौतारा बुद्धिकर्ण राय पनि यिनताक आफ्नो राज्यको राजधानी विजयपुरमै थिए। तर यिनीहरुको नियन्त्रण राजधानी विजयपुर तथा

आसपासका क्षेत्रहरुमा मात्र सीमित थियो। राज्यको राजधानी विजयपुरमै पनि अब नेपाली सैनिकको आक्रमण हुन अवश्यम्भावी छ भन्ने त यति बेला राज्यका राजा तथा प्रजा सबैले अनुभव गरिसकेका थिए। तर बर्सातको मौसम सुरू भइसकेकाले कोसी नदी आफ्नो उफानका साथ प्रवाहित हुन सुरू भइसकेको थियो। यस विकट परिस्थितिमा पनि नेपाली सैनिकहरु अबलाई कम से कम एकडेढ महिनाका निमित्त उर्लिरहेको दुस्तर कोसी नदीलाई पार गरी चौदण्डीबाट आफ्नो राज्यक्षेत्रभित्र कदापि प्रवेश गर्न सक्दैनन् भनी विजयपुर राज्यका राजा तथा मन्त्रीहरु पनि निश्चिन्त भएर बसिरहेका थिए। तर बख्सी अभिमानसिंह बस्नेतको नेतृत्वमा रहेका नेपाली सैनिकहरुले असम्भव मानिएको यस कामलाई पनि सम्भव तुल्याइदिए। हात्तीमा सवार भई उर्लिरहेको कोसी नदी पार गरी नेपाली सैनिकहरु एकाएक विजयपुर राज्यको राजधानीमै दाखिल हुन पुगे (विसं १८३१ साउन ५ गते, तदनुसार १७ जुलाई इसं १७७४)।

नेपाली सैनिकको सशक्त आक्रमणको प्रतिरोध गर्ने आँट राजा कर्ण सेन तथा यिनका मन्त्री बुद्धिकर्ण रायमा पनि थिएन। राजा तथा यिनका मन्त्री पनि आआफ्ना दलबलका साथ सिक्किम राज्यतिर पलायित भए। यसपछि पनि दुई पक्षबीच सामान्य मुठभेड हुँदै रहे। यस सैनिक अभियानमा विजयपुर राज्यका ८६ जना जति सैनिक खेत रहेका पाइन्छन्।

राज्यको राजधानी विजयपुरमा आफ्नो अधिकार स्थापित भएपछि मोरङका तराई क्षेत्रहरुमा आफ्नो राज्यको अधिकार स्थापित गराउन बख्सी अभिमानसिंह बस्नेतलाई खास कठिनाइ परेन। यसपछि सिक्किम राज्यको सीमाक्षेत्रमा रहेका पल्लो किराँतका 'इस्लिम्बा' तथा 'च्याङ्थापु'सम्मका लिम्बू सुब्बाहरु पनि विजयपुर राज्यको राजधानीमै आएर नेपाल अधिराज्यको आधिपत्यलाई स्विकार्न विवश भए। यस प्रकार प्रायः बिनालडाइँ इलाम प्रदेशबाहेकको पल्लो किराँत तथा कोसी नदीदेखि कन्काई नदीसम्मका तराई क्षेत्रहरुमा पनि सहजै नेपाल अधिराज्यभित्र समाहित हुन आए।

राजा कर्ण सेन तथा यिनका मन्त्री चौतारा बुद्धिकर्ण राय पनि पहिले त सिक्किम राज्यमा शरण लिन पुगेका थिए। विजयपुर राज्यको राजधानीमा आफ्नो अधिकार स्थापित भएपछि नेपाली सेनानायकहरुले "विजयपुर राज्यको अभिन्न अङ्गका रुपमा रहँदै आएको इलाम प्रदेश अब हामीलाई छाडिदिनुहोस् र राजा कर्ण सेन तथा यिनका मन्त्री चौतारा बुद्धिकर्ण रायलाई पनि पक्रिएर हामीलाई सुम्पिदिनुहोस्" भन्ने सन्देश प्राप्त भएपछि सिक्किमे राजा फुन्छेक नाम्यालसमक्ष पठाइदिए। नेपाली सेनानायकहरुको यस्तो सन्देश प्राप्त भएपछि सिक्किम राज्यका राजाहरुलाई पनि डर भयो र उनले इलाममाथि रहेको आफ्नो देशको प्रशासनिक अधिकार हटाई यो प्रदेश नेपाल सरकारलाई फिर्ता बुझाइदिए (विसं १८३१ असोज १३ गते, तदनुसार २५ सेप्टेम्बर इसं १७७४)।

इलाम प्रदेश नेपाल सरकारलाई हस्तान्तरण गर्नुपहिले नै राजा कर्ण सेन तथा यिनका मन्त्री चौतारा बुद्धिकर्ण राय पनि अलगअलग बगाल भई नेपाली सैनिकहरुविरूद्ध सैनिक सहायता प्राप्त गर्न कम्पनी सरकारको राजधानी कोलकातातर्फ लागिसकेका थिए। कोलकातामा पुगेपछि पनि यिनीहरुले आफ्नो गुमेको राज्यलाई नेपाली सैनिकहरुको हातबाट फिर्ता लिने अथक प्रयास निरन्तर गरे।

विजयपुर राज्यको पूर्वी सिमाना तराई क्षेत्रमा टिस्टा नदी थियो। सिक्किम राज्यका राजाले इलाम प्रदेशमा आफ्नो अधिकार स्थापित गरिर्दिंदा कन्काई तथा टिस्टा नदीका बीचका तराई क्षेत्रहरु पनि सिक्किम राज्यको नै अधिकार क्षेत्रमा पुगेका थिए। इलाम प्रदेशलाई फिर्ता गर्दा सिक्किम राज्यका राजाले यी क्षेत्रहरु फिर्ता गर्न आनाकानी गरिर्दिंदा बख्सी अभिमानसिंह बस्नेतले त्यस क्षेत्रमा पनि सैनिक हस्तक्षेप गर्न राजा पृथ्वीनारायण शाहसँग अनुमतिको माग गर्दा यिनले 'हुन्छ' भनौं वा 'हुँदैन' भनौं भन्ने दोमन गरी "सिक्किमले हामीसँग लडाइँ नै गर्न आँटेको हो, हामीसँग कुनै किसिमको सम्झौता वार्ता गर्न ऊ तयार छैन भने मात्र राम्रोसँग जाँचबुझ गरी कन्काई नदीलाई पार

गर्नू, अन्यथा नगर्नू; यो कुरा त्यहाँ तिमीहरु आफैंले निर्णय गर्नु उचित हुनेछ" भनी लेखी पठाएका थिए।

नेपाल अधिराज्यसँग शान्तिसम्झौता गर्ने मनस्थितिअनुसार नै सिक्किम राज्यका राजा फुन्छेक नाम्ग्यालले आफ्नो नियन्त्रणमा रहेको इलाम प्रदेश नेपाल अधिराज्यका निमित्त फिर्ता छाडिदिएकाले कोसी तथा कन्काई नदीका बीचका तराई क्षेत्रहरुलाई मात्र नेपाल अधिराज्यभित्र समाहित गराई नेपाली सेनापति बख्सी अभिमानसिंह बस्नेतले किराँत युद्धको पूर्णाहुति गरिदिए।

यसरी दुई वर्षजतिका बीचमा चौदण्डी तथा विजयपुर राज्यमा पनि नेपाली सैनिकहरुको अधिकार स्थापित हुँदा समग्र किराँत प्रदेश पनि नेपाल अधिराज्यमै समाहित हुन आयो।

२.१२ राजा पृथ्वीनारायण शाहका अन्तिम दिन तथा यिनको व्यक्तित्व

चौदण्डीको सेन राज्यमाथि आफ्नो अधिकार स्थापित नहुँदै राजा पृथ्वीनारायण शाहले इस्ट इन्डिया कम्पनीका गभर्नर वारेन हेस्टिङ्सलाई “मेरा दाइ राजा कामराजदत्त सेनको हत्या गर्ने हत्यारा बुद्धिकर्ण रायलाई पक्रिई अम्बरपुर (चौदण्डी) राज्यका साथै विजयपुर राज्यमा पनि आफ्नो अधिकार स्थापित गर्न चाहन्छु” भनी पत्र लेखी सम्भावित सैनिक अभियानका निमित्त औपचारिक जानकारी गराएका थिए। यसै पत्रमा यिनले अगाडि लेखेका थिए, “अम्बरपुर तथा विजयपुर राज्यका तराई क्षेत्रहरुको मालवाजवी अर्थात् तिरोका रुपमा उक्त राज्यका राजाहरुले कम्पनी सरकारलाई जेजति रकम वा वस्तुहरु बुझाउँदै आएका छन्, त्यति नै रकम वा वस्तुहरु तपाईंहरुलाई बुझाउन म पनि तयार छु। उक्त राज्यका राजाहरुका नाममा जस्तै मेरो नाममा पनि भोगचलनको अधिकारका निमित्त ‘पट्टा’ गरिदिनुहुन यहाँसमक्ष हार्दिक अनुरोध गर्छु।”

यति मात्र होइन, राजा पृथ्वीनारायण शाहले आफ्नो यस अनुरोधपत्रका साथ आफ्ना दुई जना विश्वस्त दूत श्रीहर्ष मिश्र तथा बृहस्पति उपाध्यायलाई पनि कम्पनी सरकारको राजधानी कोलकातासम्म पठाइदिएका थिए। तर अङ्ग्रेज गभर्नर वारेन हेस्टिङ्सले यस पत्रको कुनै उत्तर नै नदिई राजा पृथ्वीनारायण शाहलाई अम्बरपुर राज्यमाथि अधिकार स्थापित गर्न स्वीकृति प्रदान गर्न आनाकानी गरिदिएकाले उपर्युक्त नेपाली दूतहरु त्यहाँबाट यत्तिकै फर्किएर आएका थिए।

विजयपुर राज्यमा गोरखाली सैनिकहरुको अधिकार स्थापित भएप्छि सम्भवतः पूर्णियामा रहेका कम्पनी सरकारका अङ्ग्रेज अफिसर ड्युकरलले “विजयपुर राज्यका तराई क्षेत्रहरु कम्पनी सरकारका अधिकार क्षेत्रभित्र पर्छन्” भनी गभर्नर वारेन हेस्टिङ्सलाई जानकारी पठाउँदा विजयपुर राज्यमा गोरखाली सैनिकहरुको अधिकार स्थापित भएको २५सौं दिनमा गभर्नर वारेन हेस्टिङ्सले लेखेको एउटा अत्यन्त महत्वपूर्ण पत्र राजा पृथ्वीनारायण शाहकहाँ आइपुगेको थियो (१० अगस्ट इसं १७७४, तदनुसार विसं १८३१ साउन २९ गते)। यस पत्रमा गभर्नर वारेन हेस्टिङ्सले राजा पृथ्वीनारायण शाहलाई लेखेका थिए—

“तपाईं हाम्रो सरकारसँग साँच्चै नै मित्रता कायम राखिराख्न चाहनुहुन्छ भने अम्बरपुर राज्यका साथै विजयपुर राज्यबाट पनि आफ्ना सैनिकहरुलाई तुरून्त नै फिर्ता लैजानुहोस्, अन्यथा दुई देशका बीचमा अनावश्यक रुपमा मनोमालिन्य पैदा हुन सक्छ।”

इस्ट इन्डिया कम्पनीका गभर्नरका तर्फबाट यस्तो कडिकडाउ पत्र प्राप्त भएपछि पनि राजा पृथ्वीनारायण शाहले कत्ति हडबडी प्रदर्शन गर्न चाहेनन्। कम्पनी सरकारका अङ्ग्रेज पदाधिकारीलाई राजी गराएर मात्र उपर्युक्त राज्यका तराई क्षेत्रहरुमाथि स्थापित आफ्नो अधिकारलाई पाको गराउन सकिन्छ भन्नेमा विश्वस्त रही बर्सात यामको कुनै पर्वाह नगरी गभर्नर वारेन हेस्टिङ्सको उपर्युक्त कडिकडाउ पत्र प्राप्त हुनासाथ यिनले आफ्ना एक जना विश्वस्त दूत ‘सुब्बा’ दीनानाथ उपाध्यायलाई कोलकातातर्फ रमाना गराइदिए।

कान्तिपुर, भक्तपुर तथा ललितपुर राज्यका राजाहरुले आआफ्ना राज्यहरुमा प्रयोगमा ल्याउन नेवारी लिपि प्रयोग गरी ४८ लाल तौल भएका शुद्ध चाँदीका आधा रूपैयाँ तथा चौथाई रूपैयाँका ‘मोहर’ तथा ‘सुकी’का सिक्का ढाल्ने परम्परा थियो। कान्तिपुर तथा तिब्बत राज्यबीचमा विशिष्ट किसिमको व्यापार सम्बन्ध स्थापित हुँदा कान्तिपुर राज्यका

राजाले तिब्बत सरकारका निमित्त पनि तिब्बती लिपि प्रयोग गरी आफ्नो राज्यका सिक्काहरुकै गुणस्तरअनुसारका तिब्बती सिक्का ढालिदिने सम्झौता थियो।

विसं १८०६ देखि राजा पृथ्वीनारायण शाहले पनि यसै तौलसँग मेल हुने गरी आफ्नो नामबाट पनि शुद्ध चाँदीका मोहरका सिक्का ढाल्न सुरू गरिदिएका थिए। राजा जयप्रकाश मल्लले युद्धकालमा बढेको लडाइँको खर्च धान्न कसर मिसाइएका कम गुणस्तरका सिक्का ढाल्न सुरू गरिदिएका थिए। यति मात्र होइन, यिनले कसरी ढालिने आफ्ना सिक्कामा कसरको मात्रालाई पनि दिनदिनै बढाउँदै ल्याइरहेका थिए। झट्ट हेर्दा यसरी ढालिएका नयाँ सिक्कामा कसर मिसाइएको थाहा नहुने भएकाले यस प्रकारका मिसावटी सिक्का नेपालका साथै तिब्बतमा पनि प्रशस्त मात्रामा प्रचलनमा थिए।

व्यापारको काममा सर्वसाधारण जनतामा विश्वासको वातावरण स्थापित गर्न शुद्ध चाँदीका सिक्कालाई मात्र प्रचलनमा ल्याउनु आवश्यक छ, कसर मिसाइएका सिक्का चलनचल्तीमा रहिरहनुहुँदैन भन्ने राजा पृथ्वीनारायण शाहको नीति थियो। आफ्नो यसै नीतिअनुसार उपत्यकाभित्रका तीन ओटै मल्ल राज्यमा आफ्नो अधिकार स्थापित हुनेबित्तिकै राजा पृथ्वीनारायण शाहले मल्लकालमा यस क्षेत्रमा प्रचलनमा रहेका कसर मिसाइएका खोटा सिक्कालाई प्रचलनबाट हटाएर शुद्ध चाँदीका सिक्कालाई मात्र प्रचलनमा ल्यादिए। यसरी प्रचलनबाट हटाउँदा यस्ता खोटा सिक्कामा रहेको वास्तविक चाँदीको मूल्य मात्र दिई आफ्नो अधिराज्यमा शुद्ध चाँदीका सिक्का मात्र प्रचलनमा ल्याइसकेका थिए।

तिब्बतमा पुगेका कसर मिसाइएका खोटा सिक्कालाई पनि यसै गरी प्रचलनबाट खिचेर त्यहाँ पनि शुद्ध चाँदीका सिक्कालाई मात्र प्रचलनमा ल्याउने यिनको चाहना थियो। तर यस किसिमको कारबाहीबाट आफ्नो देशका नागरिकलाई नोक्सानी हुने देखी तिब्बती पदाधिकारीले भने यिनको यस अभियानमा आफ्नो असहमति जनाइदिएका थिए। नेपालबाट नै पठाइएकाले कसर मिसाइएका खोटा सिक्कालाई पनि शुद्ध चाँदीकै

सिक्काको बराबरीमा फिर्ता लिइनुपर्छ भन्ने उनीहरुको दाबी थियो। यसमा नेपाली पक्षको सहमति नहुँदा दुई देशबीच व्यापार सम्बन्ध करिबकरिब ठप्प थियो।

जति बेला पूर्वमा चौदण्डी तथा विजयपुर राज्यतर्फ लडाइँहरु चलिरहेका थिए, त्यति नै बेला तिब्बतसँग मिसावटी सिक्कासम्बन्धी विवाद एकाएक उब्जन आइपुगेको थियो। तर त्यति बेला लडाइँसम्बन्धी काममा व्यस्त रहनुपरेकाले राजा पृथ्वीनारायण शाहले यस समस्याप्रति खास ध्यान दिन पाएका थिएनन्।

विजयपुर राज्यमा आफ्नो अधिकार स्थापित भएको समाचार प्राप्त हुनासाथ तिब्बतमा प्रचलनमा रहेका चाँदीका मिसावटी खोटा सिक्कालाई पनि चोखा चाँदीका सिक्कामा परिवर्तन गराउने अभियानमा राजा पृथ्वीनारायण शाह तत्काल लागिहाले। यस सम्बन्धमा आवश्यक छलफल गर्न यिनले तिब्बती धार्मिक गुरू तथा त्यहाँका प्रमुख प्रशासक दलाई लामाका नाममा एउटा औपचारिक पत्र लेखी 'लाल गिरी' नामक आफ्ना एक जना वाणिज्य प्रतिनिधिको नेतृत्वमा एउटा शिष्टमण्डल तत्काल तिब्बतर्फ पठाइहाले (विसं १८३१ को असोज)।

चौदण्डी तथा विजयपुर राज्यका तराई क्षेत्रहरुमा स्थापित आफ्नो अधिराज्यको शासनाधिकारलाई वैध गराउन 'सुब्बा' दीनानाथ उपाध्यायलाई कोलकाता र मिसाहा सिक्काका सम्बन्धमा आवश्यक वार्ता गर्न भनी आफ्ना वाणिज्य दूत लाल गिरीलाई तिब्बतको राजधानी ल्हासातर्फ पठाइरहेको अवस्थामा राजा पृथ्वीनारायण शाह आफ्नो अधिराज्यको आन्तरिम राजधानी नुवाकोटमा गई कालीगण्डकी नदीभन्दा पारका चौबीसे राज्यहरुमाथि अधिकार स्थापित गर्न लडाइँसम्बन्धी अग्रिम योजना तयार गर्दै थिए। यिनका यस्ता योजना तथा कार्यक्रम पाँडे तथा बस्नेत परिवारका केही इनेगिनेका विश्वस्त मन्त्री तथा सेनानायकलाई मात्र थाहा हुने गर्थ्यो, अरु कसैलाई पनि थाहा हुँदैनथ्यो।

यति नै बेला राजा पृथ्वीनारायण शाहलाई एकाएक ज्वरो आयो र आफ्नो अन्तिम अवस्था नजिकै आइपुगेको अनुभव गरी यिनले नुवाकोट राजभवनमै आफ्ना भाइभारदार

तथा सम्भव भएसम्मका अन्य कर्मचारीलाई पनि बोलाएर आफ्ना योजना, कार्यक्रम तथा अनुभवसम्बन्धी एउटा लामो मार्मिक व्याख्यान दिएका थिए। यिनको यही व्याख्यान नै आजभोलि 'दिव्योपदेश'को नामले प्रसिद्ध छ।

आफ्ना अनुभव तथा कार्यक्रम आफ्ना भाइभारदारलाई सुनाइगएमा उनीहरुले उनका छोरानातिलाई सुनाइदेलान् र उनका छोरानातिले आफ्ना छोरानातिलाई आफ्नो राज्यलाई सुरक्षित रुपमा थामेर खान सक्लान् भन्ने अपेक्षा राखी यिनले आफ्नो यो व्याख्यान दिएको पाइन्छ। राजा पृथ्वीनारायण शाहले आफ्नो जीवनकालको अन्तिम समयमा दिएको यो व्याख्यान नित्य नूतन तथा सार्वकालिक पनि भएर नेपाली नागरिकका निमित्त आजसम्म पनि पथप्रर्दकका रुपमा रहिरहेको पाइन्छ। व्याख्यानमा यिनले निकै मार्मिक कुरा बोलेका छन्। केही उदाहरणका रुपमा—

१. "यो मेरो सानो दुःखले आर्जेको मुलुक होइन। देशभित्र रहेका सबै जात तथा जातिहरुको यो साझा फूलबारी हो। सबै देशवासीहरुमा यस कुराको चेतना हुनु र यसैअनुसार यस फूलबारीलाई देशका सानाठूला चार वर्ण छत्तीसै जातले यो मेरो आफ्नै फूलबारी हो भन्ने सम्झिई सम्भार गर्ने गर्नू।"

२. "विदेशका साहुमहाजनहरुलाई पर्सागढीदेखि माथि कदापि आउन नदिनू। विदेशी साहुमहाजनहरु हाम्रो मुलुकमा आए भने उनीहरुले यहाँका जनतालाई कङ्गाल बनाई छोड्नेछन्।"

३. "देशका नागरिकहरुलाई विदेशी कपडाहरु प्रयोग गर्न मनाई गरिदिनू। आफ्ना देशका कपडा बुन्न जान्ने मानिसहरुलाई नमुना देखाई सिकाउनू र बन्न लगाउनू। यसो गरेमा आफ्नो देशको रकम विदेशमा जान पाउनेछैन। आफ्नो देशमा रहेका जिनिस तथा जडीबुटीहरुलाई विदेशतर्फ निकासी गर्नू र विदेशबाट आफ्नो देशमा नगद रकम ल्याउने गर्नू।"

४. "यो देश सच्चा अर्थमा 'हिन्दुस्तान' हो। यसैले कसैले पनि आफ्ना कुल परम्परादेखि चलिआएका धर्म तथा आचारव्यवहारहरुलाई परित्याग नगर्नू।"

५. "देशमा अन्याय हुन नदिनू। देशमा न्यायनिसाफ बिगार्ने भनेको घुस दिने तथा घुस खाने व्यक्तिहरु नै हुन्। यस्ता अपराधी व्यक्तिहरुको त ज्यान नै लिएमा पनि पाप लाग्नेछैन। यिनीहरु भनेका देशका ठूला शत्रु हुन्।"

यसै स्थितिमा ज्वरग्रस्त भई आफ्नो राजभवनको नजिकै देवघाटमा नौ दिनसम्म रहेर राजा पृथ्वीनारायण शाहको अकल्पित रुपमा देहान्त हुँदा सम्पूर्ण नेपाली जनता शोकाकुल हुन आए (विसं १८३१ माघ १ गते, तदनुसार ११ जनवरी इसं १७७५)। गोरखा राज्यको उत्तराधिकारसम्बन्धी मान्यता एवम् परम्पराअनुसार राजा पृथ्वीनारायण शाहको देहान्तपछि यिनका जेठा छोरा युवराज प्रतापसिंह शाह नै नेपाल अधिराज्यका श्री ५ महाराजधिराजका रुपमा राजसिंहासनमा विराजमान हुन आए।

राजा पृथ्वीनारायण शाह प्रखर राष्ट्रवाद भएका दह्रिला व्यक्ति थिए। हिमालय पर्वतमालाको दक्षिणी काखमा एउटा शक्तिशाली हिन्दू अधिराज्य स्थापित गर्ने यिनको जीवनको एउटै मात्र लक्ष्य थियो। यसै अभियानका निमित्त यिनले आफ्नो सम्पूर्ण जीवन उत्सर्ग गरिदिएका थिए। महाराष्ट्रका गौरव 'छत्रपति शिवजी' यिनका आदर्श व्यक्ति थिए। आफू अनुशासनमा रहने र आफ्ना भाइभारदारलाई पनि अनुशासनमा राख्ने यिनको स्वभाव तथा प्रवृत्ति पनि थियो। यिनी सुखसयलतर्फ कहिल्यै पनि लागेनन्। आफ्ना सहकर्मीलाई पनि यिनले सकभर लाग्न दिएका थिएनन्। आफ्ना सहकर्मी तथा सर्वसाधारण जनता पनि भोका तथा नाङ्गा पनि नरहून् भन्ने यिनको सोचाइ रहने गरेको पाइन्छ। जनताका दुःखदर्दलाई यिनी अभिरूचिपूर्वक सुन्ने गर्थे। आफ्नो नेतृत्वमा एकीकृत भएको नेपाल अधिराज्यलाई यिनले यो मेरो आफ्नो व्यक्तिगत कमाइ हो भन्ने नसम्झिई यसलाई अधिराज्यभरका चार वर्ण छत्तीस जातको साझा फूलबारी हो भन्ने सम्झेका थिए। यसबाट नै यिनको महानताको परिचय सहजै प्राप्त गर्न सकिन्छ।

राजा पृथ्वीनारायण शाहको व्यक्तित्वका सम्बन्धमा यिनको देहान्त भएको २७ वर्षजति पछि नेपाल अधिराज्यको राजधानी काठमाडौंमा आइपुगेका दुई प्रसिद्ध अङ्ग्रेज लेखकले लेखेका लेखको केही अंशको भावानुवाद प्रस्तुत गर्नु यहाँ सान्दर्भिक छ। यी दुई लेखकमध्ये पहिला लेखक 'कर्नल' कर्क प्याट्रिक छन्। राजा पृथ्वीनारायण शाहबारे यिनले लेखेका छन्—

"राजा पृथ्वीनारायण शाहका नीति तथा चरित्रमा परस्पर विरोधी गुण रहेका पाइन्छन्। यिनको जीवनचरित्रबारे हाम्रो ज्ञान अन्यन्त नै अधुरो रहेकाले हामी स्पष्ट रुपमा केही भन्न सक्ने स्थितिमा छैनौं। एकातिर यिनले कीर्तिपुरका नागरिकहरुप्रति आफ्नो निर्दयी स्वभाव प्रकट गरेका छन् भने अर्कातिर ललितपुर राज्यका प्रमानहरुप्रति पनि कठोर व्यवहार प्रदर्शन गरेका छन्। तर लडाइँका मैदानहरुबाट भाग्न लागेका आफ्ना शत्रुहरुलाई घाइते तुल्याइदिने आफ्ना अनुयायीहरुलाई यिनले कठोर दण्ड दिने गरेका तथ्य पनि प्रकट हुन आएका छन्।"

राजा पृथ्वीनारायण शाहको व्यक्तित्वको सम्बन्धमा आफ्नो अभिमत प्रकट गर्ने दोस्रा अङ्ग्रेज लेखकमा डा. हेमिल्टन छन्। यिनले लेखेका छन्—

"राजा पृथ्वीनारायण शाह निर्वाध रुपमा महत्वाकाङ्क्षी व्यक्ति थिए। ठीक समयमा ठीक निर्णय गर्न सक्ने क्षमता यिनमा भरपूर मात्रामा थियो। यिनी साहसी व्यक्ति थिए र आफ्ना काममा सदा व्यस्त रहिरहेका हुन्थे। सामान्यतया यिनको स्वभाव उदार तथा दयालु पनि थियो। विशेषगरी आफ्ना मित्र तथा अनुयायीहरुप्रति यिनी उदार थिए। विदेशी नागरिकप्रति यिनको कत्ति पनि विश्वास थिएन। आफ्ना विपक्षीहरुलाई यिनी कहिल्यै दया गर्दैनथे। आफ्नो योजना तथा कार्यक्रमहरुको विरोध गर्ने आफ्ना विपक्षीहरुमाथि पनि यिनी कहिल्यै उदार देखापरेनन्।"

राजा पृथ्वीनारायण शाहको देहान्त भएको सवा सय वर्षजति पछि नेपाल अधिराज्यको राजधानी काठमाडौंमा आइपुगेका नेपाली इतिहासका सुप्रसिद्ध अन्वेषक

फ्रेन्च विद्वान् सिलभ्याँ लेभीले यिनको व्यक्तित्वबारे लेखेका छन्—

"राजा पृथ्वीनारायण शाह तत्काल उपस्थित भएको परिस्थितिबाट लाभ उठाउन सक्ने क्षमता भएका अत्यन्त सचेत व्यक्ति थिए। यिनी महत्वाकाङ्क्षी हुनुका साथै अथक परिश्रमी पनि थिए। यिनको प्रतिभा अत्यन्त नै तीव्र थियो। यिनी आफ्ना निर्णय छिटोछिटो गर्ने गर्थे र निष्कामभावले सधैं आफ्ना काममा लागिपरिरहेका हुन्थे। आफ्ना नागरिकले राष्ट्रका निमित्त गरेका सेवाहरुका निमित्त समुचित पुरस्कार दिनमा यिनी सधैं नै उदार रहने गरेको पाइन्छ। आफ्ना विपक्षीहरुलाई भने यिनी निर्दयतापूर्वक दमन गर्थे।"

राजा पृथ्वीनारायण शाहको व्यक्तित्वका सम्बन्धमा हाम्रो आफ्नै देशका इतिहासका शोधकर्ता डा. डिल्लीरमण रेग्मीले लेखेका छन्—

"राजा पृथ्वीनारायण शाहको हृदय देशभक्तिका भावनाहरुमा चुर्लुम्म डुबेको थियो। नयाँनयाँ क्षेत्रहरुमाथि विजय प्राप्त गर्नु यिनको जीवनको एउटै मात्र लक्ष्य थियो। यस लक्ष्यको प्राप्तिका निमित्त नियामक तत्व थियो— यिनमा रहेको देशभक्ति। देशभक्त नागरिक, साहसी योद्धा, कुशल सङ्गठनकर्ता र सुयोग्य सेनापतिहरुमा रहनुपर्ने सबै किसिमका उदात्त गुण राजा पृथ्वीनारायण शाहमा एकैसाथ पाइन्छन्। यसैले आफूले अधिकार स्थापित गरेका अधिराज्यका विस्तृत भूभाग एउटै सङ्गठित केन्द्रीय शासनको अधीनमा रहिरहोस् र आफूले एकीकृत गरेका अधिराज्यमा विस्तृत भूभागहरुमा बसोवास गर्ने सबै जात, जाति, सम्प्रदायका नागरिकहरुले निर्भय भएर आफूलाई सुरक्षित तथा निश्चिन्त पनि अनुभव गर्न सकून् तथा यिनीहरुमाथि कुनै पनि किसिमको दमन हुन नपाओस् भन्नेमा यिनी सदैव सचेत हुन्थे।"

यस प्रकार स्वदेशी तथा विदेशी विद्वान्ले पनि राजा पृथ्वीनारायण शाहको राष्ट्रप्रेम तथा यिनको महिमाशाली व्यक्तित्वका सम्बन्धमा मुक्तकण्ठले प्रशंसा गरेको पाइन्छ। यस्ता प्रशंसाहरुमा कत्ति पनि अत्युक्ति देखिँदैन।

खण्ड तीन
३.१ राजा प्रतापसिंह शाहको राज्यकाल

आफ्ना छोरा 'मेवाड' राज्यका सुप्रसिद्ध राजा राणा प्रताप जस्तै युद्धकुशल एवम् पराक्रमी पनि होऊन् भन्ने कामना गर्दै राजा पृथ्वीनारायण शाहले यिनकै सम्झनामा आफ्ना जेठा छोराको नाम 'प्रतापसिंह शाह' राखेका थिए। तर परिणाम भने यिनको यस आकाङ्क्षाको ठीकविपरीत देखापरेको थियो।

राजा पृथ्वीनारायण शाहलाई आफ्ना राज्य एकीकरणका अभियानहरुबाट कहिल्यै फुर्सद मिलिरहेको थिएन। यसैले यिनले आफ्ना छोरा बालक युवराज प्रतापसिंह शाहको शिक्षादीक्षातर्फ समुचित ध्यान दिन पाइरहेका थिएनन्। यिनलाई औपचारिक शिक्षा दिने जिम्मा राजा पृथ्वीनारायण शाहले स्वाभाविक रुपमा आफ्नो देशमा रहेका गोरखाली पण्डितहरुलाई सुम्पिदिएका थिए। यस्ता पण्डितहरुले यिनलाई संस्कृत भाषाको धेरथोर ज्ञान त गराइदिएका थिए। तर उनीहरुले यिनलाई यसै भाषामा लेखिएका नीतिशास्त्र तथा राजनीतिशास्त्र जस्ता व्यावहारोपयोगी विषयतर्फ नलगाएर यिनलाई नृत्य, सङ्गीत तथा काव्यका रसास्वादनतर्फ लगाइदिएकाले यिनी युवावस्थामा प्रवेश गर्दा वा नगर्दादेखि नै शृङ्गारी स्वभावका भएर निस्किएका थिए।

कान्तिपुर राज्यमा आफ्नो अधिकार स्थापित भएपछि राजा पृथ्वीनारायण शाहले काठमाडौं सहरलाई नै आफ्नो नवगठित राज्यको राजधानी बनाएर यस सहरमा 'कैलास' नामक एउटा नयाँ राजभवन बनाई आफ्नो अनुपस्थितिमा आफ्ना युवराजलाई प्रतिनिधिका रुपमा यसै राजभवनमा राख्ने निर्णय गरे। राजा पृथ्वीनारायण शाह स्वयम्

भने यसपछि प्रायः आफ्नो अन्तरिम राजधानी नुवाकोटमै रहन थालेकाले युवराज प्रतापसिंह शाहले नयाँ निर्माण गराएको 'कैलास' नामक राजभवनलाई 'विलास मन्दिर'का रुपमा परिणत गराइदिए।

गोरखाली राजाहरु यतिन्जेलसम्म गुरू 'गोरखनाथ' तथा देवी 'काली'का उपासक रहँदै र यिनलाई नै आफ्ना इस्टदेव तथा इस्टदेवीहरुका रुपमा मान्दै आएका थिए। युवराज प्रतापसिंह शाहले भने देवी भगवतीको पूजा तथा उपासना गर्ने नयाँ पद्धति अपनाएका थिए। कान्तिपुर राज्यका राजा प्रताप मल्लले वाममार्गको विधिविधानअनुसार कालीको पूजा तथा उपासना पनि गर्ने परम्परा बसाली यस प्रयोजनका निमित्त पशुपतिनाथको मन्दिरनजिकै वाग्मती नदीको बायाँ किनारमा गुह्यकाली वा गुह्येश्वरी र गुह्यभैरवका प्रतीक स्थापित गराइदिएकाले यस राज्यका अन्तिम राजा जयप्रकाश मल्लले पनि यसै साधनामार्गलाई अपनाएका थिए।

"भगवती गुह्यकाली वा गुह्येश्वरीको पूजा तथा उपासनाबाट नै आफूले मनमा चिताएका कुरा सजिलैसँग प्राप्त गर्न सकिन्छ" भनी युवराज प्रतापसिंह शाहका दीक्षागुरू वज्रनाथ पण्डितले पनि यिनलाई भगवतीको पूजाआराधना गर्ने यसै वाममार्गतर्फ प्रवृत्त गराइदिएका थिए। यसले गर्दा युवराज प्रतापसिंह शाह सुरूदेखि नै भगवती गुह्येश्वरी भक्त एवम् उपासक पनि बन्न आइपुगेका पाइन्छन्।

वागमार्गको विधिविधानअनुसार भगवतीको पूजाआराधना गर्दा पञ्चमकारहरुको प्रयोग गर्नुपर्ने र यसका निमित्त नवयौवना कुमारीहरुको आवश्यकता पर्ने भएकाले सम्भवतः ललितपुर राज्यका पूर्वप्रमान वा मन्त्री वीरनरसिंहकी बहिनी वा छोरीलाई यिनले आफ्नो राजभवनभित्र भित्र्याइदिएका थिए। यिनै नवयौवना रुपवती प्रेयसीबाट राजा पृथ्वीनारायण शाह जीवित छँदै युवराज प्रतापसिंह शाहका 'विदुर शाही' नामक एक कुमार पैदा पनि भइसकेका थिए। यसको केही महिनापछि युवराज्ञी राजेन्द्रलक्ष्मीका तर्फबाट पनि यिनका 'नगेन्द्र शाह' नामक युवराजको जन्म भएको थियो।

तर जन्म भएको केही महिनापछि नै, सम्भवतः अन्नप्राशन कर्म पनि सम्पन्न नहुँदै नवयुवराज नगेन्द्र शाहको देहान्त हुँदा राजभवनमा शोक तथा चिन्ताको लहर छाएको थियो। नवयुवराज नगेन्द्र शाहको देहान्त भएको र मैजु युवराज्ञीतर्फका छोरा विदुर शाही भने जीवितै रहेकाले अब राजभवनमा मैजु युवराज्ञीको नै बोलबाला चल्न सुरू भएको थियो। यसले गर्दा युवराज्ञी राजेन्द्रलक्ष्मी यिनलाई आफ्नो आँखाको कसिङ्गर सम्झन थालिरहेकी थिइन्।

गोरखा राज्यको सेवा गर्न भनी चौदण्डी राज्यअन्तर्गत रहेको 'खुरकोट'तिरबाट आफ्नो देश आइपुगेका 'स्वरुपसिंह कार्की' नामक एक जना नवयुवकलाई अत्यन्त योग्य, अनुशासित र उत्साही पाएर राजा पृथ्वीनारायण शाहले यिनलाई युवराजको अङ्गरक्षकका रुपमा रहेका सैनिक कम्पनीहरुको नेतृत्व प्रदान गर्ने गरी 'सरदार' पदमा नियुक्त गरिदिएका थिए।

रहँदाबस्दा 'कैलास' वा 'वसन्तपुर' नामक राजभवनमा मैजु युवराज्ञी, 'राजगुरू' व्रजनाथ पण्डित तथा 'सरदार' स्वरुपसिंह कार्की यी तीन जना अगोरखाली भारदारहरुको एउटा राजनीतिक गुट नै खडा हुन आएको थियो। यसै वस्तुतथ्यलाई अनुभव गरी राजा पृथ्वीनारायण शाह यस गुटदेखि अत्यन्त सजग तथा सतर्क पनि भएर रहन थालेका थिए। आफ्ना युवराज पनि यस गुटदेखि सजग तथा सतर्क रहून् भन्ने यिनको चाहना थियो।

आफ्नो यसै चाहनाअनुसार पूर्विया सरदार स्वरुपसिंह कार्की तथा पश्चिमा, रिसिङ राज्यमा आफ्नो मूलघर भएका राजगुरू व्रजनाथ पण्डिततर्फ सङ्केत गर्दै आफ्नो चर्चित 'दिव्योपदेश'मा यिनले "पूर्व तथा पश्चिममा खस तथा बाहुनहरुलाई दरबारभित्र पैठ हुन नदिनू, किनभने बाहिरिया मानिसहरुले दरबारमा बेथिति गराउँछन्" भनी आफ्ना मानसिक उद्वेग व्यक्त गरेको पाइन्छ। हुन पनि उपर्युक्त तीन जना अगोरखाली भारदारको गुटले युवराज प्रतापसिंह शाहलाई आफ्नो चङ्गुलमा राम्रैसँग फसाइसकेको थियो।

राजा पृथ्वीनारायण शाहका कान्छा छोरा राजकुमार बहादुर शाह भने प्रायः आफ्ना पिताका साथमै रहने गरेका थिए। आफ्ना पिताको देहान्त हुँदा यिनले भर्खरै मात्र १७ वर्षको उमेर पार गरेका थिए। यिनको विवाह भएको थिएन। यिनको शिक्षादीक्षातर्फ पनि राजा पृथ्वीनारायण शाहले समुचित ध्यान दिन पाइरहेका थिएनन्। यिनी निरक्षर नै त थिएनन्। तर औपचारिक शिक्षा भने यिनले प्राप्त गरेको देखिँदैन। यिनी नागरी लिपि तथा मातृभाषा नेपालीमा लेखिएका चिठीपत्र पढ्न र यस्ता चिठीपत्र लेखी आफ्ना मनमा लागेका भाव येनकेन प्रकट गर्नसम्म सक्थे, यसभन्दा बढी शैक्षिक योग्यता यिनमा रहेको देखिँदैन।

जन्मकालदेखि नै प्रायः आफ्ना मातापिताका साथमा रहँदै आएका र आफ्ना पिताबाट नै लोकव्यवहारका क्रियात्मक शिक्षा प्राप्त गर्दै आएकाले राजकुमार बहादुर शाह आफ्ना पिता जस्तै साहसी तथा धैर्यवान् व्यक्तिका रुपमा पनि देखापर्न थालिसकेका थिए। सुखसयल तथा भोगविलासदेखि प्रायः टाढा नै रहने गरेकाले जस्तै कष्ट आइपरे पनि आफ्नो धैर्यलाई अविचलित राख्न सक्ने यिनको स्वभाव एवम् प्रवृत्ति पनि थियो। एउटै आमाका सहोदर सन्तान भएकाले दाजुभाइबीच व्यक्तिगत विरोध त केही थिएन। तर दाजु प्रतापसिंह शाहको नजिकमा रहँदै आएका चाटुकार व्यक्तिहरु यिनलाई कत्ति मन पराउँदैनथे। त्यस्ता चाप्लुसी व्यक्तिहरुलाई यिनी पनि काँचै चपाइदिन चाहन्थे। यसैले भनिन्छ— राजकुमार काजी दलजित शाहले आफ्ना दाजु राजा पृथ्वीनारायण शाहलाई "युवराज प्रतापसिंह शाहको बदला राजकुमार बहादुर शाहलाई नै आफ्नो उत्तराधिकारी तथा युवराज पनि बनाउनु उपयुक्त हुनेछ" भन्ने सल्लाह दिएका थिए। तर राजा पृथ्वीनारायण शाह आफ्ना भाइको यस्तो अनुचित प्रस्तावलाई किन पो स्वीकार गर्थे? यिनले आफ्ना जेठा छोरालाई नै आफ्ना उत्तराधिकारीका रुपमा वरण गरिसकेका थिए।

सिकिस्त बिरामी परेकाले राजा पृथ्वीनारायण शाहलाई देहान्त हुनुभन्दा केही दिन पहिलेदेखि नुवाकोट दरबारको नजिकै देवीघाटमा लगेर राखिएको थियो। आफ्ना दाजु घाटमा मृत्युशय्यामा सुतिरहेको अवस्थामै जेठा चौतारा महोद्दामकीर्ति शाह आफ्ना

दाजुदेखि असन्तुष्ट भई नेपाल अधिराज्यबाट पलायन भएर कास्की राज्यमा राजा सिद्धिनारायण शाहको आश्रयमा रहन गएका थिए। नेपाल अधिराज्यको मकवानपुर क्षेत्रको स्वतन्त्र प्रशासक बन्ने आफ्नो चाहना पूरा हुन नसकेकाले नै यिनी यति बेला आफ्ना दाजुदेखि क्रुद्ध भएर कास्की राज्यतर्फ पलायित देखिन्छन्।

राजा पृथ्वीनारायण शाहको देहान्त हुँदा यिनका अन्य दुई जना भाइ तथा राजकुमार बहादुर शाह पनि नुवाकोटमै थिए। राजा प्रतापसिंह शाह भने यति बेला राजधानी काठमाडौंमै रहेकाले महारानी नरेन्द्रलक्ष्मीले यसै दिन आफ्ना विश्वस्त भारदार कान्छा चौतारा दलमर्दन शाहको जिम्मामा नेपाल अधिराज्यको राजमुकुट, राजदण्ड तथा लालमोहरको छाप पनि आफ्ना युवराजकहाँ पठाइदिएकी थिइन्। यसरी राजमुकुट, राजदण्ड तथा लालमोहरको छाप पनि पठाउँदा महारानी नरेन्द्रलक्ष्मीले "दुवै दाजुभाइले आपसमा झैझगडा नगरी मिलीजुली आफ्ना पिताका नीतिनियमअनुसार चल्दै जानू" भन्ने आदेशात्मक सन्देशका साथ भर्खरै मात्र आफ्नो किशोरावस्था पार गरेका कान्छा छोरा राजकुमार बहादुर शाहलाई जेठा छोरा युवराज प्रतापसिंह शाहको जिम्मामा सुम्पिएर आफ्ना पतिका साथ सती गएकी थिइन् (विसं १८३१ माघ १ गते, तदनुसार ११ जनवरी इसं १७७५)।

जेठा चौतारा महोद्दामकीर्ति शाह नेपाल अधिराज्यबाट पलायन भएर एकाएक चौबीसे राज्यहरुतर्फ लाग्दा "यिनी त्यतातर्फ किन लागेका होलान्?" भन्ने युवराज प्रतापसिंह शाह तथा यिनका सहयोगीहरुको मनमा पनि खुलदुली पैदा हुनु स्वाभाविकै थियो। यसै स्थितिमा "राजकुमार बहादुर शाह तथा यिनका काकाहरु चौबीसे राज्यका राजाहरुसँग मिली नेपाल सरकारविरूद्ध गडबडी मच्चाउने धुनमा लागेका छन्" भन्ने अफवाह राजधानी काठमाडौंमा फैलिइरहेको थियो। यसै मिथ्या अफवाहले गर्दा राजगुरू व्रजनाथ पौडेल तथा सरदार स्वरुपसिंह कार्कीको सल्लाह एवम् उक्साहटअनुसार राजा प्रतापसिंह शाहले एक कम्पनीजति सैनिकहरुलाई पठाई पिताको आशौच बारेर बसिरहेका आफ्ना भाइ राजकुमार बहादुर शाह तथा कान्छा चौतारा दलमर्दन शाहलाई पनि अप्रत्याशित

रुपमा नजरबन्दमा राखिदिए। आफूहरुलाई पक्रन आएको थाहा पाएर राजकुमार काजी दलजित शाह भने त्यहाँबाट पलायन भई बेपत्ता नै भए। यति बेला नुवाकोट जाने नेपाली सैनिकको नेतृत्व सरदार स्वरुपसिंह कार्कीले गरेका थिए।

आफ्ना पिताको १३ दिनभित्रको आशौच बारेर बसिरहेका राजकुमार बहादुर शाहले नजरबन्द अवस्थामै आफ्ना पिताको १३ दिनसम्मका काजकिरिया विधिपूर्वक सम्पन्न गरे। यिनलाई नजरबन्द गरी बलपूर्वक नै राजधानी काठमाडौंमै ल्याइयो। यसपछि मात्र युवराज प्रतापसिंह शाहको राज्याभिषेक सम्पन्न भएको पाइन्छ (विसं १८३१ माघ १६ गते, तदनुसार २६ जनवरी इसं १७७५)। नयाँ राजाको राज्याभिषेक गर्ने 'आचार्य' एवम् पुरोहितहरुमा 'राजगुरू' श्यामलाल मिश्र, 'राजगुरू' वज्रनाथ पण्डित, 'राजपुरोहित' शक्तिबल्लभ अर्याल तथा जगन्नाथ भट्टराईहरु मुख्य थिए।

यसपछि नयाँ भारदारी सभा गठन हुँदा प्रचलित परम्पराअनुसार राजकुमार बहादुर शाहले पाउनुपर्ने 'चौतारा'को पदमा राजगुरू व्रजनाथ पौडेल नियुक्त गरिए। यस्तै 'काजी' वा मन्त्रीको पदमा स्वरुपसिंह कार्की नियुक्त भए। यसबाट नै यी दुई भारदार राजा प्रतापसिंह शाहका कति भरविश्वासका व्यक्ति रहेछन् भन्ने सजिलै थाहा पाउन सकिन्छ।

राज्यारोहण गर्नेबित्तिकै नवयुवक राजा प्रतापसिंह शाहले आफ्ना छिमेकी राज्यका राजाहरुको नाममा "अब कम से कम दुई वर्षका निमित्त लडाइँझगडाका कामहरु सबै नै बन्द हुनेछन्" भन्ने आफ्नो शान्ति सन्देश प्रसारित गराइदिएका थिए। नेपाली राजाको यस्तो सन्देश प्राप्त भएपछि 'पर्वत' राज्यका राजा कीर्तिबम मल्लले सन्तोषको सास फेरी थुनामा रहेका काजी वंशराज पाँडेलाई थुनाबाट मुक्त गरिदिँदा यिनी पनि राजधानी काठमाडौंमा उपस्थित हुन आइपुगेकाले आफ्नो साबिकैको 'काजी' वा मन्त्रीको पदमा नियुक्त भई अधिराज्यका दोस्रा तहका मन्त्रीका रुपमा स्थापित हुन आए। उपर्युक्त दुवै जना काजी वा मन्त्रीहरु यिनताक 'दिवान' भनिन थालेका थिए।

अबधका नबाब बजिर सुजा उद्दोलालाई आफ्नो निगरानीमा राख्न नियुक्त गरिएका कम्पनी सरकारका पोलिटिकल एजेन्टहरु यिनताक बनारसमा गएर बस्न थालेका थिए। यसैले भारतभरका राजनीतिक तथा सामाजिक गतिविधिहरुको सत्यतथ्य जानकारी पाउन त्यहाँ रहेका कम्पनी सरकारका पोलिटिकल एजेन्टसँग नियमित रुपमा सम्पर्क गर्दै रहनु अत्यावश्यक अनुभव हुन आएकाले राजा पृथ्वीनारायण शाहले आफ्ना गुरू श्रीहर्ष मिश्रका छोरा वा भतिजा गजराज मिश्रलाई अनौपचारिक राजदूतका रुपमा केही वर्ष पहिलेदेखि त्यहीँ राख्ने गरेका थिए।

राजा प्रतापसिंह शाहको राज्याभिषेक सम्पन्न भएको केही महिनापछि नयाँ राजालाई आशीर्वाद चढाउन भनी बनारसबाट राजधानी काठमाडौंमा आइपुगेका 'राजगुरू' गजराज मिश्रले राजकुमार बहादुर शाहका साथै पूर्व कान्छा चौतारा राजकुमार दलमर्दन शाहलाई पनि नजरबन्द अवस्थामा रहेको पाउँदा खिन्न भई यिनीहरुलाई नजरबन्दबाट मुक्त गरिदिन राजा प्रतापसिंह शाहसँग आग्रह गरे। आफ्ना गुरूको आग्रहलाई अनादर गर्न नसकी यिनले पनि मन नपरीकन नै भए पनि निर्वासनमा गएर रहने सर्तमा दुवै राजकुमारलाई नजरबन्दबाट मुक्त गराइदिए।

नजरबन्दबाट मुक्त भएपछि सम्भवतः दुवै राजकुमारलाई नेपाल सरकारका तर्फबाट जीवनवृत्तिको केही व्यवस्था पनि मिलाइएको थियो। यसैले निर्वासनमा गएर रहँदा पनि यी दुवै राजकुमार नेपाल सरकारप्रति बफादार थिए। यति बेला पनि राजा प्रतापसिंह शाह तथा राजकुमार बहादुर शाहबीच चिठीपत्रहरु आदानप्रदान हुँदै रहेका पाइन्छन्।

यसैबीचमा महारानी राजेन्द्रलक्ष्मीको गर्भबाट राजा प्रतापसिंह शाहका उत्तराधिकारीका रुपमा एक जना बालकको जन्म भयो। र नामकर्म सम्पन्न हुँदा नवजात बालकको नाम 'रणबहादुर शाह' राखियो (विसं १८३२ असार १२ गते, तदनुसार २२ जुन इसं १७७५)। यिनी चाँडै राजाका उत्तराधिकारी एवम् 'युवराज' पनि घोषित गरिए। यतिन्जेलसम्म आफ्नै राजभवनभित्र नै पनि महारानी राजेन्द्रलक्ष्मीको खास पुछ रहने गरेको थिएन। राजाका उत्तराधिकारी एवम् नेपाल अधिराज्यका युवराजकी मुमाका

हैसियतले अब भने राजभवनभित्र यिनको सम्मान तथा प्रतिष्ठा पनि एकाएक बढ्न आएको थियो।

आफ्ना पिताले यत्तिकै असरल्ल छाडेर गएका काम पूरा गर्न कम से कम दुई वर्ष लाग्ने देखिएकाले नै होला, राजा प्रतापसिंह शाहले कम से कम दुई वर्षसम्म छिमेकी राज्यहरुसँग लडाइँभगडा नगर्ने नीतिलाई अवलम्बन गरेका थिए। यसै क्रममा यिनी सबैभन्दा पहिले केही वर्षदेखि लगभग बन्द अवस्थामा रहेको तिब्बतसँगको आफ्नो देशको व्यापार सम्बन्धलाई व्यवस्थित गराउने कामतिर अग्रसर भएका पाइन्छन्।

व्यापारसम्बन्धी काममा नेवार जातिका व्यापारीहरु जति सिपालु हुन्छन्, त्यति अरु जातका हुँदैनन् भन्ने निश्चय गरी यिनले 'प्रतापसिंह प्रधान' नामक एक जना व्यापारविज्ञ व्यक्तिलाई 'टक्सारी' तथा 'मन्सारी'को पदमा नियुक्त गरी तिब्बती पदाधिकारीसँग आवश्यक छलफल गर्न भनी तिब्बततर्फ पठाइदिएका थिए। यस वार्तादलमा काजी स्वरुपसिंह कार्कीका भाइ रुपनारायणसिंह कार्कीलाई 'वकिल' बनाएर पठाइएको थियो। काजी वंशराज पाँडेका भतिजा जगधर पाँडे पनि यस वार्तादलमा सदस्यका रुपमा सहभागी गराइएका पाइन्छन्।

त्यति बेला नेपाल अधिराज्यअन्तर्गत रहेको 'खासा'मा पुगेपछि तिब्बत सरकारका 'वकिल' योन जी रिम्पाछे, 'ढेवा' (सरदार) याछाल तथा दलाई लामाका प्रतिनिधिसमेत तिब्बतका उच्चपदस्थ पदाधिकारीसँग दुईतीन दिनसम्म सामान्य छलफल गरी यिनीहरुले दुई देशका बीचमा वाणिज्य सन्धिको एउटा प्रारुप तयार पारिदिए (विसं १८३२ साउन १३ गते, तदनुसार २५ जुलाई इसं १७७५)। प्रस्तावित यस धर्मपत्र वा सन्धिपत्रका प्रमुख सर्तहरुमा "नेपाल अधिराज्यबाट तिब्बतमा पठाइने चाँदीका सिक्काहरुमा निर्धारित चास्नीको मात्रालाई कत्ति पनि फरक पार्न नहुने, दुवै देशका प्रतिनिधिहरुले सिक्काहरुमा प्रयोग गरिने चाँदीका चास्नीहरुको मात्रा निर्धारण गर्नुपर्ने, अन्य देशका राजाहरुले नेपाली सिक्काहरुलाई बिगारी वा यिनीहरुको नक्कल गरी तिब्बतमा आफ्ना देशका सिक्काहरु प्रसारित गर्न नपाउने, चलाएमा त्यस्ता सिक्काहरु तिब्बत सरकारले नेपाल

सरकारलाई बुझाइदिनुपर्ने, संन्यासी तथा मधिसे व्यापारीहरुलाई कुती तथा केरूङका बाटाघाटाभन्दा बाहेक अन्य बाटाघाटाबाट तिब्बतमा सुनचाँदी आयात तथा निर्यात पनि गर्न दिन नहुने र दुई देशका बीचमा अन्य रीतिस्थितिहरु भने साबिकअनुसार नै चलिरहनुपर्ने" भन्ने सर्तहरु थिए। "यस धर्मपत्रमा सहभागी दुई पक्षमध्ये जुन पक्ष यस सन्धिपत्रको बन्देजमा रहने छैन, त्यस पक्षले अर्को पक्षलाई ५० धार्नी सुन धरोटका रुपमा बुझाउनुपर्ने" भन्ने थप सर्त पनि यस 'धर्मपत्र' वा सन्धिपत्रको प्रारुपमा उल्लेख थियो।

दुवै पक्षबाट यो सन्धिपत्र औपचारिक रुपमा स्वीकृत भएपछि यस उल्लेख भएअनुसार तिब्बतमा प्रचलनमा ल्याउन राजा प्रतापसिंह शाहको राज्यकालमा दुई वर्षका बीचमा निर्धारित चास्नीअनुसारका चोखा चाँदीका साढे आठ लाख रूपैयाँजतिका नेपाली मोहरहरु ढालिए पनि। केही समयसम्म त तिब्बती व्यापारीहरुले यस्ता नेपाली मोहरअनुसार सुन तथा अन्य व्यापारिक सामान पनि नेपाली व्यापारीहरुलाई नियमित पनि गर्दै रहे। तर पहिलेका मल्ल राजाहरुका राज्यकालमा तिब्बतमा पुगेका, कसर मिसाइएका खोटा सिक्काहरुको सम्बन्धमा यो सन्धिपत्र सम्पन्न हुँदा कुनै निर्णय हुन सकेको थिएन। यसैले दुई देशबीचको परम्परागत व्यापार सम्बन्ध चित्तबुझ्दो रुपमा सञ्चालित हुन सकेन।

चौदण्डी तथा विजयपुर राज्यका तराई क्षेत्रहरुको समस्या पनि अन्तिम रुपमा समाधान हुन बाँकी थियो। यस समस्यालाई समाधान गर्न भनी सुब्बा दीनानाथ उपाध्याय कम्पनी सरकारको राजधानी कोलकातातर्फ लागिरहेका थिए। चौदण्डी तथा विजयपुर राज्यका पूर्वराजा कर्ण सेन तथा यिनका मन्त्री 'चौतारा' बुद्धिकर्ण रायका दिनप्रतिदिनका गतिविधिमाथि निगरानी राख्दै यिनी रायपुरको बाटो गरी कोलकातातर्फ लागेका थिए। रायपुरमा रहने कम्पनी सरकारका प्रमुख पदाधिकारी मिस्टर पिकाकसँग भेट गरी पूर्वराजा कर्ण सेन तथा उनका मन्त्री भुवनेश्वर उपाध्यायले पनि "आफ्नो राज्यलाई नेपाली सैनिकहरुको नियन्त्रणबाट मुक्त गराइने हो भने आफ्नो राज्यबाट

उठ्ती हुने मालपोत रकमहरुको १६ आनामध्ये १० आना मात्र आफूले लिने गरी छ आना कम्पनी सरकारलाई बुझाउन र आफ्नो राज्यक्षेत्रमा कम्पनी सरकारलाई व्यापार कोठीहरु स्थापना गर्न दिने जस्ता आकर्षक प्रस्ताव प्रस्तुत गरिरहेका थिए।

"उपर्युक्त सर्तमा कम्पनी सरकारले नेपाली सैनिकहरुविरूद्ध राजा कर्ण सेनलाई सैनिक सहायता उपलब्ध गराउनु उचित हुनेछ" भनी मिस्टर पिकाकले पनि गभर्नर जनरल वारेन हेस्टिङ्सका नाममा सिफारिसपत्र पठाइरहेका थिए। यही कुरा थाहा पाएर सुब्बा दीनानाथ उपाध्यायले जति बेला मिस्टर पिकाकसँग सौहार्दपूर्ण वातावरणमा भेट गरेका थिए, संयोगवश त्यति नै बेला राजा कर्ण सेनको त्यहीँ आकस्मिक रुपमा देहान्त भएको थियो।

यसपछि पूर्वराजा कर्ण सेनका बालक छोरालाई साथमा लिई उनका अर्का मन्त्री वा चौतारा भुवनेश्वर उपाध्यायका साथै मिस्टर पिकाक पनि कोलकातामा पुगेका थिए। राजा कर्ण सेनका तर्फबाट प्रस्तुत उपर्युक्त प्रस्तावहरुलाई आफूहरुले पनि यथावत् स्वीकार गर्ने चौतारा भुवेश्वर उपाध्यायको प्रस्ताव थियो। तर संयोगवश कोलकातामा पुग्नेबित्तिकै पूर्वराजा कर्ण सेनका बालक छोराको पनि देहान्त भयो र समात्नुपर्ने मुख्य हाँगो नै एकाएक भाँच्चिएकाले चौतारा भुवनेश्वर उपाध्याय तथा मिस्टर पिकाकको संयुक्त योजना पनि यत्तिकै भताभुङ्ग हुन आयो।

सुब्बा दीनानाथ उपाध्याय पनि यिनताक मिस्टर पिकाकको निकट सम्पर्कमा थिए। सम्झाइबुझाइ गरी यिनले अब मिस्टर पिकाकलाई आफ्नो अनुकूल बनाइदिए। मिस्टर पिकाकले पनि गभर्नर जनरल वारेन हेस्टिङ्ससँग यिनको परिचय गराई यिनले लिएर गएको राजा प्रतापसिंह शाहको पत्रलाई उनको हातमा हस्तान्तरित गराउने प्रबन्ध मिलाइदिए। यस अभियानमा सुब्बा दीनानाथ उपाध्याय पाँच महिनाजति कोलकाता सहरमै रहिरहेका पाइन्छन्।

सुब्बा दीनानाथ उपाध्यायले लिएर गएको राजा प्रतापसिंह शाहको पत्र कम्पनी सरकारको 'गभर्निङ काउन्सिल'मा प्रस्तुत हुँदा "पश्चिममा हरिद्वारदेखि पूर्वमा दिनाजपुरसम्म लुटपाट मच्चाउँदै हिँड्ने हतियारधारी नागा वैरागीहरुलाई अङ्ग्रेजी राज्यभित्र प्रवेश गर्नबाट सर्वथा रोकिदिने हो भने अम्बरपुर राज्यका साथै विजयपुर राज्यका तराई क्षेत्रहरुमाथि आफ्नो दाबीलाई सदाका निमित्त परित्याग गरिदिने" भन्ने निर्णयमा कम्पनी सरकारको गभर्निङ काउन्सिल पुग्यो र यसै निर्णयअनुसार दुई देशबीच शान्तिसम्झौता पनि भयो।

यसै शान्तिसम्झौताअनुसार नेपाल सरकारले नागा संन्यासीहरुलाई अङ्ग्रेजी राज्यभित्र प्रवेश गर्नबाट प्रतिबन्ध लगाई कडाइका साथ नियन्त्रण गरिदिँदा क्रमशः उजाड हुँदै आएका कम्पनी सरकारका भूभाग फेरि पनि गुल्जार हुन थाले। नेपाल सरकारको यस कदमबाट यति बेलाका अङ्ग्रेज पदाधिकारीहरु नेपाली पदाधिकारीहरुदेखि निकै प्रसन्न थिए। यति नै बेला उता मरहठ्ठाहरुसँग कम्पनी सरकारको दीर्घकालीन युद्ध प्रारम्भ हुँदा नेपाल सरकार तथा कम्पनी सरकारबीच स्थापित मैत्रीसम्बन्ध केही वर्षसम्म सौहार्दपूर्ण कायम रहिरह्यो।

चौदण्डी तथा विजयपुर राज्यको उन्मूलन भइसकेपछि पनि यी दुई राज्यका तराई क्षेत्रहरुको स्वामित्वसम्बन्धी विवादको अन्तिम समाधान भइसकेको थिएन। यसैले बख्सी अभिमानसिंह बस्नेतको नेतृत्वमा रहेका नेपाली सैनिकहरु डेढ वर्षजति अगाडिदेखि त्यहीँ रोकिएका थिए। यसैबीचमा पूर्वचौतारा बुद्धिकर्ण राय नेपाल अधिराज्यको सिमानाभन्दा पारिपट्टि, अङ्ग्रेजी राज्यअन्तर्गत रहेको 'चिलमडी' नामक ठाउँमा रहेर नेपाल अधिराज्यको सरहदभित्र निरन्तर लुटपाट मच्चाउँदै आएका थिए। एक दिन नेपाली सैनिकहरुले त्यहाँ पुगी तिनलाई पक्रिएर नेपाल अधिराज्यको भूभागभित्र ल्याई राजा कामदत्त सेनको अकारण हत्या गराएको आरोपमा बख्सी अभिमानसिंह बस्नेतले यिनलाई प्राणदण्ड नै दिलाइदिए। यसपछि भने केही वर्षका निमित्त किराँत प्रदेशमा शान्ति स्थापना सम्भव हुन आयो।

नेपाल अधिराज्यको राजभवनभित्र कलह पैदा भई राजकुमार बहादुर शाह, कान्छा चौतारा दलमर्दन शाह तथा काजी दलजित शाह पनि नेपाल अधिराज्यबाट निर्वासित हुँदा र जेठा चौतारा महोद्दामकीर्ति शाहले कास्की राज्यमा गई त्यहाँका राजा सिद्धिनारायण शाहको आश्रयमा रहन पुग्दा नेपाल अधिराज्यको सैनिक शक्ति यति बेला अत्यन्त कमजोर हुन आइरहेको थियो। यसै वस्तुतथ्यलाई अनुभव गरी लमजुङ तथा पर्वत राज्यका राजाहरु अब नेपाल सरकारविरूद्ध यत्तिकै जम्जमाउन थालिरहेका थिए। यिनीहरुले आपसमा मिली नवगठित नेपाल अधिराज्यको गोरखा प्रदेशमा आक्रमण गर्ने तरखर गर्न लागेको छनक पाउँदा राजा प्रतापसिंह शाहले काजी वंशराज पाँडे तथा सरदार बली बानियाँलाई थप सैनिकहरुका साथ त्यहीँ पठाइदिएका थिए। यसपछि उपर्युक्त दुई राज्य तथा नेपाल अधिराज्यका बीचमा केही समयसम्म लगातार शीतयुद्ध चलिरहेको पाइन्छ।

यति बेला राजा प्रतापसिंह शाहले आफ्नो राज्यक्षेत्रलाई पश्चिमतर्फ पनि विस्तार गर्ने चाहनाअनुसार "पर्वत राज्यका राजालाई आफ्नो पक्षमा ल्याउन मौका हेरी उनको विरूद्धमा कास्की राज्यमाथि आफ्नो अधिकार स्थापित गर्ने प्रयास गर्नू तर कास्की राज्यका राजालाई धन दिएर आफ्नो अनुकूल बनाउन सकिन्छ भने त्यस राज्यमाथि सैनिक हस्तक्षेप नगरी लमजुङ राज्यमाथि आफ्नो अधिकार स्थापित गर्ने प्रयास गर्नू" भन्ने जस्ता अनिश्चित किसिमका निर्देशन पठाइरहेका थिए। यसैअनुसार त्यहाँ कार्यरत काजी वंशराज पाँडेले पनि आफ्नै तजबिजअनुसार लमजुङ राज्यका राजा वीरमर्दन शाहलाई लोलोपोतो गर्दै यत्तिकै अलमल्याइरहेका थिए। तनहुँ राज्यमाथि आफ्नो अधिकार स्थापित नगरी लमजुङ तथा कास्की दुवै राज्यसँग विरोध गर्नु उचित नहुने देखी यसै समयमा राजकुमार दलमर्दन शाहले लमजुङ राज्यमा पुगी राजा वीरमर्दन शाहसँग मिलेर "यस राज्यमाथि अहिले नै सैनिक हस्तक्षेप गरिहाल्नु उचित हुनेछैन" भनी राजा प्रतापसिंह शाहको नाममा अर्जीपत्र लेखी पठाइदिएका थिए। यति बेला राजकुमार बहादुर शाहलाई निर्वासनमा पठाएका थिए। तापनि नेपाल अधिराज्यका एकीकरण अभियानहरुबाट यिनी निरपेक्ष रहिरहन सकेका थिएनन्।

तनहुँ राज्यमाथि आफ्नो अधिकार स्थापित गर्दा त्यस राज्यका पहाडी क्षेत्रहरुमा भित्री मधेसतर्फबाट आक्रमण गर्नु सजिलो हुन्छ भन्ने वस्तुतथ्यलाई राजकुमार बहादुर शाहले राम्रैसँग तोडिसकेका थिए। वास्तवमा यस्तो योजना राजा पृथ्वीनारायण शाह जीवित छँदै निर्धारित थियो। राजकुमार बहादुर शाहले यो रहस्य चिठीपत्रहरुका माध्यमबाट आफ्ना विरोधी काजी स्वरुपसिंह कार्कीको सामुमा एकाएक प्रकट गर्नु उचित नहुने देखी यति बेला अर्कै उपायलाई अवलम्बन गरेको पाइन्छ। "चितौन प्रदेशमाथि अङ्ग्रेजले आक्रमण गर्न आँटे, यसैले उनीहरुको आक्रमण हुनुभन्दा पहिले नै त्यहाँ हामीले आफ्नो अधिकार स्थापित गरिहाल्नु आवश्यक हुन आयो" भनी यिनले आफ्ना दाजु राजा प्रतापसिंह शाहका नाममा अर्जीपत्र लेखी पठाइदिए।

मरहठ्ठाहरुसँग राजनीतिक कचमचहरु बाँकी रहिरहेसम्म नेपाल अधिराज्यसँग भएको आफ्नो देशको वाणिज्य सन्धिलाई भङ्ग नगर्ने मनस्थितिमा रहेका इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीको यति बेला नेपाल अधिराज्यमाथि सैनिक हस्तक्षेप गर्ने सोचाइ नै थिएन। कम्पनी सरकारका गभर्नर जनरल वारेन हेस्टिङ्सले आफ्नो यस नीतिलाई अवलम्बन गर्दै आएका थिए। यस्तो वस्तुस्थितिलाई बुझ्ने सामर्थ्य राजा प्रतापसिंह शाह, राजगुरू व्रजनाथ पण्डित तथा काजी स्वरुपसिंह कार्कीमा पनि थिएन। यसैले राजकुमार बहादुर शाहको उपर्युक्त भावको अर्जीपत्र प्राप्त हुनेबित्तिकै यिनीहरु सबै नै एकाएक तर्सिए। चितौनमा तत्काल सैनिक हस्तक्षेप गरिहाल्नुपर्ने ठहरिन आयो।

यति नै बेला चितौन अभियानका निमित्त कसलाई प्रमुख सेनापति बनाएर पठाउने भन्ने समस्या आयो। काजी स्वरुपसिंह कार्की काजी वंशराज पाँडेको नेतृत्वमा त्यहाँ ठूलो सङ्ख्यामा सैनिकहरु पठाउन इच्छुक थिएनन्। आफू एक्लै मात्र जाने आँट पनि यिनमा थिएन। यसैले पूर्वी नेपालको विजयपुरतिर कार्यरत बख्सी अभिमानसिंह बस्नेतको नाममा "बर्सातभित्रमै आफ्नो नेतृत्वमा रहेका सैनिकहरुका साथ तराईतर्फको बाटो गरी चितौनमा आइपुग्नू" भन्ने भावको राजा प्रतापसिंह शाहको नामबाट लालमोहर लागेको आज्ञापत्र पठाइयो। तर काजी स्वरुपसिंह कार्की चितौन प्रदेशको विजयको श्रेय

बख्सी अभिमानसिंह बस्नेतलाई एकलौटी रुपमा दिन किन पो चाहन्थे? राजधानी काठमाडौंको नजिकै ठूलो सैन्यशक्तिका साथ बख्सी अभिमानसिंह बस्नेतको उपस्थिति पनि यिनका निमित्त सह्य थिएन। यसैले यिनले स्वयम् पनि यस सैनिक अभियानमा सहभागी हुने निर्णय गरे र एउटा सशक्त सैन्यदलका साथ जोगीमारामा पुगी बख्सी अभिमानसिंह बस्नेतको नेतृत्वमा रहेका नेपाली सैनिकहरुको आगमनको प्रतीक्षा गर्दै रहे (विसं १८३४ को असार महिनाको मध्य)।

उता विजयपुरमा कार्यरत बख्सी अभिमानसिंह बस्नेतले पनि राजा प्रतापसिंह शाहको बोलावटको आज्ञापत्र पुग्नेबित्तिकै मध्य बर्सात तथा डरलाग्दो औलोको प्रकोपको कुनै पनि पर्वाह नै नगरी तराई क्षेत्रहरुमा रहेका उर्लंदा नदीनाला एवम् विहड वनजङ्गललाई पार गराई आफ्नो नेतृत्वमा रहेका नेपाली सैनिकहरुलाई चितौनको सीमाक्षेत्रमा उतारिदिए (असार महिनाको अन्त्य)। यति बेला उपर्दाङगढीदेखि थोरै दक्षिणमा 'कविलासपुर' नामक अर्को प्रसिद्ध गढी वा किल्ला थियो। यति बेला तनहुँ राज्यका तर्फबाट यस किल्लाको सुरक्षा 'सरदार' विचित्र सेनले गरिरहेका थिए।

बख्सी अभिमानसिंह बस्नेतको नेतृत्वमा रहेका नेपाली सैनिकहरु चितौन प्रदेशको सीमाक्षेत्रमा आइपुगेको खबर पाउनेबित्तिकै काजी स्वरुपसिंह कार्कीको नेतृत्वमा रहेका नेपाली सैनिकहरु पनि तनहुँ राज्यका सैनिकहरुसँग लडाइँ लड्न भनी तम्तयार भएर रहन थाले। आफ्नो नेतृत्वमा रहेका सैनिकहरुलाई त्यसै सैन्यदलमा मिसाई यिनले कविलासपुरगढीमाथि चारैतिरबाट घेरा दिई आक्रमण गरिर्दिंदा दिनभरको लडाइँमा गढीका प्रमुख संरक्षक सरदार विचित्र सेन तथा उनको नेतृत्वमा रहेका निकै सैनिकहरु खेत रहेपछि उक्त किल्ला नेपाली सैनिकहरुको अधिकारमा आयो (विसं १८३४ साउन ३ गते, तदनुसार १४ जुलाई इसं १७७७)।

तनहुँ राज्यको दक्षिणी सिमानाको चुरे पर्वतमालामा रहेको 'सुम्भेश्वर' नामक अर्को किल्लामा पनि तनहुँ राज्यका सैनिकहरु सुरक्षा गरेर बसिरहेका थिए। यस गढीमा आफ्नो अधिकार स्थापित नभई चितौन प्रदेश पूर्णतः नियन्त्रणमा आउनु सम्भव थिएन।

यसैले काजी स्वरुपसिंह कार्कीले यस किल्लामाथि आक्रमण गर्न बख्सी अभिमानसिंह बस्नेतलाई आग्रह गर्दा यिनले आफ्नो नेतृत्वमा रहेका सैनिकहरुको सहयोगले एउटा सामान्य लडाइँमै विपक्षी तनहुँ राज्यका सैनिकहरुलाई हराई यस किल्लामाथि पनि आफ्नो अधिकार स्थापित गराइदिए (साउन २६ गते, तदनुसार ६ अगस्ट)। यसबाट तनहुँ राज्यको अधिकार क्षेत्रमा रहँदै आएको सम्पूर्ण चितौन प्रदेश नेपाल अधिराज्यमा समाहित भयो।

'जोगीमारा' क्षेत्रमाथि नेपाली सैनिकहरुको नियन्त्रण रहिरहेकाले आफ्नो राज्यको राजधानी 'सुर'बाट चितौनतर्फ जाने प्रचलित मूलबाटो रोकिएको, नवलपुरतर्फबाट आफ्ना सैनिकहरुलाई पठाउँदा हिंस्रक जीवजन्तुको खतरा हुने र बर्सात यामको उर्लिरहेको नारायणी नदी पार गर्ने हुती पनि नभएकाले तनहुँ राज्यका सैनिकहरुले तत्कालै नेपाली सैनिकहरुमाथि प्रत्याक्रमण गरिहाल्ने आँट गर्न सकेनन्। यसपछि यस क्षेत्रका संरक्षक भई पुगनपुग छ वर्षजति सरदार रामकृष्ण कुँवर आफ्नो नेतृत्वमा रहेका सैनिकहरुका साथ उपर्दाङगढी वा यसको आसपासमै कतै रहिरहेका पाइन्छन्।

चितौन प्रदेशमाथि विजय हासिल भएको खुसीयाली मनाएको तीन महिनाजति पनि बित्न पाएको थिएन, नवयुवक राजा प्रतापसिंह शाहको अकल्पित रुपमा देहान्त भयो। यिनी पहिलेदेखि नै बिरामी परेका थिए। अन्त्यमा रगतमासीको बिरामीले गर्दा २६ वर्षको जल्दोबल्दो जवानी अवस्थामै यिनको देहान्त भयो (विसं १८३४ मङ्सिर ६ गते, तदनुसार १७ नोभेम्बर इसं १७७७)। फलतः यसपछि यिनका अढाई वर्षका बालक छोरा युवराज रणबहादुर शाह नेपाल अधिराज्यको राजसिंहासनमा विधिपूर्वक विराजमान गराइए।

प्रतापसिंह शाह यथार्थमा शान्त स्वभावका राजा थिए। बेतियामा रहेका अङ्ग्रेज अफिसर मिस्टर गोल्डिङसँग सुसम्बन्ध स्थापना गर्न, नेपाल अधिराज्यबाट निर्वासित भई त्यहाँ बसिरहेका इसाई पादरीहरुसँग मैत्रीसम्बन्ध कायमै राखिराख्न र त्यहाँ रहेका आफ्ना काका तथा भाइका पनि दिन प्रतिदिनका गतिविधिको निगरानी गर्दै रहन यिनले

‘शशिधर उपाध्याय’ नामक आफ्ना एक जना दूतलाई त्यहाँ स्थायी रुपमै राख्ने गरेका थिए।

३.२ महारानी राजेन्द्रलक्ष्मी तथा राजकुमार बहादुर शाहबीच मेल तथा सङ्घर्ष

पौने तीन वर्षजति मात्र नेपाल अधिराज्यको राजसिंहासनमा विराजमान भई २६ वर्षको जल्दोबल्दो जवानी अवस्थामै राजा प्रतापसिंह शाह सदाका निमित्त यस संसारबाट बिदा भएर गएकाले नवयौवना महारानी राजेन्द्रलक्ष्मी असमयमै विधवा बन्न आएकी थिइन्। यस समयमा यिनका बालक छोरा राजा रणबहादुर शाहको उमेर अढाई वर्ष मात्र थियो। स्वदेशमा यिनका पारिवारिक सम्बन्ध भएका आफन्त कोही थिएनन्। भएका देवर तथा माइला र साइँला ससुराहरु सबै नै प्रवासतर्फ पलायित भइरहेका थिए। यसैले आफ्ना बालक युवराजको भविष्यलाई कसरी सुनिश्चित गर्ने भन्ने यिनका निमित्त यति बेला ठूलै समस्या बनेको थियो। आफ्ना बालक छोराको अनिष्टको आशङ्काले यिनलाई सताइरहेको थियो।

काजी स्वरुपसिंह कार्की नेपाल अधिराज्यबाट पलायन भएर गएपछि यति बेला अधिराज्यमा राजगुरू पण्डित वज्रनाथ पौडेल एक जना मात्र प्रमुख हर्ताकर्ता भएर देखा परिरहेका थिए। सती धर्मको महत्वलाई देखाई महारानी राजेन्द्रलक्ष्मीलाई 'सती' पठाएर स्वयम् नै बालक राजाको संरक्षक बनी अधिराज्यका हर्ताकर्ता बन्ने मीठामीठा सपनाहरु यति बेला यिनले देखिरहेका थिए। तर "बालक राजाकी आमाले सती गइरहनुपर्ने आवश्यकता छैन, नगए पनि हुन्छ" भनी देशका अन्य प्रतिष्ठित विद्वान्हरुले हल्लीखल्ली मच्चाइदिँदा अन्त्यमा आएर यिनी यत्तिकै खुम्चन विवश भएका थिए। यसले गर्दा राजगुरू व्रजनाथ पौडेलको उपर्युक्त सपना साकार हुन सकेको थिएन। महारानी राजेन्द्रलक्ष्मी नै अब स्वाभाविक रुपमा नेपाल अधिराज्यकी सर्वेसर्वा बन्न आइपुगेकी थिइन्।

राजा प्रतापसिंह शाहको स्वर्गवास भएकै दिन बालक राजा रणबहादुर शाहलाई विधिपूर्वक नेपाल अधिराज्यको राजसिंहासनमा विराजमान गराइएको थियो। पौने तीन वर्षजति पहिले जुन राजगुरूले युवराज प्रतापसिंह शाहलाई नेपाल अधिराज्यको राजमुकुट पहिऱ्याइदिएका थिए, तिनै राजगुरू व्रजनाथ पौडेलले नै अहिले युवराज रणबहादुर शाहलाई पनि 'श्री ५ महाराजाधिराज'को रुपमा नेपाल अधिराज्यको राजमुकुट पहिऱ्याइदिएका थिए।

स्वर्गवासी राजा प्रतापसिंह शाहका आशौचभित्रका १३ दिनसम्म सम्पूर्ण काजकिरिया 'चौतारा' नरु शाहको हातबाट सम्पन्न गरिए। आफ्ना दाजु राजा प्रतापसिंह शाहको बोलावटको लालमोहर लागेको पत्रअनुसार बेतियाबाट नेपाल अधिराज्यको राजधानी काठमाडौंका निमित्त प्रस्थान गरेका राजकुमार बहादुर शाह यतिन्जेलसम्म काठमाडौंमा उत्रिसकेका थिएनन्। यसैले अब "धर्मपत्रको लिखतमा हस्ताक्षर गराएर मात्र यिनलाई राजधानीभित्र प्रवेश गराउनु उपयुक्त हुनेछ" भनी महारानी राजेन्द्रलक्ष्मीलाई यिनका सल्लाहकारहरुले सल्लाह दिन थालिरहेका थिए।

धर्मपत्रको लिखतमा हस्ताक्षर गरेमा मात्र राजकुमार बहादुर शाहलाई राजधानी काठमाडौंमा उत्रन दिनु उपयुक्त हुने र अहिले आशौचभित्र धर्मपत्रको लिखतमा हस्ताक्षर गर्न अशुभ हुने सल्लाह पनि महारानी राजेन्द्रलक्ष्मीलाई यिनका सल्लाहकारहरुले दिइरहेका थिए। राजकुमार बहादुर शाह तत्कालै राजधानी काठमाडौंमा उत्रिइहालेमा अधिराज्यमा आफ्नो राजनीतिक पकड कमजोर हुन्छ कि भन्ने भय महारानी राजेन्द्रलक्ष्मीमा थियो। यसैले यिनले पनि बालक राजा रणबहादुर शाहका नामबाट "केही समय ढिला गरी १३ दिनसम्मका आशौच सकिएपछि मात्र राजधानी काठमाडौंमा आउनू" भनी राजकुमार बहादुर शाहको नाममा लालमोहर लागेका आदेशपत्र निरन्तर लेखाउँदै रहेकी थिइन्।

भूतपूर्व काजी दलजित शाह यतिन्जेलसम्म राजधानी काठमाडौंमा फर्किसकेका थिए। राजकुमार बहादुर शाहलाई काठमाडौंमा आउन नदिई बीचबाटामै रोक्ने

उद्देश्यअनुसार महारानी राजेन्द्रलक्ष्मीले यिनलाई पनि आफ्नो मिलाइसकेकी थिइन्। यसैअनुसार आशौचको बाह्रौं दिनका दिन सम्पन्न गरिनुपर्ने दिवङ्गत राजाको सपिण्डी श्राद्ध यिनैको हातबाट सम्पन्न गराउने निर्णय भइसकेको थियो।

आशौचको तेह्रौं दिनका दिन सम्पन्न गरिनुपर्ने दिवङ्गत राजाको शुद्धशान्तिको काम पनि विधिपूर्वक गरियो। यसको भोलिपल्टै राजभवनका गुरूपुरोहित तथा थरघरहरुलाई पनि साथमा लिई धर्मपत्रको लिखतमा हस्ताक्षर गराएर राजकुमार बहादुर शाहलाई लिई आउन भनी काजी दलजित शाह तराईतर्फ पठाइए। तर यतिन्जेल राजकुमार बहादुर शाह सुस्तसुस्त गरी कुलेखानीमा आइपुगिसकेका थिए।

"धर्मपत्रको लिखतमा हस्ताक्षर गरेमा मात्र राजधानी काठमाडौंमा आउन पाइने अन्यथा नपाइने वस्तुतथ्यलाई अवगत गराउँदै काजी दलजित शाहले धर्मपत्रको लिखित राजकुमार बहादुर शाहसमक्ष प्रस्तु गरिदिए। तर धर्मपत्रको बन्देजमा बाँधिएर रहन यिनी सहसा तयार भएनन्। आफ्नो देश तथा नरेशप्रति पनि बफादार रहँदारहँदै ममाथि किन यसरी शङ्काउपशङ्का गरिरहने भन्ने यति बेला यिनको जिरह थियो।

महारानी राजेन्द्रलक्ष्मी पनि यत्तिकै दब्नेवाला काँतर नारी थिइनन्। धर्मपत्रको लिखतमा हस्ताक्षर नगराई राजकुमार बहादुर शाहलाई कुनै हालतमा पनि राजधानी काठमाडौंमा उत्रन नदिने अडानमा यिनी थिइन्। यसैले बालक राजा रणबहादुर शाहको भाकाबाट राजकुमार बहादुर शाहका नाममा फेरि पनि अर्को एउटा औपचारिक आदेशपत्र पठाइएको पाइन्छ।

धर्मपत्रको लिखतमा हस्ताक्षर गर्न स्वयम् राजा रणबहादुर शाहको भाकाबाट नै पटकपटक आग्रह गरिएका आदेशपत्रहरु आउन थालेपछि राजधानी काठमाडौंबाट लेखाएर लगिएको धर्मपत्रको लिखतमा हस्ताक्षर गर्न अब राजकुमार बहादुर शाह पनि विवश थिए। प्रस्तुत धर्मपत्रको लिखतमा करबलसँग नै भए पनि यिनले हस्ताक्षर गरिदिए। धर्मपत्रको लिखतमा हस्ताक्षर गरेपछि मात्र राजकुमार बहादुर शाह २१

महिनाजतिको प्रवासकालपछि राजधानी काठमाडौंमा फर्किएर आएका पाइन्छन्। यति बेला यिनी २० वर्षका जल्दाबल्दा नवयुवक थिए।

राजकुमार बहादुर शाह राजधानी काठमाडौंमा उत्रिएपछि देवर तथा भाउजूको सरसल्लाहअनुसार "राजा प्रतापसिंह शाह, महारानी राजेन्द्रलक्ष्मी तथा युवराज रणबहादुर शाहको पनि जीउ नास्नु तथा कुकर्म गर्नु" जस्ता अवाञ्छित गतिविधि सञ्चालन गरेको आरोपमा 'चारपाटे' मुडिई जातपतीत तुल्याएर राजगुरू व्रजनाथ पण्डितलाई सिन्धुलीगढीको बाटो गरी मुगलानतर्फ निकाला गरियो। यिनका प्रमुख सहायकका रुपमा कार्यरत सरदार परशुराम थापा भने कडाइसाथ कारागारमा राखिए।

राजा प्रतापसिंह शाहकी प्रेयसी मैजु महारानी यति बेला गर्भवती थिइन्। आफ्ना एक जना बालकलाई जन्म दिएको लगत्तै पछि यिनी 'सती'का रुपमा आफ्ना दिवङ्गत पतिको अनुगमन गर्न विवश भइन्। यिनै बालक पछि 'शेरबहादुर शाही'का नामले प्रसिद्ध भए।

आफ्ना पति राजा प्रतापसिंह शाहको असामयिक निधनबाट नवयौवना महारानी राजेन्द्रलक्ष्मी अक्क न बक्कमा परिन्। यिनका राजकाजको अनुभव कत्ति पनि थिएन। तर बालक राजा रणबहादुर शाहकी मुमा तथा उनकी संरक्षिकाको हैसियतले भर्खरै मात्र एकीकरण आरम्भ भएको नेपाल अधिराज्यको योगक्षेमको सम्पूर्ण अभिभारा अब यिनको नै काँधमा पर्न आइपुगेको थियो। एक त अधिराज्यको एकीकरणको अभियान पूरा भइसकेको थिएन, दोस्रो एकीकरण भइसकेका भूभागहरुमा प्रशासनिक सुव्यवस्थाहरु मिलाउनुपर्ने काम सबै अलपत्र थिए।

स्वर्गवासी राजाका १३ दिनसम्मका आशौचका काजकिरिया सम्पन्न भएपछि सकेसम्म चाँडो शुभमुहूर्त पारेर नयाँ राजाको औपचारिक रुपमा राज्याभिषेक सम्पन्न गर्ने गोरखाली भारदारहरुको प्रचलित परम्परा थियो। तर राजभवनभित्र चलिरहेका खर खिचोलाहरुले गर्दा बालक राजा रणबहादुर शाहको राज्याभिषेक भने यथासमयमै सम्पन्न हुन सकेन र एक महिनाजति पछि मात्र सम्पन्न हुन सकेको पाइन्छ।

नयाँ राजाको राज्याभिषेक सम्पन्न भएकै दिन महारानी राजेन्द्रलक्ष्मीले 'नायब' वा राजप्रतिनिधिका रुपमा नेपाल अधिराज्यको प्रमुख प्रशासनसूत्र विधिपूर्वक आफ्नै हातले दृढतापूर्वक सम्हालिन्। यसै दिन यिनले आफ्ना बालक छोरा रणबहादुर शाहका 'ददा' बन्दु रानाका भाइ सर्वजित रानालाई अप्रत्याशित रुपमा नेपाल अधिराज्यका 'मूलकाजी' वा मुख्य मन्त्रीको पदमा नियुक्त गरिदिइन्। अधिराज्यमा अन्य एक से एक योग्य भारदारहरु हुँदाहुँदै पनि सर्वजित रानालाई मूलकाजीको पदमा नियुक्त गरिएको राजकुमार बहादुर शाह तथा राज्यका अन्य भाइभारदारलाई पनि मन नपर्नु स्वाभाविकै थियो। तैपनि चित्त नबुझकीन नै भए पनि यस नियुक्तिलाई टुलुटुलु हेरिरहन अधिराज्यका सबै भारदार विवश थिए। मूलकाजीका रुपमा कार्यरत वंशराज पाँडे भने यस नियुक्तिबाट आफ्नो साबिकको काजीको पदमा बहालै रहिरहे पनि अधिराज्यका दोस्रा तहका मन्त्रीका रुपमा परिणत भए।

भूतपूर्व जेठा चौतारा महोद्दामकीर्ति शाह तथा कान्छा चौतारा दलमर्दन शाह पनि यति बेला निर्वासनबाट स्वदेशमा फिर्ता आउन हतारिइरहेका थिए। तर दुवै राजकुमार नातासम्बन्धले गर्दा महारानी राजेन्द्रलक्ष्मी तथा राजकुमार बहादुर शाहका दुवै देवरभाउजूको मानसम्मान गर्नुपर्ने माथिल्ला तहका व्यक्ति भएकाले आपसमा सरसल्लाह गरी दुवै देवरभाउजूले उनीहरुलाई स्वदेशमा फिर्ता बोलाउन चाहेनन्। आवश्यक खर्चको व्यवस्था मिलाई दुवै राजकुमारलाई "काशीवास बस्न जानू" भनी निर्वासनमा पठाइदिए। आफूहरुले मान गर्नुनपर्ने प्रवासमै रहेका भूतपूर्व चौतारा बलभद्र शाह तथा श्रीकृष्ण शाह भने राजधानी काठमाडौंमा झिकाइए।

यसपछि पनि दुई महिनासम्म देवरभाउजूको बीचमा प्रायः मेलमिलाप रहिरह्यो। यसबीचमा राज्यप्रशासनसम्बन्धी मुख्यमुख्य काम महारानी राजेन्द्रलक्ष्मीले स्वयम्ले हेर्न थालिन् र सैनिक परिचालन तथा परराष्ट्रसम्बन्धी काम भने यिनले राजकुमार बहादुर शाहको जिम्मामा सुम्पिदिइन्। यसैअनुसार राजकुमार बहादुर शाह लडाइँका निमित्त आफ्नो सैनिक अभियान सञ्चालन गर्न आवश्यक तयारी सुरू गर्न थालि पनि हाले।

यसपछिका अरु दुईतीन महिना पनि यत्तिकै बिते। यसपछि भने देवरभाउजूबीच प्रकट रुपमै मतभेद प्रारम्भ भयो।

मूल रुपमा बालक राजा रणबहादुर शाहको वास्तविक प्रतिनिधि वा 'मुख्तियार' को हुने भन्ने विषयमै महारानी राजेन्द्रलक्ष्मी तथा राजकुमार बहादुर शाहबीच तीव्र मतभेद थियो। प्रचलित परम्पराअनुसार बालक राजाको सहकारी चौतारा भएर काम गर्न पाउने अधिकार राजकुमार बहादुर शाहलाई प्राप्त थियो। तर बालक राजाको वास्तविक प्रतिनिधि को हुने, मुमा महारानीको हातमा राजनीतिक शक्ति तथा अधिकार पनि कति रहनुपर्ने र अधिराज्यको सर्वोपरि निर्णायक शक्ति कसको हातमा रहने भन्ने सम्बन्धमा यतिन्जेलसम्म निश्चित परम्परा केही पनि बसिसकेको थिएन।

देवरभाउजूका बीचमा मुख्य रुपमा त सिद्धान्तको नै अन्तर थियो। आफ्ना यशस्वी पिता राजा पृथ्वीनारायण शाहका नीति तथा कार्यक्रमअनुसार चाँडोभन्दा चाँडो पश्चिममा कालीगण्डकी नदीसम्मका सबै चौबीसे राज्यहरुलाई आफ्नो नवएकीकृत नेपाल अधिराज्यमा समाहित गराइहाल्न राजकुमार बहादुर शाहका हतारिइरहेका थिए। उता राजमाता महारानी राजेन्द्रलक्ष्मी भने लडाइँझगडाका झन्झटहरुदेखि मुक्त भएर आफ्नो अधिराज्यका जेजति भएका भूभागबाट नै सन्तुष्ट भई चैनका बाँसुरीहरु बजाएर आनन्दका साथ बसिरहने पक्षमा उपस्थित हुन आइपुगेकी थिइन्। "आफ्नै छोरा राजा रणबहादुर शाह पछि ठूला हुनेछन् र उनले नै राज्य एकीकरणका अभियानलाई सशक्त रुपमा अगाडि बढाउनेछन्" भन्ने यति बेला यिनको नारीसुलभ विचार थयो।

राजकुमार बहादुर शाह भने राज्य एकीकरणका निमित्त सैनिक अभियानलाई सञ्चालन गर्न अनावश्यक रुपमा समय खेर फाल्ने पक्षमा थिएनन्। भारतमा क्रमशः विस्तारित हुँदै आइरहेका इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीको राजनीतिक शक्तिलाई उछिन्नका निमित्त यिनी हतारिइरहेका थिए। यसै सम्बन्धमा देवरभाउजूबीच मतभेद चर्कंदै आयो र आफ्ना प्रिय पात्र भएर रहेका काजी सर्वजित रानाको सहयोग लिई महारानी राजेन्द्रलक्ष्मीले राजकुमार बहादुर शाहलाई कैद गरी अधिराज्यको सम्पूर्ण

राजनीतिक शक्तिलाई आफूले एकलौटी रुपमा सम्हालिदिइन्। तर यसको केही महिनापछि राजकुमार बहादुर शाह येनकेन नजरबन्दबाट मुक्त हुन समर्थ भए।

राजशक्तिका प्रमुख दाबेदार भएर रहेका महारानी राजेन्द्रलक्ष्मी तथा राजकुमार बहादुर शाहबीच यसपछि पनि शक्ति सङ्घर्ष निरन्तर चल्दै रहे। संयोगवश यसैबीचमा नवयौवना महारानी राजेन्द्रलक्ष्मी निकै विलासी तथा ऐयासी पनि भएर निस्किइन्। आफ्ना पतिको वर्ष दिनको आशौचसम्म पनि समाप्त नहुँदै आफू ठाँटबाँटका साथ घोडामा सवार हुने र आफ्ना केटी सुसारेहरुलाई पनि यसरी नै घोडामा सवार गराएर अघिपछि लगाई सहरबजारमा यत्रतत्र घुम्ने जस्ता तात्कालिक नेपाली समाजले नपचाउने उत्ताउला कामकाज यिनबाट हुन थाले।

यसैबीचमा काजी सर्वजित राना तथा महारानी राजेन्द्रलक्ष्मीबीच चलेका प्रेमप्रसङ्गका गाइँगुइँहरु पनि सुनिन थाले। राजा पृथ्वीनाराण शाहका विश्वस्त भारदार काजी श्रीहर्ष पन्त तथा अन्य नेपाली भारदारलाई पनि महारानी राजेन्द्रलक्ष्मीका यस किसिमका गतिविधिहरु सह्य भएनन्। यसैले यिनीहरुले राजभवनकै चार जना केटा कमारालाई पोलाहाहरुका रुपमा खडा गराई भूतपूर्व चौतारा दलजित शाहको हातबाट काजी सर्वजित रानालाई राजभवनभित्रकै एउटा कोठामा निर्दयतापूर्वक कटाइदिए। यसै अपराधमा महारानी राजेन्द्रलक्ष्मी पनि चाँदीको नेल ठोकिएर राजभवनभित्र नै कडाइसाथ नजरबन्दमा राखिइन् (विसं १८३५ भदौ १९ गते, तदनुसार ३१ अगस्ट इ.सं १७७८)। यसबाट राजकुमार बहादुर शाह भने सहजै पुनः राजसत्तामा फर्किए। यसपछि राजकुमार बहादुर शाह आफ्नो स्वभाव तथा प्रवृत्तिअनुसार राज्य एकीकरणका अभियानमा फेरि पनि सक्रिय रहन थालिहाले।

महारानी राजेन्द्रलक्ष्मी पनि सामान्य अबला थिइनन्। जोसजाँगर पनि यिनमा भरपूर मात्रमा थियो। राजकुमार बहादुर शाह लडाइँका तयारीहरुका क्रममा गोरखातिर लागेको मौका छोपी यिनले आफ्ना माइला ससुरा भूतपूर्व चौतारा महोद्दामकीर्ति शाहलाई गुप्त रुपमा प्रवासबाट स्वदेशमा फिर्ता बोलाइदिएकी थिइन्। फलतः उनी तत्कालै राजधानी

काठमाडौंमा उपस्थित हुन आई पनि पुगे। राजकुमार बहादुर शाहले आफ्ना अनुपस्थितिमा यिनैका जेठा छोरा चौतारा बलभद्र शाहलाई राजभवनको सुरक्षा गर्ने मुख्य अभिभार सुम्पिएका थिए। आफ्ना पितालाई राजधानी काठमाडौंमा प्रवेश गर्नबाट यिनले रोक्न सकेनन्। काठमाडौंमा आइपुग्नेबित्तिकै भूतपूर्व चौतारा महोद्दामकीर्ति शाहले "महारानी राजेन्द्रलक्ष्मीमाथि अन्याय भयो, उहाँलाई 'नियाँ' दिइनुपर्छ" भन्ने आवाज उठाउन थालिहाले। "राजमाता जस्ती प्रतिष्ठित व्यक्तिलाई नजरबन्दमा राखिनु ठूलो अन्याय भयो" भन्ने यति बेला यिनको जोडदार तर्क थियो। चौतारा बलभद्र शाहले आफ्ना पिताको यस अभियानलाई रोक्न सकेनन्।

महारानी राजेन्द्रलक्ष्मीलाई 'न्याय' दिनु के थियो? एक किसिमले नाटक मञ्चन गर्नु थियो। नाटकको अभियानमा जित भई महारानी राजेन्द्रलक्ष्मी निरपराध मानिइन् र नजरबन्दबाट मुक्त पनि भइन् (विसं १८३६ असार १० गते, तदनुसार २० जुन इसं १७७९)। यस घटनाबाट राजशक्तिमा रहेका राजकुमार बहादुर शाह नेपाल अधिराज्यबाट पुनः प्रवासतिर पलायित हुन विवश भए। व्यभिचारको पोल लगाउने चार जना केटा कमाराहरु निर्दयतापूर्वक काटिए। नचाहिँदो दुर्वाच्य बोलेको आरोप लगाई काजी श्रीहर्ष पन्तको मुख डामियो। यिनी तथा भूतपूर्व चौतारा दलजित शाह पुनः अधिराज्यबाट निकाला गरिए। महारानी राजेन्द्रलक्ष्मी नेपाल अधिराज्यको राजसत्तामा पुनः फर्किइन्। नेपाल अधिराज्यको एकीकरण अभियान भने रोकिएको रोकियै हुन आयो।

आफ्ना सबै किसिमका बाधाव्यवधान हटिसकेकाले महारानी राजेन्द्रलक्ष्मी अब निश्चिन्त भएर फेरि पनि दिनदिनै आमोदप्रमोदमा मस्त रहन थालिन्। राजकुमार बहादुर शाह नेपाल अधिराज्यलाई छाडेर प्रवासतर्फ पलायित भएर गएका र राजमाता महारानी राजेन्द्रलक्ष्मी भने भोगविलासमा मस्त रहन थालेकीले "अब यहाँ राज्य एकीकरणका काम केही पनि हुन सक्दैनन्, यसैले अब यहाँ बसेर हाम्रो केही पनि काम छैन" भन्ने निश्चय गरी राज्यका प्रभावशाली भारदारहरु नेपाल अधिराज्यबाट धमाधम प्रवासतिर पलायन हुन थाले। यिनीहरु यसरी देशबाट पलायन भएकोमा महारानी राजेन्द्रलक्ष्मीले

कत्ति पनि दुःखमनाउ नगरे पनि नेपाल अधिराज्यको प्रशासनको मुख्य बागडोर एउटी अबला नारीको हातमा आइपुगेको र सङ्गठनात्मक रुपमा यिनको राज्यप्रशासन निकै कमजोर रहेको अनुभव हुन आएकाले नेपाल अधिराज्यका विरोधीका रुपमा रहँदै आएका चौबीसे राज्यका राजाहरु अब नेपाल अधिराज्यविरूद्ध एकाएक जम्जमाउन थाले।

यसै स्थितिमा पूर्वमा विजयपुर तथा चौदण्डी राज्यका पूर्वराजा कर्ण सेनकी विधवा रानीले पनि आफ्नो गुमेको पुरानो राज्यलाई फेरि पनि फिर्ता प्राप्त गर्ने सपना देख्न थालिसकेकी थिइन्। नेपाल अधिराज्यबाट पलायित भएर गएका भूतपूर्व काजी स्वरुपसिंह कार्की यिनको यस महत्वाकाङ्क्षाका निमित्त यति बेला प्रमुख सहायक भएर उपस्थित थिए। पश्चिमतर्फका चौबीसे राज्यका राजा पनि यति बेला नेपाल अधिराज्यमाथि संयुक्त रुपमा आक्रमण गर्ने तयारीमा थिए।

चौबीसे राज्यका राजाहरुको योजनाबद्ध सङ्गठनले गर्दा नेपाल अधिराज्यका भारदारहरुका निमित्त "अब कसरी आत्मरक्षा गर्ने होला भन्ने जटिल प्रश्न उपस्थित हुन आइपुगेको थियो। यसैले भएभरका सम्पूर्ण भारदार तथा सैनिकहरु गोरखाको सुरक्षाका निमित्त राजधानी काठमाडौंबाट तत्कालै त्यतातर्फ प्रस्थान गर्न विवश भए। हुन पनि गोरखामा रहेको सिरानचोकगढीको नजिकै चौबीसे राज्यका एकीकृत सैनिकहरु नेपाली सैनिकहरुसँग भिडिनका निमित्त एकाएक आइपुगी पनि हाले। यस सैनिक मुठभेडमा चौबीसे राजाहरुका पक्षका दुई सय जनाजति सैनिक हताहत भए। नेपाली पक्षतर्फ भने १५ जना जति मात्र खेत रहे। यस युद्धपछि त्यस क्षेत्रमा रहेका चौबीसे राज्यका राजाहरुको मस्ती नै गल्यो र उनीहरु आपसमै एकअर्कामाथि दोषारोपण गर्न थाले।

यस समयमा चौबीसे राज्यका राजाहरुमध्ये कास्की राज्यका राजा सिद्धिनारायण शाह भने चौबीसे राज्यका राजाहरुको राजनीतिक गुटबाट फुटेर नेपाल अधिराज्यको पक्षमा मिल्न आइपुगेका थिए। यसले गर्दा रिसले चुर भएर लमजुङ राज्यका राजा वीरमर्दन शाहले चौबीसे राज्यहरुका पराजित सैनिकहरुलाई जम्मा गरी कास्की

राज्यमाथि नै अप्रत्याशित रुपमा आक्रमण गराइदिए। यसबाट कास्की राज्यमा लमजुङ राज्यको आधिपत्य स्थापित भयो।

आफ्नो पक्षमा मिल्न आएका कास्की राज्यका राजा सिद्धिनारायण शाहलाई उनको गुमेको राज्य फिर्ता गराउनका निमित्त लमजुङ राज्यमाथि आक्रमण गर्न अब नेपाली सेनानायकहरु विवश थिए। महारानी राजेन्द्रलक्ष्मीले पनि यसका निमित्त सहमति जनाइदिइन् र यसका लागि निर्वासनमा गएका भूतपूर्व काजी वंशराज पाँडेलाई स्वदेशमा बोलाइन् पनि। काजी वंशराज पाँडेको नेतृत्वमा नेपाली सैनिकहरुले जोडदार आक्रमण गर्दा लमजुङ राज्य सहजै नेपाल अधिराज्यको अधिकारमा आयो। पछि एउटा छुट्टै धर्मपत्रद्वारा कास्की राज्यले पनि नेपाल अधिराज्यको आश्रयलाई स्वेच्छापूर्वक स्वीकार गरिदियो।

यस समयमा पाल्पा राज्यका राजा महादत्त सेन पनि नेपाल अधिराज्यको विरोधीका रुपमा देखा परिरहेका थिए। यसैले यस राज्यमा पनि तुरून्त नै सैनिक हस्तक्षेप गरिहाल्ने कुरामा महारानी राजेन्द्रलक्ष्मीले पनि सहमति जनाइदिइन्। नेपाल अधिराज्यबाट पलायित काजी स्वरुपसिंह कार्की यसै राज्यमा गएर आश्रय लिई बसेका र पछि त्यहाँबाट पूर्वतर्फ लागी नेपाल अधिराज्यको विरूद्धमा पूर्वराजा कर्ण सेनकी विधवा रानीको पक्षमा सक्रिय थिए। आफ्ना सल्लाहकारको सल्लाहअनुसार महारानी राजेन्द्रलक्ष्मीले पाल्पा अभियानको काम यिनलाई नै सुम्पने निर्णय गरिन् र यिनलाई राजधानी काठमाडौंमा बोलाइन् पनि।

चौबीसे राज्यका राजाहरुविरूद्ध लडिएको सिरानचोकको लडाइँमा एक जना सामान्य सुबेदारका रुपमा कार्यरत भीम खवास उक्त लडाइँ सकिनेबित्तिकै महारानी राजेन्द्रलक्ष्मीका हजुरियाका रुपमा 'टक्सारी'को पदमा नियुक्त भई मन्त्रीसरहका भारदारका रुपमा उपस्थित हुन आइपुगेका थिए। गोरखा राज्यका काजी घरानाका व्यक्ति एवम् राजा पृथ्वीनारायण शाहका विश्वस्त मन्त्री काजी कालु पाँडेका छोराका

हैसियतले काजी वंशराज पाँडेले यति बेला नेपाल अधिराज्यको मूलकाजी अर्थात् प्रमुख मन्त्रीको पद त मेरो आफ्नो नै हकअधिकारको पनि हो भन्ने सम्झिरहेका थिए।

यसै स्थितिमा भीम खवासलाई अप्रत्याशित रुपमा मन्त्रीसरहको टक्सारीको पदमा पदोन्नति गराइँदा र अगोरखाली गुटका स्वरुपसिंह कार्कीलाई पुनः सरकारी सेवामा फिर्ता बोलाइँदा काजी वंशराज पाँडेले महारानी राजेन्द्रलक्ष्मीदेखि चित्त दुखाउनु स्वाभाविकै थियो। यिनको यो चित्त दुखाइको आवाज कानैकान महारानी राजेन्द्रलक्ष्मीका कानसम्म पनि पुग्दा क्रुद्ध भई यिनले काजी वंशराज पाँडेलाई फेरि पनि नेपाल अधिराज्यबाट प्रवासतर्फ निर्वासित गराइदिइन्।

स्वरुपसिंह कार्की प्रवासबाट फर्केर आएपछि पाल्पा राज्यका साथै पर्वत राज्यमा पनि आफ्नो अधिकार स्थापित गर्ने र त्यसपछि क्रमैसँग अन्य चौबीसे राज्यहरुमा पनि आक्रमण गर्ने भन्ने योजना राजधानी काठमाडौंमा तयार पारिएको थियो। यसै योजनाअनुसार नेपाली सैनिकहरु योजनाबद्ध रुपमा विजय अभियानका निमित्त सन्नद्ध भएर रहन थालिसकेका थिए। तर दुर्भाग्य! यसै समयदेखि महारानी राजेन्द्रलक्ष्मीका शरीरमा सम्भवतः क्षयरोगका लक्षणहरु एकाएक देखापर्न थाले। यसबाट हताश भई यिनी अधिराज्यको एकीकरणको अभियानलाई सफलतापूर्वक सञ्चालन गर्ने महत्वपूर्ण काममा भन्दा आफ्ना बालक छोरा राजा रणबहादुर शाहको भविष्यलाई कसरी सुरक्षित एवम् सुव्यवस्थित पनि गर्न सकिन्छ भन्ने ध्याउन्नमै बढीभन्दा बढी दत्तचित्त रहन थालिन्। यसै उद्देश्यअनुसार नियले प्रवासमा गएर बसिरहका आफ्ना काइँला ससुरा भूतपूर्व काजी दलजित शाहलाई राजधानी काठमाडौंमा फिर्ता बोलाइन् र यिनलाई 'काजी'को पदमा फेरि पनि नियुक्त गरिदिइन् (विसं १८४१ को असोज)।

राजा रणबहादुर शाहको व्रतबन्ध संस्कारका निमित्त उपयुक्त उमेर हुन सामान्यतया अझै पनि एक वर्षजतिको समय बाँकी थियो। तर आफ्नो हौसला क्रमशः क्षीण हुँदै आएकाले यस कामका निमित्त थप एक वर्षसम्म प्रतीक्षा गर्दै रहन महारानी

राजेन्द्रलक्ष्मीले उचित ठानिनन् र आफ्ना सबै भारदारहरुलाई साथमा लिई यिनी गोरखाको आफ्नो पुरानै राजभवनमा उपस्थित हुन पुगिन्।

यस शुभकार्यका निमित्त निर्वासनमा रहेका राजकुमार बहादुर शाहका नाममा पनि निमन्त्रणापत्र पठाइएको थियो। यसबाट "अब बल्ल भाउजूको दृष्टिकोणमा परिवर्तन आएछ" भन्ने निश्चय गरी उनी यस शुभ समारोहमा उपस्थित हुन आइपुगेका थिए। यस समारोहका निमित्त सम्भवतः प्रवासमा गएर बसिरहेका भूतपूर्व काजी वंशराज पाँडेलाई पनि निमन्त्रणा पठाइएको थियो। तर राजभवनभित्र आफ्ना प्रतिस्पर्धी स्वरुपसिंह कार्कीको रोबरबाफ पनि यथावत् रहिरहेकाले तिरस्कृत होइन्छ भन्ने डरले गर्दा यिनले गोरखा दरबारमा जान चाहेनन् र आऊँ वा नआऊँ भन्ने दोमन गर्दै यिनी पछि व्रतबन्ध संस्कार सम्पन्न भइसकेपछि प्रवासबाट राजधानी काठमाडौंमा भने येनकेन उत्रिए।

हुन पनि यिनले राजधानी काठमाडौंमा उत्रिएको डेढ महिनाजति पनि पुग्न पाएको थिएन, एउटा अकल्पित भयङ्कर आरोप लगाई रातमै कचहरी बसाएर दोषी ठहर गरी तत्कालै रातमै राजभवन परिसरभित्र रहेको 'भण्डारखाल बगैंचा'मा यिनी निर्दयतापूर्वक काटिए। नजरबन्द जस्तै भएर रहेका र व्रतबन्धको काम पूरा गरी आफ्नी भाउजूका साथ गोरखाबाट राजधानी काठमाडौंमा फर्किएर आएका राजकुमार बहादुर शाह यति बेला काजी वंशराज पाँडे जस्ता सुयोग्य भारदारहरुको बिनाअपराध भएको यस हत्याबाट निकै आहत थिए तापनि आफ्नी भाउजूको चहकमहकका अगाडि केही बोल्न नसकी यत्तिकै खुम्चिएर बस्न विवश भएका थिए।

महारानी राजेन्द्रलक्ष्मीले यतिन्जेलसम्म राजकुमार बहादुर शाहलाई पनि निकै सताएकी थिइन्। यसको बदला लिई आफ्ना देवरले पछि, आफ्नो जीवनकालपछि आफ्ना बालक छोरा राजा रणबहादुर शाहलाई राज्याधिकारबाट नै वञ्चित गराइदिने हुन् कि भन्ने भय एवम् त्रासले गर्दा यिनलाई सताउन थालिरहेको थियो। यसै चिन्ताअनुसार राजकुमार बहादुर शाहको राजनीतिक शक्ति र यिनको प्रभाव कम पार्न आफ्ना प्रमुख सल्लाहकार भीम खवास, गर्भु खवास तथा स्वरुपसिंह कार्कीहरुको सल्लाह एवम्

सुझावअनुसार यिनले प्रमुख सहायक काजी वंशराज पाँडेको अकारण नै हत्या गराइदिएकी थिइन्। यसपछि यसै योजनाको दोस्रो चरणका रुपमा राजकुमार बहादुर शाह नै पनि एक दिन एकाएक पक्रिए र यिनी पनि राजधानी काठमाडौँदेखि १५ किलोमिटरजति दक्षिणमा रहेको फर्पिङमा लगेर कडाइका साथ निगरानीमा राखिए। यो यिनको तेस्रो पटकको कारावास थियो (विसं १८४३ असार २२ गते, तदनुसार २ जुलाई इसं १७८६)।

तर विधिको विधान भने यति बेला अर्कै नै रहेछ। राजकुमार बहादुर शाह कैदमा परेको १२ दिनपछि नै महारानी राजेन्द्रलक्ष्मीको अप्रत्याशित देहान्त हुँदा "अब केकसो गर्ने होला" भन्ने नेपाली भारदारबीचमा ठूलो खलबली मच्चियो। राजा रणबहादुर शाह यति बेला ११ वर्षका बालकै थिए र यिनका काका राजकुमार बहादुर शाह फर्पिङमा रहेको एउटा पुरानो किल्लामा आफ्नो बन्दी जीवन बिताइहेका थिए। यसैले यसपछि सर्वप्रथम भीम खवास तथा यिनका भाइ गर्भु खवासहरुले नै नेपाल अधिराज्यको राज्यप्रशासनको प्रमुख बागडोर आफ्नो हातमा पर्ने असफल प्रयास पनि नगरेका होइनन्। तर राज्यका अन्य प्रभावशाली भारदारहरुले यिनीहरुको यस दुस्साहसको जोडदार विरोध गरिदिँदा यिनीहरु हच्किए र अर्को कुनै विकल्प नदेखी आफ्ना जेजति भएका धनदौलत लिई तत्कालै विदेशको बाटो ततताउन विवश भए। यिनीहरुलाई पलायन हुनबाट रोक्ने सामान्य प्रयास यति बेला कसैले पनि गर्न सकेन।

यसपछि महारानीका १० दिनसम्मको काजकिरिया सम्भवतः चौतारा बलभद्र शाहले नै गरेका थिए। तर यिनी अलि टाढाका भैयाद भएका र "महारानीका सबैभन्दा नजिकका भाइबन्धुबाट नै उहाँको सपिण्डी श्राद्ध गरिनुपर्छ, अरुले गरेर हुँदैन" भनी यति बेलाका गुरूपुरोहितबाट आग्रह गरिँदा सबै भारदारहरुको सल्लाहअनुसार महारानीको स्वर्गवास भएको दसौं दिनका दिन राजकुमार बहादुर शाह कारागारबाट बन्धनमुक्त गरिए र बाह्रौं दिनका दिन गरिनुपर्ने दिवङ्गत महरानीको सपिण्डी श्राद्ध यिनको हातबाट विधिपूर्वक गरियो। सबै भाइभारदारको सर्वसम्मतिअनुसार यसपछि बालक राजा रणबहादुर शाहका

'मुख्तियार' वा राजप्रतिनिधिको पदभार ग्रहण गरी नेपाल अधिराज्यको राज्यप्रशासनको प्रमुख बागडोर पनि यिनले आफ्नै हातले सम्हाले (विसं १८४३ साउन ११ गते, तदनुसार २३ जुलाई इसं १७८६)।

राजसत्तामा आउनेबित्तिकै राजकुमार बहादुर शाह आफ्नो स्वभाव तथा प्रवृत्तिअनुसार तुरून्त नै कालीगण्डकी नदीपारिका चौबीसे राज्यहरुमाथि दृष्टि दिन थाली पनि हाले। यिनले सुविचारित योजनाअनुसार यसको केही महिनाभित्रमै कालीगण्डकी नदीपारि रहेका 'गुल्मी', 'अर्घा', 'खाँची', 'पर्वत', 'मुस्ताङ', 'मुसिकोट', 'गल्कोट', 'दाङ', 'प्युठान' तथा 'जाजरकोट'सम्मका स्वतन्त्र पहाडी राज्यहरु एकएक गरी क्रमैसँग नेपाल अधिराज्यको आश्रयमा आए। यस सफलताले गर्दा नेपालमा राजकुमार बहादुर शाहको चहकमहक निकै बढ्यो र यस उपलक्ष्यमा राजधानी काठमाडौंमा ठूलो विजयोत्सव पनि मनाइयो।

यस सफलताबाट अत्यधिक उत्साहित राजकुमार बहादुर शाह यतिखेरै अर्को एउटा खतरनाक खेल खेल्न अग्रसर पाइन्छन्। यो खेल थियो, तिब्बत राज्यमाथि भएको नेपाल अधिराज्यको दुर्दान्त आक्रमण। "नेपाल सरकारसँग व्यापार सम्बन्ध विच्छेद गराएको" आरोप लगाई यिनी तिब्बतमाथि आक्रमण गर्न एकाएक कस्सिएका थिए। वास्तवमा तिब्बतबाट पलायन भएर आई नेपालमा रहेर यहाँको नागरिकता ग्रहण गरिसकेका 'स्याह्मार्पा लामा'को अनावश्यक बहकाउमा आएर नै अत्यधिक उत्साहले गर्दा यिनी यति बेला यस्तो अप्रिय खेललाई खेल्न अग्रसर भएका पाइन्छन्।

३.३ अब्दुल्ला बेगको कुचोद्य र कम्पनी सरकारसँग मैत्रीसम्बन्ध

राजा पृथ्वीनारायण शाहको राज्यकालमा इस्ट इन्डिया कम्पनी तथा नेपाल सरकारका बीचमा जुन किसिमको कटुतापूर्ण सम्बन्ध थियो, त्यस सम्बन्धलाई इस्ट इन्डिया कम्पनीका गभर्नर जनरल वारेन हेस्टिङ्सले सौहार्दपूर्ण बनाउँदै ल्याइरहेका थिए। अम्बरपुर तथा विजयपुर राज्यका तराई क्षेत्रहरुको विषयलाई लिएर राजा पृथ्वीनारायण शाहका दूत भएर गएका सुब्बा दीनानाथ उपाध्याय जुन समयमा कम्पनी सरकारको राजधानी कोलकाता सहरमा पुगिरहेका थिए, त्यति बेला नै नेपाल अधिराज्यमा राजा पृथ्वीनारायण शाहको अकल्पित देहान्त भएकाले यिनका जेठा छोरा युवराज प्रतापसिंह शाह 'श्री ५ महाराजाधिराज'का रुपमा नेपाल अधिराज्यको राजसिंहासनमा विराजनमान हुन आए।

कम्पनी सरकारका गभर्नर जनरल वारेन हेस्टिङ्सले सुब्बा दीनानाथ उपाध्यायलाई नेपाल सरकारका वास्तविक दूत मानेर यिनको समुचित स्वागत सत्कार गरी अम्बरपुर तथा विजयपुर राज्यका तराई क्षेत्रहरुको समस्यालाई व्यावहारिक रुपमा राम्रैसँग सुल्झाइदिएका थिए। तराई क्षेत्रको प्रमुख समस्यालाई सुल्झाएर सुब्बा दीनानाथ उपाध्याय राजधानी काठमाडौंमा आइपुग्दा वा नपुग्दा नै 'मिर्जा अब्दुल्ला बेग' नामक त्यहाँका एक जना प्रभावशाली जागिरदारले मकवानपुरको तराई क्षेत्रको सम्बन्धमा अर्घेलो कुरा उठाइदिएको समाचार पाएर नयाँ राजा प्रतापसिंह शाहले यिनलाई फेरि पनि कोलकातातर्फ नै पठाइदिए।

नारायणी अञ्चलअन्तर्गत रहेको रौतहटमा तिनताक अत्यन्त कम जनआबादी थियो। यसैले तिनताक यस क्षेत्रलाई 'जिल्ला' नभनेर 'प्रगन्ना' भनिने गरेको थियो। मकवानपुर राज्यका राजाहरुको राज्यकालदेखि नै यस प्रगन्नाका जागिरदार मिर्जा अब्दुल्ला बेगले "यो प्रगन्ना त पहिलेका नबाब बजिरहरुका पालादेखि नै उनीहरुको तर्फबाट मैले जागिरका रुपमा उपभोग गर्दै आइरहेको छु, यसैले यो प्रगन्ना यथार्थमा नेपाल सरकारको नभएर कम्पनी सरकारको राज्यक्षेत्रभित्र पर्छ, नेपाल सरकार यदि यस प्रगन्नालाई आफ्नो हो भन्ने दाबी गर्छ भने उसले यसका निमित्त आफ्ना सबुत प्रमाण प्रस्तुत गर्न सक्नुपर्छ" भनी कम्पनी सरकार अङ्ग्रेज पदाधिकारीका समक्षमा सिकायत गरी अनावश्यक रुपमा खिचोला उठाइदिएका थिए।

यही खबर पाएर सुब्बा दीनानाथ उपाध्याय दौडादौड गरी फेरि पनि कम्पनी सरकारको राजधानी कोलकाता सहरतर्फ लागेका थिए। यस सम्बन्धमा कम्पनी सरकारको गभर्निङ काउन्सिलमा विस्तृत रुपमा छलफल हुँदा मिर्जा अब्दुल्ला बेगले प्रस्तुत गरेको सिकायत आपाततः गलत ठहरियो। तापनि यो बिहार क्षेत्रको विषयवस्तु भएको यस सिकायतलाई तत्कालका निमित्त मुल्तबीमा राख्ने निर्णय गरियो।

विसं १८३७ को साउनतिर गभर्नर जनरल वारेन हेस्टिङ्स बनारसतर्फ प्रस्थान गर्न तयार थिए। त्यति बेला यिनले नेपाली दूत सुब्बा दीनानाथ उपाध्यायलाई "तपाईं मसँगै पटनामा हिँड्नुहोस्, त्यहीँ बसेर आवश्यक छलफल गरौंला" भनी यिनलाई बाटाखर्चका निमित्त केही रकम पनि उपलब्ध गराइदिए। पटनामा आएर सबै कुरा बुझी रौतहट प्रगन्नाको सम्बन्धमा आफ्नो अन्तिम निर्णय सुनाउने उनको विचार हुँदो हो। यसैअनुसार सुब्बा दीनानाथ उपाध्याय यथासमयमै पटना आइपुगे पनि।

गभर्नर जनरल वारेन हेस्टिङ्स तत्कालका निमित्त बनारसतर्फ नगई नहुने भएकाले त्यहाँबाट फर्केर नआएसम्म सुब्बा दीनानाथ उपाध्यायले पटनामै रहेर प्रतीक्षा गर्नुपर्ने थियो। तर बनारसमा पुगेपछि त्यहाँका राजा चेतनसिहंसँग नराम्रो खटपट पर्न आउँदा

गभर्नर वारेन हेस्टिङ्सलाई आफ्नो ज्यानसम्म जोगाई भागेर आउनुपर्ने परिस्थिति पैदा भयो।

यति बेला बनारस राज्यका राजा चेतसिंह कम्पनी सरकारविरूद्ध 'विजयगढ' नामक त्यहाँको एउटा पहाडी किल्लामा गएर शरण लिई बसिरहेका थिए। गभर्नर जनरल वारेन हेस्टिङ्सकी धर्मपत्नी पटना सहरमा रहेर आफ्ना पतिको आगमनको प्रतीक्षा गरेर बसिरहेकी थिइन्। राजा चेतसिंहको नेतृत्वमा रहेका सैनिकहरुले कम्पनी सरकारविरूद्ध विद्रोह गरेको समाचार पाएर "पहाडी क्षेत्रका लडाइँहरुमा त गोरखाली सैनिकहरु बढी मात्रामा सक्षम हुन्छन्" भन्ने सुनेकीले यिनले सैनिक सहायताका निमित्त आग्रह गरी नेपाल अधिराज्यका बालक राजा रणबहादुर शाहको नाममा अनुरोधपत्र लेखी सुब्बा दीनानाथ उपाध्यायका हातमा थमाइदिएकी थिइन्।

सुब्बा दीनानाथ उपाध्यायले पनि यस पत्रलाई आफ्ना निजी पत्रवाहकहस्ते तत्कालै राजधानी काठमाडौंमा पठाइदिएका थिए। यति बेला नेपाल अधिराज्यमा महारानी राजेन्द्रलक्ष्मीको प्रशासनकाल चलिरहेको थियो। यो पत्र प्राप्त हुनेबित्तिकै महारानी राजेन्द्रलक्ष्मीले काजी धोकलसिंह बस्नेतको नेतृत्वमा आफ्ना केही कम्पनी सैनिक भारततर्फ पठाउन तम्तयार गरी यससम्बन्धी सूचना गभर्नर जनरल वारेन हेस्टिङ्सकी श्रीमतीका नाममा पठाउन लगाइसकेकी थिइन्। तर यतिन्जेलसम्म अङ्ग्रेज सैनिकहरुले राजा चेतनसिंहको नेतृत्वमा रहेका सैनिकलाई विजयगढबाट धपाइसकेकाले गभर्नर जनरल वारेन हेस्टिङ्सकी श्रीमतीले नेपाल सरकारप्रति धन्यवाद ज्ञापन गर्दै "अहिलेलाई सैन्य सहयोग नपठाए पनि हुने भयो" भन्ने सूचना सुब्बा दीनानाथ उपाध्यायमार्फत नेपाल सरकारलाई पठाइदिएकी थिइन्।

नेपाली सैनिकहरु इस्ट इन्डिया कम्पनीको अङ्ग्रेजी राज्यतर्फ आउने तरखरमा रहेको समाचार प्राप्त भएपछि गभर्नर जनरल वारेन हेस्टिङ्स पहिले त यिनीहरु कम्पनी सरकारविरूद्ध राजा चेतनसिंहलाई सैनिक सहयोग प्रदान गर्न आउन लागेका होलान् भन्ने

सम्झिई नेपाल सरकारका पदाधिकारीदेखि निकै रूष्ट थिए। पछि आफ्नी श्रीमतीबाट सत्यतथ्य कुरा थाहा भएपछि भने उनी स्वभावतः शान्त भए।

बनारसबाट फर्किएर पटनामा आइपुगेपछि अङ्ग्रेज गभर्नर जनरल वारेन हेस्टिङ्सले कम्पनी सरकारका पटना क्षेत्रका प्रमुख प्रशासक तथा त्यहाँका काउन्सिलका सदस्यहरुसँग सरसल्लाह गरी "मकवानपुर क्षेत्रको सार्वभौमिक अधिकार अहिले नेपाल अधिराज्यमका राजाको हातमा छ, यसैले मिर्जा अब्दुल्ला बेगको जागिर वा जमिनदारीलाई थाम्ने वा नथाम्ने अधिकार पनि नेपाल अधिराज्यका राजामै निर्भर रहेकाले यसैअनुसारको जानकारी पत्र नेपाल अधिराज्यका राजाका नाममा पठाइदेऊ" भनी आफ्ना कर्मचारीलाई अह्राएर सुब्बा दीनानाथ उपाध्यायलाई सन्तुष्ट तुल्याइदिए।

नजाने किन हो, यो सूचना नेपाल सरकारसमक्ष भने तत्काल आइपुग्न सकेन। ढिलो गरी तीन वर्षजति पछि मात्र यससम्बन्धी सूचना नेपाल आइपुगेको पाइन्छ (विसं १८४० को मङ्सिर २ गते, तदनुसार १४ नोभेम्बर इसं १७८३)।

बनारस राज्यका राजा चेतनसिंह तथा अबध रियासतका नबाब बजिरकी श्रीमती दुखिया बेगमको पनि अन्यायपूर्वक सर्वस्वहरण गर्ने अङ्ग्रेज गभर्ननर जनरल वारेन हेस्टिङ्सले यति बेला नेपाल सरकारप्रति यसरी किन सहानुभूतिपूर्ण व्यवहार देखाए? यो पनि एउटा जिज्ञासाको विषय छ।

यति बेला मरहठ्ठा तथा हैदर अलीसँगका युद्धहरुले गर्दा इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीलाई नाकोदम तुल्याइरहेको थियो। यति नै बेला नेपाल सरकारसँग पनि विरोध गर्नु उनीहरुका निमित्त हितकर थिएन। यसैले यति बेला उनीहरुले नेपाल सरकारसँग केही नरम व्यवहार गर्नुपर्ने परिस्थिति पैदा हुन आइरहेको थियो। आफ्ना तराई क्षेत्रका जमिनहरुमाथिको अधिकारलाई सुरक्षित बनाइराख्नका निमित्त नेपाल सरकारलाई पनि यति बेला कम्पनी सरकारसँग सुमधुर सम्बन्ध स्थापित गर्नु उत्तिकै

आवश्यक थियो। यसैले कम्पनी सरकारका गभर्नर जनरलका रुपमा वारेन हेस्टिङ्स भारतमा कार्यरत रहेसम्म दुई देशबीच राम्रै मैत्रीसम्बन्ध कायम रहेको पाइन्छ।

तराई क्षेत्रमा रहेको रौतहट प्रगन्नाको सम्प्रभुताको समस्या सामान्यतया त्यति ठूलो देखिँदैन। तापनि यस समस्याको शान्तिपूर्ण समाधानले गर्दा दुई देशबीच मैत्रीसम्बन्धमा यसले एउटा अत्यन्त दूरगामी परिणाम ल्याइदिएको थियो। यति बेला यस्ता विवादहरु नेपाल अधिराज्यका तराई क्षेत्रहरुमा अन्यत्र पनि ठाउँठाउँमा उठिरहेका थिए। यस निर्णयपछि गभर्नर जनरल वारेन हेस्टिङ्सको यस नीतिलाई ती क्षेत्रमा कार्यरत नेपाली जमिनदारहरुले राम्ररी बुझेकाले सबै जमिनदारहरु यस समयदेखि नेपाल सरकारको नै नियन्त्रणमा रहन तयार थिए।

नेपालका पहाडी क्षेत्रमा स्थापित भएका चौबीसे राज्यका राजाहरुले भने इस्ट इन्डिया कम्पनीका पदाधिकारीको यस नीतिलाई पहिचान गर्न सकेका थिएनन्। यसैले उनीहरु नेपाल सरकारविरूद्ध भई आआफ्ना धनजनको क्षति गराउँदै नेपाल अधिराज्यको एकीकरण अभियानका निमित्त निरन्तर बाधक बन्दै रहेका थिए। यिनीहरुको यो प्रयास यस क्षेत्रमा रहेका आम नेपाली नागरिकको हित तथा उन्नतिका निमित्त पनि प्रतिकूल थियो।

३.४ नेपालमाथि सिक्किम तथा चौबीसे राज्यहरुको आक्रमण र उनीहरुमाथि गरिएको प्रत्याक्रमण

राजकुमार बहादुर शाह नेपाल अधिराज्यबाट निर्वासित भएर मुगलानतिर पलायित भएपछि एक जना अबला नारी, महारानी राजेन्द्रलक्ष्मीको हातमा नेपाल अधिराज्यको राज्यप्रशासनको प्रमुख बागडोर आइपुगेकाले “अब नेपाल अधिराज्यको राज्य प्रशासन यन्त्रलाई छिन्नभिन्न तुल्याई आफ्ना पतिको गुमेको राज्यलाई पुनः फिर्ता लिन सकिन्छ कि भन्ने आस गरी चौदण्डी तथा विजयपुर राज्यका पूर्वराजा कर्ण सेनकी विधवा रानी पनि उत्साहका साथ अघि सरिरहेकी थिइन्।

अङ्ग्रेज अफिसर मिस्टर पिकाकको बहकाउमा आई आफ्नो राज्यबाट मालपोतबापत उठ्ती हुने रकमहरुको १६ आनामध्ये १० आना मात्र आफूले लिई बाँकी छ आना कम्पनी सरकारलाई बुझ्काई उसैलाई राज्य प्रबन्धसमेत गर्न दिने सर्तका साथै इस्ट इन्डिया कम्पनीलाई विजयपुर राज्यमा व्यापार कोठी पनि स्थापना गर्न दिने वाचा गरी कम्पनी सरकारसँग सैनिक सहायता प्राप्त गर्ने उम्मेदका साथ कोलकातातर्फ लागेका पूर्वराजा कर्ण सेन बीचबाटामै दिवङ्गत भएका र कोलकाता पुगेपछि उनका बालक छोराको पनि त्यहीँ देहान्त भएकाले चौदण्डी तथा विजयपुर राज्यकी भूतपूर्व रानी गोली लागेकी बाघिनी जस्तै भई यत्रतत्र भनभनाइरहेकी थिइन्।

ठीक यसै अवस्थामा अबला नारी महारानी राजेन्द्रलक्ष्मीको हातमा नेपाल अधिराज्यको राज्यप्रशासनको बागडोर आइपुगेको थाहा पाएर आफ्ना पतिको इच्छा तथा आकाङ्क्षालाई अब पक्कै पनि मूर्त रुप दिन सकिन्छ भनी यिनी फेरि पनि

जम्जमाउन थालिन्। यसका निमित्त यिनले आफ्ना अलि टाढाका बन्धु तथा पाल्पा राज्यका राजा मुकुन्द सेन (द्वितीय)सँग सक्रिय सहयोगको अपेक्षा पनि गर्न थालिरहेकी थिइन्।

यिनका आफ्ना कुनै पुरूष सन्तान थिएनन्। यसैले आफ्नो गुमेको राज्यलाई फिर्ता प्राप्त गर्न सबैभन्दा पहिले त यिनलाई आफ्ना एक जना धर्मपुत्रको आवश्यकता अनुभव भयो। धर्मपुत्रको अभावमा आफ्ना पतिको उत्तराधिकारी कसलाई बनाउने, यिनका निमित्त मुख्य समस्या यही थियो। यसैले यिनले आफ्ना पतिको उत्तराधिकारी बनाउन राजा मुकुन्द सेन (द्वितीय)सँग उनका एक जना छोराको माग गरिरहेकी थिइन्।

यिनको यस माग स्वीकार गरी पाल्पा राज्यका राजा मुकुन्द सेन (द्वितीय)ले आफ्ना साइँला छोरा ध्वजवीर सेनलाई पठाई पनि दिएका थिए। साथैमा विजयपुर राज्यकी पूर्वराजा कर्ण सेनकी विधवा रानीलाई आवश्यक सहयोग उपलब्ध गराउन भनी यिनले इस्ट इन्डिया कम्पनीका गभर्नर जनरल, सिक्किम राज्यका राजा, भुटान राज्यका राजा र अन्य चौबीसे राज्यका राजाहरुका नाममा पनि अनुरोधपत्रहरु पठाइदिएका थिए। यति बेला विधवा रानीलाई आवश्यक सहयोग उपलब्ध गराउन एक जना दह्रिलो सहायकको पनि खाँचो थियो। यस कामका निमित्त राजा मुकुन्द सेन (द्वितीय)ले नेपाल अधिराज्यबाट निर्वासित गराइएका भूतपूर्व काजी स्वरुपसिंह कार्कीलाई नै नियुक्त गरिदिए। सम्भवतः यिनले नै राजकुमार ध्वजवीर सेनलाई पाल्पाबाट कोलकातातर्फ लिएर गएका थिए।

स्वरुपसिंह कार्कीको मूलघर माझ किराँतको खुरकोटमा थियो। यिनीसँग राजा मुकुन्द सेन (द्वितीय)को पहिलेदेखि नै जानपहिचान रहेकाले आफ्ना राजकुमारको सुरक्षाका निमित्त यिनले राम्रै मानिसलाई छानेर पठाएका थिए। चौदण्डी तथा विजयपुर राज्यकी रानी यति बेला मोरङको दक्षिणी सिमानादेखि ३० किलोमिटरजति दक्षिणतर्फ भारतभूमिमा रहेको 'धुमगढी' नामक ठाउँमा एक मैथिल ब्राह्मणको जमिनदारीमा बसिरहेकी थिइन्। स्वरुपसिंह कार्कीले राजकुमार ध्वजवीर सेनलाई त्यहीँ पुऱ्याइदिएका

थिए। पूर्वराजा कर्ण सेनका ल्याइतातर्फका छोरा रिपुमर्दन सेन पनि यिनताक त्यहीँ थिए।

भूतपूर्व काजी स्वरुपसिंह कार्कीले राजा मुकुन्द सेन (द्वितीय)बाट सिक्किम राज्यका राजाका नाममा पनि राजा कर्ण सेनकी रानीलाई आवश्यक सैनिक सहायता उपलब्ध गराउन अनुरोधपत्रहरु लिएर गएका थिए। यस पत्रलाई यिनले सम्भवतः आफैंले यथास्थानमा पुऱ्याइदिएका थिए। यसपछि यिनी इस्ट इन्डिया कम्पनीका गभर्नर जनरललाई बुझाउन भनी राजा मुकुन्द सेन (द्वितीय)को अनुरोधपत्रलाई लिएर कोलकातातर्फ लागेका पाइन्छन्।

यिनैताक पल्लो किराँत तथा मोरङका तराई क्षेत्रहरुमा पनि सिक्किम राज्यका सैनिकहरुले उधुम मच्चाइरहेका थिए। यो समाचार यिनैताक राजा मुकुन्द सेन (द्वितीय) आदि चौबीसे राज्यका राजाहरुकहाँ पनि आइपुगिरहेको थियो। यसको सत्यताको पुष्टिका निमित्त यिनीहरु ध्यानपूर्वक प्रतीक्षा गरेर बसिरहेका थिए।

यस समयमा कम्पनी सरकारको राजधानी कोलकाता सहरमा नेपाल सरकारका दूत भएर सुब्बा दीनानाथ उपाध्याय बसिरहेका थिए। यिनी अत्यन्त सजग व्यक्ति भएकाले त्यहाँ भूतपूर्व काजी स्वरुपसिंह कार्कीहरुको कुनै दाल गल्न सकिरहेको थिएन। राजधानी काठमाडौंमा रहेको नेपाल अधिराज्यको राजभवनमा भने पल्लो किराँतबाट लगातार ठीकठीक समाचार आइरहेका थिए। भूतपूर्व काजी स्वरुपसिंह कार्कीले कोलकाता सहरमा गएर कम्पनी सरकारका पदाधिकारीसमक्ष नेपाल सरकारविरूद्ध सहायताका निमित्त गुहारिरहेको खबर पनि यहाँ आइरहेको थियो। चौबीसे राज्यका राजाहरुले गोरखामाथि योजनाबद्ध आक्रमण गर्ने तरखर गर्न लागेको खबर पनि यसै बेला यहाँ आइपुगेको थियो। यसैले आफ्ना विपक्षीहरुले आफ्नो देशमा आक्रमण गर्नुअघि नै गोरखा प्रदेशको सुरक्षाका निमित्त आवश्यक साजसामान तथा रसदपानीको व्यवस्था पनि महारानी राजेन्द्रलक्ष्मीले मिलाउन लगाइरहेकी थिइन्।

मगर जातिका भारदारहरुमाथि भर पर्ने महारानी राजेन्द्रलक्ष्मीको विशेष प्रवृत्ति थियो। आफ्नो यसै प्रवृत्तिअनुसार यिनले सर्वजित रानाका दाजु बन्दु रानालाई र अर्का एक जना मगर नवयुवक देवदत्त थापालाई पनि 'काजी'को पदमा नियुक्त गरेर मगर जातिका भारदारहरुको सङ्ख्यालाई दिनप्रतिदिन बढाउँदै ल्याइरहेकी थिइन्। उता राजा मुकुन्द सेन (द्वितीय) तथा अन्य चौबीसे राज्यका राजाहरु भने भूतपूर्व काजी स्वरुपसिंह कार्कीको प्रयासको सफलताको व्यग्रतापूर्वक प्रतीक्षा गरेर बसिरहेका थिए। तर महिनौंसम्म प्रतीक्षा गरिरहँदा पनि उनको कुनै पत्तो नभएको र नेपाल सरकारले आफ्नो सिरानचोक गढीको सुरक्षाका निमित्त आवश्यक प्रबन्ध मिलाउन थालेको चाल पाएर गोरखाली सैनिक पर्याप्त मात्रामा जम्मा भइनसक्दै गढीमाथि झटपट आफूले नै आक्रमण गर्ने तयारी थाले।

चौबीसे राज्यहरुमध्ये विशेष समृद्ध रहेकाले यिनताक पाल्पा राज्य चौबीसे राज्यहरुको समूहमा अग्रणी मानिने गरेको थियो। तर यस राज्यको सैनिक शक्ति भने यिनताक निकै कमजोर थियो। तनहुँ राज्यको अवस्था पनि यति बेला लगभग यस्तै थियो। तर बारम्बारको गोरखाली सैनिकहरुको आक्रमणले गर्दा यो राज्य आर्थिक रुपमा पाल्पा राज्यभन्दा निकै निर्धन भएको हुँदा राज्यका अधिकांश जमिनहरु रजबन्धकीमा दिने परम्परा बसाली यहाँका राजा हरकुमारदत्त सेनले यतिन्जेलसम्म लडाइँका निमित्त आवश्यक खर्चहरु येनकेन धान्दै आएका थिए। यिनका सेनापति गरूढध्वज पन्त भने राज्यका सम्पन्न व्यक्तिका रुपमा गनिने गरेका थिए।

अन्य चौबीसे राज्यका राजाहरुमा लमजुङ, कास्की, पर्वत तथा प्युठान आदि ससाना पहाडी राज्यहरु सैनिक दृष्टिकोणले त निकै दह्रिला थिए। तर आर्थिक दृष्टिकोणले भने यिनीहरुको शक्ति नगण्य थियो। लमजुङ राज्य मूल गोरखा राज्यभन्दा सानो तथा निर्धन पनि थियो। तर यहाँ पनि खसवर्गका क्षत्रीयहरु आबाद रहेकाले यिनीहरु पनि गोरखाली जस्तै वीर तथा लडाका पनि थिए। राज्यको रागिनासगढीमाथि गोरखाली सैनिकको आक्रमण हुँदा यस गढीलाई यिनीहरुले कडाइसाथ सुरक्षा दिएका थिए।

विसं १८३८ को शरद् ऋतु आरम्भ हुनेबित्तिकै चौबीसे राज्यका राजाहरु आआफ्ना सैनिकहरुको सङ्ग्रह गर्न थाले। तर प्युठान राज्य अलि टाढा परेकाले यस राज्यका राजाले भने यस सैनिक अभियानमा खासै अभिरूचि नदेखाएर आफ्ना एक जना 'सरदार'को नेतृत्वमा थोरै सैनिकहरु मात्र यस सैनिक जमघटमा पठाइदिएका थिए। तर आफ्ना तर्फबाट प्राप्त हुने आर्थिक सहयोगहरुको आस तथा गोरखाली सैनिकहरुबाट हुन सक्ने सम्भावित हस्तक्षेपको त्रास पनि देखाएर पाल्पा तथा पर्वत राज्यका राजाहरुले अन्य चौबीसे राज्यका राजाहरुलाई औकातअनुसार आआफ्ना सैनिकहरुका साथै लडाइँका निमित्त आवश्यक पर्ने खर्च पनि पठाउन बाध्य तुल्याइरहेका थिए।

पर्वत तथा लमजुङ राज्यका राजाहरुले मिलेर कास्की राज्यमाथि आक्रमण गर्दा राजा पृथ्वीनारायण शाहले लमजुङ राज्यमाथि नै आक्रमण गरिदिने धम्की दिई चौबीसे राज्यहरुको आक्रमणलाई निस्तेज तुल्याएर कास्की राज्यलाई पर्वत राज्यको मुखमा पर्नबाट बचाइदिने नीतिलाई अवलम्बन गर्दै आइरहेकाले कास्की राज्य यतिन्जेलसम्म येनकेन बचेको थियो। गोरखा राज्यका राजाहरुले लगाएको यस गुनलाई कास्की राज्यका राजा सिद्धिनारायण शाहले पनि बिर्सन सकेका थिएनन्। यसैले गोरखाली राजाको विरोधमा भएको चौबीसे राज्यका राजाहरुको अहिलेको सैनिक गुटबन्दीमा पनि राजा सिद्धिनारायण शाह सम्मिलित हुन त्यति इच्छुक थिएनन्।

यति हुँदाहुँदै पनि पर्वत तथा लमजुङका राजाहरुले करेपेर यिनलाई पनि यिनका सैनिकहरुका साथ लमजुङ राज्यमा भएको यस सैनिक जमघटमा उपस्थापित गराइदिएका थिए। यस सैनिक अभियानलाई सफल तुल्याउन पाल्पा तथा लमजुङ राज्यका राजाहरुले आपसमा सल्लाह गरी तनहुँ राज्यका सेनापति गरूङध्वज पन्तलाई चौबीसे राज्यहरुका संयुक्त सेनाका सेनापतिका रुपमा चयन गरेका थिए।

आफ्नो राज्यमा तनहुँ राज्यका तर्फबाट आक्रमण हुन नपाओस् भनी महारानी राजेन्द्रलक्ष्मीले आफ्ना एक कम्पनीजति सैनिकलाई तनहुँ राज्यभित्र घुसाएर त्यस राज्यको 'सिजुङ' नामक ठाउँमा ठानालाई बार्न भनी झटपट पठाई पनि हालिन्। तर

नेपाली सैनिकहरु त्यहाँ पुग्दा वा नपुग्दामै पर्वत राज्यका सैनिकहरुले आएर नेपाली सैनिकहरुलाई सिजुङबाट हटाई त्यहाँ आफ्नो पक्षको सैन्यशिविरि स्थापना गरिदिए (विसं १८३८ पुस २२ गते, तदनुसार २ जनवरी इसं १७६२)। यसपछि लमजुङ तथा तनहुँ राज्यका संयुक्त सैन्यदलहरुलाई साथमा लिई सेनापति गरूडध्वज पन्त सजधजका साथ गोरखाको सिरानचोकगढीमाथि आक्रमण गर्न उपस्थित हुन आइपुगी पनि हाले। यसरी आउँदा यिनले राजा सिद्धिनारायण शाहका साथ उनका कास्केली सैनिकहरुलाई पनि साथैमा लिएर आएका थिए।

चौबीसे राज्यका राजाहरुको यस संयुक्त आक्रमणबाट नेपाल अधिराज्यलाई यति बेला आत्मरक्षा गर्न ठूलो समस्या उपस्थित हुन आइपुगेकाले राजधानी काठमाडौंबाट तमाम भाइभैयाद, भारदार तथा सैनिकहरु पनि सिरानचोकगढीको सुरक्षाका निमित्त झटपट गरी गोरखामा पठाइए। यस सैनिक अभियानमा प्रमुख सेनापतिका रुपमा 'चौतारा' बलभद्र शाह र यिनका सहायकहरुमा 'काजी' देवदत्त थापा (मगर), 'काजी' दामोदर पाँडे तथा 'सरदार' अमरसिंह थापा (बडा)हरु प्रमुख थिए। यिनमा सरदार अमरसिंह थापा (बडा) गोरखाकै सिरानचोक गाउँमा हुर्केबढेकाले त्यहाँका बाटाघाटा तथा पाखापखेराबाट यिनी सुपरिचित थिए। यसैले चौतारा बलभद्र शाहको प्रमुख सहायक चौताराको कार्यभार यति बेला यिनलाई नै सुम्पिएको थियो।

लडाइँ प्रारम्भ नहुँदै चौतारा बलभद्र शाहले राजा रणबहादुर शाहको नामबाट गोप्य सन्देश पठाई कास्की राज्यका राजा सिद्धिनारायण शाहलाई लमजुङ राज्यमा भएको सैनिक जमघटबाट खुसुक्क तर्काइदिँदा उनले आफ्नो नेतृत्वमा रहेका कास्केली सैनिकहरुलाई सकुशल आफ्नो राज्यमा फिर्ता गराइदिएका थिए। यता नेपाली सैनिकहरु आफ्नो राज्यको सिरानचोक गढीमा बलियो भएर बसिरहेका थिए। सरदार अमरसिंह थापा (बडा)को नेतृत्वमा रहेका नेपाली सैनिकले सिरानचोकगढीनजिकै 'चिप्लेटी' नामको ठाउँमा रहेका विपक्षी सैनिकलाई तहसनहस पारी बाँकी बचेका सैनिकलाई त्यहाँबाट धपाइदिँदा विपक्षी राजाहरुको संयुक्त सैन्यदलले

सिरानचोकगढीमाथि आक्रमण गर्ने प्रयासमा त्यहाँबाट केही अघि बढी 'झिम्रेक' नामक ठाउँमा आएर ठाना बारी बस्न थाले।

विपक्षी सेनानायक गरूडध्वज पन्तले झिम्रेकमा आएर ठाना बारेको भोलिपल्टै नेपाली सेनाका सेनापति चौतारा बलभद्र शाहको नेतृत्वमा सारा नेपाली सैनिकले एकैमुख गरी उल्टिएर त्यस ठानामाथि जोडदार आक्रमण गरिदिँदा दुई सय जनाजति विपक्षी सैनिक खेत भएकाले बाँकी बचेका सैनिक पनि त्यहाँबाट पलायित भए। त्यहाँबाट पलायित विपक्षी सैनिकहरु चेपे नदी पार भएर लमजुङ राज्यको राज्यक्षेत्रभित्र रहेको रागिनासगढी पनि नेपाली सैनिकहरुका निमित्त नै परित्याग गरी आफ्नै राज्यको राजधानीतर्फ पलायित भए। यस सैनिक अभियानमा नेपाल पक्षका भने १५ जनाजति सैनिक मात्र नोक्सान भएका थिए (विसं १८३८ माघ २५ गते, तदनुसार ७ फेब्रुअरी इसं १७७२)।

यसको भोलिपल्ट नेपाली सैनिकहरुदेखि भयभीत भई सिजुङमा रहेका पाल्पाली सैनिकहरु पनि त्यहाँबाट पलायित हुनका निमित्त विवश भए। यसपछि पर्वत राज्यका राजा कीर्तिबम मल्लले रिसले चुर भई भागेका चौबीसे राज्यका संयुक्त सैन्यदलहरुलाई फेरि पनि एकीकृत गरी कास्की राज्यमाथि नै आक्रमण गरिदिँदा त्यहाँका राजा सिद्धिनारायण शाह आफ्ना एक मात्र छोरालाई साथमा लिई पैदलै पलायित भएर गोरखामा चौतारा बलभद्र शाहसँग भेट गर्न भनी आइपुगे। यस लडाइँपछि चौबीसे राज्यका राजाहरुको मस्ती नै गल्यो र उनीहरु एकअर्कामाथि दोषारोपण गर्न थाले।

पल्लो किराँत तथा मोरङका तराई क्षेत्रहरुमा पनि यिनताक लडाइँको वातावरण कायम थियो। बख्सी अभिमानसिंह बस्नेतले त्यस क्षेत्रको सुरक्षा गरेर बसिरहेका थिए। चौदण्डी तथा विजयपुर राज्यका पूर्वराजा कर्ण सेनकी विधवा रानीका धर्मपुत्र बन्न आइपुगेका पाल्पाली राजकुमार ध्वजवीर सेनको दमन नभई त्यस क्षेत्रमा फैलिएको अशान्ति शान्त हुन सक्दैन भन्ने निश्चय गरी एक कम्पनीजति नेपाली सैनिकलाई धुमगढीतर्फ पठाउँदा यस सैन्यदलले त्यहाँ पुगेर राजकुमार ध्वजवीर सेनको

निवासस्थानलाई चारैतिरबाट घेरा दिई यिनलाई आफूहरुको समक्षमा आत्मसमर्पण गर्न आग्रह गऱ्यो। तर राजकुमार ध्वजवीर सेन तथा यिनका सहयोगीहरुले पनि कम्पनी सरकार तथा त्यस सरकारका गभर्नर जनरलको पनि धाकुधक्कु लगाई आत्मसमर्पण गर्न सर्वथा इन्कार गरिदिए।

प्रत्युत्तरमा नेपाली सैनिकहरुले "अहिले यहाँ तपाईंहरुका गभर्नर जनरल छैनन् र कम्पनी सरकारले पनि अब तपाईंहरुको रक्षा गर्नु सम्भव छैन" भनी राजकुमार ध्वजवीर सेन, यिनका दाजु रिपुमर्दन सेन तथा सिक्किम राज्यका पत्रवाहक दूतसमेत गरी १५ जनाजतिको हत्या गरी र अन्यलाई घाइते तुल्याई चार जनालाई पक्रिएर रातारात गरी मोरङको तराई क्षेत्रमै फर्किएर आए।

नेपाली सैनिकहरुले घेराबन्दी प्रारम्भ गर्दा राजकुमार ध्वजवीर सेनले आफ्ना एक सहायकलाई त्यस क्षेत्रका ब्राह्मण जमिनदारकहाँ सहायता माग्न पठाएका थिए। तर नेपाली सैनिकहरुको सशक्त हस्तक्षेपले गर्दा ती जमिनदार स्वयम् आतङ्कित भएकाले उनले कुनै किसिमको सहायता उपलब्ध गराउने आँट गर्न सकेनन्।

यस घटनापछि सिक्किमे राजाहरुको पनि मस्ती गल्यो र यो अप्रिय समाचार सुनेपछि पुत्रशोकले गर्दा व्याकुल भई यसको एकदुई महिनापछि राजा मुकुन्द सेन (द्वितीय)ले यस संसारलाई नै परित्याग गरिदिए। यसपछि तनहुँ राज्यका राजा हरकुमारदत्त सेन निराश भई लमजुङ राज्यका राजा वीरमर्दन शाहको आश्रयमा गई रहन थाले।

अब आफ्नो आश्रयमा आएका कास्की राज्यका राजा सिद्धिनारायण शाहलाई पर्वत राज्यका राजा कीर्तिबम मल्लको हातबाट उनको राज्य फिर्ता गराउनु नेपाल सरकारका निमित्त पहिलो कर्तव्य थियो। यस कामका निमित्त लमजुङ राज्यलाई उन्मूलम नगरेसम्म पर्वते राजा कीर्तिबम मल्ललाई नियन्त्रणमा ल्याउनु सम्भव छैन भन्ने निर्णय भयो र यो निर्णय महारानी राजेन्द्रलक्ष्मीलाई पनि सुनाइयो।

यसपछि लमजुङ राज्यमाथि आक्रमण गर्न कसलाई सेनापति बनाएर पठाउने भन्ने जटिल प्रश्न खडा हुँदा सबै भारदारहरुको सल्लाहअनुसार यति बेला पदच्युत भएर निर्वासनमा रहेका भूतपूर्व काजी वंशराज पाँडेलाई पठाउनु उपयुक्त हुन्छ भन्ने निर्णय गरियो। यही निर्णय महारानी राजेन्द्रलक्ष्मीलाई जानकारी गराउँदा उनले पनि यसमा आफ्नो सहमति जनाइदिइन्।

लालमोहर लागेको राजा रणबहादुर शाहको नामबाट बोलावटको पत्रलाई पाउनासाथ बेतियामा रहेका भूतपूर्व काजी वंशराज पाँडे दौडादौड गरी तत्कालै नेपालमा आइपुगिहाले। यसपछि यिनको साबिकको काजीको पद थमौती भयो र यिनले आफ्नो कार्यभारलाई तत्कालै सम्हाली पनि हाले। "लमजुङ अभियानका निमित्त त्यस राज्यबारे विशेष ज्ञान भएका भूतपूर्व चौतारा दलमर्दन शाहलाई पनि सहभागी गराउन पाए राम्रो हुने थियो" भन्ने आफ्नो विचार काजी वंशराज पाँडेले महारानी राजेन्द्रलक्ष्मीका हजुरमा बिन्ती जाहेर गर्दा महारानीले पनि यसमा सहमति जनाइदिइन् र निर्वासनमा रहेका राजकुमार दलर्मदन शाह पनि नेपालमा बोलाइए। यसै कामका निमित्त काजी वंशराज पाँडेका भाइ दामोदर पाँडे पनि काजीकै पदमा पुनः नियुक्त गरिए।

यति बेला नेपालमा लडाका सैनिकहरुको कुनै कमी थिएन। यसैले आफ्नो नेतृत्वमा रहेका सैनिकहरुलाई साथमा लिई गोरखामा पुगेर तनहुँ राज्यका प्रभावशाली भारदारहरुका रुपमा 'पन्त'हरुलाई आफ्नो पक्षमा मिलाएर दक्षिणतर्फबाट लमजुङ राज्यलाई घेरा दिई काजी वंशराज पाँडेले एउटा छरितो सैन्यदलका साथ सरदार अमरसिंह थापा (बडा)लाई कास्की राज्यतर्फ पठाइदिए। 'दाह्रे गौंडा'को द्यौरालीमा बसेर निश्चिन्त भई आमोदप्रमोदमा मस्त पर्वत राज्यका राजा कीर्तिबम मल्ललाई सरदार अमरसिंह थापाको नेतृत्वमा रहेका नेपाली सैनिकले एक्कासि घेरा दिँदा पक्राउमा पर्ने भय रहेकाले भेष बदली रातारात गरी त्यहाँबाट पैदलै पलायित भई आँधी खोलालाई पार गरेर मात्र यिनले दम लिएका थिए (विसं १८३९ असार १८ गते, तदनुसार २६ जुन इसं १७८२)।

कास्की राज्यको सुरक्षाका निमित्त आवश्यक सुप्रबन्ध मिलाएर काजी वंशराज पाँडेले लमजुङ राज्यको राजधानी 'तार्कु'मा घेरा दिन असोज महिनाको मध्यदेखि लगातार ठानाहरु स्थापित गर्दै प्रायः बिनालडाइँ नै राज्यको राजधानीतर्फ बढ्दै गएर 'बोराङ', 'चिती' 'चिसापानी', 'लाखाजुङ' तथा 'रागिनास' आदि ठानाहरुमाथि आफ्नो अधिकार स्थापित गर्दै अन्त्यमा राजधानी तार्कुमाथि पनि आफ्नो अधिकार स्थापित गरिदिँदा (विसं १८३९ कात्तिक १९ गते, तदनुसार १ नोभेम्बर इसं १७८२) त्यहाँ रहेका राजा वीरमर्दन शाहका साथै शरणार्थीका रुपमा रहेमा तनहुँ राज्यका राजा हरकुमारदत्त सेन पनि मनाङको बाटो गरी हिमाल पार रहेको मुस्ताङ राज्यमा उत्रिई कालीगण्डकी नदीको किनारलाई पक्रिएर फेरो मारी राजा हमरकुमारदत्त सेनको तराई क्षेत्रमा रहेको अचेल 'रामनगर'को नामले प्रसिद्ध रहेको जमिनदारीमा पुगेर मात्र दुवै राजाहरुले सुरक्षाका आआफ्ना लामा सास फेरेका थिए।

यति बेला राजा वीरमर्दन शाहका जहानपरिवार लमजुङ राज्यको राजधानी तार्कुमै छुटेका थिए। "आफ्ना जहानपरिवारलाई लिएर जान पाएमा काशीवास बस्नका निमित्त जाने थिएँ" भनी राजा वीरमर्दन शाहले रामनगरबाटै महारानी राजेन्द्रलक्ष्मीका नाममा अनुरोधपत्र पठाउँदा महारानीले पनि "लमजुङ राज्यका राजपरिवारलाई सम्मानका साथ पठाइदिनू" भन्ने आदेश प्रदान गरिदिएकी थिइन्।

लमजुङ राज्यमाथि नेपाल अधिराज्यको अधिकार स्थापित गरी काजी वंशराज पाँडे राजधानी काठमाडौंमा फर्किएपछि पनि लगभग छ महिनासम्म छलफल हुँदै रहँदा अन्त्यमा आएर कास्की राज्यका राजा सिद्धिनारायण शाहले नेपाल अधिराज्यको आश्रयमा रहन स्वीकार गरिदिए। यसै समझदारीअनुसार दुई राज्यका बीचमा नयाँ सन्धिपत्र पनि सम्पन्न गरियो (विसं १८४० जेठ ६ गते, तदनुसार १६ मे इसं १७८३)। यसपछि राजा सिद्धिनारायण शाह आफ्नो राज्यको राजधानीमै फर्किएर आए।

किराँत प्रदेशमा सिक्किमे सैनिकहरुले आक्रमण गर्दा त्यहाँ घरवास भएका लिम्बूहरुमध्ये केही मात्र विपक्षी सैनिकहरुका साथ मिलेका थिए। अधिकांश लिम्बूहरु

नेपाल सरकारप्रति बफादार थिए। राजकुमार ध्वजवीर सेनको देहान्तपछि सिक्किमे सैनिकहरुको पनि मस्ती गलेकाले आफ्ना सेनानायकहरुको सल्लाहअनुसार आफूहरुप्रति बफादार रहेका प्रतिष्ठित लिम्बूहरुलाई सम्मान गर्न भनी महारानी राजेन्द्रलक्ष्मीले उनीहरुलाई राजधानी काठमाडौंमा बोलाइएकी थिइन्। तैपनि यतिन्जेलसम्म कास्की राज्यसँग शान्तिसम्झौता सम्पन्न भइनसकेकाले पश्चिमतर्फ लडाइँको वातावरण कायमै थियो। यसैबीचमा कास्की राज्यले नेपाल अधिराज्यको आश्रयमा रहन स्वीकार गरिदिएकाले काठमाडौंमा जम्मा भएका लिम्बू, सुब्बाहरुलाई महारानीले सम्मानस्वरुप औकातअनुसार खुँडा, बन्दुक तथा धनुषकाण र आवश्यक बाटाखर्च पनि दिएर बिदा गरिदिएकी थिइन्।

यसपछि पल्लो किराँत तथा मोरङको तराई क्षेत्रहरुमा पनि पूर्ण रुपमा शान्ति स्थापना हुन आयो र काजी स्वरुपसिंह कार्की तथा सरदार प्रबल रानाहरुलाई त्यहाँ नै राखी बख्सी अभिमानसिंह बस्नेतलाई राजधानी काठमाडौंमा बोलाइयो।

सिरानचोकगढीमा सम्पन्न भएको लडाइँमा सेनाका सामान्य सुवेदारका रुपमा कार्यरत भीम खवास उक्त लडाइँ सम्पन्न हुनेबित्तिकै काठमाडौंमा आएर महारानी राजेन्द्रलक्ष्मीका हजुरिया बन्न आई अप्रत्याशित रुपमा एकाएक मन्त्रीसरहको 'टक्सारी'को पदमा नियुक्त भए। यति बेला काजी वंशराज पाँडेले "प्रमुख काजी वा मुख्य मन्त्रीको पद त मेरो आफ्नै एकलौटी हक तथा अधिकारको पनि हो" भन्ने सम्झिरहेका थिए। यसैबीचमा महारानीले भीम खवासलाई मन्त्रीसरहको टक्सारीको पदमा नियुक्त गरी आफ्ना प्रमुख सल्लाहकारका रुपमा स्थापित गराइदिएपछि काजी वंशराज पाँडेलाई असह्य भएको थियो। यही असन्तुष्टिको छनक पाएर नै महारानी राजेन्द्रलक्ष्मीले यिनलाई फेरि पनि नेपाल अधिराज्यबाटै निर्वासित गराइदिइन्।

३.५ कालीगण्डकी नदीपूर्वका चौबीसे राज्यहरुमा अधिकार र महारानी राजेन्द्रलक्ष्मीको देहान्त

राजा मुकुन्द सेन (द्वितीय)को देहान्तपछि पाल्पा राज्यमा यिनका जेठा छोरा युवराज महादत्त सेन राजा भए। राजसिंहासनमा विराजमान हुनेबित्तिकै यिनी पनि आफ्ना पिताजी जस्तै नेपाल अधिराज्यका विरोधीका रुपमा देखापरे। यसैले नेपाल अधिराज्यको नियन्त्रणमा रहेको उपर्दाङगढीमाथि आक्रमण गरी त्यस गढीमा आफ्नो अधिकार स्थापित गर्ने उद्देश्यअनुसार यिनले नेपाल अधिराज्यका तर्फबाट त्यस गढीका संरक्षक सरदार रामकृष्ण कुँवरलाई अनेकौं लोभलालच देखाई आफूतर्फ मिलाउन पत्र पनि लेखेका थिए (विसं १८४० भदौ ३१ गते, तदनुसार १३ सेप्टेम्बर इसं १७८३)।

यो समचार प्राप्त भएपछि महारानी राजेन्द्रलक्ष्मी रिसले गर्दा यिनीदेखि आगो भइन् र यिनको राज्यलाई नै उन्मूलन गराइदिन कम्मर कसिन्। यस कामका निमित्त आफ्ना विश्वस्त भारदार टक्सारी भीम खवाससँग सल्लाह लिँदा उनले “अहिलेसम्ममा पल्लो किराँतमा लगभग शान्ति स्थापना भइसकेकाले त्यहाँ कार्यरत काजी स्वरुपसिंह कार्कीलाई नै पाल्पा अभियानका निमित्त सेनापति बनाउनु उचित हुनेछ” भन्ने सल्लाह दिएका थिए। उनको यसै सल्लाहअनुसार काजी स्वरुपसिंह कार्कीलाई बोलाउन बालक राजा रणबहादुर शाहका नामबाट बोलावटको पत्र पनि पठाइयो। आफू छँदाछँदै आफूमाथि विश्वास नगरी अगोरखाली भारदार काजी स्वरुपसिंह कार्कीलाई यसरी पाल्पा अभियानका निमित्त बोलाइँदा गोरखाली भारदार घरानाका काजी वंशराज पाँडेलाई महारानीदेखि चित्त दुख्नु स्वाभाविकै थियो। यस घटनापछि नेपाल अधिराज्यलाई परित्याग गरी यिनले विदेशतर्फ पलायित हुनुको प्रमुख कारण यही पाइन्छ।

बोलावटको पत्रअनुसार काजी स्वरुपसिंह कार्की राजधानी काठमाडौंमा आइपुगेपछि पाल्पा राज्यमा मात्र होइन, पर्वत राज्यमा पनि आफ्नो अधिकार स्थापित गरी अन्य चौबीसे राज्यका राजाहरुलाई पनि आफ्नो नियन्त्रणमा ल्याउन सैनिक योजनाहरु तयार पार्न थालिए। यसै योजनाअनुसार पाल्पा राज्यमा अधिकार स्थापित गर्न पाँच कम्पनीजति नेपाली सैनिकका साथ काजी अभिमानसिंह बस्नेत खटिए। यस्तै पर्वत राज्यमाथि अधिकार स्थापित गर्न अन्य काजी तथा सरदारहरुका साथ छ कम्पनीजति नेपाली सैनिकहरुका साथ काजी नरू शाह खटिए। यिनीहरु नुवाकोट (पल्लो) नामको एउटा सानो चौबीसे राज्यमाथि आफ्नो अधिकार स्थापित गर्न त्यस राज्यको अधिकार क्षेत्रभित्र रहेको 'बारपाग्मी' नामक ठाउँमा पुगी आफ्नो आड वा किल्ला बनाई त्यहीँ रहन थाले।

यति नै बेला यसै राज्यको 'कृस्ती' नामक ठाउँमा नुवाकोटे सैनिकहरुले पनि नयाँ आड वा किल्ला बनाउन थालेको खबर पाई तीन कम्पनीजति नेपाली सैनिक गई आक्रमण गरेर त्यस आड वा किल्लामाथि आफ्नो अधिकार स्थापित गराइदिँदा राजा अरिदमन शाह त्यहाँबाट पलायित भए (विसं १८४० फागुन ३ गते, तदनुसार ९ मार्च इसं १७८४)। यसपछि एक कम्पनीजति नेपाली सैनिकलाई सुरक्षाका निमित्त त्यहीँ राखी अन्य सैनिक भने बारपाग्मी नै फर्किए। यसको केही दिनपछि तीन कम्पनीजति नेपाली सैनिकले गएर दक्षिणतर्फ रहेको 'पैयुँ' नामक अर्को सानो चौबीसे राज्यमाथि अधिकार स्थापित गरी त्यस राज्यका राजालाई पनि त्यहाँबाट भगाइदिए।

पाल्पा राज्यतर्फ लाग्दा काजी अभिमानसिंह बस्नेतले तनहुँबाट दक्षिणतर्फ लागी कालीगण्डकी नदीलाई पार गरेर गैंडाकोट (नवलपुर)मा उत्रने उद्देश्यअनुसार महाभारत पर्वतमालालाई पार गरेका थिए। यस क्रममा बाटामा परेका 'सिलुवापिलुवा' आदि ससाना पाल्पाली ठानाहरुमाथि आफ्नो अधिकार स्थापित गर्दै अघि बढी थाल्हुङमा भएको एउटा सानो सैनिक मुठभेडमा विजय हासिल गर्न सफल भएर यसको अर्को दिन पाल्पा राज्यको राजधानी तानसेनमा पनि यिनले आफ्नो अधिकार स्थापित गराइदिए

(चैत २६ गते, तदनुसार ४ अप्रिल)। यसबाट राजा महादत्त सेन आफ्नो राज्यको राजधानी तानसेनबाट पलायित भई तराई क्षेत्रमा रहेको बुटवलतर्फ लाग्न विवश भए। पछि बुटवल क्षेत्रमा रहेका पाल्पाली प्रमुख प्रशासक पनि नेपाल अधिराज्यको पक्षमा खडा हुँदा राजा महादत्त सेन त्यहाँबाट पनि पलायित भई 'अर्घा' राज्यको आश्रयमा जानका निमित्त विवश भएका पाइन्छन्।

पर्वत राज्यका राजा कीर्तिबम मल्लले पनि यति बेला आफ्नो सुरक्षाको पूरापूर तयारी गरी र आफ्नो सङ्गठनमा रहेका 'सतहुँ' राज्यका राजालाई पनि सक्रिय तुल्याई आफ्ना सैनिकहरुलाई 'बहरेको लेक'मा उतार्दा काजी नरु शाह 'पैयुँ' राज्यलाई परित्याग गरी त्यहाँ रहेका नेपाली सैनिकहरुलाई 'बारपाग्मी'मै फिर्ता ल्याउन विवश भए। यसैबीचमा कास्की राज्यका राजा सिद्धिनारायण शाहले नेपाल सरकारका विपक्षीहरुसँग मिली नेपालका बाल कराजा रणबहादुर शाहको नाममा गरिदिएको 'धर्म तामापत्र'लाई भाङ्ग्रामा बेरी कृस्तीमा रहेको नेपाली सैन्यशिविरमा फाल्न लगाएर नेपाल अधिराज्यसँग केही महिनापहिले मात्र सम्पन्न भएको सन्धिपत्रलाई भङ्ग गरिदिएको मौन सूचनालाई धृष्टतापूर्वक प्रसारित गराइदिए।

यो समाचार राजधानी काठमाडौंमा आइपुगेपछि नुवाकोट (पल्लो)मा रहेको नेपाली सैनिक दल विपक्षी सैनिकहरुको घेरामा पर्ने खतरा अनुभव हुन आयो र यसबाट आफ्ना सल्लाहकारको सल्लाहअनुसार महारानी राजेन्द्रलक्ष्मीले बालक राजा रणहादुर शाहको नामबाट दुवैतर्फबाट गएका सैनिकहरुलाई तत्कालै स्वदेशमा फर्केर आउने आज्ञा जारी गिरदिइन्। यसै आज्ञापत्रअनुसार काजी नरु शाहले नुवाकोट (पल्लो) राज्यलाई परित्याग गरी आफ्नो नेतृत्वमा रहेका सैनिकहरुलाई लमजुङमा उतारे र यसको पाँच दिनजति पछि काजी अभिमानसिंह बस्नेतले पनि पाल्पा राज्यलाई परित्याग गरी आफ्नो नेतृत्वमा रहेका सैनिकहरुलाई लमजुङमै उतारिदिए (विसं १८४१ जेठ ३० गते, तदनुसार ८ जुन इसं १७८४)।

उता पर्वत राज्यको सैन्यदल भने लमजुङ राज्यको पश्चिमी भेगमा रहेको 'मकै डाँडा' नामक ठाउँलाई आफ्नो नियन्त्रणमा लिई त्यहीँ आएर रहन थाल्यो (असार १२ गते, तदनुसार २२ जुन)। यो समाचार राजधानी काठमाडौंमा आइपुग्नेबित्तिकै महारानी राजेन्द्रलक्ष्मीले काजी स्वरुपसिंह कार्कीको नेतृत्वमा एक कम्पनीजति नेपाली सैनिकहरुलाई झटपट त्यतातर्फ पठाइदिइन् र यस सैन्यदलले मकै डाँडामा मुकाम गरेर बसिरहेका आफ्ना विपक्षी सैनिकहरुमाथि तुरून्त जोडदार आक्रमण गरी पनि हाल्यो। नेपाली सैनिकहरुको यस आक्रमणले गर्दा विपक्षी सैनिकहरु त्यहाँबाट भागाभाग गर्न विवश भए र पर्वत राज्यका प्रमुख सेनापति गणेश मल्ल युद्धक्षेत्रमै पक्रिए। यस सफल अभियानपछि काजी स्वरुपसिंह कार्की राजधानी काठमाडौंमा आए र काजी अभिमानसिंह बस्नेत तथा काजी नरु शाहले भने आआफ्ना नेतृत्वमा रहेका सैनिकहरुलाई तनहुँका अलगअलग ठाउँमा ल्याएर राखी यस वर्षको पूरा बर्सात त्यहीँ बिताइदिए।

यसै समयमा यता राजधानी काठमाडौंमा महारानी राजेन्द्रलक्ष्मीको शरीरमा सम्भवतः क्षयरोगका लक्षणहरु देखापर्न थालेका थिए। यसबाट हताश भई आफ्ना बालक छोरा राजा रणबहादुर शाहको भविष्यको चिन्ताले गर्दा यसलाई सुनिश्चित पार्नका निमित्त यिनले टक्सारी भीम खवास तथा काजी स्वरुपसिंह कार्कीहरुको सल्लाह एवम् सुझावअनुसार आफ्ना ससुरा राजा पृथ्वीनारायण शाहको जीवनकालपछि देशबाट पलायित भई लगभग बेपत्ता भइरहेका भूतपूर्व काजी दलजित शाहलाई राजधानी काठमाडौंमा फिर्ता बोलाइन् र साबिकको 'काजी'को पदमा फेरि पनि नियुक्त गरिदिइन् (विसं १८४१ असोज ३० गते, तदनुसार १२ अक्टोबर इसं १७८५)।

बालक राजा रणबहादुर शाहको व्रतबन्धका निमित्त उपयुक्त समय हुन सामान्यतया अझै पनि एक वर्षजतिको समय बाँकी थियो। तर आफू रोगग्रस्त भएकीले समयमै शुभकार्य सम्पन्न गर्नु उचित हुने सम्झिई महारानी राजेन्द्रलक्ष्मी आफ्ना भाइभारदारलाई लिएर आफ्नो पुर्ख्यौली गोरखा राज्यको राजभवनमा पुगिन्। यस शुभकार्यका निमित्त

प्रवासमा गएर बसेका राजकुमार बहादुर शाहलाई पनि निमन्त्रणा पठाइएको थियो। यसै निमन्त्रणाअनुसार उनी गोरखामा आएर आफ्ना भतिजा राजा रणबहादुर शाहको व्रतबन्ध संस्कारको शुभ समारोहमा सम्मिलित भए पनि।

राजकुमार बहादुर शाह अत्यन्त नै शङ्काधारी व्यक्ति थिए। यसैले यिनका शङ्कालाई निर्मूल पार्न पहिलेदेखि नै यिनका पक्षपाती भएर रहँदै आएका राजकुमार दलजित शाहलाई काजी पद प्रदान गरिएको थियो। यसबाट "भाउजूको विचारमा बल्ल सुधार आएछ, बल्ल हामीलाई सम्झिइन्" भन्ने विचार गरी राजकुमार बहादुर शाह प्रवासबाट राजधानी काठमाडौंमा फर्किएर आएका थिए। व्रतबन्ध संस्कार सम्पन्न हुँदा बालक राजा रणबहादुर शाहलाई राजगुरू यदुनाथ मिश्रले सावित्र मन्त्र सुनाए (विसं १८४१ माघ ९ गते, तदनुसार १८ जनवरी इसं १७८५)।

व्रतबन्ध संस्कार सम्पन्न गरी महारानी राजेन्द्रलक्ष्मी गोरखाबाट काठमाडौंतर्फ फर्कंदा राजकुमार बहादुर शाह पनि साथसाथै फर्किएर आए। यस समारोहमा सम्भवतः निर्वासनमा रहेका भूतपूर्व काजी वंशराज पाँडेलाई पनि निमन्त्रणा पठाइएको थियो। यसरी बोलाउँदा यिनलाई कास्की अभियान सञ्चालन गर्ने जिम्मेवारी पनि सुम्पने आश्वासन दिइएको हुँदो हो। तर राजभवनभित्र अझै पनि आफ्ना प्रतिस्पर्धी काजी स्वरुपसिंह कार्कीको हालीमुहाली कायमै रहेकाले व्रतबन्ध समारोहका निमित्त गोरखामा उपस्थित नभई यिनी "आऊँ वा नआऊँ" भन्ने दोमन गर्दै पछि राजधानी काठमाडौंमा आउन त आए (विसं १८४१ फागुन ३० गते, तदनुसार ९ मार्च इसं १७८५)। तर यिनी यहाँ आइपुगेको डेढ महिना पनि बित्न पाएको थिएन, यिनको विरूद्धमा एउटा भयङ्कर कल्पित आरोप लगाई रातमै कचहरी बसाएर अपराधी घोषित गरी यिनी त्यतिखैरै, रातैमा राजभवन परिसरभित्र रहेको भण्डारखाल बगैंचामा काटिए (विसं १८४२ वैशाख १२ गते, तदनुसार २१ अप्रिल इसं १७८५)।

आफ्नो राष्ट्र तथा राजाहरुप्रति पुस्तौनी रुपमा सदा बफादार रहँदै आएका निरपराध भूतपूर्व काजी वंशराज पाँडेको यस अमानुषिक हत्याबाट राजकुमार बहादुर शाहको मन

दुःखित हुनु स्वाभाविकै थियो। तर यति बेला यिनी अधिकारविहीन भएर एक तरहले नजरबन्द जस्तै भएर रहेकाले यस हत्याकाण्डको विरोधमा यिनले केही बोल्ने आँट गर्न सकेनन् र यत्तिकै खुम्चिएर रहन विवश भए।

भूतपूर्व काजी वंशराज पाँडेको हत्या भएको लगत्तै पछि महारानी राजेन्द्रलक्ष्मीले कास्की राज्यमाथि आफ्नो अधिकार स्थापित गर्न भनी काजी दलजित शाह तथा काजी स्वरुपसिंह कार्कीलाई पनि यस कामका निमित्त खटाइदिइन्। यस कामका निमित्त आवश्यक पर्ने पर्याप्त सैनिकहरु तनहुँमा थिए। तैपनि आवश्यक थप सैनिकहरु लिएर काजी दलजित शाह तथा काजी स्वरुपसिंह कार्की कास्की राज्यमा पुग्दा बिनालडाइँ नै यस राज्यको 'रुपाकोट' तथा 'अर्घौं' एकएक दिनमा दख्खल भई तेस्रो दिनका दिन एउटा सानो मुठभेडमै राजधानी 'सराङ्कोट'मा पनि नेपाल अधिराज्यको अधिकार स्थापित हुन आयो (विसं १८४२ असार १ गते, तदनुसार ११ जुन इसं १७८५)। यसबाट राजा सिद्धिनारायण शाह मुस्ताङ राज्यमा रहेको मुक्तिनाथतर्फको बाटो गरी प्रवासतर्फ पलायित हुन विवश हुँदा कास्की राज्य पनि सजिलै नेपाल अधिराज्यमा समाहित भयो।

ससाना अन्य चौबीसे राज्यहरुमा अधिकार स्थापित गर्न भनी काजी अभिमानसिंह बस्नेत राजधानी काठमाडौंबाट खटिका थिए। यसै क्रममा 'सतहुँ' राज्यका राजा भूपनारायण शाह नेपाल अधिराज्यको आधिपत्य स्वीकार गर्ने गरी नेपाली सेनाका सेनानायकहरुका शरण परेका थिए (असार ७ गते, तदनुसार १७ जुन)। 'गरहुँ' राज्यका राजा भक्त खान यति बेला नौ वर्षका बालक थिए। यिनका संरक्षकहरुले पनि केही दिनपछि यिनलाई नेपाल सरकारको आश्रयमा सुम्पिदिए। यसपछि क्रमैसँग 'रिसिङ' राज्यका राजा वेणीप्रसाद र 'चरिकोट' राज्यका राजा चक्रपति खान पनि नेपाल सरकारको आश्रयमा आउन विवश भए। यस सैनिक अभियानमा 'ढोर' तथा 'पैयुँ' जस्ता ससाना राज्यका राजा भने पर्वत राज्यका राजा कीर्तिबम मल्लको पक्षमा लागी विद्रोही बनेकाले उनीहरुले आआफ्ना राज्यहरुको अस्तित्वलाई गुमाए। तर नेपाल

सरकारको आश्रयमा आउने 'सतहुँ', 'गरहुँ' तथा 'रिसिङ' राज्यका राजा भने आआफ्नो राज्यको अस्तित्व जोगाउन सफल रहे।

यस सफल सैनिक अभियानपछि काजी स्वरुपसिंह कार्की कास्कीका प्रमुख प्रशासक भएर पोखरामा रहे र काजी दलजित शाह पनि नेपाली सेनाका सेनापतिका रुपमा त्यहीँ रहन थाले। नेपाल सरकारको आश्रयमा आएका चौबीसे राज्यका राजाहरुलाई साथमा लिई काजी अभिमानसिंह बस्नेत भने यसपछि राजधानी काठमाडौंमै फर्किए।

महारानी राजेन्द्रलक्ष्मीले यतिन्जेलसम्म आफ्ना देवर राजकुमार बहादुर शाहलाई निरन्तर सताउँदै आएकी थिइन्। यसैले यसको बदला लिएर उनले आफ्ना बालक छोरा राजा रणबहादुर शाहको राज्याधिकार नै हडप पो गरिदिने हुन् कि भन्ने चिन्ताले गर्दा उद्विग्न भई यिनले टक्सारी भीम खवास तथा काजी स्वरुपसिंह कार्कीहरुको सल्लाह तथा सुझावअनुसार यिनको राजनीतिक शक्तिलाई क्षीण गराउन नै यिनका पक्षपातीका रुपमा रहँदै आएका काजी वंशराज पाँडेलाई मिथ्या अपराध लगाई मृत्युदण्ड दिलाइदिएकी थिइन्। अब आफ्नो अन्तिम योजनालाई कार्यान्वयन गर्न महारानीले राजकुमार बहादुर शाहलाई नै एक्कासि पक्रिएर राजधानी काठमाडौंबाट १५ किलोमिटरजति दक्षिणतर्फ फर्पिङमा रहेको एउटा पुरानो किल्लामा लगेर कडा निगरानीमा राखिदिइन् (विसं १८४३ असार १२ गते, तदनुसार २२ जुन इसं १७८६)। यो यिनको तेस्रो पटकको कारावास थियो।

महारानी राजेन्द्रलक्ष्मीका इच्छा तथा आकाङ्क्षा जस्तासुकै भए पनि विधिको विधान भने यति बेला अर्कै थियो। यसैले राजकुमार बहादुर शाह कैदमा परेको १२ दिनपछि नै महारानी राजेन्द्रलक्ष्मीको देहान्त हुँदा नेपाल अधिराज्यको राज्यप्रशासन फेरि पनि लथालिङ्ग हुन आयो (साउन २ गते, तदनुसार १४ जुलाई)।

महारानी राजेन्द्रलक्ष्मीको प्रशासनकालमा विसं १८४१ को अन्त्यसम्म भारतमा इस्ट इन्डिया कम्पनीका गभर्नर जनरल वारेन हेस्टिङ्सको शान्तिमय राज्यप्रशासन

चलिरहेकाले नेपाल अधिराज्यको दक्षिणी सिमानातर्फ प्रायः शान्ति थियो। उत्तरी सिमानातर्फ भने यिनको प्रशासनकालको प्रारम्भदेखि नै तिब्बतसँगको व्यापार सम्बन्धमा गतिरोध आइसकेकाले यस समस्याले उग्ररुप धारण गर्न थालिसकेको थियो। तैपनि यिनले आफ्नो पुगनपुग नौ वर्षको प्रशासनकाललाई लगभग शान्तिपूर्वक बिताएकी थिइन्।

महारानी राजेन्द्रलक्ष्मी अवश्य पनि दह्रिली प्रशासिका थिइन्। आफ्नो भरिलो जवानीमा 'विलासमन्दिर'को राजसी सुखसयलमा हुर्केबढेकीले यिनको स्वभाव दृढ तथा साहसिलो पनि नहुनु स्वाभाविकै थियो। यिनका पति राजा प्रतापसिंह शाह शान्त प्रकृतिका थिए। तर आफूमाथि विपत्तिहरु आइपर्दा भने महारानी राजेन्द्रलक्ष्मीले आफ्नो दृढताको परिचय राम्रैसँग दिएकी थिइन्। राजनीतिक सङ्घर्षमा राजकुमार बहादुर शाह जस्ता प्रभावशाली व्यक्तिलाई पनि शासनसत्ताबाट पाखा लगाउन सक्नुबाट यिनको व्यक्तित्व तथा दृढताको पनि सजिलैसँग परिचय प्राप्त गर्न सकिन्छ।

यस क्षेत्रमा आबाद भएर रहेका ससाना सबै पहाडी राज्यहरुलाई मिलाएर नेपाल अधिराज्यको एकीकरण गर्ने राजा पृथ्वीनारायण शाहको जुन महत्वाकाङ्क्षा थियो, त्यसलाई लगातार छ वर्षसम्म रोकिराख्नुले भने यिनको नारीसुलभ कातर्यलाई प्रकट गर्छ। राजकुमार बहादुर शाह यिनको यसै नीतिका सख्त विरोधी थिए। यति हुँदाहुँदै पनि यिनको प्रशासनकालमा नेपाल अधिराज्यको यो विस्तार यिनको कालीगण्डकी नदीसम्म फैलिएको थियो। तर नेपाल अधिराज्यको यो विस्तार यिनको इच्छा तथा आकाङ्क्षाले होइन, आक्रमणकारी विपक्षी राजाहरुलाई दपेट्न जाँदा संयोगले मात्र हुन गएको पाइन्छ।

आफ्ना देवर राजकुमार बहादुर शाह जस्ता प्रभावशाली व्यक्तिसँग विरोध नगरी आपसमा मेलमिलाप कायम गरेर यिनले आफ्ना ससुरा राजा पृथ्वीनारायण शाहका नीति तथा कार्यक्रमलाई क्रमशः कार्यान्वयन गर्नेतर्फ समयमै समुचित ध्यान दिन सकेकी भए नेपाल अधिराज्यको विस्तार यिनको जीवनकालमै प्रशस्त मात्रामा भइसक्ने थियो।

र पछि राजकुमार बहादुर शाहले जुन किसिमको यश तथा ख्याति पनि आर्जन गर्न समर्थ भएका थिए, त्यस्तो यश तथा ख्याति यिनले त्यति बेलै आर्जन गर्न सक्ने थिइन्। यिनको नाम नेपालको इतिहासमा अमर रहने थियो। तर नारीजातिमा सामान्यतया रहने शङ्का, डाह तथा चञ्चलता आदि स्वाभाविक प्रवृत्तिहरुले गर्दा देवरभाउजूका बीचमा प्रायः कहिल्यै पनि मेल हुन सकेन। यसबाट राज्य एकीकरणको वेग रोकिएको रोकियै हुन गई नेपाल अधिराज्यका निमित्त ठूलो हानि हुन आयो। यसबाट भारतमा क्रमशः विस्तारित हुँदै आइरहेको नेपाल अधिराज्यको प्रतिस्पर्धी कम्पनी सरकारले आफ्नो राजनीतिक तथा सामारिक स्थिति सुदृढ पार्ने अमूल्य अवसर प्राप्त गर्न सक्यो।

नेपाल अधिराज्यको एकीकरण अभियानलाई समयमै पूरा गर्न सकिएको भए एकीकृत नेपाल अधिराज्यका सम्पूर्ण भूभागहरुमा समयमै शान्ति तथा सुव्यवस्था पनि स्थापित गर्न सजिलो हुने थियो। यसबाट नेपाल र अङ्ग्रेज युद्धमा नेपाल अधिराज्यले आफ्नो अपमानजनक पराजयलाई भोग्नुपर्ने थिएन। आफ्नो विशाल भूभाग गुमाउनु पनि पर्ने थिएन। यही नै अहिलेलाई दुःखको कुरा हुन आएको छ।

३.६ राजकुमार बहादुर शाहको मुख्तियारी

महारानी राजेन्द्रलक्ष्मीको देहान्तपछि "अब केकसो पो गर्ने होला?" भन्ने नेपाल अधिराज्यको राजभवनमा ठूलो खलबली मच्चियो। राजा रणबहादुर शाह यति बेला ११ वर्षका बालकै थिए। यिनका एक मात्र काका राजकुमार बहादुर शाह राजधानी काठमाडौंदेखि १५ किलोमिटरजति पर फर्पिङमा रहेको एउटा पुरानो किल्लामा नजरबन्दमा थिए। काजी दलजित शाहले यति बेला कास्की राज्यमाथि भर्खरै मात्र नेपाल अधिराज्यको अधिकार स्थापित गराइदिएका थिए। काजी अभिमानसिंह बस्नेत पनि त्यतैतर्फ गएका थिए। यिनीहरुले रातरात राजधानी काठमाडौंमा आएर भारदारी सभा आयोजना गरी बसाली सरसल्लाह गर्दा "अहिलेको यस विषम परिस्थितिमा राजकुमार बहादुर शाहलाई नजरबन्दबाट मुक्त नगराई समस्या समाधान हुन सक्दैन" भन्ने निर्णय भयो।

यसै अवसरमा एक जना बूढा 'ददा'ले अघि सरी "राजकुमार बहादुर शाहलाई तुरून्त राजभवनमा बोलाइहाल्नुपर्छ" भन्ने आफ्नो प्रस्ताव प्रस्तुत गरिदिएका थिए। यसमा प्रायः सबै पुराना भारदारको सहमति रहेकाले यिनलाई फर्पिङबाट तत्कालै राजभवनमा बोलाउने निर्णय गरियो। स्वर्गवासी महारानीका १० दिनसम्मका काजकिरिया त चौतारा बलभद्र शाहले गरेका थिए। तर स्वर्गवासी महारानीको सपिण्डी श्राद्ध भने सबैभन्दा नजिकका बन्धुका हैसियतले राजकुमार बहादुर शाहको हातबाटै गराउनुपर्ने भएको हुँदा आशौचको दसौं दिनका दिन यिनी बन्धनमुक्त गरिए र बाह्रौं दिनका दिन गरिनुपर्ने महारानीको सपिण्डी श्राद्ध यिनकै हातबाट गरियो। यसपछि सबै भारदारहरुको सल्लाह तथा सहमतिअनुसार बालक राजा रणबहादुर शाहका प्रतिनिधिका रुपमा 'मुख्तियार'

भई नेपाल अधिराज्यको राज्यभार पनि यिनले नै सम्हाले (विसं १८४३ साउन २२ गते, तदनुसार २३ जुलाई इसं १७८६)।

राज्यभार वहन गर्नेबित्तिकै यिनले बालक राजा रणबहादुर शाहको नामबाट लालमोहर लागेको आज्ञापत्र जारी गराई सर्वप्रथम कास्कीमा कार्यरत आफ्ना चिरप्रतिद्वन्द्वी काजी स्वरुपसिंह कार्कीलाई निर्दयतापूर्वक त्यहीँ कटाइदिए। यिनको विचारमा केही वर्षदेखि नेपाल अधिराज्यमा लगातार घटिरहेका सम्पूर्ण अनर्थका मूल कारण काजी स्वरुपसिंह कार्की नै थिए। "यिनले नै आफ्ना दाजु राजा प्रतापसिंह शाह तथा भाउजू महारानी राजेन्द्रलक्ष्मीलाई पनि आफ्ना विरोधी बनाइदिएका हुन्" भन्ने राजकुमार बहादुर शाहको सोचाइ थियो। यसैले "यिनको दमन नगरी अधिराज्यमा शान्ति तथा सुव्यवस्था पनि कायम हुन सक्दैन" भन्ने धारणा राखी यिनले काजी स्वरुपसिंह कार्कीलाई अनाहकमै कटाइदिएका थिए। यसपछि नयाँ 'पजनी' हुँदा यिनले आफ्ना विरोधीका रुपमा देखापर्न आएका आफ्नै काकाका छोरा चौतारा बलभद्र शाहलाई कुनै पनि राजकीय पद प्रदान नगरी यत्तिकै ढाक्रे राखिदिएका थिए।

महारानी राजेन्द्रलक्ष्मी जीवित छँदा नै पाल्पा राज्यका साथै कास्की राज्य पनि नेपाल अधिराज्यको नियन्त्रणमा आइसकेको थियो। अब कालीगण्डकी नदीभन्दा पश्चिमतर्फ रहेका चौबीसे राज्यहरुलाई नेपाल अधिराज्यभित्र समाहित गराउने पालो आइरहेको थियो। नेपाली सैनिकहरुले पश्चिमतर्फ अघि बढ्ने प्रयास गर्दा प्रायः पाल्पा तथा पर्वत राज्यका राजाहरुले बाधा पुऱ्याउने गरिरहेका थिए। यसैले कालीगण्डकी नदी पार हुन पाल्पा तथा पर्वत राज्यका राजाहरुसँग अब केकसो व्यवहार गरे उपयुक्त होला भनी सरसल्लाह गर्न राजकुमार बहादुर शाहले आफ्नी दिदी, सल्यान राज्यकी रानी विलासकुमारीलाई काठमाडौंमा बोलाए। यिनको आमन्त्रणअनुसार उनी स्वयम् यहाँ आइनन्। तर उनले आफ्ना छोरा युवराज रघुनाथ शाहीमार्फत आफ्ना रायसल्लाह पठाइदिइन्।

राजधानी काठमाडौं सहरमा बसेर आफ्ना भानिजसँग रायसल्लाह गर्नु उपयुक्त नहुने देखी राजकुमार बहादुर शाह उनलाई साथमा लिई गोरखामा पुगे। त्यहाँ मामा तथा भानिजबीच आवश्यक विचारविमर्श हुँदा पाल्पा राज्यलाई आफ्नो अनुकूल बनाउन पाल्पाली राजा महादत्त सेनकी राजकुमारीसँग राजकुमार बहादुर शाहको विवाह हुनु उपयुक्त हुने र यसबाट त्यस राज्यलाई नेपाल अधिराज्यको आश्रित बनाउन सजिलो पर्ने निर्णय गरियो। यस राज्यलाई आफ्नो अनुकूल बनाउन सकिए कालीगण्डकी नदीदेखि पश्चिमतर्फ रहेका प्रायः सबै चौबीसे राज्यहरुलाई सजिलैसँग आफ्नो नियन्त्रणमा ल्याउन सकिन्छ भन्ने पनि यस बैठकमा निर्णय गरियो।

गुल्मी राज्यका राजाका काका भूतपूर्व चौतारा शिव शाह आफ्नो राज्यबाट निकाला भएकाले यिनताक तनहुँ राज्यको जमिनदारी, आजभोलिको रामनगरमा गएर बसिरहेका थिए। यिनताकसम्ममा यिनका एक मात्र छोराको देहान्त भइसकेको थियो। आफ्नी ल्याइता रानी र विवाहिता रानीतर्फकी नातिनी विद्यालक्ष्मीलाई साथमा लिई यिनी त्यहाँ गएर बसिरहेका थिए। यिनलाई आफ्नो पक्षमा मिलाउन सकिए गुल्मी राज्यमाथि सजिलैसँग विजय प्राप्त गर्न सकिन्छ भन्ने पनि ठहर थियो। यसैले अन्त्यमा आएर विद्यालक्ष्मीसँग नै राजकुमार बहादुर शाहको विवाह हुने निर्णय भयो र उनलाई 'डोला'का रुपमा राजधानी काठमाडौंमा झिकाइयो पनि।

अब गुल्मी अभियानको जिम्मेवारी पनि 'चौतारा' शिव शाहलाई नै प्रदान गरियो। यिनको रेखदेखमा नेपाली सैनिकहरु एकाएक गुल्मी राज्यभित्र दाखिला हुन पुगे। काजी वंशराज पाँडेका भाइ दामोदर पाँडे भर्खरै मात्र काजीको पदमा नियुक्त भएका थिए। पर्वत राज्यमाथि आक्रमण गर्ने प्रमुख जिम्मेवारी यिनलाई नै दिइयो। यति बेला अधिराज्यका अर्का प्रभावशाली मन्त्री काजी अभिमानसिंह बस्नेत रहेका थिए। पूर्व तथा दक्षिणतर्फका सैनिक अभियानहरुमा मात्र सामान्यतया बस्नेत परिवारका भारदारहरुलाई सहभागी गराउने परम्परा थियो। तर पर्वत राज्यमाथिको सैनिक

अभियान सञ्चालन गर्दा भने यिनलाई पनि सेनानायकका रुपमा सहभागी गराइएको पाइन्छ।

कालीगण्डकी नदी किनार पुगेपछि नेपाली सैनिक विभिन्न समूहमा विभक्त भएर गुल्मी, अर्घा, खाँची, पर्वत, मुसिकोट, गलकोट तथा प्युठान राज्यहरुमा समेत आफ्नो अधिकार स्थापित गरी 'जाजरकोट' राज्यको सिमानासम्म पुग्न सफल रहे। जाजरकोट राज्यको सिमानामा अन्य केही ससाना पहाडी राज्य पनि थिए। यी राज्यहरुमाथि पनि नेपाल अधिराज्यको आधिपत्य स्थापित हुन आयो। यति बेला सल्यान राज्यभन्दा दक्षिणतर्फ भित्री मधेसमा 'माल्नेटा' नामक एउटा छुट्टै स्वतन्त्र राज्य थयो। यस राज्यमाथि पनि आफ्नो अधिकार स्थापित भएपछि राजकुमार बहादुर शाहले यो राज्य उपहारस्वरुप सल्यान राज्यका राजालाई सुम्पिदिए।

राजा पृथ्वीनारायण शाहको राज्यकालमै एउटा 'धर्मपत्र' सम्पन्न भई जाजरकोट राज्यका राजासँग नेपाल अधिराज्यको मैत्रीसम्बन्ध स्थापित भइसकेको थियो। उपर्युक्त धर्मपत्रअनुसार प्रतिवर्ष सात सय रूपैयाँ बुझाउने गरी नेपाल अधिराज्यको आश्रित राज्य बनेर रहन त्यस राज्यका राजाले स्विकारिसकेका थिए। उक्त राज्यको आन्तरिक प्रशासन भने त्यस राज्यका राजाले स्वयम् नै गर्न पाउने सुविधा त्यसै धर्मपत्रद्वारा प्रदान गरिएको थियो। पहिले सम्पन्न उपर्युक्त धर्मपत्रलाई यथावत् रुपमै कायम गरी नेपाली सैनिकहरु त्यहाँबाट राजधानी काठमाडौंमै फर्किए।

यस सफल सैनिक अभियानले गर्दा राजधानी काठमाडौंमा राजकुमार बहादुर शाहको चहकमहक निकै बढ्यो। यस उपलक्ष्यमा यहाँ ठूलो विजयोत्सव पनि मनाइयो। यस महोत्सवमा राजा महादत्त सेन आदि सबै आश्रित राज्यका राजालाई आमन्त्रण गरिएको थियो। बालक राजा रणबहादुर शाहका हातबाट उपर्युक्त सबै राज्यका राजाहरुलाई औचित्यअनुसार उपहारस्वरुप 'शिरोपाउ', हात्ती तथा घोडा पनि वितरण गरिए। आमन्त्रण गरिएका राजाहरुले पनि राजा रणबहादुर शाहका निमित्त आआफ्ना औकातअनुसारको भेटी तथा उपहार चढाएका थिए। यसै महोत्सवमा नेपाल सरकारलाई

आवश्यक सहयोगहरु उपलब्ध गराएको पुरस्कारस्वरुप पाल्पाली राजा महादत्त सेनलाई गुल्मी, अर्घा तथा खाँची राज्यका भूभागहरु प्रदान गरिएका थिए।

पर्वत राज्यको आश्रयमा रहँदै आएका मुस्ताङ राज्यका राजा आङ्ग्याल दोर्जे पनि नेपाल सरकारको आश्रयमा आएका थिए। यस राज्यका पश्चिमतर्फका केही गाउँ जुम्ला राज्यका राजालाई प्रदान गरी त्यस राज्यसँग पनि मैत्रीसम्बन्ध स्थापित गरियो। लडाइँमा प्रमुख भूमिका निर्वाह गरेबापत गुल्मी राज्यका भूतपूर्व चौतारा शिव शाहले आफ्नो राज्यको राजा बन्न पाउने अपेक्षा राखेका थिए। तर यिनले आफूले चिताएको यो उपहार प्राप्त गर्न सकेनन्। यसबाट खिन्न भएका यिनको यस केही समयपछि त्यहीँ देहान्त भयो।

यसपछि राजकुमार बहादुर शाहले मिसाहा सिक्काहरुको विषयलाई लिएर तिब्बत सरकारसँग लडाइँ नै लड्ने खतरनाक बाटोलाई अपनाइदिए। मल्ल राजा जयप्रकाश मल्लले आफ्नो राज्यकालमा कसर मिसाइएका चाँदीका सिक्का ढालिदिएका थिए। तिब्बती लिपि प्रयोग गरिएका यस्ता नेपाली सिक्का तिब्बतमा लगातार पठाइँदै आइरहेका थिए। राजा पृथ्वीनारायण शाहको राज्यकालमै यस्ता सिक्कालाई लिएर तिब्बत तथा नेपाल सरकारका बीचमा विवाद पैदा भइसकेको थियो। यही विवादलाई सौहार्दपूर्ण तरिकाले सुल्झाउन भनी उनले आफ्नो जीवनकालको अन्तिम समयमा नेपालबाट एउटा वाणिज्य शिष्टमण्डल तिब्बतर्फ पठाइदिएका पनि थिए। तर उनले पठाएको दूतमण्डल डिगर्चामा पुग्दा वा नपुग्दा यहाँ अप्रत्याशित रुपमा उनको देहान्त भएकाले तिब्बतसँगको सिक्कासम्बन्धी विवाद यत्तिकै अल्झिएको थियो।

पछि राजा प्रतापसिंह शाहको राज्यकालमा पनि 'पोताला लामा' (दलाई लामा)का प्रनिनिधि, सिक्किम राज्यका प्रतिनिधि तथा नेपाल सरकारका प्रतिनिधिसमेत भई नेपाल अधिराज्यअन्तर्गत रहेका खासामा दुई देशका बीचमा एउटा सन्धिपत्र (धर्मपत्र) पनि सम्पन्न भएको थियो। तर यो सन्धिपत्र राजा प्रतापसिंह शाहको राज्यकालभर पनि टिक्न सकेको थिएन।

राजा प्रतापसिंह शाहको राज्यकालपछि यस धर्मपत्रमा उल्लेख भएअनुसार नयाँ, शुद्ध चाँदीका सिक्काहरु ढाल्न आवश्यक पर्ने चाँदीहरु तिब्बती पदाधिकारीले पठाउन छाडेको र नेपाल सरकारले पुराना, कम गुणस्तरका खोटा सिक्कालाई शुद्ध चाँदीका नयाँ चोखा रूपैयाँहरुसँग बराबरीमा स्वीकार गर्न आनाकानी गरिदिएकाले दुई देशबीचको व्यापार सम्बन्ध लगभग ठप्प भएको थियो। 'खासा'मा सम्पन्न भएको उपर्युक्त सन्धिपत्रअनुसार तिब्बत तथा भारतका बीचको परम्परागत व्यापार नेपाल अधिराज्यको बाटोबाट मात्र हुनुपर्ने थियो। तर अब तिब्बतीहरुले नेपालतर्फ बाटोबाट व्यापार गर्न छोडी सिक्किमतिरबाट नयाँ बाटो खोली त्यसै बाटोबाट व्यापार गर्न थालिदिएका थिए।

यसपछि "पहिले सम्पन्न धर्मपत्रले कायम गरेको मर्यादालाई भङ्ग गरी किन यसरी सिक्किमतर्फबाट नयाँ बाटो खोली भारततर्फ एकलौटी रुपमा व्यापार गर्न थालिएको हो?" भनी महारानी राजेन्द्रलक्ष्मीको प्रशासनकालमा नेपाल सरकारका तर्फबाट तिब्बती उच्चपदस्थ पदाधिकारीसँग प्रश्न गरिँदा उनीहरुले "धर्मपत्रमा उल्लेख भएका सर्तअनुसार नयाँ सिक्काहरु ढाल्नका निमित्त हामीले तपाईंहरुलाई चोखा चाँदीहरु उपलब्ध गराउनुपर्नेमा हामीसँग हाल त्यस्ता चाँदीहरु नभएकाले उपलब्ध गराउन सकेनौं, हामीसँग चोखा चाँदीका नेपाली मोहरहरु नभएकाले सिक्किमतर्फबाट अर्को नयाँ बाटो खोल्न हामी बाध्य भएका हौं" भन्ने भावसम्म व्यक्त गरी तिब्बती पदाधिकारी यत्तिकै चुप रहेका थिए।

यसै स्थितिमा डिगर्चामा रहने 'टासी लामा' (दलाई लामा)को मठमा एकाएक एउटा ठूलो कलह पैदा भयो। आफ्ना शिष्यका रुपमा रहेका चीन साम्राज्यका सम्राट् 'छिया लुङ'लाई आशीर्वाद चढाउन भनी राजधानी पेकिङमा पुगेका त्यस मठका प्रमुख लामा 'पाल्देन येसे' त्यहाँबाट फर्केर आउँदा बीचबाटामै दिवङ्गत भएकाले तिनको कार्यभार तत्कालका लागि तिनका भाई 'स्याह्मार्पा लामा'ले सम्हालेका थिए। टासी लामाका नयाँ अवतारको खोजी भई अर्का नयाँ बालक टाँसी लामाको बहाली नभएसम्म केही वर्ष कार्यवाहक लामाका रुपमा त्यस मठको कार्यभार वहन गर्दा स्याह्मार्पा लामाले त्यस

मठका प्रशस्त धनमाल हिनामिना गरिदिएका रहेछन्। नयाँ स्थापित भएका बालक टासी लामाका संरक्षकहरुले मठमा सङ्गृहीत रहेका धनमालको खोजी गर्दा यो रहस्य खुल्न आएको थियो। यसै आरोपमा स्याह्मार्पा लामा निकै सयमसम्म थुनामा पनि परेका थिए।

यिनै स्याह्मार्पा लामा यसको एकडेढ वर्षपछि थुनाबाट फुत्किई त्यहाँबाट भागेर १५ जनाजति आफ्ना सहयोगी एवम् सेवकहरुका साथ नयाँ खोलिएको सिक्किमतर्फकै बाटो भई नेपाल अधिराज्यको पल्लो किराँतमा आएर त्यहाँ रहेका नेपाली प्रमुख प्रशासकसमक्ष "हामी नेपालमै स्थायी रुपमा रहन चाहन्छौं, यसका निमित्त अनुमति पाऊँ" भनी अनुरोध गर्दा त्यहाँ रहेका नेपाली प्रमुख प्रशासकले यस सम्बन्धमा कुनै निर्णय दिन सकेनन्। यस समाचारलाई उनले दौडादौड गरी तत्कालै राजधानी काठमाडौंमा पठाइदिए।

यति बेला पश्चिमतर्फ लडाइँको वातावरण कायमै थियो। तैपनि स्याह्मार्पा लामालाई शरण दिएमा तिब्बतसँग लामो समयदेखि चल्दै आइरहेको व्यापारसम्बन्धी विवाद सुल्झाउनमा यिनबाट अवश्य पनि सहयोग मिल्न सक्छ भन्ने विचार गरी राजकुमार बहादुर शाहले यिनलाई शरणार्थीका रुपमा नेपाल अधिराज्यमा आदरका साथ आश्रय दिने निर्णय गरे। यिनलाई स्वागत गरी सम्मानका साथ राजधानी काठमाडौंमा ल्याउन भनी काजी रणजित पाँडे खटिएर गएका थिए। चार महिनाजति लगाएर यिनीहरु पूर्वी नेपालबाट काठमाडौंमा आइपुगे पनि। यसपछि स्याह्मार्पा लामा तथा यिनका सहयोगीहरुलाई यहाँ स्वयम्भूको नजिकै उपयुक्त ठाउँमा आवास दिएर सम्मानका साथ राखियो।

काठमाडौंमा आइपुगेपछि स्याह्मार्पा लामा तथा यिनका सहयोगीहरुले "अब हामी तिब्बतमा फेरि फर्केर जान चाहँदैनौं, त्यहाँ हाम्रो जीवनका निमित्त खतरा छ, यसैले हामी नेपाल अधिराज्यकै नागरिकता ग्रहण गर्न चाहन्छौं" भनी नागरिकताका निमित्त आग्रह गर्दा राजकुमार बहादुर शाहले 'नाइँ' भन्न सकेनन्। यसैअनुसार यिनीहरुले "अबउप्रान्त

हामी नेपाल अधिराज्यका नागरिक भयौं, यस अधिराज्यको हानिनोक्सानी हुने कुनै काम हामी गर्नेछैनौं" भनी नेपाल सरकारको नाममा एउटा धर्मपत्र गरिदिएका थिए।

पश्चिम गढवालतर्फको लडाइँ करिबकरिब बन्द भइसकेपछि स्याह्मार्पा लामाको लहैलहैमा लागेर "नेपालसँगको व्यापार सम्बन्धलाई बन्द गराएको" भन्ने अभियोग लगाई राजकुमार बहादुर शाहले तिब्बतमाथि नै अप्रत्याशित रुपमा आक्रमण गराइदिए। कुती तथा केरूङ दुवैतर्फबाट त्यस राज्यमाथि जोडदार आक्रमण गरियो। लडाका नेपाली सैनिकहरुका अगाडि तिब्बती सैनिकहरु युद्धभूमिमा लामो समयसम्म किन पो टिकिरहन सक्थे? तिब्बतको राजधानी ल्हासामा रहने गरेका चिनियाँ अम्बानहरुले "जेजसरी भए पनि तिमीहरुले नेपाल सरकारसँग सम्झौता गर्नुपर्छ" भनी आग्रह गर्दा तिब्बती पदाधिकारीहरु नेपाली प्रतिनिधिसँग शान्तिवार्ता गर्न तयार भए।

नेपाल सरकारका तर्फबाट "हामीसँग सम्झौता गर्ने हो भने या त कुती प्रदेश हामीलाई पूराको पूरै छोडिदेऊ अथवा लडाइँको हर्जानाबापत हामीलाई एक करोड रूपैयाँ बुझाऊ" भन्ने प्रस्ताव गरियो। तिब्बती पदाधिकारी नेपाली वार्ताकारको यस प्रस्तावमा सहमत भएनन्। धेरै दिनसम्म दुई पक्षका बीचमा यस सम्बन्धमा लगातार वार्ताहरु चल्दै रहे। तर कुराको कुनै पनि टुङ्गो लाग्न सकेन। अन्त्यमा ल्हासामा रहने गरेका चिनियाँ अम्बानहरुको हस्तक्षेपबाट नेपाल सरकारलाई प्रतिवर्ष ५० हजार रूपैयाँ हर्जाना बुझाउने गरी नेपाल सरकारसँग शान्तिसम्झौता सम्पन्न गर्न तिब्बती पदाधिकारीहरु विवश भए। यसै समझदारीअनुसार दुवै देशका प्रतिनिधि बसी केरूङमा शान्तिसम्झौता गरियो। यही शान्तिसम्झौता नेपालको इतिहासमा 'केरूङ सम्झौता'को नामले प्रसिद्ध छ। शान्तिसम्झौतापछि तिब्बतमा पुगेका नेपाली सैनिक स्वदेशतर्फ फर्किए।

तिब्बत यथार्थमा परम्परादेखि नै चीन साम्राज्यको आश्रयमा थियो। मिङ राजवंशको राज्यकालमा भने यो राज्य लगभग स्वतन्त्र राज्यका रुपमा स्थापित भई चीन सरकारको नाम मात्रको आश्रयमा थियो। मिङ राजवंशपछि चीनमा मञ्जु राजवंश स्थापना भए पनि त्यस राजवंशका राजाहरुले पनि तिब्बतलाई पूर्णतया आफ्नो राजनीतिक नियन्त्रणमा

ल्याउन सकिरहेका थिएनन्। तैपनि उनीहरुले आफ्ना प्रतिनिधिका रुपमा दुई जना 'अम्बान'हरुलाई त्यहाँ लगातार राख्दै आइरहेका थिए। अम्बानहरुले त्यहाँको आन्तरिक प्रशासनमा हस्तक्षेप नगरी तिब्बतका उच्चपदस्थ पदाधिकारीलाई आवश्यक सल्लाह मात्र दिँदै आइरहेका थिए। "अब यसै उपयुक्त मौकामा तिब्बतीहरुलाई नियन्त्रणमा ल्याउनु उपयुक्त हुन्छ" भन्ने विचार गरी चिनियाँ अम्बानहरुले नेपाली भारदारहरुलाई "नेपाल सरकारका तर्फबाट चीनका बादशाहका हजुरमा समुचित उपहारहरुका साथ एउटा उच्च स्तरीय दूतमण्डल पठाएमा भविष्यका निमित्त राम्रो हुनेछ" भन्ने प्रस्ताव प्रस्तुत गरिदिँदा सीधासादा स्वभाव भएका नेपाली भारदारहरुले चिनियाँ अम्बानहरुको यस कुटिल प्रस्तावमाथि सहजै अनुमति जनाइदिए।

यसै सहमतिअनुसार चीन साम्राज्यको राजधानी पेकिङमा जाने उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डलका सदस्यहरुलाई लिन भनी एक जना चिनियाँ अम्बान आफ्ना दलबलका साथ तिब्बतको केरूङतर्फको बाटो भई आएर केही दिन काठमाडौंमा रही आफ्नो देशको राजधानीमा जाने नेपाली दूतमण्डलका सदस्यहरुलाई साथमा लिएर कुतीतर्फको बाटो गरी फर्केर गएका थिए। यसरी यिनले तिब्बतबाट नेपाल अधिराज्यतर्फ आउने दुवैतर्फका बाटाघाटाको अवस्था राम्रैसँग अध्ययन गरेर गएका थिए। उता 'कप्तान' हरि शाहीको नेतृत्वमा गएको नेपाली दूतमण्डललाई राजकीय सम्मानका साथ उनीहरुले आफ्नै खर्चमा पेकिङमा पुऱ्याइदिने र त्यहाँबाट सकुशल नेपालको राजधानीमै फिर्ता ल्याइदिने जिम्मा लिएका थिए। यस यात्रामा पेकिङमा नेपाली प्रतिनिधिमण्डलका सदस्यहरुको भव्य स्वागत तथा सत्कार पनि गरिएको थियो। भनिन्छ, पेकिङमा राजकीय प्रतिनिधिहरुका रुपमा ४५ दिनजति रहँदा यस दूतमण्डलमा सहभागी सदस्यहरुले चीन बादशाहसँग १५ पटकसम्म दर्शनभेट गर्ने अवसर पाएका थिए।

नेपाली प्रतिनिधिमण्डलका सदस्यहरु चीनबाट स्वदेशतर्फ फर्केर आउँदा चीन सम्राट् 'छिया लुङ'ले नेपाल अधिराज्यका बालक राजा रणबहादुर शाहका निमित्त 'अर्ति निवाङ' तथा राजप्रतिनिधि भएर रहेका मुख्तियार राजकुमार बहादुर शाहका निमित्त

'घुङ' नामक उपाधिका साथै सम्मानपत्र पनि पठाइदिएका थिए। नेपालतर्फ फर्कंदा नेपाली प्रतिनिधिमण्डलका सदस्यहरुलाई पुऱ्याउन भनी आएका अर्का चिनियाँ अम्बान पनि काठमाडौंसम्म नै आइपुगेका थिए। यिनी पनि केरूङतर्फको बाटो भई आएर यहाँका बाटाघाटाको राम्रो अध्ययन गरी कुतीतर्फको बाटो गरी स्वदेशतर्फ फर्केर गएका पाइन्छन्।

यसभन्दा केही महिनाअघि केरूङमा दुई देशका बीचमा शान्तिसम्झौता सम्पन्न हुँदा नेपाली पक्षका तर्फबाट सम्झौतापत्रमा स्याह्मार्पा लामाले पनि हस्ताक्षर गरेका थिए। नेपाल अधिराज्यको नागरिकता ग्रहण गरिसकेका हुनाले यसो गर्नु नेपाली भारदारहरुको दृष्टिमा सामान्य घटना थियो। तिब्बती पदाधिकारीको दृष्टिमा भने यो असह्य घटना थियो। आफ्नो देशबाट अक्षम्य अपराध गरी भागेर गएका व्यक्तिहरुलाई नै आफूहरुले होच्याउने गरी सम्पन्न भएको सम्झौतामा हस्ताक्षर गराउन उपस्थापित गराइँदा तिब्बती पदाधिकारीहरु नेपाली भारदारहरुदेखि क्रुद्ध हुनु स्वाभाविकै थियो। यसैले सम्झौता भएपछि पहिलो वर्ष त उनीहरुले सम्झौतापत्रमा उल्लेख भएअनुसार नेपाल सरकारलाई बुझाउनुपर्ने पहिलो वर्षको किस्ताबापतको ५० हजार रूपैयाँ त येनकेन यथासमयमै ल्याएर बुझाएका थिए। तर अर्को वर्षदेखि भने बुझाउन छाडिदिए।

सम्झौतापत्र सम्पन्न भएको तेस्रो वर्ष तिब्बतबाट एउटा सरकारी प्रतिनिधिमण्डलले आएर "नेपाल सरकारलाई प्रतिवर्ष बुझाउने गरी कबोल गरेका रूपैयाँहरु बुझाउन हामीले नसक्ने भयौं, यसैले यस सम्बन्धमा फेरि पनि विस्तारपूर्वक छलफल गर्नुपऱ्यो" भनी नेपाल सरकारसँग औपचारिक आग्रह गऱ्यो। यस सम्बन्धमा सामान्य छलफल हुँदा "कुतीमा जम्मा भई दुवै पक्षका प्रतिनिधि बसेर विस्तृत छलफल गर्ने" निर्णय गरियो र वार्ताका निमित्त नेपाली प्रतिनिधिहरु त्यतातर्फ पठाइए। त्यहाँ अत्यावश्यक छलफल गर्नुभन्दा आफ्नो देशबाट भागेर गएका स्याह्मार्पा लामालाई पक्राउ गर्नु नै तिब्बती प्रतिनिधिमण्डलका सदस्यहरुको भित्री उद्देश्य थियो। यस कुराको गन्ध पाएर वार्तादलमा

सम्मिलित गराइएका भए पनि स्याह्मार्पा लामालाई वार्तास्थलमा पुऱ्याइएको थिएन। उनलाई वार्तास्थलभन्दा एक वासजति वर नै राखिएको थियो।

औपचारिक रुपमा वार्ता प्रारम्भ हुनुभन्दा पहिले नै तिब्बती प्रतिनिधिमण्डलका सदस्यहरुले "स्याह्मार्पा लामा खोइ? उनी किन आएनन् त?" भनी नेपाली वार्तादलका सदस्यहरुसँग जिज्ञासापूर्वक प्रश्न गरे। "उनी अहिले यता आउँदाआउँदै बीचबाटामै बिरामी परे, यसैले उनलाई यहाँ ल्याउन सकिएन" भनी नेपाली वार्तादलका सदस्यहरुले शिष्टतापूर्वक जवाफ दिए। यसमा "स्याह्मार्पा लामा नभई हुँदैन, उनको अनुपस्थितिमा दुई पक्षका बीचमा वार्ता हुनु सम्भव छैन" भनी वार्ता गर्न आएका तिब्बती वार्तादलका सदस्यहरु वार्ता गर्नबाट खुम्चिए। यसबाट नेपाली प्रतिनिधिमण्डलका सदस्यहरुलाई "तिब्बती पदाधिकारीहरुले यथार्थमा वार्ता गर्न नभएर स्याह्मार्पा लामालाई पक्रन पो त यहाँ बोलाएका रहेछन्" भन्ने निर्णय गर्न कुनै कठिनाइ भएन। यसैले नेपाली प्रतिनिधिहरुले वार्ता गर्न भनी आएका तिब्बती प्रतिनिधिमण्डलका सम्पूर्ण सदस्यहरुलाई वार्तास्थलबाट पक्राउ गरी राजधानी काठमाडौंमा दाखिल गराइदिए।

तिब्बती प्रतिनिधिमण्डलका सदस्यहरुलाई पक्राउ गरेर ल्याउनुभन्दा पहिले नेपाल अधिराज्य तथा जुम्ला राज्यका बीचमा लडाइँ भएको थियो। नेपाल अधिराज्य तथा तिब्बतका बीचमा पहिलो पटक लडाइँ हुँदा जुम्ला राज्यले नेपाल अधिराज्यविरूद्ध तिब्बत सरकारलाई सैनिक सहायता उपलब्ध गराइदिएको थियो। साथै नेपाल अधिराज्यको आश्रयमा आइसकेको मुस्ताङ राज्यका केही भूभागलाई पनि उनले खोसेर आफ्नो राज्यमा मिलाइदिएको थियो। यसैले यस राज्यलाई उचित दण्ड दिन अब त्यस राज्यमाथि आक्रमण गर्नु नेपाल अधिराज्यका निमित्त अत्यावश्यक अनुभव हुन आइरहेको थियो।

तिब्बतसँगको पहिलो युद्ध समाप्त हुनेबित्तिकै नेपाली सैनिकहरु मुक्तिक्षेत्रको बाटो भई हिमालै हिमाल जुम्ला राज्यको राजधानी छिनासिमतर्फ अघि बढेका थिए। सरदार शिवनारायण खत्रीको नेतृत्वमा गएका नेपाली सैनिकहरुले सर्वप्रथम त्यस राज्यको दोस्रो

राजधानी 'तिब्रीकोट'माथि आफ्नो अधिकार स्थापित गरिदिए। यसको केही दिनपछि यिनले त्यस राज्यको प्रमुख राजधानी छिनासिममै पनि नेपाल अधिराज्यको अधिकार स्थापित गराइदिए।

हिमालयको अनकन्टार कुनामा रहेको जुम्ला राज्यको राजधानी 'छिनासिम'माथि तिब्रीकोटतर्फबाट आक्रमण गर्नु असम्भव छ, यसैले दुल्लु वा दैलेखतर्फबाट त्यतातर्फ अघि बढेमा उचित हुनेछ भनी सरदार शिवनाराण खत्रीले लमजुङमा घरबार भएका 'भक्ति थापा' नामक एक जना नवयुवकलाई 'सुवेदार'को पदमा नियुक्त गरी केही नेपाली सैनिकहरुका साथ पहिले नै त्यतातर्फ पठाइसकेका थिए। पछि कालु पाँडे नामक ब्राह्मण सरदारको नेतृत्वमा पनि केही नेपाली सैनिकहरु त्यतातर्फ पठाइए। सुवेदार भक्ति थापा सम्भवतः सरदार कालु पाँडेकै नेतृत्वमा दुल्लु राज्यतर्फ लागेका थिए।

सरदार कालु पाँडेको नेतृत्वमा रहेका नेपाली सैनिकले दैलेख राज्यको राजधानीमा विलासपुरमाथि आक्रमण गर्न जाँदा त्यहाँका राजा आफ्नो राज्यबाट पलायित भएकाले त्यस राज्यमाथि सहजै नेपाल अधिराज्यको अधिकार स्थापित हुन आयो। यसपछि दुल्लु राज्यमाथि हस्तक्षेप गर्न जाँदा त्यहाँका राजाका साथसाथै जनता पनि सबै नै पलायित थिए। तर "तपाईंहरु यहाँ फर्केर आउनुहोस्, राजा तथा जनता कसैको पनि कुनै किसिमको हानिनोक्सानी गरिनेछैन" भन्ने सन्देश नेपाली सेनानायकहरुका तर्फबाट प्रसारित भएपछि त्यहाँका राजा तथा जनता सबै नै स्वदेशमा फर्केर आएका थिए। दैलेख राज्यका राजा भने आफ्नो राज्यबाट पलायित भएकाले यो राज्य नेपाल अधिराज्यभित्र नै समाहित हुन आयो।

दुल्लु राज्यमा भने त्यहाँका राजा उत्तम शाही नेपाल अधिराज्यको आश्रयमा रहन सहमत भएकाले यस राज्यको अस्तित्व यथावत् रुपमै कायम रहिरह्यो। यति गरी सुवेदार भक्ति थापा जुम्ला राज्यतर्फ लागे। सरदार शिवनारायण खत्री पहिले नै त्यहाँ पुगिसकेका थिए। यिनीहरुले हुम्लाबाहेकको सम्पूर्ण जुम्ला राज्यमा आफ्नो अधिकार स्थापित गराइदिए। यसरी 'भेरी' नदीको किनारसम्मै नेपाल अधिराज्य विस्तार भयो।

विजेता नेपाली सैनिकहरु यसपछि भेरी नदी पार भई बझाङ राज्यतर्फ लम्किरहेका थिए। बझाङ राज्य पहिले, केही समयका निमित्त कुमाउँ राज्यबाट स्वतन्त्र बन्न आएको थियो। पछि त्यहाँ गृहकलह प्रारम्भ हुँदा यो राज्य कुमाउँ राज्यबाट स्वतन्त्र बन्न आएको थियो। यस राज्यलाई कुमाउँ राज्यबाट स्वतन्त्र भएको देखी डोटी राज्यका राजाले यस राज्यका राजालाई आफ्नो आश्रयमा आउनका निमित्त आग्रह गरेका थिए। तर यस राज्यका राजाले भने यिनको यस आग्रहलाई अस्वीकार गरिदिएका थिए। यसले गर्दा डोटी तथा बझाङ राज्यका बीचको वैमनस्य यति बेला चरमचुलीमा थियो। यस्तो विषम परिस्थिति पैदा हुँदा पनि डोटी राज्यका एक जना राजकुमार बझाङ राज्यकी राजकुमारीसँग विवाहसम्बन्ध स्थापित गर्न सफल भएका थिए। डोटी राज्यका राजाले आफ्ना यिनै राजकुमारलाई "बझाङमा गएर आफ्ना ससुराको हत्या गरेर आउन सकिस् भने म तँलाई नै आफ्नो उत्तराधिकारी बनाइदिनेछु" भन्ने प्रलोभन देखाएकाले यसै प्रलोभनमा परी डोटी राज्यका यिनै राजकुमारले दसैंको टीकाको अवसर पारेर बझाङ राज्यमा आई आफ्ना ससुराको नृशंसतापूर्वक हत्या गरेर सुरक्षित रुपमै स्वदेश फर्केर गएका थिए।

बझाङ राज्यका राजाको अमानुषिक रुपमा हत्या भएपछि उनका बालक छोरा अछाम राज्यमा आएर त्यहाँका राजाको आश्रयमा बसिरहेका थिए। नेपाली सैनिकहरु आफ्नो राज्यको नजिकमा आइपुगेमा उनीहरुको शरणमा पर्नुपर्छ, यसो भएमा नेपाली सैनिकहरुले डोटी राज्यलाई ठीक पारिदिनेछन् र यसबाट नै आफ्नो देशको उद्धार हुनेछ भन्ने बझाङ राज्यका बालक राजाका संरक्षकहरुले सोचिरहेका थिए। आफ्नो यसै सोचाइअनुसार यिनीहरुले अछाम राज्यका राजाहरुका आँखालाई छली दुल्लु राज्यमा आएर "नेपाल सरकारको आश्रयमा रहन हामी सहमत छौं, यसबापत वार्षिक पाँच सय रूपैयाँ भेटी बुझाउन पनि हामी तयार छौं" भन्ने प्रतिज्ञा गरी नेपाल सरकारसँग शान्तिसम्झौता सम्पन्न गरे।

नेपाली सेनानायकहरुले यसपछि अछामी राजालाई पनि “तपाईं पनि हाम्रो अधिराज्यको आश्रयमा आउनुहोस्, यसो गरेमा तपाईंहरुको राज्य कायमै रहिरहनेछ” भनी आग्रह गर्दा उनले मानेनन्। यसले गर्दा अछाम राज्यमाथि सैनिक हस्तक्षेप गर्न नेपाली सेनानायकहरुलाई करै लाग्यो। यिनीहरुले अछाम राज्यमाथि आक्रमण गरिदिए। लडाइँका मोर्चाहरुमा नेपाली सैनिकहरुका अगाडि अछामी सैनिकहरुले धेरै बेर टिकिरहन सकेनन्। आफ्नो राज्यलाई परित्याग गरी उनीहरु दक्षिणतर्फ रहेको महाभारत पर्वतमालाको जङ्गली भूभागहरुभित्र गइरहन थाले।

अछाम राज्यमाथि अधिकार स्थापित भएप्छि अब डोटी राज्यमाथि हस्तक्षेप गर्ने पालो आइपुगेको थियो। तर यस राज्यमाथि सैनिक हस्तक्षेप गर्नु त्यति सजिलो थिएन। यो राज्य अपेक्षाकृत ठूलो तथा शक्तिशाली पनि थियो। नेपाली सेनाका सेनानायकहरुमा काजी शिवनारायण खत्री, कप्तान गोलैयाँ खवास तथ सरदार अमरसिंह थापाहरु प्रमुख रहेका थिए। यिनीहरुलाई सहयोग गर्न भनी पछि काजी जगजित पाँडेको नेतृत्वमा अर्को सशक्त नेपाली सैन्यदल पनि त्यतातर्फ खटिएको थियो।

नेपाली सैनिकहरुको नेतृत्व गर्दै काजी रणजित पाँडे जुन समयमा सल्यान राज्यमा पुगेका थिए, त्यति बेला कुमाउँ राज्यमा त्यहाँका राजा ‘चन्द’ राजा तथा तिनका ‘जोशी’ थर भएका ब्राह्मण मन्त्रीहरुका बीचमा घोर गृहकलह मच्चिरहेको थियो। पुरानो चन्द राजवंशको अन्त्य भई ‘मोहन सिंह’ नामक एक जना प्रभावशाली व्यक्ति ‘मोहन चन्द’को नामले त्यस राज्यका राजाका रुपमा स्थापित थिए। नयाँ राजा मोहन चन्द तथा जोशी परिवारका मन्त्रीहरुका बीचमा कलह पैदा हुँदा राजनीतिक षड्यन्त्रको कुचक्रमा परी अन्त्यमा आएर राजा मोहन चन्द स्वयम् नै मारिएका थिए। यसपछि जोशी परिवारका मन्त्रीहरुलाई पन्छाएर यिनका छोरा महेन्द्र चन्द त्यहाँका राजा बन्न आए। यति नै बेला त्यहाँबाट पलायित भएका मन्त्री घरानाका ‘पण्डित’ हर्षदेव जोशीले सल्यान राज्यमा आएर त्यहाँका युवराज रणभीम शाहसँग “कुमाउँ राज्यमा नेपाल सरकारको अधिकार स्थापित गराइदिन यथासम्भव सहयोग उपलब्ध गराउन म सहर्ष तयार छु, यसका निमित्त

नेपाली सैनिकहरुका साथ कुमाउँमा जान पाऊँ" भनी आग्रह गर्दा उनको यो आग्रहलाई स्वीकृत गरियो र नेपाली सैनिकहरुका साथै कुमाउँ राज्यमा जान भनी उनी पनि डोटी राज्यतर्फ लागे। 'पण्डित' हर्षदेव जोशी स्वयम् नै कुमाउँका 'विभीषण' अघि सरेपछि आफ्ना सैनिकहरुमा थप उत्साह तथा उमङ्ग पनि पैदा हुनु स्वाभाविकै थियो।

डोटी राज्यको राजधानी दिपायललाई काजी जगजित पाँडेको नेतृत्वमा रहेका नेपाली सैनिकहरुले सजिलैसँग आफ्नो नियन्त्रणमा पारिदिँदा त्यहाँका राजा प्रवासतर्फ पलायित भए। डुम्रा कोटमा डोटेली सैनिकहरुले नेपाली सैनिकहरुसँग एक पटक त राम्रैसँग मुकाबिला गरेका थिए। तर लडाइँको मैदानमा उनीहरुको हार भएपछि समग्र डोटी राज्यमाथि नै नेपाली सैनिकहरुको आधिपत्य स्थापित भयो।

यसपछि नेपाली सैनिकहरु उत्साह तथा उमङ्गका साथ कुमाउँ राज्यभित्र प्रवेश गर्दा पहिले त सामान्य लडाइँमा सरदार अमरसिंह थापाको नेतृत्वमा रहेका नेपाली सैनिकहरुको हार भएको थियो। तर अर्को लडाइँमा भने काजी जगजित पाँडे तथा सरदार अमरसिंह थापाको नेतृत्वमा रहेको संयुक्त नेपाली सैन्यदलले कुमाउँ राज्यका सैनिकहरुलाई नराम्रोसँग हराइदिँदा त्यहाँका राजा महेन्द्र चन्द आफ्नो राज्यबाट पलायित हुन बाध्य भएकाले यो राज्य पनि सजिलैसँग नेपाल अधिराज्यको अधिकारमा आयो।

कुमाउँ राज्यमा आफ्नो अधिकार स्थापित भएपछि "गढवाल राज्यलाई पनि अब यत्तिकै किन छोड्ने" भनी नेपाली सैनिकहरु त्यस राज्यमाथि पनि झम्टन पुगे। 'अलकनन्दा' नदीको किनारैकिनार नेपाली सैनिकहरु आफ्नो राज्यको राजधानी श्रीनगरतर्फ बढ्दै आइरहेको थाहा पाई "अब यहाँ बसेर नेपाली सैनिकहरुसँग मुकाबिला गर्नु सम्भव छैन" भनी त्यस राज्यका मन्त्री तथा सैनिकहरु पनि आफ्ना बालक राजा प्रद्युम्न शाहलाई साथमा लिई महाभारत पर्वतमालामा रहेको एउटा सुरक्षित पहाडी किल्लामा आश्रय लिन पुगे। नेपाली सैनिक भने त्यस राज्यको राजधानी श्रीनागरमा आफ्नो अधिकार स्थापित गरी त्यहीँ रहन थाले।

"अब पहाडी क्षेत्रमा रहेको गढवाली किल्लामा पनि आफ्नो अधिकार स्थापित गर्नुपर्छ" भनी नेपाली सैनिकहरु त्यस किल्लामाथि पनि आक्रमण गर्न पुगे। तर त्यस किल्लामाथि लगभग एक वर्षसम्म लगातार घेरा दिँदा र बीचबीचमा कैयौं पटक फाटफुट लडाइँहरु चल्दै रहँदा पनि त्यस किल्लाको पतन भने हुन सकेन। त्यस किल्लामाथि घेरा परेको एक वर्षजति पछि 'पनियाँ खेत'मा भएको दुई पक्षबीचको एउटा सामान्य लडाइँमा नेपाली पक्षको अप्रत्याशित रुपमा हार हुन आएको थियो। खास नेपाली सैनिकहरुभन्दा सहायक सैनिकका रुपमा गएका डोटेली सैनिकहरुको सङ्ख्या अधिक रहेको र उनीहरुमा अपेक्षित सैनिक अनुशासन नभएकाले नेपाली पक्षले आफ्नो यस अप्रत्याशित हार व्यहोर्नुपरेको थियो।

नेपाली सैनिकहरुले भोग्नुपरेको यस अप्रत्याशित हारको खबर गढवाल राज्यबाट पूर्वतर्फ पनि फैलिँदा कुमाउँ, डोटी, जुम्ला तथा अछाम राज्यका राजाहरु पनि नेपाली सैनिकहरुविरूद्ध विद्रोहका झन्डा उचालिदिने तरखर गर्न थाले। यसमा पनि अछाम राज्यका, त्यहाँबाट प्रवासतर्फ पलायित भएर गइसकेका राजाले त तुरून्तै आफ्नो राज्यमा फर्केर आई राजगद्दीमै आसीन भएर त्यस क्षेत्रको सुरक्षाका निमित्त राखिदिएका दुई कम्पनीजति नेपाली सैनिकलाई कत्लेआम नै गरिदिए। यसले गर्दा नेपाली सैनिकहरुको त्यहाँभन्दा पश्चिमतर्फ रहेका सैनिकहरुसँग सम्बन्ध नै विच्छेद हुन आयो।

यति बेला राजकुमार बहादुर शाह ठूलै विपत्तिमा थिए। वार्ता गर्न भनी आएका तिब्बती वार्तादलका सदस्यहरुलाई पक्रिएपछि "केरूङमा सम्पन्न भएको धर्मपत्रको मर्यादालाई पालना गर्नमा आलटाल गरेको" आरोपमा नेपाली सैनिकहरुले कुती तथा केरूङ दुवैतर्फबाट आक्रमण गरी तिब्बतको डिगर्चासम्म पुगेर त्यहाँ रहेको पञ्चेन लामाको 'टासी ल्हुन्पो' गुम्बामा पनि आक्रमण गरिदिएका थिए। यस आक्रमणका क्रममा डिगर्चामा पुग्नेमा काजी दामोदर पाँडे तथा चौतारा बम शाहको नेतृत्वमा रहेका सैनिकहरु अग्रणी थिए। यति बेलासम्ममा त्यहाँका प्रमुख लामाहरु प्रायः सबै नै त्यहाँबाट पलायित भइसकेकाले कुनै तिब्बती पदाधिकारीसँग पनि कुराकानी हुने सम्भावना नरहेकाले

नेपाली सैनिकहरुले त्यहाँ रहेको पञ्चेन लामाको 'टासी ल्हुन्पो' गुम्बालाई नै लुटिदिएका थिए।

यतिन्जेल हिउँदको मौसम सुरू भइसकेको थियो। यसैले धेरै दिनसम्म त्यहाँ तिब्बती पदाधिकारीहरुको प्रतीक्षा गरेर बसिरहनु सम्भव थिएन। हिउँको वर्षा सुरू भएर त्यहाँबाट स्वदेशतर्फ फर्कंदा बाटाघाटा सबै नै थुनिने भय थियो। भयो पनि यही नै। अन्य सबै सैनिक त प्रायः सकुशल स्वदेश फर्केर आउन समर्थ भए। तर काजी दामोदर पाँडेको नेतृत्वमा रहेका नेपाली सैनिक भने अत्यावश्यक व्यवस्था मिलाउँदा मिलाउँदै स्वदेशतर्फ फर्कनका निमित्त केही दिन पछि परे। 'स्यार्टाङ पो'तर्फको सोझो बाटो भई फर्केर आउँदा पनि यो नेपाली सैन्यदल ठूलो विपत्तिमा फस्यो। हिमपात भएर बाटो छेकिएकाले यस सैन्यदलमा रहेका आधाजति सैनिक त धेरै दिन लगाएर बल्लबल्ल आफ्नो ज्यानसम्म जोगाई लुटेका मालसामानलाई साथमा लिई येनकेन राजधानी काठाडौंमा आइपुगेका थिए। बाँकी सैनिकहरु भने हिउँ तथा जाडोले गर्दा बीचबाटोमै दिवङ्गत भए।

डिगर्चामा रहेको पञ्चेन लामाको पवित्र 'टासी ल्हुन्पो' मठ लुटिएपछि चिनियाँ अम्बानहरुले नेपाल सरकारको विरूद्धमा उठ्ने एउटा उपयुक्त अवसर प्राप्त गरे। "तपाईंका सैनिकहरुले डिगर्चाको पवित्र मठमाथि लुटपाट मच्चाइदिँदा चीन बादशाहको तर्फबाट पञ्चेन लामा पाल्देन येसेलाई सम्मानपूर्वक प्रदान गरिएका उपहारहरु पनि परेकाले तपाईंहरुका तर्फबाट अपराधपूर्ण काम हुन गएको छ। यसैले लुटिएका सामानहरु तुरून्त नै हामीलाई फिर्ता गर्नुपर्‍यो" भनी चिनियाँ सेनापतिले नेपाल अधिराज्यका किशोर राजा रणबहादुर शाहका नाममा कडिकडाउसाथ हप्कीको पत्र पठाइदिए। नेपाली भारदारहरु पनि यति बेला कम तेजिला थिएनन्। प्रचलित परम्पराविपरीत उनीहरुले यो पत्र लिई आउने पत्रवाहक चिनियाँ दूत 'पान चुया'लाई नै थुनामा राखिदिए।

चिनियाँ सेनापतिले यस्तो धम्कीको पत्र पठाएको परिस्थितिमा "अब के गर्ने?" भन्ने कुरामा नेपाली भारदाहरुका बीचमा अनेकौं तर्कवितर्क चल्न थाले। एकातिर चीन

सरकारले नै नेपाल अधिराज्यमाथि सैनिक हस्तक्षेप गर्ने धम्की दिइरहेको थियो भने अर्कातिर गढवाल राज्यमा भर्खरै मात्र आफ्नो पक्षको अकल्पित हार भएको थियो। यस विकट परिस्थितिमा "अब इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीसँग शान्तिसम्झौता सम्पन्न गरी उनीहरुसँग सैनिक सहायताका निमित्त आग्रह गर्नुभन्दा बाहेक अर्को विकल्प बाँकी छैन" भन्ने निर्णय गरियो। यति बेला 'राजगुरू' गजराज मिश्र नेपाल सरकारका अनौपचारिक प्रतिनिधि भई बनारसमा थिए। यिनले बनारसमा रहने गरेका अङ्ग्रेज वाणिज्य प्रतिनिधि मिस्टर 'डङ्कन'सँग भेट गरी इस्ट इन्डिया कम्पनी तथा नेपाल सरकारको बीचमा वाणिज्य सन्धि गर्ने कुरा उठाइदिए। राजगुरू गजराज मिश्र तथा मिस्टर डङ्कनको सहमतिमा 'मुन्सी' अब्दुल कादिरले झटपटमै सन्धिपत्रको एउटा प्रारुप तयार पारिदिए र हतारहतारमै दुवै पक्षले यस सन्धिपत्रमा औपचारिक रुपमा हस्ताक्षर पनि गरिदिए।

जसरी हुन्छ, एक जना अङ्ग्रेज अफिसरलाई नेपाल अधिराज्यभित्र पठाएर यहाँका वास्तविक वस्तुस्थिति बुझ्ने उपयुक्त मौकाको प्रतीक्षामा रहेका अङ्ग्रेज पदाधिकारीका निमित्त यो सन्धिपत्र एउटा सुनौलो उपलब्धि थियो। यसैले यस सन्धिपत्रमा नेपाल अधिराज्यलाई कुनै पनि किसिमका हानिनोक्सानी नहुने सर्तहरु मात्र राखिएका थिए। तर यस विकट परिस्थितिमा पनि नेपाल सरकारले कुनै पनि अङ्ग्रेज अफिसरलाई नेपाल अधिराज्यभित्र आउन दिन भने चाहेन र उनै मुन्सी अब्दुल कादिर नै कम्पनी सरकारका प्रतिनिधि भई नेपाल अधिराज्यमा उपस्थित हुन आए।

यो सन्धिपत्र सम्पन्न भएपछि कम्पनी सरकारले नेपाल सरकारलाई खुसी तुल्याउन अबधका नबाबलाई पत्र लेखी उनीमार्फत 'रामपुर' राज्यका नबाब बजिरलाई पत्र लेख्न लगाएर गढवाल राज्यका राजालाई नेपाल अधिराज्यको आश्रयलाई स्वीकार गर्न बाध्य तुल्याइदिए। गढवाली राजा प्रद्युम्न शाह पनि यति बेला विपत्तिमै थिए। यसैले पनि नेपाल सरकारलाई भेटीका रुपमा प्रतिवर्ष नौ हजार रूपैयाँ बुझाउनुपर्ने, नेपाल सरकारले आफ्ना एक जना राजदूत गढवाल राज्यको राजधानी श्रीनगरमा राख्न पाउने र गढवाल

राज्यले नेपालबाहेक अन्य कुनै पनि राज्यसँग राजनीतिक सम्बन्ध स्थापना गर्न नपाउने गरी धर्मपत्र गरेर नेपाल अधिराज्यको आश्रयलाई स्वीकार गरिदिएका थिए।

गढवाल तथा नेपाल अधिराज्यका बीचमा जति बेला सन्धिपत्र हुँदै थियो, त्यति नै बेला उता चीनको मुख्य भूमिबाट आएका प्रमुख चिनियाँ सेनापति 'तुङ थ्वाङ'ले नौ हजारजति तिब्बती तथा चिनियाँ सैनिक लिई केरूङको बाटो गरी नेपाल अधिराज्यको सरहदभित्र प्रवेश गरेका थिए। यसअगाडि नै पूर्वतर्फबाट आएको अर्को चिनियाँ फौजसँग कुतीमा नेपाली सैनिकहरुको सामान्य मुठभेड हुँदा नेपाली पक्ष त्यहाँबाट पछि हटेकाले नेपालतर्फ अघि बढेका चिनियाँ सैनिकहरु राजधानी काठमाडौंबाट ३० कोसजति पूर्वतर्फ रहेको 'लिस्ती' नामक गाउँमा आएर अडिएका थिए। नेपाली सैनिकहरु पनि त्यहीँ रोकिई चिनियाँ सैनिकहरुलाई त्यहाँबाट कुनै हालतमा पनि राजधानी काठमाडौंतर्फ अघि बढ्न नदिने कठोर अडानका साथ त्यहीँ रोकिइरहेका थिए।

यता केरूङतर्फबाट आएका चिनियाँ सेनापति 'तुङ थ्वाङ' आफ्ना सहयोगी चिनियाँ तथा तिब्बती सैनिकहरुका साथ तिब्बती क्षेत्रको झुँगाबाट अघि बढी भोलिपल्ट बिहानै केरूङबाट चार कोसजति पर रहेको 'कुकुरघाट'को किल्लामा रहेका नेपाली सैनिकहरुमाथि घेरा दिन भनी एकाएक आइपुगी पनि हाले (विसं १८४९ असार ११ गते, तदनुसार २१ जुन इसं १७९२)।

कुकुरघाटमा रहेको नेपाली किल्लाको पतनपछि त्यसभन्दा केही वर 'पाङ्सिङ टार'मा दुई पक्षका सैनिकहरुका बीचमा सबैभन्दा पहिले जोडदार मुठभेड प्रारम्भ भयो (असार १४ गते)। यस सैनिक मुठभेडमा नेपाली पक्षका सैनिकहरुको नेतृत्व 'सरदार' शत्रुभञ्जन मल्लले गरिरहेका थिए। चिनियाँ सैनिकहरुको सङ्ख्या अत्यधिक रहेकाले नेपाली पक्षले यहाँ कडा मुकाबिला गर्न सकेन। लड्दै र होसियारीका साथ पछि हट्दै दुईतीन दिनभित्रमा उनीहरु केरूङमा उत्रिए। आफ्नो नेतृत्वमा रहेका सैनिकहरुका साथ सरदार शत्रुभञ्जन मल्लले केरूङमा रहेको किल्लामा आएर आश्रय लिएका मात्र के थिए, चिनियाँ सैनिकहरुले आएर त्यस किल्लामाथि सहसा आक्रमण गरिहाले (असार

१५ गते)। दुई पक्षका बीचमा यहाँ दुईतीन दिनसम्म लगातार लडाइँहरु चल्दै रहे। तैपनि किल्ला भने फुट्न सकेको थिएन। त्यहाँ आइपुगेको पाँचौं दिनका दिन चिनियाँ सैनिकहरुले त्यस किल्लामाथि आगो लगाइदिए। फलतः त्यहाँ रहेका नेपाली सैनिकहरु त्यहाँबाट पनि पलायन हुन विवश भए।

केरूङबाट पलायित भएका नेपाली सैनिकहरु रातारात गरी भोलिपल्ट बिहान आठ कोसजति वर रहेको 'रसुवागढी'मा आइपुगेका थिए। नेपाली सैनिकहरुलाई दपेटा दिँदै चिनियाँ सैनिकहरु पनि तत्कालै त्यहीँ आइपुगे। 'लिन्डे खोला'को वारिपट्टि नेपाली सैनिकहरु मोर्चा बाँधेर बसिरहेका थिए। त्यसै खोलाको पारिपट्टि आइपुगेर चिनियाँ सैनिक रोकिए। मध्य बर्सातको भेलले गर्दा खोला दुस्तर भएर उर्लिरहेको थियो। यसैले खोलाको वारि तथा पारिबाट दुई पक्षका सैनिकहरुका बीचमा केही दिनसम्म लगातार लडाइँहरु चल्दै रहे। खोला पार हुने मुख्य साँघु भने अझै पनि नेपाली सैनिकहरुकै नियन्त्रणमा थियो।

यत्तिकैमा अर्को दिन खोलाको सिरानतर्फ लागेर जँघार तरी चिनियाँ सैनिकहरुको एउटा सशक्त सैन्यदल पछाडिबाट छेकारो काटी आफूहरुतर्फ आक्रमण गर्न आइपुग्दा नेपाली सैनिकहरु त्यहाँ पनि टिकिरहन सकेनन्। चिनियाँ सैनिकहरुले आफ्ना सैनिकहरुलाई निरन्तर दपेटा दिँदै आइरहेको पाइएपछि सहायताका निमित्त राजधानी काठमाडौंबाट सरदार प्रबल राना तथा कप्तान रणकेशर पाँडेको नेतृत्वमा थप सैनिकहरु पठाइएका थिए। रसुवागढीतर्फ जाने क्रममा यिनीहरु 'स्याफ्रु बेंसी'मा पुगेका मात्र के थिए, रसुवागढीबाट पछि हटेर आएका नेपाली सैनिकहरु त्यहीँ आइपुगिहाले।

यहाँ पनि भोटेकोसी नदी दुस्तर भएर बगिरहेको थियो। नदी पार गर्न नसकी चिनियाँ सैनिकहरु नदीभन्दा पारि नै बसिरहेका थिए। यसपछिका पाँचसात दिन यत्तिकै बिते। यसपछि नदीको सिरानतर्फको विकट बाटो भई चिनियाँ सैनिकहरु आफूहरु भएतर्फ आइरहेको देखेर नेपाली सैनिकहरु फेरि पनि आत्तिए।

यस घटनापछि स्याफ्रु बेंसीमा रहेर चिनियाँ सैनिकहरुसँग मुकाबिला गर्न सम्भव नहुने देखी स्याफ्रु गाउँ तथा त्यसको बेंसीमा पनि रहेका नेपाली सैनिकहरु त्यहाँबाट पछि हटी धुन्चेको डाँडातर्फ उक्लिए। यिनै सैनिकहरुमध्ये 'सुवेदार' गजबल शाही तथा भास्कर रानाको नेतृत्वमा रहेका सैनिकहरु भने धुन्चेको सिरानमा रहेको 'देउराली डाँडा'माथि चढेर त्यहाँ एउटा बलियो आड बनाई चिनियाँ सैनिकहरुलाई त्यहाँबाट कुनै हालतमा पनि अगाडि बढ्न नदिने उद्देश्य लिई कस्सिएरै बसे। त्यहाँ नेपाली सैनिकहरुको सङ्ख्या पनि बाक्लै थियो।

धुन्चेमा पनि दुई पक्षका सैनिकहरुका बीचमा लडाइँ चल्दै रहे। नेपाली सैनिकहरुले चिनियाँ सैनिकहरुको अजस्र प्रवाहलाई अगाडि बढ्नबाट रोकेर राखिरहेका थिए। यसैबीचमा चिनियाँ सैनिकहरुको एउटा सशक्त सैन्यदलले 'देउराली डाँडा'मा रहेको नेपाली आडमाथि कब्जा जमाइदियो (साउन १३ गते, तदनुसार २४ जुलाई)। यस आडलाई फिर्ता लिने अथक प्रयास नेपाली सैनिकहरुले नगरेका होइनन्। तर कति प्रयास गर्दा पनि सफल हुन सकेनन्। सिरानमा रहेको आड वा किल्लामाथि विपक्षी सैनिकहरुको अधिकार स्थापित भएपछि नेपाली सैनिकहरु धुन्चेबाट पनि पछि हटी 'कमारेगढ'मा आएर बस्न थाले। यतिन्जेल काजी दामोदर पाँडे पनि आफ्नो नेतृत्वमा रहेका रहेका थप सैनिकहरुका साथ राजधानी काठमाडौंबाट दौडादौड गरी त्यहाँ पुगिसकेका थिए। यहाँ पनि दुई पक्षका बीचमा केही दिनसम्म घोरघमासान चल्दै रहे।

राष्ट्रको नै अस्तित्वको प्रश्न उपस्थित हुन आइपुगेकाले कमारेगढमा भएको युद्धमा भने नेपाली सैनिकहरुले चिनियाँ सैनिकहरुलाई आफ्ना शौर्य तथा पराक्रमका अद्वितीय छटाहरुलाई राम्रैसँग देखाइदिए। यसैले यहाँ भएको युद्धमा भने बल्ल चिनियाँ पक्षले आफ्नो लज्जाजनक पराजयलाई स्वीकार गर्न बाध्य हुनुपरेको थियो। चिनियाँ सैनिकहरुले पहिलो पटक नेपाली सैनिकहरुका अगाडि आफ्नो पीठलाई फर्काइदिएका थिए।

कमारे गढमा भएको लडाइँमा चिनियाँ पक्षको हार भए पनि नेपाली सेनानायकहरुले चिनियाँ सैनिकहरुलाई दपेटा दिन चाहेनन्। नेपाली सैनिकहरुले बाध्यताले गर्दा मात्र यतिन्जेलसम्म चिनियाँ सैनिकहरुसँग मुकाबिला गर्दै आइरहेका थिए। चीन बादशाहप्रति नपाली सेनानायकहरुमा अझै पनि आदरभाव रहिरहेको थियो। चिनियाँ सेनापतिसँग ससम्मान मेलमिलाप गर्ने पक्षमा नेपाली सेनानायकहरु थिए।

यसै स्थितिमा उता चिनियाँ पक्षबाट पनि सम्झौता वार्ता गर्ने भन्ने आशयको सन्देश प्राप्त हुन आयो। यो खबर राजधानी काठमाडौंमा आइपुग्दा सम्झौता वार्तालाई अगाडि बढाउने उद्देश्यअनुसार बन्दी बनाएर राखिएका पत्रवाहक चिनियाँ दूत 'पान चुया', तिब्बती काजी 'धुरिन' तथा 'यु तो'का साथ आफ्ना एक जना दूत पनि चिनियाँ सेनापति तुङ थ्वाङको सैन्यशिविरमा पठाइए। तर सेनापति तुङ थ्वाङले भने आफूसँग भेट गर्न आएका नेपाली दूतहरुसँग भेट नै नगरी लडाइँको आरम्भमा नेपाली भारदारहरुले आफ्ना दूतलाई पक्रेर कैदमा राखी आफ्नो घोर अपमान गरेको बदला लिइदिए। चिनियाँ सेनापतिको यस किसिमको असहयोगात्मक व्यवहारले गर्दा नेपाली भारदारहरु हताश तथा किंकर्तव्यविमूढ पनि बन्न आएका थिए। यसैले धुन्चेबाट तल झर्ने चिनियाँ सैनिकहरुसँग मुकाबिला गर्न भनी यिनीहरु धैबुङमा कस्सिएरै रहन थाले।

काजी दामोदर पाँडे जस्ता अनुभवी तथा सशक्त सेनानायक पनि धुन्चेबाट पछि हट्न बाध्य भएपछि राजधानी काठाडौंमा ठूलै हल्लीखल्ली मच्चियो। चिनियाँ सैनिकहरु अब राजधानी काठमाडौंमै पो आइपुग्ने हुन् कि? भन्ने डरले गर्दा यति बेला सबै नेपाली भारदारहरु पिरोलिन थालिरहेका थिए। यसैले निर्णायक अन्तिम लडाइँका निमित्त चौतारा श्रीकृष्ण शाह, चौतारा बम शाह, काजी अभिमानसिंह बस्नेत तथा सरदार शत्रुदल शाह सबै भाइभारदारहरु उपलब्ध सैनिकहरुका साथ धैबुङतर्फ पठाइदिए। यिनीहरु गेर्खुमा पुगेर रोकिए।

उता युद्धमोर्चामा रहेका नेपाली सैनिकहरु पनि ठाउँठाउँमा आड वा किल्लाहरु बनाई बस्न थालेका थिए। चिनियाँ सेनापति तुङ थ्वाङ भने यति बेला दायाँबायाँ कतैतर्फ नहेरी

आफ्नो नेतृत्वमा रहेका सैनिकहरुलाई नेपाल अधिराज्यको राजधानी काठमाडौंमै उतार्न तम्सिरहेका थिए।

गेर्खुमाथि आफ्नो अधिकार स्थापित गर्न चिनियाँ सैनिकहरु प्रयास गर्दै रहे। यसै क्रममा दुई पक्षका बीचमा पटकपटक अनेकौं मुठभेड भए। यसले गर्दा चिनियाँ सैनिकहरु नुवाकोटसम्मै आइपुग्ने खतरा उत्पन्न हुन आयो। यसैले सम्झौता वार्ता गर्ने प्रस्ताव लिई नेपाली दूतहरुलाई फेरिs पनि एक पटक चिनियाँ सेनापति तुङ थ्वाङकहाँ पठाउने भन्ने निर्णय गरियो। यति बेला चिनियाँ पक्षसँग सम्झौता वार्ता गर्नुको अर्थ थियो, एक प्रकारले आफ्नो पक्षको हारलाई स्वीकार गर्नु। तैपनि नेपाली पक्षलाई यसो गर्न करै लाग्यो।

नुवाकोट बेंसीमा ओर्लिउन्जेलसम्ममा चिनियाँ सैनिकहरु पनि निकै थाकिसकेका थिए। खास कुरा उनीहरु नेपाली सेनानायकहरुले गरेका अपराधहरुको दण्ड दिने उद्देश्यले मात्र नेपालतर्फ आइरहेका थिए। नेपाली भूमिहरुमाथि स्थायी रुपले आफ्नो अधिकार स्थापित गर्ने उनीहरुको उद्देश्य थिएन। यसैले अब चिनियाँ पक्ष पनि सम्झौता वार्ता गर्ने पक्षतिर नै ढल्किइसकेको थियो।

नेपाल सरकारका तर्फबाट काजी रणजित पाँडे, 'कपर्दार' भोटु पाँडे र 'सुवेदार' रामदास पन्तहरु शान्तिवार्ताको प्रस्ताव लिएर चिनियाँ सैन्यशिविरमा फेरि पनि पुगेका थिए। चिनियाँ सेनापति तुङ थ्वाङले यिनीहरुलाई भने "शान्तिवार्ता गर्ने नै हो भने हामीलाई धैबुङमा गएर बस्न दिइयोस्, त्यहीँ बसेर दुई देशबीचमा मेलमिलापका निमित्त कुराकानी चलाउँला।"

सरल स्वभाव भएका नेपाली सेनानायकहरु युद्धविराम गर्न हतारिइरहेका थिए। यसैले चिनियाँ सेनापति तुङ थ्वाङको यस कुटिल प्रस्तावलाई उनीहरुले सहज रुपमै स्विकारिदिए। युद्धविराम नै हुन्छ भने चिनियाँ सैनिकहरुलाई धैबुङमा आएर बस्न दिएमा के पो होला र? भनी आफूहरु बेत्रावती नदीभन्दा वारि आई बस्न नेपाली सेनानायकहरु

सहमत भए। यसैअनुसार नेपाली सैनिकहरु धैबुङ क्षेत्र चिनियाँ सेनानायकहरुका निमित्त परित्याग गरी बेत्रावती नदीको वारितर्फ आइरहन थाले। यसपछि पुगनपुग एक महिनासम्म दुई पक्षका बीचमा शान्तिवार्ताका निमित्त कुराकानी चल्दै रहे तर सन्धिपत्रका सर्तहरु भने मिल्न सकेनन्।

एक महिनाजति पछि चिनियाँ सेनापति तुङ थ्वाङले "हामीलाई यहाँ पनि बस्न असुविधा भयो, नुवाकोटमा गएर बस्न पाएमा हामीले सन्धिका कुराहरु मिलाउने थियौं" भन्दा नेपाली सेनानायकहरुमा चिनियाँ सेनापतिको यस भनाइबाट सशङ्कित भए। यसरी "यहाँ भएन, त्यहाँ भएन" भन्दै विस्तारविस्तार सर्दासर्दै चिनियाँ सैनिकहरु राजधानी काठमाडौंमै आइपुग्ने हुन् कि? भन्ने भयले गर्दा "बेत्रावती नदीभन्दा वारितर्फ चिनियाँ सैनिकहरुलाई कुनै हालतमा पनि आउन दिनुहुँदैन" भनी नेपाली सेनानायकहरुले चिनियाँ सेनापतिको उपर्युक्त प्रस्तावमाथि असहमति जनाइदिए।

यसै स्थितिमा एक जना चिनियाँ सेनानायकले आफ्नो नेतृत्वमा रहेका तीन हजारजति सैनिकहरुका साथ बेत्रावती नदी पार भई नुवाकोटतर्फ अघि बढ्ने असफल प्रयास गर्दा त्यसै नदीको बायाँ किनारमा 'चोक्दे' तथा 'गेर्खु'मा रहेका नेपाली सैनिकहरुको नेतृत्व गरेर बसिरहेका काजी दामोदर पाँडे तथा काजी कीर्तिमानसिंह बस्नेतले पनि आफ्ना सैनिकहरुद्वारा विपक्षी सैनिकहरुमाथि जोडदार रुपमा प्रत्याक्रमण गराइदिँदा चिनियाँ फौज त्यहाँबाट तितरबितर हुन बाध्य भयो। आफ्ना सैनिकहरु युद्धमोर्चाबाट भागेर बेत्रावती नदीको वारितर्फ फिर्ता आउन नसकून् भनी चिनियाँ सेनापति तुङ थ्वाङले आफूहरुले नयाँ बनाएको बेत्रावती नदीको अस्थायी पुललाई भत्काउन लगाइसकेका थिए। स्थायी पुल भने नेपाली सैनिकहरुकै नियन्त्रणमा थियो। यसैले लडाइँमा हार खाई भागेर गएका चिनियाँ सैनिकहरु बेत्रावती नदीको प्रवाहमा हेलिन विवश भए। भनिन्छ, यस भागाभागमा पुगनपुग एक हजार जनाजति चिनियाँ सैनिक हताहत भए।

आफ्नो पक्षको यस किसिमको लज्जाजनक पराजय भएको र हिउँदको मौसम लागी रसदपानीको आपूर्ति रोकिने भय पनि पैदा भएकाले अब भने चिनियाँ सेनापति तुङ

थ्वाङ सच्चा अर्थमै नेपाली सेनानायकसँग शान्तिवार्ता गर्न तयार भए। “अहिलेसम्म जे भयो, त्यो भयो” भन्ने सम्झिई राजकुमार बहादुर शाह पनि चीन सरकारसँग सुलह सम्झौता गर्न सहमत भए।

“डिगर्चाको पञ्चेन लामाको गुम्बाबाट लुटेर ल्याइएका धनमालमध्ये अहिलेसम्म तपाईंहरुसँग जेजति सुरक्षित छन्, त्यति मात्र बुझाए पनि हुन्छ” भनी चिनियाँ सेनापतिले आग्रह गरेकाले नेपाली सेनानायकले डिगर्चाबाट लुटेर ल्याइएका धनमाल फिर्ता बुझाउन सहमत भए। यसपछि उनीहरुले “अपराध गरी तिब्बतबाट भागेर आएका स्याह्मार्पा लामालाई हाम्रो समक्षमा सुम्पिदिनुहोस्” भनी अर्को माग प्रस्तुत गरिदिए। यसमा “शरणमा पर्न आएका व्यक्तिहरुको मरण गराउने हामी नेपालीहरुको परम्परा छैन, यसैले उनलाई सुम्पन भने हामी असमर्थ छौं” भनी नेपाली पक्षबाट प्रत्युत्तर दिइयो। उनीहरुले “उनलाई हामी कुनै पनि किसिमले दुःखपिर दिनेछैनौं, सम्मानका साथ उनको आफ्नै मठमा लगेर राखिदिनेछौं” भन्ने आश्वासन दिएपछि अन्त्यमा आएर स्याह्मार्पा लामालाई चिनियाँ सेनापतिको समक्षमा सुम्पदिने नेपाली पक्ष पनि सहमत भयो।

पहिले कुतीबाट पक्रेर ल्याएका तिब्बती पदाधिकारीका साथै चिनियाँ पत्रवाहक दूत ‘पान चुया’ पनि बन्धनमुक्त भई काठमाडौंबाट धैबुङतर्फ रमाना गरिए। स्याह्मार्पा लामा पनि यसै तिब्बती वार्ता टोलीका साथसाथै धैबुङतर्फ पठाइएका थिए। तर यहाँबाट प्रस्थान गरेको पहिलो वासमै उनले विषसेवन गरी आत्महत्या गरिदिए। “यिनका अस्थि अवशेषहरु यिनकै मठमा लगेर गाड्नुपर्छ” भनी चिनियाँ सेनापतिले यिनको लासलाई साथैमा लिएर गए। यसपछि मात्र दुई देशका बीचमा वास्तविक अर्थमा शान्तिसम्झौता भयो। कुती तथा केरूङका लगभग आधाआधा भाग त पहिलेदेखि नै तिब्बत सरकारको नियन्त्रणमा थिए। नयाँ शान्तिसम्झौताअनुसार पूराको पूरै कुती तथा केरूङ र ‘खासा’ पनि चिनियाँहरुले नेपाल अधिराज्यबाट खोसेर तिब्बत सरकारलाई दिलाइदिए।

चीन तथा तिब्बतसँगको युद्धमा सिक्किम राज्यले नेपाल अधिराज्यको विरूद्धमा चीन तथा तिब्बत सरकारको पक्ष लिई युद्धकालमै नेपाल अधिराज्यमाथि अकारण आक्रमण

गरिदिएकाले नेपाली सैनिकहरुले सिक्किम राज्यभित्र घुसी त्यहाँका सैनिकलाई पराजित गरेर त्यस राज्यको राजधानीमै पनि आफ्नो अधिकार स्थापित गराइदिए। हिमालय पर्वतमालाभन्दा वारितर्फ रहेको सिक्किम राज्यमाथि चिनियाँ पदाधिकारीको खास दिलचस्पी थिएन। यसैले सिक्किम राज्यको राजधानीमा नेपाली सैनिकहरुको अधिकार स्थापित हुँदा पनि नेपाली उनीहरुले कुनै पनि किसिमको प्रतिक्रिया व्यक्त गर्न चाहेनन्।

तिब्बतमाथि आक्रमण गरेर यथार्थमा राजकुमार बहादुर शाहले ठूलो भूल गरेका थिए। "दुई ओटा मोर्चामा एकै पटक लडाइँ नलड्नू" भन्ने यिनका पिता राजा पृथ्वीनारायण शाहको निर्देशन थियो। आफ्ना पिताको यस नीति तथा निर्देशनविपरीत गढवालतर्फ लडाइँझगडा हुँदाहुँदै तिब्बततर्फ पनि लडाइँको अर्को मोर्चा खोलिदिएर यिनले ठूलै भूल गरिदिएका थिए। यसले गर्दा नेपाल सरकारलाई एकै पटक दोहोरो विपत्ति आइलागेको थियो। धन्य! गढवालतर्फ अङ्ग्रेजले सुलह सम्झौता गराइदिए। यसबाट नेपाल सरकारलाई एउटा फाइदा भने पक्कै पनि भयो। यस युद्धपछि चीन सरकारको मनोभावलाई नबुझी नेपाल अधिराज्यमाथि हस्तक्षेप गर्नबाट अङ्ग्रेज पदाधिकारी हच्कन थाले।

कम्पनी सरकारसँग वाणिज्य सन्धि सम्पन्न भएपछि अङ्ग्रेज पदाधिकारीले 'कप्तान' कर्क प्याट्रिकलाई आफ्ना वाणिज्यदूत बनाई नेपाल अधिराज्यको राजधानीमा पठाउन खोजेका थिए। तर राजकुमार बहादुर शाहले उनलाई यसका निमित्त अनुमति दिएका थिएनन्। यथार्थमा चीनसँग युद्ध हुँदा आवश्यक हातहतियार किन्न पाइन्छ कि भन्ने आशाले मात्र यिनले नचाहि नचाहीकनै अङ्ग्रेजसँग वाणिज्य सन्धि सम्पन्न गरे। तर कत्ति अनुनयविनय गर्दा पनि उनीहरुले नेपाल सरकारलाई कुनै पनि किसिमका हातहतियार उपलब्ध गराउन चाहेनन्। "हामीलाई केही हातहतियार किन्न देऊ, यसका निमित्त आवश्यक पर्ने रकम दिई आफ्ना मानिसहरु पटनासम्म लिन पठाउँछौं" भनी

राजकुमार बहादुर शाहले इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीसमक्ष जोडदार आग्रह गरेका थिए। तर उनीहरुले यिनको यस प्रस्तावलाई अस्वीकार गरिदिएका थिए।

यसबाट "अङ्ग्रेज अफिसरहरु त बडा अवसरवादी पो हुँदा रहेछन्" भन्ने अनुभव गरी सबै नेपाली भारदारहरु सधैं नै इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीदेखि अप्रसन्न रहन थालेका थिए। राजकुमार बहादुर शाह पनि उनीहरुदेखि प्रसन्न थिएनन्। प्रकट रुपमा विरोध प्रकट गरेमा सरकारी स्तरबाट नै विरोध गरिएको देखिने भएकाले मात्र खास विरोध प्रकट नगरी यिनी चुपचाप बसेका थिए। सबै भारदारहरुको असहमति रहेकाले राजकुमार बहादुर शाहले कप्तान कर्क प्याट्रिकलाई राजधानी काठमाडौंमा नबोलाई नुवाकोटमा बोलाएर किशोर राजा रणबहादुर शाहसँग त्यहीँ भेट गराइदिएका थिए। कप्तान कर्क प्याट्रिक केही दिन नुवाकोटमै रहे। त्यसपछि स्वयम्भूमा आई केही दिन त्यहीँ बसेर त्यहीँबाटै राजधानी काठमाडौं सहरको विहङ्गम दृश्यावलोकन गरी विसं १८४९ को फागुन महिनातिर नेपालबाट फर्किए।

कप्तान कर्क प्याट्रिक नेपाल अधिराज्यबाट फर्केर गएको केही महिनापछि राजा रणबहादुर शाहको उमेर १८ वर्ष पूरा भयो। राजाको उमेर १८ वर्ष पूरा नभएसम्म 'नायब' वा राजप्रतिनिधिले राज्यभार वहन गरे पनि किशोर राजाको उमेर १८ वर्ष पूरा भएपछि भने आफूले सम्हाल्दै आएको प्रशासकीय कार्यभार राजालाई नै सुम्पनुपर्ने परम्परा नेपालका सबै पहाडी राज्यहरुमा थियो। यसै परम्पराअनुसार अब राजकुमार बहादुर शाहले पनि आफूले ग्रहण गर्दै आइरहेको नेपाल अधिराज्यको शासनाधिकार अब नवयुवक राजा रणबहादुर शाहलाई नै सुम्पनुपर्ने परिस्थिति थियो। तर निरन्तरका लडाइँझगडाका परिस्थितिहरुले गर्दा देशको आर्थिकस्थिति यति बेला ज्यादै अस्तव्यस्त भइरहेकाले नवयुवक राजा रणबहादुर शाहले यस वर्ष राज्यको जिम्मेवारी पूरापूर वहन गर्न चाहेनन्।

चीन सरकारसँग शान्तिसम्झौता सम्पन्न भइसके पनि सुदूरपश्चिममा भने युद्धको वातावरण अझै पनि कायमै थियो। ठाउँठाउँमा सैनिक थप्नुपर्ने थयो र खान्गीको

अभावले गर्दा कतै भएका सैनिकहरुलाई खारेज गर्नुपर्ने परिस्थिति सिर्जना हुन आएको थियो। लडाइँमा विशेष बहादुरी देखाउने सैनिकहरुलाई समुचित पुरस्कार दिनु पनि अत्यावश्यक थियो। यी सबै काम यत्तिकै अलपत्र नै बाँकी थिए। यी काम एक वर्षजति नभई सम्पन्न गर्न नसकिने देखिएकाले एक वर्षसम्म काका तथा भतिजा दुवैले संयुक्त रुपमा नेपाल अधिराज्यको शासनभारलाई सम्हाल्दै रहे। तर व्यवहारमा भने यस अवधिमा स्वाभाविक रुपमा काका राजकुमार बहादुर शाहका रायसल्लाहलाई भतिजा राजा रणबहादुर शाहका रायसल्लाहले पराजित गर्न थालिरहेका थिए।

३.७ राजा रणबहादुर शाह : प्रमुख प्रशासक तथा वानप्रस्थी स्वामीका रुपमा

राजकुमार बहादुर शाहका हातबाट सम्पूर्ण राजनीतिक शक्ति आफ्नो हातमा लिन नवयुवक राजा रणबहादुर शाहले सर्वप्रथम नयाँ भारदारी सभा गठन गरे (विसं १८५१ वैशाख)। नयाँ भारदारी सभा गठन हुँदा 'चौतारा'को पद पाउने व्यक्तिले राजाको प्रमुख सहायक तथा सल्लाहकार पनि भएर काम गर्नुपर्ने प्रचलन थियो। यसैले यिनताक यो पद अत्यन्त ठूलो तथा महत्वपूर्ण पनि मानिन्थ्यो।

राजा रणबहादुर शाहबाट हुन लागेको नयाँ भारदारीसभाको गठनमा यस पदका दाबेदारहरु अनेकौं थिए। "म असल जातको भैयाद हुँ, यसैले यो पद मैले पाउनुपर्छ" भन्ने दाबी लिएर यति बेला एकातिर राजकुमार महोद्दामकीर्ति शाहका छोरा बलभद्र शाह यस पदका प्रमुख दाबेदारका रुपमा देखापरिरहेका थिए भने अर्कातिर "ल्याइतातर्फका नै भए पनि हामी भनेका राजाका आफ्नै दाजुभाइ हौं, यसैले यो पद हामीले पाउनुपर्छ" भनी राजकुमार विदुर शाही तथा शेरबहादुर शाहीले पनि यस पदका निमित्त आआफ्ना दाबी जोडदार रुपमा प्रस्तुत गरिरहेका थिए। अझै अर्कातिर 'चौतारा' बम शाहको पनि यस महत्वपूर्ण पदमाथि दाबी थियो।

आखिरमा आएर नवयुवक राजा रणबहादुर शाहले यस पद ल्याइतातर्फका आफ्ना दाजु विदुर शाही तथा भाइ शेरबहादुर शाहीलाई पनि संयुक्त रुपमा प्रदान गरिदिए। दुवै जना 'चौतारा'को पदमा नियुक्त गरिए। बलभद्र शाहलाई मोफसलको मात्र काम हेर्ने र बम शाहलाई कुमाउँको मात्र काम हेर्ने गरी 'चौतारा'कै पदमा नियुक्त गरियो। दुई जना

नयाँ 'काजी'मा त्रिभुवन प्रधान तथा नरसिंह गुरूङ नियुक्त गरिए। पुराना काजी वा मन्त्रीहरुमा अभिमानसिंह बस्नेत तथा दामोदर पाँडे गरी दुई जना क्षत्रीहरु कायमै रहिरहे। यसरी गठन गरिएको भारदारी सभाले पहिलो वर्ष त आफ्ना सबै नियमित कामकाजहरु निर्विघ्नतापूर्वक नै सम्पन्न गऱ्यो।

राजा रणबहादुर शाहले नयाँ भारदारी सभा गठन गरी राज्यप्रशासनको प्रमुख बागडोरलाई आफ्नै हातले सम्हालेको खुसीयालीमा राजधानी काठमाडौंमा एउटा भव्य समारोह पनि आयोजना गरियो। यस समारोहमा सहभागी हुन गढवाल राज्यका राजा प्रद्युम्न शाहलाई पनि निमन्त्रणापत्र पठाइएको थियो। तर उनले आफू स्वयम् नै नआएर आफ्ना प्रतिनिधिका रुपमा 'धरणीधर खन्दुडी' नामक आफ्ना एक जना मन्त्रीलाई पठाइदिएका थिए। "आफ्नो राज्यमाथि लगाइएको वार्षिक नौ हजार रूपैयाँको भेटी चर्को भयो, यसलाई घटाइपाऊँ" भनी राजा प्रद्युम्न शाहले राजा रणबहादुर शाहको नाममा अर्जीपत्र लेखी पठाएकाले उक्त भेटीलाई घटाएर वार्षिक तीन हजार रूपैयाँ मात्र गराइयो। यति मात्र होइन, यिनले गढवाल राज्यका राजा प्रद्युम्न शाहका साथै राजप्रतिनिधि भएर आएका मन्त्री धरणीधर खन्दुडीका निमित्त पनि 'शिरोपाउ' दिएर ससम्मान राजधानी काठमाडौंबाट बिदा गरिदिए।

यसै वर्षको शिवरात्रिमा, फागुन महिनातिर मिथिलातिरबाट भगवान् पशुपतिनाथको दर्शन गर्न भनी आफ्ना अभिभावकका साथ काठमाडौंमा आइपुगेकी 'कान्तवती' नामकी एउटी नवयौवना रुपवती विधवा ब्राह्मणीमाथि 'चौतारा' शेरबहादुर शाही तथा विदुर शाहीको पनि एकाएक आँखा पर्न गयो र नवयुवक राजा रणबहादुर शाहलाई उक्साएर यिनीहरुले बलपूर्वक नै यी नवयुवती ब्राह्मणीलाई राजभवनभित्र प्रवेश गराइदिए।

"म पतिव्रता विधवा ब्राह्मणी हुँ, पुनर्विवाह गर्नु अधर्म हुन्छ। यसैले म पुनर्विवाह गर्न चाहन्नँ" भनी नवयौवना कान्तवती पुगनपुग पाँच महिनासम्म अडिएकी थिइन्। तर पछि भने यिनी राजा रणबहादुर शाहसँग पुनर्विवाह गर्न लाचार भइन्। राजा रणबहादुर शाहकी जेठी महारानी राजराजेश्वरी तथा यिनकी क्षत्रिनी सौता रानी सुवर्णप्रभाबीच यतिन्जेल

सौतेनी डाह सुरू भइसकेको थियो। जेठी महारानी राजराजेश्वरीका तर्फबाट राजा रणबहादुर शाहकी एउटी छोरी मात्र पैदा भएर पछि यिनीतर्फबाट अन्य सन्तानहरु पैदा नहुने प्रायः निश्चित थियो। रानी सुवर्णप्रभातर्फबाट भने दुई छोरा जन्मिइसकेका थिए। यसैले यिनले आफ्ना जेठा छोरा राजकुमार 'रणोद्योत शाह' नै राजा रणबहादुर शाहका उत्तराधिकारी एवम् युवराज पनि हुने लगभग निश्चिन्त सम्झिइसकेकी थिइनन्। यसैले यिनी राजा रणबहादुर शाहको नवयौवना कान्तवतीसँगको प्रस्तावित विवाहको विपक्षमा उपस्थित हुन आएकी थिइन्।

महारानी राजराजेश्वरी भने "आफ्नी सौताका छोरा राजकुमार रणोद्योत शाहले राजाको उत्तराधिकारीका साथसाथै युवराज पनि हुन पाउनुभन्दा बरू कान्तवतीतर्फबाट पैदा हुने भावी छोराले नै राजाको उत्तराधिकारी तथा युवराज पनि हुन पाओस् भन्ने पक्षमा थिइन्। यसैले यिनी नवयौवना कान्तवतीसँग राजाको विवाहसम्बन्ध स्थापित गराइदिने पक्षमा थिइन्।

डेढ सय वर्षजति पहिले 'डोटी' राज्यका राजा नाग मल्लले भानुमती नामका विधवा ब्राह्मणीसँग विवाहसम्बन्ध स्थापित गरेका, यिनीतर्फबाट पैदा भएका राजकुमार नै राजाका रुपमा उत्तराधिकारी भएका र डोटी राज्यको राजवंश पछिसम्म पनि यिनै ब्रह्मणीका सन्तानहरुमा चल्दै आइरहेको थियो। यो सत्यतथ्य नेपाल अधिराज्यसम्म पनि आइपुगेको थियो। यसैले आखिरमा आएर राजा रणबहादुर शाहले "तिमीतर्फबाट पैदा हुने छोरालाई नै आफ्नो उत्तराधिकारी तथा युवराज पनि बनाउन म तयार छु" भन्ने वाचा गरेपछि नवयौवना कान्तवती राजा रणबहादुर शाहसँग विवाहसम्बन्ध स्थापित गर्न राजी भइन्। यसैअनुसार गोरखाको पुरानो राजभवनमा यिनको राजा रणबहादुर शाहसँग विवाह कर्म पनि सम्पन्न गरियो।

पाणिग्रहण कर्म सम्पन्न गरेर राजधानी काठमाडौंमा फर्किएपछि राजा रणबहादुर शाह तथा यिनका काका राजकुमार बहादुर शाहका बीचमा खटपट प्रारम्भ भयो। खटपटका अनेकौं कारणहरुमध्ये मुख्य कारण राजकुमार बहादुर शाहले अहिलेसम्म बस्दै आइरहेको

राजभवन परिसरभित्रै रहेको आवासमा नवनियुक्त चौतारा विदुर शाही तथा यिनका भाइ शेरबहादुर शाही पनि बस्न आउनु नै थियो। आफू बसिआएको आवासमा ल्याइतातर्फका आफ्ना भतिजाहरु बस्न आएपछि राजकुमार बहादुर शाह राजभवनबाट निस्किई तीर्थयात्रीका निमित्त आफूले बनाइदिएको पशुपति मन्दिरको नजिकै रहेको 'सदाबर्त'का निमित्त राखिएको भवनमा बस्न आएका थिए।

यसपछि यिनले ल्हासामा रहने चिनियाँ अम्बानहरुलाई "चीन बादशाहको दर्शन गर्न एक पटक चीन साम्राज्यको राजधानी पेकिङमा जान पाऊँ" भनी गोप्य रुपले एउटा पत्र लेखेका रहेछन्। चिनियाँ अम्बानले यस पत्रको जानकारी राजा रणबहादुर शाहलाई गोप्य रुपमा गराइदिएका थिए। यति हुँदासम्म पनि नवयुवक राजा रणबहादुर शाहले राजकुमार बहादुर शाहको विरूद्धमा कडा रुपमा केही पनि बोलेका थिएनन्। यसको अर्को वर्ष चीनका वयोवृद्ध बादशाह 'छिया लुङ'को देहान्त भई यिनका छोरा 'चिया चिङ' नयाँ बादशाह बन्न आएका थिए। यस अवसरमा पनि राजकुमार बहादुर शाहले तिब्बतमा रहेका चिनियाँ अम्बानलाई फेरि पनि "नयाँ बादशाहको दर्शन गर्न एक पटक चीनमा जान पाऊँ" भनी अर्को एउटा पत्र लेखेका रहेछन्।

राजकुमार बहादुर शाहले चीनका दिवङ्गत बादशाहबाट 'घुङ' नामक सम्मानित उपाधि प्राप्त गरेका थिए। यस्तो सम्मानित उपाधि प्राप्त गरेका राजकुमार जस्ता व्यक्तिको आग्रहलाई यत्तिकै उपेक्षा गर्नु चिनियाँ अम्बानहरुका निमित्त त्यति सजिलो थिएन। तर राजा रणबहादुर शाहबाट अनुमति प्राप्त नगरी यिनलाई सोझै चीन साम्राज्यको राजधानी पेकिङमा पठाउनु पनि सम्भव थिएन। यसैले तिब्बतमा रहने गरेका चिनियाँ अम्बानहरुले राजा रणबहादुर शाहलाई यस कुराको जानकारी गराउँदै "काका तथा भतिजा दुवै आपसमा झैझगडा नगरी मेलमिलाप गरेर बस्नू" भनी आग्रह गरे।

चिनियाँ अम्बानहरुबाट यो तथ्य कुरा थाहा भएपछि राजा रणबहादुर शाह आफ्ना काका राजकुमार बहादुर शाहदेखि रिसले आगो भए। चिनियाँ अम्बानको यस पत्रको कुनै लिखित उत्तर नै नदिई राजकुमार बहादुर शाहले गरेका कल्पित तथा अकल्पित

अनेकौं अपराधहरुको लामो फेहरिस्त नै बनाउन लगाई यिनले ल्हासामा रहने गरेका चिनियाँ अम्बानहरुलाई यी कुराको जानकारी गराउन भनी काजी सर्वजित रानालाई आफ्ना दूत बनाई त्यतातर्फ पठाइदिए। सर्वजित राना ल्हासामा पुग्दा वा नपुग्दा नै राजा रणबहादुर शाहले यहाँ आफ्ना काका राजकुमार बहादुर शाहलाई बलपूर्वक पक्रिएर जेलखानामा थुनाइदिएका थिए।

काठमाडौं सहरको दक्षिणपश्चिमतर्फ विष्णुमती नदीको बायाँ किनारमा, जहाँ अचेल परोपकार अनाथालयको भवन छ, पहिले मल्ल राजाहरुले बनाएको एउटा सानो तथा पुरानो किल्ला थियो। यस किल्लालाई गोरखाली प्रशासकहरु कहिले पाहुनाघरको रुपमा प्रयोग गर्थे भने कहिले उनीहरुले यसलाई जेलखानाको रुपमा पनि प्रयोग गर्ने गरेका थिए। राजकुमार बहादुर शाह यसै किल्लामा तीन महिनाजति कठोर यातनाका साथ राखिए। यसपछि एक दिन राति गुप्त रुपले यिनको हत्या गरी आफ्नै कालगतिले गर्दा देहान्त भएको हो भन्ने भान पारेर रातैमा, बिहान उज्यालो नहुँदै पशुपति आर्यघाटमा लगेर यिनको दाहसंस्कार गरियो। यसरी एक जना होनहार देशनिर्माताको अकल्पित देहान्त भयो। यिनकी निरपराध पत्नी तथा बालबच्चाहरुको यसपछि के हबिगत भयो, केही जानकारी प्राप्त हुन सकिरहेको छैन।

यस अप्रिय घटनाको तीन महिनाजति पछि महारानी कान्तवतीको गर्भबाट राजकुमार गीर्वाणयुद्धविक्रम शाहको जन्म भयो (विसं १८५४ असोज १९ गते, तदनुसार १ अक्टोबर इसं १७९७)। नयाँ राजकुमारको जन्म भएबाट राजभवनमा महारानी सुवर्णप्रभाबाहेक अन्य सबै जना हर्षले गर्दा गद्‌गद थिए। यसमा पनि आमा महारानी कान्तवतीलाई विशेष हर्ष हुने नै भयो। जेठी महारानी राजराजेश्वरी पनि यसबाट अत्यन्त प्रसन्न थिइन्। अन्नप्राशन कर्म सम्पन्न हुँदा वा नहुँदै वाचाबन्धनअनुसार यिनलाई राजाका उत्तराधिकारीका साथै 'युवराज' पनि घोषित गरियो। यसरी आफ्ना उत्तराधिकारीको टुङ्गो लागेकाले राजा रणबहादुर शाहका निमित्त यस वर्षका बाँकी दिन आनन्दसँग बिते।

राजा रणबहादुर शाहको रुपरङ पनि सुन्दर थियो। यिनी हँसमुख स्वभावका व्यक्ति थिए। स्वर पनि यिनको मीठो थियो। सितार बजाउनमा यिनी सिद्धहस्त थिए। यिनी पातलो जीउडालका व्यक्ति थिए। स्वस्थ्य भने यिनको प्रायः कमजोर रहने गरेको थियो। यिनी बराबर बिरामी पर्ने गर्थे, घोडा चढ्न डराउँथे र प्रायः मानिसका पिठ्युँमै सवार भई यताउति घुमफिर गर्ने गर्थे।

पशुपक्षी पाल्नमा यिनलाई विशेष सोख थियो। काठमाडौं सहरको लगभग मध्यभागमा, जहाँ अचेल नेपाल बैंक लिमिटेडको केन्द्रीय कार्यालयको भवन छ, तिनताक त्यहाँ एउटा ठूलो पशुशाला थियो। त्यहाँ गाई, घोडा, मृग, भेडा, बाख्रा, भैंसी, बनेल, हाँस, कुखुरा आदि सबै प्रकारका पशुपक्षी पालिएका थिए। यस्ता पशुपक्षी, खास गरी साँढेहरु जुधाउनमा नवयुवक राजा रणबहादुर शाहलाई ठूलो सोख लाग्ने गरेको थियो। यसका निमित्त यिनले अहिले अन्तर्राष्ट्रिय विमानस्थल रहेको ठाउँमा ठूलो गौचरन छाडी साँढेहरुलाई चराउनका निमित्त चौर, बस्नका निमित्त वास, औषधि उपचारहरुका निमित्त वैद्य र खाना खुवाउनका निमित्त दालभात, तिहुनतरकारी र खाने मसलाहरुको पनि प्रबन्ध मिलाएका थिए।

युवराज गीर्वाणयुद्धविक्रम शाहको जन्म भएपछिको एक वर्षजतिको समय त राजा रणबहादुर शाहका निमित्त आमोदप्रमोद तथा आनन्दसँग बित्यो। एक वर्ष पूरा भएपछि भने यिनका आमोदप्रमोद चिन्ता तथा दुःखमा परिणत हुन थाले। बालक युवराजकी मुमा तथा राजा रणबहादुर शाहकी प्राणप्रिय महारानी कान्तवतीको शरीरमा क्षयरोगका लक्षणहरु एकाएक देखापर्न थाले। यिनी लामो समयसम्म लगातार बिरामी पर्न थालिन्। यिनलाई रोग लागेपछि नै राजभवनमा शोक तथा चिन्ताका लहरहरु फैलिन थालेका थिए। यसबाट राजभवनमा "अब केकसो गर्ने होला" भन्ने ठूलो खलबली मच्चियो। राजा रणबहादुर शाह चिन्ताले गर्दा निकै विह्वल रहन थाले। यिनको यस किसिमको उद्विग्न मनस्थितिबाट लाभ उठाउने धुनमा यिनका नजिकमा रहेका अवसरवादी भारदारहरु दत्तचित्त रहन थालेका थिए।

'बख्सी' केहरसिंह बस्नेतका छोरा भूतपूर्व काजी कीर्तिमानसिंह बस्नेत यति बेला यस्तै अवसरवादी भारदारमध्ये एक थिए। आफ्नो भएको जागिर खोसिएकाले यिनी यिनताक यत्तिकै ढाक्रे बसिरहेका थिए। चीनसँग नेपाल अधिराज्यको युद्ध हुँदा यिनी पहिले एक पटक त 'काजी' पनि बनाइएका थिए। तर युद्ध सकिएपछि यिनी खारेजीमा परेका थिए। आफू क्षयरोगले ग्रस्त भएपछि "अब आफ्ना बालक छोराले राजा हुन पाउने हुन् वा होइनन्" भन्ने चिन्ता महारानी कान्तवतीलाई लाग्नु स्वाभाविकै थियो। राजाको चित्तवृत्ति यति बेला ठीक थिएन। यसैले यिनलाई आफ्नो जीवनकालपछि आफ्ना अबोध बालक छोराले राजसत्ताबाट पाखा लाग्नुपर्ने हो कि भन्ने चिन्ता लाग्नु स्वाभाविकै थियो।

भूतपूर्व काजी कीर्तिमानसिंह बस्नेत यति बेला कुनै युक्तिले राजा रणबहादुर शाह तथा महारानी कान्तवतीको पनि नजिकमा थिए। यसै स्थितिमा यिनले अघि सरी साहसका साथ "हजुरले कडाइका साथ करेपिबक्सिएमा राजाबाट अहिले नै पनि बालक युवराजाधिराजका निमित्त राजमुकुट मिल्न सक्छ" भनी महारानी कान्तवतीलाई उराल्न सुरू गरिदिए। यिनको यस प्रस्तावमा महारानी राजराजेश्वरीले पनि आफ्नो सहमति जनाइदिइन्। यसमा यिनको पनि आफ्नै स्वार्थ थियो। रानी सुवर्णप्रभाका छोरा रणोद्योत शाह राजाका उत्तराधिकारी तथा युवराज पनि भएमा यिनले आफ्नी 'बडामहारानी'को पदबाट च्युत हुनुपर्ने निश्चित थियो। यसैले यिनी युवराज गीर्वाणयुद्धविक्रम शाहलाई चाँडै नेपाल अधिराज्यको राजसिंहासनमा विराजमान गराइहाल्ने पक्षमा थिइन्।

महारानी कान्तवतीको औषधोपचार गर्न भने जस्तो राम्रो वैद्य पनि पाउन सकिएको थिएन। "राजयक्ष्मा अर्थात् क्षयरोग भनेको निको हुने रोग होइन, यो रोग लागेका व्यक्तिको आयु बढीमा एक हजार दिन मात्र हुन्छ" भन्ने यिनताक सामान्य जनधारणा थियो। यसैले प्रायः कुनै कुशल वैद्य पनि यस्ता रोगीहरुको औषधोपचार गर्न अघि सर्न चाहँदैनथे। यसै अवस्थामा भूतपूर्व काजी कीर्तिमानसिंह बस्नेतले नै देवपाटनमा घरवास भएका र राजभवनमै वैद्यका रुपमा कार्यरत 'मिलह्म' नामक एक जना सामान्य वैद्यलाई सम्झाईबुझाई गरी महारानीको औषधोपचार गर्न राजी तुल्याइदिएका थिए।

“महारानीलाई निको पार्न सकेमा तिम्रो ठूलो इज्जत हुनेछ र तिमीलाई मानसम्मान पनि मिल्नेछ” भनी यिनलाई प्रलोभन देखाइएको थियो। यसै प्रलोभवनमा परी यिनी महारानी कान्तवतीको औषधोपचार गर्न अघि सरेका थिए।

‘मिलह्म वैद्य’ यथार्थमा सरल प्रकृतिका वैद्य थिए। आफ्नो पेसा तथा धर्मलाई स्वीकार गरी यिनी महारानी कान्तवतीलाई औषधोपचार गर्न अग्रसर थिए। “एउटा कुनै ठूलो धार्मिककृत्य नगरी यस्तो जटिल रोग निको हुनु छैन” भनी यिनले सम्बद्ध भारदारसँग निवेदन गरेका थिए। “यसका निमित्त कस्तो धार्मिककृत्य गर्ने त” भन्ने सम्बन्धमा राजभवनमा छलफल हुँदा मिलह्म वैद्यले अघि सरी “भगवान् पशुपतिनाथको दर्शनका लागि देशविदेशबाट पनि आउने तीर्थयात्रीलाई राति वास बस्न तथा भोजन गराउनका निमित्त पनि त्यहाँ एउटा सदाबर्त गुठीको अत्यन्त नै खाँचो देखिएको छ। राजकुमार बहादुर शाहले स्थापना गरिदिएको यस्तो गुठी अपर्याप्त भएकाले त्यसबाट तीर्थयात्रीको आवश्यकता पूरा हुन सकिरहेको छैन। यसैले यहाँ यस्तै अर्को एउटा अलि ठूलो गुठी राखिएमा बेस होला” भनी आफ्नो राय व्यक्त गरिदिँदा यिनको यो राय सबैलाई मान्य भयो र राजा रणबहादुर शाहले यस प्रयोजनका निमित्त तुरून्त भादगाउँमा रहेका अब्बल किसिमका केही जमिनहरु खरिद गरी सदाबर्तका निमित्त गुठी पनि राखिदिए। यही सदाबर्त गुठी नै अहिले ‘ठूलो सदाबर्त’को नामले प्रसिद्ध छ।

यस सम्बन्धमा भएको ताम्रपत्रमा साक्षीका रुपमा कीर्तिमानसिंह बस्नेत मात्र राखिएका पाइन्छन्। यसबाट पनि यिनताक राजभवनसँग यिनको नजिकको सम्बन्ध रहेको प्रमाणित हुन आएको छ। महारानीको औषधोपचारका निमित्त उपयुक्त स्वास्थ्यनिवासको खोजी हुँदा “यस्तो स्वास्थ्यनिवास त जङ्गलको छेउछाउमा हुन उपयुक्त हुनेछ” भनी मिलह्म वैद्यले आफ्नो घरको छेउको ठाउँलाई रोजिदिँदा राजा रणबहादुर शाहले आफ्नी प्राणप्रिया महारानीका निमित्त रातारात गरी देवपाटनमै एउटा उपयुक्त स्वास्थ्यनिवास पनि बनाउन लगाइदिएका थिए।

"क्षयरोगको उपचारका निमित्त बिरामीले इन्द्रिय निग्रहमा रहनु अत्यावश्यक छ। यसैले अबउप्रान्त सरकार तथा महारानीले पनि दुवैले गेरूवा वस्त्र धारण गरिनुबक्सनुपर्छ" भनी उपचारमा संलग्न रहेका मिलह्म वैद्यले राजा तथा रानी दुवैका समक्षमा साहसका साथ बिन्ती चढाइदिए। ठीक यसै समयमा भूतपूर्व काजी कीर्तिमानसिंह बस्नेतले अघि सरी "हजुरबाट वानप्रस्थ जीवन ग्रहण गरिबक्सिई युवराज गीर्वाणयुद्धविक्रम शाहलाई विधिवत् राजसिंहासनमा विराजमान गराइबक्सिएमा हजुरका निमित्त कुनै पनि किसिमको हानिनोक्सानी हुनेछैन" भनी राजा रणबहादुर शाहका समक्षमा बिन्ती चढाइदिए।

"पहिले ललितपुर राज्यका राजा सिद्धिनरसिंह मल्ल तथा श्रीनिवास मल्लले पनि राज्य त्याग गरी वानप्रस्थ जीवन ग्रहण गरेर ठूलो नाम कमाएका थिए। यसैले हजुरबाट पनि त्यसै गरी वानप्रस्थ जीवन ग्रहण गरिबक्सिएमा हजुरको इज्जत बढ्छ। मलाई 'काजी' पद प्रदान गरिबक्सिएमा सबै कुरा ठीकठाक हुन्छ, हजुरप्रति पूर्ण बफादार रही देशको सेवा गर्न म सदा तयार छु। महारानीको पनि यही इच्छा छ। यसबाट नै महारानीलाई शान्ति तथा सन्तोष पनि मिल्नेछ" भनी राजा रणबहादुर शाहका समक्षमा कीर्तिमानसिंह बस्नेतले आफ्नो आग्रह प्रस्तुत गरिदिए।

बालक युवराजलाई राजसिंहासनमा विराजमान गराउन पाएमा उनको प्रतिनिधि भई आफूले राज्य सञ्चालन गर्न पाउने देखी महारानी राजराजेश्वरी पनि भूतपूर्व काजी कीर्तिमानसिंह बस्नेतको यस प्रस्तावमाथि आवश्यक पुठ दिन थालिन्। तर यो कुरा पुगनपुग छ महिनासम्म राजभवनभित्र नै गुमगाम भएर रहिरह्यो। छ महिनाजति पछि मात्र यो कुरा राजभवनभन्दा बाहिर निस्कियो। विसं १८५५ को माघ महिनामा आएर "यस प्रस्तावमाथि सबै भाइभारदारसँगको रायसल्लाह लिने" भन्ने निर्णय गरियो। यसरी रायसल्लाह लिइँदा यस प्रस्तावमा प्रायः सबै भाइभारदारको सहमति प्राप्त भयो। यति बेला "यस्तो नचाहिँदो काम गर्नुहुँदैन" भनी राजाको चाहनालाई विरोध गर्ने आँट गर्न सकोस् पनि कसले ?

तैपनि दुईतीन जना प्रतिष्ठित तथा प्रभावशाली भारदार भने यस प्रस्तावको विरोधस्वरुप यस भारदारी सभामा अनुपस्थित भए। उपस्थित रहेका भारदारहरुले भने "युवराजलाई राजसिंहासनमा विराजमान गराइबक्सिएमा हामी पहिलेको भन्दा दोब्बर भक्तिभाव प्रकट गरी देश तथा नरेशको पनि सेवा गर्नेछौं" भनी धर्मपत्रको प्रस्तावित लिखतमा हस्ताक्षर गरिदिएका थिए। यसको केही दिनपछि यसै व्यहोराको ताम्रपत्र भगवान् पशुपतिनाथको मन्दिरमा पनि लगेर टाँसियो (विसं १८५५ फागुन ११ गते, तदनुसार १९ फेब्रुअरी इसं १७९९)। यसरी अधिराज्यका लगभग एक सय जनाजति उच्चपदस्थ भारदारहरुको लिखित सहमति प्राप्त भएपछि १८ महिनाका अबोध बालक युवराज गीर्वाणयुद्धविक्रम शाहलाई विधिवत् रुपमा नेपाल अधिराज्यको राजमुकुट पहिऱ्याइएको थियो (विसं १८५५ फागुन २८ गते, तदनुसार ८ मार्च इसं १७९९)।

यसरी राजमुकुट पहिऱ्याउँदा पाल्पा राज्यका राजा पृथ्वीपाल सेनलाई राजधानी काठमाडौंमा आमन्त्रण गरी उनकै हातबाट बालक युवराजलाई नेपाल अधिराज्यका 'श्री ५ महाराजाधिराज'का रुपमा राजमुकुट पहिऱ्याइएको थियो। राजा पृथ्वीपाल सेनलाई काठमाडौंमा बोलाउनुको अर्को प्रच्छन्न उद्देश्य पनि थियो। यहाँ आएपछि उनी यहाँबाट उम्केर स्वदेशमा फर्केर जान नपाऊन् भनी उनी तथा उनका भाइ राजकुमार रणबहादुर सेनलाई पनि ललितपुरको राजभवनमा लगेर राजकीय अतिथिका रुपमा राख्न थालियो।

२३ वर्षका नवयुवक राजा रणबहादुर शाहले आफ्ना राजमुकुटलाई सदाका निमित्त परित्याग गरी स्वामीजीवन ग्रहण गर्दा "मैले राज्यको भोग जति गर्नुपर्ने हो, त्यति नै गरें, अबउप्रान्त सांसारिक जीवनलाई परित्याग गरी परलोक सुधार्नका निमित्त देवीदेवतामाथ भक्तिभाव लगाई तपस्या गर्छु। राज्यको सम्भारका निमित्त मैले आफ्नै इच्छाले कान्छी महारानीतर्फका छोरा गीर्वाणयुद्धविक्रम शाहलाई भरमुलुकको रजाइँ तथा गादी पनि दिएँ। गुरूपुरोहित, भारदार, थरघर, प्रजापञ्च तथा चार वर्ण छत्तीस जात, ठूलासाना सबैले जसरी आजसम्म मेरो हुकुममा चलिआएका थियौ, त्यसरी नै अबउप्रान्त त्यसको दोब्बर भक्तिभाव प्रकट गरी आफूहरुले कबोल गरेको लिखतको धर्म सम्झिई निमकको

सोझो चिताई काम गर्ने गर्नू" भनी आफ्ना भाइभारदारका नाममा धर्मपत्रको 'सबाल' गरिदिए।

नयाँ राजाको राज्याभिषेक सम्पन्न भएपछि पदत्याग गर्ने पूर्वराजाले राज्यको राजधानीमा बस्नु हुँदैन भन्ने परम्परागत मान्यताअनुसार पूर्वराजा रणबहादुर शाह 'स्वामी'को भेष धारण गरी गेरूवा वस्त्र पहिरिएर महारानी कान्तवतीका साथ देवपाटनमा रहेको स्वास्थ्यनिवासमै गई रहन थाले। गेरूवा वस्त्र पहिरिए पनि यिनले यतिन्जेलसम्म आफ्नो शिखा तथा सूत्रलाई भने यथावत् रुपमा राखी नै रहेका थिए। भेष स्वामीको भए पनि स्वभाव तथा प्रवृत्ति भने यिनको अझै पनि मनमोजी नै थियो। नाचगान तथा तमासाहरु हेर्ने प्रवृत्तिलाई यिनले अझै पनि छाड्न सकिरहेका थिएनन्। वैद्यको सल्लाहअनुसार महारानी कान्तवतीले पनि गेरूवा वस्त्र नै पहिरिन थालेकी थिइन्।

बालक राजाको हेरविचार गर्ने र राजप्रतिनिधि भई राज्यका कामकाज सञ्चालन गर्ने अभिभारा लिई जेठी महारानी राजराजेश्वरी भने राजभवनमै रहिरहिन्। रानी सुवर्णप्रभाका दुवै छोराहरु 'चौतारा'को पदमा नियुक्त भएका थिए। यी दुवै राजकुमार नाबालक नै भएकाले यिनीहरुको प्रतिनिधि भई रानी सुवर्णप्रभा पनि राजभवनमै रहिरहिन्। 'चौतारा'ले गर्नुपर्ने कामहरु अब उनकी आमा रानी सुवर्णप्रभाले गर्नुपर्ने भयो। तर परेका बेलामा राजसभामा उपस्थित हुनु मात्र यिनको खास कर्तव्य थियो। यसैबीचमा सम्भवतः काजी अभिमानसिंह बस्नेत खोसिएका र रिक्त हुन आएको पदमा यिनैका भतिजा कीर्तिमानसिंह बस्नेत नियुक्त गरिए।

'परमनिर्गुणानन्द स्वामी' भन्ने नयाँ नाम ग्रहण गरेका नेपाल अधिराज्यका पूर्वराजा 'स्वामीमहाराज' रणबहादुर शाहको हेरविचार तथा सेवा सुश्रुषा गर्न हरबखत यिनकै साथमा रहने गरी काजी कीर्तिमानसिंह बस्नेतले आफ्नो तर्फबाट आफ्ना नजिकका नातेदार 'सरदार' अमरसिंह थापा (साना)का नवयुवक छोरा भीमसेन थापालाई 'सुवेदार'को पदमा नियुक्त गरी खटाइदिएका थिए। यसको दुईतीन महिना जतिपछि

अधिराज्यमा व्याप्त रहेको राजनीतिक अस्तव्यस्तताको मौका छोपी 'काजी' कीर्तिमानसिंहले यिनका पिता सरदार अमरसिंह थापा (साना)को खान्गीलाई नै पिता तथा पुत्र दुवैले मिली साझा रुपमा उपभोग गर्ने गरी "बाबु तथा छोरासमेतका निमित्त" भनी यिनलाई पनि 'सरदार'कै पदमा पदोन्नति गराइएको पाइन्छ। यति बेलादेखि स्वामी महाराजको देहान्त नभएसम्म यिनी स्वामीज्यूका साथमा छाया जस्तै भई हरदम, चौबीसै घण्टा साथसाथै रहन थाले। यसपछि स्वामीमहाराज तथा पूर्वराजा रणबहादुर शाहलाई यिनले कहिल्यै एक्लै छाडेनन्।

महारानी कान्तवतीको औषधोपचार देवपाटनमा रहेको स्वास्थ्यनिवासमा मिलम्म वैद्यले नै गर्दै आइरहेका थिए। स्वामीमहाराज रणबहादुर शाह भने महारानी कान्तवतीको स्याहार, सम्भार तथा औषधोपचारप्रति त्यति साह्रो ध्यान दिने गर्दैनथे। यिनी आफ्नै सुरतालमा मस्त थिए। एक दिन महारानीको रुपरङलाई हेर्दा यिनलाई रोगले निकै चापिसकेको अनुभव गरी "महारानीका निमित्त इलाज मिलेन" भनी उपचारमा संलग्न रहेका मिलम्म वैद्यदेखि रिसाएर यिनले वैद्यलाई अमानुषिक कठोर सजायँ दिई "हामीले अब यहाँ बस्नुभएन" भनी महारानी कान्तवतीलाई पनि साथैमा लिई उहिले राजा सिद्धिनरसिंह मल्ल 'राजर्षि' भई बसेको पाटन पुल्चोकमा रहेको राजभवनमा रहन थाले।

औषधोपचारमा संलग्न भएका मिलम्म वैद्यले कठोर सजाय पाउनुभन्दा दुईअढाइ महिनाजति पहिलेको कुरा हो, 'लक्ष्मीनारायण दाहाल' नामक अर्का एक जना वैद्यले "धामीझाँक्रीद्वारा आफ्ना देवतालाई बोलाई महारानीको औषधोपचार म राम्रोसँग गरिदिन्छु" भनेका थिए। यिनीमाथि 'स्वामीमहाराज' रणबहादुर शाहको ठूलो भरविश्वास रहेको थियो। वास्तवमा यिनी साँढेहरुका वैद्य थए। चाहिने वा नचाहिने कपोलकल्पित कुरा गर्नमा यिनी खप्पिस थए। स्वामीज्यूले यिनलाई "आफ्ना देवतालाई बोलाई महारानीको औषधोपचार चाँडो गर" भनी भन्दा यिनले पहिले त "कुकर्मी राजकुमार बहादुर शाहले प्रेतका रुपमा आएर महारानीलाई दुःख दिएका हुन्, म आफ्ना देवतालाई

बोलाएर महारानीलाई चाँडै निको पारिदिन्छु" भनेका थिए। तर पछि "जति बोलाउँदा पनि मेरा देवताले आउन मानेनन्" भनी यिनी महारानीलाई औषधोपचार गर्ने कामबाट यत्तिकै पन्छिए। फलतः युवराज गीवार्णयुद्धविक्रम शाहलाई राजमुकुट पहिऱ्याउनुभन्दा केही दिनपहिले यिनलाई पनि चारपाटे मुडी मुगलानतर्फ लखेटियो।

यसको केही दिनपछि, कात्तिक महिनामा लागेपछि भूतपूर्व चौतारा महोद्दामकीर्ति शाहका कान्छा छोरा 'चौतारा' श्रीकृष्ण शाह राजधानी काठमाडौंमा निरन्तर घटिरहेका अप्रिय घटनाहरुबाट खिन्न भई यहाँबाट पलायित भएर भारतको हरिहर क्षेत्रमा गई रहन थालेका थिए। यता आफ्नी प्राणप्रिया महारानी कान्तवतीलाई साथमा लिई पाटन पुल्चोकमा गइबसेका स्वामीमहाराज रणबहादुर शाहले महारानीलाई रोगले क्रमशः चाप्दै ल्याएको र औषधोपचारबाट यिनलाई कत्ति पनि फाइदा नभएको देखी "औषधि तथा उपचारबाट भएन, अब देवदेवीका पूजाआराधना तथा अनुष्ठानहरुद्वारा यिनलाई निको पार्छु" भन्ने विचार गरी काठमाडौं उपत्यकाको चार भन्ज्याङभित्र रहेका प्रायः सबै देवदेवीका मन्दिरहरुमा पूजारीहरु पठाइदिएका थिए। ब्राह्मण, गूभाजू तथा बाँडाहरुद्वारा देवदेवीका पीठपीठमा पूजा तथा अनुष्ठान पनि गरिए। यस किसिमका पूजा एवम् अनुष्ठानहरुमा यति बेला लगभग एक लाख रूपैयाँजति खर्च गरिएको थियो। तर पूजापाठ तथा अनुष्ठानहरुबाट पनि महारानीको स्वास्थ्यमा भने कत्ति पनि सुधार आउन सकेन। उल्टो उनलाई रोगले अझै चाप्दै ल्यायो र जीवित नरहने निश्चित भएपछि महारानीलाई पाटन पुल्चोकबाट पशुपति आर्यघाटमा ल्याइयो र यहीँ नै यिनको देहान्त भयो (विसं १८५६ कात्तिक १९ गते, तदनुसार १ नोभेम्बर इसं १७९९)।

महारानी कान्तवतीको निधनको शोकबाट उद्विग्न भई स्वामीमहाराज रणबहादुर शाह "अब मैले यस संसारमा बाँचेर कुनै काम पनि छैन, म पनि यसै चितामा चढी महारानीका साथमा सती जान्छु" भनी अलापविलाप गरी रून–कराउन थाले। तर काजी दामोदर पाँडे तथा अन्य राजभक्त भारदारहरुले सम्झाईबुझाई गरी यस दिन यिनलाई बल्लबल्ल पाटन पुल्चोकमै पुऱ्याइदिए। स्वामीज्यू यसरी विक्षिप्त भएको देखी यिनलाई अब एक्लै

अलपत्र छाड्नुभएन भनी महारानी राजराजेश्वरी दिनभर राजभवनमा रहेर दैनिक राज्यप्रशासनका अत्यावश्यक काम हेर्ने र रातिराति भने पाटन पुल्चोकमै गएर बस्ने गर्न थालिन्। यसपछिका एकदुई महिनाहरु यसरी नै बिते।

काजी कीर्तिमानसिंह बस्नेतले ठूलो चालबाजी खेलेर आफैं नै 'काजी' वा मन्त्री भई राजा रणबहादुर शाहलाई राजमुकुट परित्याग गर्न सहमत गराइदिए। अब यिनले फेरि अर्को एउटा खतरनाक चाल चलिदिए। राजा पृथ्वीनारायण शाहको राज्यकालदेखि नै प्रत्येक वर्ष फागुन महिनाको पूर्णिमाको दिन सम्भव भएसम्मका सबै भाइभारदारलाई जम्मा गरी उल्लासमय वातावरणमा फागु पर्व मनाउने परम्परा थियो। कारणवश कुनै वर्ष राजधानी काठमाडौंमै यो पर्व मनाइए पनि पछि वसन्त ऋतुमै राजा तथा भाइभारदार पनि नुवाकोटमै जम्मा भई फागु खेल्ने चलन धेरै वर्षदेखि थियो। बीचमा, राजकुमार बहादुर शाहको प्रशासनकालमा केही वर्ष यो परम्परा टुटेको थियो। अब काजी कीर्तिमानसिंह बस्नेतले "यस परम्परालाई फेरि पनि चालू गराउनुपर्छ" भन्ने आफ्नो प्रस्ताव अघि सारिदिए।

स्वामीमहाराज रणबहादुर शाहका तर्फबाट नेपाल अधिराज्यको राज्यप्रशासनमा हुने सम्भावित हस्तक्षेपबाट बच्न नै यिनले यस्तो प्रस्तावलाई अघि सारिदिएको पाइन्छ। यिनको यस प्रस्तावमा प्रायः कुनै भारदारको पनि आपत्ति थिएन। यसैले विसं १८५६ को माघ १० गते, तदनुसार २० जनवरी इसं १८०० का दिन राजधानी काठमाडौंबाट प्रस्थान गरी १० दिनजति लगाएर बालक राजा गीर्वाणयुद्धविक्रम शाहलाई म्यानामा सवार गराई सुस्तसुस्त गरी नुवाकोट दरबारमा पुऱ्याइयो। यसले गर्दा जेठी महारानी राजराजेश्वरीलाई भने ठूलो समस्या पर्न आयो। यिनले आफ्ना स्वामीमहाराजलाई यहाँ एक्लै छाड्न सकिनन्। उता नुवाकोटमा पुऱ्याइएका बालक राजा गीर्वाणयुद्धविक्रम शाहलाई एक्लै छोड्नु पनि कम खतराको काम थिएन। स्वामीज्यू भने सधैं नै "अब म यहाँ बस्दिनँ, काशीवास बस्न जान्छु" भनी भन्न थालिरहेका थिए। यसैले यिनलाई यहाँ एक्लै छोडिएमा यहाँबाट भागेर विदेशतर्फ जालान् भन्ने महारानी राजराजेश्वरीलाई ठूलो डर

थियो। यसैले महारानी प्रत्येक आठदश दिनमा एक पटक नुवाकोटमा गई बालक राजाका तर्फबाट लालमोहरका छापहरु लगाइदिनुपर्ने, राजकीयपत्रहरुमा छाप लगाई फेरि पनि फर्केर पाटन पुल्चोकमै आएर बस्न थालिन्।

यिनको यस किसिमको व्यवहार स्वामीमहाराज रणबहादुर शाहलाई मन परिरहेको थिएन। यसैले स्वयम् नै नुवाकोटमा गई काजी दामोदर पाँडेका भतिजा रणबम पाँडे तथा सरदार अमरसिंह थापा (बडा)लाई पनि बिनाअपराध पक्रिई यिनीहरुलाई खुट्टामा बाँधी हुर्मत लिई झुन्ड्याइदिएका र काजी परशुराम थापालाई छालामा बसाली बजारमा घुमाइदिएका थिए। यसै क्रममा सरदार प्रबल रानालाई उनकी श्रीमतीको पोसाक पहिऱ्याई बजारमा डुलाइदिए। स्वामीमहाराजका यस किसिमका उद्दण्ड व्यवहारहरुले गर्दा काजी कीर्तिमानसिंह बस्नेत तथा यिनका सहयोगीहरु पनि स्वामीमहाराज तथा यिनको पक्षमा रहेकी महारानी राजराजेश्वरीलाई पनि नजरबन्दमा राखी बालक राजाको नामबाट अधिराज्यको राज्यप्रशासन स्वयम्ले सञ्चालन गर्ने योजना तयार गर्न थाले।

चौतारा बलभद्र शाहलाई भने यिनीहरुको यस्तो योजना मन परेन र नुवाकोटमा कार्यरत रहेका भारदारहरुबाट फुटी रातारात गरी भागेर राजधानी काठमाडौंमा आएर यिनले स्वामीमहाराज तथा महारानी राजराजेश्वरीलाई पनि काजी कीर्तिमानसिंह बस्नेतका, आफूले थाहा पाएसम्मका सबै गोप्य योजना एकएक गरी सुनाइदिए। यी कुराहरु सुनी स्वामीमहाराज रणबहादुर शाह तथा महारानी राजराजेश्वरी पनि काजी कीर्तिमानसिंह बस्नेतदेखि क्रोधले गर्दा आगो भए र सम्भावित दुष्परिणामको कुनै सोचविचार नगरी यिनीहरुले नुवाकोटमा कार्यरत रहेका, बालक राजा गीर्वाणयुद्धविक्रम शाहप्रति बफादार वैध भारदारी सभालाई विघटन गरी पाटन पुल्चोकमा नयाँ भारदारी सभा गठन गरिदिए।

पाटन पुल्चोकमा नयाँ गठन गरिएको भारदारी सभामा 'मुख्य चौतारा'को पद 'चौतारा' बलभद्र शाहलाई प्रदान गरियो। राजधानी काठमाडौंमै अलमलिएर रहेका विदुर शाही दोस्रा चौताराका पदमा नियुक्त गरिए। नुवाकोट सरकारमा सहभागी रहेका चौतारा

बम शाहका काकाका छोरा प्राण शाह तेस्रा चौताराको पदमा नियुक्त गरिए। 'मुख्य काजी'को पद प्रतिमन रानाले प्राप्त गरे भने काजी दामोदर पाँडेका छोरा रणकेशर पाँडेलाई दोस्रा काजीको पदमा र काजी कीर्तिमानसिंह बस्नेतका दाजु जहरसिंह बस्नेतलाई तेस्रा काजीको पदमा नियुक्त गरियो। सरदार अमरसिंह थापा (साना) तथा यिनका छोरा भीमसेन थापालाई पनि 'सरदार'कै पदमा थमौती गरी नयाँ भारदारी सभामा सम्मिलित गराइयो। काजी कीर्तिमानसिंह बस्नेतले आफ्ना विश्वस्त व्यक्तिका रुपमा राखिएका 'सरदार' भीमसेन थापाको यति बेला केकस्तो मनस्थिति थियो, यसै भन्न सकिँदैन। सम्भवतः यतिन्जेल यिनी पनि वैध नेपाल सरकारका विरोधी बनिसकेका थिए।

यी सबै व्यवस्थाहरु पूरा गरी स्वामीमहाराज तथा यिनका अनुयायीहरु ककनी, पकनाजोल तथा पुल्चोकमा पनि अस्थायी किल्लाहरु बनाई नुवाकोट सरकारविरूद्ध नुवाकोटबाट राजधानी काठमाडौंतर्फ आउने बाटाघाटालाई अवरूद्ध गराइदिने योजना गर्न थाले। यसबाट लगभग चार महिनासम्म काठमाडौं उपत्यकाभित्र स्वामीमहाराज रणबहादुर शाह तथा यिनका अनुयायीहरुको प्रशासकीय नियन्त्रण कायमै रह्यो। अधिराज्यका बाँकी भागमा भने नुवाकोटमा कार्यरत रहेको वैध सरकारको नियन्त्रण कायम थियो।

राजधानी काठमाडौंमा चलिरहेका राजनीतिक गतिविधिहरुको खबर नुवाकोटमा पुगेपछि काजी कीर्तिमानसिंह बस्नेतहरुले पनि आफ्नो पक्षको सफाइका निमित्त सम्भव भएसम्मका उपायहरु गर्न थाले। "चौतारा बलभद्र शाहले आफूहरुमाथि लगाएका आरोपहरु सबै नै कपोलकल्पित तथा झुट्टा हुन्, हामीले स्वामीमहाराजविरूद्ध केही पनि गरेका छैनौं" भन्ने सन्देश यिनीहरुले यत्रतत्र फैलाउन थाले। साथै बालक राजा गीर्वाणयुद्धविक्रम शाहको भाकाबाट काठमाडौं उपत्यकामा रहेका नागरिकलाई सम्बोधन गरी "स्वामीज्यू मेरा पिता हुन् तापनि यिनी दोषी व्यक्ति हुन्, उनको पक्षमा लागी मसँग

लडाइँ लड्न तिमीहरुले अग्रसर हुनु भनेको मेरो विरूद्धमा धर्म तोड्नु हो, यसैले मसँग मिल्न आऊ" भन्ने भावका लालमोहर लागेका पत्रहरु यततत्र प्रसारित गरिन थाले।

यसै भावका पत्रहरु ललितपुर तथा भक्तपुर जिल्लाका नागरिकका नाममा पनि प्रसारित गरिए। तर राजधानी काठमाडौं उपत्यकामा स्वामीमहाराजको पक्षको जोड चल्यो र यिनले मुलुकीखानाबाट आवश्यक रूपैयाँहरु झिकी पाटन पुल्चोकमा पुऱ्याइदिए। यी रूपैयाँहरुमध्ये १२–१५ हजार रूपैयाँ जेठी महारानी राजराजेश्वरी तथा चौतारा बलभद्र शाहको हातमा पनि पर्न आएको थियो। ४०–५० हजार रूपैयाँ स्वामीज्यू, सरदार भीमसेन थापा तथा सरदार बालनरसिंह कुँवरहरुको हातमा पर्न आएको थियो। स्वामीमहाराज रणबहादुर शाहको दबाबमा परी 'खजाञ्ची' जगत खवासले रूपैयाँपैसाका साथै केही हातहतियार पनि यिनीहरुलाई मुलुकीखानाबाट निर्वाध निकाल्न दिएका थिए।

यसपछि स्वामीज्यूले "मलाई हारगुहार गर्न पूर्व तथा पश्चिमका सबै रैती दुनियाँहरु नुवाकोटतर्फ नगई सोझै यहाँ मकहाँ सामेल हुन आउनू" भनी अधिराज्यका गढीगौंडामा कार्यरत रहेका सैनिक तथा सर्वसाधारण नागरिकका नाममा पनि 'इस्तिहार' जारी गरिदिए (विसं १८५७ वैशाख २० गते, तदनुसार २९ अप्रिल इसं १८००)। तर यति बेला हुलाक सेवा नुवाकोट सरकारको नियन्त्रणमा रहेकाले यिनले यसरी जारी गरेका यस्ता सन्देशहरु गन्तव्य स्थलहरुसम्म पुग्न सकेनन्, बीचबाटामै रोकिए।

उता हुलाक सेवा नुवाकोट सरकारको नियन्त्रणमा रहेकाले बालक राजा गीर्वाणयुद्धविक्रम शाहका नामबाट पूर्व तथा पश्चिमका गढीगौंडामा रहेका सैनिक कम्पनीहरुका नाममा प्रसारित "चार भन्ज्याङभित्र प्रवेश नगरी सोझै यहाँ, मकहाँ सामेल हुन आउनू" भन्ने भावका पत्रहरु भने यथासमयमै निर्धारित ठाउँहरुमा पुग्न सकेका थिए। यस्ता पत्रहरु पुगेपछि पश्चिमतर्फका गढीगौंडामा रहेका केही सैनिकहरु यथासमयमै नुवाकोटमा पुगे पनि।

यसपछि स्वामीज्यूको तर्फबाट ‘ककनी’मा तैनाथ गरिएका सैनिकहरुलाई आफ्नो पक्षमा मिलाई जेठ महिनाको आरम्भतिर काजी दामोदर पाँडेको नेतृत्वमा रहेका सैनिकहरु त्यहाँबाट अघि बढी ‘मुड्खु’सम्म आइपुग्दा स्वामीमहाराज रणबहादुर शाह साथमा रहेकी आफ्नी महारानी राजराजेश्वरीलाई पनि थाहै नदिई, रातमै पाटन पुल्चोकबाट पलायित भई चापागाउँ तथा प्युटार हुँदै ‘महाभारत’को पर्वतमालालाई पार गरेर मकवानपुरमा पुगी पर्सागढीको बाटो भएर मुगलानभित्र प्रवेश गरी काशीतर्फ लागेका थिए (विसं १८५७ जेठ ८ गते, तदनुसार १८ मे इसं १८००)।

३.८ स्वामीमहाराज रणबहादुर शाहको काशीवास तथा प्रत्यागमन

स्वामीमहाराज रणबहादुर शाह ललितपुर पुल्चोकबाट काशीतर्फ पलायित भएको थाहा पाएपछि महारानी राजराजेश्वरी पनि आफ्ना पतिलाई छाडी यहाँ, राजधानी काठमाडौंमा यत्तिकै बसिरहनु उचित नहुने सम्झिई स्वामीज्यू यहाँबाट पलायित भएको तेस्रो दिन आफ्ना भाँडाबर्तन, लत्ताकपडा, तथा केटी सुसारेहरुलाई साथमा लिई चिसापानीगढीतर्फको प्रचलित मूलबाटोबाट काशीतर्फ लागिन्। काजी कीर्तिमानसिंह बस्नेत तथा काजी दामोदर पाँडेहरुले यिनलाई रोक्ने सामान्य प्रयास पनि गर्न चाहेनन्।

स्वामीमहाराज रणबहादुर शाहले मुलुकीखानाबाट निकालेका रूपैयाँहरुमध्ये अत्यावश्यक रूपैयाँहरु मात्र लगी बाँकी रूपैयाँ पाटन पुल्चोकमै छाडेर गएका थिए। यसरी छाडेका रूपैयाँहरुमध्ये आफूले लैजान सक्नेजति रूपैयाँ महारानी राजराजेश्वरीले पनि आफ्नो साथमा लिएर गइन्। चौतारा बलभद्र शाह पनि यिनका सहायकका रुपमा यिनकै पछिपछि लागे। स्वामीज्यू तथा यिनकी महारानी राजराजेश्वरी पनि यसरी राजधानी काठमाडौंबाट पलायित भएपछि स्वामीज्यूको तर्फबाट नयाँ गठन गरिएको भारदारी सभामा रहेका विदुर शाही आदि चौतारा र प्रतिमन राना आदि काजी तथा सरदारहरु स्वतः पदच्युत हुन आए। नुवाकोटमा कार्यरत भारदारी सभा यथावत् रह्यो।

महरानी राजराजेश्वरीको अनुपस्थितिमा बालक राजा गीर्वाणयुद्धविक्रम शाहकी संरक्षिका तथा राजप्रतिनिधि पनि रानी सुवर्णप्रभा हुन आइन्। आफ्ना छोरा चौतारा रणोद्योत शाह तथा यिनका भाइको प्रतिनिधिको साबिकको दायित्व पनि यिनमै रह्यो।

यसपछि धूमधामसँग सिन्दूरजात्रा गरी यिनलाई आदरपूर्वक राजभवनभित्र प्रवेश गराइयो।

यसपछि नयाँ भारदारी सभाको गठन हुँदा काजी कीर्तिमानसिंह बस्नेत प्रधानमन्त्रीसरहको 'मुख्य काजी'को पदमा पदोन्नत गराइए। यसै क्रममा अन्य चौतारा तथा काजीहरुको पनि पुनर्गठन गरिँदा सरदार अमरसिंह थापा (बडा)ले पनि 'काजी'को पद प्राप्त गरी भारदारी सभामा सम्मिलित हुन पाए। दामोदर पाँडे भने साबिकभन्दा केही होचिएर मन्त्रीसरहको 'काजी'को सामान्य पदमा मात्र कायम रहिरहे। यिनको तैनाथीमा रहेका अधिराज्यका पश्चिमतर्फका गढीगौंडामा रहेका सैनिकहरुलाई यिनको तैनाथीबाट झिकी 'चौतारा' बम शाहको तैनाथीमा लगिँदा यथार्थमा काजी दामोदर पाँडेको साबिकको अधिकारमा कटौती हुन आएको र यसबाट मामा तथा भानिजका बीचमा केही फाटो पनि देखिएको थियो। तर मामा दामोदर पाँडेले आफ्ना भानिज काजी कीर्तिमानसिंह बस्नेतका यस किसिमका चालबाजीमाथि कुनै पनि प्रतिक्रिया व्यक्त गरेका थिएनन्।

यति बेलादेखि लगभग १५ महिनापछिसम्म पनि काजी कीर्तिमानसिंह बस्नेत नेपाल अधिराज्यका प्रमुख प्रशासक थिए। यिनले सिफारिस गरेका राजकीय लिखतहरुमा बालक राजा गीर्वाणयुद्धविक्रम शाहको नामबाट लालमोहरको छाप लगाइदिनु मात्र रानी सुवर्णप्रभाको प्रमुख कर्तव्य थियो। जेठी महारानी राजराजेश्वरीका पक्षका भारदार काजी कीर्तिमानसिंह बस्नेतसँग जलिरहेका थिए। यसैले उनीहरुले "रानी सुवर्णप्रभाको काजी कीर्तिमानसिंह बस्नेतसँग अनुचित सम्बन्ध छ" भन्ने अफवाहलाई फैलाउन सुरू गरिदिए।

यसै स्थितिमा विसं १८५८ को असोज महिनाको एक दिन, रातको नौ बजेको करिबमा काजी कीर्तिमानसिंह बस्नेत राजभवनमा चौतारा शेरबहादुर शाहीसँग आवश्यक छलफलहरु गरी छुट्टिएर आफ्नो आवासतर्फ फर्किइरहेका थिए। यसै बेला बाटामै यिनको गुप्त रुपले हत्या गरियो। मूलबाटोबाट आउँदा अलि घुमाउरो बाटो पर्ने हुनाले यिनी प्रायः हात्तीसारतर्फको सोझो बाटो गरी आफ्नो आवासमा आउँथे। यस दिन पनि

यिनी यही नै बाटो गरी आउँदा हतियारधारी दुई जना हत्याराहरुले बीचबाटामै यिनको अमानुषिक हत्या गरी यिनका लासलाई हात्तीसारको एउटा घरको कोठाभित्र फालिदिए।

यो कुरा यस दिन थाहा हुन सकेन। रातभर यिनको खोजी हुँदै रह्यो। तर पत्ता लाग्न सकेन। भोलिपल्ट बिहान मात्र यिनको हत्या भएको थाहा हुन आयो। हत्याराहरु चिनिए। तर रातभरमा यिनीहरु बेपत्ता भइसकेका थिए। हत्या गर्न यिनीहरुलाई आदेश दिने व्यक्तिहरु कोको रहेछन् भनी सोधीखोजी गर्ने क्रममा रानी सुवर्णप्रभा तथा चौतारा शेरबहादुर शाहीले मिली जेठा महारानीका पक्षका ठहरिएका ८० जनाजति भारदार तथा सैनिक अफिसरहरुलाई पनि पक्राउ गरी थुनामा राखिदिएका थिए।

यसै बेला चौतारा शेरबहादुर शाहीले आफ्ना दाजु विदुर शाहीलाई "अहिले यहाँ कचहरी नगरौं, तल गएर गरौं" भनी चलाखीका साथ राजभवनबाट भगाइदिए। काजी दामोदर पाँडे पनि यति बेला सन्देहको घेरामा पर्न आए। तर यिनले "म कुनै हालतमा पनि देशबाट भाग्नेछैन" भनी आफ्नो जनैलाई समाती धर्म भाकेकाले तत्कालका निमित्त थुनामा पर्नबाट उन्मुक्ति पाए। यिनका छोरा रणकेशर पाँडेलाई भने शङ्कै शङ्काको भरमा नेल ठोकियो। यिनका भाइ रणजित पाँडे आतङ्कित भई मुगलानतर्फ लागे। अन्य धेरै भारदार पनि शङ्कैशङ्कामा नेल ठोकिई धेरै दिनसम्म थुनामै रहे।

पक्राउमा परेका व्यक्तिहरुमध्ये "नराम्रो हल्ला चलाउने प्रमुख व्यक्तिहरु" भनी सरदार प्रतिमान राना तथा गर्भु खवास आदि पाँचसात जना भारदारहरु हत्याराका मतियार भन्ने ठहर भई काटिए। वास्तविक हत्याराहरु भने नेपालबाट पलायित भएर बेपत्ता नै भए। यस घटनापछि काजी कीर्तिमानसिंह बस्नेतका भाइ बख्तवारसिंह बस्नेत नेपाल अधिराज्यका मूल काजी वा प्रधानमन्त्रीको पदमा नियुक्त गरिए।

उता काशीमा पुगेका स्वामीमहाराज रणबहादुर शाहलाई त्यहाँ कार्यरत कम्पनी सरकारका राजनीतिक प्रतिनिधिले अनौपचारिक रुपमा स्वागत गरी यिनलाई शरणार्थीका रुपमा त्यहीँ रहन दिने प्रबन्ध मिलाइदिएका थिए। 'राजगुरू' ब्रजनाथ

पण्डित पहिले नेपाल अधिराज्यबाट निकाला हुँदा चार वर्षको उमेर भएका यिनका बालक छोरा रङ्गनाथ पण्डित यति बेला २७–२८ वर्षका चल्ताफिर्ता नवयुवक बनिसकेका थिए। यिनी कहिले बेतियामा रामनगरमा आएर बस्थे भने धेरैजसो समय यिनले बनारसमै बिताउने गरेका थिए। स्वामीमहाराज रणबहादुर शाह बनारसमा आइपुगेको खबर पाउनासाथ यिनले त्यहीँ पुगेर स्वामीज्यूसँग भेट गरे।

बनारसमा पुगेका स्वामीमहाराज रणबहादुर शाहले स्वदेशतर्फ फर्कन आवश्यक तरखरहरु चाँडै नै सुरू गर्न थाले। आफ्ना सल्लाहकारका सल्लाहअनुसार यिनले पहिले नेपालबाट निकाला गरिएका पूर्वसरदार परशुराम थापालाई बोलाई "तिमीले राजधानी काठमाडौंमा गई त्यहाँका भारदारहरुलाई आफ्नो हातमा लिएर मलाई नेपालमै झिकाउने प्रयत्न गर्नुपऱ्यो" भनी खटाइदिए। यिनलाई यसरी खटाउँदा "तिमीले मलाई नेपालमा झिकाउन सक्यौ भने परम्परागत 'छ थर'का भारदारहरुमा थापा थरलाई पनि समावेश गरी 'सात थर'को व्यवस्था बसालिदिनेछु" भन्ने आवश्वासन दिएका थिए।

स्वामीमहाराज रणबहादुर शाहका प्रमुख सल्लाहकार सरदार भीमसेन थापा तथा यिनका सहयोगी रङ्गनाथ पण्डितमा पनि कूटनीतिक चातुर्यको ज्ञान कत्ति पनि थिएन। इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीलाई सन्तुष्ट गराउन सके उनीहरुले स्वामीमहाराज रणबहादुर शाहलाई नेपाल अधिराज्यमा फर्काएर फेरि पनि यस अधिराज्यको राजसिंहासनमा विराजमान गराइदिनेछन् भन्ने यिनीहरुको सोचाइ थियो। यसैले आफूहरुको यस चाहनालाई इस्ट इन्डिया कम्पनीका बनारसमा रहने गरेका राजनीतिक प्रतिनिधिकहाँ पुऱ्याउन यिनीहरुले आफ्ना अथक प्रयास सुरू गरिसकेका थिए। नेपाल अधिराज्यभित्रका आन्तरिक मामिलाहरुमा हस्तक्षेप गरी आफ्नो राजनीतिक तथा व्यापारिक लाभहरु उठाउन पाउने सुअवसरलाई गुमाउन कम्पनी सरकारका अङ्ग्रेज पदाधिकारी पनि किन पो चाहन्थे? तर यसका निमित्त हतार गरिहाल्ने पक्षमा भने उनीहरु थिएनन्। बिस्तारै होसियारीका साथ आफ्ना पाइलाहरु अगाडि बढाई नेपाल अधिराज्यभित्र घुस्ने सोचाइमा उनीहरु थिए।

पहिले राजा रणबहादुर शाहले नेपाल अधिराज्यको राज्याधिकार आफ्नो हातमा लिँदा इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीले 'अब्दुल कादिर' नामक आफ्ना एक जना विश्वस्त व्यक्तिलाई वाणिज्यदूत बनाई उपहारका रुपमा राजाका निमित्त केही सरसामान पठाएर राजधानी काठमाडौंमा आवतजावत गर्ने र यहाँ आफ्ना व्यापार केठीहरु स्थापना गर्ने प्रयास गर्दा असफल भई फर्केर गएका थिए। यसैले स्वामीमहाराज रणबहादुर शाह बनारसमा पुगिसकेपछि पनि अङ्ग्रेज पदाधिकारीले सरदार भीमसेन थापा तथा पण्डित रङ्गनाथ पण्डितका प्रस्तावहरुलाई खास ध्यान दिइरहेका थिएनन्।

कम्पनी सरकारको अघिल्लो पटक नेपाल अधिराज्यसँग वाणिज्यसन्धि सम्पन्न हुँदा अङ्ग्रेज पदाधिकारीले बनारसमै रहने गरेका नेपाल अधिराज्यका 'राजगुरू' गजराज मिश्रज्यूमार्फत सम्पन्न गराएका थिए। यसैले अहिले पनि गजराज मिश्रज्यूमार्फत नै नेपाल सरकारसँग राजनीतिक सम्झौता गर्ने कुरा उनीहरुले चलाउन चाहे। राजा रणबहादुर शाहले स्वयम्ले राज्य त्याग गरी बालक राजा गीर्वाणयुद्धविक्रम शाहलाई राजाका रुपमा अभिषेक गर्दा "राजा रणबहादुर शाहले राज्य त्याग गरेको ठीक भएन" भनी राजगुरू गजराज मिश्र त्यसै समयदेखि नै राजधानी काठमाडौंमा फर्किएर आएका थिएनन्। यसैले यिनी विद्रोही मानिई यति बेला राजगुरूको पदबाट पदच्युत पनि गरिएका थिए। यसै स्थितिमा अङ्ग्रेज 'गभर्नर जनरल' वेलेज्लीले यिनै राजगुरू गजराज मिश्रज्यूबाट आवश्यक सहयोग प्राप्त गरी नेपाल सरकारसँग राजनीतिक सन्धिपत्र सम्पन्न गरेर नेपाल अधिराज्यमा आफ्ना राजदूत पठाई यहाँको वास्तविक राजनीतिक परिस्थितिहरुको विस्तारपूर्वक अध्ययन गर्ने निर्णय गरे।

"कम्पनी सरकारको राज्य अब निकै ठूलो तथा शक्तिशाली पनि भइसकेको छ, यसैले यिनीहरुलाई नेपाल अधिराज्यभित्र प्रवेश गर्न रोकेर राख्नु अबलाई सम्भव छैन, बरू अङ्ग्रेज राजदूतलाई राजधानी काठमाडौंमा स्थायी रुपमै रहन दिई सतर्कताका साथ व्यवहार गरेमा नेपाल अधिराज्यको हित हुनेछ" भन्ने निश्चय गरी एउटा सन्धिपत्रको मस्यौदा तयार पारेर यस सम्बन्धमा काजी कीर्तिमानसिंह बस्नेतसँग आवश्यक छलफल

गर्न भनी राजगुरू गजराज मिश्र राजधानी काठमाडौंमा आए। यसै क्रममा विचारविमर्श हुँदा “स्वामीमहाराज रणबहादुर शाहलाई बनासरसमै रोकिदिने हो र त्यहाँ यिनलाई स्वतन्त्रतापूर्वक हिँडडुल गर्न नदिने हो भने अङ्ग्रेजसँग राजनीतिक सन्धि गर्न आफू तयार रहेको” प्रतिक्रिया काजी कीर्तिमानसिंह बस्नेतले राजगुरू गजराज मिश्रज्यूसमक्ष प्रस्तुत गरिदिएका थिए।

यसै पूर्वसर्तका आधारमा अग्रिम छलफल हुँदा दुवै पक्षको यसमा सहमति भएकाले नेपाल सरकारका तर्फबाट राजगुरू गजराज मिश्र तथा कम्पनी सरकारका तर्फबाट एक जना अङ्ग्रेज अफिसरले पटनामा बसी सन्धिपत्रका थप सर्तहरुको सम्बन्धमा छलफल गरिरहेका थिए। जुन समयमा पटनामा दुई पक्षका प्रतिनिधिहरुका बीचमा प्रस्तावित सन्धिपत्रका सर्तहरुका सम्बन्धमा आवश्यक छलफलहरु चलिरहेका थिए, त्यसै समयमा यहाँ नेपालमा काजी कीर्तिमानसिंह बस्नेतको अमानुषिक रुपमा हत्या भएको थियो। काजी कीर्तिमानसिंह बस्नेतको हत्यापछि यिनको ‘मूल काजी’को पदमा यिनका आफ्नै भाइ बख्तवारसिंह बस्नेत नियुक्त भएका थिए। तर रानी सुवर्णप्रभाका प्रमुख सल्लाहकारको पदमा भने सुबुद्धि खड्का नियुक्त हुन आए।

विसं १८५८ को मङ्सिर महिनामा पटना सहरमा नेपाल सरकार तथा कम्पनी सरकारबीचमा सम्पन्न हुने सन्धिपत्रको प्रारुपलाई तयार पारिसकिएको थियो। प्रस्तावित सन्धिपत्रअनुसार स्वामीज्यूलाई जीवनवृत्तिका निमित्त पल्लो किराँत तथा मोरङका तराई क्षेत्रहरुबाट पनि उठ्ती हुने रकमहरुमध्ये वार्षिक ८० हजार रूपैयाँ तथा केही जिन्सी सरसामान पनि दिइने भएको थियो। नेपाल अधिराज्यभित्रका राजकाजका कामहरुमा यिनले कुनै पनि किसिमले हस्तक्षेप नगरी बनारसमै शान्तिपूर्वक रहनुपर्ने, नेपालभित्र रहेमा नेपाल सरकारको र भारतमा रहेमा कम्पनी सरकारको नियन्त्रणमा रहनुपर्ने यिनका निमित्त मुख्य सर्त तोकिएको थियो। आफ्ना अङ्गरक्षकका रुपमा एक सय जनासम्म सैनिक राख्न पाउने, जीवनवृत्तिका निमित्त निर्धारित गरिएका रूपैयाँ आफ्नै

मानिसहरुलाई पठाएर उठाउन पाउने पनि यिनका निमित्त थप सुविधा उपलब्ध गराइएको थियो।

प्रस्तावित सन्धिपत्रअनुसार पूर्वी नेपालका तराई क्षेत्रहरुको 'मालवाजवी' अर्थात् उपहारका रुपमा नेपाल सरकारले कम्पनी सरकारलाई वार्षिक रुपमा बुझाउँदै आएका दुई ओटा हात्ती भने अब बुझाउनुनपर्ने हुन आयो। यस सन्धिपत्रमा नेपाल सरकारका निमित्त निकै अप्रिय रहेको एउटा थप सर्त पनि थोपरिएको थियो। यो सर्त थियो, "अबउप्रान्त अबध सरकार तथा नेपाल सरकारका बीचमा सिमानासम्बन्धी कुनै विवाद उत्पन्न हुन आएमा कम्पनी सरकारका प्रतिनिधिहरुले मध्यस्थ भई यस्तो विवादलाई सुल्झाइदिने।" प्रस्तावित सन्धिपत्रमा रहेको यो सर्त अत्यन्त नै खतरनाक थियो। सन्धिपत्रमा रहेको यस प्रवधानले गर्दा कम्पनी सरकारको राजनीतिक हैसियतलाई नेपाल सरकारको राजनीतिक हैसियतभन्दा माथिल्लो तहमा पुऱ्याइदिएको थियो। आफ्नो आश्रयमा आइसकेका अबधका नबाब बजिरको पक्ष नलिई अङ्ग्रेज पदाधिकारीले नेपाल सरकारको पक्ष लिने सम्भावना कमै मात्र थियो।

प्रस्तावित सन्धिपत्रमा रहेको अर्को एउटा सर्तअनुसार नेपाल अधिराज्यका भारदारहरुको सुरक्षाको जिम्मेवारी पनि कम्पनी सरकारले लिइदिने भएको थियो। "जसले रक्षा गर्छ, वास्तवमा त्यही नै ठूलो हुन्छ" भन्ने सर्वमान्य सिद्धान्तअनुसार प्रस्तावित सन्धिपत्रको यस दफाले कम्पनी सरकार नेपाल सरकारभन्दा माथिल्लो तहमा पुग्ने भएको थियो।

उपर्युक्त वस्तुस्थितिहरु हुँदाहुँदै पनि कम्पनी सरकारका गभर्नर जनरलको छाप लागेको सन्धिपत्रको प्रस्तावित प्रारुपलाई लिई विसं १८५९ को वैशाख महिनामा राजदूतको पदमा नियुक्त भएका 'कप्तान' नाक्स नेपाल अधिराज्यमा उपस्थित हुन आए। राजगुरू गजराज मिश्र तथा रघुनाथ पण्डित पनि यिनका साथमै आएका थिए। राजदूतका रुपमा आएका कप्तान नाक्सलाई विधिपूर्वक स्वागत गरी ल्याउन भनी रानी सुवर्णप्रभाले काजी दामोदर पाँडेलाई मकवानपुरको तराई क्षेत्रसम्म पठाइदिएकी थिइन्।

यसैअनुसार कप्तान नाक्स आफ्ना दलबलका साथ नेपाल अधिराज्यको राजधानी काठमाडौंमा आइरहन थाले।

नेपाल अधिराज्यबाट काशीतर्फ पलायित हुँदा स्वामीमहाराज रणबहादुर शाहले आफ्नो साथमा अत्यावश्यक केही रूपैयाँ मात्र लिएर गएका थिए। यिनी खर्चालु स्वभावका व्यक्ति भएकाले यिनले लिएर गएका रूपैयाँ एकदुई महिनामै खर्च भइसकेका थिए। यसैले आवश्यक खर्चको अभावमा यिनले सर्वप्रथम महारानी राजराजेश्वरीले लिएर गएका रूपैयाँ र ती पनि निख्रिएपछि यिनका गरगहना पनि बेचिदिएकाले महारानीको यिनीसँग मनमुटाव सुरू भएको थियो। रहँदाबस्दा यो मनमुटाव बढ्दै आयो र खर्चको अभावमा बनारसमा रहिरहन सम्भव नभएकाले महारानी राजराजेश्वरी आफ्ना सहयोगी भूतपूर्व चौतारा बलभद्र शाह तथा आठदस जना आफ्ना केटी सुसारेहरुलाई साथमा लिई बेतियाको 'रामनगर' नामक आफ्नो जमिनदारीमा गई बसिरहेका तनहुँ राज्यका पूर्वराजा हरकुमारदत्त सेनको आश्रयमा रहन आइन्। बालककालमा यिनी तनहुँ राज्यको राजभवनमै हुर्के बढेकीले यिनलाई यसरी रामनगरमा आएर बस्नमा कुनै पनि किसिमको सङ्कोच थिएन।

रामनगरमा आइपुगेपछि नै यिनले काठमाडौंमा काजी कीर्तिमानसिंह बस्नेतको हत्या भएको दुःखद समाचारलाई सुनेकी थिइन्। यसपछि यिनी काठमाडौंतर्फ आउने क्रममा केही दिन रौतहटमा आएर रहिरहिन्। यिनले नेपाल अधिराज्यभित्र प्रवेश गरेको समाचार प्राप्त हुनेबित्तिकै रानी सुवर्णप्रभाले यिनलाई "नेपालबाट तुरून्त नै फर्केर जानू" भनी चार वर्षका बालक राजा गीवार्णयुद्धविक्रम शाहको भाकाबाट लालमोहर लागेको पत्रका साथ एउटा सैन्यदललाई त्यतातर्फ पठाइदिएकी थिइन्। तर महरानी राजराजेश्वरीलाई "नेपाल अधिराज्यबाट फर्केर जानुपर्‍यो" भनी भन्ने साहस यस सैन्यदलका सेनानायकहरुमा रहेको थिएन। यसैले यिनी यसपछि पनि रौतहटमै रहिरहिन्। कप्तान नाक्स जति बेला राजधानी काठमाडौंतर्फ आएका थिए, त्यति बेला महारानी राजराजेश्वरी रौतहटमै बसिरहेकी थिइन्। यसै स्थितिमा यिनका सहायक भएर गएका

चौतारा बलभद्र शाहको त्यहीँ अकल्पित देहान्त हुँदा यिनी असहाय बन्न आइन्। यस अवस्थामा राजधानी काठमाडौँमै फर्केर आउनुभन्दा बाहेक विकल्प रहेन।

राजधानी काठमाडौँतर्फ अघि बढिरहेको महारानी राजराजेश्वरीको गतिलाई रोक्न भनी रानी सुवर्णप्रभाले चुरे पर्वतमालाको भन्ज्याङमै सैनिकहरुको सुरक्षा चौकी राखिदिइन्। यस सुरक्षा चौकीमा रहेका सैनिकहरुले यिनलाई रोक्ने सामान्य प्रयास त गरेका थिए। तर यिनी तथा यिनका केटी सुसारेहरुले आफ्ना हातहातमा तरबार लिई अगाडि बढ्दा त्यहाँ रहेका सैनिकहरुले यिनलाई पक्रने आँट गर्न सकेनन् र यिनका डोले तथा भरियाहरु मात्र पक्रिई थुनामा राखिए। यिनी तथा यिनका केटी सुसारेहरु भने त्यहाँबाट पैदलै अघि बढी सुस्तसुस्त गरी चिसापानीगढीमै आइपुगे।

चिसापानीगढीका प्रशासकले रातमा वास बस्न दिई महारानी यहाँ आइपुगेको सूचना रातारात गरी रानी सुवर्णप्रभाकहाँ पठाइदिए। यसपछि यिनलाई बीचबाटाबाट नै फर्काउन भनी राजधानी काठमाडौँबाट अर्को सैन्यदल पनि पठाइयो। यस सैन्यदलले यिनलाई कुलेखानीमा भेट्दा सेनाका सुवेदारहरुले त आदेशअनुसार यिनलाई पक्रने असफल चेष्टा गरेका थिए तर समान्य सैनिकहरुले भने यिनीप्रति श्रद्धाभाव व्यक्त गरी यिनलाई पक्रन नदिएर उल्टो स्वागत तथा सत्कार गर्दै आआफैंले डोली बोकी 'किमडोल'मा ल्याएर राखे। राज्यको प्रमुख भारदारहरु लिन नआएसम्म राजभवनतर्फ अघि बढ्नु उचित नहुने विचार गरी महारानी राजराजेश्वरी यहाँ आइपुगिसकेर पनि केही दिन त्यहीँ रहिरहिन्।

कप्तान नाक्स राजदूतका रुपमा राजधानी काठमाडौँमा आइपुगेपछि यिनका सहायक भएर आएका रघुनाथ पण्डितले केही दिनको बसाइमै यहाँका राजनीतिक तथा सामाजिक परिस्थितिलाई राम्रैसँग बुझी पनि हाले। पाँडे तथा बस्नेत परिवारका भारदारका कलहका कारणहरु पनि यिनले एकएक गरी पत्ता लगाइदिए। यिनी काठमाडौँमा अझै केही दिन रहिरहन चाहन्थे तर राजगुरू गजराज मिश्रले यिनलाई यहाँ रहिरहन दिएनन्। यसैले बालक राजा गीर्वाणयुद्धविक्रम शाहको नामबाट स्वामीमहाराज रणबहादुर शाहको नाममा लेखिएको आदेशको ताम्रपत्रलाई लिई यिनी बनारसमै

फर्किए। यस ताम्रपत्रमा "हजुरलाई मोरङ तथा पल्लो किराँतका तराई क्षेत्रका आम्दानीमध्येबाट वार्षिक ८० हजार रूपैयाँ जीवतवृत्तिका निमित्त दिइनेछ, हजुरले त्यहीँ रही अहिलेको जस्तै गरी तपस्या गरी बसिरहनुपर्नेछ" भनी लेखिएको थियो।

नेपालमा आएका अङ्ग्रेज राजदूत कप्तान नाक्स नेपाल अधिराज्यसँग सम्पन्न भएको नयाँ सन्धिपत्रको प्रावधानलाई अक्षरशः पालना गराउने मनस्थितिमा थिएनन्। नेपालका स्वाभिमानी भारदारहरुले यस सन्धिपत्रका प्रावधानहरुलाई अवश्य पनि पालना गर्दैनन् भन्ने यिनलाई राम्ररी थाहा थियो। हुन पनि यति बेला नेपाली भारदारहरु यस सन्धिपत्रको पक्ष तथा विपक्षमा गरी दुई समूहमा विभक्त थिए। यसैले कप्तान नाक्स यस सन्धिपत्रको प्रावधानलाई अक्षरशः पालना गराउनेतर्फ नलागी नेपाल अधिराज्यमा चीन सरकारको प्रभाव कत्ति रहेछ भन्ने सूक्ष्म अध्ययन गर्नेतर्फ मात्र लागिरहेका थिए।

यिनका साथमा आएका 'डाक्टर' हेमिल्टन भने नेपाल अधिराज्यको इतिहास, भूगोल तथा यहाँका सामाजिक व्यवस्थाहरुको सम्बन्धमा आफ्ना रचनाहरु लेख्न आवश्यक सामग्रीहरुको सङ्कलन गर्दै रहेका थिए। महारानी राजराजेश्वरी किमडोलमा आइपुगेर बसुञ्जेलसम्म पनि कम्पनी सरकारसँग सम्पन्न हुनुपर्ने प्रस्तावित सन्धिपत्रको प्रारुपमा नेपाली पक्षबाट औपचारिक रुपमा अनुमोदन भइसकेको थिएन। उपर्युक्त सन्धिपत्रमा बालक राजा गीर्वाणयुद्धविक्रम शाहको लालमोहरको छाप लगाइदिन नेपाली भारदारहरुले अझै पनि आनाकानी गरिरहेका थिए। महारानी राजराजेश्वरी बनारसबाट फर्किएर आएपछि नेपाल अधिराज्यको राजनीतिक अवस्था अत्यन्त नै तरल बन्न आएकाले यस सन्धिपत्रमा राजा गीर्वाणयुद्धविक्रम शाहको नामको लालमोहरको छाप लगाइदिएमा आत्मरक्षा होला कि भन्ने अपेक्षा राखी महारानी सुवर्णप्रभाले यसै बेला प्रस्तावित सन्धिपत्रमा लालमोहरको छाप लगाई कप्तान नाक्सलाई सुम्पिदिएकी थिइन्।

रानी सुवर्णप्रभा तथा यिनका प्रमुख मन्त्री मूल काजी बख्तवारसिंह बस्नेत पनि कमजोर स्वभाव भएका व्यक्ति थिए। यिनका सहयोगी चौतारा शेरबहादुर शाही तथा

काजी त्रिभुवन प्रधान आदि केही प्रभावशाली भारदारहरु यिनताक नितान्त नै स्वार्थी बनिरहेका थिए। चौतारा बम शाह तथा काजी दामोदर पाँडे भने आफ्नो राष्ट्र तथा राजाप्रति पनि बफादार थिए। देशको राजनीतिक परिस्थिति अस्तव्यस्त रहेको हुँदा देशको आम्दानी तथा खर्चको अव्यवस्थाले गर्दा यति बेला अधिराज्यको राजकोष लगभग रित्तिइसकेको थियो। यसैले स्वामीज्यूलाई पठाउनुपर्ने ८० हजार रूपैयाँ पनि पठाउन सकिएको थिएन। यसले गर्दा स्वामीमहाराज रणबहादुर शाह बनारसमा ऋणगस्त भइरहेका थिए। यसै अवस्थामा रानी सुवर्णप्रभाका विश्वस्त सल्लाहकार सुबुद्धि खड्का राजकोषबाट पर्याप्त धनदौलत, गरगहना तथा जवाहरातहरुलाई पनि लपनछपन गरिदिई अधिराज्यबाटै बेपत्ता भइदिएका थिए।

उपर्युक्त सबै विकट परिस्थितिले गर्दा रानी सुवर्णप्रभा भावविह्वल बन्न आइन् र "अब म पनि काशीवास गर्न जान्छु" भनी बालक राजा गीर्वाणयुद्धविक्रम शाहलाई साथमा लिई राजभवनबाट बाहिर निस्किएर पशुपतिनाथ मन्दिरको आसपासमा वास बस्न पुगिन्। यसले गर्दा अब महारानी राजराजेश्वरीलाई राजभवनमा नबोलाई नेपाली भारदारहरुले धर पाएनन्। चौतारा शेरबहादुर शाही, मूल काजी बख्तवारसिंह बस्नेत तथा काजी दामोदर पाँडेले पनि किमडोलमा आएर विश्राम गरिरहेकी महारानी राजराजेश्वरीलाई आग्रह गरेर सिन्दूरजात्रा गरी अघि लगाएर राजभवनमा ल्याई बालक राजा गीर्वाणयुद्धविक्रम शाहलाई फेरि पनि यिनको काखमा सुम्पिदिए।

यसपछि महारानी राजराजेश्वरीले पुराना रिसराग सबै बिर्सिई रानी सुवर्णप्रभालाई आफ्नो राजभवनमै बोलाएर "हामी दुवै दिदीबहिनीले अब पहिले जस्तै आपसमा मिलीजुली काम गर्नुपर्छ, यसो गरेमै देशको भलाइ हुनेछ" भनी रानी सुवर्णप्रभाका पहिलेका सबै अधिकार तथा कर्तव्यहरुलाई थमौती गरिदिइन्। यसो नगरी यिनलाई सुख पनि थिएन। रानी सुवर्णप्रभालाई उनको दायित्वबाट पन्छाउन सक्ने अधिकार यिनमा थिएन। राजाको लालमोहरको छाप लागिसकेको इस्ट इन्डिया कम्पनीसँग सम्पन्न सन्धिपत्र भने अब यिनीहरुका निमित्त पनि घाँडो भएको थियो।

महारानी राजराजेश्वरीका हातमा नेपाल अधिराज्यको राज्यप्रशासनको प्रमुख बागडोर आइपुगुन्जेलसम्ममा नेपाल अधिराज्यमा चीन सरकारको राजनीतिक प्रभाव कत्ति पनि रहेनछ भन्ने अङ्ग्रेज राजदूत कप्तान नाक्सले राम्रैसँग थाहा पाइसकेका थिए। यसैले सन्धिपत्रका प्रावधानहरुमा नेपाल सरकारका तर्फबाट औपचारिक रुपमा अनुमोदन हुनेबित्तिकै यिनी नेपाल सरकारमाथि थिचोमिचो गर्ने कामहरुतर्फ अग्रसर रहन थालिहाले। यसै क्रममा यिनले "स्वामीज्यूले बनारसमा त्यहाँका साहुमहाजनसँगबाट लिएका ऋणहरु चाँडै नै तिरिदिनुपर्‍यो" भनी नेपाल सरकारलाई ताकिता गर्न थाले।

स्वामीमहाराजले बनारसमा साहुमहाजनबाट लिएका ऋणहरु तिर्न भनी नेपाल अधिराज्यबाट पहिले पठाइएका रूपैयाँपैसा बीचमै हिनामिना भएको आशङ्का भएकाले महारानी राजराजेश्वरीले "पूर्वी मधेसका आम्दानीमध्येबाट साहुमहाजनकै हातमै पर्ने गरी ऋणका थैलीहरु लगेर बुझाइदिनू" भनी सुब्बा हस्तदल शाहीलाई खटाई पठाइदिइन्। स्वामीज्यूलाई यहाँबाट पठाउनुपर्ने दुई वर्षको जीवनवृत्तिको रकम एक लाख ६० हजार रूपैयाँ दिन बाँकी थियो। महारानी राजराजेश्वरीले यो रकम पनि त्यहाँका जनताबाट असुलउपर गराई चाँडै नै पुर्‍याइदिने प्रबन्ध मिलाइदिइन्।

अङ्ग्रेज राजदूत कप्तान नाक्सले नेपाल अधिराज्यका आन्तरिक मामिलाहरुमा हस्तक्षेप गर्ने प्रयास गर्न थालेकाले यिनका यस्ता क्रियाकलापहरु महारानी राजराजेश्वरी तथा यिनका भारदारका निमित्त पनि सह्य भएन र यिनले राजदूत नाक्सलाई राजधानी काठमाडौंबाट हटाइदिने निर्णय गरिन्। "नेपालमा हैजाको प्रकोप फैलिएकोले तपाईंले यहाँ बस्नु उचित छैन, मकवानपुरमा गएर बस्नुहोला" भन्ने बालक राजा गीर्वाणयुद्धविक्रम शाहको नाममा उनको नाममा आदेशपत्र पठाइयो, यसले गर्दा कप्तान नाक्सलाई पनि मकवानपुरतर्फ जान करै लाग्यो।

तर कप्तान नाक्स यसरी अपमानित भई मकवानपुरको तराई क्षेत्रमा गएर किन पो बसिरहन चाहन्थे? मकवानपुर पुगेपछि यिनले बेतियातिरबाट आफ्ना निमित्त

सवारीसाधन तथा भरियाहरु पनि झिकाएर नेपाल सरकारको तर्फबाट औपचारिक रुपमा स्वीकृति नै नलिई नेपाल अधिराज्यको सिमाना पार गरिदिए।

नेपाली भारदारहरुको अब इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीसँग अनबन सुरू भइसकेको थियो। यसैले अब स्वामीज्यूलाई पनि नेपालमै बोलाएर सम्मानका साथ यहीँ नै नजरबन्दमा राख्ने निर्णय गरी महारानी राजराजेश्वरीले "स्वामीज्यूलाई नजरबन्दबाट मुक्त गरिदिनुहोस्" भनी इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीसँग आग्रह गरिदिइन्। यसमा उनीहरुले "सर्वप्रथम स्वामीज्यूले यहाँका साहुमहाजनबाट सापट लिएका ऋणहरु यथाशीघ्र चुक्ता गरी तिरिदिनुहोस्, यसपछि मात्र उहाँलाई नजरबन्दीबाट छुटकारा दिनेतर्फ विचार गर्न सकिनेछ" भन्ने प्रत्युत्तर पठाइदिए। यसले गर्दा स्वामीज्यू अझै एकदुई महिना बनारसमै रहने भए।

बनारसका साहुमहाजनलाई स्वामीज्यूले तिर्नुपर्ने सबै ऋणहरु तिरिसकेपछि कम्पनी सरकारका प्रतिनिधिहरुले नेपाल अधिराज्यको पहिले कम्पनी सरकारसँग सम्पन्न भएको सन्धिपत्र भङ्ग भएको सूचना जारी गरिदिई स्वामीमहाराज रणबहादुर शाहलाई पनि नजरबन्दीबाट मुक्त गरिदिए (विसं १९६० को पुस)। नजरबन्दीबाट मुक्त भएका स्वामीज्यू अब नेपालतर्फ फर्कने तरखरमा बनारस सहरबाट बाहिर निस्किन थाले।

महारानी राजराजेश्वरीले शासनसत्ता आफ्नो हातले सम्हालेपछि अङ्ग्रेज राजदूत कप्तान नाक्सले "हामीलाई बस्न तथा व्यापार कोठीहरु स्थापना गर्न पनि कीर्तिपुरमा केही जमिनहरु उपलब्ध गराइयोस्" भनी नेपाल सरकारसँग माग गरेका थिए। तर यिनको यस अनुरोधलाई स्वीकार गर्ने मनस्थितिमा यति बेला कुनै नेपाली भारदार पनि रहेका थिएनन्। यसैले नै महारानी राजराजेश्वरीले यिनलाई "मकवानपुरमा गएर बस्नू" भनी बिदा दिएर पठाइदिएकी थिइन्। इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीसँग पहिले सम्पन्न भएको सन्धिपत्र भने कायमै रहिरहेकाले यतिन्जेलसम्म महारानीले नेपाल अधिराज्यको भारदारी सभामा फेरबदल गर्न सकिरहेकी थिइनन्। मन्त्रीहरुको सङ्ख्या

अपेक्षाकृत धेरै हुँदा शासनव्यवस्था राम्रोसँग चल्न नसकेको अनुभव गरी यिनले अब पुरानो भारदरी सभालाई विघटन गरी नयाँ भारदारी सभाको गठन गरिदिइन्।

नयाँ भारदारी सभाको गठन हुँदा स्वामीमहाराज रणबहादुर शाहका अनौरस दाजु विदुर शाही 'चौतारा'को पदमा नियुक्त गरिए भने काजी दामोदर पाँडेलाई 'मूल काजी'को पदमा पदोन्नत गरियो। रणधीर बस्नेत 'दोस्रा काजी'मा र बलवन्त राना 'तेस्रा काजी'को पदमा नियुक्त गिरए। नरसिंह गुरूङलाई साबिककै 'चौथा काजी'को पदमा थमौती गरियो। बनारसमा रहेका स्वामीमहाराज तथा उनका सहयोगीहरुसँग सम्पर्क स्थापित गरेको आशङ्कामा रानी सुवर्णप्रभा नजरबन्दमा राखिइन्। मूल काजी बख्तवारसिंह बस्नेत तथा चौतारा बम शाह पनि आआफ्ना पदहरुबाट पदच्युत भई नजरबन्दमा राखिए। चौतारा शेरबहादुर शाह तथा अन्य केही भारदारहरु भने राजकीय सेवाबाट बर्खास्त मात्र गरिए।

उता बनारसमा स्वामीज्यूले त्यहाँका साहुमहाजनबाट सापट लिएका ऋणहरु चुक्ता भइसकेकाले स्वामी महाराज रणबहादुर शाह आङ्ग्रेज पदाधिकारीको निगरानीबाट मुक्त भई सहरबाट बाहिर निस्किएर नेपालतर्फ फर्कने उपयुक्त अवसरको प्रतीक्षा गरेर बसिरहेका थिए। यसैबीचमा भूतपूर्व सरदार भीमसेन थापा तथा रङ्गनाथ पण्डितले मिली नेपाल अधिराज्यमा कार्यरत रहेका केही भारदारहरुलाई आफ्नो पक्षमा मिलाई स्वामीज्यूलाई अग्रसर गराएर महारानी राजराजेश्वरी तथा यिनका प्रमुख मन्त्री काजी दामोदर पाँडेको हातबाट नेपाल अधिराज्यको शासनसत्ता आफ्नो हातमा लिने कुत्सित खेलहरु खेल्न थालिरहेका थिए। यस अभियानमा यिनीहरुले नेपाल अधिराज्यमा कार्यरत रहेका चौतारा शेरबहादुर शाहीलाई पनि आफ्नो पक्षमा मिलाइसकेका थिए। यसै कुराको छनक पाएर नै काजी दामोदर पाँडेको परामर्शअनुसार महारानी राजराजेश्वरीले नेपाल अधिराज्यमा कार्यरत रहेको पुरानो भारदारी सभालाई विघटन गराइदिएकी थिइन्।

स्वामीमहाराज तथा यिनका अनुयायीहरुलाई पनि स्वदेशमा फर्कन सबैभन्दा पहिले त अत्यावश्यक बाटाखर्चको नै खाँचो पर्न आएको थियो। महारानी राजराजेश्वरीले यिनीहरुलाई नेपाल अधिराज्यमा फर्कनका निमित्त आवश्यक पर्ने सीमित बाटाखर्च मात्र सुब्बा हस्तदल शाहीका हातमा पठाइदिएकी थिइन्। पठाएको रकम अपुग भएपछि उनीहरुलाई समस्या पर्न आएको थियो।

यति नै बेला नवयुवक रङ्गनाथ पण्डितले बनारसमै रहेका आफ्ना गुरूलाई गुहारेर उनलाई नै जमानी राखी त्यहाँको एक जना प्रतिष्ठित व्यापारीको व्यापार कोठीबाट स्वामीज्यूका निमित्त ४० हजार रूपैयाँ सापट निकालिदिएका थिए। पहिले सेठ द्वारिकानाथसँग सापटी लिँदा स्वामीज्यूले महिनाको सयकडा दुईका दरले ब्याज बुझाइदिएका हुनाले स्वामीज्यूलाई दिन यति बेला बनारसका साहुमहाजन प्रतिस्पर्धा गरिरहेका थिए।

अब पूर्वसरदार भीमसेन थापा तथा रङ्गनाथ पण्डित पनि महारानी राजराजेश्वरी तथा यिनका विश्वस्त मन्त्री काजी दामोदर पाँडेविरूद्ध षड्यन्त्रका अनेकौं तानाबाना बुन्नमा व्यस्त थिए। यसै अवसरमा आफ्नो पदबाट पदच्युत भई राजधानी काठमाडौंमै ढाक्रे जीवन बिताइरहेका भूतपूर्व चौतारा शेरबहादुर शाही, काजी अमरसिंह थापा (बडा), काजी त्रिभुवन खवास तथा रणकेशर पाँडे आदि अन्य भारदारलाई पनि आफ्नो पक्षमा मिलाउने सम्भव प्रयासहरु भूतपूर्व सरदार भीमसेन थापाहरुले गरिरहेका थिए। यही कुराको छनक पाएर नै महारानी राजराजेश्वरीले यिनीहरुलाई पक्राउ गराइदिएकी थिइन्। यस हुलमुलमा चौतारा शेरबहादुर शाही पक्राउ पर्नबाट उम्कन सफल रहेका थिए तर अन्य काजीहरु भने पक्राउमा परी १६ दिनसम्म नजरबन्दमा रहे।

सबै बाँधछाँद पूरा भइसकेपछि स्वामीमहाराज रणबहादुर शाह अब बनारसबाट उत्साहका साथ स्वदेशतर्फ फर्किए। स्वामीज्यू आफ्ना अनुचरहरुका साथ बनारसबाट नेपालतर्फ फर्कंदै छन् भन्ने जानकारी प्राप्त भएपछि यिनलाई बाटैमा रोकेर नजरबन्द गरी राजधानी काठमाडौंमा ल्याउन भनी नेपाल सरकारको तर्फबाट काजी नरसिंह

गुरूङको नेतृत्वमा एउटा सैन्यदल खटिएको थियो। काजी नरसिंह गुरूङको नेतृत्वमा रहेका सैनिकहरु चिसापानीगढीलाई पार गरेर केही पर पुग्दानपुग्दै "यिनीहरुले स्वामीज्यू तथा यिनका सहयोगीहरुलाई पनि अवश्य पक्रेर ल्याउनेछन्" भन्नेमा विश्वस्त रही यहाँ ल्याइपुऱ्याएपछि यिनीहरुलाई कहाँ राख्ने भन्ने कुरामा आवश्यक छलफल हुन थाले। आइपुगेको दिन भद्रकाली (लुमडी)को मन्दिरको अगाडि टुँडिखेलमा राख्ने र पछि सल्लाहअनुसार जहाँ राख्ने भन्ने ठहर हुन्छ, त्यहीँ राख्ने भन्ने निधो भएको थियो। यसैअनुसार भद्रकाली मन्दिरको अगाडि टुँडिखेलमा पाल तथा सामियाना टाँगिएका थिए।

स्वामीमहाराजको तर्फबाट देवी भद्रकालीको पूजाका निमित्त पूजासमाग्री, भेटी, ध्वाजापताका तथा तोरणहरुको पनि व्यवस्था मिलाइएको थियो। स्वामी भएर वानप्रस्थ जीवन ग्रहण गरेका राजाले राज्यको राजधानीभित्र प्रवेश गर्नुहुँदैन भन्ने मान्यताअनुसार यस्तो व्यवस्था मिलाइएको थियो। भोलि आफूहरुको कुन हबिगत हुने हो भन्ने यति बेला न महारानी राजराजेश्वरीले केही सोचेकी थिइन्, न त काजी दामोदर पाँडेले नै आफ्नो भविष्यका बारेमा कुनै सोच बनाएका थिए। आफूहरु राष्ट्र तथा राजाप्रति पनि बफादार रहँदै आएकाले सबै कुरा राम्रै हुनेछ भन्ने यिनीहरुको सोचाइ रहेको हुँदो हो। तर भावीको विधान भने यति बेला अर्कै नै थियो।

स्वामीज्यूका साथमा आएका यिनका प्रमुख सल्लाहकार पूर्वसरदार भीमसेन थापाले काजी नरसिंह गुरूङलाई वैधानिक नेपाल सरकारबाट फुटाएर आफ्नो पक्षमा मिलाइसकेका थिए। यसैले नेपाल अधिराज्यको वैध सरकारको तर्फबाट स्वामीज्यू तथा यिनका सहयोगीहरुलाई पनि नियन्त्रणमा लिन भनी खटाइएका यिनी उल्टो स्वामीज्यू तथा यिनका सहयोगीहरुलाई पनि स्वागत तथा सत्कार गर्न पो पुगे। यता स्वामीज्यूलाई स्वागत एवम् सत्कार गर्न भनी काजी दामोदर पाँडे तथा काजी प्रबल राना पनि थानकोटमा पुगेका थिए। स्वामीज्यूलाई सम्मानस्वरुप सलामी चढाउन भनी दुई कम्पनी सैनिक त्यहाँ पुऱ्याइएका थिए। स्वामीज्यूको सवारीलाई चलाउन एउटा हात्ती पनि

लगिएको थियो। स्वामीज्यूको दर्जाभन्दा राजाको दर्जा माथिल्लो भएकाले बालक राजा गीर्वाणयुद्धविक्रम शाह भने महारानी राजराजेश्वरीका साथ राजभवनमै थिए।

स्वामीमहाराज रणबहादुर शाह थानकोट भन्ज्याङबाट तल फेदीमा आइपुग्दा यिनका साथसाथै पूर्वचौतारा शेरबहादुर शाही तथा काजी नरसिंह गुरूङ पनि तल फेदीमा झरेका थिए। यसबाट पासा पल्टिसकेको अनुभव गर्न काजी दामोदर पाँडे तथा यिनका सहयोगी काजी प्रबल रानाहरुलाई कत्ति पनि बेर लागेन।

काजी दामोदर पाँडे तथा यिनका सहयोगी काजी प्रबल रानाहरु पक्रिए। यिनीहरुलाई भद्रकाली मन्दिरको नजिकै एउटा सत्तलमा ल्याएर थुनियो। स्वामीज्यूले त्यहाँ आएर भद्रकाली भगवतीको पूजाआराधना गरी आफ्ना निमित्त तयार पारेर राखिएको पालमा आएर नजरबन्दमा राखिएकी आफ्नी रानी सुवर्णप्रभा तथा भारदारहरु चौतारा बम शाह, काजी बख्तवारसिंह बस्नेत तथा रणजित पाँडेहरुलाई नजरबन्दबाट मुक्त गराई त्यहीँ बोलाएर रानी सुवर्णप्रभाबाहेक अन्य सबै पदच्युत भारदारका पदलाई साबिकअनुसार नै थमौती गरिदिए। काजी जसपाउ थापा भने खोसिए र यिनकै खान्गीमा भूतपूर्व सरदार भीमसेन थापा तथा यिनका पिता अमरसिंह थापा (साना) पनि संयुक्त रुपमा 'काजी'को पदमा पदोन्नत गरिए। स्वामीमहाराज रणबहादुर शाहको यो नेपाल अधिराज्यको राज्य प्रशासनमाथि भएको निर्लज्ज हस्तक्षेप थियो।

थुनामा रहेका काजी प्रबल रानाले मध्यरातको एकान्तमा सुटुक्क "अब जसरी हुन्छ, हामी यहाँबाट तत्कालै भागौं, अन्यथा हाम्रा निमित्त बाँचिने आशा कत्ति पनि बाँकी छैन" भनी काजी दामोदर पाँडेसँग आग्रह गरेका थिए। तर काजी दामोदर पाँडेले भने यिनको यस आग्रहअनुसार कायरता प्रकट गरी यसरी देशबाट पलायन हुन चाहेनन्। नजरबन्दमा रहेका काजी प्रबल राना भने "दिसा बस्न जाने" बहाना गरी एक जना सिपाहीलाई साथमा लिई बिहान सबेरै अलि पर खेतमा गएका र त्यहींबाटै अलप भए। कत्ति खोजतलास गर्दा पनि यिनी फेला पर्न सकेनन्।

मिलोमतो गरी यिनलाई भगाएको अभियोगमा भोलिपल्ट एक जना निरपराध जमादार तथा एक जना सिपाहीलाई पनि छाला काटी प्राणदण्ड दिइयो। काजी दामोदर पाँडे तथा काटिदिनुपर्ने भनी ठहऱ्याइएका अन्य भारदारहरु थुनाबाट भाग्न नसकून् भनी कडा पहरामा राखिए। महारानी राजराजेश्वरी पनि राजभवनमै नजरबन्दमा राखिइन्।

३.९ स्वामीमहाराज रणबहादुर शाह : प्रशासनकालको उत्तरार्द्धमा

काशीबाट आफूलाई पुऱ्याउन आएका आफ्ना सहयोगीहरुलाई बिदा नगराएसम्म केही दिन त राजधानी काठमाडौंमा आइपुगेपछि पनि स्वामीमहाराज रणबहादुर शाह तथा यिनका सहयोगी पनि लगभग शान्त थिए। उनीहरुलाई बिदा गराएर पठाएपछि भने आफूले यतिन्जेलसम्म पहिरिँदै आएको गेरूवा वस्त्रको पोसाकलाई फुकाली राजसी पोसाक पहिरिएर स्वामीमहाराज रणबहादुर शाह अनधिकृत रुपमा बलपूर्वक राजभवनभित्र प्रवेश गरे। यिनलाई यस किसिमको दुस्साहस गर्नबाट रोक्ने आँट गर्न सक्ने कसले ?

यसपछि काट्नुपर्ने ठहऱ्याइएका काजी दामोदर पाँडेहरुलाई नजरबन्द गरिएको ठाउँबाट टाढा लगिएमा यिनीप्रति बफादार रहेका सैनिकहरुले आफूहरुविरूद्ध विद्रोह गरिदिने हुन् कि भनी नजिकै, भद्रकाली मन्दिरको नजिकै रहेको मसानघाटमा लगेर कटाइदिए। यिनका छोरा रणकेशर पाँडे तथा अन्य दुईतीन जनाका साथै टक्सारी भीम खवास तथा यिनका एक जना छोरा पनि काटिए। यिनका अन्य दुई जना छोरा पनि कठोर यातनापूर्वक मारिए। सरदार इन्द्रमान खत्री, सुवेदार समनसिंह, सुवेदार शङ्खधर र सुवेदार मानधन पनि बिनाअपराध निर्दयतापूर्वक काटिए।

नयाँ भारदारी सभाको गठन हुँदा राजकुमार रणोद्योत शाह ‘मूल चौतारा’, शेरबहादुर शाही ‘दोस्रा चौतारा’, प्राण शाह ‘तेस्रा चौतारा’ र बम शाह ‘चौथा चौतारा’को पदमा नियुक्त गरिए। चाहेका भए यति बेला सरदार भीमसेन थापा ‘मूल काजी’ नै बन्न सक्थे।

यिनको शक्तिलाई चुनौती दिन सक्ने कोही पनि थिएन। यति बेला भएको सम्पूर्ण भारदारहरुको पजनी यिनी तथा यिनका अनन्य सहयोगी चौतारा शेरबहादुर शाहीकै सल्लाह एवम् परामर्शअनुसार स्वामीमहाराज रणबहादुर शाहलाई अग्रसर गराएर गरिएको थियो। तर पहिलो पटकमै आफू मूल काजी बनिहाल्नु उचित नहुने देखी यिनले आफ्ना भाइका ससुरा तथा आफ्नो इसाराअनुसार नाच्न सदा तयार हुने काजी रणजित पाँडेलाई 'मूल काजी'को पदमा नियुक्त गरी आफू भने दोस्रा काजीका पदमा रहन तयार भए। यसरी 'काजी'को पदमा नियुक्त हुँदा यिनले आफू, आफ्ना पिता अमरसिंह थापा (साना) तथा भाइ नयनसिंह थापालाई पनि एउटै खान्गीमा 'काजी'कै पदमा नियुक्तिपत्र दिलाएका थिए।

नयाँ भारदारी सभा गठन हुँदा काजी अमरसिंह थापा (बडा) तथा यिनका छोराहरुलाई समेत एउटै खान्गीमा नियुक्त गरी आफ्नै गुटमा सम्मिलित गराएर काजी भीमसेन थापाले आफ्नो राजनीतिक गुटलई निकै सशक्त तथा प्रभवशाली पनि बनाइदिएका थिए। यसै बेला 'तेस्रा काजी'का रुपमा बख्तवारसिंह बस्नेत र 'चौथा काजी'का रुपमा नरसिंह गुरूङ नियुक्त गरिए। नेपाल अधिराज्यको राजसिंहासनमा बालक राजा गीर्वाणयुद्धविक्रम शाह नै विराजमान रहिरहे। चौताराभन्दा सामान्यतया माथिल्लो मानिँदै आएको 'राजगुरू'को पदमा आफ्ना सहयोगी रङ्गनाथ पण्डित तथा दिवाकर भट्ट नियुक्त गरिए। रङ्गनाथ पण्डितले परराष्ट्रमन्त्रीको कार्यभार पनि प्राप्त गरे। रानी सुवर्णप्रभा 'राजप्रतिनिधि'को पदबाट पदच्युत गरिइन्। अनौपचारिक रुपमा राजप्रतिनिधिको काम स्वामीमहाराज रणबहादुर शाह नै सञ्चालन गर्न थाले। महारानी सुवर्णप्रभातर्फका यिनका छोरा रणोद्योत शाह भने 'मूल चौतारा'को आफ्नो साबिकको पदमा बहालै रहिरहे।

यसपछि पाल्पा राज्यमाथि आफ्नो अधिकार स्थापित गर्ने भित्री उद्देश्य राखी पाल्पाली राजा पृथ्वीपाल सेनलाई झुक्काएर काठमाडौंमा बोलाई पक्रने योजना तयार गरियो। यसका निमित्त बालक राजा गीर्वाणयुद्धविक्रम शाहको भाकाबाट "हाम्रा

बुबाज्यूसँग विवाह गराउनका निमित्त आफ्नी बहिनीलाई साथमा लिई तपाईं तुरून्तै यहाँ आउनुहोस्" भनी राजा पृथ्वीपाल सेनको नाममा लालमोहर लागेको राजकीय पत्र पठाइयो। राजा पृथ्वीपाल सेनले राजा गीर्वाणयुद्धविक्रम शाहको नामबाट प्रस्तुत भएको यस प्रस्तावमा 'नाइँ' भन्न सकेनन्। तर यिनले आफू स्वयम् नआई आफ्ना भाइ चौतारा रणबहादुर सेनका साथ आफ्नी बहिनीलाई पनि यथासमयमै काठमाडौंमा पठाइदिए। यसबाट आफ्नो अभीष्ट पूरा नहुने भएकाले बालक राजा गीर्वाणयुद्धविक्रम शाहकै भाकाबाट फेरि पनि "चौतारा रणबहादुर सेन हाम्रा बुबाज्यूभन्दा कान्छा भएकाले उनको हातबाट कन्यादान लिन मिलेन, यसैले तपाईं आफैं नै आउनुपर्‍यो" भन्ने भावको लालमोहर लागेको अर्को पत्र पनि पठाइयो। यसले गर्दा उनी काठमाडौंमा आउन विवश भए।

यति हुँदा पनि भावी अनिष्टको आशङ्काले गर्दा राजा पृथ्वीपाल सेन मन नलागी नलागीकन नै काठमाडौंमा आइपुगेका थिए। हुन पनि जुन दिन यिनी काठमाडौंमा आइपुगेका थिए, त्यसै दिन बीचबाटामै पक्रिई भाइ तथा अङ्गरक्षकका साथ यिनलाई ललितपुर पुर्‍याएर त्यहाँको राजभवनमा नजरबन्दमा राखियो। काजी भीमसेन थापा तथा चौतारा शेरबहादुर शाहीहरुको परामर्शअनुसार यसको केही दिनपछि काजी अमरसिंह थापा (साना) तथा काजी दलभञ्जन पाँडेको नेतृत्वमा रहेका नेपाली सैनिकहरुलाई पठाएर स्वामीमहाराज रणबहादुर शाह तथा काजी भीमसेन थापाले पाल्पा राज्यका पहाडी क्षेत्रहरुमध्ये प्रायः सबैमा र तराई क्षेत्रका तीन भागमध्ये दुई भागभन्दा बढी भूभागहरुमा बलपूर्वक नै आफ्नो अधिकार स्थापित गराइदिए। पाल्पाली राजामाथि यो जघन्य विश्वासघातको काम हुन गएको थियो।

राजा पृथ्वीपाल सेनका कान्छा भाइ यति बेला आफ्नै राज्य पाल्पामा थिए। पाल्पा राज्यमाथि नेपाली सैनिकहरुको हस्तक्षेप भएपछि आफ्ना भाउजूहरुका साथ गोरखपुरमा पुगेर यिनले इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीबाट नैतिक बल प्राप्त गरी बुटवलभन्दा दक्षिणपश्चिमतर्फ रहेका 'सिलोन' नामक क्षेत्रमा आफ्नो

अधिकार स्थापित गरी र इस्ट इन्डिया कम्पनीको आश्रयलाई स्वीकार गरी यस क्षेत्रलाई बलपूर्वक नै अङ्ग्रेजी राज्यमा मिलाइदिए। भावी नेपाल–अङ्ग्रेज युद्धको मूल कारण यही क्षेत्र बन्यो।

यसको केही महिनाअघि राजधानी काठमाडौंमा नयाँ भारदारी सभा गठन हुँदा स्वामीमहाराज रणबहादुर शाहको हातमा वैधानिक रुपमा कुनै पनि राजकीय अधिकार आएको थिएन। यिनी न राजा थिए, न त मन्त्री नै। यिनी वैधानिक रुपमा राजप्रतिनिधि पनि थिएनन्। यिनको रायसल्लाहलाई सामान्यतया सबै काजी वा मन्त्रीहरु मान्ने गर्थे। तर देशका निमित्त हानि नै हुने कुरालाई भने मान्दैनथे। यसरी यिनको हातमा कुनै पनि अधिकार नदिई काजी भीमसेन थापा तथा यिनका सहयोगीहरुले यिनलाई अलपत्र छाडिदिएका थिए। आफ्ना दैनिक गतिविधिहरुमा कुनै भारदारले सामान्यतया कुनै पनि किसिमको अङ्कुश नलगाउने भएकाले यिनी पनि सन्तुष्ट नै थिए।

"पाल्पा राज्यमाथि आक्रमण गर्नुभन्दा पहिले गढवाल राज्यमाथि आक्रमण गर्नुपर्छ" भनी काजी भीमसेन थापा तथा चौतारा शेरबहादुर शाहीले अमरसिंह थापा (बडा)लाई त्यतातर्फ पठाइसकेका थिए। राजा पृथ्वीपाल सेनको सैनिक शक्तिलाई क्षीण गराउने उद्देश्यअनुसार पाल्पा राज्यका सैनिकहरुलाई सहायक सैनिकहरुका रुपमा गढवाल राज्यतर्फ पठाउने यिनीहरुको योजना थियो। अनि गरियो पनि यही। यसले पाल्पा राज्यमाथि अधिकार स्थापित गर्न काजी अमरसिंह थापा (साना)लाई सजिलो भयो।

केही महिनापहिले मात्र गढवाल राज्यमा ठूलो भूकम्प गएकाले त्यस राज्यमा धनजनको निकै क्षति भई राजभवनसमेत भत्किँदा रानीहरु पनि पुरिएका थिए। देशका १५ प्रतिशतजति जनता मारिएका, कैयौं घाइते भएका र पहिरो पनि गएकाले राज्यका अधिकांश खेतबारी यस वर्ष बाँझो परेका थिए। यसले गर्दा राज्यमा अन्नपातको नितान्त अभाव भइरहेको थियो। राजा प्रद्युम्न शाह तथा यिनका छोरा युवराज सुदर्शन शाहका बीचमा कलह पैदा भई त्यहाँका भारदारहरु पनि दुई गुटमा विभक्त भएर राज्यमा काटमार मच्चिइरहेको थियो। यस विषम परिस्थितिमा आक्रमणकारी नेपाली सैनिकहरुसँग

मुकाबिला गर्ने आँट गर्न नसकी राजा प्रद्युम्न शाह आफ्नो राज्यलाई नै परित्याग गरी मुगलानतिर पलायित भएर त्यहीँ रहन थालेका थिए।

गढवालमा रहँदै आएका नेपाल सरकारका वकिल काजी दामोदर पाँडेका पक्षका व्यक्ति थिए। यसैले यिनले गढवाली राजा प्रद्युम्न शाहको पक्षमा लागी गढवाली सैनिकहरुको नेतृत्व ग्रहण गरेर काजी अमरसिंह थापा (बडा)को नेतृत्वमा रहेका नेपाली सैनिकहरुसँग मुकाबिला गरेका थिए। तर पछि यिनी लडाइँको मोर्चामा पराजित भएर नेपाली सैनिकहरुद्वारा पक्रिएकाले विद्रोही मानिई त्यहीँ काटिएका थिए। तैपनि गढवाली राजा प्रद्युम्न शाहले आफ्नो राज्यलाई बचाउने प्रयासमा अन्य कुनै उपाय नहुँदा आफ्नो राजसिंहासनलाई ६० हजार रूपैयाँमा बिक्री गरेका र यिनै रूपैयाँले विदेशी रूहेला सैनिकहरु भर्ना गरी देहरादुनमा आएर यिनले नेपाली सैनिकहरुसँग फेरि पनि मुकाबिला गर्ने प्रयास गर्दा यिनको हार भएको थियो र युद्धक्षेत्रमै यिनले वीरगति प्राप्त गरेका थिए। यिनका छोरा तथा माइला भाइ पनि भारततर्फ पलायित थिए। कान्छा भाइ पक्राउमा परी कुमाउँमा ल्याएर नजरबन्दमा राखिएका थिए। यसरी आफ्नो आश्रयमा आइसकेका पाल्पा तथा गढवाल राज्य पनि नेपाल अधिराज्यमै गाभिएका थिए।

यति बेला गढवाल राज्यभन्दा पश्चिमतर्फ रहेको 'सिरमोर' राज्यमा पनि गृहकलह चलिरहेको थियो। त्यहाँका राजा कर्मप्रकाशलाई यिनका काका कृष्णसिंहले राज्यबाट निकाली आफ्ना बालक छोरालाई त्यस राज्यको राजगद्दीमा विराजमान गराइदिएका थिए। राज्यबाट पदच्युत गराइएका राजा कर्मप्रकाश सैनिक सहायताको खोजीमा गढवालमा आउँदा त्यहाँका प्रमुख प्रशासक भएर रहेका काजी अमरसिंह थापा (बडा)ले यिनको सहायताका निमित्त एउटा सानो नेपाली सैन्यदल सिरमोर राज्यतर्फ पठाइदिएका थिए। युद्धमोर्चामा आफ्ना विपक्षीहरुबाट हार खाई यो सैन्यदल त्यहाँबाट फर्केर आएको थियो। अहिलेको सिमला जिल्लामा यिनताक २०–२२ ओटा ससाना राज्यहरु रहेका थिए। यिनीहरुमा 'सिरमोर', 'कहलुर' तथा 'हन्डुर' नामक राज्यहरु मुख्य थिए।

यी ससाना राज्यहरुमाथि आफ्नो अधिकार स्थापित गर्न काँगडा राज्यका महत्वाकाङ्क्षी राजा संसारचन्दले उपयुक्त अवसरको प्रतीक्षा गरेर बसिरहेका थिए। यसैले 'कहलुर' राज्यका राजा महाचन्दले नेपाल सरकारसँग सैनिक सहायतका निमित्त आग्रह गरी काँगडा राज्यमाथि आक्रमण गर्ने नयाँ योजना बनाएका थिए। यसका निमित्त राजधानी काठमाडौंमा स्वीकृतिका निमित्त माग गर्दा स्वीकृति पनि प्राप्त भएको थियो। यसैअनुसार आवश्यक सैनिक तयारीहरु पनि धमाधम हुन थालेका थिए।

"काँगडा राज्यमाथि आक्रमण गर्न यहाँबाट थप सैनिकहरु आउँदै छन्" भन्ने सूचना काजी भीमसेन थापाले गढवालमा पठाइदिएका थिए। सबै तयारीहरु पूरा भएपछि काजी अमरसिंह थापा (बडा)ले सिरमोर राज्यमाथि सैनिक हस्तक्षेप गरी कृष्णसिंहका बालक छोरालाई त्यस राज्यबाट भगाएर कर्मप्रकाशलाई नै त्यहाँका राजाका रुपमा स्थापित गराइदिई यस राज्यलाई आफ्नो आश्रित राज्य बनाइदिए। यसपछि कहलुर आदि अन्य ससाना राज्यहरु पनि सहज रुपमै नेपाल अधिराज्यको आश्रयमा आए।

सुदूरपश्चिममा जति बेला काँगडा राज्यमा आक्रमण गर्ने योजना तयार भइरहेको थियो, त्यसै बेला काजी भीमसेन थापा यहाँ राजधानी काठमाडौंमा अर्को एउटा घृणित राजनीतिक खेल खेल्न अग्रसर भएका थिए। यो खेल थियो, महारानी राजराजेश्वरीको राजधानी काठमाडौंबाट निर्दयतापूर्वक निर्वासन। काजी भीमसेन थापाले यी अबला नारीलाई आफ्नो उन्नति तथा स्थायित्वका निमित्त खतरा महसुस गरिरहेका थिए। यसैले यिनकै उक्साहटअनुसार स्वामीमहाराज रणबहादुर शाहले आफ्नै पाणिगृहीता एवम् पतिभक्ता महारानी राजाराजेश्वरीलाई सर्वप्रथम केटी तथा सुसारेहरुका साथ राजभवनबाट निकाली रणवीरसिंह बस्नेतको तायजातीमा आएको नारायणहिटीनजिकैमा रहेको सरकारी भवनमा ल्याएर राखिदिएका थिए। यसको केही दिनपछि यिनलाई यहाँबाट निकालेर राजधानी काठमाडौंबाट ४० किलोमिटरजति पूर्वोत्तरमा शेर्पाहरुको आबादी रहेको हिमाली गाउँ हेलम्बुमा लगी नजरबन्दमा

राखिदिएका र यिनको निगरानीका निमित्त त्यहाँ एक सय जनाजति सैनिकहरुलाई खटाइदिएका थिए।

राजधानी काठमाडौंमा कार्यरत भारदारी सभा विघटन गरेपछि यहाँ रहेका पुराना भाइभारदारका भव्य महलहरुलाई आपसमा बाँडेर लिने योजना त भूतपूर्व सरदार भीमसेन थापा तथा रङ्गनाथ पण्डितले बनारसमा छँदा नै बनाइसकेका थिए। यसै योजनाअनुसार चौतारा महोद्दामकीर्ति शाहका नाति तथा चौतारा दलमर्दन शाहका बालक छोराहरु बसिआएका यिनका भवनहरुमाथि काजी भीमसेन थापाले आफ्ना तिर्खालु आँखा गडाइसकेका थिए। अब यी घरहरु आफ्नो हात लगाउने जालझेल रच्न यिनी संलग्न रहन थाले। यी घरका घरवालाले केही पनि अपराध गरेका थिएनन्।

चौतारा महोद्दामकीर्ति शाहका जेठा छोरा पहलमानसिंह शाह केही लठेब्रा व्यक्ति रहेका थिए। यिनका 'वीरभद्र शाह', 'भीमप्रताप शाह' तथा 'भीमरूद्र शाह' नामक तीन जना छोराहरु बालकै थिए। चौतारा पहलमानसिंह शाह यतिन्जेल दिवङ्गत भइसकेकाले यिनीहरु आफ्नी आमाका साथ आफ्नै पैतृक निवासमा बसिरहेका थिए। चौतारा महोद्दामकीर्ति शाहका माइला छोरा चौतारा बलभद्र शाहका आफ्ना कुनै पुरूष सन्तान थिएनन् र यिनको देहान्त पनि भइसकेको थियो। यिनका कान्छा भाइ चौतारा श्रीकृष्ण शाह भारतको हरिहर क्षेत्रमा गई उतै दिवङ्गत भइसकेकाले यिनका 'वीरबहादुर शाह' तथा 'कुलचन्द्र शाह' नामक दुई जना बालक छोरा आफ्ना जेठा बुबाका नातिहरुका साथसाथै एउटै निवासमा आएर बस्न थालेका थिए। सानो टुँडिखेलको पश्चिमतर्फ पायक परेको ठाउँमा यिनीहरुको एउटा ठूलो तथा भव्य भवन थियो। यस भवनको कम्पाउन्ड पर्खालभित्र प्रशस्त जग्गाजमिन थिए। यस भवनलाई आफ्नो हातमा पार्नका निमित्त काजी भीमसेन थापाले दिवङ्गत भइसकेका चौतारा बलभद्र शाहमाथि "जेठी महारानी राजराजेश्वरीसँग मिलेको" भन्ने अनपेक्षित अभियोग लगाइदिए।

चौतारा 'दलमर्दन शाह'को भवन भने अचेलको इन्द्रचोकबाट जुद्धसडकतर्फ जाने मूलसडकमै थियो। यो भवन पनि उत्तिकै भव्य थियो। यस भवनमा जग्गाजमिन धेरै

नभए पनि व्यापारिक दृष्टिकोणले यस ठाउँको निकै महत्व थियो। चौतारा दलमर्दन शाह पनि यतिन्जेल दिवङ्गत भइसकेका थिएर यिनका वृद्धवस्थामा जन्मेका १० वर्षका बालक छोरा कुलचन्द्र शाह आफ्नी आमाका साथ यसै भवनमा बस्दै आएका थिए। काजी भीमसेन थापाले दिवङ्गत चौतारा दलमर्दन शाहमाथि पनि झुटा आरोप लगाइदिए।

आफ्ना पिता तथा बाजेले गरेका कल्पित अपराधहरुमा चौतारा महोद्दामकीर्ति शाह तथा चौतारा दलमर्दन शाहका छोरानातिहरु राजभवन नजिकै रहेको भण्डारखालको बगैंचामा ल्याएर कैदमा राखिए। यिनका घरखेत सबै हरण गरिए। यसपछि स्वामीमहाराज रणबहादुर शाहबाट अनुमति प्राप्त गरी राजा गीर्वाणयुद्धविक्रम शाहको भाकाबाट बकसपत्र गराएर वीरभद्र शाह आदि पाँच जना कुमारको सजिया निवासमा काजी भीमसेन थापा स्वयम् बस्न गए।

चौतारा दलमर्दन शाहको इन्द्रचोकमा रहेको भव्य भवनमाथि चौतारा शेरबहादुर शाहीले पनि आफ्ना आँखा एकटक लगाएर गडाइरहेका थिए। यो भवन आफूले पाउँला भन्ने उम्मेद राखेर यिनले अहिलेसम्म काजी भीमसेन थापालाई उनले चाहेअनुसारका सक्रिय सहयोग प्रदान गर्दै आएका थिए। यसैबीचमा काजी भीमसेन थापाले राजगुरू रङ्गनाथ पण्डितलाई उक्त भवन दिलाउने तरखर गर्दा दुई जना भारदारका बीचमा निकै ठूलो लुछाचुँडी चल्यो। तर आखिरमा आएर यो भवन राजगुरू रङ्गनाथ पण्डितले नै पाए र यसको दुई दिनपछि यिनी यसै भवनमा बस्न आए। यी निरपराध कुमारहरुको सर्वस्वहरण गर्ने काममा कसैले कुनै पनि किसिमको बाधा व्यावधान नगरुन् भनेर काजी भीमसेन थापाले महारानी राजराजेश्वरीलाई हेलम्बुमा, शेर्पाहरुको बस्तीमा पुऱ्याएर थन्क्याइदिएका थिए।

चौतारा दलर्मदन शाहको इन्द्रचोकमा रहेको भव्य महमल राजगुरू रङ्गनाथ पण्डितले पाएपछि काजी भीमसेन थापा तथा चौतारा शेरबहादुर शाहीका बीचमा अनबन प्रारम्भ भयो। स्वामीमहाराज रणबहादुर शाह बनारसबाट फर्कंदा आफ्नो विरोधी बनेको छनक पाएर महारानी राजराजेश्वरी तथा काजी दामोदर पाँडेले पनि काजी रणजित पाँडे, काजी

अमरसिंह थापा (बडा) तथा त्रिभवुन प्रधानहरुलाई पनि थुनामा राखिदिएका थिए। यति बेला चौतारा शेरबहादुर शाही पनि महारानी राजराजेश्वरीका विपक्षमा देखा परिरहेका थिए। यति हुँदा पनि "राजकुलका चौताराहरुलाई नजरबन्दमा राख्नु उचित हुँदैन" भन्ने सोचाइ राखी त्यति बेला यिनलाई नजरबन्दमा राखिएको थिएन। आफूलाई मिलेको यसै सुविधाबाट लाभ उठाई यिनले राजधानी काठमाडौंमा रहेका सैनिक कम्पनीका अफिसरहरुलाई महारानी राजराजेश्वरीको नेतृत्वमा रहेको वैध सरकारको विरूद्धमा स्वामीमहाराजको पक्षमा उपस्थापित गराइदिएका थिए।

आफ्नो मन्त्रीको पदमा बहालै रहेका काजी नरसिंह गुरूङलाई पनि यिनले महारानी राजराजेश्वरीको पक्षबाट फुटाएर स्वामीमहाराज रणबहादुर शाहको पक्षमा पुऱ्याइदिएका थिए। यसरी महारानी राजराजेश्वरी तथा काजी दामोदर पाँडेको सरकारलाई उल्टाई स्वामीमहाराजको संरक्षणमा नयाँ भारदारी सभाको गठन गर्नमा चौतारा शेरबहादुर शाहीको ठूलो भूमिका थियो। आफ्ना यस्तै भूमिकाहरुलाई आधार मानेर यिनले चौतारा दलमर्दन शाहको घरमा आफ्ना आँखा गडाउनु स्वाभाविकै थियो।

उता काँगडा राज्यमाथि सैनिक अभियानहरु सञ्चालित गर्ने योजना पनि यथावत् जारी थिए। यस कामका निमित्त काजी भीमसेन थापाका भाइ काजी नयनसिंह थापा केही कम्पनी नेपाली सैनिकहरुलाई साथमा लिई यमुना नदीलाई पार गरेर सिमलामा, काजी अमरसिंह थापा (बडा)को सैन्यशिविरमा पुगेका थिए। यस सैन्य अभियानमा गढवालभन्दा पारिपट्टि बाटामा परेका ससाना राज्यहरु यसै नेपाल सरकारको आश्रयमा आएका थिए। यसपछि पहाडतर्फको बाटो भई सतलज नदीलाई पार गर्न सजिलो हुने भएकाले काजी अमरसिंह थापा (बडा)ले आफ्ना सैनिकहरुलाई पठाई 'हन्डुर' राज्यको राजधानीमाथि पनि आफ्नो अधिकार जमाइदिए।

यस राज्यका तराईतर्फका भूभागहरुमाथि पनि आफ्नो अधिकार स्थापित गर्न भनी नेपाली सैनिकहरु ओर्लन खोज्दा कम्पनी सरकारका अङ्ग्रेज पदाधिकारीले ओर्लन

दिएनन्। तैपनि उनीहरुका तर्फबाट नैतिक बल प्राप्त गरी 'हन्डुर' राज्यका राजा रामशरण आफ्नो राज्यका तराई क्षेत्रहरुमा डटिएर रहिरहे।

नेपाली सैनिकहरु यसपछि दुई मुख गरी दुईतर्फबाट सतलज नदीलाई पार गरी काँगडा राज्यमा दाखिल हुन पुगे। त्यहाँ 'मेहलमौरी' नामक स्थानमा भएको लडाइँमा राजा संसारचन्दको पक्षको हार हुँदा राज्यको एउटा सुप्रसिद्ध किल्लाबाहेक यस राज्यका अन्य सबै भूभागहरुमाथि नेपाली सैनिकहरुको नियन्त्रण स्थापित हुन आएकाले 'व्यासा' नदी नै नेपाल अधिराज्यको पश्चिमी सिमाना कायम हुन आयो। राजा संसारचन्दले सताउँदै आएका, त्यस क्षेत्रमा रहेका ससाना सबै राज्यका राजाहरु नेपाल सरकारको पक्षमा मिलिदिँदा राजा संसारचन्दले आफ्नो यस अप्रत्याशित हारलाई व्यहोर्नुपरेको थियो। यति हुँदा पनि उनले पूर्णतः हार खाइसकेका थिएनन्। उनी काँगडाको एउटा सुप्रसिद्धि तथा सुरक्षित किल्लामा आश्रय लिई बसिरहेका थिए।

यति नै बेला राजधानी काठमाडौंमा एउटा अर्को नाटकको मञ्चन सुरू हुन लागिरहेको थियो। स्वामीमहाराज रणबहादुर शाह काशीबाट फर्किएपछि बालक राजा गीर्वाणयुद्धविक्रम शाहकी संरक्षिका बनाउनका निमित्त स्वामीमहाराजको अर्को विवाह गर्नुपर्‍यो भन्ने बहाना गरी पाल्पा राज्यका राजा पृथ्वीपाल सेनलाई "आफ्नी बहिनीलाई तुरून्त नै लिएर आउनू" भनी भुक्याएर काठमाडौंमा बोलाई कपटपूर्वक नजरबन्दमा राखिएको थियो। तर यति बेला स्वामीज्यूको विवाह पाल्पा राज्यकी राजकुमारीसँग सम्पन्न नभई एउटी अर्कै क्षत्रीयकुमारीसँग सम्पन्न भएको पाइन्छ। प्रत्येक महिना शुक्लपक्षको सप्तमीका दिन पशुपतिको आर्यघाटमा गरिने स्वामीमहाराज रणबहादुर शाहको मासिक श्राद्धमा महारानी कान्तवतीका साथसाथै 'चन्द्रावती' नामकी अर्की एउटी रानीलाई पनि पिण्डदान दिइने गरिएको पाइएकाले काशीवासबाट फर्किएपछि स्वामीमहाराज रणबहादुर शाहको विवाह सर्वप्रथम यिनै चन्द्रावतीसँग सम्पन्न भएको पाइन्छ। यी रानी को हुन् र यिनको देहान्त कसरी भयो, थाहा पाउन सकिएको छैन।

काजी भीमसेन थापा तथा चौतारा शेरबहादुर शाहीको पनि साक्षीका रुपमा हस्ताक्षर पारी विसं १८६२ फागुन १७ गते, तदनुसार २६ फेब्रुअरी इसं १८०६ (फागुन सुदि ८ रोज ४) का दिन राजा गीर्वाणयुद्धविक्रम शाहबाट आफ्ना पिता स्वामीमहाराज रणबहादुर शाहलाई 'मुख्तियार'को पदवी प्रदान गरिएको लालमोहर लागेका पत्र प्राप्त हुन आएको छ। बनारसबाट फर्किएर आएको दुई वर्षसम्म कुनै पनि राजकीय पदवी धारण नगरी यत्तिकै बसिरहेका स्वामीमहाराज रणबहादुर शाहलाई अहिले काजी भीमसेन थापाले राजा गीर्वाणयुद्धविक्रम शाहका मुख्तियार वा राजप्रतिनिधि बनाई आफूले प्रयोग गर्दै आइरहेको छँदाखाँदाको अधिकारलाई किन कम गराए? यो रहस्यको विषय छ। ठीक यसै समयमा 'त्रिपुरी' नाम भएकी एउटी क्षत्रीयकुमारीसँग स्वामीमहाराज रणबहादुर शाहको अर्को विवाह हुनु र स्वामीज्यूको देहान्तपछि अन्य सबै रानीहरु 'सती'का रुपमा पोलिँदा पनि यिनलाई भने जीवितै राखिनु अर्को रहस्यका रुपमा उपस्थित हुन आएको छ। यिनी सम्भवतः काजी भीमसेन थापाकी नजिककी नातासम्बन्धकी क्षत्रीयकुमारी थिइन्।

मुख्तियारको पद प्राप्त गरेको २० दिनजति पछि स्वामीमहाराज रणबहादुर शाहले सैनिकहरु पठाइ काजी त्रिभुवन प्रधान (खवास)लाई रातको बखतमा एक्कासि पक्राउ गरी कैदमा राखिदिए। स्वामीज्यू बनारसतर्फ निर्वासित हुँदा राजकोषमा सञ्चित रहेका रकमहरुमध्ये १८ हजार रूपैयाँ मासिदिएको आरोप यति बेला यिनीमाथि लागेको थियो। त्यति बेला राजकोषमा मौजाद रहेको १८ हजार रूपैयाँको हिसाबकिताब यति बेला यिनीसँग खोजिएको थियो। चारपाँच वर्षअगाडि नै भएको खर्चको हिसाबकिताबलाई यिनले चित्तबुझ्दो किसिमले बुझाउन सकिरहेका थिएनन्। यसैले उक्त १८ हजार सरकारी रूपैयाँहरु हिनामिना गरेको भन्ने आरोप लगाई स्वामीज्यूले यिनी बसिआएको आवासका साथसाथै यिनको सर्वस्वहरण गरी यिनको जफत गरिएको आवासलाई आफ्नो अस्थायी निवासस्थान बनाइदिएका थिए। यतिले पनि यिनलाई चित्त बुझेन र "विष्णुमती नदीको किनारमा लगेर काटिदिनू" भनी भरिया लगाई खर्पनमा बोकाएर एक

जना सैनिक 'कुमेदान'का साथ काजी त्रिभुवन प्रधानलाई निर्दयतापूर्वक वध्यस्थलतर्फ पठाइदिए।

काजी त्रिभुवन प्रधान पनि कम चलाख व्यक्ति थिएनन्। यिनले "सबै भारदारहरुलाई राखी पुर्पक्ष गर्ने हो भने यस मतलबमा अरु पनि पनि भारदारहरु संलग्न छन्, ती सबैको बारेमा यथार्थ कुरा थाहा हुनेछ" भनी स्वामीज्यूको नाममा एउटा 'अर्जीपत्र' लेखी आफूलाई वध्यस्थलतर्फ लिएर जाने सैनिक 'कुमेदान'कै हातमा थमाइदिए। यस्तो अर्जीपत्र प्राप्त भएपछि यिनलाई स्वामीज्यूका हजुरमा चढाउन कुमेदानलाई पनि करै लाग्यो।

यसले गर्दा यस दिन काजी त्रिभुवन प्रधानको हत्या हुन सकेन। यिनलाई बाटैबाट फर्काएर ल्याई कडा निगरानीमा राखियो। यिनलाई कुनै अपराधमा फँसाएर यिनीद्वारा नै चौतारा शेरबहादुर शाहीलाई पनि त्यस अपराधमा तान्ने काम काजी भीमसेन थापाको गुप्त योजना रहेको सङ्केत पाइन्छ। यसै योजनाअनुसार नै काजी त्रिभुवन प्रधानका तर्फबाट स्वामीज्यूका हजुरमा यस्तो अर्जीपत्र प्रस्तुत गराएको झलक पाइन्छ। चौतारा शेरबहादुर शाही तथा काजी त्रिभुवन प्रधानबीचमा केकस्तो नातासम्बन्ध रहेको थियो, ठीकठीक थाहा हुन सकिरहेको छैन। मेरो व्यक्तिगत अनुमानमा चौतारा शेरबाहदुर शाही काजी त्रिभुवन प्रधानका भानिज थिए।

काजी त्रिभुवन प्रधानको अर्जीपत्र पेस भइसकेपछि स्वामीज्यूले "यस सम्बन्धमा आवश्यक छानबिन गर्न त्रिभुवन प्रधानकै घरमा यथाशीघ्र सम्बद्ध भारदारहरुको कचहरी बसाउनू" भन्ने आदेश जारी गरिदिए। यतिन्जेल यो भवन नजाने किन हो? स्वामीमहाराज रणबहादुर शाहले काजी कीर्तिमानसिंह बस्नेतकी आमा चित्रावतीलाई बकसमा दिएसकेका थिए। यो कचहरी हुने दिन स्वामीमहाराज यसै भवनमा बसेका थिए र बेलुकीको खाना पनि यिनले यसै भवनमा खाएका थिए। रातको नौ घडी जाँदाको समयमा कचहरीको बैठक बोलाइएको थियो र यस कचहरीमा तोकिएका व्यक्ति मात्र बोलाइएका थिए। रातको समयममा बस्ने कचहरी कुनै व्यक्तिलाई मृत्युदण्ड जस्ता कडा

सजाय सुनाउने प्रयोजनका निमित्त मात्र बोलाइने परम्परा थियो। केही वर्षअघि काजी वंशराज पाँडेलाई रातको समयमा बसेको यस्तै कचहरीमा मिथ्या अभियोग लगाई रातैमा मृत्युदण्ड दिइएको थियो।

विसं १८६३ वैशाख १६ गते, तदनुसार २६ अप्रिल इसं १८०६ को रातमा बोलाइएको यस कचहरीमा अघिल्लो दिन वध्यस्थलतर्फ लगेर फर्काएका काजी त्रिभुवन प्रधानलाई ल्याइने भएको थियो र चौतारा शेरबहादुर शाहीलाई पनि कचहरीमा विशेष रुपमा बोलाइएको थियो। स्वामीज्यूबाट आफ्ना अनौरस भाइ शेरबहादुर शाहीका निमित्त "बोलाउँदा राजीखुसी नआएमा उसलाई पक्रेर भए पनि ल्याउनू" भन्ने आदेश थियो। तर बोलावटअनुसार यिनी निर्धारित समयमा स्वाभाविक रुपमै उपस्थित थिए।

कचहरी लाग्नेबित्तिकै स्वामीज्यूले सर्वप्रथम बोलाइएका सबै भारदारहरुतर्फ सङ्केत गर्दै सामूहिक रुपमा "त्रिभुवन प्रधानले ढुकुटीमा रहेका रूपैयाँहरु मासेकामा तिमीहरु सबैले मिलेर मासेका हौ वा होइनौ? ती रूपैयाँहरु लिएर तिमीहरुले कुन देशका कुन वैरीहरुलाई धपायौ? कुन देशलाई जित्यौ? मलाई काशीतर्फ लखेट्नका निमित्त तिमीहरुले उक्त रूपैयाँ खर्च गरेका हौ वा होइनौ? मलाई उहीँ नै रोकिराख्नका निमित्त तिमीहरुले अङ्ग्रेजलाई कीर्तिपुरमा व्यापार कोठी स्थापना गर्न अनुमति दिने तजबिज गरेकोमा तिमीहरुले बिराएका हौ वा होइनौ?" भनी कडा प्रश्न गरे।

तर यो प्रश्न यति बेला खास गरी काजी त्रिभुवन प्रधान तथा चौतारा शेरबहादुर शाहीप्रति लक्षित थियो। कीर्तिपुरमा अङ्ग्रेजलाई व्यापार कोठी स्थापना गर्न दिने कुरामा त्यति बेलाका कुनै नेपाली भारदारहरुले पनि सहमति व्यक्त गरेका थिएनन्। यसै भएर नै इस्ट इन्डिया कम्पनीनका अङ्ग्रेज पदाधिकारीका तर्फबाट प्रस्तुत गरिएको सन्धिपत्रको प्रस्तावमा लगभग एक वर्षसम्म पनि राजा गीर्वाणयुद्धविक्रम शाहका तर्फबाट लालामोहरको छाप लाग्न सकिरहेको थिएन। काजी त्रिभुवन प्रधान तथा चौतारा शेरबहादुर शाही पनि त्यति बेला महारानी सुवर्णप्रभाकै पक्षमा रहेकाले यस सम्बन्धमा यिनीहरुको रायसल्लाहसम्म लिइएको हुँदो हो। तर अहिले, त्यति बेला कार्यरत रहेका

अन्य भारदारहरुको कुनै वास्ता नगरी केवल काजी त्रिभुवन प्रधान, काजी नरसिंह गुरूङ तथा चौतारा शेरबहादुर शाहीलाई मात्र उक्त आरोपमा पक्राउ गरिएको थियो।

कचहरीमा आफूप्रति समेत लक्षित गरी प्रश्न सोधिएपछि असन्तुलित मनस्थितिमा पुगेका चौतारा शेरबहादुर शाहीले विवेकशक्ति नभएका आफ्ना दाजु स्वामीमहाराज रणबहादुर शाहले अब के पो गर्ने हुन्? भनी आवेशमा आएर थरथर काँप्दै "यो बात मलाई पनि लाग्छ वा लाग्दैन? भनी स्वामीमहाराज रणबहादुर शाहका समक्षमा प्रश्न गरे। यसमा स्वामीज्यूले दायाँबायाँ केही विचार नै नगरी सहज स्वाभाविक रुपमै "यो बात तँलाई पनि लाग्छ" भनी जवाफ गरिदिए। यसबाट "काजी भीमसेन थापाबाट प्रेरित भएका स्वामीज्यूले अब मलाई कुनै हालतमा बाँकी राख्नेछैनन्, अब मेरा निमित्त अनिष्ट नजिकै आइपुगिसकेको छ" भन्ने निश्चय गर्न चौतारा शेरबहादुर शाहीलाई कत्ति पनि बेर लागेन।

भवनको दक्षिणतर्फको ठूलो कोठामा कचहरी सञ्चालित थियो। कोठाभन्दा बाहिर कौसीमा पिउने पानीका गाग्री तथा अम्खोरा राखिएका थिए। क्रोधले गर्दा आगो भएका चौतारा शेरबहादुर शाहीले कचहरीबाट बाहिर निस्किई कौसीमा आएर दुई अम्खोरा पानी घटघट पिई फर्कंदा स्वामीमहाराजले "नानी त राम्रै गलेछ" भनी आफ्ना अनौरस भाइ शेरबहादुर शाहीमाथि व्यङ्ग्य बाणको प्रहार गरिदिए। यस प्रहारबाट चौतारा शेरबहादुर शाही अझै आहत भए। फेरि पनि बाहिर निस्किई थप एक अम्खोरा पानी पिई भित्र पसेर स्वामीमहाराजको अगाडि ठिङ्ग उभिई आफ्नो कम्मरमा भिरेको तरबारलाई निकाली हठात् स्वामीज्यूको गर्धनलाई ताकेर निर्मम प्रहार गरिदिए। तर तरबार तोकिएको ठाउँबाट तर्किई स्वामीज्यूको गर्धनमा नलागेर पेटमा लाग्न पुग्यो। तरबारको प्रहार घातक रहेको थियो। तरबारको चोटले गर्दा स्वामीज्यू रक्तपक्षेल भएर त्यहीँ बालिस्टमै पसारिएका थिए। यति बेला बैठकमा मैनबत्ती टिमटिम बलिरहेको थियो। बलिरहेको मैनबत्तीलाई निभाई शेरबहादुर शाही त्यहाँबाट पलायित हुने असफल प्रयास गरे। तर पाएनन्।

तरबारको घातक प्रहारबाट आहत भएका स्वामीज्यूले "बाले!" भनी काजी बालनरसिंह कुँवरलाई सहायताका निमित्त आग्रह गरे। सरदार बालनरसिंह कुँवर तथा चौतारा बम शाह पनि सभाकक्षको नजिकै रहेका थिए। यी दुवैले मिलेर शेरबहादुर शाहीलाई त्यहीँ पक्राउ गरे। आवेशमा आएका काजी बालनरसिंह कुँवरले आफ्नो साथमा रहेको तरबारको प्रयोग गरी भाग्ने प्रयासमा रहेका चौतारा शेरबहादुर शाहीलाई तत्कालै त्यहीँ ढालिदिए। परस्परमा हातपात हुँदा यति बेला चौतारा बाम शाहको हातको औंलामा केही चोट पनि लागेको थियो।

काजी भीमसेन थापा भने खाना खान जाने बहाना गरी यति बेला सभाकक्षबाट एकाएक चम्पत भएका थिए। भर्खरै मात्र 'मुख्तियार'को पदभार ग्रहण गरेका स्वामीमहाराजको अध्यक्षतामा महत्वपूर्ण कचहरी चल्दाचल्दै भात खान जाने बहाना गरी यसरी कचहरीबाट एकाएक बाहिर निस्कनु काजी भीमसेन थापाको स्वामीज्यूप्रतिको उपेक्षाभाव थियो। जेहोस्, यो समाचार प्राप्त हुनासाथ चिराक बाली आफ्ना दलबलसहित यिनी तत्कालै घटनास्थलमा आइपुगे। स्वामीज्यू त्यहाँ अचेत अवस्थामा लडिरहेका थिए। रगतले लतपत भएको स्वामीज्यूको पार्थिव शरीर हेर्दैमा बीभत्स थियो। यति बेला रातको पौने एघार बजेतिरको समयको हो। सैनिकहरुका निमित्त आकस्मिक रुपमा उर्दी जारी गर्नुपरे सामान्यतया बिगुल फुक्न लगाउने र समयमा बिगुल उपलब्ध नभए भेरी फुक्न लगाउने प्रचलन थियो। यहीअनुसार काजी भीमसेन थापाले तत्काल भेरी फुक्न लगाइदिए।

उर्दीअनुसार एकछिनपछि नै 'कम्पनी'का सैनिक तथा तिनका अफिसर पनि धमाधम राजभवनको प्राङ्गणमा जम्मा हुन थाले। सैनिकहरु जम्मा नहुँदै काजी भीमसेन थापाले "यहाँबाट कसैलाई पनि बाहिर निस्कन नदिनू" भनी त्यहाँ तैनाथ रहेका, आफ्नो नेतृत्वमा रहेका सुरक्षा सैनिकहरुलाई कडा उर्दी जारी गरिदिइसकेका थिए। शेरबहादुर शाहीले आफू आउँदा आफ्ना दुई जना 'कमारा' केटाहरुलाई पनि साथमा लिएर आएका रहेछन्। ती दुवै केटाहरु पनि बिनाअपराध त्यहीँ तत्कालै काटिए। दुवैको लास कौसीबाट

तल पटाङ्गिनीमा खसालियो। स्वामीज्यूको घायल शरीरलाई ओछ्यानमै राखी तल पटाङ्गिनीमा झार्दाझार्दै यिनको शरीरबाट प्राणपखेरू उडिसकेको थियो। दाहसंस्कारका निमित्त यिनको निर्जीव देहलाई रातैमा पशुपति आर्यघाटतर्फ चलाइयो। यिनको दाहसंस्कार गराउने जिम्मा सम्भवतः चौतारा बम शाहलाई दिइएको थियो।

स्वामीज्यूको लासलाई विधिवत् पशुपति आर्यघाटतर्फ चलान गरिसकेपछि काजी भीमसेन थापाले अपराधी ठहऱ्याइएका त्रिभुवन प्रधान तथा नरसिंह गुरूङलाई कम्पनीका सैनिकहरुका घेरामा राखी राजभवनको गारदमा थुन्न भनी पठाइदिए। इजलासमा सम्मिलित रहेका राजगुरू रङ्गनाथ पण्डित, सरदार बालनरसिंह कुँवर, काजी रणजित पाँडे तथा काजी बहादुर भण्डारीहरुका साथ काजी भीमसेन थापा स्वयम् पनि सैनिकहरुको सुरक्षा घेरामा बसी तत्कालै राजभवनमा दाखिल भए।

राजभवनमा पुगेपछि काजी भीमसेन थापाले शेरबहादुर शाहीका दाजु चौतारा विदुर शाहीलाई उनकै घरमा थुन्न भनी पठाइदिए। पाल्पाली राजा पृथ्वीपाल सेन तथा यिनका भाइ राजकुमार रणबहादुर सेनलाई उनीहरु बस्दै आएको पाटन दरबारमै कडाइका साथ नजरबन्द राख्न भनी सैनिकहरुलाई खटाइदिए। यस्तै हेलम्बुमा निर्वासित जीवन बिताइरहेकी महारानी राजराजेश्वरीलाई दिवङ्गत स्वामीमहाराजका साथ सती जान यथाशीघ्र बोलाएर ल्याउनू भनी घोडचढी रिसल्लाहरु तत्कालै त्यतातर्फ दौडाइदिए।

भोलिपल्ट बिहान चौतारा विदुर शाही, काजी त्रिभुवन प्रधान, काजी नरसिंह गुरूङ, भूतपूर्व पाल्पाली राजा पृथ्वीपाल सेन, उनका भाइ चौतारा रणबहादुर सेन बिनाअपराध राजभवनको नजिकै रहेको भण्डारखालको बगैंचामा काटिए। यसै दिन पाल्पाली राजा पृथ्वीपाल सेनका साथ आएका र थुनामा रहेका उनका १८ जना निरपराध अङ्गरक्षक पनि त्यहीँ काटिए। यिनीहरुमाथि न कुनै अभियोग लगाइयो, न त कुनै पुर्पक्ष नै गरियो। काजी भीमसेन थापाको आफ्नै तजबिजअनुसार यी सबै कारबाही सम्पन्न भए।

यसको अर्को दिन जगत खवास आदि अन्य १३ व्यक्ति विष्णुमती नदीको किनारमा रहेको वध्यस्थलमा पुऱ्याएर काटिए। स्वामीमहाराजको स्वर्गवास भएको नवौं दिनका दिन महारानी राजराजेश्वरी तथा यिनका १४ वटी केटी सुसारेहरुलाई साखुँको सालीनदीमा 'सती'का रुपमा पोलिए। महारानी राजराजेश्वरीले आफूले हुर्काएर बढाएका बालक राजा गीर्वाणयुद्धविक्रम शाहको मुखलाई आफ्नो अन्तिम समयमा एक पटक हेर्ने हार्दिक इच्छा व्यक्त गरेकी थिइन्। तर पाइनन्। स्वामीज्यूको हत्या भएपछि १६ जना नारीहरु सती गए भने ७७ जना व्यक्ति काटिए। यस प्रकार हत्याकाण्डमा कुल ९३ जनाले अनाहकमै आफ्नो जीवनलीला समाप्त पारेका थिए।

स्वामीमहाराजको हत्या भएको समाचार सुन्नेबित्तिकै राजा पृथ्वीनारायण शाहकी एक मात्र छोरी (सल्यान राज्यकी रानी) विलासकुमारी बालक राजा गीर्वाणयुद्धविक्रम शाहलाई आवश्यक आडभरोसा दिन भनी आफ्नो राज्यबाट दौडादौड गरी काठमाडौंमा आइपुगेकी थिइन्। यस हत्याकाण्डमा काजी भीमसेन थापाको प्रमुख हात छ भन्ने यति बेला राजधानी काठमाडौंमा कोठाकोठामा खासखुस चलिरहेको थियो। मुख फोरेर भन्न सक्ने साहस भने कसैमा पनि रहेको थिएन। यो हल्ला यिनको कानसम्म पनि आइपुगेकाले यिनको मुखबाट भने अनायासै फुत्कियो।

यिनको यही अपराधले गर्दा काजी भीमसेन थापाले सिपाहीहरुलाई लगाएर यिनलाई काठमाडौंबाट धपाएर वार्षिक १४ सय रूपैयाँको जीवनवृत्ति दिई सल्यान राज्यकै 'फलावाङ' नामक ठाउँमा पुऱ्याएर राखियो र सल्यान राज्यलाई अन्यायपूर्वक नेपाल अधिराज्यमै गाभियो। यति मात्र होइन, राजा पृथ्वीनारायण शाहले यिनलाई दाइजोका रुपमा दिएको 'तास'को बिर्ता पनि बलपूर्वक नै हरण गरियो।

राजधानी काठमाडौंमा घटेको यस हत्याकाण्डको असर कुमाउँसम्म पनि पुग्यो। कुमाउँका प्रमुख प्रशासक भएर यिनताक ऋतुवर्ण थापा अल्मोडा सहरमा थिए। काजी भीमसेन थापाले आफ्ना बाजे वीरभद्र थापालाई पनि यिनको भन्दा माथिल्लो 'चौतारा'सरहको पद दिलाएर त्यहीँ राखिरहेका थिए। काजी भीमसेन थापाको

निर्देशनअनुसार वीरभद्र थापाले ऋतुवर्ण थापालाई डोटीमा पठाई निर्दयतापूर्वक त्यहीँ कटाइदिए। यसपछि काजी भीमसेन थापा नेपाल अधिराज्यका एक मात्र हर्ताकर्ता हुन आए। यिनलाई चुनौती दिन सक्ने आँट अब नेपाल अधिराज्यका कुनै पनि भारदारमा थिएन।

महारानी त्रिपुरीको सहयोगले काजी भीमसेन थापाले "अबउप्रान्त 'चौतारा' तथा 'काजी' सबैले काजी भीमसेन थापाले लगाएअह्राएअनुसारका कामकाज मात्र गर्ने गर्नू" भन्ने बालक राजा गीर्वाणयुद्धविक्रम शाहको नामबाट लालमोहरको छाप लगाई एउटा अत्यन्त महत्वपूर्ण अधिकार प्राप्त गरे। बालक राजा गीर्वाणयुद्धविक्रम शाहको लालमोहर लागेको यस अधिकारपत्रले गर्दा अब यिनी नेपाल अधिराज्यका सर्वेसर्वा निष्कण्टक अधिनायकका रुपमा स्थापित हुन आए।

यस घटनापछि पनि नेपाल अधिराज्यमा राजाका रुपमा बालक राजा गीर्वाणयुद्धविक्रम शाह नै रहिरहे। आफ्नो अनुकूल रहेकी रानी त्रिपुरीलाई 'ललितत्रिपुरासुन्दरी' भन्ने नाम दिई राजमाताका रुपमा स्थापित गरेर राजाको अभिभावक बनाई काजी भीमसेन थापाले यिनको नाममा अङ्कित भएको 'सुकी'को सिक्का पनि प्रसारित गराइदिए। काजी भीमसेन थापा 'मन्त्री' भनिन थाले। राजा, राजमाता र मन्त्री गरी नेपाल अधिराज्यमा अब तीन जना प्रमुख प्रशासकहरु बन्न आए।

कवि सुन्दरनन्दले यति बेलाका यिनै तीन जना प्रमुख प्रशासकहरुलाई नेपाल अधिराज्यका तीन ओटा अमूल्य रत्न मानेर यिनीहरुलाई नायक बनाई पछि 'त्रिरत्न सौन्दर्यगाथा' नामक काव्यकृतिको रचना गरी यिनीहरुलाई प्रसन्न तुल्याउने प्रयास गरेका थिए।

खण्ड चार

४.१ तीन शाह राजाहरुको राज्यकालमा नेपाली समाजमा भएका परिवर्तन तथा राज्य प्रबन्धनको सामान्य लेखाजोखा

राजा पृथ्वीनारायण शाहदेखि राजा रणबहादुर शाहसम्मका तीन शाह राजाहरुको राज्यकालमा नेपाली समाजमा केकस्ता सामाजिक तथा सांस्कृतिक परिवर्तन भए, यस सम्बन्धमा केही चर्चा गर्नु पनि यहाँ सान्दर्भिक छ।

राजा पृथ्वीनारायण शाहको जीवनकालभन्दा आठदस शताब्दीपहिले अहिलेको पश्चिमी नेपाल, कुमाउँ तथा गढवालमा पनि खसवर्गका आर्यहरु आएर आबाद भएका र त्यहाँ यसै जातिका ससाना राज्य पनि स्थापित थिए। यिनीहरु अहिलेको प्युठानसम्म आइपुग्दा वा नपुग्दा नै नेपालमा अघिल्ला थरी मल्ल राजाहरुले यिनीहरुको पूर्वतर्फको प्रयासलाई बलपूर्वक नै रोकिदिएका थिए। तर राजा जयस्थिति मल्लको राज्यकालको आसपासदेखि नेपाली राजाहरुले स्थापित गराएको यो बाँध क्रमशः शिथिल हुँदै आयो र खसवर्गका आर्यहरु सखिको लेकलाई पार गरी क्रमशः वर्तमान पश्चिमी नेपालका मगराँतमा आएर आबाद हुन थालेका थिए।

खस आर्यहरुले आफ्नो जुन मातृभाषा वा बोलीलाई लिएर आएका थिए, त्यो बोली तिनताक 'खस कुरा'को नामले प्रसिद्ध थियो। यही बोलीले अहिले 'नेपाली भाषा' भन्ने नयाँ नाम ग्रहण गरिसकेको छ। 'पर्वत' राज्यमा आएर विशेष परिष्कृत भएकाले यो बोली पछि 'पर्वते बोली'को नामले पनि प्रसिद्ध थियो। आर्य भाषापरिवारका अन्य भाषा

वा बोलीहरुमा जस्तै यस बोलीमा पनि प्रचारप्रसार पनि हुने गुण भरपूर मात्रामा रहेकाले यस बोलीलाई मगराँतमा आबाद भएर रहेका मगर, थकाली तथा गुरूङहरुले पनि सजिलैसँग अपनाएका मात्र होइनन्, यस बोलीको प्रचारप्रसारमा पनि महत्वपूर्ण योगदान पनि दिएका थिए। यस बोलीको प्रचारप्रसार हुनुभन्दा पहिले त्यस क्षेत्रमा आबाद भएर रहेका मगर, गुरूङ तथा थकालीहरुलाई उनीहरुका आआफ्ना बोलीहरुका भिन्नताले गर्दा एकआपसमा हेलमेल गर्न निकै समस्या थियो। उपर्युक्त तीनै थरी आर्यतर जातिहरुले खस कुरा वा पर्वते बोलीलाई अपनाएपछि यसबाट सामाजिक सद्भावनामा वृद्धि भई नेपालीहरुको राष्ट्रिय एकताका निमित्त एउटा दह्रिलो आधारभूमि तयार हुन आयो।

खसवर्गका आर्यहरुले मगराँतबाट क्रमिक रुपमा अझै पूर्वतर्फ बढ्दै आएर कालीगण्डकी नदीलाई पनि पार गरी यस क्षेत्रमा पछि ससाना २४ स्वतन्त्र राज्य स्थापना गराएका थिए। यी राज्यहरु पछि चौबीसे राज्यहरुमा प्रसिद्ध थिए। यसै क्रममा सबैभन्दा पछि, पच्चीसौं राज्यका रुपमा गोरखा राज्यको स्थापना भएको थियो। प्रारम्भमा उपर्युक्त २४ ओटै पहाडी राज्यहरुमा आबाद भएका खसबाहुन तथा दमाईंकामीको मुख्य काम यस क्षेत्रमा आबाद रहेका मगर, गुरूङ तथा थकालीहरुको समाजमा आफ्नो बोली तथा संस्कृतिको पनि प्रचारप्रसार गरी खस कुरा वा पर्वते बोलीको माध्यमबाट यस क्षेत्रमा रहेका सबै नागरिकहरुमा एकताको भावनालाई जागृत गराउनु थियो। यसै क्रममा जुगानुजुगदेखि यस क्षेत्रमा आबाद मगरहरुले पनि सनातन हिन्दू धर्मलाई अपनाएका र यसले गर्दा खस तथा मगर जातिका बीचमा आत्मीय सम्बन्ध स्थापित थियो।

यस क्षेत्रमा आबाद रहेका थकाली तथा गुरूङहरुले भने तिब्बती लामाहरुबाट पहिलेदेखि नै बौद्ध धर्मको शिक्षादीक्षा पनि ग्रहण गरी लामाहरुलाई नै आफ्ना धर्मगुरू बनाइसकेकाले यिनीहरुमाथि भने सनातन हिन्दू धर्मको खास प्रभाव पर्न सकिरहेको थिएन। वास्तवमा गोरखा राज्यको स्थापना भएपछि मात्र यिनीहरुको खसबाहुन, दमाईंकामी एवम् सार्कीहरुसँग सामाजिक सम्पर्क स्थापित थियो। पहिलेपहिले यिनीहरु

सैनिक सेवामा प्रायः लाग्दैनथे। राजा पृथ्वीनारायण शाहको राज्यकालदेखि मात्र यिनीहरुलाई सैनिक सेवामा लिन थालिएको र यसपछि मात्र यिनीहरुको खसबाहुनसँग आत्मीय सम्बन्ध स्थापित हुन आएको पाइन्छ।

गोरखा राज्यमाथि पूर्वतर्फ रहेका कान्तिपुर, भक्तपुर तथा ललितपुरका तीन ओटा मल्ल राज्यहरुमा मुख्य गरी नेवारहरुको आबादी थियो। समतल जमिन पर्याप्त मात्रामा भएकाले यिनीहरु प्रायः धानको मात्र खेती गर्थे। तोरी, कोदो, मकै, फापर आदि पाखाबालीहरु यिनीहरु प्रायः लगाउँदैनथे। पखाबालीहरु लगाइरहनुपर्ने आवश्यकता पनि यिनीहरुलाई थिएन। यहाँका डाँडापाखामा आफूलाई 'तामाङ' भनाउनमा गर्व गर्ने मुर्मीहरुको आबादी यत्रतत्र फैलिइरहेको थियो। यिनीहरुले भने पाखो खनी तोरी, कोदो, फापर आदि पाखाबालीहरु लगाउने गर्थे। मल्ल राज्यका नागरिकहरु आफ्नो सुरक्षाका निमित्त राज्यको राजधानी वा अन्य ठूलाठूला गाउँहरुमा गिर्दा पर्खालहरुले घेरिएर रहने गर्थे र यस्ता सहर वा गाउँमा नेवारबाहेकका कसैलाई पनि रातमा वास बस्न दिँदैनथे।

पश्चिमतर्फबाट अघि बढ्दै आएका खसबाहुन तथा दमाईकामी पछिपछि मल्ल राज्यहरुमा पनि आएर आबाद थिए। यसै क्रममा यिनीहरु उपत्यकाभित्र काँठहरुमा पनि आइपुगेका थिए। यिनीहरु पनि मकै, कोदो आदि पाखाबाली लगाउने गर्थे र यसैबाट आफ्नो जीवन निर्वाह गर्ने भएकाले नेवार नागरिकहरु यिनीहरुलाई व्यङ्ग्यपूर्वक 'कनि झँक' अर्थात् 'मकै चरी' भन्ने गर्थे। पहिलेपहिले त वर्तमान काठमाडौं उपत्यकाभित्रका मल्ल राजा तथा यहाँका नागरिकहरुले यिनीहरुलाई उपत्यकाभित्र समतल जमिनहरुमा आएर घरवास गर्न दिने गरेका थिएनन्। यसैले भित्ता पाखाका, पाखाबारीमै यिनीहरुले आफ्ना घरजमहरु गर्दै आइरहेका थिए। पछिपछि भने मल्ल राजाहरुले यिनीहरुलाई यहाँका समतल भूभागहरुमा पनि आएर घरवास गर्ने अनुमति प्रदान गर्न थालेका र यिनीहरुलाई आफ्ना सैनिक सेवाहरुमा पनि ग्रहण गर्न थालेका थिए।

यसबाट खसहरुले बोल्ने गरेको 'खस कुरा' वा 'पर्वते बोली' यस क्षेत्रमा आबाद रहेका नेवार, मुर्मी तथा शेर्पाहरुले पनि बुझ्न थालेका र यसबाट यिनीहरुका बीचमा

क्रमिक रुपमा आपसमा आत्मीयता बढ्दै थियो। यसबाट खस कुरा वा वर्तमान नेपाली भाषा नै यिनीहरुको बीचमा एकता ल्याउने प्रमुख माध्यम थियो। यस भाषालाई पछिपछि दोलखा प्रदेशतिर आबाद रहेका कामी तथा सुनुवारहरुले पनि बुझ्न तथा बोल्न थालेका थिए। यसबाट यही भाषा नै यस क्षेत्रमा आबाद रहेका सम्पूर्ण नागरिकमा सामाजिक एकता कायम गर्ने एउटा प्रमुख साधना बन्न आएको थियो। यसैले कान्तिपुर राज्यका राजा प्रताप मल्लको राज्यकालसम्ममा यो भाषा यस क्षेत्रमा आबाद रहेका सबै जात तथा जातिहरुको साझा भाषा बनिसकेको पाइन्छ। यसैले त यिनले आफ्नी रानीको सम्झनामा 'रानीपोखरी' नामक सुप्रसिद्ध पोखरीको निर्माण गर्दा त्यहाँ स्थापना गरिएको शिलालेखमा नेवारी भाषाका साथसाथै यस भाषाको पनि प्रयोग गरेको पाइन्छ।

यिनताक वर्तमान किराँत प्रदेशका खम्बू वा राईका बोलीहरुको अवस्था पनि विचित्रको थियो। त्यति बेलाका पुगनपुग एक लाखजति खम्बूहरु आफ्नो क्षेत्रमा १०–१२ थरी बोलीहरु बोल्ने गर्थे। एक थरी बोली बोल्ने खम्बू वा राईहरु आफ्नै भाषा परिवारको अर्को थरी बोलीलाई प्रायः बुझ्दैनथे। तर यिनीहरुका बीचमा विवाहबारी भने चल्ने गरेको थियो। यस स्थितिमा दुलाहाको घरमा बोलिने बोलीलाई दुलहीले नबुझ्ने हुँदा सामाजिक व्यवहार चलाउन निकै अप्ठ्यारो पर्दै थियो। यसै स्थितिमा खम्बू वा राईका बस्तीहरुमा पनि खसबाहुनहरु आबाद हुन आइपुगेकाले खस कुरा वा पर्वते बोलीको प्रचारप्रसार भई त्यहाँका खम्बू वा राईहरु पनि यस बोलीलाई सजिलैसँग बुझ्न सक्ने हुन थालेका थिए। खस कुरा वा वर्तमान नेपाली भाषाको प्रयोगबाट यस जातिका दुलाहा तथा दुलहीहरुका बीचमा भाषागत विभेदले गर्दा ल्याउने गरेको सामाजिक समस्या पनि सहजै मेटिन आएको थियो।

अरूण नदीलाई पार गरी खसबाहुन तथा दमाईकामी पल्लो किराँतमा पनि आबाद हुन पुग्दा जुगानुजुगदेखि त्यहाँ आबाद लिम्बूहरुले पनि खस कुरा वा वर्तमान नेपाली भाषालाई बुझ्न थालेका र यसबाट त्यहाँसम्मकै पहाडी जनताका बीचमा भाषागत रुपमा

सामाजिक सद्भाव कायम थियो। यसैबीचमा त्यसै क्षेत्रमा आबाद रहेका थामी, हायू आदि किराँतवर्गका अन्य जातजातिले पनि यस भाषा वा बोलीलाई अपनाएका थिए। यसै क्रममा सबैभन्दा पछि सुनुवारहरुले यस बोलीलाई अपनाएका र मगरहरुले जस्तै यिनीहरुले पनि सनातन हिन्दू धर्मलाई अपनाउन थालेको पाइन्छ।

थामी, हायू, खम्बू तथा धिमालहरुले यिनताकसम्म न बौद्ध धर्मलाई ग्रहण गरेका थिए, न त सनातन हिन्दू धर्मलाई नै अपनाइसकेका थिए। यिनीहरु अझैसम्म पनि आफ्ना अमूर्त देवदेवीहरुको पूजाआराधना गर्दै रहेका थिए। तैपनि खस कुरा, पर्वते बोली वा वर्तमान नेपाली भाषालाई भने यिनीहरुले पनि स्विकारेकाले राष्ट्रिय एकताको विकासमा यिनीहरुको पनि कम योगदान छैन।

राष्ट्रिय एकताका निमित्त भाषा वा बोलीरुपी साधनलाई प्रयोग गर्न सबैभन्दा पहिले गोरखालीले नै जानेका थिए। राजा पृथ्वीनारायण शाहका चिठीपत्रहरुमा खस कुरा वा पर्वते बोलीको अत्यन्त प्राञ्जल रुपमा प्रयोग भएको पाइन्छ। हिन्दी तथा उर्दू भाषाका आगन्तुक शब्दहरुले भरिभराउ भएको वर्तमान नेपाली भाषाले त्यति बेलाको प्राञ्जल खस कुरासँग प्रतिस्पर्धा गर्न सक्नु सम्भव छैन। गोरखाली नागरिकहरु सबैभन्दा पहिले आफ्नो भाषा वा बोलीलाई परिष्कार गर्ने कामतिर अग्रसर पाइन्छन्। अहिलेसम्ममा राजा पृथ्वीनारायण शाहको सबैभन्दा पहिलो औपचारिक पत्रका रुपमा विसं १८०३ मा लेखिएको पत्र पाइएको छ। यस पत्रको भाषा अत्यन्त प्राञ्जाल रुपमा रहेको पाइएकाले गोरखा राज्यमा यसभन्दा पहिलेदेखि नै खस कुरा वा वर्तमान नेपाली भाषाका लेखपढ हुने गरेको स्पष्ट देखिएको छ। यस भाषालाई परिष्कार तथा परिमार्जन पनि गर्ने काम जति गोरखा राज्यमा भयो, त्यति अन्य चौबीसे राज्यहरुमा भएको पाइँदैन। यही भाषागत एकताले गर्दा नै राजा पृथ्वीनारायण शाहलाई यस क्षेत्रमा रहेका सबै पहाडी राज्यहरुलाई एकीकृत गरी एउटा शक्तिशाली अधिराज्य निर्माण गर्न ठूलो बल मिल्न आएको थियो।

नेपाल अधिराज्यको एकीकरण अभियानलाई सञ्चालन गर्न राजा पृथ्वीनारायण शाहलाई थप बल मिल्नुको अर्को महत्वपूर्ण कारण खस, मगर तथा गुरूङहरु गरी यस क्षेत्रमा आबाद रहेका तीन थरी प्रमुख जातिहरु सामाजिक रुपमा एकाएक भएर मिल्नु पनि थियो। लमजुङ राज्यमा आबाद रहेका गुरूङहरुले खस कुरा अर्थात् वर्तमान नेपाली भाषालाई सर्वथा स्वीकार गरिसकेका थिएनन्। गोरखा राज्यमा भने मगर जातिको नै आधिपत्य थियो। यसैले गोरखा राज्यका राजाहरुले खास गरी खस तथा मगरहरुलाई मात्र आफ्ना सैनिकहरुका रुपमा भर्ना लिने गरेका थिए। राजा पृथ्वीनारायण शाहले पनि पहिलेपहिले त आफ्नै राज्यमा रहेका भए पनि गुरूङहरुलाई सैनिक सेवामा लिने गरेको देखिँदैन। पछिपछि भने यिनले पनि गुरूङ नवयुवाहरुलाई पनि सैनिकहरुका रुपमा भर्ना लिन थालेको पाइन्छ। तैपनि यिनको राज्यकालमा कुनै गुरूङ नागरिक पनि उच्चतहको सैनिक अधिकृत भएको पाइएको छैन।

राजा पृथ्वीनारायण शाहको देहान्तपछि महारानी राजेन्द्रलक्ष्मीको प्रशासनकालमा लमजुङ राज्यलाई नेपाल अधिराज्यमा मिलाइएपछि गुरूङ जातिका नवयुवाहरुलाई पनि जोडतोडका साथ सैनिक सेवामा लिन थालिएको पाइन्छ। यसपछि खस, मगर तथा गुरूङ यी तीन थरी जातिहरुको मेलबाट गोरखा राज्यमा कुन किसिमको सैनिक सङ्गठन बन्न आएको थियो, यो सङ्गठन कालान्तरमा आएर अत्यन्त सुदृढ तथा प्रभावकारी पनि प्रमाणित हुन आएको थियो। राजा पृथ्वीनारायण शाहले आफ्ना पूर्वतर्फका सैनिक अभियानहरुमा मात्र गुरूङ नवयुवाहरुलाई प्रयोग गरेका थिए। सिन्धुलीमा भएको अङ्ग्रेजसँगको लडाइँमा 'सिकारी' वंशु गुरूङ तथा भैसे गुरूङहरुले आफ्ना युद्धकौशलको राम्रो परिचय दिएका थिए। पछि राजा रणबहादुर शाहको राज्यकालदेखि त चार जना 'काजी'हरु भर्ना गर्ने प्रचलन प्रारम्भ हुँदा नरसिंह गुरूङ पनि 'काजी' पदमा नियुक्त भए।

ब्राह्मणहरु यिनताक 'उपाध्याय' तथा 'जैसी' गरी दुई वर्गमा विभक्त थिए। ठकुरीहरु "हामी असल जातका क्षत्रीयहरु हौं" भनी गर्व गर्थे। कहिल्यै पनि राज्य नगरेका

खसवर्गका थापा, बस्नेत तथा कार्की आदि क्षत्रीयहरुलाई यिनीहरु शुद्ध क्षत्रीयहरुका रुपमा मान्न तयार थिएनन्। ठकुरीहरु यिनीहरुलाई 'खस' भनी आफूभन्दा तल्लो तहका क्षत्रीयहरुका रुपमा गणना गर्थे।

खसहरु पनि जनै लगाउने र नलगाउने गरी दुई वर्गमा विभक्त थिए। जनै लगाउने खसहरु 'तागाधारी' र कहिल्यै जनै नलगाउनेहरु मद्यपान पनि गर्ने हुनाले 'मतवाली' मानिने गरेका थिए। खस जातिमा वैश्यवर्गको उपस्थिति थिएन। ब्राह्मण, ठकुरी तथा अन्य क्षत्रीयहरु मतवाली खसहरुलाई शूद्र वर्गमा गणना गर्थे। मगरहरुले भने आफूहरुलाई वैश्य वर्गमा गणना गर्ने गरेका थिए। आफूलाई असल जातको नमान्ने कुनै जात वा जाति पनि थिएन। मगरका धर्मगुरू ब्राह्मणहरु बनिसकेका थिए तापनि यिनीहरु मगरहरुलाई शूद्र वर्गमै गणना गर्थे। गुरूङहरु बौद्धमार्गी भएकाले यिनीहरुका बीचमा वर्गभेद थिएन। ब्राह्मणहरु यिनीहरुलाई पनि सामान्यतया शूद्रका रुपमै गणना गर्थे। किराँतवर्गका हायू, खम्बू थामी तथा लिम्बूहरुको पनि यही अवस्था थियो।

देशमा शिक्षाको प्रचारप्रसार पनि गर्ने काम प्रायः ब्राह्मण वर्गको जिम्मामा थियो। तर जुन खस कुरा वा पर्वते बोली एउटा नयाँ राष्ट्रको निर्णयका निमित्त प्रमुख सहायक सिद्ध हुने तरखरमा थियो, दुर्भाग्यवश त्यस भाषाको माध्यममा शिक्षाको प्रचारप्रसार गर्न भने यस वर्गका विद्वान्हरु चाहँदैनथे। यिनताक यिनीहरुको दृष्टिकोणअनुसार शिक्षा भनेको 'देववाणी' अर्थात् संस्कृत भाषामा लेखिएका ग्रन्थहरुमा सङ्ग्रहीत ज्ञानभण्डारहरु थिए। यसैले संस्कृत भाषामा लेखिएका पुस्तकहरु मात्र यिनीहरु आफ्ना खासखास विद्यार्थीलाई पढाउने गर्थे। अन्य सर्वसाधारण विद्यार्थीलाई भने पाठ गर्न उपयोगी 'सप्तशती' वा 'चण्डी' तथा देवदेवीका ससाना स्तोत्रहरु मात्र घोकाउने गर्थे।

यिनताक राजाहरुको तर्फबाट "सर्वसाधारण नागरिकहरुमा शिक्षाको प्रचारप्रसार पनि गर्नू भनी ब्राह्मणलाई 'बिर्ता' दिने प्रचलन थियो। यसैअनुसार ठाउँठाउँमा गुरूकुल पाठशालाहरु सञ्चालित थिए। ब्राह्मणहरु प्रायः आआफ्नै घरमा गुरूकुल पाठशालाहरु सञ्चालित गर्ने गर्थे। अध्ययनका निमित्त आआफ्नो आवासमा आउने विद्यार्थीलाई

यिनीहरु निःशुल्क रुपमा यथोचित शिक्षा दिने गर्थे। सर्वसाधारण जनतालाई 'पुराण'का रुपमा संस्कृत भाषामा निबद्ध रहेका रामायण, महाभारत तथा अन्य पुराणका कथाका भावार्थहरु सरल नेपाली भाषाको माध्यमा मौखिक रुपमा सुनाएर ज्ञानको साथसाथै शिक्षाको पनि प्रचारप्रसार गर्ने प्रचलन थियो।

राजभवनमा युवराज तथा राजकुमारहरुलाई शिक्षा दिन योग्ययोग्य शिक्षकहरु नियुक्त गरिएका हुन्थे। सर्वसाधारण नागरिकका निमित्त राज्यका तर्फबाट शिक्षाको खास व्यवस्था थिएन। ब्राह्मणहरुबाहेकका अन्य जातिका नागरिकहरुले भने आफ्नो मातृभाषा खस कुरा वा पर्वते बोलीको माध्यमबाट प्राप्त हुन सक्ने हुने शिक्षाको महत्वलाई राम्रैसँग पहिचान गरिसकेका थिए। यसैले त काजी वंशराज पाँडेकी श्रीमतीले आफ्ना छोराहरुलाई पढाउन भनी एक जना पण्डितलाई लगाएर संस्कृत भाषामा लेखिएको 'पञ्चतन्त्र'लाई आफ्नो मातृभाषामा अनुवाद गराइदिएकी थिइन्।

राजा पृथ्वीनारायण शाहको राज्यकालदेखि पूरा राष्ट्र नै राष्ट्रिय एकीकरणको अभियानमा होमिएको थियो। यसैले यति बेला शिक्षाको प्रचारप्रसारतर्फ प्रायः कसैको पनि ध्यान जान सकिरहेको थिएन। तैपनि राजा पृथ्वीनारायण शाहको समयमा गोरखामा संस्कृतमा ठूलाठूला विद्वान्हरु पैदा भएका थिए। कास्की राज्यमा भने पहिलेदखि नै ठूलाठूला विद्वान्हरु पैदा हुँदै आइरहेका थिए। यो राज्य नेपाल अधिराज्यमा गाभिएपछि यस राज्यमा रहेका प्रतिष्ठित विद्वान्हरुमध्ये अधिकांश विद्वान्हरु काठमाडौंमै आएर शिक्षाको प्रचारप्रसारमा संलग्न रहन थालेका पाइन्छन्।

हुन त वर्तमान नेपाली भाषामा साहित्यको सिर्जना गोरखा राज्यमा, राजा पृथ्वीनारायण शाहको राज्यकालदेखि नै हुन सुरू भइसकेको थियो। तर यिनताकका 'भाषा'का कविताहरुमा हिन्दुस्तानी भाषाको प्रभाव पर्याप्त मात्रामा पारिसकेकाले यिनीहरुले त्यति बेलाको खास नेपाली भाषाको प्रतिनिधित्व गर्न सकिरहेका छैनन्। राजा पृथ्वीनारायण शाहको राज्यकालमै 'सुवानन्द दास'ले पर्वते भाषा वा वर्तमान नेपाली भाषामा कविता सिर्जना गर्न थालेको पाइन्छ। राजा प्रतापसिंह शाहको राज्यकालमा

'राधावल्लभ' तथा 'शक्तिवल्लभ' नामक दुई जना अर्याल बन्धुहरुले वर्तमान नेपाली भाषामा कविताहरुको रचना गर्न आरम्भ गरेका थिए। यी दुवै दाजुभाइ 'राजपुरोहित' परिवारका अर्यालहरु रहेका थिए। यिनमा राधावल्लभ अर्यालका कविताहरु केही मात्रामा मात्र उपलब्ध रहेका छन्। शक्तिवल्लभ अर्यालका कविताहरु भने प्रशस्त मात्रामा पाइन्छन्। राजा रणबहादुर शाहको राज्यकालमा रचित शक्तिबल्लभ अर्यालको 'हास्यकौतुक' नाटक रोचक छ।

यिनताक नेपालमा संस्कृत शिक्षाको प्रचारप्रसार पनि धेरथोर मात्रामा हुँदै आइरहेको थियो। तर यस किसिमको शिक्षामा आफ्नो राष्ट्रियतालाई सबल तुल्याउने कुनै पनि तत्व थिएन। वर्तमान समयका निमित्त पनि यो शिक्षा अत्यावश्यक छ। यस शिक्षाको अभावमा आफ्ना मूल्य, मान्यता एवम् संस्कृति पनि सुरक्षित रहन सक्दैनन् र आफ्ना मौलिक संस्कृतिको अभावमा कुनै पनि जात, जाति वा राष्ट्र पनि चिरस्थायी भएर रहिरहन सक्दैनन्। तर यस किसिमको शिक्षाले वर्तमान समयको मागलाई भने पूरा गर्न सकिरहेको छैन। देशको भौतिक विकासका निमित्त आजभोलि अङ्ग्रेजी शिक्षालाई आवश्यक मानिने गरेको छ। शाहकालमा भने अङ्ग्रेजी शिक्षाको प्रचारप्रसारको सम्भावना थिएन। यस परिस्थितिमा खस कुरा वा पर्वते बोलीका माध्यममा सर्वसाधारण नेपाली नागरिकमा शिक्षाको प्रचारप्रसार पनि गराउन सकिन्थ्यो। तर यस दिशातर्फ त्यति बेलाका नेपाली प्रकासकहरुको समुचित ध्यान पुग्न सकिरहेको देखिँदैन।

राजा पृथ्वीनारायण शाहको राज्यकालदेखिको खस कुरा वा पर्वते बोलीमा लेखिएका चिठीपत्रहरु पर्याप्त मात्रामा उपलब्ध छन्। पत्रमा अभिव्यक्त गर्न खोजिएका भावहरुको यथार्थ बोध गराउन यस्ता पत्रहरु समर्थ देखिएकाले यस्ता पत्रका मस्यौदाकार ज्योतिषी वा 'जोशी'हरुले चाहेका भए त्यति बेला नै यस बोलीको माध्यममा पाठ्यपुस्तक लेखी शिक्षाको प्रचारप्रसार पनि गराउन सक्थे। तर यति बेला संस्कृत शिक्षाको जमाना भएकाले यिनताक खस कुरा वा पर्वते बोलीमा पाठ्यपुस्तक लेख्नु हेय मानिने गरेको थियो। ब्राह्मणहरु व्यासासनमा बसी रामायण, महाभारत तथा अन्य पुराणका कथाहरु

सर्वसाधारण जनतालाई रोचक ढङ्गबाट सुनाएर धर्म तथा नीतिशास्त्रका शिक्षाहरु दिने र यसैबाट समाजमा ज्ञानका ज्योतिहरु जगाइदिने प्रयासहरु गर्ने गर्थे।

धर्म तथा नीतिशास्त्र आदिका विषयमा आफ्नै मातृभाषामा पुस्तकहरु लेखेमा आफ्नो जीवनवृत्ति हरण हुन्छ भन्ने भयले गर्दा नै होला? यति बेलाका संस्कृतका विद्वान्हरुमा यस भाषाको माध्यममा दिनुपर्ने शिक्षाप्रति कत्ति पनि अनुराग नरहने गरेको पाइन्छ। यसैले यति बेला खस कुरा वा पर्वते बोलीको माध्यममा शिक्षाको प्रचारप्रसार पनि हुन सकिरहेको थिएन। यस समयमा 'वसन्त कवि' आदि केही निस्पृह साधकहरुले केही कविताहरुको रचना अवश्य पनि गरेका थिए तर यस्ता कविताहरु समयको मागअनुसार शिक्षाको प्रचारप्रसार गराउनका निमित्त खास सहायक सिद्ध हुन सकिरहेका थिएनन्।

नेपाल–अङ्ग्रेज युद्धपछि नेपाली नागरिकले अङ्ग्रेजी शिक्षाको महत्वलाई केही मात्रामा बुझ्न थालेका थिए। तर अङ्ग्रेजको चाहना भने यति बेला नेपाल अधिराज्यमा वास्तविक ज्ञान तथा विज्ञानको पनि विस्तार नहोस् र नेपाली नागरिकमा ज्ञानको ज्योति फैलिन नपाओस् भन्ने थियो। यसैले उनीहरुले नेपाल अधिराज्यमा राष्ट्रवादी शिक्षाको प्रचारप्रसार गराउनमा भरसक छेकबार हाल्दै रहेका थिए। यसै उद्देश्यअनुसार उनीहरुले नेपाल अधिराज्यको गौरवशाली इतिहासलाई पनि सकेसम्म धमिल्याइदिएका थिए। यस प्रकार राजा पृथ्वीनारायण शाहको राज्यकालदेखि नै नेपाल अधिराज्यमा राष्ट्रिय शिक्षाको विकास तथा विस्तारमा लागेका तगाराहरु लागेको लाग्यै नै भइरहे। हट्न सकेनन्।

यिनताक धर्म पनि नेपाली समाजको एउटा महत्वपूर्ण अङ्गका रुपमा रहेको थियो। सनातन हिन्दू धर्मप्रति नेपाली जनतामा ठूलो आस्था तथा विश्वास पनि रहेको थियो। स्वयम् राजा पृथ्वीनारायण शाह पनि यसै धर्मका पक्षपाती रहेका थिए। अधिराज्यमा प्रचलित रहेका अन्य धर्म तथा सम्प्रदायप्रति यिनको अनास्था रहेको थिएन। नेपालमा पहिलेदेखि नै धार्मिक सहिष्णुता रहँदै आइरहेकाले राजा पृथ्वीनारायण शाह तथा यिनका उत्तराधिकारीले पनि यसै परम्पराको अनुसरण गर्दै आइरहेका थिए। धार्मिक सुधारको त

यति बेला कल्पनासम्म पनि थिएन। यसो गर्नुलाई यति बेलाका प्रमुख प्रशासकहरु मात्र होइन, सर्वसाधारण नागरिकहरु पनि पापकर्म सम्झने गर्थे। सनातनदेखि जेजस्तो विचार तथा परम्परा छन् तिनै नै चल्दै रहून् भन्ने राजा तथा प्रजा सबैको चाहना थियो। यसै चाहनाअनुसार पहिलेदेखि जे जस्ता पाठपूजा, धर्मकर्म तथा तन्त्रमन्त्रहरु थिए, तिनीहरु यथावत् रुपमा चल्दै आइरहेका थिए।

ठकुरी तथा खसवर्गका क्षत्रीय वा क्षत्रीहरु पनि ब्राह्मणहरुले जस्तै सनातन हिन्दू धर्मलाई नै आदरपूर्वक पालना गर्थे। स्वयम्ले संस्कृत भाषा नजाने पनि 'देवताहरुले बोल्ने गरेको बोली' भनी धार्मिक कृत्यहरु सम्पन्न गर्दा आफ्ना गुरू वा पुरोहितहरुका मुखबाट बोलाएर नै भए पनि यिनीहरु संस्कृत भाषाको माध्यममै आफ्ना सङ्कल्प वाक्यहरु पढ्ने गर्थे। मगरहरु पनि क्षत्रीयहरुकै हाराहारीमा पाठपूजा तथा मन्त्रहरु पनि जप्ने गर्ने गर्थे। गुरूङहरुलाई भने संस्कृत भाषाका साथसाथै सनातन हिन्दू धर्मप्रति रतीभर पनि चासो थिएन। गुरूङ, शेर्पा, मुमी तथा थकालीहरु तिब्बती बौद्ध धर्मका अनुयायीका रुपमा रहँदै आइकाले यिनीहरु नेपाली संस्कृतिका साथसाथै राष्ट्रिय शिक्षाको मूल प्रवाहमा पनि पछाडि थिए।

यिनताक नेपाली समाजमा दास प्रथाका रुपमा एउटा अत्यन्त घृणित प्रथा प्रचलित रहेको थियो। यस प्रथालाई रोक्नका निमित्त सर्वप्रथम राजा पृथ्वीनारायण शाहले सामान्य कदमहरु चलाएका थिए। यिनकै राज्यकालमा वा केही वर्षपछि युरोपमा पनि यस प्रथाको विरूद्धमा सशक्त आवाजहरु उठ्न थालेका थिए। युरोपमा त नयाँनयाँ कलकारखाना खुल्न थालेकाले दासदासी वा कमाराकमारीको आवश्यकता कम भई त्यहाँ यस प्रथालाई परित्याग गर्न सशक्त जनआन्दोलनहरु चल्न थालिसकेका थिए। तर नेपालमा भने यसको ठीकविपरीत परिस्थिति थियो। यहाँ यन्त्रहरुका नाममा ढिकी, जाँतो तथा घट्टहरु मात्र थिए। तैपनि "मानिसहरुलाई पशुसरह खरिद तथा बिक्री पनि गर्ने काम बर्बरता तथा अमानुषिकताको द्योतक हो" भनी राजा पृथ्वीनारायण शाहले काठमाडौं सहरमा आफ्नो अधिकार स्थापित गर्नुभन्दा पहिले 'लुटिकोट'का एक जना

नेवार नागरिकलाई दासत्वको बन्धनबाट मुक्त गराइदिएको उल्लेख एउटा तात्कालिक लेखोटमा पाइएको छ। यस्तो आफ्नो राज्यकालको अन्तिम समयतिर यिनले आफ्नो राजभवनमा रहेका कमाराका साथसाथै आफ्ना भाइभारदारका घरमा रहेका कमाराकमारीलाई पनि दासत्वको बन्धनबाट मुक्त गराइदिएका थिए।

यसरी मुक्त गरिएका कमाराहरुमा योग्य देखिएकाहरुलाई सैनिक सेवामा मात्र होइन, 'सुब्बा' जस्तो सम्मानित पद प्रदान गरी निजामती कामहरुमा पनि लगाउने गरेका थिए। राजा पृथ्वीनारायण शाहले सरदार रामकृष्णलाई लेखेको एउटा पत्रमा "तिम्रा केटा कमाराहरुलाई कम्पनीका सैनिकहरुमा भर्ना गर" भनी लेखिएको पाइएकाले यति बेला यिनले देशका अन्य भाइभारदारलाई पनि यस किसिमको अभियानतर्फ प्रेरित गर्ने गरेको झलक प्राप्त हुन आएको छ।

राजा पृथ्वीनारायण शाहले आफ्नो राज्यकालमा घुस खाने तथा जुवा खेल्ने प्रथालाई पनि रोक्ने हरसम्भव प्रयासहरु गरेका थिए। यस्तै अदालतका आम्दानीहरुलाई राजकोषमा जम्मा नगर्ने परम्परालाई पनि यिनले बसालिदिएका थिए। तर यस्ता व्यवस्थाहरु यिनको राज्यकालपछि नेपालमा चल्न सकेनन्। राजा रणबहादुर शाहको राज्यकालदेखि त जुवा खेल्ने परम्परा फेरि पनि सुरू भयो र घुसखोरी पनि व्यापक मात्रामा चल्न थाल्यो। यसपछि त अदालतका आम्दानीहरु पनि राजकीय कोषमा जम्मा गर्न थालिए। राजा पृथ्वीनारायण शाहले दास प्रथालाई रोक्ने सम्भव प्रयासहरु गरेका थिए तर जुवा खेल्ने प्रथालाई रोके जस्तै यस प्रथालाई एकाएक रोक्न सक्नु सम्भव थिएन। यसो गर्दा प्रचलित सामाजिक व्यवस्थाहरु खलबलिने ठूलो डर थियो। यसैले नयाँ दासदासी नबनून् भन्नेतर्फ मात्र यिनले विशेष ध्यान दिने गरेको पाइन्छ। तर राजा रणबहादुर शाहले नेपाल अधिराज्यको राज्यप्रशासनको प्रमुख बागडोर सम्हाल्नुभन्दा एक वर्षजति अघि 'गोल्पु छेपार'मा घटेको दुःखदायी घटनामा परेका नागरिकका जनानाका साथै तिनका बालबच्चा पनि दासदासीका रुपमा परिणत गराइदिएको उल्लेख पाइन्छ।

राजा रणबहादुर शाहको राज्यकालपछि काजी भीमसेन थापाको प्रशासनकालमा सुदूरपश्चिमतर्फ लडाईँको विस्तार हुँदा नेपाली सैनिकहरु कुमाउँ तथा गढवालसम्म पनि पुगेका थिए। यति बेला यिनीहरुले त्यहाँ आबाद रहेका असहाय तथा निर्धन नागरिकहरुलाई निर्दयतापूर्वक दासदासी बनाउने गरेका थिए। त्यहाँ दासदासीको निर्वाध रुपमा व्यापार नै चल्ने गरेको थियो। त्यहाँबाट स्वदेशतर्फ फर्कंदा एकदुई जना कमाराकमारीलाई साथमा नलिई आउने प्रायः कुनै नेपाली सैनिक पनि हुँदैनथे। जनरल भीसमेन थापाको प्रशासनकालमा ब्राह्मण तथा ब्राह्मणीभन्दा बाहेकका हाडनातामा परी दूषित भएका पुरूष तथा नारीलाई दासदासी बनाउने नयाँ परम्परा सुरू भएकाले यसबाट 'करिया' अर्थात् दासदासीको सङ्ख्या दिनप्रतिदिन बढ्दै थियो। अहिलेसम्ममा हाम्रो देशबाट यो प्रथा हटिसकेको छ। तापनि यो कलङ्क इतिहासका पानाहरुमा अझैसम्म अङ्कित छ।

राज्य सञ्चालनको सुव्यवस्थाका निमित्त उपयुक्त नियम तथा कानुनहरुको आवश्यकता परेकाले गोरखाली राजा राम शाहले आफ्नो राज्यका निमित्त एउटा सङ्क्षिप्त कानुन अर्थात् 'स्थिति बन्देज'को तर्जुमा गरिदिएका थिए। तर राजा पृथ्वीनारायण शाहको राज्यकालसम्ममा गोरखा राज्यको विस्तार भई नेपाल अधिराज्यका रुपमा परिणत भएर यो राज्य कैयौं गुना ठूलो बनिसकेकाले पहिलेको कामचलाउ स्थिति बन्देजले मात्र समयको मागलाई पूरा गर्न नसक्दा एउटा विस्तृत कानुनको नै तर्जुमा गर्नुपर्ने आवश्यकता थियो। यसैअनुसार यिनको राज्यकालमा एउटा विस्तृत कानुनको नै तर्जुमा गरिएको झलक पाइन्छ। तर यति बेला तर्जुमा गरिएको यो कानुन तत्कालै लागू हुन सकेको थिएन।

राजा राजेन्द्रविक्रम शाहको राज्यकालमा नेपालमा आइपुगेका अङ्ग्रेज राजदूत बिएच हडसनले नेपालका पुराना ऐन वा कानुनका केही बहीहरु नेपालबाट लगी लन्डनको 'इन्डिया अफिस लाइब्रेरी'मा थन्क्याएर राखिरहेका छन्। यस्ता बहीहरुमध्ये एउटा बहीमा "राजा प्रतापसिंह शाहको राज्यकालमा प्रचलित रहेका ऐनहरु" भनी उल्लेख

गरिएको पाइन्छ। राजा प्रतापसिंह शाहको राज्यकाल पौने तीन वर्षजतिको मात्र रहेको र यति बेला छिमेकी चौबीसे राज्यका राजाहरुको आतङ्क मच्चिएकाले यति बेला नेपालमा नयाँ ऐनकानुनको तर्जुमा हुनु सम्भव छैन। यसैले राजा पृथ्वीनारायण शाहको राज्यकालमा तर्जुमा गरिएका ऐनहरु नै राजा प्रतापसिंह शाहको राज्यकालमा प्रचलनमा देखिन्छन्।

उक्त ऐनहरु अहिलेका जस्ता पुस्तकका आकारमा थिएनन्। बन्दहरु गाँसेका नेपाली कागजका बहीहरुमा लेखी भिन्नभिन्न महलका अलगअलग बहीहरु बनाइएका हुन्थे। राजकुमार बहादुर शाहको राज्यकालसम्ममा नेपाल अधिराज्य पूर्वमा सिक्किमदेखि पश्चिममा कुमाउँसम्म फैलिइसकेको थियो। यति विशाल भूभागहरुमा ठाउँठाउँमा अलगअलग रीतिरिवाजहरु प्रचलित रहेका र न्याय इन्साफ गर्ने पदाधिकारीका सोचाइ तथा विचारहरु पनि फरकफरक हुने गरेकाले यति बेला तर्जुमा गरिएका ऐनहरु पनि सर्वत्र समान रुपमा लागू हुनु सम्भव भइरहेको थिएन।

पछि, जनरल भीमसेन थापाको राज्यकालमा फौजी शासन आरम्भ हुँदा नियम तथा कानुनका मर्यादाहरु शिथिल हुन आउनु स्वाभाविकै थियो। राणा प्राइम मिनिस्टर जङ्गबहादुर कुँवर राणाले पनि नयाँ कानुनहरुको तर्जुमा गर्दा राजा प्रतापसिंह शाहको राज्यकालमा प्रचलनमा रहेका कानुनहरुलाई नै मूल आधार मानेर यसैलाई विस्तार गरी आफ्नो तर्फबाट केही दफाहरु थपघट गरी 'मुलुकी ऐन'को रुप दिएका थिए। प्राइम मिनिस्टर वीरशमशेर जङ्गबहादुर कुँवर राणाको प्रशासनकालमा यस ऐनलाई केही छोट्याइएको थियो। जे भए पनि भारतमा रहेको अङ्ग्रेजी राज्यको प्रभावले गर्दा देखाउन भए पनि राणाकालमा नेपाल अधिराज्यमा कानुनको मर्यादा पूर्ण रुपमा राखिएको थियो। राणाहरुलाई मुलुकी ऐनको कुनै बन्देज थिएन। बेलाबेलामा राणा प्राइम मिनिस्टरका हुकुमहरु नै कानुन थिए। तर सर्वसाधारण जनतामा कानुनको मर्यादा पूरापूर मात्रामा पालना हुने गरेको थियो। नेपालमा कानुनी राज्यको श्रीगणेश राजा

पृथ्वीनारायण शाहको राज्यकालदेखि आरम्भ भएको र राणाकालमा यसको मर्यादा क्रमिक रुपमा सुदृढ हुँदै आइरहेको पाइन्छ।

नवस्थापित नेपाल अधिराज्य पहाडी देश भएकाले यातायातको सुविधाहरुको विस्तारका लागि बाटाघाटाको निर्माण गर्नु यहाँ निश्चय नै कठिन काम थियो। त्यसमाथि खोलानालामा पुल तथा पुलेसाहरु बनाउनु अझै कठिन काम थियो। राजा पृथ्वीनारायण शाहले युद्धकालमा भारी बोकाउन र अघिपछि पनि श्रमिकको काम लिन सैनिक सेवामा नलिइने तामाङ, खम्बू तथा लिम्बूहरुलाई 'किपट' जग्गाहरु उपलब्ध गराएर बाटाघाटा निर्माण गर्ने श्रमिकहरुका रुपमा प्रयोग गर्ने परम्परा बसालिदिएका थिए। यसैअनुसार त्यति बेला गोरखादेखि लगभग वर्तमान नेपाल अधिराज्यको पूर्वी सिमानासम्म नै कच्ची मूलबाटो तयार पारिएको थियो। यिनको जीवनकालपछि पश्चिमतर्फका चौबीसे राज्यहरुमाथि नेपाल अधिराज्यको अधिकार स्थापित भयो। तर त्यहाँ भने किपटको व्यवस्था हुन सकेन। यसैले त्यहाँ 'झारा', 'बेठ' तथा 'बेगार'हरुबाट नै काम लिने परम्परा सुरू गरियो। यसरी निर्माण गरिएका बाटाघाटा तथा पुलपुलेसाबाट नै नेपाली सैनिकहरु सुदूरपश्चिममा काँगडासम्म पुगेका थिए।

महारानी राजराजेश्वरीको पछिल्लो प्रशासनकालमा काजी दामोदर पाँडेले हुलाकको व्यवस्था पनि सुरू गराए। यो हुलाक व्यवस्था 'कागजे' मात्र थिएन, जिन्सी सामानहरु आेसारपसार गर्ने 'थाप्ले' पनि थियो। भारी बाँधी नाम्लो लगाएर थाप्लामा बोकेर हिँड्नुपर्ने भएकाले नै यस्तो हुलाकलाई 'थाप्ले हुलाक' भनिने गरेको थियो। तर यस्तो थाप्ले हुलाक सरकारी कामकाजका निमित्त मात्र प्रयोग गरिने चलन प्रचलित थियो। हुलाक बोक्ने हुलाकीहरुलाई अहिलेको जस्तो मासिक नगद तलब दिने चलन रहेको थिएन। धेरैजसो हुलाकीहरुलाई घरबारीको 'पोत' वा तिरो माफ गरिएको हुन्थ्यो। कुनैकुनै हुलाकीलाई भने 'बेठ' तथा 'बेगार'हरु माफ गरी काममा लगाइने गरिएको थियो।

सबै 'बेठ' तथा 'बेगार'हरुलाई सरकारी कामकाजहरु बिनापारिश्रमिक गराइने गरिएको थियो। यस्ता काम प्रायः हिउँद महिनामा लगातार महिनौंसम्म पनि लगाइने प्रचलन रहेको थियो। यस्ता कामकाजमा जाँदा श्रमिकहरुले प्रायः आफूले खाने चामल तथा ओढ्नेओछ्याउने पनि आफ्नै तर्फबाट लिएर जानुपर्ने प्रचलन थियो। उर्दीअनुसार बेठ तथा बेगारमा सहभागी नहुने तल्ला वर्गका नागरिकहरु दण्डभागी ठहरिने गरेका थिए। यस अर्थमा यति बेलाको नेपाली समाज अत्यन्त नै शोषितपीडित पनि थियो। तर यति बेला यस्ता शोषितपीडितका नागरिकका दुःख हेरिदिने र गुनासोलाई सुनिदिने कसले?

४.२ तीन शाह राजाहकरुको राज्यकालमा नेपाली समाजमा भएका परिवर्तन तथा प्रबन्धको थप लेखाजोखा

राजा पृथ्वीनारायण शाहको अर्थनीति पनि विशिष्ट किसिमको थियो। सर्वसाधारण कृषक, शिल्पकार तथा व्यापारीहरु पनि समृद्ध होऊन् र आफ्नो देश धनधान्यले सदा भरपूर भएर रहिरहोस् भन्ने यिनको चाहना थियो। सैनिक तथा उनका जहानपरिवारलाई खान तथा लाउनका निमित्त दुःखकष्ट नहोस् तर उनीहरु बढी धनी भने नहोऊन् भन्नेमा यिनी सदैव सतर्क हुन्थे। धनको फेरमा परेका सैनिकहरुले परेका बेलामा राष्ट्रको आत्मोत्सर्ग गर्न सक्दैनन् भन्ने वस्तुतथ्यलाई यिनले राम्ररी बुझेका थिए। यिनको राज्यकालमा सर्वसाधारण सैनिकहरुलाई पनि खानलगाउन कुनै असुविधा थिएन। उनका बालबच्चाहरुको रेखदेखको व्यवस्था राम्रोसँग मिलाइएको हुन्थ्यो। जग्गाजमिन प्रशस्त मात्रामा उपलब्ध थिए। देशमा जनआबादी कम थियो। खेती गर्न जमिन पुग्दैनन् कि भन्ने कुनै चिन्ता थिएन। बाहिरबाट नयाँनयाँ मानिस आएर भएका जग्गाजमिन गुल्जार गरिदेऊन् भनी देशबाहिरबाट आउने सर्वसाधारण जनतालाई सम्भव भएसम्मका सुविधा दिने गरिएको थियो।

राजा पृथ्वीनारायण शाहको राज्यकालभन्दा पहिलेदेखि नै 'धूवाँ बिर्ता'को चलन थियो। जुन घरको धुरीबाट साँझमा खाना पकाएको धूवाँ निस्कन्छ, त्यस घरले चर्चेको घरघडेरीजतिको जमिन त्यस परिवारलाई धूवाँ बिर्ताका रुपमा दिइने चलन थियो। यसरी नयाँनयाँ मानिसहरु बस्न आएपछि थप रैकर जमिनहरु पनि आबाद गराएर देशलाई गुल्जार गराउने व्यवस्था मिलाइएको थियो।

राजा पृथ्वीनारायण शाहको यस किसिमको आर्थिक नीतिले गर्दा कृषिको विकास हुनुका साथसाथै उद्योगधन्दा तथा कला कौशलहरुको पनि क्रमशः विस्तार हुँदै थियो। कपडा बुन्ने पेसा त नेपालमा पहिलेदेखि नै चल्दै आएको थियो। कपास लगाउने र धागो कात्ने काम पनि त्यहीँ हुने गर्थ्यो। राजा पृथ्वीनारायण शाहको राज्यकालमा नेपालमा वस्त्रकला उन्नत अवस्थामा थियो। देशमा खपत हुने कपडाहरु प्रायः स्वदेशमै तयार हुने गर्थे। राजा रणबहादुर शाहको राज्यकालसम्म पनि कलाकौशलहरुको विकासमा खास ह्रास आएको थिएन। राजनीतिक परिवर्तन भइरहे पनि यसको असर नेपाली समाजमा कत्ति परेको थिएन। समयको गतिअनुसार समाजले बिस्तारै प्रगति पनि गर्दै थियो।

राजा पृथ्वीनारायण शाहमा रहेको अर्को एउटा महत्वपूर्ण गुण, यिनमा रहेको मितव्ययी स्वभाव देखिएको छ। मितव्ययी हुनुका साथै आवश्यक परेका बेलामा असल सुपात्रलाई उचित मात्रामा दान दिने पक्षमा पनि यिनी थिए। हुन त कविहरुले यिनलाई फुर्क्याएर "मेघ जस्ता दानी" भनेर पनि लेखेका छन्। तर यिनको चालचलन तथा व्यवहारहरुलाई हेर्दा भने अनावश्यक रुपमा यिनी कानाकौडी पनि खर्च गर्दैनथे भन्ने थाहा हुन्छ। "कुनै सरकारी काम पनि ठेक्कामा नलगाउनू, अमानतमै गराउनू, गरेका कामहरुको हरहिसाबलाई चुस्त तथा दुरूस्त पनि राख्ने गर्नू" भन्ने यिनको निर्देशन मितव्ययिताको राम्रो उदाहरण छ।

"कुनै पनि काम आफ्नो तर्फबाट अमानतमा गरेमा श्रमिकहरुले काम पाउँछन्, ठेकेदारहरुले बीचमा खाने नाफा घट्छ र काम पनि राम्रो हुन्छ" भन्ने यिनको सिद्धान्त थियो। व्यापारबाट नै राजकीय कोष समृद्ध हुन्छ भन्ने पनि यिनको सोचाइ थियो। "व्यापारे वसते लक्ष्मी" भन्ने सूक्तिलाई यिनले आत्मसात् गरेका थिए। काठमाडौं सहरलाई आफ्नो राज्यको राजधानी बनाउनुको प्रमुख कारण पनि यही पाइन्छ। यिनताक मङ्गोलियाका खानीहरुबाट निस्कने सुनहरु तिब्बत हुँदै नेपालमा खुबै आयात हुने गर्थे। त्यताबाट आएका सुनका धाउहरु अर्थात् 'बुके सुन'हरुलाई भारतका बिहार तथा बङ्गालमा लगी बिक्री गरेर यिनताक नेपाली व्यापरीहरुले प्रशस्त मात्रामा आर्थिक

लाभ आर्जन गरेका थिए। यसै व्यापारलाई विस्तार गर्ने चाहनाअनुसार अनिच्छापूर्वक भए पनि यिनले काठमाडौं सहरलाई आफ्नो अधिराज्यको राजधानी बनाएका थिए। राजा पृथ्वीनारायण शाह व्यक्तिगत रुपमै व्यापार व्यवसायमा सहभागी भएको पाइएको छ।

चीनसँगको युद्धपछि तिब्बतमा गाभिन गएको सुनकोसी नदीको बायाँ किनारमा रहेको 'खासा' नामक प्रदेश राजा पृथ्वीनारायण शाहको राज्यकालमा नेपालभित्रै थियो। तिब्बती अधिकारीहरुसँग सम्पर्क गर्ने नेपाली वाणिज्यदूतहरु त्यहीँ थिए। राजा पृथ्वीनारायण शाहले तिनीहरुलाई "ल्हासाबाट कुतीमा सुनहरु आइपुगेका छन् भनी लेखी पठाएका रहेछौ। त्यो सुनलाई त्यहाँबाट कदापि उम्कन दिनुहुँदैन, सकेसम्म प्रतितोला १६ रूपैयाँका दरले लेऊ, नसके साँढे सोह्र रूपैयाँसम्म पनि हाल, केही नलागे पौने सत्रसम्म पनि हाल्नू, जेजसो गरेर हुन्छ, त्यहाँ रहेका सुनहरुलाई त्यहाँबाट उम्कन नदिनू" भनी पत्र लेखेको पाइएकाले यिनताक पाइएसम्मका सुनहरु खरिद गर्ने यिनको नीति पाइन्छ। तिब्बततर्फबाट आएका यस्ता सुनहरुमध्ये केही नेपालमै खपत हुन्थे र अधिकांश सुन भने भारततर्फ निर्यात हुने गरेका थिए।

"आफ्नो देशमा कृषिको सकेसम्म विस्तार गर्नू" भन्ने पनि राजा पृथ्वीनारायण शाहको नीति थियो। "कुनै ठाउँमा कुलो लाग्न सम्भव छ भने भइरहेको बारीलाई मासेर भए पनि त्यहाँ खेत बनाउनू र खानी निस्कन्छ भने बसोवास गरिआएको गाउँलाई अन्यत्र सारेर भए पनि त्यहाँ खानीहरु खुलाउनू" भन्ने यिनको निर्देशन थियो। एक पटक खानी खुलेपछि यस्ता खानीहरु पुस्ता दरपुस्तसम्म निरन्तर चलिरही अपार लाभको गुञ्जायस रहने भएकाले नयाँनयाँ खानीहरु खुलाउनमा यिनले विशेष जोड दिने गरेका थिए।

राजा पृथ्वीनारायण शाहले भारततर्फ भारततर्फ निकासी गरिने नेपाली वस्तुहरुमा हात्ती तथा जडीबुटीहरुलाई प्राथामिकता दिने गरेका थिए। हात्तीहरुको सरकारी स्तरमा र जडीबुटीहरुको जनस्तरमा व्यापार हुने गरेको थियो। तराईका जङ्गलहरुमा हात्तीहरु प्रशस्त मात्रामा पाइने भए पनि यिनीहरुलाई पक्रनका निमित्त निकै परिश्रम पर्ने हुँदा

जङ्गलबाट हात्तीहरु पूर्णतया रित्तिने सम्भावना थिएन। यसैले हात्तीहरुको व्यापारमा यिनले विशेष जोड दिने गरेका थिए। जङ्गलमा पाइने जडीबुटीहरु पनि एकपट उखेलिएपछि अर्को वर्ष फेरि पनि जस्ताको तस्तै तयार हुने र सबै जडीबुटीहरु आफ्नै देशमा खपत नहुने भएका यस्ता जडीबुटीहरुलाई भारततर्फ निकासी गर्न यिनले सर्वसाधारण नागरिकलाई खुलै छाडिदिने गरेका थिए।

देशभित्र पैठारी गर्नुपर्ने सामानहरु यिनताक खास थिएनन्। सर्वसाधारण नागरिकका निमित्त आवश्यक पर्ने सरसामान प्रायः सबै स्वदेशमा तयार हुन्थे। यसैले "सामानहरु बिक्री गरी नगद तथा सुनचाँदी नै ल्याएर राख्नू" भन्ने राजा पृथ्वीनारायण शाहको निर्देशन रहने गरेको थियो। "विदेशमा तयार भएका वस्तुहरु, खास गरी लत्ताकपडा आदि विलासिताका सामानलाई देशभित्र भरसक प्रवेश हुन नदिनू" भन्ने यिनको थप निर्देशन थियो। आफ्नो देशका जनता सम्पन्न होऊन् र धनधान्यले समृद्ध पनि भएर रहून् भन्ने यिनको चाहना थियो। यसैका निमित्त अन्नपातको उत्पादन बढाउन, कपासको खेतीको विस्तार गर्न र कलाकौशलको विस्तार गर्न पनि यिनले यथासम्भव प्रयास गरेका थिए।

राजा पृथ्वीनारायण शाहको राज्यकालमा राजकीय कोषबाट खर्च पनि कम हुने गरेको पाइन्छ। लडाइँका कामहरु आइपर्दा पनि भरसक कम खर्च गर्ने प्रबन्ध यिनले मिलाउने गरेका थिए। किराँतयुद्धमा 'खार्पा'का 'हरिनन्दन उपाध्याय' नामक एक जना पोख्रेल ब्राह्मणले राजा पृथ्वीनारायण शाहलाई पटकपटक गरी ११ हजार ५१ रूपैयाँ सापट दिएका थिए। यिनको यसै गुनलाई सम्झिएर राजा पृथ्वीनारायण शाहले चौदण्डी राज्यको सप्तरी प्रदेश आफ्नो नियन्त्रणमा आएपछि यिनलाई त्यहाँ केही बिर्ताहरु दिएको पाइन्छ। यिनताक पूर्वी तराई क्षेत्रमा एक रूपैयाँको लगभग एक मुरी धान पाइने, अन्य जिन्सी वस्तुहरु पनि त्यत्तिकै सस्ता हुनाले यिनताक रूपैयाँपैसा कम खर्च हुने गर्थे। कर्मचारीहरुलाई अहिलेको जस्तो मासिक तलब दिनुपर्ने झन्झट रहेको थिएन। सबैलाई

'खान्गी'का रुपमा जग्गा भर्ना दिइने प्रचलन चलिआएकाले भन्सार, जगात तथा हाटबजारका आम्दानीबाट राजकीय कोषमा पर्याप्त रकम जम्मा हुने गरेका थिए।

राजकुमार बहादुर शाहको प्रशासनकालसम्ममा लडाइँका कामका निमित्त खर्चहरु ज्यादै नै बढिसकेको हुँदा राजा पृथ्वीनारायण शाहको राज्यकालमा राजकीय कोषमा जगेडा रहेका रूपैयाँहरुमध्ये धेरैजसो खर्च भइसकेका थिए। तैपनि राजकीय कोष भने अझै पनि पूर्णतया रित्तिइसकेको थिएन। यसैले त चीन तथा तिब्बतसँग पनि युद्ध हुँदा "हामीलाई बन्दुकहरु खिरद गर्न देऊ, त्यसका निमित्त लाग्ने मोल तिरी दानापुरसम्म हाम्रा आफ्नै सैनिकहरुलाई लिन पठाउँछौं" भनी भारतमा रहेका कम्पनी सरकारका पदाधिकारीलाई नेपाल सरकारको तर्फबाट पत्र लेखिएको थियो। यसबाट यतिन्जेलसम्म पनि नेपाल अधिराज्यको राजकीय कोषमा रूपैयाँपैसाको कमी नभएको देखिएको छ।

चीनसँगको युद्धमा नेपाल सरकारका पर्याप्त रूपैयाँपैसा खर्च भएका थिए तापनि यतिन्जेल नेपाल अधिराज्यको विस्तार निकै भइसकेकाले राजकुमार बहादुर शाहको प्रशासनकाललाई पनि नेपाल अधिराज्यको समृद्धिकाल नै मान्नुपर्छ। तर यिनी आफ्ना पिता राजा पृथ्वीनारायण शाह जस्ता मितव्ययी भने थिएनन्। यसैले चीनसँग सुलह सम्झौता भइसकेपछि पनि सैनिकहरुलाई सर्तअनुसार दिनुपर्ने पारिश्रमिकहरु दिन बाँकी नै रहेका थिए। खर्चहरु बढ्दै आए पनि राज्यक्षेत्रहरु पनि बढ्दै आइरहेकाले येनकेन काम चल्दै आइरहेका थिए। तर पछिपछि भने खर्चहरु मात्र बढेको आम्दानी भने सीमित मात्र रहेकाले राजकीय कोष क्रमशः रित्तिँदै आइरहेको पाइन्छ।

राजा पृथ्वीनारायण शाहको राज्यकालको नेपाली समाजले राजा रणबहादुर शाहको शासनकालमा आएर अर्कै नै रुप धारण गरिसकेको थियो। पहिलेपहिले सैनिक सेवामा भर्ना भएका ब्राह्मण तथा क्षत्रीयहरु धोती फेरेर अलगअलग भान्सामा खाना बनाई छुट्टाछुट्टै बसेर खाने गर्थे। लडाइँको समयमा विपक्षीहरुले आक्रमण गरी भान्सालाई अपवित्र पारिदिने गर्न थालेकाले पछिपछि नेपाली सैनिकहरुमा लुगा लगाएरै खाना खाने प्रचलन चल्न थालेको थियो। यसपछि क्षत्रीयहरुले पनि घिउ लगाएका रोटीहरु मगर

तथा गुरूङहरुसँग सँगसँगै बसेर खाने चलन पनि चल्न थाल्यो। यसबाट पानी नचल्ने जातहरु मात्र समाजबाट अलग भए। पानी चल्ने जातजातिका बीचमा भने खानपानको भेदभाव रहन छाड्यो। यसको प्रभाव स्वाभाविक रुपमा तात्कालिक नेपाली समाजमा पनि पर्न आयो। लडाइँको काममा भाग लिनुनपर्ने सर्वसाधारण ब्राह्मणहरु मात्र आफ्ना भातभान्साप्रति नाटिकुटी गर्दै रहे। अन्य जातजातिमा भने अब यस्तो भेदभाव रहेन।

राजा पृथ्वीनारायण शाहको राज्यकालमा निर्माण भएका राजकीय भवनहरुमा राजपूत शैलीका वास्तुकलाहरुको छटा प्रशस्त मात्रामा देख्न पाइन्छन्। मुगलशैली तथा राजपूतशैलीका भवनहरुमा खास अन्तर पनि छैन। मल्लकालमा मुगलशैलीमा बनेका नेपाली भवनहरुमा मुसलमानीपन र राजपूतशैलीमा बनेका भवनहरुमा हिन्दूपन बढी मात्रामा झल्कने गरेको पाइन्छ। राजा प्रताप मल्लले निर्माण गराएको हनुमानढोका राजभवनमा मुगलशैलीको वास्तुकलाको प्रभाव स्पष्ट रुपमै झल्किने गरेको थियो। राणा प्रधानमन्त्री जङ्गबहादुर कुँवर राणाको प्रशासनकालमा यसमा चुनको प्लास्टर लागाइएकाले यस भवनमा रहेको पुरानो मुगलशैलीको छटा अहिले तिरोहित हुन पुगेको छ। राजा पृथ्वीनारायण शाहले निर्माण गराएको वसन्तपुर राजभवनमा रहेको राजपूतशैलीको छटा भने अझैसम्म पनि प्रकट रुपमै देखिँदै छ।

ललितपुर तथा भक्तपुर राज्यका मल्ल राजाहरुले निर्माण गराएका राजभवनहरुबाट पनि चुनद्वारा प्लास्टर गरिएकाले यिनमा रहेको मुगलशैलीको छटा अहिले तिरोहित हुन गएको छ। तर राजा जयप्रकाश मल्लले आफ्ना निमित्त नयाँ निर्माण गराएको राजभवनमा भने अझैसम्म पनि चुनद्वारा प्लास्टर नगरिएकोले यस भवनमा रहेको मुगलशैलीको छटालाई अझैसम्म पनि परख गर्न पाइन्छ। राजा रणबहादुर शाहको राज्यकालमा राजपूतशैलीमा बनेको अन्तिम घर देवपाटनमा रहेको ठूलो सदाबर्त गुठीको भवन मानिएको छ। यिनकी रोगाक्रान्त महारानी कान्तवतीका निमित्त बनाइएको स्वास्थ्यनिवास पनि यहीँ थियो। काजी भीमसेन थापाको प्रशासनकालदेखि युरोपियन

शैलीका भवनहरु बन्न थालेकाले यसपछि भने नेपालमा राजपूतशैलीका भवनहरु बन्न छाडेका पाइन्छन्।

राजा पृथ्वीनारायण शाहको राज्यकालदेखि राजा रणबहादुर शाहको राज्यकालसम्म नेपाल अधिराज्यमा बनेका अनेकौं भवन, मन्दिर तथा किल्लाहरुमा कुमाउँको अल्मोडा सहरमा रहेको, चौतारा बम शाहले निर्माण गराउन लगाएको 'लाल किल्ला' अङ्ग्रेजसँग युद्ध हुँदा निकै मजबुत प्रमाणित हुन आएको थियो। यस किल्लाका साथसाथै त्यहाँ रहेका अनेकौं देवमन्दिरहरु पनि नेपालका कुशल नेवार कालिगडहरुले गएर बनाएकाले यिनमा अझै पनि नेपालीपनको छटा झल्किरहेको पाइन्छ। काठमाडौं उपत्यकामा लगाइने झिँगटीका छाना भएका घर तथा मन्दिरहरु यिनताक पूर्वका किराँत प्रदेशमाथि पश्चिममा कुमाउँसम्म पनि बन्न थालेका थिए।

यसै समयदेखि नेपालका तराई क्षेत्रहरुमा पनि झिँगटीका छाना भएका घर तथा मन्दिरहरु पनि बन्न थालेका थिए। यसै क्रममा काजी अमरसिंह थापाले जनकपुरमा रहेको सुप्रसिद्ध राम मन्दिरमा झिँगटीको छाना लगाइदिएका थिए। यसबाट नेपाल अधिराज्यका निमित्त पछि निकै ठूलो लाभ मिल्न आएको थियो। नेपाल–अङ्ग्रेज युद्धपछि दुई देशका बीचको राजनीतिक सिमाना निर्धारण गरिँदा आआफ्नो देशको भोगचलनका आधारमा निर्धारण गर्न कम्पनी सरकार तथा नेपाल सरकार दुवै पक्ष राजी थिए। नेपाल अधिराज्यका स्थानीय प्रशासकहरुको प्रशासन अपेक्षाकृत कठोर प्रकृतिको हुने गरेकाले नेपाल अधिराज्यका भोगचलनमा आइसकेका भूभागका बासिन्दाले, पछि आफूसँग भएका रसिद तथा प्रमाणलाई लुकाएर अङ्ग्रेजको पक्षमा लगिदिँदा तराई क्षेत्रमा रहेका नेपाल अधिराज्यका धेरै जमिनहरु घट्न गई सर्लाही क्षेत्रमा अङ्ग्रेजी राज्यको सिमाना लगभग चुरे पर्वतमालाको फेदीसम्म नै आइपुगेको थियो। तर नेपाल अधिराज्यकै महोत्तरी क्षेत्रमा भने झिँगटीका छाना लागेका नेपालीपन झल्कने यस्तै मन्दिर तथा भवनहरुले गर्दा त्यस क्षेत्रमा नेपाल अधिराज्यको भोगचलन प्रमाणित भई नेपाल अधिराज्यको सिमाना चुरे पर्वतमालादेखि निकै परसम्म कायम थियो।

शुभसाइत जुराई बाँस काटेर धनु बनाई त्यसै धनुलाई भिरेर राजा पृथ्वीनारायण शाह नुवाकोट प्रदेशमाथि आक्रमण गर्न भनी अघि सरेका थिए। यसै धनुको प्रयोगबाट आफ्नो सैनिक अभियान सफल भएकाले यिनले त्यो धनु बनाउन काटिएका बाँसका झाङहरुको सुरक्षाका निमित्त एक जना सैनिकलाई स्थायी रुपमा त्यहीँ खटाइदिएका थिए। यो परम्परा पछिसम्म पनि कायमै थियो। आफ्ना मूल्य एवम् मान्यता र परम्पराहरुप्रति यिनको कत्तिको लगाव थियो भन्ने कुरा यही एउटा उदाहरणबाट पनि प्रकट हुन आएको छ।

मल्लकालमा भारतबाट झिकाइएका नटुवा तथा गवैयाहरुलाई मनोरञ्जनका निमित्त राजभवनमा जीवनवृत्ति दिएर राखिने प्रचलन थियो। तर यसो गरेबाट आफ्नो देशको भेद खुल्छ भनी राजा पृथ्वीनारायण शाहले यस्ता नटुवा तथा गवैयाहरुलाई आफ्नो देशमा आउनबाट बन्देज लगाई आफ्नै देशमा परम्परादेखि प्रचलनमा रहेका नाचगानलाई नै प्रोत्साहन गर्न थालेका थिए। यिनताक नेपाली नाचगानमा नेवारी भाषाकै प्रयोग हुने गरेको थियो। नाटकका पुस्तकहरु नेवारी भाषाका माध्यममा लेखिने गरेका थिए। तर यस्ता नाटकहरुमा खस कुरा, भोजपुरी, बङ्गाली तथा मैथिली भाषाहरुको पनि प्रयोग हुने गरेकाले यस्ता नाटकहरु नेपाली नृत्य तथा सङ्गीतका साधकहरुलाई प्रगतिपथमा अघि बढ्नका निमित्त अझैसम्म पनि प्रेरणा प्रदान गर्दै रहेका पाइन्छन्।

राजा पृथ्वीनारायण शाहको राज्यकालभन्दा पहिले पूर्व तथा पश्चिमका पहाडी राज्यहरुका साथसाथै नेपालमा मल्ल राज्यहरुमा पनि चोरहरुको निकै बिगबिगी थियो। राजा पृथ्वीनारायण शाहले आफ्नो अधिराज्यमा सामाजिक व्यवस्थाहरु राम्रोसँग मिलाइदिएका थिए। यसैले यिनको राज्यकालमा त कम मात्रामा मात्र चोरी हुने गरेको थियो। जुवा खेल्ने तथा घुस खाने प्रचलन पनि पहिलेपहिले रहेकामा यिनले जुवा खेल्ने प्रथालाई त पूर्णतया बन्द गराइदिएका थिए। तर घुस दिने तथा घुस खाने प्रथालाई भने सर्वथा बन्द गराउन सम्भव थिएन। तैपनि यिनी यस कामका निमित्त निरन्तर लागिपरेका

थिए। ठकुरी तथा मगर सोझा प्रकृतिका हुन्छन् भनी यिनले अदालतहरुमा ठकुरीहरुलाई 'डिठ्ठा' र मगरहरुलाई 'बिचारी'हरुका रुपमा राख्ने परम्परा बसालिदिएका थिए।

अदालतको आम्दानी शुद्ध हुँदैन, यसैले दण्डस्वरुप अदालहरुबाट असुलउपर हुने धन राजकीय कोषमा जम्मा नगरी दानदक्षिणा तथा तीर्थयात्रीका निमित्त सदाबर्तको काममा लगाउने नियम राजा पृथ्वीनारायण शाहले बसालिदिएका थिए। "न्याय तथा इन्साफलाई बिगार्ने भनेका घुस लिने तथा घुस खानेहरु हुन्। यिनीहरुलाई त मारेमा पनि पाप लाग्दैन" भन्ने यिनको भनाइ थियो। तैपनि यिनी कुनै पनि अभियुक्तलाई सहसा मारी भने हाल्दैनथे। यिनले जुवा खेल्ने प्रथालाई बन्द गराएका थिए तापनि यिनको स्वर्गवास भएको १९ वर्षपछि राजा रणबहादुर शाहको राज्यकालदेखि जुवा खेल्ने परम्परा नेपालमा फेरि पनि सुरू भयो। यो परम्परा धार्मिक परम्पराको आडमा फेरि पनि सुरू गरिएको थियो। राजकुमार बहादुर शाहको प्रशासनकालमा नेपाली सैनिकहरुले तिजको अघिल्लो दिन आक्रमणकारी चिनियाँ सैनिकहरुलाई युद्धक्षेत्रमा अन्तिम पटक बहादुरीपूर्वक हराइदिएका थिए। यसैले यसैको खुसीयालीमा तिजका दिन गरिने शिव तथा पार्वतीको पूजा एवम् आराधनासँग सम्बद्ध गराएर सर्वप्रथम राजकुमार बहादुर शाहकै प्रशासनकालमा जुवा फुकाइएको थियो। पछिपछि तिहारको पञ्चकमा पनि जुवा फुकाउने प्रचलन प्रारम्भ भयो। राणा प्रधानमन्त्रीहरुको प्रशासनकालमा आएर त यस प्रथाले आफ्नो मर्यादालाई सर्वथा नाघिसकेको थियो। सामान्य खुसीयालीमा पनि जुवाहरु फुकाउन थालिएका थिए। सबैभन्दा बढी जुवा त राणा प्रधानमन्त्री देवशमशेरका प्रशासनकालमा फुक्ने गरेको थियो।

"जुवा प्रथा एउटा घटिया सामाजिक रोग हो" भन्ने तथ्यलाई राजा पृथ्वीनारायण शाहले राम्रैसँग बुझेका थिए। यिनको राज्यकालमा जुवा पूर्णतः बन्द भएकाले सामाजिक अपराधहरु पनि निकै कम हुन थालेका थिए। तर जुवा प्रथाले गर्दा पछिपछि सर्वसाधारण नागरिकले आत्महत्या पनि गर्न थालेका थिए। यति हुँदा पनि राणा

प्रधानमन्त्रीहरुको प्रशासनकालभर नेपालमा जुवा प्रथालाई रोक्ने कत्ति पनि प्रयास भएको थिएन।

राजा पृथ्वीनारायण शाहलाई सती प्रथा पनि राम्रो लागेको थिएन। हुन त राजा नरभूपाल शाहको देहान्त हुँदा उनकी कान्छी महारानी सती गएकी थिइन्। तिनताक राजाहरु स्वर्गवास हुँदा जेठी महारानीका साथसाथै छोरा नहुने अन्य रानीहरुले पनि दिवङ्गत राजाका साथै 'सती' रुपमा पोलिनुपर्ने परम्परा थियो। तर आफ्नी जेठी सौतेनी आमा चन्द्रप्रभावतीका कुनै सन्तान नभए पनि रोईकराई गरी युवराज पृथ्वीनारायण शाहले उनका साथसाथै आफ्नी आमा कौशल्यावतीलाई पनि सती जानबाट रोकिदिएका थिए। आफ्ना रानीहरु पनि आफ्नो साथमा सती नजाऊन् भन्ने यिनको चाहना हुँदो हो। यिनकी जेठी रानी इन्द्रकुमारीको त पहिले नै स्वर्गवास भइसकेको थियो। यिनकी कान्छी महरानी नरेन्द्रलक्ष्मी यिनको साथमा सती नगइदिएकी भए नेपाल अधिराज्यको राजभवनमा यसपछिका १२ वर्षसम्म जुन किसिमका गृहकलह चल्दै रहे, ती अवश्य पनि चल्न पाउने थिएनन्। तर दुर्भाग्य! यसो हुन सकेन।

राजा पृथ्वीनारायण शाहको अप्रत्याशित रुपमा देहान्त भएकाले महारानी नरेन्द्रलक्ष्मीलाई सती जानबाट रोक्ने सामर्थ्य भएका छोरा तथा भाइभारदार कोही पनि साथमा थिएनन्। यसैले महारानी नरेन्द्रलक्ष्मीका साथमा केही केटी सुसारेहरु पनि त्यसै दिन राजाका साथ सती गएका थिए। राजा प्रतापसिंह शाहकी राजेन्द्रलक्ष्मीका रुपमा एउटी मात्र महारानी थिइन्। आफ्ना युवराज रणबहादुर शाह बालकै भएकाले यिनले आफ्ना पतिका साथ सती जानुपरेको थिएन। 'मैजुरानी' त्यति बेला गर्भवती रहेकी थिइन्। यसैले यिनी भने आफ्नी छोरीलाई जन्म दिएपछि मात्र सतीका रुपमा पठाइएकी थिइन्।

राजा रणबहादुर शाहकी जेठी महारानी राजराजेश्वरीकी एक मात्र छोरीको विवाह सम्पन्न भइसकेको र स्वयम् पनि नजरबन्दमा रहेकीले यिनका निमित्त आफ्ना पतिका साथ सती जान कुनै बाधा व्यवधान बाँकी थिएन। राजा गीर्वाणयुद्धविक्रम शाहको देहान्त

हुँदा यिनकी जेठी महारानी सिद्धिलक्ष्मी कम उमेरकी थिइन् र यिनकी एउटी बालिका छोरी पनि थिइन्। तैपनि जनरल भीसमेन थापाले आफ्नो व्यक्तिगत स्वार्थले गर्दा यिनलाई सती जानका निमित्त बाध्य तुल्याइदिएका थिए। यसपछि भने नेपालका कुनै पनि महारानीहरुले राजाहरुको साथ सती जानुपरेको पाइँदैन। यसरी राजा पृथ्वीनारायण शाहबाट आरम्भ गरिएको सती प्रथालाई बन्द गराउने अभियान बिस्तारै लागू हुँदै आएको थियो। राजभवनबाट सती प्रथा हटेपछि सर्वसाधारण जनसमाजबाट पनि यो प्रथा हट्दै आयो र राणाहरुको प्रशासनकालमा आएर यो प्रथा सर्वथा नै बन्द भयो।

राजा पृथ्वीनारायण शाहको राज्यकालदेखि राजकुमार बहादुर शाहको प्रशासनकालसम्ममा नेपाली समाजको रहनसहन, वेशभूषा तथा गरगहनामा पनि पर्याप्त परिवर्तनहरु आइसकेका थिए। राजा पृथ्वीनारायण शाहको राज्यकालमा धनी तथा सम्पन्न परिवारका व्यक्तिहरु जामा, भोटो तथा टोपी र सर्वसाधारण नागरिकहरु घलेक, कछाड र टोपीहरु पहिरने गर्थे। खानपिनको कुनै कमी नभएकाले नागरिकहरु हृष्टपुष्ट हुने गर्थे। सर्वसाधारण नागरिकले पहिरने लत्ताकपडा मोटा खालका हुने गर्थे। जात तथा पेसाअनुसार अलगअलग वेशभूषा पहिरिने चलन त नेपालमा मल्ल राजा जयस्थिति मल्लको राज्यकालदेखि नै प्रलचनमा थियो। राजा पृथ्वीनारायण शाहको राज्यकालमा तल्ला वर्गका व्यक्तिहरुले मात्र यस परम्परालाई पालना गरिरहेका थिए। माथिल्लो वर्गका नागरिकमा भने यस्तो कुनै बन्देज थिएन।

पहाडी क्षेत्रका जनताका वेशभूषाहरुमा पनि पर्याप्त मात्रामा अन्तर थिए। यस किसिमका अन्तर मेटाउन राजा पृथ्वीनारायण शाहले सम्भव प्रयासहरु नगरेका होइनन्। खानपानमा कट्टरता हटाउने सम्भव प्रयास पनि यिनले गरेका थिए। यति भएर पनि तीन ओटै शाह राजाहरुको राज्यकालमा तागाधारी जातिहरुले मद्यलाई भने कहिल्यै पनि छोएका थिएनन्। मतवाली जातहरुमा पनि मद्यपानको प्रचलनलाई घटाउने सम्भव प्रयासहरु राजा पृथ्वीनारायण शाहले गरेका थिए। आआफ्ना जात तथा पेसाअनुसारका टोपी तथा टीकाहरु लगाउनुपर्ने परम्परालाई यिनले सुरू गराएका थिए। कवि

शक्तिवल्लभ अर्यालले आफ्नो 'जयरत्नाकार' नाटकमा सर्वसाधारण जनताले लगाउने गरेका टीका तथा वेशभूषाहरुको वर्णनलाई रोचक ढङ्गले प्रस्तुत गरेका छन्।

यिनताक नेपाली समाजमा बिर्ता प्रथा पनि एउटा अर्को घटिया प्रथाका रुपमा विकसित भएर रहेको थियो। यस प्रथालाई हटाउन पनि राजा पृथ्वीनारायण शाहले निकै प्रयासहरु गरेका थिए। लडाइँका मोर्चाहरुमा दिवङ्गत हुने भाइभारदारदेखि सिपाहीसम्मका सैनिकका खान्गीहरु उनका छोराहरुमा समर्थ नभएसम्म उनका घरपरिवारलाई 'मरवट बिर्ता'का रुपमा दिइने र छोराहरु समर्थ भएपछि भने त्यसै बिर्तालाई 'खान्गी'मा परिणत गराइदिने प्रचलनलाई यिनले सुरू गराएका थिए। जेहोस्, राजा पृथ्वीनारायण शाहको राज्यकालदेखि बिर्ता दिने प्रचलन क्रमशः घट्दै आइरहेको थियो। वितरण गरिएका सबै बिर्ताहरुलाई एकै पटक अपहरण गरिदिँदा परम्परादेखि स्थापित हुँदै आएका सामाजिक मूल्यमान्यता एकाएक भताभुङ्ग हुने भयले गर्दा मात्र यिनले बिर्ता प्रथालाई येनकेन थामिराखेका थिए।

नेपाल अधिराज्यका प्रचलित सामाजिक व्यवस्थाहरुलाई सुदृढ तुल्याउन सर्वप्रथम प्रचलित भूमि व्यवस्थामा सुधार गर्नु पनि अत्यावश्यक अनुभव हुन आइरहेको थियो। पहिलेका ससाना राज्यका भूमि व्यवस्थाहरुमा धेरथोर मात्रामा अन्तर थिए। देशभर समान किसिमका भूमिव्यवस्था लागू गर्न सर्वप्रथम घर तथा जमिनहरुको पनि लगत राख्नु अत्यावश्यक थियो। यसै आवश्यकताअनुसार राजा पृथ्वीनारायण शाहले अधिराज्यभरका घरहरुको लगत राखी प्रत्येक घरका निमित्त वार्षिक चार पैसा र विपन्न परिवारका निमित्त चार दाम वा एक पैसाका दरले 'धुरीकर' लगाएर उठाउने परम्परा बसालिदिए।

अधिराज्यभरका घरहरुको लगत लिने काम सम्पन्न भइसकेपछि राजा पृथ्वीनारायण शाहले अधिराज्यभरका जमिनहरुको लगत राख्ने कामतर्फ पनि आफ्नो ध्यान लगाएका थिए। अधिराज्यभरमा रहेका सम्पूर्ण खेतीयोग्य जमिनहरुको सूक्ष्म तरिकाले नापी गर्न त्यति बेला सम्भव थिएन। यसैले आफ्नो राज्यका जनतासँग केकति जमिनहरु

उनीहरुका भोगचलनमा छन् भनी प्रश्न गरी उनीहरुले बताएअनुसार नै जमिनहरुको लगत कायम गरी साबिकमा जुनजुन ठाउँमा जतिजति तिरो लिइने गरेको थियो, त्यसैअनुसार नै तिरो वा भूमिकर उठाउने प्रचलनलाई यिनले चलाइदिएका थिए।

राजा पृथ्वीनारायण शाहको राज्यकालदेखि नै राजधानी काठमाडौं सहरलाई राज्यप्रशासनको प्रमुख केन्द्र बनाइएको थियो। गोरखादेखि पूर्वतर्फ अरूण कोसी नदीवारि माझ किराँतसम्मका भूभागहरुमा राजधानी काठमाडौंबाट प्रत्यक्ष प्रशासन सञ्चालित हुने र पल्लो किराँत तथा पसदिखि मोरङसम्मका तराई क्षेत्रहरुमा भने अनेकौं जिल्लाहरु कायम गरी जिल्लैपिच्छे 'सुब्बा' दर्जाका एकएक जना सैनिक वा निजामती प्रशासकहरु नियुक्त गर्ने परम्परालाई यिनले सुरू गराएका थिए।

पूर्वी नेपालमा 'किपट प्रथा' पहिलेदेखि नै प्रचलित रहँदै आइरहेको थियो भन्ने भ्रम अहिले हाम्रा बीचमा फैलिइरहेको छ। तर यो यथार्थ होइन। किपट प्रथालाई वास्तवमा राजा पृथ्वीनारायण शाहले नै सुरू गराएका हुन्। किपट प्रथाको सुरूवात गोरखा राज्यबाट नै सुरू भएको पाइन्छ। ब्राह्मणहरुलाई दान दिँदा 'कुश बिर्ता', क्षत्रीहरुलाई बिर्ता दिँदा 'मानाचामल' वा 'मरवट बिर्ता', बहालवाला सैनिकहरुका निमित्त 'खान्गी' र सामान्यतया सैनिक सेवामा भर्ना नलिइने जातिका नागरिकहरुलाई भने किपटका रुपमा जमिनहरु दिने प्रचलनलाई राजा पृथ्वीनारायण शाहले नै सुरू गराएका थिए। यस प्रकार किपट यथार्थमा सेवा बिर्ताका रुपमै प्रचलित रहेको थियो। यसै क्रममा बन्दुकहरु मर्मत गर्ने कामका निमित्त नियुक्त गरिएका मुसलमान कालिगडहरुलाई दिइएका किपटहरुलाई तिनका सन्तानहरुले पछिसम्म पनि उपभोग गर्दै आइरहेका थिए। मुर्मी वा तामाङहरुलाई पनि किपट दिने प्रचलन थियो। किपट पाउने व्यक्तिहरुले लडाइँका साथै अघिपछि पनि सरकारी कामकाजको सन्दर्भमा भारी बोक्ने काम अनिवार्य गर्नुपर्ने चलन थियो।

किराँत अभियान सञ्चालित हुँदा ओल्लो किराँतमा रहेका खम्बू वा राईहरुले नेपाल सरकारको आधिपत्यलाई अस्वीकार गरी नेपाली सैनिकहरुको विरूद्धमा सक्दो प्रतिकार गरेका थिए। यसैले ओल्लो किराँतमा रहेका खम्बू वा राईहरुले कमै मात्र किपटहरु

पाएका थिए। यिनीहरुले पाएका थोरै किपटहरु पनि राणा प्रधानमन्त्री चन्द्रशमशेर जङ्गबहादुर कुँवर राणाका पालामा खोसिएका थिए। पल्लो किराँतमा रहेका लिम्बूहरुलाई भने विजयपुर राज्यका सेन राजाहरुले नै 'सेवा बिर्ता'हरु दिने गरेका थिए। यसरी बिर्ता दिँदा "सेवा बढेमा जागिर पनि बढ्नेछ" भनी सेन राजाहरुबाट यिनीहरुलाई 'स्याहामोहर' गरेर सेवा बिर्ताहरु दिने गरिएको थियो। यसैलाई पल्लो किराँतका लिम्बूहरुले अहिले किपट भनी दाबी गर्ने गरेका छन्। पछि सुब्बाको पदवी दिँदा यस्ता केही सेवा बिर्ताहरुलाई रैकर बनाउने प्रथा राणा प्रधानमन्त्री जङ्गबहादुर कुँवर राणाभन्दा पछि सुरू गरिएकाले अहिले किपटहरु घटी रैकर जमिनहरु बढ्दै छन्।

राजा पृथ्वीनारायण शाहले ठूलाठूला भारदारहरुलाई सेवानिवृत्त भएपछि जीवनवृत्तिका निमित्त उनीहरुले खाइपाइआएको खान्गीको आधाजति जमिन नै उपभोग गर्न दिने प्रचलनलाई सुरू गराएका थिए। यिनताक आम नेपाली नागरिकहरुको प्रमुख पेसा खेती थियो। राजपरिवारको पनि आफ्नै खेती हुने र यस्ता राजकीय खेतहरु 'सेरा'का नामले प्रसिद्ध रहने गरेका थिए। जनताबाट भारा वा खेतालाहरु लिई यस्ता सेरा वा खेतहरुमा खेती लगाइने गरिएको थियो। राजभवनको खर्चका निमित्त अधिकृत तहका सरकारी कर्मचारीबाट 'दर्शनभेट' र अन्य सामान्य कर्मचारीबाट 'सलामी' लिइने प्रचलन थियो। खाली भएका कर्मचारीका खान्गीका बाली वा कुतहरु राजकीय कोषमा दाखिला हुने गर्थ्यो। राजकुमार बहादुर शाहको राज्यकालसम्ममा अधिराज्यको निकै विस्तार भइसकेकाले धेरै सैनिक कम्पनीहरु गठन गरिएका र सैनिक अधिकृतहरु पनि पर्याप्त सङ्ख्यामा नियुक्त भएकाले जगेडा खान्गीहरु थोरै भई राजकीय कोषमा जम्मा हुने रकमहरु घट्न थालेका थिए। राजकीय कोषमा दाखिला हुने अन्य नगद आम्दानीहरुमा हाटबजारबाट उठ्ने जगात वा भन्सार र खानीहरुबाट उठ्ने करहरु नै मुख्य रहने गरेका पाइन्छन्।

जग्गाजमिनको अपेक्षाकृत सूक्ष्म तरिकाले नापी गर्ने काम राजकुमार बहादुर शाहको प्रशासनकालमा सुरू भएको थियो। त्यति बेला पूर्वमा पल्लो किराँतदेखि पश्चिममा

कुमाउँसम्मका विस्तृत भूभागहरुको नापी गर्ने काम यिनको प्रशासनकालमा सात वर्षभित्रमै सम्पन्न हुन सम्भव थिएन। यसैले यिनको प्रशासनकाल समाप्त भएको चार वर्षजतिपछि मात्र यो काम पूरा हुन सकेको पाइन्छ। तर यति बेला पनि नापीको काम त्यति सूक्ष्म तरिकाले हुन सकेको थिएन। सैनिक अधिकृत तथा तिनका जवानहरुलाई लगाएर मोटामोटी रुपमा मात्र नापी गराइएको थियो। तर देशको त्यति बेलाको भौगोलिक परिस्थितिलाई विचार गर्दा यो काम पनि निकै महत्वपूर्ण मानिएको थियो। यसबाट "पृथ्वीमाताको इयत्ता लिने अनुचित काम गरेको" भनी सर्वसाधारण नेपाली नागरिकबाट राजकुमार बहादुर शाहको निकै आलोचना पनि भएको थियो। "यसै पापले गर्दा नै यिनको अकालमा आफ्नो जीवनलाई गुमाउनुपरेको हो" भन्ने चर्चा पनि थियो।

वनको रक्षा गर्ने वनपालेहरुको व्यवस्था यद्यपि राजा राम शाहको राज्यकालदेखि नै निरन्तर चल्दै आएको थियो। तर यसलाई सुव्यवस्थित गराउने काम भने राजा पृथ्वीनारायण शाहले नै सुरू गराएका थिए। वनको फँडानी भएमा बर्सात कम भई जमिनहरु बिग्रिएर उब्जनी कम हुने भएकाले यिनको राज्यकालमा वनको सुरक्षा गर्ने राम्रो प्रबन्ध मिलाइएको थियो। जनरल भीमसेन थापाको प्रशासनकालसम्म पनि यो व्यवस्था राम्रैसँग चल्दै आएको थियो। पछि राणाकालमा आएर यो व्यवस्था अस्तव्यस्त भयो। जङ्गलहरु 'बिर्ता'का रुपमा बाँडिन सुरू भए र यसको जथाभावीसँग फँडानी थालियो।

अब नारी जातिको तात्कालिक सामाजिक अवस्थातर्फ केही विचार गरौं। मल्ल राजाहरुको राज्यकालमा नारी जातिलाई तिरस्कारपूर्वक हेरिने गरिएको थियो। मल्ल राजाहरु आफ्ना राजकुमारीहरुको विवाह भारततिरबाट राजपूत कुमारहरुलाई झिकाएर उनीहरुसँग नै गराइदिने गर्थे। यसरी झिकाइएका राजपूत कुमारहरुलाई प्रायः आफ्नै थर तथा गोत्रमा परिणत गराएर 'दुलहाजी'का रुपमा राख्ने प्रचलन थियो। राजकुमारीहरुका निमित्त आफ्ना पतिको स्वर्गवास हुँदा पनि सती जानुपर्ने बाध्यता थिएन। राजाहरुमा धेरै

केटीसँग विवाह गर्ने प्रचलन थियो। ललितपुर राज्यका राजा योगनरेन्द्र मल्लको देहान्त हुँदा यिनका साथ ३१ जना रानी तथा केटी सुसारे सती गएका थिए।

पहाडी क्षेत्रका चौबीसे राज्यका राजाहरु र सम्पन्न परिवारका व्यक्तिहरुमा पनि बहुविवाहको प्रचलन थियो। तनहुँ राज्यका राजा दामोदर सेनका १६ वटी त विवाहिता रानीहरु नै थिए। यिनताक बालविवाहको चलन पनि कम मात्रामा प्रचलित थिएन। सामान्यतया सातआठ वर्षको उमेरमै कन्याहरुको विवाह हुने गर्थ्यो र जवानी अवस्था पुग्दा वा नपुग्दा नै यिनका पतिहरुको देहान्त भएमा यिनीहरुले सतीका रुपमा आफ्ना पतिका साथ चितामा पोलिनुपर्ने घटिया प्रथा थियो। बालविवाहको प्रथा ब्राह्मण तथा क्षत्रीय वर्गका नागरिकहरुमा बढी मात्रामा प्रचलित थियो। युवराज पृथ्वीनारायण शाहकी जेठी मुमा चन्द्रप्रभावतीले यिनको उमेर १६ वर्ष पूरा भएपछि यिनको पहिलो विवाह गराइदिएकी थिइन्। युवराज प्रतापसिंह शाहको विवाह पनि यसै उमेरमा भएको थियो। तर राजा रणबहादुर शाह, गीर्वाणयुद्धविक्रम शाह तथा राजेन्द्रविक्रम शाहहरुको विवाह भने सानै उमेरमा भएको पाइन्छ।

मगर तथा गुरूङ नागरिकहरुमा प्रायः मामाकी छोरीसँग विवाह गर्ने प्रचलन रहेकाले विवाहयोग्य उमेर भएपछि मात्र यिनीहरु आफ्ना छोरा वा छोरीहरुको विवाह गरिदिने गर्थे। ब्राह्मण तथा क्षत्रीयहरुमा बाहेक अन्य जातिमा यिनताक नारीहरुलाई शिक्षा दिने प्रचलन थिएन। यसैले यिनताक प्रायः सबैजसो नारीहरु अशिक्षित नै रहने गरेका थिए। "नारी जातिले अक्षर जान्यो भने पापा लाग्छ" भन्ने लोकधारणा थियो। सती प्रथा कति घृणित प्रथा हो र यस प्रथाले नारीजातिमा कति हानि पुऱ्याइरहेको छ भन्ने चेतना यति बेलाका नेपाली नारीहरुमा कत्ति पनि थिएन। यिनीहरु पुरूषका अन्धभक्त थिए।

सती प्रथाले गर्दा यति बेला केही राम्राराम्रा कामहरु पनि नभएका होइनन्। यो प्रथा प्रचलित रहँदा नेपाली नारीहरुमा जुन किसिमको शौर्य तथा वीरता पनि देखिन्थ्यो, त्यस्तो शौर्य तथा वीरता यो प्रथा हटेपछि नेपाली समाजमा प्रायः देख्न पाइएको छैन। सती प्रथा प्रचलित रहँदा लमजुङ राज्यका सैनिकहरुले आफ्नो राज्यक्षेत्रमाथि आक्रमण गरिदिँदा

गोरखाका संरक्षक भएका रहेका रणरूद्र शाहीकी ठकुरानी आफ्ना पतिको अनुपस्थितिमा आफ्ना क्षेत्रका ढाक्रे सैनिकहरुलाई जम्मा गरी र आफ्ना सहयोगी नारीहरुलाई समेत साथमा लिई लडाइँ लड्नका निमित्त स्वयम् नै मैदानमा उत्रिएकी थिइन्। यस्तै नेपाल–अङ्ग्रेज युद्धमा सिरमोरको 'भ्याम्टागढी'मा विपक्षी सैनिकहरुले नेपाली सैनिकहरुलाई घेरामा पार्दा यिनका जनानाहरुले जङ्गलको बाटो गरी गाउँगाउँमा पुगी आफ्ना नाक कानका गहनाहरु फुकालेर अन्नपातहरु खरिद गरी युद्धरत सैनिकहरुको जीवनरक्षा गरिदिएका थिए। यदि त्यति बेला नारी जातिमा शिक्षाको ज्योति पनि जगाउन सकिएको भए सुनमा सुगन्ध थपिने थियो, यसमा कुनै सन्देश छैन।

नारी जातिमा शिक्षाको अभाव नै नेपाल अधिराज्यको उन्नति तथा प्रगतिका निमित्त प्रमुख बाधक बनेर उपस्थित भइरहेको थियो। महारानी चन्द्रप्रभावती भने विलक्षण प्रतिभाकी धनी थिइन्। यिनीबाट समुचित नैतिक शिक्षा पाएकाले नै युवराज पृथ्वीनारायण शाह अलौकिक प्रतिभा भएका युवराज बन्न आएका थिए। राजा पृथ्वीनारायण शाहकी कान्छी महारानी नरेन्द्रलक्ष्मी पनि सुयोग्य महारानी थिइन्। यिनले राज्यप्रशासनको काममा आफ्ना पतिलाई सक्दो सहयोग प्रदान गर्दै आइरहेकी थिइन्। यिनीबाट प्राप्त भएका शिक्षा तथा तालिमले गर्दा नै यिनकी बुहारी महारानी राजेन्द्रलक्ष्मी पनि दह्रिलो प्रशासिकाका रुपमा देखापरेकी थिइन्।

महारानी नरेन्द्रलक्ष्मीको सम्बन्धमा तात्कालिक एउटा लिखतमा उल्लेख भएको पाइन्छ "जीवनवृत्तिका निमित्त आफ्ना खोसिएका कर्मचारीहरुलाई खान्गी दिनुपर्छ" भनी यिनले प्रस्ताव गर्दा राजा पृथ्वीनारायण शाहले प्रारम्भमा त यसको विरोध गरेका थिए। यसमा बहालवाला सैनिक तथा कर्मचारीहरुले पनि नभ्याएमा यिनै ढाक्रे सैनिक तथा कर्मचारीबाट निर्वाह चलाउनुपर्ने भएकाले यिनीहरुलाई धेरथोर जीवनवृत्ति नदिए यिनीहरु देशबाट बाहिरिन्छन्। यसैले औचित्य हेरी यिनीहरुलाई पनि जीवनवृत्ति दिनु उपयुक्त हुनेछ भनी आफ्नो राय प्रस्तुत गर्दा यिनको यस रायमा राजा पृथ्वीनारायण शाह पनि सहमत हुन बाध्य भएका थिए।

तर जुन किसिमको प्रतिभा महारानी चन्द्रप्रभावतीमा रहेको थियो, त्यस्तो प्रतिभा महारानी नरेन्द्रलक्ष्मीमा भने पाइँदैन। महारानी राजेन्द्रलक्ष्मी यद्यपि आँटिली महारानी रहेकी थिइन् तर यिनले आफूमा रहेको यो गुण आफ्ना छोरा राजा रणबहादुर शाहमा भने सार्न सकेकी थिइनन्। यिनको देहान्त हुँदा राजा रणबहादुर शाह ११ वर्षका किशोर भइसकेका थिए। आफूमा रहेको विशेष प्रतिभाको बलले गर्दा प्रभावशाली देखिएका नेपाली नरनारीहरुले शिक्षाको कमीले गर्दा नै आफूमा रहेका यस्ता सद्गुणहरु आफ्ना उत्तराधिकारीमा सार्न सकिरहेका थिएनन्।

राजा पृथ्वीनारायण शाहले राज्यविस्तारको कामका साथै राज्यव्यवस्थाको कामलाई पनि सुदृढ बनाउँदै ल्याइरहेका थिए। काठमाडौं उपत्यकामाथि आफ्नो अधिकार स्थापित गर्नुभन्दा पहिले यिनले पूर्वतर्फ दूधकोसी नदीसम्म र दक्षिणतर्फ भारतको सिमानासम्म नै आफ्नो अधिराज्यको विस्तार गराइसकेका थिए। यसबाट राजकीय कोषको आम्दानी पनि पर्याप्त मात्रामा बढिसकेकाले चौतारा तथा सरदारहरुको सङ्ख्यालाई बढाई नयाँ अड्डाअदालतको व्यवस्था गर्न पनि सजिलो थियो। आफ्नो राज्यव्यवस्था ठीक भएकाले नै सवा वर्षजतिको बीचमा उपत्यकाभित्रका तीन ओटै मल्ल राज्यका राजधानीलाई आफ्नो राज्यमा मिलाई सार्वभौमसत्ता सम्पन्न एउटा स्वतन्त्र अधिराज्यको आधारशिला स्थापित गर्न यिनलाई सजिलो भएको थियो। यिनले स्थापना गरेको यस अधिराज्यको जग सुदृढ भएकाले नै यिनका उत्तराधिकारी यसलाई पूर्वपश्चिमतर्फ पनि विस्तार गर्न सफल भए।

देशका कर्मचारी तथा उनका जहानपरिवारलाई पनि खानलाउनमा कष्ट नहोस् भनी ठूलाठूला कर्मचारीहरुलाई पनि खान्गीका रुपमा जमिन दिने प्रचलन थियो। तर यस्ता जागिरदार भने खान्गीका जमिन स्वयम् भोगचलन गर्दैनथे। टाढाटाढाका जमिन पनि खान्गीका रुपमा दिइने प्रचलन चलिआएको स्वयम् नै त्यहाँ गई खेती गर्न सम्भव पनि थिएन। यसले गर्दा आफ्ना खान्गीका जमिनहरु स्थानीय जनताहरुलाई कमाउन दिन यिनीहरुलाई करै लाग्ने गरेको थियो। पछि राजकुमार बहादुर शाहको प्रशासनकालमा

भने सैनिकहरुको सङ्ख्या अत्यधिक मात्रामा बढेकाले खान्गीका रुपमा दिन जमिनहरुको अभाव हुन थालेकाले नगदी तलब खाने म्यादी सैनिकहरु पनि भर्ना गरिन थालेका थिए।

यति बेला नेपाल अधिराज्यमा 'झारा', 'बेठ', 'बेगार' र 'खेताला'का रुपमा अन्य अनेकौं कुप्रथाहरु पनि प्रचलित थिए। सरकारी कर्मचारीहरु, खास गरी गाउँका 'द्वारे', 'मुखिया' र 'जिम्मावाल'हरु गाउँका निमुखा गरिब जनताहरुलाई बेठ तथा बेगारका रुपमा खाना खुवाएका भरमा महिनौंसम्म आफ्ना खेतबारीमा लगातार बिनापारिश्रमिक काम लगाउने गर्थे। यस्ता काम गर्नबाट इन्कार गर्ने साहस यति बेला कसैमा पनि थिएन। उनीहरुले लगाएअह्राएअनुसारका काम नगरेमा कठोर यातना दिने प्रचलन थियो। यस्ता निरीह गरिब जनताहरुको पसिनाबाट नै गाउँका टाठाबाठाहरु ऐसआराम गर्थे। उदार व्यक्ति भने केही पारिश्रमिक दिई खेतालाका रुपमा श्रमिकहरुलाई आफ्ना काममा लगाउने गर्थे।

सरकारी कामकाजका निमित्त 'झारा'का रुपमा गाउँका तल्लो वर्गका गरिब जनताहरुले बिनापारिश्रमिक महिनौंसम्म काम गर्नुपर्ने प्रचलन थियो। यसरी काम गर्दा यिनीहरुका निमित्त सरकारको तर्फबाट खाना खर्चसम्म पनि मिल्दैनथ्यो। आफ्ना निमित्त आवश्यक पर्ने अन्नपात, नुनतेल र ओढ्नेओछ्याउने पनि यिनीहरुले आफ्नै तर्फबाट लिएर जानुपर्ने हुन्थ्यो। खास गरी युद्धकालमा झारा वा बेगारहरुको निर्दयतापूर्वक प्रयोग गरिने गरिएको थियो। लडाइँका निमित्त सैनिकहरुका सम्पूर्ण सरसामान यिनीहरुले नै बोकिदिनुपर्थ्यो। कुमाउँ, गढवाल र सिमलामा पनि यस्तै झारा वा बेगारहरुको विद्रोहले गर्दा नै नेपाल–अङ्ग्रेज युद्धमा नेपाली पक्षको अकल्पित हार हुन आएको थियो।

४.३ तात्कालिक प्रमुख प्रशासकहरुको तुलनात्मक विश्लेषण

कुन किसिमका राजनीतिक तथा सामाजिक परिवेशहरुमा राजा पृथ्वीनारायण शाहले नेपाल अधिराज्यका एकीकरण अभियानहरुलाई सफलतापूर्वक प्रारम्भ गरेका थिए? यस सम्बन्धमा विचार गर्नु पनि यहाँ सान्दर्भिक छ। महाराष्ट्रका गौरव 'छत्रपति शिवाजी' तथा वर्तमान नेपाल अधिराज्यका संस्थापक राजा पृथ्वीनारायण शाहका जीवन तथा चरित्रहरुमा पनि निकै सामनता पाइन्छन्। दुवैको बाल्यकाल लगभग एकै किसिमसँग बितेको थियो र शिक्षा पनि दुवैले लगभग एकै किसिमबाट प्राप्त गरेको पाइन्छ।

शिवाजीकी आमा 'जिजाबाई'ले आफ्ना बालक छोरालाई रामायण, महाभारत तथा पुराणका रोचक कथाहरुलाई सरस ढङ्गले सुनाएर उनलाई नीति तथा सदाचारसम्बन्धी शिक्षा प्रदान गरिदिएकी थिइन्। हुन त 'दादाजी काणदेव' जस्ता योग्यतम गुरूहरुले पनि उनलाई यथोचित शिक्षा प्रदान नगरेका होइनन् तर उनको चरित्रको वास्तविक जग भने आफ्नी आमा जिजाबाईबाट मौखिक रुपमा प्राप्त भएको शिक्षाबाट नै बसेको मानिन्छ।

बालक युवराज पृथ्वीनारायण शाहको जग भने लगभग यसै किसिमबाट बसेको पाइन्छ। हुन त यिनको बाल्यकालमा यिनका पिता राजा नरभूपाल शाह जीवितै थिए। तर उनी मानसिक रुपमा अस्वस्थ रहेकाले राज्य सञ्चालनका कामबाट लगभग निष्क्रिय थिए। यसैले बालक युवराज पृथ्वीनारायण शाहको शिक्षादीक्षाको प्रबन्ध मिलाउने जिम्मा यिनकी जेठी सौतेनी आमा महारानी चन्द्रप्रभावतीले आफैंले लिएकी थिइन्। यिनले पनि रामायण, महाभारत तथा पुराणका कथाहरुलाई आफैंले मौखिक रुपमा

सुनाएर युवराज पृथ्वीनारायण शाहको जीवन एवम् चरित्रमा विरोचित भावनाहरु भरिदिएकी थिइन्।

हुन त ज्योतिषी भानु अर्याललाई पनि युवराज पृथ्वीनारायण शाहका निमित्त औपचारिक रुपमा गुरूका रुपमा नियुक्त गरिएको थियो। तर यिनको शिक्षादीक्षाको खास जग भने महारानी चन्द्रप्रभावतीको मुखबाट प्राप्त भएको अनौपचारिक शिक्षाबाटै बसेको पाइन्छ। आफ्ना शिक्षागुरू भएकाले नै राजा पृथ्वीनारायण शाहले पछिसम्म पनि बेलाबेलामा ज्योतिषी भानु अर्यालसँग रायसल्लाह लिने गरेको पाइन्छ। आफूले आँटेका काममा तनमन लगाएर एकनिष्ठ भई लागिपर्नु र जेजसरी हुन्छ, त्यसमा सफलता प्राप्त गर्नु नै युवराज पृथ्वीनारायण शाहले आफ्नो बाल्यकालमा प्राप्त गरेको शिक्षाको सारतत्व थियो। हुन पनि आफूले आँटेका योजनाहरुलाई सफल तुल्याउन यिनले आफ्नो बाल्यकालमा प्राप्त गरेका शिक्षाहरु अत्यन्त नै उपयोगी प्रमाणित छन्। समय एवम् परिस्थितिअनुकूल नमिलाई कुनै योजनालाई पनि ठीक तरिकासँग लागू गर्न सम्भव छैन, योजना तयार गरिसकेपछि उचित मौका पर्नासाथ त्यस योजनालाई समुचित ढङ्गले कार्यान्वयनमा ल्याइहाल्नुपर्छ भन्ने यिनले प्राप्त गरेको शिक्षाको अर्को उद्देश्य पाइन्छ।

युवराज पृथ्वीनारायण शाहको जन्म भएको केही वर्षपछि मात्र दिवङ्गत भएका कान्तिपुर राज्यका राजा भास्कर मल्ल ज्यादै नै कमजोर प्रकृतिका राजा थिए। आफ्ना भारदारहरुका साथसाथै आफ्नै रानीहरुले पनि यिनको घोर उपेक्षा गरिदिँदा आफ्नो सुरक्षाका निमित्त विदेशबाट मुसलमान सल्लाहकारलाई झिकाउन यिनी विवश भएका थिए। तर यिनका प्रभावशाली मन्त्री 'झगल ठाकुल'ले पछि यिनका साथै यिनका मुसलमान सल्लाहकारलाई पनि आफ्नो नियन्त्रणमा राखिदिएका थिए। राजा भास्कर मल्ललाई अत्यन्त नै कमजोर अवस्थामा रहेको पाएर यति बेलाका भक्तपुर राज्यका राजा भूपतीन्द्र मल्लले तिब्बततर्फ जाने सिन्धुपाल्चोक प्रदेशलाई कान्तिपुर राज्यबाट खोसेर आफ्नो राज्यमा मिलाउन हरसम्भव प्रयासहरु गरेका थिए। तर मन्त्री झगल

ठाकुलले आफ्ना रणकौशलले गर्दा यस प्रदेशलाई आफ्नै राज्यक्षेत्रभित्र जोगाइदिएका थिए।

राजा भास्कर मल्लले पछि आएर 'महीन्द्रसिंह मल्ल' भन्ने नाम ग्रहण गरेको पाइन्छ। यसै स्थितिमा ललितपुर राज्यको राजसिंहासन फेरि पनि रिक्त हुन आएकाले त्यहाँका प्रमानहरुले राजा भास्कर मल्ललाई नै आफ्नो राज्यको पनि राजा बनिदिन आग्रह गरेका थिए। यसपछि लगभग सात वर्षजति ललितपुर राज्यका पनि राजा भएर यिनी दिवङ्गत भएका पाइन्छन्। यिनका कुनै सन्तान थिएनन्। यसैले यसपछि कान्तिपुर राज्यका प्रभावशाली मन्त्री भ्रुगल ठाकुलकै सहयोगले राजपरिवारकै अलि टाढाका नातासम्बन्ध भएका जगज्जय सिंह 'जगज्जय मल्ल'का नामले कान्तिपुर राज्यको राजसिंहासनमा विराजमान हुन आएका थिए।

जगज्जय मल्ल जुन समयमा कान्तिपुर राज्यको राजसिंहासनमा विराजमान हुन आइपुगेका थिए, त्यति बेला सुनकोसी नदीभन्दा पूर्वमा रहेको 'दोलखा' नामक सानो राज्य पनि कान्तिपुर राज्यमै गाभिन आइपुगेकाले यस राज्यको राज्यक्षेत्र पनि पूर्वमा दूधकोसी नदीसम्म फैलिन पुगेको थियो। यसले गर्दा यो राज्य यस क्षेत्रमा रहेका अन्य दुई मल्ल राज्यहरुभन्दा निकै ठूलो तथा शक्तिशाली पनि बन्न आइपुगेकाले तीन ओटा मल्ल राज्यबीचको शक्ति सन्तुलन बिग्रिएको थियो। यसबाट भक्तपुर राज्यका राजालाई कान्तिपुर राज्यले आफ्नो राज्यलाई नै हडपिदिने हो कि भन्ने भय पनि थियो।

राजा जगज्जय मल्ल जीवित छँदै कान्तिपुर राज्यमा यिनको उत्तराधिकारी तथा युवराज पनि को हुने भन्ने एउटा जटिल प्रश्न उपस्थित हुन आइपुगेको थियो। यस प्रश्नको अन्तिम निर्णय भइसकेको थिएन। "जन्मेको जेठो भएकाले आफ्ना पिताको उत्तराधिकारी तथा युवराज पनि मैले नै पाउनुपर्छ" भन्ने यिनका जेठा छोरा राजकुमार जयप्रकाश मल्लको दाबी थियो। "आफू राजा नहुँदै जन्मिएकाले जेठा तथा माइला भए पनि राजकुमार जयप्रकाश मल्ल तथा यिनका भाइ राज्यप्रकाश पनि वास्तविक अर्थमा राजकुमार नभएकाले यी दुवै भाइलाई युवराज हुने अधिकार छैन; आफू राजा

भइसकेपछि हनुमानढोका राजभवनको नासलचोक भएको राजभवनमा जन्मेका तेस्रा छोरा राजकुमार नरेन्द्रप्रकाश मल्ल नै वास्तविक अर्थमा राजकुमार भएकाले यिनलाई मात्र युवराज हुने अधिकार छ" भन्ने राजा जगज्जय मल्लको जोडदार तर्क थियो।

यसै स्थितिमा राजा जगज्जय मल्लको अप्रत्याशित रुपमा देहान्त हुँदा मन्त्री भगल ठाकुलकै सहयोगले जेठा छोरा जयप्रकाश मल्ल नै कान्तिपुर राज्यको राजसिंहासनमा विराजमान भए। यति बेला उमराव काशीराम थापा नुवाकोटमा प्रमुख प्रशासक थिए। जयप्रकाश मल्लले राज्यारोहरण गरेको समाचार प्राप्त हुनेबित्तिकै यिनी स्वर्गवासी राजा जगज्जय मल्लको चाहनाअनुसार यिनले देवपाटनमा ल्याएर राजकुमार नरेन्द्रप्रकाश मल्ललाई कान्तिपुर राज्यका राजाका रुपमा राज्यारोहण पनि गराइदिए। तर यस राज्यमा नेवार वर्गका नागरिकहरुले यिनलाई साथ नदिएकाले यिनी अन्त्यमा बाध्य भएर कान्तिपुर राज्यबाट पलायित भई आफ्नै मूलघर भक्तपुर राज्यअन्तर्गत रहेको पलाञ्चोकको आसपासमा गइरहन थाले। बीचमा अलपत्र परेका राजकुमार नरेन्द्रविक्रम मल्ल भने भक्तपुर राज्यका राजा रणजित मल्लको आश्रयमा जानका निमित्त विवश भए।

आफ्नो राज्यअन्तर्गत रहेको सिन्धुपाल्चोकको प्रशासनलाई व्यवस्थित गर्न कान्तिपुर राज्यको तर्फबाट पहिलेदेखि नै नगरकोटदेखि उत्तरतर्फ 'नालदुम' नामक प्रसिद्ध किल्लाको निर्माण भइरहेको थियो। त्यस किल्लामा एक जना सैनिक प्रशासक थिए। उता यिनैताक भूतपूर्व उमराव काशीराम थापाका भाइ परशुराम थापा भक्तपुर राज्यका उमराव वा सेनानायक थिए। सिन्धुपाल्चोकका स्थानीय नागरिकमा तामाङ तथा मगरहरुको बाहुल्य त थियो, यतिन्जेल त्यहाँ खसबाहुनको पनि बाक्लो आबादी फैलिइसकेको थियो। यसैले आफ्ना दाजु काशीराम थापाबाट प्रेरणा प्राप्त गरी उमराव परशुराम थापाले "त्यहाँ रहेका खस, मगर तथा बाहुनहरुलाई पनि आफ्नो पक्षमा मिलाई त्यस प्रदेशमा आक्रमण गरौं" भनी आफ्ना राजा रणजित मल्लसँग आग्रह गर्दा उनले पनि यस प्रस्तावमा आफ्नो सहमति जनाइदिएका थिए।

आफ्नै यसै योजनाअनुसार उमराव परशुराम थापाले त्यस क्षेत्रमा रहेका खस तथा मगर जातिका नवयुवाहरुलाई जम्मा गरी नालदुमगढीमा रहेका नेवार सेनानायक तथा तिनका सैनिकहरुलाई पनि त्यहाँबाट हटाई त्यस गढीमा आफ्नो अधिकार स्थापित गरेर पूरा सिन्धुपाल्चोक प्रदेशमै आफ्नो राज्यको अधिकार स्थापित गराइदिएका थिए। यसबाट कान्तिपुर राज्यअन्तर्गत रहँदै आएको सिन्धुपाल्चोकको साथसाथै दोलखा पनि भक्तपुर राज्यको अधिकारमा आउँदा छिमेकमा रहेका अन्य दुई मल्ल राज्यहरुभन्दा यो राज्य निकै विस्तृत तथा सशक्त पनि बनेको थियो। ठीक यसै बेला युवराज पृथ्वीनारायण शाह गोरखा राज्यमा एक सचेत तथा सजग प्रशासकका रुपमा उपस्थित थिए।

यिनताक कान्तिपुर राज्यलाई अत्यन्त नै कमजोर अवस्थामा रहेको पाएर गोरखाली सैनिकहरुले आफ्नो राज्यसँग सिमाना जोडिएको यस राज्यको नुवाकोट प्रदेशमाथि आफ्नो अधिकार स्थापित गर्न आफ्ना योजनाहरु तयार गर्न थालिरहेका थिए। यसका निमित्त सर्वप्रथम आफ्नो चिरप्रतिद्वन्द्वी लमजुङ राज्यसँग शान्ति तथा मैत्रीको सन्धिपत्र सम्पन्न गरी आफ्नो राज्यक्षेत्रदेखि पूर्वतर्फ रहेको कान्तिपुर राज्यको नुवाकोट प्रदेशमाथि सैनिक हस्तक्षेप गर्न त्यस राज्यको तर्फबाट अनुमति पनि प्राप्त गरिसकेका थिए। यसै प्रयोजनका निमित्त युवराज पृथ्वीनारायण शाहले मकवानपुर राज्यबाट फर्कने क्रममा भेष बदलेर आई काठमाडौं उपत्यकादेखि दक्षिणपश्चिमतर्फ रहेको चन्द्रागिरिको शिखरबाट स्वयम्ले नै यस उपत्यकाको भौगोलिक स्थिति तथा यहाँका मनोहर प्राकृतिक छटाहरुलाई पनि अभिरूचिपूर्वक नियालेर हेरिसकेका थिए।

नुवाकोट प्रदेशमा अधिकार स्थापित गर्न भक्तपुर राज्यको तर्फबाट पनि सहयोग प्राप्त गर्नु अत्यावश्यक अनुभव हुन आएकाले यसको एकाध वर्षपछि युवराज पृथ्वीनारायण शाह आफ्ना पिताको प्रतिनिधि भई यस राज्यमा आएर राजा रणजितसिंह मल्लसँग भेटघाट गरी आफ्ना पिताको पगरीसँग उनको पगरीलाई सट्टा गरी यिनीसँग मितेरीसम्बन्ध स्थापित गरेर गएका थिए। यसै क्रममा युवराज पृथ्वीनारायण शाहले कान्तिपुर राज्यका नवयुवक राजा जयप्रकाश मल्लको आमन्त्रणअनुसार यस राज्यमा

पनि आई यिनीसँग पनि आफ्नो मितेरीसम्बन्ध स्थापित गरेर गएका थिए। यी सबै अध्ययन, भ्रमणबाट यहाँका मल्ल राज्यहरुको राजनीतिक अवस्था एकएक गरी थाहा भएकाले "आफ्ना छिमेकमा रहेका कलहग्रस्त सबै पहाडी राज्यहरुलाई सजिलैसँग आफ्नो राज्यमा मिलाउन सकिन्छ" भन्ने धारणा यिनले आफ्नो युवावस्थाको प्रारम्भमै बनाइसकेको पाइन्छ। आफूमा रहेको विशेष योग्यताले गर्दा यिनले यस सुअवसरलाई यत्तिकै गुम्न दिएका थिएनन्।

नुवाकोटमा आफ्नो अधिकार स्थापित भएपछि त्यहाँबाट पूर्वतर्फ अघि बढ्नका निमित्त राजा पृथ्वीनारायण शाहलाई कुनै पनि कठिनाइ भएन। यिनले क्रमशः मकवानपुर, कान्तिपुर, ललितपुर तथा भक्तपुर राज्यहरुमाथि पनि आफ्नो अधिकार स्थापित गरी उपर्युक्त राज्यहरुलाई आफ्नो गोरखा राज्यमा मिलाएर उपर्युक्त पाँच ओटा पहाडी राज्यहरुको एकीकरणबाट 'नेपाल' नामक एउटा सार्वभौमसत्ता सम्पन्न तथा शक्तिशाली स्वतन्त्र राष्ट्रको शिलान्यास गराइदिएका थिए। 'चौदण्डी' तथा 'विजयपुर' नामक दुई सेन राज्य पनि पछि यिनैको राज्यकालमा यस अधिराज्यमा गाभिएका थिए।

नेपाल अधिराज्यको एकीकरण गर्ने अभियानमा यस क्षेत्रमा रहेका अन्य पहाडी राज्यका राजाहरु सफल नभएर गोरखा राज्यका राजा पृथ्वीनारायण शाह नै सफल हुनुका अनेकौं कारण थिए। यिनीहरुमध्ये मुख्य कारण अन्य पहाडी राज्यका राजा तथा युवराजहरुको चरित्र एवम् स्वभावभन्दा राजा पृथ्वीनारायण शाहको चरित्र एवम् स्वभाव पनि उच्च हुनु रहेको पाइन्छ। यति बेलाको लमजुङ, तनहुँ आदि चौबीसे राज्यका राजाहरु र काठमाडौं उपत्यका तथा यसका आसपासका क्षेत्रहरुमा फैलिएर रहेका मल्ल राज्यका राजा तथा राजकुमारहरु पनि प्रायः अशिक्षित एवम् विलासी हुने गरेका थिए। आफ्ना युवराज तथा राजकुमारहरुमा शिक्षाको ज्योति जगाउन नसक्नु नै यति बेलाका अन्य पहाडी राज्यका राजाहरुको मुख्य कमजोरी रहेको पाइन्छ। यस स्थितिमा राजनीति तथा कूटनीतिको पनि समुचित शिक्षा पाएका राजा पृथ्वीनारायण शाहसँग छिमेकी देशका अन्य राजा वा राजकुमारहरुलाई प्रतिस्पर्धा गर्न सकून् पनि कसरी?

गोरखा राज्यमा राजकुमारहरुलाई यसभन्दा अघि सामान्यतया साधारण लेखपढको शिक्षा मात्र दिइने गरेको थियो। युवराज पृथ्वीनारायण शाहलाई भने यिनकी सौतेनी आमा महारानी चन्द्रप्रभावतीले मैखिक रुपमै राजनीतिशास्त्रको शिक्षा पनि दिने गरेकी थिइन्। युवराज पृथ्वीनारायण शाह प्रतिभाशाली व्यक्ति भएकाले यिनी समुचित शिक्षा ग्रहण गर्न सुपात्रका रुपमा देखापरिरहेका थिए। यसैले महारानी चन्द्रप्रभावतीले प्रदान गरेको शिक्षाले यिनलाई उत्साही, कर्मठ तथा वीर पनि बनाइदिएको थियो। "पात्र परेको शिक्षा मात्र उपयोगी हुन्छ" भन्ने लोकोक्ति युवराज पृथ्वीनारायण शाहको जीवन तथा चरित्रमा सार्थक भएको थियो। यिनका आफ्नै भाइमा पनि यस्तो प्रतिभा पाइएको छैन।

राजा पृथ्वीनारायण शाहले पनि लेखपढसम्बन्धी खास शिक्षा भने प्राप्त गरेको देखिँदैन। यिनी सामान्य लेखपढ गर्न मात्र सक्थे। यिनका हस्ताक्षरहरु अझैसम्म पनि भेटिन सकेका छैनन्। यिनी 'सप्तशती' वा 'चण्डी'लाई "सात सय मन्त्रहरु भएको राजपुस्तक" भनी आदर गर्ने गर्थे र बेलाबेलामा यसको पाठ पनि गर्ने गर्थे। गोरखा राज्यका प्रसिद्ध पण्डितहरु राजभवनमा आएर राजपरिवारका सदस्यहरुलाई रामायण, महाभारत तथा अन्य पुराणहरु कथाहरु सुनाउने गर्थे। उनीहरु 'शुक्रनीति', 'चाणक्यनीति' तथा 'विदुरनीति' आदि राजनीतिशास्त्रका कथाहरुलाई पनि पुराणका कथाहरुलाई जस्तै रोचक शैलीमा सुनाउने गर्थे। विशेष प्रतिभाशाली व्यक्ति भएकाले युवराज पृथ्वीनारायण शाहले मौखिक रुपमा सुनाइएका नीतिशास्त्रका यस्ता कथाहरुलाई सजिलैसँग ग्रहण गर्न सकेका थिए। तर यिनका आफ्ना भाइहरुले ग्रहण गर्न सकेको देखिँदैन।

यथोचित अवसरको पहिचान गरी नचिनीकन नै त्यस अवसरको सदुपयोग गर्न सक्ने क्षमताको विकास राजा पृथ्वीनारायण शाहमा भरपूर मात्रामा थियो। आफ्नो देशका नागरिकलाई अनावश्यक रुपमा दुःख दिनुहुँदैन भन्ने कुराको विवेक राख्नु यिनमा रहेको अर्को महत्वपूर्ण गुण हो। धार्मिक मामिलामा पनि यिनी त्यति कट्टर देखिँदैनन्। आधा रात ढल्किइसकेपछि, जति बेला यिनले काठमाडौं सहरमा आफ्नो अधिकार स्थापित

गरी राजभवन अगाडिको डबलीमा राखिएको कान्तिपुर राज्यको राजसिंहासनमा पदार्पण गरेका, त्यति बेला राजा जयप्रकाश मल्ल यात्राका क्रममा रहेको कुमारीको रथलाई बीचबाटामै अलपत्र छोडेर आफ्ना दलबलसहित राजधानी काठमाडौं सहरको दक्षिणतर्फ रहेको प्रवेशद्वारबाट ललितपुर राज्यतर्फ पलायित थिए। यो समाचार प्राप्त भएपछि राजा पृथ्वीनारायण शाहले आफ्ना एक जना भाइलाई आफ्ना प्रतिनिधिका रुपमा नियुक्त गरी कुमारीको रथको साथसाथै सहरका बाँकी भागहरुको परिक्रमाका निमित्त पठाएर प्रचलित परम्पराअनुसार बिहान उज्यालो हुँदा वा नहुँदा नै कुमारीको रथलाई हनुमानढोका राजभवनको परिसरमा ल्याइपुऱ्याइदिएका थिए।

प्रचलित परम्पराअनुसार कुमारीलाई उनको आवासभित्र प्रवेश गराएपछि राजाले गएर उनको पाउमै ढोग गर्नु र उनको हातबाट टीका तथा प्रसाद पनि ग्रहण गर्नु पनि अत्यावश्यक मानिँदै आइरहेको थियो। कान्तिपुर राज्यका मल्ल राजाहरुले चलाएको यस परम्पराको अनुसरण गर्दै राजा पृथ्वीनारायण शाहले पनि कुमारीलाई तत्कालै उनको पाउमै ढोग गरी उनबाट टीका तथा प्रसाद पनि ग्रहण गरेका थिए। "कुमारी भनेकी बाँडाकी छोरी हुन् नि, यिनलाई किन ढोग गर्नुपऱ्यो?" भनी यिनले कुमारीको अवहेलना कहिल्यै गरेनन्। मल्ल राजाहरुले कसरी कुमारीप्रति सम्मान प्रकट गर्दै आइरहेका थिए, त्यसै गरी यिनले पनि जीवनभर कुमारीहरुप्रति आदरभाव प्रकट गर्दै रहेको पाइन्छ। यदि यसै बेला यिनले यस परम्पराको अनुसरण नगरिदिएका भए यिनी गोरखाका मात्र राजा हुने थिए, आम नेपाली नागरिकका श्रद्धाका पात्र हुन सक्ने थिएनन्। नेवारी संस्कृतिको संरक्षण पनि यिनको हातबाट हुन सक्ने थिएन। यही एउटा सामान्य घटनाले पनि यिनको महानताका साथसाथै विवेकशीलताको परिचय सजिलैसँग प्राप्त गर्न सकिन्छ।

तर शिक्षित तथा विवेकशील व्यक्तिका सन्तानहरु शिक्षित तथा विवेकशील नै हुन्छन् भन्ने कुनै प्राकृतिक नियम रहिआएको छैन। यसैअनुसार राजा पृथ्वीनारायण शाहका जेठा छोरा युवराज प्रतापसिंह शाह पनि यिनी जस्तै सचेत तथा व्यवहारकुशल हुन सकेको पाइँदैन। हुन त भनिन्छ, युवराज प्रतापसिंह शाहले केही मात्रामा संस्कृत शिक्षा

पनि आर्जन गरेका थिए तर राजनीतिक पटुता भने यिनमा कत्ति पाइँदैन। वाममार्गी शैवतान्त्रिक सम्प्रदायमा अनुरूक्त भई यिनले आफ्नो तनमनलाई अत्यन्त कमजोर बनाइदिएकाले रोगग्रस्त भई पौने तीन वर्षजति मात्र राज्यभोग गरी २६ वर्षको जल्दोबल्दो जवानी अवस्थामै यिनी दिवङ्गत भए। लडाइँझगडाप्रति यिनको कत्ति पनि दिलचस्पी थिएन। तैपनि तनहुँ राज्यको चितौन प्रदेश यिनको राज्यकालमा नेपाल अधिराज्यमा समाहित थियो। तर यो काम यिनको आफ्नो व्यक्तिगत पुरूषार्थले नभएर राजा पृथ्वीनारायण शाहले स्थापना गराएको सशक्त सैन्यबलको प्रभावले गर्दा सफल भएको थियो।

आफ्ना छोराहरुको समुचित शिक्षाका निमित्त उपयुक्त शिक्षकहरुको प्रबन्ध मिलाउन राजा पृथ्वीनारायण शाहलाई निकै समस्या पर्न आएको थियो। महारानी चन्द्रप्रभावतीले यिनलाई जुन किसिमको शिक्षा प्रदान गरेकी थिइन्, त्यस्तो शिक्षा महारानी नरेन्द्रलक्ष्मीले आफ्ना छोरा युवराज प्रतापसिंह शाहलाई प्रदान गर्न सकिरहेकी थिइनन्। आफूले अनुकूल समय मिलाउन नसकेर हो वा युवराज प्रतापसिंह शाहमै शिक्षाप्रति खास अनुराग नभएर हो, राजा पृथ्वीनारायण शाहले आफ्ना युवराज तथा राजकुमार बहादुर शाहको पनि शिक्षादीक्षातर्फ समुचित ध्यान पुऱ्याउन सकिरहेको पाइँदैन। एकीकरणका अभियानहरुमा निरन्तर लागिरहनुपरेकाले नै होला, आफ्ना छोराहरुको शिक्षादीक्षातर्फ यिनले समुचित ध्यान दिन पाएका थिएनन्।

बाध्य भएर नै यिनले आफ्ना युवराजलाई शिक्षा दिने काममा संस्कृत शिक्षा आर्जन गरेका परम्परागत पण्डितहरुलाई लगाइदिएका थिए। तर गोरखा राज्यमा पहिले जस्ता योग्ययोग्य शिक्षक थिए, त्यस्ता शिक्षक अहिले नुवाकोटमा उपलब्ध थिएनन्। नियुक्त गरिएका शिक्षकहरुले पनि युवराजलाई नीतिशास्त्र तथा व्यवहारशास्त्रसम्बन्धी उपयुक्त शिक्षाहरु प्रदान नगरेर आफूले पढेका तथा जानेका संस्कृतका शृङ्गार रसका काव्यहरु मात्र पढाई यिनलाई रसिक प्रवृत्तिका बनाइदिएका थिए। संस्कृत शिक्षा आर्जन गरेका पण्डितहरुले आफ्ना युवराजहरुलाई समुचित शिक्षा प्रदान गर्न नजानेकाले नै होला?

यिनले आफ्ना कान्छा छोरा राजकुमार बहादुर शाहलाई भने संस्कृत पढेका पण्डितहरुको जिम्मामा नलगाएर प्रायः आफ्नो साथमै राख्ने गरेको पाइन्छ।

आफूले आफ्नो जीवनकालको अन्तिम समयमा दिएको प्रसिद्ध व्याख्यानमा राजा पृथ्वीनारायण शाहले "पूर्व एवम् पश्चिमका खस तथा बाहुनहरुलाई कर्मचारीका रुपमा राजभवनभित्र प्रवेश नगराउनू" भनेका छन्। पूर्विया, चौदण्डी राज्यतर्फबाट आएका सरदार स्वरुपसिंह कार्कीलाई आफ्ना युवराजका अङ्गरक्षक र पश्चिमा, तनहुँ राज्यका व्रजनाथ पौडेललाई उनका गुरू बनाइदिएकाले नै राजभवनमा अस्तव्यस्तता छाएको हो र आफ्ना युवराज कर्तव्यपथहरुबाट विचलित भएका हुन् भन्ने निश्चय गरी आइन्दा यस्तो नहोस् भनी आफ्नो अन्तिम उपदेशमा यिनीबाट यस्तो उद्‌गार व्यक्त गरिएको पाइन्छ।

"उपत्यकाभित्रका तीन सहरहरु भनेका त चिसा ढुङ्गा जस्ता रहेछन्, यहाँभित्र त खेलखालहरु मात्र हुँदा रहेछन्। यहाँका मानिसहरु कुवा (इनार)को पानी खाने रहेछन्। कुवाको पानी खानेहरुको बुद्धि पनि हुँदो रहेनछ र यहाँका मानिस शूरा पनि हुँदा रहेनछन्। यसैले मेरो मनसुबा त दहचोकको डाँडामा आफ्नो दरबार बनाउँला र सोखसयलका निमित्त कहिलेकाहीँ मात्र यहाँ आउँला, अघिपछि त्यहीँ बसौंला भन्ने मनमा लागेको थियो" भनेर पनि राजा पृथ्वीनारायण शाहले आफ्नो उपर्युक्त उपदेशमा उद्‌गार व्यक्त गरेका छन्। यसबाट यिनको स्वभाव कति सरल तथा निश्छल रहेको थियो भन्ने सजिलैसँग थाहा हुन आएको छ। यसबाट काठमाडौं सहरको वास्तविक राजनीतिक अवस्था पहिले थाहा नभएको, यहाँ राजभवन बनाइसकेपछि मात्र यिनलाई यहाँको वास्तविक वस्तुतथ्यको बोध भएको पाइन्छ।

पहाडी क्षेत्रहरुमा हुर्केबढेका गोरखाली नागरिकका निमित्त काठमाडौं उपत्यकाको हावापानीभन्दा दहचोक डाँडाको हावापानी अनुकूल भएकाले वास्तवमा दहचोक नै नवगठित नेपाल अधिराज्यको राजधानी बनाउनका निमित्त उपयोगी थियो। काठमाडौं सहरलाई राजधानी बनाएमा आफ्ना भाइभारदार, गुरूपुरोहित तथा अन्य कर्मचारीका आवासहरु पनि यहीँ बन्न थाल्ने भएकाले यसबाट यहाँको जनआबादी बढ्दै आई यहाँका

उर्वर जमिनहरु मासिँदै जान्छन् र यहाँका निमित्त अत्यावश्यक अन्नपातहरुको कमी हुन्छ भन्नेमा यिनी चिन्तित रहन थालेको पाइन्छ।

तर उपत्यकाभित्र समतल मैदानमा आएर एक पटक बसिसकेपछि यहाँका समतल मैदानहरुमा हिँड्ने बानी परेका कसैलाई पनि दहचोकको डाँडामा उक्लने मन भएन र काठमाडौं सहर नै नेपाल अधिराज्यको राजधानीका रुपमा कायमै रह्यो। पछि राजा प्रतापसिंह शाह तथा यिनका उत्तराधिकारीहरुले पनि यस सहरलाई नै आफ्नो राजधानीका रुपमा मान्यता दिइरहँदा सहरका वारिपरि रहेका समतल मैदानहरुमा क्रमशः सहरी क्षेत्रहरुका रुपमा विस्तारित हुँदै आए। यसरी सहरी क्षेत्रहरुको विस्तार हुँदै आएपछि यहाँका पहिलेका मल्ल राजा तथा उनका भारदारहरुमा पनि जेजस्ता अवगुण थिए, तिनमा पूर्व तथा पश्चिमका अन्य राज्यका भारदारहरुमा रहेका दुर्गुणहरु पनि मिसिन आए। यसबाट यो सहर पछि त अनेकौं जालझेल तथा शृङ्खलाबद्ध षड्यन्त्रहरुको अखडा बन्न आयो।

पूर्व तथा पश्चिमका अन्य पहाडी राज्यका राजाहरुमा रहेका बैगुनहरुमा मुख्य रहेको थियो— राजपरिवारका सदस्यहरुका बीचमा सदा चलिरहने गृहकलह। गोरखा राज्यको राजभवनमा भने यो रोग प्रायः थिएन। आफ्नो राजभवनमा एक पटक यो रोग देखापर्दा महारानी चन्द्रप्रभावतीले देशबाहिर पलायित भएका आफ्ना असन्तुष्ट भैयादहरुलाई स्वदेशमै फिर्ता बोलाएर कसैलाई जीवनवृत्ति तथा कसैलाई जागिर पनि दिई आफ्नो राज्यप्रति बफादार बनाइदिएकी थिइन्। राजा पृथ्वीनारायण शाहको राज्यकालसम्ममा पुराना भैयादहरु प्रायः सबै गुज्रिसकेका थिए। तर यिनका आफ्ना भाइहरु यिनीदेखि क्रमशः बिखन्डिन थालेकाले यिनले बडो युक्तिसँग उनीहरुलाई थामथुम पारेका थिए।

राजा पृथ्वीनारायण शाहका मामा उद्योत सेनले यिनलाई "ठकुरीहरुलाई भरसक सैनिक सेवामा नलिनू, लिएमा उनीहरुले पछि दगा गरिदिनेछन्" भन्ने सल्लाह दिएका थिए। यसैले यिनले खस, मगर तथा गुरूङहरुलाई मात्र आफ्ना सैनिकहरुका रुपमा भर्ना लिने गरेका थिए। तैपनि प्रायः निजामती काममा र भैपरी आउँदा मात्र लडाइँका

मोर्चाहरुमा आफ्ना भाइहरुलाई पठाउने गरेका थिए। काठमाडौं सहरमाथि अधिकार स्थापित गर्दा यिनले आफ्ना सबै भाइहरुलाई सहभागी गराएका थिए। तर भक्तपुर सहरमाथि अधिकार स्थापित गर्दा भने यिनले "नुवाकोटमा गएर भगवतीको उपासना तथा पुरश्चरण पनि गर्दै रहनू" भनी आफ्ना भाइहरुलाई सैनिक अभियानमा सम्मिलित हुनबाट रोकेर राखिदिएका थिए। यति गर्दागर्दै पनि यिनका कान्छा भाइ राजकुमार शूरप्रताप शाह भने अटेर भई बलपूर्वक राजधानी काठमाडौंमा उत्रिएकाले बाध्यताले गर्दा नै यिनलाई युद्धमोर्चामा पठाइदिएका थिए। लडाइँका मोर्चाहरुमा देखाइएको यिनको अत्यधिक उत्साहले गर्दा युद्धकालमा भक्तपुर सहरमा अनपेक्षित रुपमा आगो लगाइएको र निहत्था नागरिकमाथि गोली बर्साइएको थियो। यसले गर्दा यस अभियानमा वृद्ध, बालक तथा अबलाहरुसमेत गरी अत्यधिक मात्रामा जनधनको क्षति भएको थियो।

भक्तपुर विजयपछि यस विजयको प्रमुख श्रेय पक्कै पनि आफूले नै पाउँछु भन्ने राजकुमार शूरप्रताप शाहको उम्मेद थियो। तर राजा पृथ्वीनारायण शाहले यिनको यस उम्मेदको विपरीत भक्तपुर विजयको 'खिल्लत' तथा 'शिरोपाउ' पनि यिनलाई नदिएर अर्का सेनापति काजी वंशराज पाँडेलाई दिलाइदिए। यसबाट रूष्ट भई यिनी सुरूमा त गोरखामा गइ बसेका र पछि त्यहाँबाट पनि पलायित भई सबै चौबीसे राज्यहरुलाई पार गरेर दुल्लु राज्यमा गई यिनले आफ्नो बाँकी जीवन त्यहीँ बिताएको पाइन्छ।

यस्तै यिनका माइला भाइ राजकुमार महोद्दामकीर्ति शाह पनि आफ्ना दाजुदेखि अप्रसन्न थिए। यिनले सम्भवतः मकवानपुर क्षेत्रको प्रशासक बन्ने चाहना राखेका थिए। यिनले आफ्नो यही चाहना प्रच्छन्न रुपमा आफ्ना दाजुका समक्षमा व्यक्त गर्दा राजा पृथ्वीनारायण शाहले यिनलाई कडाइका साथ हप्काइदिएका थिए। यसबाट असन्तुष्ट भएका राजकुमार महोद्दामकीर्ति शाह यिनीदेखि रूष्ट भई यिनको अन्तिम समयमा विभिन्डिएर कास्की राज्यमा, राजा सिद्धिनारायण शाहको आश्रयमा पुगेका थिए। यसरी आफ्ना भाइहरुलाई नियन्त्रणमा राख्न राजा पृथ्वीनारायण शाहलाई हम्मेहम्मे परेको थियो। तापनि यिनले आफ्ना भाइहरुलाई भरसक हात लिएर, समयसमयमा

यिनीहरुबाट आवश्यक काम पनि लिने गरेका थिए। आफ्ना काइँला भाइ दलजित शाहलाई त यिनले 'काजी'को पद पनि प्रदान गरेका थिए।

भाइभाइको बीचमा भएको फुटको वास्तविक असर त राजा प्रतापसिंह शाहको राज्यकालमा आएर अझै चर्को रुपमा देखापर्न आयो। यिनका कान्छा काका शूरप्रताप शाह पश्चिमतर्फ लागेर लगभग अज्ञातवासतर्फ लागिसकेका थिए। तैपनि यिनका अन्य तीन जना काकाहरु मौजुदै थिए। यिनका आफ्नै सहोदर भाइ राजकुमार बहादुर शाह पनि होनहार नवयुवकका रुपमा उपस्थित हुन आइपुगेका थिए। यस स्थितिमा यी सबै राजकुमारलाई आफ्नो अनुकूल बनाएर अधिराज्यको एकीकरण अभियानलाई निरन्तर अघि बढाउनु अत्यावश्यक अनुभव भइरहेको थियो। तर "सबै राजकुमारलाई नियन्त्रणमा ल्याउनु सम्भव छैन" भन्ने निष्कर्ष निकाली यिनले आफ्नो मानसिक कमजोरीलाई प्रकट गरिदिँदा यस कमजोरीबाट लाभ उठाई यिनका मन्त्री तथा सल्लाहकारले राजा पृथ्वीनारायण शाहको देहान्त हुनेबित्तिकै राजकुमार बहादुर शाह तथा काजी दलजित शाहलाई पनि नजरबन्द गर्न भनी तत्कालै नुवाकोटमा सैनिकहरु पठाइदिए। यसैअनुसार आफ्ना पिताको आशौच बारी बसेका राजकुमार बहादुर शाह एकाएक नजरबन्द गरिए र नजरबन्द अवस्थामै यिनले आफ्ना पिताका १३ दिनसम्मका काजकिरिया सम्पन्न गरे। काजी दलजित शाह त्यहींबाटै पलायित भएर बेपत्ता भएकाले यिनको सर्वस्वहरण गरियो।

नयाँ राजाको दर्शन गर्न भनी प्रवासबाट फर्केर राजधानी काठमाडौंमा आइपुगेका राजकुमार दलमर्दन शाह पनि नजरबन्दमा राखिए। यसको केही समयपछि राजकुमार दलमर्दन शाह तथा राजकुमार बहादुर शाहलाई पनि राजा प्रतापसिंह शाहबाट "मुगलानमा गएर बस्नू" भन्ने आदेश भएकाले यिनीहरु प्रवासतर्फ लागे। राजा प्रतापसिंह शाहको यिनीहरुसित यसपछि पनि पत्राचारहरु चल्दै रहेको पाइएकाले प्रवासमा रहँदा यिनीहरुलाई नेपाल सरकारका तर्फबाट केही जीवनवृत्ति दिने गरेको

झलक पाइन्छ। कार्यकारणले गर्दा विरोध परे पनि राजा प्रतापसिंह शाहको यिनीहरुमाथि व्यक्तिगत द्वेष भने देखिँदैन।

जति बेला कास्की तथा लमजुङ राज्यका राजाहरुसँग नेपाल अधिराज्यको तीव्र कलह चलिरहेको थियो, त्यति नै बेला तनहुँ राज्यअन्तर्गत रहेको चितौनमा इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीको आँखा गडिरहेको थाहा पाएर राजकुमार बहादुर शाहले प्रवासबाट नै "चितौनमा अधिकार गर्ने अहिलेको समुपयुक्त अवसरलाई यत्तिकै गुमाउनु उपयुक्त हुँदैन, अन्यथा यो प्रदेश अङ्ग्रेजको हातमा पर्न सक्छ" भनी आफ्ना दाजुका नाममा अर्जीपत्र लेखी पठाउँदा यिनले आफ्ना सैनिकहरु पठाई चितौन प्रदेशमा आफ्नो अधिकार स्थापित गराइदिएका थिए।

यतिन्जेल पनि राजा प्रतापसिंह शाहका आफ्ना भाइ तथा काकाहरुसँगको पारिवारिक सम्बन्धमा त्यति कटुता आइसकेको थिएन। तर महारानी राजेन्द्रलक्ष्मीको प्रशासनकाल आरम्भ भएपछि भने नेपाल अधिराज्यको राजभवनभित्र फैलिएको गृहकलहले निकै उग्र रुप ग्रहण गर्न थालेको पाइन्छ।

४.४ तात्कालिक प्रमुख प्रशासकहरुबारे थप विश्लेषण

राजा प्रतापसिंह शाहको देहान्त हुनेबित्तिकै आफ्ना विरोधीहरुको दमन गर्ने उद्देश्यअनुसार महारानी राजेन्द्रलक्ष्मीले प्रारम्भमा त प्रवासमा गएर निर्वासित जीवन बिताइरहेका आफ्ना देवर राजकुमार बहादुर शाहलाई प्रवासबाट स्वदेशमै फिर्ता बोलाएकी थिइन्। तर आफ्नो स्वार्थ पूरा हुनासाथ यिनले आफ्ना देवरलाई फेरि पनि नजरबन्दमा राखिदिइन्।

आफ्ना देवरप्रति यिनमा थोरै मात्रामा भए पनि सद्भाव तथा सहानुभूति भइदिएको भए यिनले राजकुमार बहादुर शाहलाई गोरखा वा देशकै अन्य कुनै उपयुक्त ठाउँमा पठाएर राखिदिने थिइन्। यसबाट भाउजू तथा देवरका बीचमा रहेको आपसी कलहले त्यति उग्र रुप लिन पाउने थिएन। तर कुनै पनि किसिमको शिक्षा प्राप्त गर्न नपाएकी महारानी राजेन्द्रलक्ष्मीले आफ्ना विश्वस्त मन्त्री काजी सर्वजित रानाको सल्लाहमा लागी राजकुमार बहादुर शाहलाई अनावश्यक रुपमा नजरबन्द गरेर राजभवनको एउटा अँध्यारो कोठाभित्र थच्याइदिइन्। पछि बनारसबाट आएर राजगुरू गजराज मिश्रले यिनलाई नजरबन्दबाट मुक्त गराउने प्रयास गर्दा मुगलानमा गएर बस्ने सर्तमा नजरबन्दबाट मुक्त गराइदिइन्। यति भएर पनि यिनलाई राजधानीबाट तत्कालै कतै पठाइदिइहालेको भए पनि सम्भवतः देवरभाउजूबीचको विवादले त्यति चर्को रुप लिन पाउने थिएन। तर यिनले यस काममा अनपेक्षित रुपमा उपेक्षा गरिदिँदा घटनाक्रमले अर्के मोड लिन पुगेको थियो।

यत्तिकैमा महारानी राजेन्द्रलक्ष्मी आफ्ना स्वर्गवासी पतिको बरखीसम्म पनि सम्पन्न नहुँदै आफू घोडामा सबार भई र आफ्ना केटी सुसारेहरुलाई पनि घोडामै सवार गराई

सहरबजारमा यत्रतत्र स्वच्छन्दतापूर्वक घुमफिर गर्न थालिन्। यही काम यिनले यदि उचित उद्देश्यका निमित्त उचित समयमा गरिदिएकी भए नेपाल अधिराज्यका भाइभारदाका अर्धाङ्गिनीहरु यिनका पछिपछि लाग्ने थिए र वीरङ्गना भएर निस्कन सक्ने थिए, यसमा कुनै पनि सन्देह छैन। तर यिनले आफ्ना अनपेक्षित सानसौकतहरु देखाउन असमयमै आफ्ना यस किसिमका उच्छृङ्खल स्वभाव तथा चरित्रहरु देखाइदिएकी थिइन्। यसले गर्दा राजा पृथ्वीनारायण शाहको कडा अनुशासनमा रहँदै आएका देशका पुराना भाइभारदार यिनीदेखि असन्तुष्ट हुनु स्वाभाविकै थियो।

यसै स्थितिमा राजा पृथ्वीनारायण शाहका विश्वस्त भारदार काजी श्रीहर्ष पन्तले अघि सरी "सर्वजित रानासँग महारानीको सन्दिग्ध सम्बन्ध रहँदै आएको छ" भन्ने हल्ला फिँजाइदिए। उपयुक्त मौकाको प्रतीक्षामा बसिरहेका राजकुमार बहादुर शाहले यस अवसरबाट लाभ उठाई राजभवनभित्र नै सेवारत गरेका केटी कमारीलाई आफ्नो पक्षमा मिलाएर काजी सर्वजित रानालाई कटाई महारानी राजेन्द्रलक्ष्मीलाई चाँदीको नेल ठोकेर राजभवनभित्र नै कैद गरी नेपाल अधिराज्यको प्रमुख प्रशासकनको अधिकार बलपूर्वक नै आफ्नो हातमा लिइदिए। राजनीतिक प्रतिस्पर्धाले गर्दा नै राजकुमार बहादुर शाहले यति बेला यिनीमाथि यस्तो आरोप लगाइदिएका थिए। आफ्नी भाउजूमाथि अपवाद लगाउनु राजकुमार बहादुर शाहको पनि ठूलो भूल प्रमाणित हुन आएको छ।

"आफ्ना भाइभारदारलाई कुनै हालतमा पनि नमार्नू, मार्नैपर्ने भएमा बरू उनीहरुलाई लडाइँका मोर्चाहरुमा पठाइदिनू" भन्ने राजा पृथ्वीनारायण शाहको नीति तथा निर्देशन पनि रहेको थियो। उनले स्वयम् त यस नीतिको पालना पनि गर्दै थिए। राजकुमार बहादुर शाहले भने आफ्ना पिताको यस नीतिको उल्लङ्घन गरी काजी सर्वजित रानालाई अनावश्यक रुपमा कटाइदिँदा शाहकालमा भाइभारदारको हत्या गर्ने एउटा शृङ्खलाबद्ध घटिया परम्परा सुरू भयो र काजी भीमसेन थापाको प्रशासनकालको प्रारम्भमा आएर यस परम्पराले अझै उग्र रुप धारण गऱ्यो।

देवरभाउजूबीच विवाद पैदा हुनुको मूलकारण पनि सामान्य थियो। राजकुमार बहादुर शाह आफ्ना पिताका नीति तथा कार्यक्रमअनुसार छिटोभन्दा छिटो गोरखादेखि पश्चिमतर्फ रहेका चौबीसे राज्यहरुलाई नेपाल अधिराज्यमा समाहित गराइहाल्न हतारिइरहेका थिए। महारानी राजेन्द्रलक्ष्मी भने तत्कालै यस किसिमका झमेलाहरुमा फँसिहाल्ने मनस्थितिमा थिइनन्। आरमका साथ चैनका बाँसुरीहरु बजाइरहने पक्षमा यिनी उपस्थित थिइन्। "आफ्नै बालक छोरा राजा रणबहादुर शाह पछि ठूला हुनेछन् र उनले नै आफ्नो अधिराज्यको विस्तार गराउनेछन्" भन्ने नारीसुलभ विचार लिई लडाइँझगडासम्बन्धी गतिविधिहरु सञ्चालन गर्नबाट रोक्नका निमित्त यिनले आफ्ना देवर राजकुमार बहादुर शाहलाई नजरबन्द गराइदिएकी थिइन्। राजकुमार बहादुर शाहको हातमा नेपाली सैनिकहरु परेमा स्वयम् नै अधिनायक बनी उनले आफू तथा आफ्ना बालक छोरालाई पनि दबाइदिने हुन् कि भन्ने महारानी राजेन्द्रलक्ष्मीलाई ठूलो डर थियो।

यसै डरअनुसार महारानी राजेन्द्रलक्ष्मीले राजकुमार बहादुर शाहलाई नियन्त्रणमा लिनका निमित्त नै काजी सर्वजित रानालाई अघि सारिदिएकी थिइन्। यिनको चाहनाअनुसार नै काजी सर्वजित रानाले आफ्ना कामकारबाही सञ्चालन गरेका थिए। यिनको खास अपराध केही पनि थिएन। वास्तवमा यति बेलाका नेपाली भारदारहरुले राजपरिवारभित्रका आपसी कलहरुमा सहभागी नहुने नीतिलाई अवलम्बन गर्दै आइरहेको थियो। जो व्यक्ति राजशक्तिमा आउँछ, उसलाई नै आदरपूर्वक मान्ने र देशको हित हुने कामकुरा मात्र आफ्ना हातमुखबाट गर्थे। कुनै नेपाली भारदार पनि देशको अहित हुने कामकुराको कल्पनासम्म पनि गर्न सक्दैनथे।

महारानी राजेन्द्रलक्ष्मीलाई नियन्त्रणमा लिएपछि बहादुर शाह आफ्नो स्वभाव तथा प्रवृत्तिअनुसार तत्कालै तनहुँ राज्यमाथि आक्रमण गर्न आफ्ना सैनिक तयारीहरु सुरू गर्न थालिहाले। यस कामका निमित्त यिनले स्वयम् नै युद्धक्षेत्रमा उपस्थित हुनुपर्ने परिस्थिति पैदा हुन आएको थियो। यसैले यिनले प्रवासमा रहेका आफ्ना काका भूतपूर्व चौतारा महोद्दामकीर्ति शाहका छोरा चौतारा बलभद्र शाहलाई राजभवनको हेरचाह गर्ने अभिभारा

सुम्पिई लडाइँको मोर्चातर्फ जानुपरेको थियो। यसै मौका छोपी महारानी राजेन्द्रलक्ष्मीले निर्वासनमा रहेका आफ्ना माइला ससुरा भूतपूर्व चौतारा महोद्दामकीर्ति शाहलाई सुटुक्क राजधानी काठमाडौंमा बोलाइदिएकी थिइन्। यसअनुसार उनी राजधानी काठमाडौंमा फर्केर आउँदा आफ्ना पितालाई रोक्ने आँट चौतारा बलभद्र शाहले गर्न सकेनन्। राजधानीमा आइपुग्नेबित्तिकै महोद्दामकीर्ति शाहले "राजमाता जस्ती सम्मानित व्यक्तिलाई नजरबन्दमा राख्नु अन्याय भयो, यिनीमाथि उचित न्याय हुनुपर्छ" भनी हल्लीखल्ली मच्चाइदिँदा कुनै भारदारले पनि यस आह्वानको विरोधमा बोल्ने आँट गर्न सकेनन्।

भूतपूर्व चौतारा महोद्दामकीर्ति शाहकै निर्देशनअनुसार न्यायको नाटकको मञ्चन हुँदा महारानी राजेन्द्रलक्ष्मी निरपराध ठहरिइन् र यिनले नजरबन्दबाट मुक्ति पनि पाइन्। यस निर्णयलाई स्वीकार गर्न राजधानी काठमाडौंमा रहेका सबै भाइभारदार विवश भए। यसबाट नेपाल अधिराज्यको राज्यप्रशासनको मुख्य बागडोर फेरि पनि स्वतः नै महारानी राजेन्द्रलक्ष्मीको हातमा पर्न आयो। लडाइँको मोर्चामा पुगेका राजकुमार बहादुर शाह त्यहींबाटै विदेशतर्फ पलायित हुन विवश भए। नेपाल अधिराज्यभित्र घटेको यस घटनाबाट तनहुँ राज्यका राजा हरकुमारदत्त सेनले हर्षमनाउ गर्नु स्वाभाविकै थियो।

उपयुक्त शिक्षाका कमीले गर्दा नै राजकुमार बहादुर शाह अनपेक्षित रुपमा काजी सर्वजित रानाको हत्याकाण्डमा फसेका थिए। आफ्ना पिताका नीतिलाई अनुसरण गरेर अघिल्लो पटकमा जस्तै अहिले पनि यिनले केही दिन मात्र नजरबन्दमा रहिदिएका भए उचित समय आउनेबित्तिकै यिनले आफ्नो पद तथा प्रतिष्ठा पनि यथावत् रुपमा फिर्ता पाउने थिए। यसका निमित्त धेरै दिन पर्खिरहनुपर्ने परिस्थिति थिएन। चौबीसे राज्यका राजाहरु गोरखामाथि आक्रमण गर्न जम्जमाइरहेका थिए। उनीहरुको आक्रमण भएको स्थितिमा यिनलाई बन्धनमुक्त नगरी महारानी राजेन्द्रलक्ष्मीलाई सुख थिएन।

महारानी राजेन्द्रलक्ष्मीले पनि कुनै किसिमको औपचारिक शिक्षा प्राप्त गरेकी थिइनन्। बालककालमा आफ्नी सासू नरेन्द्रलक्ष्मीका साथमा रहँदा यिनको स्वभाव तथा

चरित्रमा पनि केही दह्रिलोपनाको विकास भएको थियो। यसैले नै आफ्नो अधिराज्यमाथि जाइलाग्ने चौबीसे राज्यका राजाहरुलाई यिनले सहजै धपाइदिने आँट गरेकी थिइन्। तर आफ्ना अधिराज्यका योग्यतम भारदार राजकुमार बहादुर शाह अधिराज्यबाटै निर्वासित गराइएकाले नेपाल अधिराज्यको एकीकरणको अभियान भने रोकिएको रोकियै हुन आएको थियो। तैपनि चौतारा बलभद्र शाह आदि अन्य भाइभारदारले आफूहरुमाथि आइलागेका शत्रु सैनिकहरुलाई नियन्त्रणमा लिई उनीहरुलाई लखेट्दै जाँदा यिनको प्रशासनकालमा नेपाल अधिराज्यको केही मात्रामा विस्तार पनि हुन आएको थियो। यति बेला राजकुमार बहादुर शाह स्वदेशमै भइदिएको भए अहिले नेपाल अधिराज्यको मानचित्र अर्कै हुने थियो, यसमा कुनै सन्देह छैन।

आफूमा रहेको क्रोधलाई दबाउन नसक्नु नै महारानी राजेन्द्रलक्ष्मीमा रहेको ठूलो अवगुण प्रमाणित हुन आएको छ। राजा पृथ्वीनारायण शाह मात्र यस किसिमका अवगुणहरुबाट मुक्त थिए। आफूमा रहेको क्रोधलाई दक्षतापूर्वक नियन्त्रण गरी आफ्ना विपक्षीहरुलाई पनि हात लिन सक्ने विशेष किसिमको क्षमता त राजा पृथ्वीनारायण शाहमा मात्र रहेको थियो। राजा रणजितसिंह मल्लसँग जति बेला यिनको सशस्त्र युद्ध चलिरहेको थियो, त्यति बेला पनि यिनलाई मीतबाबा भन्न छाडेका थिएनन्। यस्तै राजा जयप्रकाश मल्लसँग पनि यिनको तीव्र राजनीतिक प्रतिस्पर्धा चलिरहेको थियो। व्यवहारमा भने यिनी उनीसँग सधैं नै मित्रता प्रकट गरिरहेका हुन्थे। राजकुमार बहादुर शाह तथा महारानी राजेन्द्रलक्ष्मीमा भने यस्ता उदात्त गुण पाइँदैनन्।

राजकुमार बहादुर शाहले भारतको बेतियामा गएर शरणार्थीको जीवन बिताइरहेको पनि महारानी राजेन्द्रलक्ष्मीलाई सह्य थिएन। यिनको दमन गर्न नै महारानीले बेतियामा गएर निर्वासित जीवन बिताइरहेका राजकुमार बहादुर शाह तथा भूतपूर्व काजी वंशराज पाँडेलाई पनि आफ्ना बालक छोरा राजा रणबहादुर शाहको व्रतबन्ध समारोहका निमित्त बोलाएकी थिइन्। महारानीको बोलावटअनुसार राजकुमार बहादुर शाह त यथासमयमै आएका थिए तर काजी वंशराज पाँडेले भने निमन्त्रणाअनुसार यहाँ आउन आनाकानी

गरिदिए। काजी वंशराज पाँडेलाई व्रतबन्धका निमित्त आमन्त्रण गर्दा महारानी राजेन्द्रलक्ष्मीले "कास्की राज्यमा आक्रमण गर्नुपर्ने भयो, यस कामका निमित्त पनि तुरून्त नै यहाँ आउनुपऱ्यो" भन्ने सन्देश पठाइदिएकी थिइन्। तर महारानीको उग्र स्वभाव तथा आफ्ना प्रतिस्पर्धी काजी स्वरुपसिंह कार्कीको राजभवनभित्र रहेको चहलपहललाई दृष्टिगत गरी "आऊँ वा नआऊँ" भन्ने दोमन गर्दै यिनी राजा रणबहादुर शाहको व्रतबन्ध समारोह सम्पन्न भइसकेपछि राजधानी काठमाडौंमा आउन त आए। तर आइपुगेको एकडेढ महिनापछि एउटा कल्पित भयङ्कर आरोप लगाई यिनलाई त्यसै दिन रातैमा, राजभवन परिसरमै निर्दयतापूवर्क कटाइयो। यति बेला यिनीमाथि सार्वजनिक रुपमा न कुनै आरोप लगाइयो, न त कुनै पुर्पक्ष नै गरियो। सबै कामकारबाही महारानी राजेन्द्रलक्ष्मी तथा यिनका सल्लाहकारकै निर्णय तथा तजबिजअनुसार सम्पन्न भएका थिए।

यसको केही समयपछि भूतपूर्व काजी स्वरुपसिंह कार्की नेपाल अधिराज्यबाट पलायित भएर पाल्पा राज्यमा, त्यहाँका राजा मुकुन्द सेन (द्वितीय)को आश्रयमा पुगेका थिए। पर्वत राज्यका राजा कीर्तिबम मल्लसँग यिनको राम्रो मैत्रीसम्बन्ध स्थापित थियो। यसै बेला चौदण्डी तथा विजयपुर राज्यका पूर्वराजा कर्ण सेनकी विधवा रानीले मुकुन्द सेन (द्वितीय)का छोरा ध्वजवीर सेनलाई आफ्नो धर्मपुत्रका रुपमा चयन गरेकी थिइन्। यिनै ध्वजवीर सेनलाई साथमा लिएर नेपाल सरकारविरूद्ध सैनिक सहायता माग्न भनी कोलकातामा पुगेकाले पूर्वकाजी स्वरुपसिंह कार्की यिनताक नेपाल सरकारको दृष्टिमा विद्रोही थिए। अङ्ग्रेज सरकारले राजकुमार ध्वजवीर सेनलाई कुनै पनि किसिमको सहयता प्रदान गरेको थिएन। पछि नेपाल अधिराज्यको सिमानापारि मुगलानमा रहेका राजकुमार ध्वजवीर सेन गोरखाली सैनिकहरुको हातबाट मारिएका थिए।

यस दुःखदायी घटनापछि भूतपूर्व काजी स्वरुपसिंह कार्की नेपाल अधिराज्यको सिमानापारि अङ्ग्रेजी राज्यमा यत्तिकै लर्खराएर बसिरहेका थिए। महारानी राजेन्द्रलक्ष्मीले यिनलाई महोत्तरीमा ठूलो बिर्ता दिएकी थिइन्। कास्की राज्यमा आक्रमण

गर्नु नै पर्ने भएपछि महारानी s राजेन्द्रलक्ष्मीले यस सैनिक अभियानका निमित्त यिनलाई फेरि पनि राजधानी काठमाडौंमा झिकाइन्। यिनी यहाँ आएपछि नै काजी वंशराज पाँडे तथा काजी स्वरुपसिंह कार्कीको बीचमा घोर विवाद उत्पन्न भई एकअर्कामाथि परस्परमा दोषारोपण हुँदा काजी स्वरुपसिंह कार्कीको पक्षमा लागेर महारानी राजेन्द्रलक्ष्मीले रातैमा कचहरी बसाई निरपराध काजी वंशराज पाँडेलाई अपराधी ठहर गरी कटाइदिएकी थिइन्। यति बेला महारानी राजेन्द्रलक्ष्मीका मुख्य सल्लाहकार टक्सार भीम खवास थिए। राजपरिवारकै भए पनि चौतारा बलभद्र शाहले यति बेला यिनीभन्दा होचिएर रहनुपरिरहेको थियो।

डेढ वर्षजति अघि राजा प्रतापसिंह शाहको राज्यकालमा नेपाल अधिराज्यबाट पलायित भएका भूतपूर्व काजी दलजित शाहलाई महारानी राजेन्द्रलक्ष्मीले झिकाएर 'चौतारा'को पदमा फेरि पनि नियुक्त गरिदिएकी थिइन्। यसपछि गोरखादेखि पश्चिमतर्फ रहेका कास्की, भिरकोट आदि कालीगण्डकी नदीसम्मका चौबीसे राज्यहरुमाथि आक्रमण गर्न भनी चौतारा दलजित शाह, काजी स्वरुपसिंह कार्की तथा बख्सी अभिमानसिंह बस्नेत आदि प्रमुख सेनानायकहरुको नेतृत्वमा नेपाली सैनिकहरु खटिएर गोरखाबाट पश्चिमतर्फ लागिसकेका थिए। यसै बेला यता राजमाता महारानी राजेन्द्रलक्ष्मी आफूमा लागेको रोगद्वारा ग्रस्त हुन आइन्। यस परिस्थितिमा राजकुमार बहादुर शाहलाई बाहिरै खुलै छोडिएमा यसबाट आफ्ना बालक छोरा राजा रणबहादुर शाहको भविष्यमाथि कुनै किसिमको अनिष्ट आइलाग्ने हो कि भनी यिनले बहादुर शाहलाई एकाएक फेरि पनि नजरबन्द गराइदिइन्। राजधानी काठमाडौंबाट अढाई कोशजति दक्षिणमा रहेको फर्पिङमा यिनी नजरबन्दमा राखिए (विसं १८४३ असार २२ गते, तदनुसार २ जुलाई इसं १७८६)। यो यिनको तेस्रो पटकको निर्वासन तथा नजरबन्दी थियो।

यसको केही दिनपछि नै महारानी राजेन्द्रलक्ष्मीको देहान्त हुँदा राजभवनमा ठूलो हल्लीखल्ली मच्चियो (साउन २ गते, तदनुसार १४ जुलाई)। सर्वप्रथम त टक्सारी भीम

खवासले नै नेपाल अधिराज्यको राज्यप्रशासनको प्रमुख बागडोर आफ्नो हातमा पार्ने असफल प्रयास गरेका थिए तर अधिराज्यका अन्य सबै प्रभावशाली भाइभारदारबाट यिनको यस कदमको तीव्र विरोध हुँदा अन्त्यमा आएर यस अभियानबाट पछि हट्न यिनी विवश भएका थिए। यिनताकसम्ममा यिनी निकै सम्पन्न भइसकेका थिए। यसैले यस विषम परिस्थितिमा राजधानी काठमाडौंमै रहिरहनुभन्दा आफ्ना जेजति भएका धनदौलतहरु लिई यहाँबाट पलायित हुनुमै यिनले श्रेयस्कर सम्झिए। आफ्ना तीन जना छोरा तथा अन्य जहानबच्चासमेत लिई यिनी मुगलानतर्फ पलायित भए। यिनलाई रोक्ने आँट कुनै भारदारले पनि गर्न सकेनन्।

महारानीका आशौचका १० दिनसम्मका काजकिरिया त राजधानी काठमाडौंमा रहेका सबै भाइभारदारको सल्लाह एवम् सहमतिअनुसार चौतारा बलभद्र शाहले नै सम्पन्न गरेका थिए। तर यिनी अलि टाढाको बन्धु भएकाले "स्वर्गवासी महारानीको सपिण्डी श्राद्ध भने राजकुमार बहादुर शाहकै हातबाट सम्पन्न गराइदिनुपर्छ" भनी गुरूपुरोहितहरुबाट आग्रह गरिँदा यिनी नजरबन्दीबाट मुक्त गरिए र यिनकै हातबाट महारानीका बचेका काजकिरिया सम्पन्न गरिए। पछि सर्वसम्मतिअनुसार 'नायब' वा राजप्रतिनिधिका रुपमा यिनी नै नेपाल अधिराज्यका प्रमुख प्रशासकका रुपमा स्थापित हुन आए।

यतिन्जेल चौतारा दलजित शाह तथा काजी स्वरुपसिंह कार्कीको नेतृत्वमा नेपाली सैनिकहरुले कास्की राज्यमाथि आफ्नो अधिकार स्थापित गरिसकेका थिए। सतहुँ, गरहुँ तथा रिसिङ राज्यका राजाहरुले नेपाल अधिराज्यको आश्रयमा आउनका निमित्त आआफ्ना सहमतिहरु जनाइसकेकाले उपर्युक्त सबै राज्यका राजाहरुलाई साथमा लिई बख्सी अभिमानसिंह बस्नेत राजधानी काठमाडौंतर्फ फर्कंदै थिए। यसै बेला राजकुमार बहादुर शाहले आफ्नै हातले नेपाल अधिराज्यको राज्यप्रशासनको प्रमुख बागडोरलाई सम्हालेका थिए। लगत्तै कास्कीमा कार्यरत रहेका आफ्ना चिरप्रतिद्वन्द्वी काजी स्वरुपसिंह कार्कीको हत्या गराउन राजकुमार बहादुर शाहले बालक राजा रणबहादुर शाहको

भाकाबाट लालमोहर लागेको औपचारिक पत्र पठाइदिए। यसैअनुसार उनी त्यहीँ काटिए।

यस घटनाबाट आतङ्कित भएका चौतारा दलजित शाह यसै समयदेखि कास्कीबाट नै पलायित भई बेपत्ता भएकाले यसपछि यिनको नाम नै सुनिन छोड्छ। यसपछि सम्पन्न भएको वार्षिक पजनीमा राजकुमार बहादुर शाहले यतिन्जेलसम्म आफ्ना सहयोगी रहँदै आएका चौतारा बलभद्र शाहलाई पनि पदच्युत गराइदिए। तर महारानी राजेन्द्रलक्ष्मीको सेवामा कार्यरत आफ्ना पिताका विश्वस्त भारदार कपर्दार कालिदास खड्का तथा यिनका सहकर्मीहरुलाई भने यिनले उनका आआफ्नै पदहरुमा थमौती गरिदिए।

शिक्षाको अभावले गर्दा महारानी राजेन्द्रलक्ष्मीले निरपराध काजी वंशराज पाँडेलाई अनाहकमा कटाइदिएकी थिइन् र राजकुमार बहादुर शाहको दमन गर्ने दुश्चेष्टाहरु गरेकी थिइन्। राजकुमार बहादुर शाह पनि शिक्षित व्यक्ति थिएनन्। तर यिनमा ठूलो साहस तथा आत्मबल थियो। यसैले काजी वंशराज पाँडेका भाइ काजी दामोदर पाँडेको सहयोगमा यिनले नेपाल अधिराज्यलाई सुदूरपश्चिम गढवालसम्म विस्तार गराइदिए।

कालीगण्डकी नदीदेखि पश्चिमतर्फका चौबीसे राज्यका राजाहरुमा पाल्पा, पर्वत तथा प्युठानसम्मका चौबीसे राज्यका राजाहरु मात्र विशेष शक्तिशाली थिए। दुल्लु, दैलेख आदि बाइसे राज्यहरु र डोटी, कुमाउँ आदि सुदूरपश्चिममा रहेका पहाडी राज्यका राजा पनि शक्तिहीन अवस्थामा रहेकाले यिनीहरुले नेपाली सैनिकका प्रचण्ड आघातहरुको सफलतापूर्वक सामना गर्न सकेनन् र नेपाल अधिराज्यको विजयध्वजा चाँडै गढवाल राज्यसम्म फर्फराउन थालेको थियो। तर यसैबीचमा गढवाल राज्यमा भएको एउटा सानो लडाइँमा नेपाली पक्षको अप्रत्याशित रुपमा हार हुँदा त्यस क्षेत्रमा ठूलो आतङ्क मच्चिएको थियो। वास्तवमा "दुई ओटा मोर्चामा एकै पटक लडाइँ नलड्नू" भन्ने राजा पृथ्वीनारायण शाहको नीतिको उल्लङ्घन भएकाले नै अत्यावश्यक सैनिकहरुको कमीले गर्दा नेपाली सैनिकहरुले यति बेला आफ्नो यो अनपेक्षित हारलाई बेहोर्नुपरेको थियो।

यति नै बेला बनारसमा रहने गरेका राजगुरू गजराज मिश्रले इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकरीलाई आफ्नो अनुकूल बनाई कम्पनी सरकारसँग नेपाल सरकारको वाणिज्य सन्धि सम्पन्न गराएर गढवाल राज्यका राजामाथि अङ्ग्रेज पदाधिकारीका तर्फबाट दबाब पुऱ्याई गढवाली राजा प्रद्युम्न शाहलाई नेपाल अधिराज्यको आश्रयलाई स्वीकार गर्न बाध्य तुल्याइदिएका थिए। आफ्ना पिता राजा पृथ्वीनारायण शाहको नीतिलाई उल्लङ्घन गरी राजकुमार बहादुर शाहले तिब्बत सरकारलाई हेपी गढवाल तथा तिब्बतसँग पनि एकै पटक लडाइँ लडिदिएकाले चीनसँग पनि युद्ध भई परिमाणस्वरुप नेपाल अधिराज्यले केरूङ तथा खासालाई पनि गुमाउनुपरेको र यस घटनाले गर्दा राजकुमार बहादुर शाहको निकै बदनामी पनि भएको थियो।

यतिन्जेल नेपाली सैनिकहरु लडाइँका मोर्चाहरुमा लड्दालड्दा थाकिसकेका थिए। यसैले धेरैजसो सैनिकहरु राज्यमा केही समयमका निमित्त मात्र भए पनि शान्ति स्थापना भइदिए हुने थियो भन्ने चाहना व्यक्त गर्न थालिरहेका थिए। यता राजा रणबहादुर शाह युवाअवस्थामा प्रवेश गर्ने तरखरमा रहेकाले "राजा रणबहादुर शाहले अब शासनसत्ता आफूले नै लिए पनि हुने थियो" भन्ने अधिकांश भारदारको चाहना थियो। नवयुवक राजा रणबहादुर शाह भने यसका निमित्त पूर्णतया तयार थिएनन्।

राजा रणबहादुर शाहलाई आवश्यक शिक्षादीक्षा प्रदान गर्ने उचित व्यवस्था नमिलाएर महारानी राजेन्द्रलक्ष्मीले अर्को अक्षम्य भूल गरिदिएकी थिइन्। ११ वर्षको उमेर हुञ्जेलसम्म बालक राजा रणबहादुर शाह आफ्नै आमाका काखमा, लाडप्यारका बीचमा हुर्के बढेका थिए। यिनी शिक्षादीक्षाबाट लगभग वञ्चित थिए। आफ्नो संरक्षणमा आएपछि राजकुमार बहादुर शाहले पनि यिनको शिक्षादीक्षाका निमित्त समुचित व्यवस्था मिलाइदिनुपर्ने थियो। तर कुनै प्रबन्ध नमिलाएर यिनले पनि ठूलै भूल गरेका थिए। राजकुमार बहादुर शाह शिक्षित व्यक्ति थिएनन्। यसैले यिनलाई शिक्षाको महत्वबारे थाहा होओस् पनि कसरी? भतिजा राजा रणबहादुर शाहलाई समुचित शिक्षादीक्षा दिन यिनी पनि उदासीन थिए।

यतिसम्म पनि सह्य नै थियो। यसै स्थितिमा नवयुवक राजा रणबहादुर शाह आफ्ना निकट सम्पर्कमा रहेका विदुर शाही, शेरबहादुर शाही तथा त्रिभुवन प्रधानहरु जस्ता अशिक्षित एवम् उद्दण्ड स्वभाव भएका नवयुवकहरुको कुसङ्गतमा पर्न गएका थिए। यसले गर्दा १७–१८ वर्षको उमेर हुँदा वा नहुँदासम्म यिनको स्वभाव तथा चरित्र पनि निकै भ्रष्ट तथा उद्दण्ड भइसकेको थियो। यिनका विचार भने घतलाग्दा थिए। "मैजू महारानीको जात कमसल हुँदैमा यिनका छोरा विदुर शाही तथा शेरबहादुर शाहीहरुको के दोष छ र यिनीहरुलाई यिनका अधिकारहरुबाट किन वञ्चित गराउने" भन्ने यिनको तर्क थियो। यसै तर्कअनुसार यिनले पछि आफ्ना यी दुवै दाजुभाइलाई 'चौतारा' पदमा नियुक्त गरिदिए।

देवदेवीहरुको पूजाआराधनाका सम्बन्धमा पनि राजा रणबहादुर शाहको तर्क घतलाग्दो थियो। देवदेवीहरुको पूजाआराधना गर्दा केकति लाभ वा हानि हुन्छ, विचार गरेर मात्र गर्ने गर्नुपर्छ भन्ने यिनको सोचाइ थियो। राज्यप्रशासनको सम्बन्धमा "आफ्ना अनुभवी मन्त्रीहरु छँदै छन्, उनीहरुबाट देशको बिगार हुने काम पक्कै पनि केही हुँदैन, भरसक देशको भलो गर्नमै उनीहरु प्रयत्नशील रहनेछन्, यसैले यस विषयमा किन पो आफूले व्यर्थमा कपाल दुखाइरहने" भनी यिनी नाचगान तथा आमोदप्रमोदमै दिन बिताउँथे। पशुपक्षीहरु, विशेष गरेर साँढेहरु जुधाउनमा यिनी सदासर्वदा तल्लीन थिए। यतिसम्म हुँदा पनि खास बिगार भएको थिएन। तर आफ्नै हितैषी काका राजकुमार बहादुर शाहका सम्बन्धमा यिनका सहयोगीहरुले यिनको दिमागमा जुन किसिमका दुर्भावना भरिदिन थाले, त्यसले भने नेपाल अधिराज्यका निमित्त दुर्गतिका दिन भए।

राजसिंहासनमा विराजमान भएर रहेका किशोर राजाको उमेर १८ वर्ष पूरा हुनेबित्तिकै उनका नायब वा सहायकले उनलाई राज्याधिकार फिर्ता गर्नुपर्ने प्रचलित परम्परा थियो। यसै परम्पराअनुसार राजा रणबहादुर शाहको उमेर १८ वर्ष पूरा हुनेबित्तिकै राजकुमार बहादुर शाहले आफूमा रहेका सम्पूर्ण प्रशासनिक अधिकारहरु राजा रणबहादुर शाहलाई फिर्ता गर्ने प्रस्तावलाई प्रस्तुत गरिदिए। तर यति बेला चीनसँगको लडाइँ भर्खरै मात्र

सकिएको थियो र अधिराज्यको प्रशासन व्यवस्था अस्तव्यस्त थियो। यसैले नवयुवक राजा रणबहादुर शाहले तत्कालै राजसत्ता आफैंले सम्हाल्ने आँट गर्न सकेनन् र लगभग एक वर्षसम्म काकाभतिजा दुवै संयुक्त रुपमा राज्यप्रशासन चल्दै रह्यो। एक वर्षपछि भने राजकुमार बहादुर शाह अप्रत्याशितरुपमा एकाएक राज्यसत्ताबाट पदच्युत गरिए।

राजसत्ताबाट हट्नेबित्तिकै राजकुमार बहादुर शाहले पहिले जस्तै भारततर्फ पलायित भइदिएर त्यहीँ आफ्नो निर्वासित जीवन बिताइदिएका भए सम्भवतः यिनले अकालमै आफ्नो जीवनलाई गुमाउनुपर्ने थिएन। तर भारततर्फ लाग्दा त्यहाँ आफूलाई समुचित सम्मान नमिल्ने भएर हो वा त्यतातर्फ पलायित हुन नपाएर हो, यिनले भारततर्फ नगएर चीनतर्फ जाने इच्छा व्यक्त गरेको पाइन्छ। तर यसो गर्दा सामान्यतया यिनले आफूले हुर्काएका आफ्ना भतिजा नै भए पनि नवयुवक राजा रणबहादुर शाहबाट एक पटक अनुमति प्राप्त गर्नु अत्यावश्यक थियो। तर यिनले यसो गरिरहनुपर्ने आवश्यकता अनुभव गरेनन्। तिब्बतको राजधानी ल्हासामा रहने गरेका चिनियाँ 'अम्बान'हरुसँग यसका निमित्त अनुमतिका लागि माग गर्दा त्यहाँ रहेका अम्बानहरुले यिनलाई यस आग्रहको कुनै प्रत्युत्तर नै नदिई राजा रणबहादुर शाहसँग यसका निमित्त आफ्नो प्रतिक्रिया प्रस्तुत गर्न अनुरोध गर्दै "काकाभतिजा दुवैले आपसमा झैझगडा नगरी मिलिजुली रहनू" भनी पत्र लेखी पठाइदिएका थिए। यतिसम्म हुँदा पनि राजा रणबहादुर शाह चुप थिए।

यसको केही समयपछि लामो समयदेखि राज्यभार वहन गर्दै आएका चीन बादशाह 'छिया लुङ'को देहान्त भई नयाँ बादशाहका रुपमा उनका छोरा 'चिया चिङ'ले राज्यभार वहन गर्दा नयाँ बादशाहको दर्शन गर्न जाने इच्छा व्यक्त गरी "एक पटक चीन जान पाऊँ" भनी राजकुमार बहादुर शाहले ल्हासामा रहने गरेका चिनियाँ अम्बानहरुसँग फेरि पनि अनुमतिका लागि माग गिरदिएका थिए। चिनियाँ अम्बानहरुले यस सम्बन्धमा राजा रणबहादुर शाहसँग फेरि पनि प्रतिक्रियाका निमित्त आग्रह गर्दा राजा रणबहादुर शाहले राजकुमार बहादुर शाहदेखि क्रुद्ध भई यिनीमाथि कल्पित तथा अकल्पित अनेकौं

आरोपहरु लगाउँदै यिनै आरोपहरु चिनियाँ अम्बानहरुलाई सुनाउन भनी काजी सर्वजित रानालाई ल्हासातर्फ पठाइदिए।

काजी सर्वजित राना ल्हासामा पुगेका पनि थिएनन्, यहाँ राजा रणबहादुर शाहले आफ्ना काका राजकुमार बहादुर शाहलाई एकाएक कैद गरिदिए। यिनलाई काठमाडौं सहरको पुछारमा रहेको एउटा पुरानो किल्लामा लगेर नजरबन्द गरी राखिएको थियो। पुगनपुग तीन महिनाजति यिनले त्यहीँ कठोर सैनिक निगरानीमा आफ्नो बन्दी जीवनलाई बिताएका थिए। यसपछि चौतारा विदुर शाही तथा शेरबहादुर शाहीहरुको सल्लाह तथा सहयोगअनुसार राजा रणबहादुर शाहले गुप्त रुपमा यिनको निर्ममतापूर्वक हत्या गराइदिए। यस हत्याकाण्डको रहस्य बाहिर नआओस् भनी स्वाभाविक रुपमै यिनको देहान्त भएको हो भनी देखाउन यिनको दाहसंस्कार पनि त्यसै दिन, रातैमा गराइदिए।

यस हत्याकाण्डबाट नेपाल अधिराज्यमा एउटा ठूलो आतङ्क फैलिएको थियो। नेपालका भारदारहरुमध्ये कोही पनि सत्यतथ्य कुरा बोल्न सक्ने स्थितिमा थिएनन्। मुखले केही बोल्न नसके पनि व्यवहारमा भने सबै भाइभारदा राजा रणबहादुर शाहदेखि सर्तक थिए। "आफ्नै सहोदर काकालाई त यस्तो क्रूर तथा अमानुषिक दण्ड दिन अग्रसर हुने निर्दयी हामीलाई के पो बाँकी राख्लान्" भनी सबै भारदार यिनीदेखि थर्कमान भएर रहन थाले। नवयुवक राजा रणबहादुर शाहले भने यतिन्जेल विधवा ब्राह्मणी कान्तवतीलाई आफ्नो राजभवनमा भित्र्याइसकेका थिए। वास्तवमा यिनलाई बलपूर्वक पक्रेर ल्याई राजभवनभित्र भित्र्याएदेखि नै राजा रणबहादुर शाह तथा राजकुमार बहादुर शाहका बीचमा चल्दै आएको अन्तर्द्वन्द्व चर्किएको थियो।

यसपछिका एकडेढ वर्षसम्मका दिनहरु त राजा रणबहादुर शाहका निमित्त सुखसयलका साथ आनन्दसँग नै बिते। नाचगान तथा पशुपक्षीहरुको, खास गरी साँढेहरुको जुधाइबाट आनन्द लिनमै यिनको दिनचर्या बित्न थालेको थियो। राज्यप्रशासनमा यिनको खास दिलचस्पी थिएन। यसैबीचमा महारानी कान्तवतीका तर्फबाट राजकुमार गीर्वाणयुद्धविक्रम शाहको जन्म भएको र आफूले गरेको वाचाअनुसार

यिनले नवजात राजकुमार गीर्वाणयुद्धविक्रम शाहलाई उत्तराधिकारी एवम् 'युवराज' पनि घोषित गरे।

यसै स्थितिमा राजा रणबहादुर शाहकी मन परेकी कान्छी महारानी कान्तवती रोगग्रस्त बन्न आएकी थिइन्। यिनलाई सम्भवतः क्षयरोगले आक्रान्त पारेको थियो। यिनको स्वास्थ्यलाभका निमित्त सम्भव भएसम्मका सबै किसिमका औषधि उपचार गरिए। तर उनको स्वास्थ्यमा भने कुनै पनि प्रगति हुन सकेन। यति बेला भूतपूर्व काजी कीर्तिमानसिंह बस्नेत राजा रणबहादुर शाह तथा महारानी कान्तवतीको निकट सम्पर्कमा आइपुगेका थिए। आफ्नी प्राणप्रिया महारानीको अकल्पित बिमारीबाट चिन्ताग्रस्त रहेका राजा रणबहादुर शाहका मानसिक कमजोरीबाट लाभ उठाई यिनलाई पाखा लगाएर आफू नै नेपाल अधिराज्यको राजसत्ताको नजिकमा पुग्न सकिन्छ भन्ने सपना देख्न थालेका काजी कीर्तिमानसिंह बस्नेतले राजा रणबहादुर शाहलाई दिनदिनै राज्यभार परित्याग गर्न प्रेरित गर्न थालिरहेका थिए। "राज्यभार परित्याग गरी युवराज गीर्वाणयुद्धविक्रम शाहलाई राज्यारोहण गराएर हजुरले राजर्षी जीवन ग्रहण गरिबक्सेमा महारानीलाई शान्ति मिल्ने थियो, महारानीको यही नै चाहना छ" भनी यिनले राजा रणबहादुर शाहलाई दिनदिनै करेप्न थालिरहेका थिए। यसै बेला महारानीको औषधोपचारमा संलग्न रहेका वैद्यहरुले पनि "रोगशमनका निमित्त राजारानी दुवैले गेरूवा वस्त्र पहिरिबक्सिई ब्रह्मचर्य व्रतमा रहनु अत्यावश्यक छ" भनी आग्रह गर्न थालेका थिए। यिनै आग्रहअनुसार राजा रणबहादुर शाह अन्त्यमा आएर राज्यभार परित्याग गरी वानप्रस्थ जीवन ग्रहण गर्न तयार भए। राजर्षि जीवन ग्रहण गरी तपस्या गर्न जाने सनक यिनका मनमा एकाएक उब्जियो।

राजा रणबहादुर शाहका निमित्त २३ वर्षको जल्दोबल्दो जवानीमै राज्यभार परित्याग गरी तपस्या गर्न गइहाल्नुपर्ने आवश्यकता थिएन। आफ्नो शिरबाट एक पटक झरेको राजमुकुट फेरि फर्किएर आफ्नो शिरमा आउनु सम्भव छैन भन्ने यिनले थाहा पाउन सकिरहेका थिएनन्। राजमुकुटलाई परित्याग गरे पनि आफ्ना भारदारहरुले पहिले जस्तै

मानमर्यादा तथा आदरसम्मान गरिरहनेछन् र आफ्नो हुकुमको पालना पनि यथावत् रुपमा भइरहनेछ भन्ने यिनको सोचाइ थियो। तर काजी कीर्तिमानसिंह बस्नेतले यिनलाई अन्त्यमा आएर बनारसतर्फ पलायित हुन बाध्य बनाइदिएका र स्वयम् नै नेपाल अधिराज्यका सर्वेसर्वा अधिनायकका रुपमा स्थापित थिए।

काजी कीर्तिमानसिंह बस्नेतको यस किसिमको रजगज राजपरिवारभित्रकै चौतारा विदुर शाही तथा शेरबहादुर शाहीहरुलाई सह्य थिएन। यसैले यिनीहरुले काजी कीर्तिमानसिंह बस्नेतमाथि ईर्ष्या गरी गुप्त रुपमा यिनको हत्या नै गराइदिए। यति गरी चौतारा शेरबहादुर शाही तथा चौतारा बम शाहले पनि माहिली महारानी सुवर्णप्रभाको कृपापात्र भई केही दिन नेपाल अधिराज्यको शासनसत्तालाई सञ्चालन गर्दै रहे। यसरी षड्यन्त्र गरी प्राप्त गरेको अधिकार कहींकतै पनि चिरस्थायी भएको देखिएको थिएन। यति हुँदाहुँदै पनि यति बेलाका नेपाली भारदारहरु यस्ता नृशंस हत्याकाण्डमा लाग्नु शिक्षाको अभावको नै परिणाम भएकोमा कुनै पनि सन्देह छैन।

नेपाल अधिराज्यको राजभवनभित्र यस्तो गृहकलह चलेको मौका छोपी इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारी आफ्नो स्वार्थअनुसार नेपाल सरकारसँग वाणिज्य सन्धि सम्पन्न गर्ने तरखरमा लाग्न थालिरहेका थिए। यसैअनुसार स्वामीमहाराज रणबहादुर शाहलाई बनारसमै नजरबन्द गरिदिने सर्तमा वाणिज्य सन्धि गर्ने तयारी लगभग पूरा भइसकेको थियो। तर राजधानी काठमाडौंमा काजी कीर्तिमानसिंह बस्नेतको असमयमै हत्या भएकाले यिनको जीवनकालपछि मात्र यस्तो सन्धि सम्पन्न हुन सकेको र अङ्ग्रेज राजदूत कप्तान नाक्स नेपालमा आइरहन थालेका थिए। यसबाट नेपाली राजभवनभित्रका तथा भाइभारदारका बीचमा अन्तर्कलह र सर्वसाधारण नेपाली नागरिकका कमजोरीलाई पनि उनीहरुले सजिलैसँग पहिचान गर्ने अवसर पाएका थिए।

अङ्ग्रेजलाई कुनै हालतमा पनि नेपाल अधिराज्यभित्र प्रवेश गर्न दिनुहुँदैन भन्ने राजा पृथ्वीनारायण शाहको नीति थियो। पछि यिनको यस नीतिको उल्लङ्घन हुँदा अङग्रेजले नेपाल अधिराज्यमा अन्तरङ्ग रहस्यहरुलाई सजिलैसँग थाहा पाएका थिए। हुन त

यतिन्जेल इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीको दबदबा भारतमा निकै बढिसकेको थियो। यस परिस्थितिमा उनीहरुको राजनीतिक प्रभावलाई रोकिराख्नु नेपाली भारदारहरुका निमित्त सम्भव पनि भइरहेको थिएन। तैपनि नेपाल अधिराज्यका भारदारहरुले पहिले जस्तै सावधानी गरी अङ्ग्रेज पदाधिकारीलाई आफ्ना अन्तरङ्ग कुराका बारेमा जानकारी नगराएका भए देशका निमित्त तत्कालै त्यति ठूलो हानिनोक्सानी भइहाल्ने स्थिति रहेको थिएन। यही छिद्रले गर्दा नै पछि नेपाल–अङ्ग्रेज युद्धमा नेपाली पक्षको अकल्पित रुपमा हार हुन गएको थियो।

नेपाल–अङ्ग्रेज युद्धपछि जनरल भीसमेन थापाले अङ्ग्रेजसँग जसरी सतर्क तथा सावधान पनि भएर रहन थालेका थिए, यसभन्दा पहिले पनि त्यसै गरी सतर्क तथा सावधान पनि भएर रहनु अत्यावश्यक थियो। तर नेपालमा आएका पहिला राजदूत कप्तान नाक्ससँग नै त्यस्तो व्यवहार हुन सकेको थिएन। जेठी महारानी राजराजेश्वरीले झोक्किएर नेपाल अधिराज्यमा आएर बसेका पहिला अङ्ग्रेज राजदूत कप्तान नाक्सलाई यहाँबाट अपमानपूर्वक निकाला गरिदिएकी थिइन्। यसले गर्दा रूष्ट भएका इस्ट इन्डिया कम्पनीका अङ्ग्रेजी पदाधिकारीले स्वामीमहाराज रणबहादुर शाहलाई नेपालमा फिर्ता पठाइदिन सक्दो सहयोग गरेका थिए।

बनारसमा पुगेका स्वामीमहाराज रणबहादुर शाह पूर्णतया भूतपूर्व सरदार भीमसेन थापा तथा पण्डित रङ्गनाथ पौडेलको वशमा पूर्णतया परिसकेका थिए। यिनीहरु जे जस्ता कुरा भन्थे स्वामीमहाराज रणबहादुर शाह तिनै कुरालाई पूरापूर पालना गर्थे। यसैले सरदार भीमसेन थापा तथा पण्डित रङ्गनाथ पौडेलले मिलेर अनेकौं षड्यन्त्र गरी महारानी राजराजेश्वरीदेखि रूष्ट भएका राजधानी काठमाडौंमा रहेका चौतारा शेरबहादुर शाहीलाई पनि आफ्ना पक्षमा मिलाई षड्यन्त्रका अनेकौं तानाबाना बुन्न थालिदिएका थिए। सरदार भीसमेन थापा पनि पढेलेखेका कुलीन व्यक्ति थिएनन्। अशिक्षित तथा सामान्य परिवारमा पैदा भएका महत्वाकाङ्क्षी व्यक्ति थिए। यसैले षड्यन्त्रबाट

लाभहानिको कुनै पर्वाह नगरी, केवल आफ्नो व्यक्तिगत स्वार्थका निमित्त यिनी अनेकौं राजनीतिक कुचक्रहरुमा संलग्न रहन थालेका पाइन्छन्।

राजगुरू व्रजनाथ पौडेलका छोरा पण्डित रङ्गनाथ पौडेल पनि लामो समयदेखि प्रवासमा गएर बस्दाबस्दा वाक्क थिए। राजधानी काठमाडौंमा फिर्ता आउन यिनलाई हतार थियो। यसैले जुन उपायले हुन्छ, स्वामीमहाराज रणबहादुर शाहलाई चाँडोभन्दा चाँडो आफ्नै देशमा फर्काएर आफूले पाउनुपर्ने 'राजगुरू'को पदलाई छिटोभन्दा छिटो प्राप्त गर्ने प्रयासमा यिनी पनि थिए। यसैले पूर्वसरदार भीमसेन थापा, यिनी तथा पूर्वचौतारा शेरबहादुर शाही पनि आआफ्ना स्वार्थहरुले गर्दा आपसमा मिल्न आए। यतिसम्म पनि ठीकै थियो। तर घृणित हिंसात्मक प्रवृत्तिलाई अङ्गीकार गराएर यिनीहरुले स्वामीमहाराज रणबहादुर शाहलाई बलपूर्वक नेपाल अधिराज्यभित्र प्रवेश गराइदिए। यिनीहरुको यसै प्रवृत्तिले गर्दा काजी दामोदर पाँडे आदि निरपराध भारदारहरुको हत्या गरी पूर्वसरदार भीमसेन थापा काजी पदमा पदोन्नत भई महारानी राजराजेश्वरीलाई हेलम्बुमा निर्वासित गराएर नजरबन्द गराउन सफल भई नेपाल अधिराज्यका सर्वेसर्वा अधिनायक बन्न आएका थिए।

नेपालमा काजी सर्वजित रानाको हत्याबाट सुरू भएको भाइभारदारको हत्या हुने सिलसिला एउटा ठूलै हत्याकाण्ड नभई नथामिने लक्षण देखिइरहेको थियो। यसैले काजी त्रिभुवन प्रधान तथा चौतारा शेरबहादुर शाही आदि केही भारदारहरुको हत्या गरी केही समयदेखि चल्दै आइरहेको हत्याकाण्डको सिलसिलालाई बन्द गराउने काजी भीमसेन थापाको उद्देश्य हुँदो हो। यसै उद्देश्यअनुसार अग्रिम योजनाहरु तयार गर्दा स्वयम् स्वामीमहाराज रणबहादुर शाह आफ्नै भाइ चौतारा शेरबहादुर शाहीको हातबाट मारिए। यसबाट काजी भीमसेन थापालाई आफ्ना विरोधीहरुको दमन गर्न राम्रो अवसर प्राप्त हुन आयो। फलतः यस हिंसापछिको प्रतिहिंसामा पुगनपुग पौने एक सय जनाजति निरपराध व्यक्तिहरु मारिए। यसरी मारिनेमा अनेकौं अबोध बालकहरु पनि परेका थिए।

यति भएपछि राजधानी काठमाडौंमा बाहिरी रुपमा त मूक शान्ति छाएको थियो। तर राजनीतिक षड्यन्त्रहरुको शृङ्खला भने अझै पनि शान्त हुन सकिरहेको थिएन। पुराना निरपराध भारदारहरु प्रायः सबै नै सखाप हुँदा राष्ट्रको सैनिक शक्ति दिनप्रतिदिन कमजोर हुँदै थियो। राजा पृथ्वीनारायण शाहले तयार पारेका योजना तथा कार्यक्रम सबै नै बिर्सिइसकिएका थिए। हुन त काजी भीमसेन थापाले पनि आफ्ना केही नयाँ योजनाहरु तयार पारेका थिए। तर यिनले तयार पारेका योजनाहरु नितान्त कच्चा थिए। कूटनीतिको ज्ञान त यिनमा कत्ति पनि थिएन। यसैले यिनले भारतवर्षमा फैलिँदै आइरहेका अङ्ग्रेज प्रशासकहरुको कूटनीतिक चालबाजीलाई पहिचान गर्न सकिरहेका थिएनन् र यिनी राजसत्तामा आएको १० वर्ष पनि नपुग्दै इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज सैनिकहरुसँग युद्ध भई नेपाल अधिराज्यको अङ्गभङ्ग हुन आयो। यसबाट आफ्नो लगभग एकतिहाइ भागलाई गुमाउन नेपाल अधिराज्य विवश भयो। यसले गर्दा हिमालय पर्वतमालाको दक्षिणी काखमा एउटा विशाल हिन्दू अधिराज्यको सङ्गठन गर्ने राजा पृथ्वीनारायण शाहको सपना अधुरोको अधुरै रह्यो। नेपाल अधिराज्य मेची तथा महाकाली नदीको साँघुरो घेराभित्र खुम्चन बाध्य भयो।

४.५ सैनिक प्रबन्धका सम्बन्धमा

राजा पृथ्वीनारायण शाहले आफ्नो 'दिव्योपदेश'मा भनेका छन्— "देशका निमित्त खास चाहिने भनेका सैनिकहरु नै हुन्। यिनीहरुका निमित्त घरखेतहरुको पनि व्यवस्था मिलाइदिनुपर्छ। यसो भएमा यिनका परिवारहरुले आफ्ना खेतबारीमा मलजल गर्न पाउँछन् र जग्गाधनी तथा मोही दुवै थरीले खान पाउने दुवै थरी बोटी घरभित्र हुल्न पाउने हुन्छन्। यसले गर्दा आफ्ना जहानपरिवारको चिन्ताबाट मुक्त भई गढीगौंडामा रहेमा वा राजधानीमै रहेमा पनि उनीहरुको छाती सदा बलियो हुनेछ।"

यिनले अगाडि भनेका छन्— "सैनिकहरुको सङ्गठन गर्दा बन्दुकहरु भिर्ने एक सय जना सैनिक भएको एउटा सैनिक कम्पनी बनाउनु उपयुक्त हुनेछ। यस्ता कम्पनीका 'सुवेदार'हरु भर्ना गर्दा ४–५ लडाइँहरु लडी जस पाई आएका लडाका सैनिकहरुलाई मात्र राम्रोसँग जाँच गरी भर्ना गर्ने गर्नू। 'कम्पनी'का सुवेदारहरुले आफूअन्तर्गत रहने 'सात पगरी' (पगरी लगाउने अधिकारप्राप्त सात थरी सामान्य अफिसर)हरु भर्ना गर्दा पनि दुईचार लडाइँहरु लडेका व्यक्तिहरुलाई मात्र भर्ना गर्ने गर्नू। सात पगरीहरुले आफूहरुअन्तर्गत रहने १६ जना 'हुद्दा'हरु र १६ हुद्दाहरुले आफूअन्तर्गत रहने सिपाहीहरु पनि आफूसँग मर्न एवम् मार्नका निमित्त सदा तयार हुने वा नहुने राम्रोसँग जाँचबुझ गरेर मात्र भर्ना गर्ने गर्नू।"

उनको थप भनाइ छ— "सैनिक कम्पनीहरु खडा गर्दा पनि खस, मगर, गुरूङ तथा ठकुरी यी चार जातलाई मात्र छ्यासमिस गरी भर्ना लिने गर्नू। यसो गरे आफ्ना विपक्षी सैनिकहरुविरूद्ध तरबारको काम आइपर्दा आफ्नो बल दह्रिलो हुन्छ। हातहतियार भिर्ने

पनि यथार्थमा माथि उल्लिखित चारथरी जात मात्र हुन्। यिनीहरुलाई सशक्त तुल्याए तरबारका काम आइपर्दा आफ्नो बल दह्रिलो हुन्छ। यसो गरे वैरीहरुको के कुरा, देवराज इन्द्रको आसन पनि सजिलै डगाउन सकिन्छ। हजारौं धनु, हजारौं बन्दुक, हजारौं खुँडा तथा तोप जम्मा गर्न सके इन्द्रको आसनलाई पनि सजिलै डगाउन सकिन्छ।

लडाइँमा पनि हातहतियार चलाउने र उनीहरुलाई आवश्यक सहयोग प्रदान गर्ने दुवै थरी बराबर हुन्। 'जागिर दिँदा' र 'बितलब' दिँदा पनि दुवैलाई बराबरी गरी दिने गर्नू। कुनै सैनिक कदाचित् लडाइँमा मारियो भने उसका छोराहरु खुँडा हान्नका निमित्त समर्थ नभएसम्म उसका जहानपिरवारलाई 'मरवट बिर्ता' दिने गर्नू। छोराहरु खुँडा हान्न सक्ने भएपछि भने उनीहरुलाई यथायोग्य जागिरमा लगाइदिने गर्नू। राजाले आफ्ना सैनिकहरुमाथि राम्रोसँग विवेक राखिदिएमा देश तथा विदेशका योग्ययोग्य सैनिकहरु नोकरीको आशा राखी आउने हुन्छन् र यसो भएमा तरबार चलाउनका निमित्त चाहिने सिपालु सैनिकहरुलाई सजिलैसँग हात पार्न सकिने हुन्छ।

राज्यको सारतत्व भनेका पनि सैनिक तथा जनाता नै हुन्। राजाहरु होसियार भएमा आफ्ना सैनिक तथा जनताहरुलाई पनि सधैं नै आफ्नो हातमा लिइराख्नुपर्ने हुन्छ। यसो गरेमा देशमा कुनै किसिमको हुलहुज्जत हुन पाउनेछैन। आफ्ना भएका सैनिकहरुलाई सधैं नै तिखारी राख्नू। तिखारी राखिएका सैनिकहरु कसैको मरमुलाहिजामा पस्नेछैनन् र यसबाट आफ्नो काम पनि सजिलै फत्य हुनेछ।"

माथि दिइएका उद्धरणअनुसार गोरखा राज्यमा एक जना 'सरदार'को नेतृत्वमा सामान्यतया एक सय जना सैनिक रहने गरेका थिए भन्ने थाहा हुन आएको छ। तिनताक गोरखा राज्यको सुरक्षाका निमित्त पूर्वतर्फ 'धादिङ' तथा 'सल्यान'मा गरी दुई ओटा कोट वा किल्ला बनाइएका थिए। यी दुई किल्ला ललितपुर तथा कान्तिपुर राज्यका सैनिकहरुबाट गोरखा राज्यमाथि हुन सक्ने सम्भावित हमलालाई निरस्त पार्न बनाइएका थिए। उपर्युक्त दुई मल्ल राज्यमा हमला गर्न सजिलो होस् भन्ने पनि उपर्युक्त दुई किल्ला बनाउनुको अर्को उद्देश्य थियो।

यस्तै पश्चिमतर्फबाट हुन सक्ने लमजुङ राज्यको सम्भावित आक्रमणबाट बच्न 'रागिनास' नामक गढीको निर्माण गरिएको थियो। यसै गढीको रेखदेखमा 'सिरानचोक' नामक अर्को एउटा गढीको पनि निर्माण भएको थियो। उपर्युक्त तीन ओटै गढीका आसपासका नागरिकहरुमध्ये सैनिक सेवाका निमित्त योग्य ठहरिएका युवाहरुलाई सेनामा भर्ना गरी हिउँदभर सैनिक सेवामा बर्सातको मौसम सुरू भएपछि खेतीपाती गर्न छुट्टी दिने प्रचलन थियो। यिनीहरु उमराव दर्जाका सैनिक अफिसरका नेतृत्वमा कार्यरत हुन्थे। यस्ता उमरावहरु एउटा गढीबाट अर्को गढीमा गई सैनिक जवानहरुलाई तालिम दिन्थे।

राजा पृथ्वीनारायण शाहको राज्यकालमा थोरै सैनिकहरुबाट काम नचल्ने हुन थालेकाले सैनिकहरुको सङ्ख्या क्रमशः बढाउँदै ल्याउनुपरेको थियो। तर पनि यतिन्जेलसम्म नेपालमा स्थायी सैनिकहरु राख्ने चलन भने सुरू भइसकेको थिएन। काम परेका बेलामा मात्र आवश्यक सैनिकहरु भर्ना गर्ने र काम सकिएपछि फुर्सद दिइने परम्परा थियो। तिनताक सैनिकका हातहतियार मुख्य गरी खुकुरी तथा तरबारहरु हुने गरेका थिए। सामान्य सैनिक तथा तिनका अधिकृत धनुषकाणको पनि प्रयोग गर्ने गर्थे। अधिकृतहरुका निमित्त सुरक्षा कवचको सुविधा पनि उपलब्ध थियो।

मिरकासिमका सेनापति 'ग्रेगरी' वा गुरगिन खाँको नेतृत्वमा आएका आक्रमणकारी सैनिकहरुलाई मकवानपुरमा हराएपछि तिनीहरुबाट लुटिएका बन्दुकहरुको पनि प्रयोग गर्नुपर्ने आवश्यकता गोरखाली सैनिकहरुका निमित्त आइपरेको थियो। यसभन्दा अगाडि गोरखाली सैनिकहरुसँग नाम मात्रका बन्दुक थिए। लुटिएका बन्दुकहरुलाई प्रयोग गर्न 'पत्थर'हरुको आवश्यकता पर्ने र यस्ता पत्थरहरु बजारमा सजिलै उपलब्ध नहुने भएकाले गोरखाली सैनिकहरुले एउटा सजिलो युक्ति निकालिदिएका थिए। पत्थरहरुको अभावमा नेपाली कागजको 'सुतली' बनाई त्यसमा आगोलाई सल्काएर सुरक्षित राखी आवश्यक भएका बेलामा गोली तथा बारूदहरु भरिएका बन्दुकहरुमा त्यस्ता सुतलीहरुलाई झोसिदिएर पत्थरको काम चलाउने गरिएको थियो। यसरी बन्दुकहरुको

प्रयोग गरिन थालेपछि गोरखाको इष्टदेव 'सिद्ध गोरखनाथ'को नामबाट 'श्रीनाथ' र इष्टदेवी 'गोरखकाली'को नामबाट 'काली बक्स' नामक दुई बन्दुकधारी सैनिक कम्पनी स्थायी रुपमै भर्ना गरिएका थिए। यसरी सैनिक कम्पनीहरु खडा गराउँदा प्रत्येक कम्पनीमा 'सरदार' तहका अधिकृतको नेतृत्वमा सरदर एक सय सिपाही र 'जमदार', 'अजिटन' आदि सात थरी अफिसर एवम् १६ जना हुद्दा रहन थालेका थिए।

पछि अङ्ग्रेज सैनिकहरुबाट लुटेर ल्याइएका बन्दुकहरुबाट थप तीन ओटा बन्दुकधारी सैनिक कम्पनीहरु खडा गरिए। तैपनि राजा पृथ्वीनारायण शाहको राज्यकालको अन्त्यसम्म पनि बन्दुकधारी सैनिक कम्पनीहरुको सङ्ख्या पाँचभन्दा बढी थिएन र यस्ता सैनिक कम्पनीहरुमा एक सय ५० जनाभन्दा बढी सैनिक जवानहरु पनि कहिल्यै भएनन्। त्यति बेला पाँच ओटा सैनिक कम्पनीमा गरी कुल छसात सयजति बन्दुकधारी सैनिक थिए होलान्। बन्दुकधारी यति सैनिकहरुका बलमै गोरखादेखि लगभग नेपाल अधिराज्यको पूर्वी सिमानासम्मका भूभागहरु यस अधिराज्यभित्र समाहित थिए। यस्ता सैनिकहरुका अगाडि ससाना अन्य पहाडी राज्यका धनुषकाणधारी सैनिकहरु प्रवाभहीन प्रमाणित हुन आएका थिए। यसैले त गोरखाली सैनिकहरुको सामारिक शक्ति यस क्षेत्रमा दिनदिनै अजेय शक्तिको रुपमा परिणत हुँदै थियो।

राजा पृथ्वीनारायण शाहको राज्यकालको प्रारम्भसम्ममा धनुषकाण, खुकुरी, खुँडा तथा तरबारहरु नै युद्धका प्रमुख हातहतियार थिए। खासगरी मकवानपुरमा भएको लडाइँमा मिरकासिमका सैनिकहरुबाट खोसेर ल्याएपछि मात्र गोरखाली सैनिकहरुले बन्दुकहरुको प्रयोग व्यापक मात्रामा गर्न थालेका र पूर्व किराँत प्रदेशमा भएका लडाइँहरुमा त लगभग आधाजति नेपाली सैनिकहरु बन्दुकधारी भइसकेका थिए। त्यति बेला सम्भवतः एकडेढ हजारजति धनुर्धारी सैनिकहरु हुँदा हुन्। राजकुमार बहादुर शाहको प्रशासनकालमा सुदूरपश्चिमतर्फका साथसाथै तिब्बततर्फ पनि युद्ध हुँदा प्रायः सबैजसो नेपाली सैनिकहरु बन्दुकधारी भइसकेका थिए। सबै सैनिकहरु बन्दुकधारी

भइसकेपछि जगेडा हुन आएका धनुषकाणहरु देशरक्षाका निमित्त पूर्वका खम्बू तथा लिम्बू युवाहरुलाई वितरण गरिएको थियो।

यतिन्जेलसम्म पत्थरहरुको काम नेपाली कागजका सुतलीहरुबाट नै लिई बन्दुकहरुको प्रयोग गरिँदै आइरहेको थियो। तर यस्ता बन्दुकहरु बराबर बिग्रिरहने गर्थे। बिग्रिएका बन्दुकहरुलाई मर्मत गर्न सधैं समस्या परिरहेको हुन्थ्यो। यसै बेला सम्भवतः भारततिरबाट भागेर आएका चार जना मुसलमान कालिगडलाई आफ्ना आश्रयमा लिई 'किपट' जग्गा दिएर गोरखामा राखी राजा पृथ्वीनारायण शाहले बिग्रेका बन्दुकहरुको मर्मत गर्ने कामको जिम्मा यिनीहरुलाई नै दिएका थिए। यिनीहरुले बिग्रेका बन्दुकहरुलाई मर्मत गरिदिने मात्र गरेका थिएनन्, नयाँनयाँ घरेलु बन्दुकहरु पनि बनाइदिन थालेका थिए।

युरोपमा बनेका बन्दुकहरु ठूलाठूला मेसिनमा ढालिने भएकाले परिष्कृत किसिमका हुने गर्थे। यहाँ युरोपमा भएका जस्ता ठूलाठूला कलकारखाना थिएनन्। यसैले यहाँ बनेका बन्दुकहरु कम गुणस्तरका हुने गर्थे। तैपनि फलामका पाताहरुबाट 'नाल' बनाएर नयाँनयाँ बन्दुकहरु नेपालमै बन्न थालेका थिए। यस्ता घरेलु बन्दुकहरु कामचलाउ किसिमका मात्र हुने गरेका थिए। राजा पृथ्वीनारायण शाहको राज्यकालभर मिरकासिम तथा अङ्ग्रेज सैनिकहरुबाट लुटेर ल्याइएका बन्दुकहरुबाट नै काम चल्दै थियो। पछि राजकुमार बहादुर शाहको प्रशासनकालदेखि भारततिरबाट नयाँनयाँ परिष्कृत किसिमका बन्दुकहरु पनि खरिद गर्ने परम्परा सुरू भयो। यसै क्रममा राजदूतका रुपमा कोलकातामा बसेका सुब्बा दीनानाथ उपाध्यायले पाँच सय थानजति बन्दुक खरिद गरी नेपालमा पठाउने असफल प्रयास गर्दा अङ्ग्रेज 'गभर्नर जनरल' कार्नवलिसले यस प्रयासमाथि प्रतिबन्ध लगाइदिएका थिए। तैपनि नेपाल सरकारलाई चित्त बुझ्काउन उनले एउटा राम्रो खालको बन्दुक नेपाली राजालाई उपहारका रुपमा पठाइदिएका थिए।

राजा पृथ्वीनारायण शाहको राज्यकालदेखि राजकुमार बहादुर शाहको प्रशासनकालसम्म सैन्य सङ्गठन तथा अधिराज्यको एकीकरण नै राष्ट्रको एउटै मात्र लक्ष्य

थियो। पहिलेका मल्ल राजाहरुका स्थायी सैनिक थिएनन्। हातहतियारको सङ्ग्रह पनि त्यति बेला राज्यस्तरमा प्रायः हुने गरेको देखिँदैन। परिआएका बेलामा आफ्ना नागरिक तथा तिनका हातहतियारबाटै काम चलाइने गरिएको थियो। पछिपछि भने उनीहरुले आफ्नो राज्यमा आएर आबाद भएका खस तथा मगर युवाहरुलाई सैनिकहरुका रुपमा भर्ना गरी 'उमराव'हरुको नेतृत्वमा केही मात्रामा स्थायी सैनिक राख्न थालेका थिए। परिआएका बेला यिनीहरुले कहिले गोरखा, कहिले तनहुँ राज्यबाट सैन्य सहयोग प्राप्त गर्थे।

राजकुमार बहादुर शाहको प्रशासनकालसम्ममा नेपाल अधिराज्यको विस्तार पूर्वमा सिक्किमदेखि पश्चिममा गढवालसम्म भई एक सय कम्पनीजति बन्दुकधारी सैनिक कम्पनीहरु स्थापित भइसकेका थिए। यी सैनिकहरुका निमित्त अनेकौं युक्ति तथा बुद्धिले, केही 'अबध'का नबाब बजिरहरुबाट, केही पन्जाबका शिखहरुबाट र केही अङ्ग्रेज तथा अन्य युरोपिय व्यापारीबाट आवश्यक बन्दुकहरु सङ्ग्रह गरिएका थिए। राजकुमार बहादुर शाहको प्रशासनकालको अन्तिम समयतिर केही फ्रेन्च कालिगडलाई झिकाई नेपालमै तोप तथा बन्दुकहरु बनाउने कारखाना पनि स्थापना गरिएको थियो। नेपालका मल्ल राजाहरुका साथसाथै बाइसे तथा चौबीसे राज्यका राजाहरु र कुमाउँ तथा गढवाल राज्यका राजाहरु पनि आफूलाई चाहिने बन्दुकहरु विदेशबाट आयात गर्थे। बन्दुक बनाउने क्षमता उनीहरुमा थिएन। उक्त राज्यहरु साना भएका र आम्दानी पनि सीमित भएकाले उनीहरुका बन्दुकहरु सीमित मात्र हुने गरेका थिए। यसले नै लडाइँका मैदानहरुमा नेपाली सैनिकहरुका अगाडि विपक्षी सैनिकहरु प्रायः टिक्दैनथे।

यस प्रकार राजा पृथ्वीनारायण शाहको राज्यकालमा नेपाली सैनिकहरुको सङ्गठन सुरू भई लगभग ५० वर्षको बीचमा नेपाली सैनिक कम्पनीहरु यस क्षेत्रमा एउटा शक्तिका रुपमा स्थापित थिए। यिनताक नेपाली सैनिकहरु 'गोरखाली'का नामले परिचित रहेकाले युरोपमा अचेल पनि नेपाली नागरिक 'गोरखा' वा 'गोरखाली'को नामले परिचित छन्।

खस, मगर, गुरूङ तथा ठकुरी यी चार थरी जातिहरु मिली नेपाली सैनिकहरुमा एउटा विशिष्ट सैनिक तत्वको सिर्जना हुन आएको थियो। यही सैनिक तत्वलाई विदेशी अङ्ग्रेज पदाधिकारीले 'गोर्खा' वा 'गुर्खा' भन्ने नाम दिएका थिए। यस सैनिक तत्वमा अर्को कुनै सैनिक तत्व आएर मिसियो भने नयाँ बन्न आउने सैनिक तत्व प्रभावकारी हुँदैन भन्ने मानिँदै आएको थियो। यही रहस्यलाई बुझेर नै अङ्ग्रेज सैनिक पदाधिकारीले पनि उपर्युक्त चार जातभन्दा बाहेकका अन्य नेपाली नागरिकलाई आफ्ना 'गोर्खा पल्टन'हरुमा भर्ना लिने गरेका थिएनन्। गोरखा सैनिकका निमित्त खास गोरखाका खस, मगर तथा गुरूङहरु पनि त्यति रोजा मानिने गरेका थिएनन्। तनहुँ तथा लमजुङदेखि लिएर गुल्मी तथा अर्घासम्मका खस, मगर तथा गुरूङहरुमध्येबाट छानीछानी सैनिक सेवाहरुमा भर्ना लिइने प्रचलन थियो। उपर्युक्त क्षेत्रहरुको लगभग मध्यभागमा कास्की जिल्ला पर्ने र त्यहाँ खस, मगर तथा गुरूङहरु पर्याप्त मात्रामा रहेकाले कास्की जिल्लाको सदरमुकाम पोखरा नै पछि आएर गोरखा सैनिकहरुको केन्द्रस्थल बन्न आइपुगेको थियो।

नेपाल अधिराज्य खण्डित हुनुभन्दा पहिले प्राचीनकालदेखि नै वाग्मती नदीको सिरानमा रहेको वर्तमान काठमाडौं उपत्यका यस अधिराज्यको राजनीतिकका साथसाथै सांस्कृतिक केन्द्रस्थलका रुपमा पनि रहँदै आइरहेको थियो। सभ्यता, संस्कृति तथा कलाकौशलहरुको पनि यस क्षेत्रमा जति विकास भएको थियो, त्यति विकास अन्य क्षेत्रहरुमा हुन सकिरहेको थिएन। यसैले नै यो क्षेत्र प्राचीनकालदेखि नै नेपाल अधिराज्यको सांस्कृतिक केन्द्रस्थलका रुपमा विकसित हुँदै आइरहेको थियो। राजा पृथ्वीनारायण शाहले स्थापना गराएको गोरखा संस्कृतिको केन्द्रस्थल भने पछि आएर कास्की प्रदेश हुन आएकाले यही प्रदेश नै अहिले गोरखा संस्कृतिको केन्द्रस्थलका रुपमा विकसित हुन आइपुगेको पाइन्छ।

राजा पृथ्वीनारायण शाहले आफ्ना जुनजुन कामहरुको उठान गरेका थिए, ती सबै गम्भीर सोचविचार गरेर मात्र उठाइएकाले अहिलेसम्म पनि स्थायी छन्। तर पछि काजी भीमसेन थापा तथा प्रधानमन्त्री जङ्गबहादुर कुँवर राणाहरुले उठाएका काम भने राम्रोसँग

सोचविचार नगरी हतारहतारमै उठाइएकाले चिरस्थायी हुन नसकी बिस्तारैबिस्तारै लोप हुँदै गएका पाइन्छन्। काजी भीमसेन थापाको प्रशासनकालमा भएको नेपाल अधिराज्यको काँगडा विजय क्षणिक मात्र हुन आएको थियो। भारतको वर्तमान सिमला जिल्लामाथि विजय प्राप्त गरी यिनले काँगडा राज्यमाथि पनि जोडदार आक्रमण गराइदिएका थिए। त्यस राज्यमा रहेको एउटा प्रमुख किल्लाबाहेक सम्पूर्ण काँगडा राज्य अधिकारमा आएको पनि थियो। तर नेपाल–अङ्ग्रेज युद्धमा काँगडा तथा सिमला मात्र गुमेन, राजकुमार बहादुर शाहको राज्यकालमा नेपालभित्र गाभिन आएका गढवाल, कुमाउँ तथा सिक्किमलाई पनि यिनले गुमाइदिएका थिए।

राजा पृथ्वीनारायण शाहले आरम्भ गराएका कार्यक्रम तथा योजनाका जगहरु यत्तिको मजबुतसँग स्थापित थिए कि विपक्षीहरुले अनेकौं प्रयास गर्दा पनि यस्ता जगहरुलाई कहिल्यै पनि डगाउन सकेका थिएनन्। राजकुमार बहादुर शाहको प्रशासनकालमा भएको कुमाउँ तथा गढवाल विजय पनि स्थायी हुन सकेन। तैपनि डोटीसम्मका नेपाली नागरिकहरुमा भाषाको माध्यममा एकताको भावना सुदृढ रुपमा विकसित हुन सकेकाले राजकुमार बहादुर शाहको प्रशासनकालमा हात लागेका पर्वतदेखि डोटी एवम् बैतडीसम्मका भूभाग नेपाल अधिराज्यका अभिन्न अङ्गका रुपमा यसै अधिराज्यमा थिए।

“मनुष्य सामाजमाथि भौतिक रुपमा विजय प्राप्त गर्नुभन्दा पहिले उनीहरुको मनमस्तिष्कमाथि विजय प्राप्त गर्नु अत्यावश्यक छ” भन्ने राजा पृथ्वीनारायण शाहको नीति रहेको पाइन्छ। आफ्नो यसै नीतिअनुसार उनले आफ्ना एकीकृत भूभागहरुमा राष्ट्रिय भावनाको विकास गराएकाले उनले एकीकरण गराएका भूभागहरु नेपाल–अङ्ग्रेज युद्धपछि पनि सुरक्षित थिए। केवल हातहतियारको बलले मात्र जितिएका तर स्थानीय नागरिकका मनमस्तिष्कमा प्रभाव पार्न नसकिएका भूभागहरुमा भने त्यहाँका स्थानीय नागरिकका निमित्त अनुकूल अवसर पाउनेबित्तिकै असन्तुष्टिका लहरहरु एकाएक फैलिन थालेकाले नेपाल–अङ्ग्रेज युद्धमा कुमाउँ तथा गढवालमा पनि नेपाली

पक्षले आफ्नो नराम्रो हारलाई व्यहोर्नुपरेको थियो। आफ्ना विपक्षीहरुसँग उन्नत किसिमका हातहतियार हुनु तथा उनीहरुसँग रहेका सैनिकहरुको सङ्ख्या नेपाली सैनिकहरुभन्दा अत्यधिक बढी हुनु पनि नेपाली पक्षको हार हुनुको अर्को महत्वपूर्ण कारण रहेको थियो। जेहोस्, राजा पृथ्वीनारायण शाहका नीतिनियमको परित्याग भएकाले नै नेपाल अधिराज्यले आफ्नो अङ्गभङ्गलाई सहनुपरेको थियो।

नेपाल–अङ्ग्रेज युद्धसम्म पनि नेपाली सैनिकहरु बडा फूर्तिला तथा मुस्तैद पनि थिए। काजी दामोदर पाँडेको नेतृत्वमा तिब्बतमा गएका नेपाली सैनिकहरु डिगर्चामा रहेको पञ्चेन लामाको गुम्बामाथि लुटपाट मच्चाई त्यहाँबाट स्वदेशतर्फ फर्केर आउँदा हिउँको वर्षामा परी आधाजति सैनिकहरु मात्र स्वदेशमा आइपुग्न सफल भएका थिए। यस्तो विकट परिस्थितिमा पनि यिनीहरुलाई बर्दी नलगाएका, तेजिला, फूर्तिला तथा पूर्णतया अनुशासित पनि देखिँदा भनिन्छ, त्यति बेला काठमाडौंमा आइपुगेका 'कर्नल' कर्क प्याट्रिकले आश्चर्यचकित भई "यस्तो लडाका वीर नेपाली सैनिकसँग युद्ध गरी यिनीहरुलाई शत्रु बनाउनुभन्दा यिनीहरुसँग मेलमिलाप गरी लाभ उठाउनु नै उचित हुनेछ" भनी आफ्ना सरकारसमक्ष प्रतिवेदन प्रस्तुत गरेका थिए।

त्यति बेलाका नेपाली सैनिकहरुले पहिरिने सामारिक पोसाकमा शिरमा कालो पगरी, कालो लबेदा सुरवाल र कम्मरमा बाँध्ने छालाको पेटीमा 'रोसदान' पनि हुने गरेका थिए। सैनिकहरुले खुट्टामा कालो एककाने जुत्ता, कम्मरमा खुकुरी र हातमा सङ्गीनसहितका पत्थरकला बन्दुकहरु भिर्ने गरेका थिए। राजा पृथ्वीनारायण शाहको राज्यकालमा आएर 'समरजङ' नामक सैनिक कम्पनीका सैनिकहरुलाई हातमा देखिने गरी 'गद्दा' तथा चाँदीको 'चप्रास' पनि पहिराउने गरिएको थियो।

काजी भीमसेन थापाको प्रशासनकालमा, उनी स्वयम् 'जनरल' बन्नुभन्दा केही समयअघि सैनिक कम्पनीहरुमा हुने सैनिकहरुको सङ्ख्यालाई तेब्बर तथा चौबर गराई तिनीहरुलाई 'पल्टन' भन्ने नाम दिइएको थियो। पल्टनमा भर्ना भएका सैनिक जवान तथा हुद्दाहरुलाई चाँदीका र सुवेदार तथा त्यसभन्दा माथिका कप्तानहरुलाई आफ्ना

'पगरी'हरुमा सुनका 'चाँद तोडा' लगाउने अधिकार दिइएको थियो। अङ्ग्रेजसँगको युद्धकालमा नेपालमा आधाजति पल्टनियाँ र आधाजति कम्पनीअन्तर्गतका सैनिक हुँदा हुन्।

राजा पृथ्वीनारायण शाहले स्थापना गराएका सैनिक कम्पनीहरुमा राजकुमार बहादुर शाहको प्रशासनकालमसम्म पनि सैनिक अनुशासन यथावत् रुपमा कायम थियो। राजकुमार बहादुर शाहको प्रशासनकालमा नेपाली सैनिकहरुमा जुन किसिमको अनुशासन रहको थियो, त्यस्तो अनुशासन जनरल भीमसेन थापाको प्रशासनकालमा थिएन। लडाइँका क्रममा टाढाटाढासम्म जानुपर्दा सैनिकहरुमा उत्साहको कमी आएको र उनका अफिसरहरुमा विलासी स्वभाव विकसित हुँदै आइरहेकाले उनीहरुमा अनुशासनको कमी आउनु पनि स्वाभाविकै थियो। यसैले नै नेपाल–अङ्ग्रेज युद्धमा केही नेपाली सैनिकहरु लडाइँको मैदानबाट पलायित भई पन्जाबको सिख राज्यमा गएर सैनिक सेवाहरुमा भर्ना हुन थालेका थिए। अझै कसैकसैले त विपक्षी अङ्ग्रेज सैनिकहरुसँग नै मिली आफ्ना हातहतियारसमेत उनीहरुलाई नै बुझाइदिएका थिए। यिनीहरुको यस कुकृत्यमा भगौडा सैनिकहरुलाई मात्र दोष दिन सकिँदैन। कहिले अत्यावश्यक हातहतियारको कमी तथा कहिले रसदपानीको अभाव भई विपक्षी सैनिकहरुका सामुमा अडिनका निमित्त मुस्किल पर्दा जीवनरक्षाका निमित्त उनीहरुलाई आत्मसमर्पण गर्नुपर्ने परिस्थिति थियो।

त्यति बेला जति पनि नेपाली सैनिकहरु विपक्षी अङ्ग्रेज सैनिकहरुसँग मिल्न पुगेका थिए, तिनीहरुले नेपाली सैनिकहरुविरूद्ध नलड्ने सर्तलाई मञ्जुर गराएर मात्र उनीहरुसित मिल्न पुगेका थिए। अङ्ग्रेज सैनिक अफिसरहरु पनि कम चलाख थिएनन्। युद्धकालभर उनीहरुले यस्ता भगौडा नेपाली सैनिकहरुलाई आफ्ना ब्यारेकहरुमा यत्तिकै पालेर राखिरहेका थिए। दुई देशका बीचमा शान्तिसम्झौता सम्पन्न भएपछि उनीहरुलाई आफ्ना स्थायी सैनिकहरुका रुपमा भर्ना गरी उनीहरुले 'ब्रिटिस गोरखा आर्मी'को आधारशिला स्थापना गराइदिएका थिए।

यसै युद्धपछि पन्जाब राज्यका राजा रणजितसिंहले पनि आफ्ना पल्टनमा नेपाली सैनिकलाई भर्ना गर्न थालेका थिए। यसै क्रममा उनले नेपाल–अङ्ग्रेज युद्धका सुप्रसिद्ध नेपाली सेनानायक 'कप्तान' बलभद्र कुँवरलाई आफ्नो राज्यको राजधानी लाहोरमा बोलाई नवगठित गोरखाली पल्टनका सेनानायकका रुपमा नियुक्त गरेका थिए। यसै समयदेखि नेपाली जनमानसमा 'लाहोर जाने' प्रचलन आरम्भ भएको मानिन्छ।

विसं १८६२ मा काँगडा राज्यमाथि आक्रमण गर्न थप सैनिकहरु पठाउन सैनिकहरुको सङ्ख्यामा वृद्धि गर्नुपर्ने आवश्यकता थियो। यिनताक नगद महिनावारी तलब नदिई 'खान्गी'का रुपमा जग्गाहरु दिने प्रचलन रहेकामा राज्यको विस्तारका साथै सैनिकहरुको सङ्ख्या पनि निरन्तर बढाउँदै ल्याउनु अत्यावश्यक हुँदा राज्यको नियन्त्रणमा रहेका सम्पूर्ण रैकर जमिनहरु खान्गीहरुका रुपमा वितरण गरिसकिएका थिए। जगेडा रैकर जमिनहरु प्रायः थिएनन्। यस परिस्थितिमा 'बिर्ता'का रुपमा वितरण गरिएका जमिन अपरहण गर्नुको विकल्प नेपाल सरकारसँग थिएन। यसैले ब्राह्मणहरुका 'कुश बिर्ता' तथा देवदेवीका गुठीहरुसमेत "पछि फिर्ता गर्ने" सर्तमा जफत गरिए। अपहरण गरिएका बिर्ता तथा गुठी जग्गा सबै रैकरमा परिणत गराई सैनिकलाई खान्गीका रुपमा दिइएका थिए।

यसरी बिर्ताहरुको हरण गर्दा ब्राह्मणका बिर्ताहरु मात्र हरण गरिएका थिए। ठकुरी, क्षत्री तथा मगर आदि लडाइँमा सहभागी हुने जातजाति वा वर्गका नागरिकका बिर्ताहरु भने अपहरणमा परेका थिएनन्। ब्राह्मणहरुमै पनि पूर्णतया पक्षपात गरिएको थियो। सत्ताको नजिकमा रहेका राजगुरू रङ्गनाथ पण्डित तथा यिनका नातेदारका बिर्ताहरु अपहरणमा परेका थिएनन्। लडाइँका निमित्त मोर्चा खोल्ने तथा बिर्ताहरुको अपहरण गर्ने काम पनि जनरल भीमसेन थापाले गरेका थिए र पक्षपात पनि यिनबाट नै भएको थियो। तर यसको दोषजति त्यति बेला स्वामीमहाराज रणबहादुर शाहमाथि थोपारिएको थियो।

यथार्थमा यति बेला स्वामीमहाराज रणबहादुर शाहमा न कसैलाई बिर्ता दिन सक्ने अधिकार थियो, न त अपहरण गर्न सक्ने अधिकार नै यिनमा थियो। काँगडा राज्यसँग भएको युद्ध समाप्त भएपछि अपहरणमा परेका बिर्ता जग्गाहरु सम्बद्ध व्यक्तिहरुलाई नै फिर्ता दिने कुरासम्म उठ्यो तर फिर्ता भने हुन सकेन। नेपाल–अङ्ग्रेज युद्धपछि पनि यस्ता कुराहरु बेलाबेलामा उठ्दै रहे। राजा राजेन्द्रविक्रम शाहको राज्यकालको अन्तिम समयतिर आएर हरण भएका बिर्ता जग्गाहरुमध्ये पाखा जमिनजति बिर्ताका रुपमै फिर्ता भएका थिए। धनहर खेतहरु भने कहिल्यै पनि फिर्ता हुन सकेनन्।

४.६ राजा पृथ्वीनारायण शाहका सम्बन्धमा फैलिएको भ्रान्त धारणा सम्बन्धमा

इसाई पादरीहरुको सम्बन्धमा राजा पृथ्वीनारायण शाहको विचार अत्यन्त घतलाग्दो पाइन्छ। यिनी सामान्यतया आफ्नो अधिराज्यमा प्रचलित सबै धर्म तथा सम्प्रदायहरुलाई आदर गर्थे। तर नेपालमा कार्यरत रहेका इसाई पादरीहरुका शङ्कास्पद गतिविधिले गर्दा यिनले करैले मात्र उनीहरुप्रति श्रद्धाभाव व्यक्त गर्दै आइरहेका थिए। यिनका मनमा यस्ता पादरीप्रति कत्ति पनि श्रद्धा थिएन।

इसाई पादरीहरु विक्रम संवत्को सोह्रौं शताब्दीको प्रारम्भदेखि नै एसिया महाद्वीपमा यत्रतत्र फैलिन थालेका थिए। यसै क्रममा यिनीहरु भारत तथा चीनमा आइपुग्दा बाटामा परेको तिब्बत तथा नेपालमा पनि आइपुगेका पाइन्छन्। यिनीहरु जुनजुन देशमा पाइला हाल्थे, 'बाइबल'का पुस्तक तथा विभिन्न रोगका औषधिहरुले भरिभराउ भएका आफ्ना पेटाराहरुलाई पनि साथैमा लिएर आउने गर्थे। इच्छुक सर्वसाधारण नागरिकलाई इसाई धर्मको उपदेश दिने र रोगग्रस्त व्यक्तिहरुलाई प्रायः बिनामूल्य नै औषधि एवम् उपचार पनि गरी आफ्नो धर्मप्रति आकर्षित गराउने यिनीहरुको प्रवृत्ति थियो।

यिनीहरु जुन देश वा समाजमा पाइला हाल्थे, सर्वप्रथम त्यस देश वा समाजका सभ्यता तथा संस्कृतिलाई दूषित पारिदिने, अनि त्यसपछि त्यहाँ आफ्नो धर्म तथा संस्कृतिको पनि प्रचारप्रसार गर्थे। त्यस देशमा आफ्नो सच्चा ज्ञानको भने गन्धसम्म पनि छोड्न चाहँदैनथे। आफूले पाइला हालेको देशको धर्म तथा संस्कृतिलाई धमिल्याएर त्यस देशमा आफ्नो धर्म तथा संस्कृतिको प्रचारप्रसार गर्नु र क्रमशः त्यस देशमा आफ्नो

राजनीतिक अधिकार स्थापित गर्नु यिनीहरुको उद्देश्य थियो। यसै उद्देश्यअनुसार यिनीहरु विक्रम संवत्को अठारौं शताब्दीको आरम्भसम्ममा चीन, भारत तथा अन्य एसियाली मुलुकहरुमा पनि यत्रतत्र फैलिइसेकका थिए।

यिनका औषधि तथा उपचारहरु प्रायःजसो अचूक हुने गर्थे। सफासुग्घर भएर रहने यिनीहरुको प्रवृत्तिले यिनीहरु प्रायः निरोगी हुने गर्थे। आफूकहाँ औषधि गर्न आउने रोगग्रस्त बिरामीलाई पनि यिनीहरु सफासुग्घर भएर रहने सल्लाह दिने गर्थे। यसबाट सर्वसाधारण नागरिकमा यिनीहरुको सांस्कृतिक प्रभाव सजिलैसँग पर्ने गर्थ्यो। यिनीहरुका पछिपछि ठूलाठूला समुद्री जहाजहरुमा व्यापारिक मालसमान लिएर उनैका देशका व्यापारीहरु पनि आइपुग्ने गर्थे। यस्ता व्यापारीहरुका साथमा आफ्ना मालसामानको सुरक्षाका निमित्त बन्दुक तथा तोप पनि लादिएका हुन्थे। व्यापारको विस्तार भइसकेपछि त्यस देशमा आफ्नो राजनीतिक अधिकार स्थापित गर्ने यिनीहरुको प्रवृत्ति थियो। यस्तै हातहतियारका भरमै अङ्ग्रेजले भारतमा 'कम्पनी सरकार'को स्थापना गराएका थिए।

इसाई धर्मको प्रचारप्रसार गर्ने यस्ता पादरीहरु भारतको पटना सहरमा आइपुगेपछि त्यहाँबाट नेपालभित्र प्रवेश गरी कान्तिपुर राज्यमा आएर राजा प्रताप मल्लको राज्यकालभन्दा केही समय पहिलेदेखि नै यहाँ आफ्नो प्रभाव जमाउन थालिसकेका थिए। यहाँबाट नै यिनीहरु तिब्बतसम्म पनि पुगेका पाइन्छन्। विसं १७११ तिर राजा प्रताप मल्लले १४–१५ थरी लिपिहरुको प्रयोग गरी लेखाएको आफ्नो एक शिलालेखलाई हनुमानढोका राजभवनपरिसरमा स्थापना गर्दा त्यस अभिलेखमा रोमन लिपिका केही पङ्क्तिहरु उत्कीर्ण गराएको पाइन्छ। यस अभिलेखको भाषा यद्यपि संस्कृत देखिन्छ तर अपरिष्कृत संस्कृत भाषा भएकाले अझैसम्म पनि यस अभिलेखको ठीकठीक अर्थ खुल्न सकिरहेको छैन।

नेपालबाट गएका केही पादरीहरु तिब्बतमा पुगे पनि यिनका सामाजिक गतिविधिहरु त्यहाँका नागरिकलाई मन परेन र उनीहरुले यिनका सबै मालसामानलाई खोसेर

यिनीहरुलाई आफ्नो देशबाट नै निकाला गरिदिएका थिए। तिब्बतबाट अपमानपूर्वक निकाला गरिएपछि यिनीहरुले नेपालमा आएर सर्वप्रथम कान्तिपुर राज्यमा आफ्नो आश्रयस्थल बनाएका थिए। पछि यस राज्यबाट पनि निर्वासित गराइँदा यिनीहरु केही समय भक्तपुर राज्यमा गएर बसेका पाइन्छन्। यिनीहरुले त्यहाँ पनि धेरै दिनसम्म टिक्न पाएनन्। अन्त्यमा आएर यिनीहरु ललितपुर राज्यमा पाटन सहरको पश्चिमी ढोकाभन्दा बाहिर आफ्नो आश्रयस्थल बनाएर रहन थालेका थिए।

राजा पृथ्वीनारायण शाहले उपत्यकाभित्रका तीन ओटै मल्ल राज्यका राजधानीहरुलाई घेराबन्दी गरी यी सहरहरुमाथि सैनिक नाकाबन्दी लगाउन आरम्भ गर्दा तीन ओटै मल्ल राज्यका राजाले यिनै पादरीहरुसँग सहयोगका निमित्त आग्रह गर्न थालेका थिए। "आफ्ना राज्यका राजधानीमाथि लागेको गोरखाली सैनिकहरुको नाकाबन्दी हटाउन भारत आइपुगेका इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीलाई सैनिक सहायताको आग्रह गर्नुपर्छ" भनी यहाँका मल्ल राजाहरुलाई यिनै अङ्ग्रेज पादरीले सल्लाह दिएका थिए।

उता "नेपालमा मल्ल राजाहरुलाई सैनिक सहायता प्रदान गर्नु यति बेला नितान्त आवश्यक रहेको छ, यसबाट पछि कम्पनी सरकारलाई ठूलो फाइदा हुनेछ; यस्तो उपर्युक्त अवसरलाई कुनै हालतमा पनि गुमाउनु उपयुक्त हुँदैन" भनी इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीलाई सल्लाह दिने काम पनि यिनै अङ्ग्रेज पादरीहरुले गर्ने गरेका थिए। यति मात्र होइन, तिब्बतबाट नेपालको बाटो भई बङ्गाल तथा बिहारमा बिक्री हुन जाने व्यापारिक मालसामानको व्यापारबाट कम्पनी सरकारलाई प्राप्त हुन सक्ने सम्भावित लाभलाई देखाई यिनीहरुले नै इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीलाई सैनिक सहायताका निमित्त पटकपटक ताकिता पनि गर्ने गरेका थिए।

भारतमा रहेका इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीका बीचमा यस सम्बन्धमा जति बेला आपसी सरसल्लाह हुँदै थिए, त्यसै बेला यता गोरखाली सैनिकहरुले ललितपुर राज्यअन्तर्गत रहेको कीर्तिपुरमाथि आफ्नो अधिकार स्थापित गरिदिए।

यसबाट तीन ओटै मल्ल राज्यका राजधानी गोरखाली सैनिकको सम्भावित आक्रमणबाट बच्न नसक्ने लगभग निश्चित थियो।

राजा पृथ्वीनारायण शाह धार्मिक प्रकृतिका व्यक्ति भएकाले यिनले प्रायः कसैका पनि धार्मिक मान्यताहरुमा हस्तक्षेप गर्न चाहँदैनथे। यसैले लगभग दुईअढाइ वर्षसम्म पूरै काठमाडौं उपत्यकामाथि नाकाबन्दी गर्दा पनि शिवरात्रिको पर्वमा भगवान् पशुपतिनाथको दर्शन गर्न आउने भारतीय तीर्थयात्रीलाई यहाँ आउनबाट यिनले रोकेका थिएनन्। यसैअनुसार नेपालमा रहने गरेका अङ्ग्रेज पादरीलाई पनि यिनले "यिनीहरु धार्मिक प्रवृत्तिका व्यक्तिहरु हुन्, यिनीहरु दीनदुःखीको औषधि उपचार गर्छन्, यहाँका राजनीतिक मामिलाहरुमा यिनीहरु हस्तक्षेप गर्दैनन्" भन्ने सम्झिई यिनीहरुलाई बाह्रै महिना भारततर्फ आवतजावत गर्न पाउने सुविधा प्रदान गरेका थिए। आफूहरुलाई प्राप्त हुँदै आएको यसै सुविधाबाट लाभ उठाई यिनीहरुले भारतमा रहेका इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीसँग चिठीपत्रहरु आदानप्रदान गर्दै आइरहेका थिए। यिनीहरुकै सल्लाहअनुसार राजा जयप्रकाश मल्लले 'रामदास' तथा 'उम्दा' नामक आफ्ना दुई जना दूतलाई शिवरात्रिको मौका पारी तीर्थयात्रीको भेषमा भारततर्फ पठाइदिएका थिए।

आफ्ना दूतहरुलाई अन्य माध्यमबाट पठाएको भए पनि हुने थियो। तर अन्य माध्यमबाट पठाउँदा गोरखाली सैनिकहरुबाट खानतलासी हुने खतराका साथसाथै सजिलैसँग भेद खुल्ने सम्भावना पनि थियो। विदेशी तीर्थयात्रीको जमानतमा पठाइँदा खानतलासी हुने सम्भावना अत्यन्त न्यून भएकाले शिवरात्रिकै अवसर पारेर नेपाली दूतहरु भारततर्फ पठाइएका थिए। इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज सैनिकले कप्तान किन्लाकको नेतृत्वमा सिन्धुलीमा आक्रमण गरेपछि मात्र नेपालमाथि सैनिक अभियान सञ्चालन गर्न अङ्ग्रेज पदाधिकारीलाई आमन्त्रण गर्ने काममा यहाँका अङ्ग्रेज पादरीहरुको नै प्रमुख हात रहेछ भन्ने तथ्य राजा पृथ्वीनारायण शाहले थाहा पाएका थिए।

तर यति बेला राजा पृथ्वीनारायण शाह अङ्ग्रेज पादरीहरुलाई दण्ड दिइहाल्न सक्ने राजनीतिक हैसियतमा थिएनन्। यसको एक वर्षजति पछि कान्तिपुर तथा ललितपुर राज्यमा पनि आफ्नो अधिकार स्थापित भएपछि आफ्नो विजय ध्वजालाई फर्फराउँदै राजा पृथ्वीनारायण शाहले पाटन सहरमा विधिपूर्वक प्रवेश गर्दा त्यहाँ रहेका इसाई पादरीहरु पनि यिनलाई स्वागत गर्न भनी उपस्थित थिए।

यति बेला राजा पृथ्वीनारायण शाहले यिनीहरुलाई शिष्टतापूर्वक "हामी नेपाली नागरिक अर्काको धर्मलाई निको मान्दैनौं, यसैले अब तिमीहरु आफ्ना जेजति भएका धनसम्पत्ति लिई यथाशीघ्र यहाँबाट हटेर स्वदेशमै फर्किएर जाऊ" भनी बिदा गर्दा लाचार भएर यिनीहरु यहाँबाट हटेर भारतको बेतियामा गई 'चुरी' नामक ठाउँमा रहन थालेका थिए। यसरी नेपाल अधिराज्यलाई सदाका निमित्त परित्याग गर्दा यिनीहरुले इसाई धर्ममा दीक्षित गराइएका यहाँका ५० जनाजति नेपाली नागरिकलाई पनि साथैमा लगे। यिनीहरुलाई यहाँ नै रहन दिए यहाँ इसाई धर्मको विस्तार हुँदै जाने खतरा देखेर राजा पृथ्वीनारायण शाहले नेपाली नागरिक भए पनि निर्वासनमा पठाइदिएका थिए।

यसरी नेपाल अधिराज्यबाट निर्वासनमा पठाइएका अङ्ग्रेज पादरीहरुले नेपाल अधिराज्यका निर्माता राजा पृथ्वीनारायण शाहको खेदो गर्न पछिसम्म पनि कत्ति कसर बाँकी राखेनन्। विसं १८३७ मा इस्ट इन्डिया कम्पनीका गभर्नर जनरल वारेन हेस्टिङ्सले बनारस राज्यका राजा चेतसिंहमाथि सैनिक हस्तक्षेप गर्दा त्यहाँ सैनिक विद्रोह भई गभर्नर जनरलका निमित्त एक पटक त ज्यानसम्म जोगाउन पनि आच्छुआच्छु परेको थियो। त्यति बेला राजा चेतसिंह आफ्ना लडाका सैनिकहरुका साथ 'विजयगढ' नामक सुदृढ किल्लाको आड लिएर बसिरहेका थिए। यसै बेला पटनामा रहेकी यिनकी धर्मपत्नीले त्यहाँ पुगेका नेपाली राजदूत सुब्बा दीनानाथ उपाध्यायमार्फत नेपाल सरकारसँग सैनिक सहायता उपलब्ध गराइदिन आग्रह गरेकी थिइन्। यिनको यसै आग्रह अनुसार कम्पनी सरकारलाई सैनिक सहायता उपलब्ध गराउन नेपाल सरकार तयार पनि

थियो। यसका निमित्त आवश्यक सैनिक खटिइसकेका थिए। तर यसैबीचमा राजा चेतसिंह विजयगढबाट हटेर गएकाले नेपाली सैनिकले त्यहाँ जानु भने परेन।

यसै बेला नेपालबाट निर्वासित भई बेतियामा गएर बसेका अङ्ग्रेज पादरीहरुले "राजा चेतसिंहलाई आवश्यक सहायता प्रदान गर्न नेपाली सैनिकहरु भारततर्फ प्रस्थान गर्न तयार भएर बसिरहेका थिए" भनी गभर्नर जनरल वारेन हेस्टिङ्सलाई चुक्ली लगाइदिएकाले पहिले त उनी नेपाल सरकारदेखि क्रुद्ध भएका थिए। तर पछि आफ्नी श्रीमतीबाट सत्यतथ्य कुरा थाहा भएपछि भने उनी शान्त भएका र यसपछि उनले फरेबी अङ्ग्रेज पादरीका कुरालाई पत्याउन छाडिदिएका थिए।

बेतियामा रहेका अङ्ग्रेज पादरीहरुसँग राजा प्रतापसिंह शाहको राम्रो सम्बन्ध थियो। यिनी बिरामी हुँदा 'माइकल एन्जेलो' नामक एक जना इसाई पादरी दौडादौड गरी नेपाल अधिराज्यको राजधानी काठमाडौंमा आएका र दुईतीन दिन यहाँ बसी पछि बेतियमै फर्किएर गए। नेपाल अधिराज्यबाट निर्वासित गराइएका राजकुमार बहादुर शाहलाई बेतियामा रहँदा यिनै अङ्ग्रेज पादरीहरुले आडभरोसा दिएर राखेका थिए। उनीहरुको यसै गुनले गर्दा आफ्नो प्रशासनकालमा नेपाल अधिराज्यमा आएका केही इसाई पादरीहरुलाई यिनले आदर सत्कार गरी ससम्मान बिदा गराएका थिए। तैपनि यिनीहरुको राजा पृथ्वीनारायण शाहप्रतिको क्रोध भने अझै पनि शान्त भइसकेको थिएन।

राजकुमार बहादुर शाहको प्रशासनकाल समाप्त हुँदा वा नहुँदा, विसं १८५३ मा एक जना अङ्ग्रेज इसाई पादरीले 'एसियाट्रिक रिसर्चेज' नामक एउटा अङ्ग्रेजी पत्रिकामा राजा पृथ्वीनारायण शाहका बारेमा एउटा निबन्ध लेखी प्रकाशन गराउँदा यस निबन्धको युरोपभर व्यापक मात्रामा प्रचारप्रसार पनि भएको थियो। त्यस पत्रिकामा प्रकाशित लेखहरुलाई युरोपभरका पाठकहरु अभिरूचिपूर्वक पढ्ने गर्थे। यस लेखमा पादरी महोदयले राजा पृथ्वीनारायण शाहलाई अत्यन्त क्रूर तथा बर्बर राजाका रुपमा चित्रण गरिदिएका थिए। यस लेखमा उनले "राजा पृथ्वीनारायण शाहको नेतृत्वमा रहेका

सैनिकहरु जुनजुन देशमा पुग्थे, उनीहरु सर्वप्रथम तीती देशका राजाहरुलाई निर्दयतापूर्वक मारिदिन्थे अनि त्यहाँका नागरिकलाई लुटपाट गरी सताउने गर्थे" भनी लेखिदिएका थिए।

"कीर्तिपुरमा आफ्नो अधिकार स्थापित भएपछि राजा पृथ्वीनारायण शाहले यस गाउँमा रहेका सबै नागरिकका नाककान पनि कटाइदिएका थिए" भन्ने गफ पनि सर्वप्रथम यसै लेखमा लेखिदिएको पाइन्छ। यसै लेखका आधारमा सम्पूर्ण युरोपवासीहरु अझैसम्म पनि यस कल्पित गफमाथि विश्वास गर्छन्। राजा पृथ्वीनारायण शाहबारे लेख्दा जुनसुकै युरोपीय लेखकले पनि कीर्तिपुरवासीका नाककानलाई काटिदिएको अतिशयोक्तिपूर्ण गफ छुटाएका छैनन्। यहाँसम्म कि 'सिलभ्याँ लेभी' तथा 'पर्सिवल ल्यान्डन' जस्ता ख्यातिप्राप्त लेखकले पनि आफ्ना कृतिमा यस्तो गफलाई उद्धृत गर्न बिर्सिएका छैनन्।

राजा पृथ्वीनारायण शाहका समकालीन नेपाली कवि ललितबल्लभ अर्यालले पनि "कीर्तिपुरमाथि गोरखाली सैनिकहरुको अधिकार स्थापित भएपछि त्यहाँका केही नागरिकका नाककान पनि काटिदिएका थिए" भनी लेखेका छन्। कीर्तिपुरमाथि गोरखाली सैनिकहरुको अधिकार स्थापित भएको २७ वर्षजति पछि काठमाडौंमा आइपुगेका 'कप्तान' कर्क प्याट्रिकले नाक काटिएका एक जना कीर्तिपुरे नागरिकलाई आफूले प्रत्यक्ष देखेको उल्लेख गरेका छन्। यदि राजा पृथ्वीनारायण शाहले कीर्तिपुरका धेरै नागरिकका नाककान कटाइदिएका भए यति बेला यस्ता धेरै नागरिकलाई यिनले देख्नुपर्ने थियो। त्यस्तो नदेखिएबाट "सम्पूर्ण कीर्तिपुरवासीका नाककान काटिएका थिए" भन्ने इसाई पादरीहरुको उपर्युक्त कथन दुराशययुक्त तथा प्रतिशोधग्रस्त पनि देखिएको छ।

कीर्तिपुरमाथि आफ्नो अधिकार स्थापित भएको समाचार प्राप्त हुनेबित्तिकै राजा पृथ्वीनारायण शाह स्वयम् त्यस गाउँमा गई त्यहाँको प्रसिद्ध बौद्ध चैत्यका निमित्त केही जग्गाजमिन दानमा दिई गुठी राखिदिएका थिए। राजा पृथ्वीनारायण शाह कीर्तिपुरे

नागरिकदेखि साँच्चीकै रिसाएका भए र यिनले त्यहाँका सबै नागरिकका नाककान पनि काटिदिएका भए यिनले यसरी तत्कालै बौद्ध चैत्यका निमित्त जग्गाजमिन दानमा दिई गुठी राखिदिने सम्भावना थिएन। स्थानीय नागरिकलाई प्रसन्न पार्नका निमित्त नै यिनले यसरी तत्कालै गुठी राखिदिएको देखिएको छ।

कीर्तिपुरमा अधिकार स्थापित भएको दुई महिनाजति पछि राजा पृथ्वीनारायण शाह कीर्तिपुरमै गएर त्यहीँ बसिरहेका पाइन्छन्। कीर्तिपुरबाट प्रसारित भएका यिनका अलगअलग मितिका दुई ओटा औपचारिक पत्रहरु उपलब्ध छन्। यिनले साँच्ची कीर्तिपुरका सम्पूर्ण नागरिकका नाककान काटिदिएका भए आफैंले नाककान कटाइदिएका नाककट्टाहरुको सहरमा गएर यिनी यसरी कदापि बस्न सक्ने थिएनन्। यसैले पनि अङ्ग्रेज इसाई पादरीले यिनीमाथि लगाएको उपर्युक्त आरोप दुराग्रहपूर्ण हो।

फ्रेन्च विद्वान् सिलभ्याँ लेभीले त "राजा पृथ्वीनारायण शाहले कीर्तिपुरबाहेक भक्तपुर सहरका 'सात बहाले'हरुका पनि नाककान काटिदिएका थिए" भनी लेखेका छन्। सात बहाले भनेका भक्तपुर राज्यका अन्तिम राजा रणजितसिंह मल्लका ल्याइता रानीहरुतर्फका सात जना छोरा हुन्। आफ्ना यस्ता प्रत्येक छोराका निमित्त यिनले एकएक ओटा 'बहाल' भएका सात भवन बनाइदिएकाले यिनका यी छोरा 'सात बहाले'का नामले प्रसिद्ध थिए। यिनीहरुमध्ये 'अबधुतसिंह मल्ल' नामक एक जना छोराले राजा जयप्रकाश मल्लसँग मिली गोरखाली सैनिकहरुसँग कडा मुकाबिला गरेकाले यिनको सर्वस्वहरण भई यिनलाई नजरबन्दमा पनि राखिएको थियो। यिनका हरण भएका घरखेत राजा पृथ्वीनारायण शाहले सरदार रामकृष्ण कुँवरलाई बकस दिँदा यी घरखेत यिनले स्वयम्ले उपभोग नगरी शिवरात्रिको पर्वमा भगवान् दत्तात्रयको दर्शन गर्न आउने तीर्थयात्रीका निमित्त सदाबर्त बाँड्न भनी गुठीमा राखिदिएकाले त्यो गुठी पछिसम्म पनि कायमै थियो।

सात बहालेहरुमध्ये अन्य छ जना राजकुमारका घरखेत थामिएकै थिए। कसैको पनि नाककान काटिएको थिएन। काशीवासका निमित्त प्रस्थान गर्दा राजा रणजितसिंह

मल्लले “कैदमा रहेका आफ्ना छोरा अबधुतसिंहलाई पनि साथैमा लिएर जान पाऊँ” भनी राजा पृथ्वीनारायण शाहसँग आग्रह गर्दा उनले यसका निमित्त अनुमति पनि दिएका थिए। राजा रणजित मल्ल पुगनपुग दुइवर्षजति काशीमा जीवित रहँदा यिनी s पति त्यहीँ थिए। राजा रणजितसिंह मल्लको देहान्तपछि यिनले पटनामा गएर इस्ट इन्डिया कम्पनीका अङ्ग्रेज पदाधिकारीलाई “भक्तपुर राज्यको वास्तविक हकदार म नै हुँ, कम्पनी सरकारलाई आवश्यक सहयोग प्रदान गर्न म सर्वथा तयार छु” भनी नेपाल अधिराज्यमाथि आक्रमण गर्न कम्पनी सरकारका पदाधिकारीलाई निरन्तर उक्साइरहेका थिए। सात बहालेहरुमध्ये नेपालबाट बाहिर गएका राजा रणजित मल्लका एक जना छोरा यिनी मात्र हुन्। अन्य छ जना राकुमार नेपालमै थिए। सुनिएअनुसार यस सम्बन्धमा गोरखमा एउटा अनुश्रुति परम्परादेखि नै प्रचलित रहँदै छ। यो अनुश्रुति सत्यको नजिकमा रहेको प्रतीत हुन्छ। अनुश्रुति यस प्रकार छ—

“ललितपुर राज्यका तर्फबाट कीर्तिपुरका संरक्षक भएर रहेका ‘भिँख्याल धन’ नामक त्यहाँका एक जना सेनानायकले कतैबाट पनि सैनिक सहायता उपलब्ध नहुँदा निराश भएर “यस गाउँका नागरिकहरुको जीउ तथा धनमालमाथि कुनै किसिमको धक्का लाग्दैन भने हामी आत्मसमर्पण गर्न तयार छौं” भनी गोरखाली सेनाका सेनापति काजी शूरप्रताप शाहकहाँ शान्ति सन्देश पठाइदिएका थिए। यिनको यो सन्देश राजा पृथ्वीनारायण शाहको समक्षमा प्रस्तुत हुँदा उनले पनि कीर्तिपुरका प्रमुख संरक्षकको यस प्रस्तावमा आफ्नो सहमति जनाइदिएका थिए। तर “दिनको उज्यालोमा बलपूर्वक गाउँभित्र प्रवेश गरे नागरिकहरुमा आक्रोश पैदा हुन सक्छ” भनी गाउँका प्रमुख संरक्षकले काजी शूरप्रताप शाहलाई “दिनमा नआएर आधारातमा चिराकको उज्यालोमा आफ्ना सैनिकहरुलाई गाउँभित्र प्रवेश गराउनू” भनी गुप्त सन्देश पठाइदिएका थिए। उनको यसै सन्देशअनुसार गोरखाली सैनिकहरु मध्यरातमा चिराकको उज्यालोमा कीर्तिपुरभित्र प्रवेश गरी रातमै कोटघरमा दाखिल हुन आएका थिए।

भोलिपल्ट बिहान उठेका कीर्तिपुरमा नागरिकहरुले आफ्नो गाउँमा गोरखाली सैनिकहरुको अधिकार स्थापित भइसकेको पाएका थिए। यसपछि रातभरको अनिद्राले गर्दा बिहानीपख आनन्दका साथ मस्त निद्रामा निदाइरहेका केही गोरखाली सैनिकहरुमाथि सहरका आठदस जना हुल्याहा गुन्डाले आएर घोटिएर काम नलाग्ने भई थन्क्याएर राखिएका पानीघट्टका फग्ल्याँटाहरु खसाली प्रहार गर्दा आठदस जना गोरखाली सैनिक तत्कालै, त्यहीँ हताहत भए। यी अपराधीलाई पक्रेर ल्याएपछि काजी शूरप्रताप शाहले "यी अपराधी व्यक्तिहरुलाई केकस्तो सजाय गर्ने होला" भनी राजा पृथ्वीनारायण शाहका समक्षमा जाहेर गर्दा "नागरिकका जीउ तथा धनमालमा पनि कुनै किसिमको हानिनोक्सानी नपुऱ्याउने प्रतिज्ञा गरिसकेकाले ज्यान सजायँ नै दिनुपर्ने अपराध गरे पनि नाककान काटी यिनीहरुलाई तत्काल गाउँबाट निकाला गरिदिनू" भन्ने आदेश दिएका थिए।

यी थोरै नाककट्टालाई गाउँबाट तत्कालै निकाला गरिएकाले यसको लगत्तै राजा पृथ्वीनारायण शाहले कीर्तिपुरमा स्थायी रुपमा बस्न जानु स्वाभाविक देखिन्छ। यसबाट राजा पृथ्वीनारायण शाहदेखि असन्तुष्ट, नेपालबाट निकालिएका इसाई पादरीहरुले तिलजत्रो एउटा सानो घटनालाई बढाईचढाई गरी पहाडजत्रो बनाई यिनलाई अत्याचारी तथा बर्बर राजाका रुपमा चित्रित गराउने असफल चेष्टा गरेका हुन् भन्ने पुष्टि हुन्छ।